# जिरीस्थित जिरेल बौद्ध समाजमा महिलाहरूको भूमिका: एक सांस्कृतिक अध्ययन

लुम्बिनी बौद्ध विश्वविद्यालय
बौद्ध अध्ययन सङ्कायमा
विद्यावारिधि (पीएच.डी.) उपाधिको
लागि प्रस्तुत

## शोधप्रबन्ध

**शोधार्थी**
राधिका बुढ्थापा
लुम्बिनी बौद्ध विश्वविद्यालय
लुम्बिनी, नेपाल

२०७६

# सिफारिस-पत्र

शोधार्थी राधिका बुद्‌थापाद्वारा ***'जिरीस्थित जिरेल बौद्ध समाजमा महिलाहरूको भूमिका : एक सांस्कृतिक अध्ययन'*** शीर्षकको शोधप्रबन्ध हाम्रो निर्देशन र सुपरिवेक्षणमा तयार पारिएको हो । प्रस्तुत शोधप्रबन्ध विद्यावारिधि उपाधिका लागि लुम्बिनी बौद्ध विश्वविद्यालय, बौद्ध अध्ययन सङ्काय, डीनको कार्यालय, अनुसन्धान समितिसमक्ष परीक्षणको लागि प्रस्तुत गर्न सिफारिस गर्दछौं ।

...............................

प्रा.डा. रञ्जना बज्राचार्य

शोध निर्देशक

...............................

डा. सुरेन्द्रमान बज्राचार्य

शोध विशेषज्ञ

# प्रतिबद्धता-पत्र

लुम्बिनी बौद्ध विश्वविद्यालय, बौद्ध अध्ययन सङ्काय, डीन कार्यालयमा विद्यावारिधि उपाधिका निम्ति प्रस्तुत *'जिरीस्थित जिरेल बौद्ध समाजमा महिलाहरूको भूमिका: एक सांस्कृतिक अध्ययन'* शीर्षकको शोधप्रबन्ध मैले मेरा शोध निर्देशकको निर्देशनमा रही सम्पन्न गरेको पूर्णत: मौलिक कार्य हो । यस शोधप्रबन्धमा प्रस्तुत निष्कर्षलाई मैले यस अघि कहीँ पनि कुनै उपाधि वा अन्य प्रयोजनका निम्ति प्रस्तुत गरेकी छैन । यदि यस्तो कार्य मबाट भए गरेको प्रमाण भेटिए त्यसप्रति पूर्ण: जिम्मेबार हुने बचनबद्धता जाहेर गर्दै शोधकार्य सम्पन्न भएर लुम्बिनी बौद्ध विश्वविद्यालय, बौद्ध अध्ययन सङ्काय, डीन कार्यालयको अनुमति पत्र प्राप्त नभएसम्मका लागि यस शोधप्रबन्धमा उल्लिखित विषयवस्तुसँग सम्बद्ध कुनै पनि लेख वा पुस्तक प्रकाशन गर्ने छैन भन्ने कुरामा प्रतिबद्धता व्यक्त गर्दछु ।

...................

शोधार्थी

राधिका बुढ्थापा

लुम्बिनी बौद्ध विश्वविद्यालय

द.नं. ९/२०६९

# कृतज्ञता-ज्ञापन

हाम्रो देश नेपाल एक बहुजातीय, बहुभाषिक, सार्वभौम सत्तासम्पन्न धर्मनिरपेक्ष राज्य हो । विश्व मानचित्रमा २६°२२' उत्तरदेखि ३०°१७' उत्तरी अक्षांश र ८०°४' देखि ८८°१२' पूर्वी देशान्तर सम्म फैलिएको यो देश परापूर्वकालबाट नै पूर्वीय सभ्यताको एउटा महत्त्वपूर्ण स्रोतको रूपमा रहँदै आएको छ । यो देश आर्य र मङ्गोलियन संस्कृतिको एउटा थलो पनि हो । यहाँको संस्कृति अन्य देशको तुलनामा धेरै नै फरक छ । उत्तरमा जनवादी गणतन्त्र चिनको स्वशासित क्षेत्र तिब्बत प्रदेशसँग यस शोधप्रबन्धले समेटेको दोलखासमेत गरी जम्मा १५ जिल्लाहरू जोडिएका छन् । यस दोलखा जिल्लामा जिरेललगायत बाहुन, क्षेत्री, राई, शेर्पा, तामाङ्ग लगायतका थुप्रै जातजातिहरूले परापूर्वकालदेखि नै बसोबास गर्दै आएका छन्, यस मध्ये यस शोधप्रबन्धले समेटेको एउटा जाति जिरेलले तिब्बती अर्थात् भोट-बर्मेली भाषा बोल्दछन् । विगतमा बोन धर्म मान्ने यस जातिले करिव ५०० बर्ष अगाडिबाट मात्र बौद्धधर्मको अनुसरण गर्ने गरेको पाइन्छ ।

कुनै पनि समाजमा महिला र पुरुषलाई एउटै रथको दुई पाङ्ग्राका रूपमा लिइन्छ । परापूर्वकालदेखि रूढिवादीग्रस्त पूर्वीय सोचको चापमा रहेको नेपाली समाजमा नेपाली महिलाहरूको उत्थानको विषय केवल सरकारी नीतिमा मात्र सीमित रहेको छ । समाजमा महिलाहरूलाई अधिकार सम्पन्न बनाउनु सिङ्गो देशलाई माथि उठाउनु पनि हो । कुनै पनि राष्ट्रको सर्वाङ्गीण विकासका लागि आफ्नो भू-भागमा रहेका सम्पूर्ण भाषिक जातजाति, लिङ्ग, धर्म सबैको समान किसिमले विकास हुनु अत्यावश्यक हुन जान्छ । एवम् प्रकारले हाम्रो देशको विकास हुनको लागि परापूर्वकालबाट नेपालका कुना कन्दरामा बसोबास गर्ने जिरेल जस्ता जनजातिको पनि विकास हुनु आवश्यक छ । तसर्थ जिरेल बौद्ध समाजमा बसोबास गर्ने जिरेल महिलाहरूको सांस्कृतिक पक्षबारे सबै क्षेत्रलाई सजग गराउने उदेश्यले यो अध्ययनको बिषयलाई रोजिएको हो ।

जिरीमा परापूर्वकालबाट बसोबास गर्दै आइरहेको जिरेल जातिको उत्थान र विकासमा सहयोग पुर्‍याउने उद्देश्यले यस शोधप्रबन्धको बिषय पनि जिरेल बौद्ध समाजका महिलाहरूको सांस्कृतिक अध्ययन राखिएको छ । यस शोधप्रबन्धमा जिरीको चिनारी, जिरेलहरूको उत्पत्ति यिनीहरूको सामाजिक, आर्थिक र राजनैतिक, सांस्कृतिक तथा शैक्षिक पक्षलाई यथास्थितिमा प्रस्ट पार्ने प्रयास गरेकी छु ।

प्रस्तुत शोधप्रबन्ध मैले विद्यावारिधिको प्रयोजनका निम्ति आदरणीय गुरु प्रा.डा. रञ्जना बज्राचार्यज्यूको निर्देशनमा तयार पारेकी हुँ । विभिन्न पारिवारिक तथा सामाजिक जिम्मेबारीका कारण हुने गरेका कतिपय व्यस्तताका बावजुद मेरो यस शोधप्रबन्ध तयार गर्ने क्रममा आइपरेका विभिन्न समस्याहरूसँग जुध्ने प्रेरणाका साथ पटकपटक झकझक्याएर सँधै अघि बढ्न उत्प्रेरित गर्दै कुशल निर्देशन प्रदान गर्नुहुने प्रा. डा. रञ्जना बज्राचार्यज्यू र शोध विशेषज्ञ डा. सुरेन्द्रमान बज्राचार्यज्यूप्रति सर्वप्रथम हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै अध्ययन कार्यमा प्रेरित गरी सधैँ सल्लाह र सुझाव दिनुहुने लुम्बिनी बौद्ध.विश्वविद्यालयका आदरणीय डीन डा. माणिकरत्न शाक्यज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधप्रस्ताव स्वीकृत गर्ने लुम्बिनी बौद्ध विश्वविद्यालय, प्रस्तुत शोधप्रबन्ध तयार पार्दा सँधै आवश्यक सल्लाह दिनुहुने लुम्विनी बौद्ध .विश्वविद्यालयका तत्कालीन डीन प्रा. डा. श्री भद्ररत्न बज्राचार्यलगायत सधैँ सहयोयी भावना भएका यस विश्वविद्यालयका सम्पूर्ण कर्मचारीहरू तथा गुरु-गुरुआमाहरूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

आफ्नो समय र श्रम खर्चेर मेरो अध्ययनलाई यस अवस्थासम्म ल्याउन निरन्तर रूपले उत्प्रेरित गर्ने मेरा श्रीमान् डा. भिमबहादुर खत्री, मेरो पढाइको विषयलाई लिएर सधैँ चिन्ता जाहेर गर्ने मेरा दाइ ई. खेमबहादुर बुढ्थापा, दिदी जगुमाया थापा र अध्ययन क्षेत्रबाट आवश्यक सहयोग पुऱ्याउने जिरी अस्पतालका मे.सु. मेरा छोरा डा. रोशन खत्री, बेलायतको अति व्यस्त दिनचर्याको बाबजुद पनि मेरो अध्ययनप्रति सधैँ चिन्ता र चासो राख्ने छोरी ॠचा खत्री, भतिजी मिलन र बुहारी पूजाप्रति म अति नै आभारी छु । यसैगरी शोधकार्यको निम्ति आवश्यक एवम् महत्त्वपूर्ण सुझाव दिनुहुने आदरणीय डा. अनुजा गुरुमाँ, डा. युगनाथ घिमिरे, डा. रामकृष्ण तिवारी र ठाकुर भट्टज्यू जस्ता विद्वत्वर्गमा पनि हृदयदेखि नै कृतज्ञता एवम् आभार व्यक्त गर्दछु ।

त्यसैगरी यस शोधप्रबन्धमा भाषा तथा शैली सम्पादन गर्ने अति झन्झटिलो काममा कत्तिपनि झन्झट नमानी आफ्नो अमूल्य समय दिने नेपाली भाषाविद् एवम् ख्यातिप्राप्त साहित्यकार श्री ईश्वरचन्द्र ज्ञवालीज्यू, नेपाली भाषाविज्ञ डा. श्री प्रेमप्रसाद चौलागाईंज्यू, भतिज डा. कुशिन्द्र महत, भाइ रामप्रसाद कँडेल, बुहारी नन्दा कँडेल, भतिज ई. श्री डिल्लीप्रसाद उपाध्यायलाई धन्यवाद दिनु म आफ्नो कर्तव्य ठान्दछु ।

शोधकार्यका लागि सामग्री सङ्कलन गर्ने क्रममा कत्तिपनि झिँजो नमानी समय दिने जिरी अस्पतालकी भतिजी मीना जिरेल, विभिन्न जानकारी उपलब्ध गराएर सहानुभूतिपूर्वक सहयोग गर्ने

जिरीकै समाजसेवी श्री इन्द्रबहादुर खड्काज्यू, श्री टेकबहादुर जिरेलज्यू, सुरज जिरेलज्यू र यस अध्ययनमा आफ्नो अमूल्य समय दिई प्रश्नावली भर्ने कार्यमा सहभागी हुनुभएका सम्पूर्ण उत्तरदाता जिरेल महिलाहरूप्रति धेरै नै आभार प्रकट गर्दछु । यसका साथै यो शोधप्रबन्ध तयार गर्दा विविध पक्षबाट समुचित सल्लाह, सन्दर्भ सामग्रीका लेखकहरू, पुस्तकालयका कर्मचारीहरू तथा यस कार्यलाई पूर्णता प्रदान गर्नका लागि प्रत्यक्ष-परोक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्ण शुभचिन्तकहरूलाई धन्यवाद दिन चाहन्छु ।

राधिका बुढ्थापा
लुम्बिनी बौद्ध विश्वविद्यालय

क्रमाङ्क : ९

द.नं. ९/०६९

# शोध-सार

गाउँ नै गाउँले भरिएको हाम्रो देश नेपाल एक बहुजातीय, बहुधार्मिक र बहुभाषिक देश हो । यहाँ बौद्ध, हिन्दु, इसाई, इस्लाम लगायतका कैयौं धर्महरू मानिन्छन् । यी सबै धर्महरूले महिला तथा पुरुषहरूलाई आ-आफ्नो दृष्टिकोणले हेर्ने गर्दछन् । अन्य धर्महरूको तुलनामा बौद्धधर्म केही परिष्कृत, व्यावहारिक र महिलासहिष्णु मानिन्छ तर कुनै पनि अनुसन्धाताहरूबाट बौद्धमार्गी समाजमा आधा धर्ती ओगट्ने यिनै महिलाहरूको सामाजिक आर्थिक स्थान, योगदान र भूमिकाबारे खास अनुसन्धान गरिएको पाइँदैन । सभ्य र सुसंस्कृत समाज निर्माणका लागि सामाजिक मात्र नभएर आर्थिक व्यवहारमा भएको जिम्मेबारीमा समेत महिलाहरूको सहभागिता बढाउँदै लैजानुपर्ने आजको आवश्यकता हो तर दुर्भाग्यवश यिनै महिलाहरूको योगदान प्रत्येक जातजातिहरूमा र प्रत्येक धर्महरूमा कमवेशी उपेक्षित हुने गर्दछ र महिलाहरूको भूमिकालाई न्यूनीकरण गरिन्छ ।

हाम्रो देशमा जिरेल लगायत करिब १२५ जात जातिहरू बसोबास गर्दछन् । जिरेलहरूको उद्गम थलो मानिएको दोलखा जिरी उपत्यकाका करिब ८७ प्रतिशत जिरेलहरूले बौद्धधर्म अनुसरण गर्दछन् । यही बौद्धमार्गी जिरेल समुदायको उत्पत्ति र विकासक्रमको अध्ययन गर्नु, जिरेल बौद्ध समुदायमा प्रचलित धर्म, संस्कार, मुख्यमुख्य चाडपर्वहरूको अध्ययन गर्नु र जिरेल बौद्ध समुदायमा महिलाहरूको सामाजिक-आर्थिक अवस्था र भूमिकाको निर्क्योल गर्नुका साथै बौद्धधर्मको उत्थान र विकासमा तिनीहरूले दिएको योगदानको निरूपण गर्नु यस शोध कार्यको मुख्य उद्देश्य रहेको छ ।

मुख्यत: आठ अध्यायमा विभाजन गरिएको यस शोधप्रबन्धको पहिलो अध्यायमा शोधको परिचय, दोस्रो अध्यायमा बिषयसँग सम्बन्धित पुस्तक र कृतिहरूको समीक्षा, तेस्रो अध्यायमा अध्ययन क्षेत्रको परिचय र महत्त्व र अध्याय चारमा जिरीमा बौद्धधर्मको उत्थान र विकासका विविध पाटाहरू समेटिएको छ । अध्याय पाँचमा जिरेल जातिको परिचय र सामाजिक-सांस्कृतिक परम्पराको चर्चा गरिएको छ । अध्याय छमा जिरेल बौद्ध समाजमा महिलाहरूको सामाजिक-आर्थिक अवस्था र बौद्धधर्म प्रवर्द्धनमा योगदानका विषयहरू समाविष्ट गरिएका छन् । अध्याय सातमा जिरेल महिला र बौद्धधर्मबारे समेटिएको छ भने अध्याय आठमा प्रस्तुत शोधप्रबन्धको सारांश, निष्कर्ष र सुझावहरू समेटिएको छ । शोधप्रबन्धको अन्तमा प्रश्नावली, अध्ययन-स्थलका दृश्य चित्रहरू, सन्दर्भ सामग्रीका सूचीहरू र शोधार्थीको परिचय प्रस्तुत गरिएको छ ।

दोलखा जिल्लाको जिरीस्थित जिरेल समाजमा बौद्धधर्म, बौद्धमार्गी जिरेल महिलाहरूको सामाजिक र आर्थिक भूमिकालगायत यिनीहरूले अवलम्बन गर्ने गरेका सामाजिक संस्कारहरूबारे तथ्य सङ्कलन गरी यो शोधप्रबन्ध तयार पारिएको छ । विषयवस्तुको आधारमा यस अध्ययनलाई उपयोगी हुने गुणात्मक विधि यस शोधमा अपनाइएको छ । सीमित स्रोत, समय र साधनमा आधारित भएर अध्ययन गर्नुपर्ने बाध्यता रहँदारहँदै पनि सहभागी महिलाहरूलाई सकेसम्म आफ्नो अभिमत प्रकट गर्न दिई विश्लेषणलाई स्वतन्त्र र निष्पक्ष बनाइएको छ । प्राप्त तथ्याङ्कको व्याख्या गर्दै विश्लेषणको परिणामलाई प्रस्तुत गर्न लुम्बिनी बौद्ध विश्वविद्यालयद्वारा प्रचलनमा ल्याइएको आधुनिक भाषा समाज (Modern Language Association) पद्धतिको अवलम्बन गरिएको छ । शोधप्रबन्ध तयार पार्दा प्रयोग गरिएका स्रोतहरूलाई प्राथमिक र सहायक स्रोत गरी दुई भागमा विभाजन गरिएको छ । अवलोकन, अन्तर्वार्ता, प्रश्नावली, समूह छलफल आदिलाई प्राथमिक स्रोत र पाण्डुलिपिहरू, पुस्तकालय, कार्यालय, इन्टरनेट आदिलाई सहायक स्रोतमा वर्गिकरण गरिएको छ ।

जिरेलहरू नेपालका आदिवासी जनजाति हुन् र यिनीहरूको उद्गम थलो जिरी हो । जिरेल भाषामा *'जि'* को अर्थ डरलाग्दो अर्थात् घना र *'रि'* को अर्थ जङ्गल भन्ने भएकोले जिरी अर्थात 'जङ्गलमा' बसोबास गर्ने ठाउँ विशेषको नामले *'जिरेल'* हुन पुगेको मानिन्छ । जिरीबाट नै जिरेलहरू दोलखा र सिन्धुपाल्चोकलगायत तराई क्षेत्रका विभिन्न जिल्ला र भारतका कैयौं स्थानहरूमा समेत बसाइ सरेका देखिन्छन् । यस जातिले शुरुमा मान्ने गरेको वास्तविक धर्म तान्त्रिक अर्थात् प्राकृतिक धर्म हो तर बिस्तारै आएर यिनीहरूले बौद्धधर्ममा आस्था राख्न थालेका हुन्, जुन तिब्बती बौद्धधर्म भित्रको बज्रगुरु पद्मसम्भवले खडा गरेको धार्मिक मत निङ्मा सम्प्रदायभित्र पर्दछ र यो खासगरी तन्त्रमन्त्रमा विश्वास गर्ने बज्रयान बौद्धधर्म हो । ठोस रूपमा यस जिरी उपत्यकामा बौद्धधर्मले कसरी र कहिले प्रवेश गरेको थियो भन्ने सन्दर्भमा एकिन गरेर कहींकतै पनि लिखित सामग्री उपलव्ध नभए तापनि जिरेलहरू पहिले बोन धर्म अर्थात् प्रकृतिधर्मका अनुयायी थिए र हाल अवलम्बन गर्ने गरेको बौद्धधर्म आफ्नै कविलाका 'वाङ्गजुले र गारे लामा' नाम गरेका जिरेल लामाहरूले करिब ५०० वर्ष अगाडि तिब्बतबाट बौद्ध शिक्षा प्राप्त गरी आएपछि मात्र उनीहरूकै कारणले यस धर्मले जिरी उपत्यकामा प्रवेश पाएको भन्ने लोकोक्तिमा जिरेलहरूको बढी नै विश्वास रहेको पाइन्छ । यसका बाबजुद आठौं शताब्दीताका शान्तरक्षित, पद्मसम्भव लगायतका बौद्ध गुरुहरू नेपालको बाटो भएर तिब्बत आवत-जावत गर्ने क्रममा जिरी लगायतका स्थानहरूमा

यस धर्मको प्रभाव पर्न गएको भनाइ पनि त्यत्तिकै बलियो रहेको देखिन्छ, तर क्रमिक रुपमा हिन्दुहरूसँगको उठबस र घुलमिलका कारण जिरेलहरूमा हाल हिन्दुधर्मको उल्लेखनीय प्रभाव पर्न गएका कारणले जिरीमा एउटा नयाँ संस्कृतिको जन्म हुन पुगेको छ । जिरेलहरूले मान्ने चाडबाडहरू (ल्होसार वाहेक) सबै हिन्दुहरूको जस्तै र विवाह पद्धति, जन्म संस्कार, मृत्यु सस्कार बौद्धधर्म र किराँतधर्मअनुसार गर्नुलाई केही उदाहरणका रूपमा लिन सकिन्छ । यस समाजमा प्रचलित पूजाआजाहरूमा भूमे पूजा, नौलो पूजा, गुरु पूजा, कुलदेवता पूजा आदि पर्दछन्, जुन हिन्दुहरूले गर्ने पूजाआजाहरू भन्दा केही फरक देखिन्छ ।

बच्चा जन्मेपछि सातौँ दिनसम्म बौद्धमार्गी जिरेलहरूले खेतीपातीको काम गर्दैनन् तर इच्छाअनुसार पछि पास्नी गर्ने र छोरा ६-७ बर्षको हुँदा *'छेवर'* गर्ने रीति-रिवाज पनि जिरेलहरूमा व्यापक रहेको देखिन्छ । प्रेमविवाह यस समाजमा व्यापक भए तापनि मागी विवाहको परम्परा अहिलेसम्म स्थापित नै छ । परम्परागत धार्मिक संस्कार अत्यन्त महँगा हुनु र पूजापाठ गर्ने आफ्नै जातका लामाहरू नपाइनुका कारण अन्य धर्मप्रतिको आकर्षण खासगरी युवा पिँढीमा दिनानुदिन बढ्दै गइरहेको देखिन्छ ।

जिरी उपत्यका काठमाडौँबाट जम्मा १८८ किलोमिटर मात्रको दूरीमा रहेको भए तापनि जिरेल महिलाहरूको शैक्षिक स्तर पुरुषहरूको तुलनामा अत्यन्त न्यून रहेको छ । शिक्षित हुने अवसर नपाएका महिलाहरूले आफूले औपचारिक शिक्षा नलिएकै कारण आफ्नो जीवन कष्टदायी भएको बताउँछन् र यो अवस्था आफ्ना भावी सन्तानले भोग्नु नपरोस् भन्ने चाहना राख्दछन् । अधिकांश महिलाहरू महिला र पुरुष वीचको लैङ्गिक भेदभाव टड्कारो रूपमा यस समाजमा नरहेको ठान्दछन्, तर पुरुषको तुलनामा महिलाहरूको प्रगति भएको पाइँदैन । एक्काइसौं शताब्दीमा पनि छोरीलाई छोरासरह स्वीकार नगर्नु, अवसर, स्रोत, साधन तथा सम्पत्तिमा महिलाको समान पहुँच नहुनु जस्ता सामाजिक र आर्थिक समस्याले जिरेल महिलाको आर्थिक अधिकारलाई सीमित बनाएकाले अधिकांश महिलाहरूको नाममा कुनै पनि चलअचल सम्पत्ति समेत रहेको पाइन्न ।

जिरेल समाजमा महिला शिक्षाप्रतिको बढ्दो आकर्षणका बाबजुद पनि केही परिवारहरूले अहिले पनि छोरालाई बढी खर्च व्यहोरेर महँगा निजी स्कुल र छोरीलाई सरकारी स्कुलमा पढ्न पठाउने गरेको पाइन्छ । बौद्धधर्मलाई प्रमुख धर्म मान्ने यस समाजले विधवा विवाहलाई मान्यता दिएको छ । दाइजो, छुवाछुत जस्ता कुप्रथाहरू यस समाजमा नदेखिनु पक्कैपनि बौद्धधर्मको प्रभावका

कारण यस्तो भएको मान्नुपर्दछ तर शोधअध्ययनमा सहभागी अधिकांश महिलाहरूको पन्ध्रदेखि उन्नाईस वर्षको उमेरमा नै विवाह भइसकेको देखिएकाले अहिले पनि यस समाजमा बालविवाह एउटा गम्भीर समस्याको रूपमा विद्यमान छ भन्ने प्रस्ट हुन्छ। शान्त जिरेल समाजमा कहिलेकाँही मादकपदार्थ सेवनका कारण पारिवारिक र सामाजिक मनमुटाव हुने गरेको देखिन्छ।

जिरेल महिलाहरूको प्रमुख आय स्रोत क्रमश: कृषि, पशुपालन र व्यापार रहेको देखिन्छ तर यी महिलाहरूले गर्ने गरेका सबैखाले घरायसी कामहरू आयमूलक कामको गणनामा पर्न सकेका छैनन्। दिनानुदिन खस्कँदो आर्थिक स्थिति, यहाँ बसोबास गर्ने वा बसाइसराइ गरी आएका अन्य मूलका जातजातिको साँस्कृतिक र बढ्दो सञ्चार प्रभावका कारण यस समुदायको मौलिकता क्रमश: सङ्कटोन्मुख हुँदै गएको देखिन्छ। घर तथा समाजमा विद्यमान विभिन्न पक्षमा निर्णय गर्ने अधिकार श्रीमान्श्रीमती दुबैजनाको नै बराबर रहेको छ भनिए तापनि महिलाहरू धार्मिक वा राजनैतिक नभई मुख्यत: आर्थिक कारण र आफूमा कम चेतना भएका कारण आफूहरू एक्काइसौं शताब्दीसम्म पनि उत्पीडित जीवन बिताइरहेको गुनासो गर्दछन्।

जिरेल महिलाहरू बौद्धधर्मको उत्थान तथा विकासका लागि आफ्नो योगदान आवश्यक परेको खण्डमा अन्नदान, श्रमदान र आर्थिक सहयोग मार्फत पुऱ्याउने गर्दछन् तर यो सहयोग पनि नियमित देखिँदैन। आर्थिक बाहेक सामाजिक र घरमा हुने सम्पूर्ण धार्मिक कार्यहरूमा समेत जिरेल महिलाहरूको भूमिका संधैं महत्त्वपूर्ण रहने गरेको छ। जिरेल महिलाहरूले विना कुनै भेदभाव आनी (भिक्षुणी) र थावा (भिक्षु) दुबैलाई बराबर रूपमा हेर्ने गरेको पाइन्छ। स्थानीय बौद्ध गुम्बाहरूमा महिला अधिकारलगायत चेतना अभिवृद्धिका कुनै कार्यक्रमहरू पनि हुने गरेको देखिँदैन। स्थानीय स्तरमा कार्यरत विभिन्न सङ्घ संस्थाहरूमा करिब दुईतिहाइ महिलाहरूको संलग्नता रहेको देखिए तापनि अधिकांश महिलाहरू कार्यकारी पदमा नभई सामान्य सदस्य पदमा मात्र रहेका छन्।

महिला-पुरुष दुबै आवद्ध भएका संस्थाहरूमा समेत अधिकांशमा पुरुष नै संस्थाप्रमुखको भूमिकामा भएको देखिन्छ। जिरेल महिलाहरू निर्वाचनको समयमा मतदान गर्ने बाहेक अन्य समयमा कुनै पनि राजनैतिक दलमा सक्रिय रूपमा सहभागी छैनन्। यसकै कारणले नीतिनिर्माणको तहसम्म महिलाको पहुँच भएको देखिँदैन।

आफ्नो घरपरिवारमा मात्र नभएर समाजमा समेत हुने गरेका छलफलहरूमा अधिकांश महिलाहरूको पुरुषसरह नै निर्णयकर्ताको भूमिका रहेको पाइन्छ तर पनि जिरेल महिलाहरू अशिक्षा,

दैनिकी, घरेलु हिंसा, बालबच्चाको देखभालका कारणले हुने गरेका व्यस्तता आदि कारणहरू आफूहरूले भोग्न परेका मुख्य समस्याहरूको रूपमा चित्रण गर्दछन् र यसबाट मुक्ति पाउनका लागि व्यावसायिक शिक्षा, महिलाहरूलाई रोजगारी र ज्यालामा पुरुषसरहको अवसर र सीप विकास गर्नका लागि सीपमूलक तालिम स्थानीय स्तरमा नै उपलब्ध हुनुपर्ने धारणा राख्दछन् ।

सामाजिक, आर्थिक लगायत विभिन्न कारणले पाठशाला जान नपाएका महिलाहरूले आफू अशिक्षित भएकै कारण आफ्नो जीवन कष्टदायी भएको र रोजगारीको अवसरबाट समेत वञ्चित हुनु परेको ठान्दछन् । यो अवस्था आफ्ना भावी सन्तानले भोग्नु नपरोस् भन्ने जस्ता चेतनाको विकास हालका दिनहरूमा देखिएको भए तापनि समाजमा हालसम्म विद्यमान रहेको पितृसत्तात्मक परम्परागत सोच, मूल्य, मान्यता र महिलालाई हेर्ने दृष्टिकोणका कारणले पनि यस समाजले महिला शिक्षामा आशातीत फड्को मार्न सकेको देखिँदैन । घरखर्च र खेतीपातीको काममा पुरुषको तुलनामा महिलाको भूमिका निर्णायक रहने गरेको छ तर परिवारमा हुने/गरिने अन्य सबै प्रकारका निर्णय प्रक्रियामा महिलापुरुष दुबैको भूमिका बराबर रहने गरेको पाइन्छ । यसबाट जिरेल महिलाहरू आफ्नो परिवार र समाजमा सशक्त छन् भन्ने देखिन्छ ।

अधिकांश महिलाहरूमा पुरुषबाट विविध किसिमका भेदभाव हुने गरेको भन्ने सोच भएको पाइए तापनि कतिपय अवस्थामा महिलाहरू महिलाहरूबाट नै पनि उत्पीडित हुने समेत गरेको भन्ने गुनासो रहेको देखिन्छ । समाजमा विद्यमान लैङ्गिक विभेदको अवस्थालाई मूल्याङ्कन गर्दा लैङ्गिक, धार्मिक तथा अन्य कारणले आफ्नो सामाजिक प्रगतिमा कुनै बाधा नपरेको भन्नेहरूको सङ्ख्या केही बढी देखियो तर अन्य कारण नभएर चेतना र शिक्षाको कमीका कारण जिरेल महिला पछि परेका हुन् भन्ने सोच महिलाहरूमा व्यापक रहेको छ । केही महिलाहरूमा समेत विद्यमान परम्परागत पितृसत्तात्मक सोचका कारण छोरीलाई पराईको सम्पत्ति ठान्ने, उनीहरूलाई घरायसी काममा मात्र सीमित राख्ने र छोरीलाई साक्षर मात्र बनाए पुग्छ भन्ने जस्ता धारणाका कारण महिलाको शिक्षाको गुणस्तर र महत्त्वलाई यस समाजले पूर्ण रूपमा बुझ्न नसकेको जस्तो देखिन्छ, जसका कारण अधिकांश जिरेल महिलाहरू २१औं शताब्दीमा पनि या त निरक्षर छन् या त साक्षर मात्र छन् । जिरेल महिलाहरू खेतीपातीदेखि सबै प्रकारका आर्थिक क्रियाकलापहरूमा बिहानदेखि बेलुकासम्म सक्रिय रहन्छन् तर आर्थिक क्षेत्रमा यिनीहरूको नियन्त्रण न्यून रहन्छ । ज्याला मजदुरीमा महिलाहरूले सैद्धान्तिक रूपमा समान कामको समान ज्याला पाउने गरेको भनिए तापनि

व्यवहारमा पुरुष उपलब्ध भएसम्म महिलाहरूलाई काममा नलगाउने र लगाइहाले पनि समान कामको पनि पुरुषलाई बढी पारिश्रमिक दिइने समस्या यथावत् नै रहेको देखिन्छ ।

बौद्धधर्मको उत्थान र विकासका सन्दर्भमा अन्य स्थानहरूमा झैं यस अध्ययन क्षेत्रमा पनि परापूर्वकालदेखि महिलाहरूको योगदान विभिन्न रूपमा रहिआएको छ । घरमा र समाजमा सम्पन्न हुने सम्पूर्ण धार्मिक कार्यहरूमा जिरेल महिलाहरूको भूमिका सधैं महत्त्वपूर्ण रहेको छ । आवश्यकताअनुसार श्रमदान, अन्नदान र आर्थिक सहयोग मार्फत स्थानीयस्तरमा बौद्धधर्मको उत्थान र विकासमा जिरेल महिलाहरूले आफ्नो योगदान पुऱ्याउने गरेका छन् ।

जिरेलहरूलाई बौद्ध दर्शन अध्यापन गराउने उद्देश्यले हालसालै जिरीमा जिरी बुद्धिस्ट कलेज, दुईवटा धार्मिक विद्यालयहरूको स्थापना र केही स्तुपहरू र एउटा गुरु पद्मसम्भवको मूर्तिको स्थापना जस्ता कार्य भएका छन् । यस्ता कार्यबाट बौद्धधर्मको विकास तथा विस्तारमा टेवा पुग्ने आशा गर्नसकिन्छ तर जिरेलहरूले अनुसरण गर्ने बौद्धधर्ममा समय सँगसँगै जनचाहनाअनुसार परिवर्तन हुन नसकेकाले यस उपत्यकामा धार्मिक संस्कारहरू विधिसम्मत तरिकाले सम्पन्न गराउने जिरेल लामाहरूको अभाव पनि दिनानुदिन खट्कँदै गएको छ ।

अध्ययनको क्रममा जिरेल महिलाहरूले समाजमा विद्यमान विविध किसिमका सामाजिक आर्थिक समस्याबाट मुक्ति पाउनका लागि व्यावसागिक शिक्षा, क्षमता अनुसारको रोजगारी र महिलाहरूका लागि विशेष सीपमूलक तालिम हुनुपर्ने धारणा राखेका छन् । महिलाको हकहितको संरक्षण र संवर्धन गरी विकासको मूलप्रवाहमा महिलाहरूलाई समेत समाहित गर्न र बौद्धधर्मको पनि विकासका लागि धेरै महँगा र रुढिवादीग्रस्त संस्कारहरूमा आवश्यक सुधार ल्याई धर्म र संस्कृतिको संरक्षण र संवर्धन गरी अनुसरणयोग्य धार्मिक रीतिरिवाजहरू अबका नयाँ पुस्तालाई हस्तान्तरण गर्दै लैजानु आजको प्रमुख आवश्यकता देखिन्छ । यसका साथै बौद्धधर्म महिला पुरुष सबैले अवलम्बन गर्ने र जिरीमा यस धर्म बाहेक अन्य धर्महरू पनि अवलम्बन गरिने भएकोले यस विषयमा थप अध्ययन अनुसन्धान हुन जरुरी देखिन्छ ।

यस शोधअध्ययनले नेपालका आदिवासी-जनजातिमध्ये सानो सङ्ख्यामा रहेको दोलखाको सीमान्तकृत जिरेल जातिको समाज, यसको आधा अङ्ग महिला र तिनले अनुसरण गर्ने गरेको बौद्धधर्मको विकासका लागि खेलेको भूमिकालाई विविध स्रोतका माध्यमले प्राप्त तथ्यका आधारमा त्यसको विश्लेषण गरी शोधप्रबन्धका रूपमा प्रस्तुत गरिएको छ । यसबाट योजनाविद्, शोधकर्ता र

जिरेल समाज स्वयम् लाभदायी हुने आशा गरिएको छ । अन्तमा, यस शोध अध्ययनले समेटेको जिरेल जाति देशका अन्य भागहरूमा पनि छरिएर रहेका र वौद्धधर्म महिलापुरुष दुबैले अवलम्बन गर्ने भएकाले यसबारे विस्तृत अध्ययन गरिनुपर्ने देखिन्छ । यसका साथै अध्ययन गरिएको वडामा जिरेलबाहेक अन्य जातजाति र धर्मावलम्वीहरू पनि बसोबास गर्ने भएकाले यी समाजमा महिलाहरूको भूमिका के कस्तो रहेको छ सो को पनि अध्ययन हुन जरुरी भएको हुँदा यो अनुसन्धान अध्ययन गरिएको हो ।

# बिषय सूची


| क्र.सं. | विषय | पृष्ठ सङ्ख्या |
|---|---|---|
| | सिफारिस-पत्र | क |
| | स्वीकृति-पत्र | ख |
| | प्रतिबद्धता-पत्र | ग |
| | कृतज्ञता-ज्ञापन | घ |
| | शोधसार | छ |
| | विषय सूची | ढ |
| | तालिका सूची | फ |
| | रेखा चित्र सूची | म |
| | परिशिष्टहरू | इ |
| | अध्ययन क्षेत्रको तस्विरहरूको सूची | र |
| | सन्दर्भ सामाग्री सूची | व |
| | जिरेल भाषासँग सम्बन्धित केही पारिभाषिक शब्दहरू | स |
| | सङ्क्षेपीकृत शब्द सूची | श |

**अध्याय एक: शोधको परिचय**

| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | समस्याकथन | ३ |
| १.३ | अनुसन्धानको उद्देश्य | ३ |
| १.४ | अध्ययनको महत्त्व र औचित्य | ४ |
| १.५ | अध्ययन क्षेत्रको छनौट | ६ |
| १.६ | अध्ययनको सीमा | ११ |
| १.७ | अनुसन्धान पद्धति | ११ |
| | १.७.१ प्राथमिक स्रोतहरू | १२ |
| | १.७.१.१ नमुना छनौट | १३ |

१.७.१.२ अवलोकन विधि १३

१.७.१.३ प्रश्नावली १४

१.७.१.४ अन्तर्वार्ता १५

१.७.१.५ समूह छलफल १५

१.७.१.६ ग्रन्थ तथा किपटको लालमोहर १६

१.७.२ सहायक स्रोतहरू १६

१.७.२.१ पुस्तकालय १६

१.७.२.२ स्थानीय कार्यालयहरू १७

१.७.२.३ इन्टरनेट १७

१.७.२.४ तथ्याङ्क विश्लेषणको प्रक्रिया १७

१.७.३ आचार संहिता १७

१.७.४ प्रमाणिकता र विश्वसनीयता १७

१.७.५ विश्लेषणको सैद्धान्तिक आधार १७

१.७.६ अनुसन्धानको ढाँचा १८

१.७.७ अध्याय विभाजन १८

## अध्याय दुई: पूर्व साहित्य समीक्षा

२.१ पृष्ठभूमि २२

२.२ समीक्षा: पुस्तकहरू २३

२.३ समीक्षा: प्रतिवेदन र लेखहरू ५८

२.४ उपसंहार ७९

## अध्याय तीन: अध्ययन क्षेत्रको परिचय र महत्त्व

३.१ पृष्ठभूमि ८२

३.२ जिरी उपत्यकाको भौगोलिक बनावट ८३

३.३ भौगोलिक स्थिति र सीमाना ८४

३.४ हावापानी तथा जलवायु ८५
३.५ बोट-बिरुवा तथा वन्यजन्तु ८५
३.६ नदीनाला तथा तालपोखरी ८६
३.७ गुफा तथा झरना ८६
३.८ जातजातिअनुसार जनसङ्ख्याको संरचना ८७
३.९ सडक यातायात तथा झोलुङ्गे पुल ८७
३.१० पशुपञ्छीहरू ८८
३.११ प्रमुख कृषि बालीहरू ८८
३.१२ प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरू ८९
३.१२.१ जिरीश्वरी महादेव देवस्थल ८९
३.१२.२ गोकुलेश्वर मन्दिर ८९
३.१२.३ ढुङ्गेश्वरी मन्दिर ८९
३.१३ उद्योगधन्दाहरू, व्यापार तथा बजार क्षेत्र ९०
३.१४ पाटीपौवा, चौतारा, खेलमैदान र सामुदायिक भवनहरू ९०
३.१५ अध्ययन क्षेत्रको महत्त्व ९१
३.१६ उपसंहार ९३

**अध्याय चार : बौद्ध दर्शन, जिरीमा बौद्धधर्मको उत्थान र विकास**

४.१ पृष्ठभूमि ९४
४.२ नेपालमा बौद्धधर्म ९५
४.३ भगवान् बुद्ध आगमन पूर्वको समाज १००
४.४ बौद्धधर्म १०२
४.५ भगवान् बुद्धका प्रमुख उपदेशहरू १०५
४.५.१ आर्य सत्य १०५

४.५.२ बौद्धधर्म र शील १०७
४.५.२.१ पञ्चशील १०८
४.५.२.२ अष्टशील १०९
४.५.२.३ दशशील १०९
४.५.३ बौद्धधर्मका मौलिक सिद्धान्तहरू १०९
४.६ जिरीमा बौद्धधर्मको उत्थान र विकास ११०
४.७ जिरीस्थित बौद्ध गुम्वाहरू ११५
४.८ जिरीमा अवलम्वन गरिने बौद्धधर्ममा तिब्बतियन बौद्धधर्मको प्रभाव ११६
४.९ उपसंहार ११८

**अध्याय पाँच: जिरेल जातिको परिचय र सामाजिक, सांस्कृतिक परम्परा**

५.१ पृष्ठभूमि १२०
५.२ जिरेलहरूको बसोबास र जनसङ्ख्या १२५
५.३ जिरेल जातिको पेशा १२६
५.४ जिरेल जातिले बोल्ने भाषा १२७
५.५ जिरेल जातिले अवलम्बन गर्ने धर्म १२७
५.६ जिरेल जातिको पारिवारिक तथा सामाजिक संरचना १३०
५.७ जिरेल बौद्ध समाजमा प्रचलित केही सांस्कृतिक परम्पराहरू १३१
५.८ जिरेल बौद्ध जातिका जीवन संस्कार १३३
५.८.१ न्वारन संस्कार १३४
५.८.२ अन्नप्राशन १३५
५.८.३ छेवर संस्कार १३५
५.८.४ गुन्युचोली दिने संस्कार १३६
५.८.५ विवाह संस्कार १३६

५.८.६ मृत्यु संस्कार १३८

५.८.६.१ घ्यावा कर्म १४०

५.९ जिरेल बौद्ध समाजमा प्रचलित केही चाडपर्वहरू १४२

५.१० पूजा आजा १४३

५.१०.१ भूमे पूजा १४३

५.१०.२ नौलो पूजा १४३

५.१०.३ गुरु पूजा १४३

५.१०.४ कुलदेवता पूजा १४३

५.११ जात्रापर्व १४४

५.१२ उपसंहार १४४

## अध्याय छ: जिरेल बौद्ध समाजमा महिलाहरूको सामाजिक-आर्थिक अवस्था

६.१ पृष्ठभूमि १४८

६.२ जिरेल बौद्धमार्गी महिलाहरूको सामाजिक अवस्था १४९

६.२.१ शिक्षाको अवस्था १४९

६.२.२ शिक्षाको अवसर १५१

६.२.३ महिला शिक्षाप्रतिको सामाजिक धारणा १५२

६.२.४ छोरा र छोरी पठाउने पाठशालाको किसिम १५३

६.२.५ महिलाहरू विद्यालय भर्ना नहुनुका कारण १५४

६.२.६ वैवाहिक स्थिति १५५

६.२.७ विवाहको किसिम १५६

६.२.८ विवाह गर्दाको महिलाको उमेर १५७

६.२.९ जिरेल बौद्ध समाजमा लैङ्गिक विभेदको अवस्था १५८

६.२.१० महिलाहरू माथि भेदभाव हुनुको कारण १६०

६.२.११ महिलाहरू पुरुषको तुलनामा पछि पर्नाको कारण १६१
६.२.१२ जिरेल महिलाहरूको राजनैतिक पार्टीमा संलग्नता १६१
६.२.१३ जिरेल बौद्ध समाजमा लैङ्गिक प्राथमिकताको किसिम १६२
६.२.१४ लैङ्गिक कारणले व्यक्तिगत प्रगतिमा बाधाको अनुभूति १६३
६.२.१५ महिलाको प्रगतिमा बाधा हुनाको प्रमुख कारण १६४
६.२.१६ जिरेल महिलाहरूमा सामाजिक सङ्घ-संस्थाबारे जानकारी अवस्था १६५
६.२.१७ सामाजिक सङ्घ-संस्थाहरूमा जिरेल महिलाहरूको जिम्मेबारी १६६
६.२.१८ सामाजिक सङ्घ-संस्थाहरूमा विद्यमान महिलामैत्री वातावरण १६७
६.२.१९ कार्यरत सङ्घ-संस्था भित्रको लैङ्गिक विभेदको अवस्था १६८
६.२.२० स्थानीय सङ्घ-संस्थामा महिला सहभागिता १६८
६.२.२१ सङ्घ-संस्थामा महिला नेतृत्वको अवस्था १६९
६.२.२२ समाजमा महिलाको स्थान १७०
६.२.२३ महिलाहरू पछाडि पर्नाको कारण १७१
६.२.२४ जिरेल महिलाले भोग्नुपरेका समस्या १७१
६.३ जिरेल महिलाहरूको सामाजिक भूमिका १७२
६.३.१ पारिवारिक बनोट १७२
६.३.२ समाजमा हुने छलफल तथा निर्णयमा महिलाको भूमिका १७३
६.३.३ महिलाहरूको सामाजिक काममा योगदान १७४
६.३.४ जिरेल समाजमा महिलाको आफ्नो परिवारमा प्राप्त हैसियत १७५
६.३.५ सन्तानको सङ्ख्या निर्धारण सम्बन्धी भूमिका १७६
६.३.६ बालबच्चाको पढाइ सम्बन्धी भूमिका १७६
६.३.७ खेतीपाती कार्यमा महिलाको भूमिका १७७
६.३.८ धार्मिक रीतिरिवाज एवम् चाडपर्वमा महिलाको भूमिका १७८
६.३.९ महिलाको तर्फबाट सुझाव १७९

६.४ जिरेल बौद्धमार्गी महिलाको आर्थिक अवस्था १८०
६.४.१ जिरेल महिलाहरूको प्रमुख आयस्रोत १८०
६.४.२ घरजग्गामा महिलाहरूको अधिकार १८१
६.४.३ जिरेल बौद्ध समाजमा महिलाहरूको आर्थिक भूमिका १८२
६.४.४ जिरेल महिलाहरूको सञ्चित पैसाको अधिकार १८३
६.४.५ समान कामको ज्याला मजदुरीमा महिला पुरुषबीच विभेदको अवस्था १८३
६.४.६ घरमा कुनै कुरा खरिद बिक्री गर्दाको भूमिका १८४
६.४.७ घरायसी आर्थिक व्यवस्थापनमा निर्णयको अधिकार १८५
६.५ उपसंहार १८६

## अध्याय सात: जिरेल महिलाहरू र बौद्धधर्म

७.१ पृष्ठभूमि १८८
७.२ बौद्धधर्मबारे जिरेल महिलाहरूको अवधारणा १८९
७.३ धार्मिक आस्थाको अवस्था १९१
७.४ धर्ममा विश्वासको अवस्था १९२
७.५ धार्मिक संस्कार प्रवर्धनमा जिरेल महिलाहरूको योगदान १९२
७.६ बौद्धधर्मभन्दा अन्य धर्मप्रतिको आकर्षण १९३
७.७ अन्य धर्मप्रति हालका दिनहरूमा आकर्षण बढ्नुको कारण १९४
७.८ समाजमा हुने धार्मिक क्रियाकलापहरूमा महिला सहभागिता १९५
७.९ धार्मिक क्रियाकलापहरूमा जिरेल महिलाको योगदान १९६
७.१० जिरीमा बौद्धधर्मको वर्तमान अवस्था १९७
७.११ आफ्नो धर्मको बिकास/उत्थानमा महिलाहरूको योगदानको किसिम १९८
७.१२ आनी (महिला भिक्षुणी) लाई जिरेल समाजले हेर्ने दृष्टिकोण १९८
७.१३ जिरीका बौद्ध गुम्बाहरूमा महिलाहरूलाई हेर्ने दृष्टिकोण १९९
७.१४ आनी (भिक्षुणीहरूको) आर्थिक स्रोत २००

७.१५ बौद्ध गुम्बाहरूमा महिला अधिकारबारे छलफल २०१
७.१६ गुम्बाहरूमा हुने विभिन्न किसिमका शोषणको अवस्था २०२
७.१७ समाजमा विद्यमान धार्मिक विभेद सम्बन्धी अनुभूति २०३
७.१८ जिरेल समाजमा विद्यमान धार्मिक विभेदको किसिम २०४
७.१९ उत्तरदाता महिलाहरूको तर्फबाट प्राप्त सुझाव २०५
७.२० उपसंहार २०६

## अध्याय आठ: उपसंहार

८.१ सारांश २०८
८.२ निष्कर्ष २१२
८.३ सुझावहरू २१९

# तालिका सूची


| क्रम सङ्ख्या | तालिका | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १.१ | जिरी न.पा.मा बसोबास गर्ने जातजाति अनुसारको जनसङ्ख्या | १० |
| १.२ | उत्तरदाताहरूको उमेर समूहअनुसारको जनसङ्ख्या | १४ |
| ३.१ | जिरीस्थित प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरू र तिनको महत्त्व | ९२ |
| ५.१ | धर्मका आधारमा नेपालको जनसङ्ख्या (प्रतिशत) | १२८ |
| ५.२ | अध्ययन क्षेत्रका जिरेल जातिले अवलम्बन गर्ने धर्मअनुसारको जनसङ्ख्या (प्रतिशत) | १२८ |
| ५.३ | जिरेल जातिका मूल थर र उपथरहरू | १३० |
| ५.४ | जिरी उपत्यकामा बसोबास गर्ने जिरेलहरूले मनाउने जात्राहरू | १४४ |
| ६.१ | छोरा, छोरीको पठनपाठनमा प्राथमिकता (प्रतिशत) | १४९ |
| ६.२ | छोराछोरीको स्कुल र कलेजको किसिम (प्रतिशत) | १५४ |
| ६.३ | विद्यालय नजानुको कारण | १५५ |
| ६.४ | महिलाहरूको विवाह गर्दाको उमेर (बर्ष) | १५८ |
| ६.५ | समाजमा पुरुषभन्दा आफू हेपिएको जस्तो लाग्छ/लाग्दैन | १५९ |
| ६.६ | लैङ्गिक विभेदकर्ता | १५९ |
| ६.७ | समाजमा महिलाहरूमाथि भेदभाव हुनुको कारण | १६० |
| ६.८ | महिलाहरू पुरुषभन्दा पछि हुनाको कारण | १६१ |
| ६.९ | राजनैतिक पार्टीमा संलग्नता | १६२ |
| ६.१० | लैङ्गिक कारणले प्रगतिमा बाधा भएको/नभएको अनुभूति | १६४ |
| ६.११ | प्रगतिमा बाधकका कारणहरू | १६४ |
| ६.१२ | सामाजिक सङ्घ-संस्थामा महिलाको आबद्धता | १६६ |
| ६.१३ | सामाजिक सङ्घ-संस्थामा आबद्ध हुनलाई प्रोत्साहनकर्ता | १६७ |

| | | |
|---|---|---|
| ६.१४ | सङ्घ-संस्थामा महिला सहभागिताको अवस्था | १६८ |
| ६.१५ | सङ्घ-संस्थामा महिला र पुरुषको सहभागिता अनुपात | १६९ |
| ६.१६ | कार्यरत सङ्घ-संस्थामा प्रमुखको भूमिका | १६९ |
| ६.१७ | महिलाहरूको समाजमा स्थान | १७० |
| ६.१८ | महिलाहरू पुरुषभन्दा पछि हुनाको कारण | १७१ |
| ६.१९ | महिलाहरूले भोग्नुपरेका समस्या | १७२ |
| ६.२० | सामाजिक काममा महिलाको योगदान | १७५ |
| ६.२१ | पारिवारिक हैसियत | १७५ |
| ६.२२ | बच्चालाई स्कुल/कलेज भर्ना गर्ने निर्णयको विवरण | १७७ |
| ६.२३ | खेतीपाती सम्बन्धी निर्णय | १७८ |
| ६.२४ | घरमा धार्मिक रीतिरिवाज एवम् चाडपर्व मान्नेबारे निर्णयकर्ता | १७८ |
| ६.२५ | जिरेल महिलाहरूको प्रगतिकालागि प्राप्त सुझावहरू | १७९ |
| ६.२६ | घर जग्गामा स्वामित्व | १८१ |
| ६.२७ | बैङ्क/सहकारीमा खाताबारेको विवरण | १८२ |
| ६.२८ | सञ्चित पैसा राख्ने प्रचलन | १८३ |
| ६.२९ | श्रमको ज्याला सम्बन्धी विवरण | १८४ |
| ६.३० | घरमा कुनै कुरा खरिद/बिक्री गर्दाको निर्णयकर्ता | १८४ |
| ६.३१ | घरको खर्च चलाउने व्यक्ति | १८५ |
| ७.१ | बौद्धधर्मबारे धारणा | १९० |
| ७.२ | धर्ममा गरिने विश्वासको स्तर | १९२ |
| ७.३ | जात्रा पर्वमा सहभागिताको निर्णयकर्ता | १९३ |
| ७.४ | अन्य धर्मप्रतिको आकर्षण बढ्नुको कारण | १९४ |
| ७.५ | धार्मिक क्रियाकलापमा महिलाको सहभागिता | १९५ |
| ७.६ | धार्मिक क्रियाकलापमा महिलाको योगदानको किसिम | १९६ |

| | | |
|---|---|---|
| ७.७ | बौद्धधर्म मान्नेहरूको सङ्ख्या | १९७ |
| ७.८ | आफ्नो धर्मको विकासमा योगदानको किसिम | १९८ |
| ७.९ | आनी र थावालाई हेर्ने दृष्टिकोण | १९९ |
| ७.१० | गुम्बाहरूमा महिलालाई हेर्ने दृष्टिकोण | २०० |
| ७.११ | आनीहरूको आर्थिक निर्भरताको विवरण | २०१ |
| ७.१२ | महिला अधिकारको विषयमा गुम्बाहरूमा हुने छलफल | २०२ |
| ७.१३ | गुम्बाहरूमा शारीरिक तथा मानसिक शोषणको विवरण | २०२ |
| ७.१४ | समाजमा धार्मिक विभेद भएको अनुभूति | २०३ |
| ७.१५ | धार्मिक विभेदका प्रकार | २०४ |
| ७.१६ | जिरेल महिलाहरूको प्रगतिकालागि प्राप्त सुझावहरू | २०५ |

# रेखा चित्र सूची


| क्र.सं. | रेखा चित्र | पृष्ठ सङ्ख्या |
|---|---|---|
| ६.१ | पाईचार्टमा शैक्षिक स्तर (प्रतिशतमा) | १५० |
| ६.२ | पाईचार्टमा जिरेल महिलाहरूलाई शिक्षाको अवसर (प्रतिशतमा) | १५१ |
| ६.३ | बार ग्राफमा वैवाहिक स्थिति (प्रतिशतमा) | १५६ |
| ६.४ | पाईचार्टमा विवाहको किसिम (प्रतिशतमा) | १५७ |
| ६.५ | पाईचार्टमा घर-परिवारमा छोरा र छोरीले पाउने महत्त्व (प्रतिशतमा) | १६३ |
| ६.६ | पाईचार्टमा सामाजिक सङ्घ-सस्थामा आबद्ध पदहरूको विवरण (प्रतिशतमा) | १६६ |
| ६.७ | पाईचार्टमा पारिवारिक बनोटको किसिम (प्रतिशतमा) | १७३ |
| ६.८ | पाईचार्टमा समाजमा हुने निर्णयमा महिलाको भूमिका (प्रतिशतमा) | १७४ |
| ६.९ | बारग्राफमा बच्चाको सङ्ख्याबारे निर्णय लिने अधिकार (प्रतिशतमा) | १७६ |
| ६.१० | बारग्राफ परिवारको प्रमुख आयस्रोत (प्रतिशतमा) | १७७ |
| ७.१ | पाईचार्टमा धार्मिक आस्था (प्रतिशतमा) | १९१ |
| ७.२ | अन्य धर्मप्रतिको आकर्षण (प्रतिशतमा) | १९४ |

# परिशिष्टहरू


| **परिशिष्टहरू** | **पृष्ठ सङ्ख्या** |
|---|---|
| परिशिष्ट १ अनुसन्धान गरिएको जिल्लाको नक्सा | २२१ |
| परिशिष्ट २ अनुसन्धान गरिएको क्षेत्रको नक्सा | २२२ |
| परिशिष्ट ३ अनुसन्धान प्रश्नावली | २२३ |
| परिशिष्ट ४ समूहगत छलफलको बिषय सूची (चेकलिस्ट) | २२९ |
| परिशिष्ट ५ अन्तर्वार्ता लिइएका महानुभावहरूको नामावली | २३० |
| परिशिष्ट ६ समूहगत छलफलको बिबरण | २३१ |
| परिशिष्ट ७ जिरेलहरूको किपटको लालमोहरको फोटोकपी | २३२ |
| परिशिष्ट ८ पूर्वी नेपालमा फेला परेको श्री ५ पृथ्वी नारायण शाहद्वारा किराँतीहरूलाई दिइएको ताम्र-पत्रको व्यहोरा | २३३ |
| परिशिष्ट ९ अध्ययन क्षेत्रका तस्बिरहरू | २३४ |

# अध्ययन क्षेत्रको तस्बिरहरूको सूची


| तस्बिर सङ्ख्या | तस्बिरहरू | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १ | दोलखा चरिकोटस्थित नेपालको पहिलो चाँदीको सिक्का बनाउने घर | २३४ |
| २ | जिरी बजारको प्रवेशद्वार | २३४ |
| ३ | चिहानडाँडाबाट देखिने जिरी बजारको दृश्य | २३५ |
| ४ | जिरी अस्पतालपरिसरमा स्थापित बौद्ध स्तुप | २३५ |
| ५ | जिरी बजारमा अवस्थित शेर्पा गुम्बा र चैत्य | २३६ |
| ६ | जिरी ६ स्थित गुरु पद्मसम्भवको आकर्षक मूर्ति | २३६ |
| ७ | जिरीस्थित जिरीश्वरी मन्दिरमा एक महिला पूजाको तयारी गर्दै | २३७ |
| ८ | नवमीमा भीमसेनको पूजा गर्दै भक्तजन | २३७ |
| ९ | फूलपातीमा पूजा गर्दै भक्तजन | २३७ |
| १० | बज्यूथानमा चढाइएका घण्टा र हँसिया | २३८ |
| ११ | जिरेलहरूले मनाउने भूमेपूजा | २३८ |
| १२ | जिरेल लामा पूजा ध्यानमा | २३८ |
| १३ | आफ्नो भेषभूषामा जिरेल लामा | १३८ |
| १४ | जिरेल फोम्बो (जिरेल झाँक्री)हरू | २३९ |
| १५ | च्यालीमा जिरेल युवा, युवतीहरू | २३९ |
| १६ | जिरेल संयुक्त परिवार | २३९ |
| १७ | परम्परागत पोशाकमा महिलाहरू | २३९ |
| १८ | कोक्रामा जिरेल बच्चा | २४० |
| १९ | परम्परागत पोशाकमा युवतीहरू | २४० |
| २० | काठमाडौंमा जिरेल साँस्कृतिक परिवार | २४० |
| २१ | परम्परागत पोशाकमा जिरेल पुरुष | २४१ |

| | | |
|---|---|---|
| २२ | परम्परागत पोशाकमा जिरेल जोडी | २४१ |
| २३ | परम्परागत भेषभूषामा जिरेल युवायुवतीहरू | २४१ |
| २४ | पाहुनाको स्वागतका लागि बसेका जिरेल बालबालिकाहरू | २४२ |
| २५ | परम्परागत भेषभूषामा सांस्कृतिक कार्यक्रम गर्दै जिरेल बालिकाहरू | २४२ |
| २६ | जिरेल बच्चाको पास्नी हुँदै | २४३ |
| २७ | बच्चाको पास्नी गर्दै जिरेल परिवार | २४३ |
| २८ | जिरेल महिलाहरू टीका लगाउँदै | २४४ |
| २९ | विवाह गर्दै जिरेल जोडी | २४४ |
| ३० | विवाहमा आशीर्वाद लिँदै जिरेल जोडी | २४४ |
| ३१ | विवाहपश्चात् खानपिन गर्दै जिरेल दुलही, लामा र दुलहीको साथी | २४५ |
| ३२ | नवविवाहित जिरेल दम्पती | २४५ |
| ३३ | जिरेल मृत व्यक्तिको नाममा बनाइएको माने | २४६ |
| ३४ | घ्यावा (मृत्यु संस्कारमा गरिने कर्म) गर्दै लामाहरू | २४६ |
| ३५ | लामाहरू घ्यावामा बाजा बजाउँदै मृतकलाई अन्तिम बिदाइ गर्दै | २४७ |
| ३६ | मृतकको नाममा चढाएको खाने कुरा | २४७ |
| ३७ | घ्यावामा भोज खाँदै महिलाहरू | २४७ |
| ३८ | कानमा लगाउने सुनको ढुङ्ग्री | २४८ |
| ३९ | गलामा लगाउने चाँदीको माला | २४८ |
| ४० | हातमा लगाउने चाँदीको बाला | २४८ |
| ४१ | चाँदीको जन्तर हालेको पोते | २४८ |
| ४२ | सुनको जन्तर हालेको पोते | २४८ |
| ४३ | कानमा लगाउने सुनको चक्री | २४८ |
| ४४ | सुनको फुली र बुलाकी | २४९ |

| | | |
|---|---|---|
| ४५ | ठेम्बा (जिरेलहरूले दिने मायाको चिनो) | २४९ |
| ४६ | जिरेलहरूले मुखले बजाउने बाजा | २४९ |
| ४७ | जिरेल महिलाहरूले लाउने जन्तर | २४९ |
| | **सन्दर्भ सामग्री सूची** | २५० |
| | नेपाली भाषामा प्रकाशित पुस्तकहरू | २५० |
| | नेपाली भाषामा प्रकाशित शोधप्रबन्धहरू | २५२ |
| | नेपाली भाषामा प्रकाशित पत्रपत्रिका तथा अन्य प्रकाशनहरू | २५२ |
| | नेवारी भाषामा प्रकाशित पुस्तक | २५४ |
| | अङ्ग्रेजी भाषामा प्रकाशित पुस्तकहरू | २५४ |
| | अङ्ग्रेजी भाषामा प्रकाशित शोधप्रबन्ध | २५६ |
| | अङ्ग्रेजी भाषामा प्रकाशित लेखहरू | २५६ |
| | अङ्ग्रेजी भाषामा प्रकाशित वेभसाइटहरू | २५८ |
| | हिन्दी भाषामा प्रकाशित वेभसाइटहरू | २५९ |
| | **अनुसन्धाताको परिचय** | २६० |

# जिरेल भाषासँग सम्बन्धित केही पारिभाषिक शब्दहरू

| | |
|---|---|
| किपटक | लाल मोहर गरेर दिइएको कहिल्यै राजीनामा हुन नसक्ने अथवा जसको नाममा सो जग्गा लेखिएको छ, उसले, उसको सन्तान दरसन्तानले भोग चलन गर्न पाउने जग्गा |
| लालमोहर | राजाले छाप लगाएर दिएको अधिकार |
| किराँती खासा | पुरानो घर भत्केको भग्नावशेष |
| किराँती थुर्सा | पुरानो चिहान |
| झाँक्री | किरात परम्परा अनुसारको पुजारी |
| फोम्बो | लामा (बौद्ध परम्परा अनुसारको पुजारी) |
| धामी | हिन्दु देवीदेवता चढ्ने व्यक्ति वा पुजारी |
| छ्याङ्ग | स्थानीय रूपमा अन्नबाट बनाइएको नसालु पदार्थ |
| पोल्दाक | स्थानीय बियरसँग गहुँको पिठो मिश्रण गरी करिब एक किलोको डल्लो बनाएर पकाएको एक प्रकारको खाने कुरा |
| छेवर | चूडाकर्म वा जन्मेदेखि तीन वा पाँच बर्ष पारेर छोरा मान्छेको पहिलो पटक विधिपूर्वक केश काट्ने काम |
| बिराजी | बेखुशी |
| ठेकी चारदाम | विवाहको लागि केटाको घरबाट केटीको घरमा लिएर जाने कोसेली |
| घ्यावा | मृत्यु संस्कारको अन्तिम दिन गरिने एक किसिमको संस्कार |
| छ्याङ्गा | मृतक आत्मालाई चढाएको खाना |
| सेनसिङ | मृतकले आफ्नो परिवारको कुनै एक जनाको शरीरमा प्रवेश गरी बोल्ने प्रक्रिया |
| तोर्मा | चामल वा भुटेको गहुँको पिठो महमा मुछेर बनाइएको कुनै पशुपन्छी, देव, वा चैत्य आकारको वस्तु |

| | |
|---|---|
| मीनज्याङ | मृतकको नाम लेखेको कागज |
| माने | छ्योर्तेनसँगै बनाइएको पर्खाल |
| भूमे पूजा | धर्ती माताको पूजा |
| नौलो पूजा | नयाँ अन्न खाने बेला गरेको पूजा |
| आनी | बौद्ध भिक्षुणी |
| थावा | बौद्ध भिक्षु |
| पिधार्ने | जाँडलाई खानको लागि तयार बनाउने |
| दाप | काठबाट बनाइएको खुकुरी राख्ने ठाउँ |
| जुहारीकोट | इस्टकोटजस्तै लगाउने |
| चारअन्नी | पुरानो चार आना पैसा |
| अठअन्नी | पुरानो आठआना पैसा |
| मीजार | मिजार (गाउँको अगुवा) |
| थर | मूल र कुल परम्पराबाट सन्तान दरसन्तान हुँदै आएको उपनाम वा वंश अथवा गुण |
| छाङ | बच्चा बोक्ने कोक्रो |
| ठेम्बा | मायाको चिनो स्वरूप दिने र लिनेले महिलाले चोलोको तुनामा र पुरुषले दौराको तुनामा बाँधेर राख्ने । |
| निङ्मापा | हिमाली बौद्ध धर्मावलम्बी मध्येको एउटा सम्प्रदाय |
| जिरी | घना जङ्गल |
| दावा कोन्दु | बौद्धमार्गी जिरेलहरूको धार्मिक ग्रन्थ |
| लुँ | नाग देवता |
| ल्हा छ्यामे | जिरेलहरूका कुल देवता |

# सङ्क्षेपीकृत शब्दसूची

| | |
|---|---|
| इ. पू. | इसा पूर्व |
| इ.सं. | इस्वी संवत् |
| एम.ए. | मास्टर इन आर्ट |
| कं. | कंपनी |
| क्र.सं. | क्रम संख्या |
| के. त. वि. | केन्द्रीय तथ्याङ्क विभाग |
| गा.वि.स. | गाउँ विकास समिति |
| टि.यु | त्रिभुवन युनिभर्सिटी |
| डा. | डाक्टर |
| जि.वि.स. | जिल्ला विकास समिति |
| द. नं. | दर्ता नम्बर |
| नं. | नम्बर |
| न. पा. | नगर पालिका |
| प्रा. लि. | प्राइभेट लिमिटेड |
| प्रा.डा. | प्राध्यापक डाक्टर |
| वि. सं. | विक्रम संवत् |
| मि. | मिटर |
| मि.मि. | मिलिमिटर |
| लु. बौ. वि. वि | लुम्बिनी बौद्ध विश्वविद्यालय |
| से. | सेन्टिग्रेड |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |

## अध्याय एक

# शोधको परिचय

## १.१ पृष्ठभूमि

हामी बस्ने संसार विभिन्न धर्म, जाति र तिनका संस्कृति एवम् परम्पराहरूको साझा फुलबारी हो । यस संसारमा सम्पूर्ण मानव समुदायले मान्दै आएका धर्म र संस्कृतिले एकातिर आ-आफ्नो देशको विशेषता र महत्त्व झल्काउने गर्दछन् भने अर्कोतिर एउटै देशभित्र पनि विभिन्न धर्म, जातजाति, सम्प्रदायमा विविधता भए तापनि भौगोलिक हिसाबले उच्च पहाड, मध्य पहाड र तराईका मानिसहरू शताब्दीयौँदेखि आपसी सद्भावमा बसेको पाइन्छन् । हाम्रो देश नेपाल भू-भागको दृष्टिले एउटा सानो राष्ट्र भएपनि यहाँ बसोबास गर्ने विभिन्न धर्म, जातजाति, संस्कृति आदि बीच भएको विविधताका दृष्टिले भने यो व्यापक, बृहत् र विशाल छ ।

उच्च पहाड अर्थात् हिमाली प्रदेशमा शेर्पा, ल्होमी, लोपा, थकाली आदि जातिहरूले बसोबास गरेका छन् भने मध्यपहाडी प्रदेशमा यस शोधप्रबन्धले समेटेको जिरेल जातिलगायत बाहुन, क्षेत्री, राई लिम्वु, तामाङ, गुरुङ, मगर, सुनुवार, राउटे, दनुवार, माझी, दरै, चेपाङ आदिले बसोबास गर्दछन् । त्यस्तै काठमाडौं उपत्यका र अन्य विभिन्न सहरबजारहरूमा नेवारहरू मुख्य बासिन्दा हुन् । तराई तथा मधेशमा मुख्यतया ब्राह्मण, राजपुत, यादव, सतार, राजवंशी, झागड, थारु र मुसलमान आदिको बसोबास छ । यिनी सबै जातजातिका आ-आफ्नै धर्म, संस्कृति, परम्परा र भाषा हुने गरेका छन् । बौद्ध, हिन्दु र इसाई र इस्लाम हाम्रो देशमा मानिने मुख्य धर्महरू हुन् भने नेपाली, मैथली, भोजपुरी, थारु, तामाङ्ग, नेवार, मगर, अवधी, गुरुङ्ग, शेर्पा, जिरेल आदि बोलिने भाषाहरू हुन् ।

प्रत्येक धर्मावलम्बीहरूका धर्मसम्वन्धी मान्यताहरू आ-आफ्ना खालका छन् तापनि भगवान् गौतम बुद्धद्वारा प्रतिपादित बौद्धधर्म तुलनात्मक रूपमा विज्ञानमा आधारित धर्म मानिन्छ । मानव जीवनमा आइपर्ने दु:ख, दु:खका कारण र समाधानहरूका बारेमा इ. पू. छैटौँ शताब्दीमा बुद्ध आफैले अनुभव र विश्लेषणका साथै आफ्नै जीवनमा सोको प्रयोग गरी उपर्युक्त समस्याको समाधान निकाल्नुभएकाले यो धर्म अन्य धर्महरूको तुलनामा बढी व्यावहारिक र वैज्ञानिक रहेको मानिएको हो । तसर्थ यस धर्मलाई आजको विज्ञान र

प्रविधिको युगसुहाउँदो धर्म मात्र नभई मानव जातिको हित र सुखको लागि समाजमा व्यावहारिक र यथार्थमा आधारित धर्म पनि मानिन्छ ।

भगवान् गौतम बुद्धको जन्मस्थल नेपालमा नै भएकाले हाम्रो देशमा बौद्धधर्मको इतिहास धेरै नै पुरानो छ । यस धर्मले अन्यत्र झैँ नेपालमा पनि विगतमा निकै आरोहअवरोहहरू बेहोर्नु परेको इतिहासले देखाए तापनि सामान्यत: तराई, पहाडलगायत हिमालयका कुनाकन्दरासम्म पूर्ण स्वतन्त्रताका साथ यस धर्मको प्रसार र विकास भएको पाइन्छ । यसको एउटा खास कारण बौद्धधर्मका प्रवर्तक भगवान् गौतम बुद्धले आफ्नो कार्यकालमा नै विभिन्न ठाउँको यात्रा गरी आफ्ना उपदेशको प्रचार-प्रसार अनवरत रूपमा गर्नुभएकाले र उहाँको जीवनपछि पनि सम्राट् अशोकलगायत भगवान् बुद्धका शिष्यहरूले यस धर्मलाई विभिन्न ठाउँहरूमा पुऱ्याएकोले पनि हो ।

राष्ट्रिय जनगणना २०६८ को नतिजाअनुसार नेपालको कुल जनसङ्ख्या २,६६,२०,८०९ मध्ये मुख्यत: ८१.३४५ प्रतिशत हिन्दु, ९.०४५ प्रतिशत बौद्ध, ४.४५ प्रतिशत इस्लाम, ३.०५५ प्रतिशत किराँत, १.४२५ प्रतिशत इसाई र ०.७६५ प्रतिशत अन्य धमावलम्बीहरू यस देशमा बसोबास गर्दछन् ।[१] प्रत्येक धर्ममा महिलाहरूलाई हेर्ने दृष्टिकोण र महिलाप्रति गर्ने व्यवहार हाम्रो समाजमा फरकफरक रहेको प्रस्ट देख्न सकिन्छ र सोहीअनुसार समाजमा महिलाहरूको स्थान पनि फरकफरक रहेको पाइन्छ । बौद्धधर्म अन्य धर्महरूको तुलनामा जातीय, लैङ्गिक विभेद, छुवाछुत आदि कुरीतिको विरोध गर्दछ तसर्थ यो धर्म अन्य धर्मको तुलनामा केही फरक र प्रगतिशील मानिन्छ ।

सामान्यतया बौद्धधर्मावलम्बीहरू हिमाल, पहाड, तराई सबैतिर छरिएर रहेका भए तापनि तुलनात्मक रूपमा नेपालको हिमाली तथा मध्यपहाडी भू-भागमा बसोबास गर्ने विभिन्न जनजातिहरूको बीचमा यो धर्म व्यापक छ । दर्शनका हिसाबले बौद्धधर्म एक छ तर यसलाई अवलम्बन गर्ने तरिकामा जाति नै पिच्छे विविधता छ । तसर्थ उनीहरूले अवलम्बन गर्ने बौद्धपरम्पराहरू पनि अलगअलग छन् । तर यसबारे विस्तृत अध्ययन भएको कतै पाइँदैन । यस धर्मको जातिविशेषको विशिष्टता नेपाली संस्कृतिको एक विशिष्टता पनि हो । यस्तै बौद्ध समुदायमध्ये विशिष्ट सभ्यता, बौद्ध परम्परा, धर्म र संस्कृति बोकेको जिरेल जाति मुख्यतया दोलखा जिल्लाको जिरी उपत्यकामा बसोबास गर्दै आएको छ । यस जातिले

---

[१]नेपाल सरकार, *नेपालको तथ्याङ्कीय झलक,* काठमाडौं: केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८, पृष्ठ ४५ ।

कस्तो किसिमका बौद्ध संस्कार र परम्परा बोकेको छ ? यस समाजको आफ्ना महिलाहरूलाई हेर्ने दृष्टिकोण र महिलाहरूको सामाजिक-आर्थिक अवस्था कस्तो छ ? आदिबारे ठोस अध्ययन भएको पाइँदैन । तसर्थ, जनकपुर अञ्चल, दोलखा जिल्लाको जिरी नगरपालिका वडा नं. ५ मा बसोबास गर्दै आएका बौद्धमार्गी जिरेल समाजले महिलालाई दिएको स्थान र समाजमा उनीहरूको भूमिका र योगदानबारे विस्तृत अध्ययन गर्ने उद्देश्यले यो शोधप्रबन्ध तयार गरिएको छ ।

## १.२ समस्याकथन

प्रत्येक समाजको आ-आफ्नो संस्कृति हुने गर्दछ । यही संस्कृतिकै माध्ययमद्वारा कुनै पनि समाजलाई हेर्ने र बुझ्ने गरिन्छ । संस्कृतिलाई पनि भौतिक र अभौतिक गरी दुई किसिमले विभाजित गरिएको छ । अक्सफोर्ड एडभान्स लर्नर्स डिक्सनरीका अनुसार संस्कार, धर्म, दर्शन, भाषा, ज्ञान, विश्वास, कला, आचारसंहिता, नृत्य, चाडपर्व आदि सबै संस्कृतिभित्र पर्दछन् भने कुनै विशेष देशको कुनै विशेष समाजको विशेष कला, संस्कृति, रहन, सहन आदिलाई त्यो देशको संस्कृति भनेर परिभाषित गरिएको छ । तसर्थ सामाजिक र आर्थिक रूपमा पछि परेको समाजको अध्ययन र अनुसन्धान गरी यसको संरक्षण गर्नु प्रत्येक समाजको आजको अनिवार्य आवश्यकता हो । यस अध्ययनले समेटेको जिरेल बौद्ध समाजमा पनि विभिन्न किसिमका बौद्धसंस्कारहरू अवलम्बन गर्ने गरिन्छ । यस शोधकार्यमा निम्नलिखित समस्याहरूलाई मुख्य आधार मानी जिरेल बौद्ध समाजमा महिलाहरूको स्थानका बारेमा अनुसन्धानात्मक तबरले तार्किक उत्तर खोजिएको छ :

क. दोलखाको जिरी उपत्यकामा बसोबास गर्ने जिरेल बौद्धसमुदायको उत्पत्ति र तिनीहरूको प्राचीनता के कस्तो रहेको छ ?

ख. जिरेल बौद्ध समुदायमा प्रचलित धर्म र संस्कारहरू के के हुन् ?

ग. जिरेल बौद्ध समाजमा महिलाहरूको सामाजिक-आर्थिक अवस्था, भूमिका र बौद्धधर्मको उत्थान र विकासमा के कस्तो योगदान रहेको छ ?

## १.३ अनुसन्धानको उद्देश्य

नेपाल परापूर्वकालदेखि नै बसोबास गर्दै आएका विभिन्न धर्ममा आस्था राख्ने जातजातिहरूको प्रमुख वासस्थान हो । यी विभिन्न जातजातिहरूले मान्दै आएका विविध धर्म, परम्परा र संस्कृतिको अलाबा यी धर्महरूले आफ्नो समाजमा महिला र पुरुषहरूप्रति

कस्तो दृष्टिकोण राख्दछन्, महिला र पुरुषको सामाजिक अवस्था कस्तो छ, महिलाहरूको आफ्नो समाजमा भूमिका कस्तो छ भन्ने विषयमा अध्ययन र अनुसन्धान हुनु अत्यावश्यक छ । तसर्थ दोलखा जिल्लाको जिरीस्थित जिरेल बौद्ध समाजमा महिलाको भूमिका के कस्तो छ भन्ने विषयमा अध्ययनअनुसन्धान गरी तथ्य पत्ता लगाउनु उत्तिकै आवश्यक भएकाले यस शोधप्रबन्धमार्फत् सो अध्ययन गरिएको छ । यस अध्ययन अनुसन्धानबाट प्राप्त हुन आएका तथ्यहरूबाट सरकारी, गैरसरकारी संस्थाहरूलाई स्थानीय एवम् राष्ट्रिय योजना तर्जुमा एवम् नीति निर्माण गर्नसमेत सहयोग पुग्नेछ भने सम्बन्धित समुदायलाई पनि त्यत्तिकै सहयोग पुग्ने छ । यिनै तथ्यहरूलाई दृष्टिगत गरी तयार गरिएको यस शोधकार्यका निम्नलिखित उद्देश्यहरू रहेका छन्:

क. दोलखाको जिरी उपत्यकामा बस्ने जिरेल बौद्ध समुदायको उत्पत्ति र विकासक्रमको अध्ययन गर्नु ।

ख. जिरेल बौद्ध समुदायमा प्रचलित धर्म र संस्कारहरूको अध्ययन गर्नु ।

ग. जिरेल बौद्ध समुदायमा महिलाहरुको सामाजिक-आर्थिक अवस्था र भूमिकाको निर्क्योल गर्नुका साथै त्यहाँ बौद्धधर्मको उत्थान र विकासमा तिनीहरूले दिएको योगदानको निरूपण गर्नु ।

## १.४ अध्ययनको महत्त्व र औचित्य

नेपाल विभिन्न धर्म, जातजातिको एउटा साझा फूलबारी हो । शताब्दीयौँदेखि यहाँ बसोबास गर्दै आएका विभिन्न जातजातिले आ-आफ्नै समुदायको सांस्कृतिक रीतिरिवाज, चालचलन, सामाजिक संरचना तथा आर्थिक पक्षको चिनारी दिन सफल भएका छन् । कुनै पनि राष्ट्रको निर्माणमा त्यहाँका जनताहरू चाहे महिला हुन् वा पुरुष दुबैको अत्यन्त महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । कुनै एक धर्म वा व्यक्ति वा जाति अथवा लिङ्ग, कसैको एक्लो प्रयासले समाज विकासको कुनै सम्भावना हुँदैन । यो विषय धेरै महत्त्वपूर्ण रहँदा रहँदै पनि नेपालको राजधानी काठमाडौँबाट नजिकै रहेको र विश्वमा एक अत्यन्त रमणीय पर्यटकीय स्थलका रूपमा परिचित जिरी, यहाँ बसोबास गर्ने बौद्धमार्गी जिरेल जाति र यस जातिले महिलालाई दिने स्थानको बारेमा यसभन्दा अगाडि विस्तृत रूपमा कतै अध्ययन भएको पाइँदैन । प्रत्येक क्षेत्रमा गरिने अध्ययन अनुसन्धानको आ-आफ्नै किसिमको महत्त्व तथा औचित्य हुने भएकाले यस शोधकार्यको पनि आफ्नै किसिमको औचित्य रहेको छ ।

यस शोधकार्यले आगामी दिनहरूमा यस वर्गको सामाजिक, आर्थिक, शैक्षिक र राजनैतिक पक्षका बारेमा जानकारी राख्न जान्न चाहनेहरूका लागि प्रशस्त मार्गनिर्देश गर्नेछ भने यस शोधकार्यबाट प्राप्त जानकारीले बौद्धमार्गी जिरेल महिलाहरूको चौतर्फी विकासको लागि समेत उल्लेखनीय सहयोग पुग्नुका साथै विभिन्न अनुसन्धानकर्ता, नीतिनिर्माता, योजनाकार आदि सम्बन्धित निकायहरूलाई पनि प्रशस्त सहयोग पुग्ने छ । समाजशास्त्र/मानवशास्त्र लगायतका विषयको अध्ययनमा संलग्न विद्वत्वर्गलाई समेत यस अध्ययनबाट सहयोग पुग्नेछ ।

प्रायश: भन्ने गरिन्छ, महिला र पुरुष कुनै पनि समाजका एउटा रथका दुई पाङ्ग्रा हुन् । यो केही हदसम्म एक वास्तविकता पनि हो तर यदि यी दुईका वीच साँच्ची नै विभेद छ र महिलाहरू पुरुषहरूको तुलनामा समाजमा कम स्थान पाउँछन् भने त्यो धर्म, समाजको लागि मात्र नभएर सिङ्गो देशको लागि नै दुर्भाग्य बन्न जान्छ ।

विश्वका कैयौँ देशहरूमा झैँ हाम्रो देश नेपालमा पनि कैयौँ धर्महरू मानिन्छन् । यी धर्महरूले महिला तथा पुरुषहरूलाई आ-आफ्नो दृष्टिकोणले हेर्ने गर्दछन् । उपलब्ध जानकारीहरूका आधारमा अरू धर्महरूको तुलनामा बौद्धधर्म केही परिष्कृत र व्यावहारिक त मानिन्छ, तर दुर्भाग्यवश उपलब्ध कुनै पनि पाठ्य-सामाग्रीहरूले यस समाजमा महिलाहरूको खास स्थानबारे अनुसन्धान गरेका छैनन् र यथार्थ स्थितिबारे पनि मौन देखिन्छन् । तसर्थ यस शोध अध्ययनले शोधकर्ता र बौद्धिक प्रयोजनका लागि धेरै नै महत्त्व राख्दछ ।

यस अध्ययनबाट नेपाली समाजमा शताब्दीयौँदेखि एक अभिशाप भएर रहिरहेको लैङ्गिक भेदभावलाई अन्त्य गर्नु पर्दछ भन्ने गम्भीर सन्देश प्राप्त हुनुका साथै पितृसत्तात्मक परम्परागत सोच तथा विचारमा परिवर्तन ल्याई समाजमा स्थिरता ल्याउनमा निकै मद्दत पुग्ने विश्वाससमेत गर्न सकिन्छ । साथै यस अध्ययनले केही हदसम्म प्राज्ञिक क्षेत्र मात्र लाभान्वित हुने नभएर आउँदा दिनहरूमा बौद्ध धर्मावलम्बी महिलाहरूका साथै अन्य धर्मका महिलाहरूका बारेमा पनि अध्ययन गर्न चाहने अनुसन्धानकर्ताहरूका लागि सहज, सरल र महत्त्वपूर्ण पाठ्य-सामग्री समेत उपलब्ध गराउने छ ।

यस शोधको लागि शोधकर्ताद्वारा नेपालको मध्यमाञ्चल विकासक्षेत्रमा पर्ने जनकपुर अञ्चलअन्तर्गत दोलखा जिल्लाको जिरीमा प्राथमिक अध्ययन गरिएको थियो । यस क्षेत्रमा बसोबास गर्ने अधिकांश बासिन्दा जिरेल नै रहेका र त्यसमध्ये पनि धेरैजसो बौद्धमार्गी नै

रहेकाले यस शोधमा जिरेल बौद्ध समाजमा महिलाहरूको सांस्कृतिक स्थान, जिरेल समाजले महिलालाई हेर्ने दृष्टिकोण, निर्णय प्रक्रिया महिलाहरूको भूमिका तथा सामाजिक क्रियाकलापहरूमा उनीहरूको सहभागिता हिजो कस्तो अवस्थामा थियो ? आज कुन अवस्थामा छ ? र महिलाहरूले पुरुष सरहको अधिकार उपभोग गर्न पाइराखेका छन् कि छैनन् ? भन्नेजस्ता महत्त्वपूर्ण सवालहरू समस्याका रूपमा शताब्दीयौँदेखि यस समाजमा विद्यमान रहेकोले प्रस्तुत शोध-कार्य तिनै समस्याहरूको अनुसन्धान तथा विश्लेषणमा केन्द्रित रहेको छ ।

## १.५ अध्ययन क्षेत्रको छनौट

राजधानी काठमाडौँबाट करिब १८८ किलोमिटर उत्तरपूर्व र जनकपुर अञ्चलको सदरमुकाम जनकपुरधामबाट करिब १४१ किलोमिटर उत्तरतर्फ रहेको मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने जनकपुर अञ्चलको एक हिमाली जिल्लाको रूपमा परिचित दोलखाले प्राचीन कालदेखि नै आफ्नो छुट्टै सामाजिक, धार्मिक, आर्थिक र राजनैतिक पहिचान कायम राख्दै आएको पाइन्छ । यस जिल्लाको पूर्वमा सोलुखुम्बु र रामेछाप जिल्ला, पश्चिममा सिन्धुपाल्चोक जिल्ला, उत्तरमा चीनको स्वशासितक्षेत्र तिब्बत र दक्षिणमा रामेछाप जिल्लाहरू पर्दछन् ।[२] यस जिल्लाको सदरमुकाम चरीकोट हो (परिशिष्ट १) । वि. सं. २००७ साल पूर्व र त्यसपछि वि.सं. २०१८ सालसम्म पनि पूर्व दुई नं. गोश्वाराको प्रशासनिक एकाइको रूपमा परिचित रहेको यस जिल्ला वि.सं. २०१८ सालदेखि मात्र अलग जिल्लाको रूपमा अस्तित्वमा आयो भने वि.सं. २०२४ सालदेखि मात्र अदालत, मालपोत, प्रहरी, हुलाक, स्वास्थ्यजस्ता जिल्लास्तरीय कार्यालयहरू यस जिल्लामा स्थापना हुन थाले । यस जिल्लाको नामकरण ऐतिहासिक स्थल दोलखाको नामबाट गरिएको हो ।[३] यसको अधिकांश भू-भाग उच्च पहाड तथा हिमालले ढाकिएको छ । पहाड र हिमालको खोंच, नदी किनार, टार र वेसी गरी जम्मा थोरै मात्र भू-भाग समतल छ भने धेरै भू-भाग उच्च हिमाली, उच्च पहाडी भेगमा र मध्य पहाडी भेगमा पर्दछ । यो जिल्ला एक हिमाली

---

[२]जि.वि.स. दोलखा, 'दोलखा जिल्लाको सङ्क्षिप्त परिचय', *दोलखा लिल्लाको वस्तुगत विवरण,* दोलखा: जिल्ला विकास समितिको कार्यालय, २०७२, पृष्ठ २ ।

[३]जि.वि.स., पूर्ववत् पाद टिप्पणी ।

जिल्ला भएकोले यस जिल्लाको कुल भू-भागको करिव ७० प्रतिशत भू-भागमा ३० डिग्री भन्दा बढी भिरालोपन रहेको छ ।[४]

इतिहास शिरोमणि स्व. श्री बाबुराम आचार्यको *"दोलखाको इतिहास नलेखिकन नेपालको इतिहास लेखन पुरा हुँदैन"*[५] भन्ने भनाइबाट नै दोलखाको महत्त्व प्रस्ट हुन्छ । इतिहास खोज्दै जाँदा यस जिल्लाले परापूर्वकालदेखि नै आफ्नो छुट्टै पहिचान राख्दै आएको पाइन्छ । धनवज्र वज्राचार्य र टेकवहादुर श्रेष्ठले दोलखाको ऐतिहासिक रूपरेखा (२०५९) मा दोलखाको वस्ती लिच्छवीकालमा नै बसिसकेको सङ्केत पाइन्छ भनेर भनेका छन् । लेखकहरूका अनुसार *'कुनै वेला दोलखाले पत्तन, महापत्तन (शहर) समेतको संज्ञा पाएको थियो । अझ एक शताब्दी त एक सानो राज्यको राजधानीको रूपमा समेत यो बस्ती रहेको थियो'* । विक्रम संवतको सातौं शताब्दीको अन्त्यतिर तिब्बतबाट हिमाल छिचोली कुतीमा झर्नेबाटो खुलेपछि तामाकोशीको किनारै किनार सिन्धुली उत्रेर भारतका मैदानमा झर्ने वाणिज्यमार्ग पनि खुल्यो र त्यसपछि दोलखामा विशेष बस्ती बस्यो होला भन्ने इतिहास शिरोमणि स्व. श्री बाबुराम आचार्यको भनाइलाई यस पुस्तकमा समर्थन गरिएको छ । साथै सुरुसुरुको बस्ती तामाकोशीको किनारै किनारमा थियो र पछि मात्र सुरक्षाको दृष्टिले गढ बनाई माथि डाँडामा बस्ती सरेको हुनसक्ने अनुमान गरिएको छ ।[६]

सुरुसुरुमा अभयपुरको नामबाट परिचित तत्कालीन दोलखा बजारको नामबाट नै यस जिल्लाको नामकरण भएको हो । दोलखा प्रदेशअन्तर्गत रहेको बिगु, कुती, खासा हुँदै भोट जाने बाटो, लामाबगर, रचि (लप्ची) भई भोट जाने बाटो, मल्लकालको उत्तरार्धसम्म पनि कायम भएको हुनाले लिच्छवीकालको उत्तरार्धमा नै दोलखाको भोट जाने बाटो खुलेको अनुमान गर्न सकिन्छ ।[७] त्यस समयदेखि नै तामाकोशीको किनारैकिनार भएर भोटसँग व्यापार मार्ग खुलेको र व्यापार गर्न आउँदा जाँदा हालको दोलखामा कुनै डर, त्रास नभई सुरक्षित स्थान भएकोले नै उक्त स्थानलाई पहिला *'अभयपुर'* भनेर चिनिन्थ्यो भन्ने भनाइ

---

[४]जि.वि.स., पूर्ववत् पाद टिप्पणी नं.२ ।

[५]जि.वि.स., पूर्ववत् पाद टिप्पणी नं.२ पृष्ठ १ ।

[६]धनबज्र बज्राचार्य र टेक बहादुर श्रेष्ठ, *दोलखाको ऐतिहासिक रूपरेखा,* काठमाडौं: नेपाल र एसियाली अध्ययन संस्थान त्रिभुवन विश्वविद्यालय वि.सं. २०३१, पृष्ठ ५ ।

[७]धनबज्र, पूर्ववत् पाद टिप्पणी पृष्ठ १६ ।

पनि रहेको छ । त्यस्तै दोलखा राज्यको शासन व्यवस्थामा सात सुरक्षा घेरा भएको कारणले नै हालको दोलखालाई *'अभयपुर महापत्तन '* भनिन्थ्यो भनिएको छ ।[८]

नेपालको प्राज्ञिक एवम् बौद्धिक जगतका एक व्यक्तित्व श्रीहरिराम जोशीले प्रदीप: अभिनव संस्कृति विश्वकोशमा हाल चलन चल्तीमा भइरहेको दोलखा नलेखी *'दोल्हखा'* लेख्नुभएको छ । उक्त पुस्तकका अनुसार *'दोल्हखा'* शब्दको व्युत्पत्ति तिब्बती भाषाबाट भएको हो, जसमा *'दो'* को अर्थ शिला *'ल्ह'* को अर्थ देवता र *'ख'* को अर्थ गृह भन्ने बुझिन्छ भनिएको छ । यसरी दोल्हखाको अर्थ 'शिलानिर्मित देवप्रसाद' भन्ने हुन आउँछ । दोल्हखावासी अधिकांशका घरहरू शिला अर्थात् ढुङ्गाबाट निर्माण भएकाले यस कुराको थप पुष्टि हुन आएको छ ।[९] दोलखाको नामकरणसँग जेजस्ता भनाइहरू जोडिए तापनि ज्यादै पुरानो र ऐतिहासिक बस्तीका रूपमा यसले आफ्नो चिनारी राखेको छ ।

विगतका मात्र नभएर वर्तमानमा पनि दोलखा जिल्ला नेपालको एउटा महत्त्वपूर्ण जिल्लामध्येको एक रहेको छ । यसै जिल्लामा अवस्थित गौरीशङ्कर हिमालको चुचुरोलाई आधार मानेर नेपालको राष्ट्रिय समय निर्धारण गरिएकोछ ।[१०] यही हिमाललाई शिरमा राखेर बसेको दोलखा नेपालको इतिहास, वर्तमान र भविष्यलाई समेत प्रभावित पार्ने एक अनुपम जिल्ला हो । मध्यकालमा दोलखाका राजा इन्द्रसिंहदेवले टकको एकापट्टी 'दोलखाधिपति श्रीश्रीजयइन्द्रसिंहदेव' र अर्कोपट्टी 'पट्टमहादेवीश्रीविजयालक्ष्मी' उल्लेखित चाँदीको मोहर (ने.सं. ६३६)[११] निकालेका थिए । देशको हातमा पहिलो चाँदीको मोहर (पैसा) राखिदिने ऐतिहासिक राज्य मात्र नभएर महिलालाई पनि पुरुषसरह मान्यता दिने राज्य पनि यही दोलखा हो भन्ने प्रमाणित हुन्छ ।[१२] यस जिल्लामा प्रसिद्ध लप्ची गुम्वा (४००० मि.उचाइ) मा अवस्थित छ । बौद्ध धर्मगुरु *'मे लारेप्पा'* को जीवनसँग जोडिएको यो गुम्वा ८४५ बर्ष अघि तिब्बती लामा टोवाले निर्माण गरेका हुन् ।[१३]

प्रत्येक बाह्रबर्षमा लप्ची गुम्बामा लाग्ने मेलामा अत्यधिक सङ्ख्यामा बौद्धमार्गीहरू आउने गर्दछन् । यसैगरी चरीजस्तै चिटिक्क परेर टुसुक्क बसेको दोलखा जिल्लाको

---

[८]संक्षिप्त परिचय, www.ddcdolakha.gov.np, १० मार्च २०१७ ।

[९]हरिराम जोशी, *प्रदीप: अभिनव संस्कृति विश्वकोश,* भक्तपुर: वर्कर पब्लिकेसन्स, २०७०, पृष्ठ ४४६ ।

[१०]संक्षिप्त परिचय, पूर्ववत् पाद टिप्पणी नं. ८, १० मार्च २०१७ ।

[११]धनबज्र, पूर्ववत् पाद टिप्पणी नं.६, पृष्ठ ३० ।

[१२]धनबज्र, पूर्ववत् पाद टिप्पणी नं.६, पृष्ठ ३१ ।

[१३]संक्षिप्त परिचय, पूर्ववत् पाद टिप्पणी नं.८ ।

सदरमुकाम चरीकोट बजार, दोलखा बजार, भीमेश्वर (एकै दिनमा तीनवटा देवताको पूजा हुने) मन्दिर, जलयात्रा, माछा र तामाकोशी, गौरीशङकर, हालसम्म मानव पाइला नपरेको कुमारी हिमाललगायतका एकदर्जनभन्दा बढी हिमालहरू, च्छोरोल्पा र दुग्धकुण्ड हिमताल, हिममानव यतिको खोजीको लागि चर्चित क्षेत्र, प्रसिद्ध कालिञ्चोक भगवतीको मन्दिर र सूर्योदय, सयडाँडा (सयथुम्का) को शैलुङ्ग पहाड यस जिल्लाका प्रमुख गहनामध्ये पर्दछन् । जलश्रोतले सम्पन्न जिल्ला भएको कारण यो जिल्ला देशकै हाइड्रो हेडक्वार्टरको रूपमा पनि उत्तिकै परिचित छ ।

दोलखा जिल्लाले ओगटेको कुल क्षेत्रफलमध्ये पानीले ढाकेको क्षेत्रफल ३.३ प्रतिशत रहेको छ । यसबाहेक बर्षैभरि हिउँले ढाक्ने उच्च हिमाली भेगको क्षेत्रफल २.६४ प्रतिशत रहेको छ । नदीनालाको हिसाबले तामाकोशी नदीका अतिरिक्त स्वदेशी लगानीको सबैभन्दा (ठूलो निर्माणाधीन) माथिल्लो तामाकोशी जलविद्युत् आयोजना, खिम्ती जलबिद्युत् आयोजना आदि भएको यहाँको जनसङ्ख्या राष्ट्रिय जनगणना वि.सं. २०६८ अनुसार १,८६,५५७ रहेको छ ।[१४] यस जिल्लामा हाल दुईवटा नगरपालिका र अठ्चालिस गाँउ विकास समिति रहेका छन्, जसमध्ये यस शोधप्रबन्धले ओगटेको जिरी एक नयाँ नगरपालिका हो । यहाँ जिरेल जातिको बाहुल्य रहेतापनि विभिन्न जातजाति र विभिन्न धर्मावलम्बीहरू वर्षौंदेखि सौहार्दपूर्ण तरिकाले बसोबास गर्दै आएका छन् ।

पर्यटकीय सौन्दर्यका कारण नेपालको *'स्विट्जरल्यान्ड'* को नामबाट चिनिने जिरेलहरूको बस्ती, जिरी उपत्यका संसारकै सबैभन्दा अग्लो पर्वत सगरमाथा जाने पैदल बाटोको मूलद्वार पनि हो र यो उपत्यका समुन्द्री सतहबाट १९०५ मिटर अर्थात् ६२५० फिटको उचाइमा अवस्थित छ । यो काठमाडौं उपत्यकाको उत्तरपूर्व १८८ किलोमिटरको दूरीमा पर्दछ । अलौकिक प्राकृतिक सौन्दर्यका साथै यहाँका मानिसको सादापन पनि यस ठाँउको मुख्य चिनारीभित्र पर्दछ । नेपाल सरकारको मन्त्रिपरिषद्ले वि.सं. २०७१ मंसिर १६ गते जिरी गा. वि. स. लाई नगरपालिका घोषणा गर्‍यो । वि.सं. २०७२ को दोलखा जिल्ला विकास समितिको प्रकाशन दोलखा जिल्लाको वस्तुगत विवरणका अनुसार यस नगरपालिकाको कुल जनसङ्ख्या ७३७३ रहेको छ, जसमध्ये क्षेत्री १६३९, बाहुन पहाड १५४, मगर २०, तारु १५, तामाङ्ग २४१, नेवार २७१, कामी १८३, राई २४, दमाई/ढोली

---

[१४]नेपाल सरकार, पूर्ववत् पाद टिप्पणी नं. १ ।

८४, तेली ११, सन्न्यासी ५०, शेर्पा ११९०, घर्ती/भुजेल ३४, सुनुवार ७०, जिरेल ३३२२ र अन्य ६५ रहेका छन् भने २११५ घरधुरीको सङ्ख्या रहेको छ (तालिका सङ्ख्या १.१) ।[१५]

**तालिका सङ्ख्या १.१: जिरी न.पा. मा बसोबास गर्ने जातजाति अनुसारको जनसङ्ख्या**

| क्र. सं | जातजाति | जनसङ्ख्या |
|---|---|---|
| १ | क्षेत्री | १६३९ (२२.२) |
| २ | वाहुन (पहाडे) | १५४ (२.०) |
| ३ | मगरं | २० (०.३) |
| ४ | थारु | १५ (०.२) |
| ५ | तामाङ्ग | २४१ (३.३) |
| ६ | नेवार | २७१ (३.७) |
| ७ | कामी | १८३ (२.५) |
| ८ | राई | २४ (०.३) |
| ९ | दमाई/ढोली | ८४ (१.१) |
| १० | तेली | ११ (०.१) |
| ११ | संन्यासी र दशनामी | ५० (०.७) |
| १२ | शेर्पा | ११९० (१६.०) |
| १३ | घर्ती/भुजेल | ३४ (०.५) |
| १४ | सुनुवार | ७० (०.९) |
| **१५** | **जिरेल** | **३३२२ (४५)** |
| १६ | अन्य | ६५ (०.९) |
| | जम्मा | ७३७३ |

स्रोत : दोलखा जिल्लाको वस्तुगत विवरण, २०७२ ।
*मथि कोष्ठभित्र भएका अंकहरू प्रतिशतमा छन् ।

यो शोध अध्ययन बहुसङ्ख्यक जिरेल जाति बसोबास गर्ने जिरी नगरपालिकाको वार्ड नं. ५ मा केन्द्रित रहेको छ । यस शोधप्रबन्धको लागि यो क्षेत्र छान्नुका मुख्य कारणहरू निम्नलिखित् छन् :

- परापूर्वकालदेखि नै जिरेलहरूको बसोबास भएको एउटा वडामा फरक-फरक थर र उपथरहरू भएका जिरेलहरू बस्ने गरेकोले ।
- एउटा वडामा जिरेलका साथै विभिन्न जातजातिहरू बसोबास गर्ने गरेको कारणले र अन्य जातजातिहरूसँग पनि सामान्य रूपमा तुलनात्मक अध्ययन गर्ने सकिने भएकोले ।

[१५]जि.वि.स., पूर्ववत् पाद टिप्पणी नं.२, पृष्ठ ९६ ।

- यस क्षेत्रमा बस्ने बौद्ध धर्मावलम्बीहरू र जिरेल जातिले अपनाउदै आएको बौद्धधर्म र सांस्कृतिक परम्परा अन्य जातजातिले अवलम्बन गर्ने बौद्धधर्मभन्दा फरक र विशिष्ट किसिमको रहेकोले ।

## १.६ अध्ययनको सीमा

कुनै पनि क्षेत्रमा अनुसन्धान गर्ने क्रममा यसका क्षेत्र र सीमाहरूको निर्धारण गर्नु अपरिहार्य हुन जान्छ । सीमित स्रोत, समय र साधनमा आधारित भएर अध्ययन गर्नुपर्ने बाध्यताले गर्दा जिरेलहरू बसोबास गर्ने मुलुकका अन्य स्थानहरुलाई समेट्न नसक्नु यस अध्ययनको मुख्य सीमा हो । अति न्यून र अव्यवस्थित रूपमा रहेका सन्दर्भ सामग्रीहरूको अध्ययन, समीक्षा र असङ्गठित अवस्थामा रहेका बौद्ध धर्मावलम्बीहरूसँगको अन्तर्क्रिया, छलफल र यस अध्ययनले समेटेको जाति जिरेल धेरै ठाँउहरूमा छरिएर रहेको भए तापनि दोलखा जिल्लाको जिरी उपत्यका वडा नं. ५ मात्रैको अध्ययन शोधमा समेटिनु पनि यस अध्ययनको अर्को सीमा रहेको छ । त्यस्तै अध्ययनले समेटेको बौद्धधर्म पुरुष, महिला सबैले अवलम्बन गर्ने भए तापनि यस शोध अनुसन्धानमा महिलालाई मात्र लक्षित गरी अध्ययन गरिनु यस शोधको अर्को सीमा हो ।

यस जातिको बारेमा लिखित ऐतिहासिक दस्तावेज र पाण्डुलिपिहरू पर्याप्त उपलब्ध नभएका कारणले नयाँ तथ्याङ्क, सूचना तथा व्यक्तिगत रायको आधारमा अध्ययन कार्य पुरा गरिएको छ, जुन कतिपय अवस्थामा अमूर्त पनि हुन गएको हुनसक्छ । जिरेलहरूको पुरानो पुस्ता लोप हुँदै जाने र नयाँ पुस्तालाई आफ्नो धर्म, संस्कार र संस्कृतिमा कम ज्ञान हुनुका कारण अध्ययनमा समेटिन खोजिएका कतिपय विषयवस्तु छुटेका हुन सक्छन् ।

यस शोधप्रबन्धका अध्ययनकर्तालाई जिरीमा बोलिने जिरेल भाषाको ज्ञान नभएका कारणले पनि उक्त संस्कृतिको मर्मस्थलसम्म पुग्न नसकिएको हुन सक्छ । तथापि यो अध्ययन मूलत: विवरणात्मक र विश्लेषणात्मक भएकोले संरचनागत सैद्धान्तिक अवधारणालाई आधार मानी विश्लेषण गरिएको छ ।

## १.७ अनुसन्धान पद्धति

दोलखा जिल्लाको जिरीस्थित जिरेल बौद्ध समाजमा महिलाहरूको अवस्था, स्थान, भूमिका र यिनीहरुले अवलम्बन गर्ने गरेका सामाजिक संस्कारहरू लगायत सांस्कृतिक कार्यहरूबारे सूचना संलकन गर्नु आफैमा गुणात्मक विषयवस्तु भएको हुँदा यसलाई

उपयोगी हुने गुणात्मक विधि (Qualitative Method) द्वारा तथ्याङ्क सङ्कलन गरी तिनको विस्तृत विश्लेषणबाट यो अध्ययन तयार पारिएको छ । यस बिधिअन्तर्गत मूल रूपमा स्थलगत भ्रमण एबम् अवलोकन, सम्बन्धित विषयमा जानकार बुद्धिजीवीहरूसँग छलफल, प्रश्नावलीको उत्तर सङ्कलन, सम्बन्धित विषयका ज्ञाताहरूसँग कुराकानी, विषयवस्तुहरूसँग सम्वन्धित पाण्डुलिपिहरू, विभिन्न प्रकाशित अप्रकाशित लेख रचना, प्रतिवेदनहरू, पत्रपत्रिकाहरूको पनि अध्ययन गरिएको छ । स्थानीयस्तरमा नै विभिन्न मिति र अवसरहरू पारेर गरिने धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरूमा शोधार्थी स्वयम् उपस्थित भएर सूचना एवम् तथ्यहरूको स्थलगत अध्ययन गरी तिनै तथ्य तथा सूचनाहरूको विश्लेषण गरी निष्कर्ष तथा सुझावहरू प्रस्तुत गरिएको छ ।

यस अध्ययनलाई पूरा गर्न प्रयोग गरिएका स्रोतहरूलाई प्राथमिक (Primary Source) र सहायक स्रोत (Secondary Source) गरी जम्मा दुई भागमा विभाजन गरिएको छ । प्राथमिक स्रोतअर्न्तगत अध्ययन क्षेत्रमा प्रत्यक्ष रूपमा सहभागी भई प्रश्नावली, अन्तर्वार्ता, अवलोकन, वैयक्तिक अध्ययन र समूहछलफलको माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ भने द्वितीयक स्रोत अर्थात् सहायक स्रोतअर्न्तगत नगरपालिका, पुस्तकालय, जिल्ला विकास समिति र विभिन्न सरकारी कार्यालय, तथ्याङ्क विभाग तथा विभिन्न पत्रपत्रिका, पुस्तक, प्रतिवेदन, विभिन्न सञ्चार माध्यमका सूचना, समाजशास्त्र तथा मानवशास्त्रका विद्वान्बाट लेखिएका सम्बन्धित पुस्तकहरूका साथै विषयवस्तुसँग सम्बन्धित भएका शोधप्रबन्ध आदिको अध्ययन गरिएको छ । यसका अतिरिक्त यस विषयमा जानकारी राख्ने विद्वत्वर्गको विचारलाई पनि अन्तर्वार्ताको माध्यमद्वारा समेटिएको छ । प्रस्तुत शोधप्रबन्ध लुम्बिनी बौद्ध विश्वविद्यालय बौद्ध अध्ययन सङ्कायद्वारा पारित गरी प्रचलनमा ल्याइएको आधुनिक भाषा समाज (Modern Language Association) पद्धतिको अवलम्बन गरी तयार पारिएको छ ।

### १.७.१ प्राथमिक स्रोतहरू

सामान्यतया अनुसन्धानकार्यमा प्राथमिक स्रोतबाट सङ्कलित तथ्याङ्कहरू बढी सान्दर्भिक, वास्तविक, व्यावहारिक तथा प्रत्यक्ष हुने र अध्ययनको औचित्य पनि पुष्टि हुने हुँदा यस अनुसन्धानमा पनि यस विधिलाई विशेष जोड दिइएको छ । अध्ययन क्षेत्र दुर्गम स्थानमा रहेको र यस शोधप्रवन्धलाई बढी सान्दर्भिक, वैज्ञानिक र विश्वसनीय बनाउनको लागि शोधार्थी स्वयम् स्थलगत रुपमा पटक पटक अध्ययनस्थल आफै पुगी अवलोकन,

अन्तर्वार्ता, वैयक्तिक अध्ययन, प्रश्नावली, पाण्डुलिपि आदि प्रचलित विधिको प्रयोग गरी प्राथमिक स्रोतको रुपमा तथ्याङ्क सङ्कलन कार्य सम्पन्न गरिएको छ । सो कार्य सम्पन्न गर्नका लागि करिब पन्ध्र महिनाको समय लगाइएको छ । अवलम्बन गरिएका विधिहरूको विवेचना सङ्क्षिप्त रूपमा तल गरिएको छ ।

### १.७.१.१ नमुना छनौट

जिरी नगरपालिकाको कूल ८४१० जनसङ्ख्यामध्ये जिरेल जातिको घना बसोबास रहेको वडा नं. ५ लाई यस शोध अध्ययनमा समाविष्ट गरिएको छ । यस नगरपालिकामा करिब ७० प्रतिशत बौद्धमार्गी बसोबास गर्दछन् भने मातृभाषाका आधारमा लिइएको जनसङ्ख्या विवरणमा ५२ प्रतिशत जिरेलहरू रहेकाछन् (घरधुरी सर्वेक्षण, २०७०) । उक्त सर्वेक्षणका अनुसार वडा नं. ५ मा मात्र ४९ प्रतिशत जिरेलहरू बस्दछन् भने करिव ६४ प्रतिशतले बौद्धधर्म अवलम्बन गर्दछन् । पुर्खौंदेखि यहाँ बसोबास गर्ने जिरेलहरूको सामाजिक-आर्थिक अवस्थामा मात्र नभएर संस्कार, बोली, भाषा, धर्म आदिमा व्यापक एकरूपता रहेको छ । यस वडामा बसोबास गर्ने १५ देखि ६४ वर्ष भित्रका कूल ४३२ महिलाहरूमध्ये १०१ जना जिरेल महिलाहरू मात्र यस अध्ययनका लागि नमुना छनौटको रूपमा छानिएको छ । यसरी छानिएका उत्तरदाताहरुबाट आफूले तयार पारेको प्रश्न सोधी परिमाणात्मक र गुणात्मक तथ्याङ्कहरू सङ्कलन गरिएको छ । यस क्रममा थप अनिर्मित प्रश्नहरू समेत सोधी शोध अध्ययनकालागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने काम भएको छ ।

### १.७.१.२ अवलोकन विधि

विवरणात्मक र विश्लेषणात्मक विवरण तयार गर्नका लागि स्थलगत अवलोकनको अत्यन्त महत्त्वपूर्ण भूमिका हुने भएकाले यस अध्ययनमा प्रत्यक्ष रूपमा सहभागितामूलक अवलोकन विधिबाट तथ्याङ्क सङ्कलन गरिएको छ । जिरेल महिलाहरूको दैनिक जीवनपद्धति, शिक्षा, घरव्यवहारमा निर्णय गर्ने अधिकार, समाजमा स्थान, मनाइने चाडपर्व, अवलम्बन गरिने रीतिरिवाज, सामाजिक चलन र व्यवहार, धार्मिक स्थलहरूको अवस्था आदि अध्ययनका लागि यो विधि अपनाइएको छ । शोधार्थीद्वारा प्रत्यक्ष चाडपर्व र विभिन्न संस्कारहरू सम्पन्न गरिरहेकै अवसरमा स्वयम् सहभागी भई अवलोकन विधिद्वारा जिरेल जाति र महिलाहरूको विविध पक्षका बारेमा आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।

### १.७.१.३ प्रश्नावली

यो अध्ययनको मुख्य विधि गुणात्मक पद्धति भए पनि समाजको परिवेश/पृष्ठभूमि बुझ्न प्रश्नावली विधि पनि प्रयोग गरिएको थियो । शोध अध्ययनका लागि जिरी न.पा. वडा नं. ५ मा स्थायी बसोबास गर्ने कूल ४३२ महिला मध्ये १५ - ६४ वर्ष उमेर समूहका १०१ जना जिरेल महिलाहरूलाई उत्तरदाताको रूपमा छनोट गरी प्रश्नपत्रहरू बाँडिएको थियो (पार्श्वचित्र, २०७०) । सहभागी सम्पूर्ण उत्तरदाता महिलाहरू मध्ये १५ - २४ वर्ष भित्रका उमेर समूहका उत्तरदाता २८ प्रतिशत, २५ - ३४ वर्ष उमेर समूहका उत्तरदाता ३७ प्रतिशत, ३५ - ४४ वर्ष उमेर समूहका १९ प्रतिशत, ४५ - ५४ वर्ष उमेर समूहका ९ प्रतिशत र ५५ - ६४ वर्ष उमेर समूहका ७ प्रतिशत उत्तरदाता यस अध्ययनमा सहभागी रहेका थिए (तालिका सङ्ख्या १.२) ।

**तालिका सङ्ख्या १.२ : उत्तरदाताहरूको उमेर समूहअनुसारको जनसङ्ख्या**

| क्र. सं | उमेर समूह | प्रतिशत |
|---|---|---|
| १ | १५ - २४ वर्ष भित्रका | २८ |
| २ | २५ - ३४ वर्ष भित्रका | ३७ |
| ३ | ३५ - ४४ वर्ष भित्रका | १९ |
| ४ | ४५ - ५४ वर्ष भित्रका | ९ |
| ५ | ५५ - ६४ वर्ष भित्रका | ७ |
| | जम्मा | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।

तथ्याङ्क सङ्कलनको लागि आवश्यकताअनुसार सम्बन्धित क्षेत्रमा शोधार्थी स्वयम् पटक पटक भ्रमण गरी त्यहाँका बासिन्दाहरूसँग आत्मीयता कायम गरी अध्ययन गरिएको छ । शोधार्थीले प्रश्नावली भराउने क्रममा केही मात्रामा सहयोग पुगोस् र प्रश्नावलीमा रहेका कमी कमजोरीहरूलाई शुरुमा नै सच्याउन सकियोस् भन्ने हेतुले पूर्वपरीक्षण गर्ने गरिन्छ । यसले प्रश्नहरूको स्पष्टताको परीक्षण मात्र नगरी वर्गीकरणको शुद्धताको जाँच पनि गर्न सक्दछ । तसर्थ, यो शोधप्रबन्ध तयार गर्ने क्रममा पनि आवश्यक तथ्याङ्क सङ्कलनका लागि तयार पारिएका प्रश्नावलीहरूको पूर्व परीक्षण गरिएको छ, जसको लागि शोधार्थीबाट विभिन्न पेसा व्यवसायमा संलग्न रहेका १० जना जिरेल महिलाहरू छनौट

गरी उनीहरूबाट नै प्रश्नावली भराइएको थियो । तत्पश्चात् प्रश्नावलीमा अनावश्यक र अस्पष्ट प्रश्नहरू हटाई सुधार गरिएको छ ।

अनुसन्धानको सामान्य तथा विशिष्ट उद्देश्यको आधारमा र पूर्व परीक्षणबाट प्राप्त अनुभवको आधारमा प्रश्नावली तयार गरी अध्ययन क्षेत्रमा पटक पटक गरी करिव पन्ध्र महिनाको समय लाग्न गएको थियो, जसमा उत्तरदाताहरूको सामाजिक, साँस्कृतिक, पेशा, शिक्षा, आर्थिक विवरण पारिवारिक विवरण लगायत विभिन्न क्षेत्रका बारेमा तथ्याङ्क सङ्कलन गरिएको छ (परिशिष्ट ३) । यसले अध्ययनको लागि सम्पर्क स्थापित गर्न र समाजको पृष्ठभूमिको जानकारी दिएको छ । यस प्रश्नावलीमा परिमाणात्मक प्रश्नका साथै खुला प्रश्नहरूपनि राखिएका छन् । यसले समेट्न नसकेका बिषयहरूलाई बिषयसूची ( Checklist) (परिशिष्ट ४) प्रयोग गरी गुणात्मक विधि जस्तै अन्तर्वार्ता, अवलोकन, समूह छलफलद्वारा तथ्याङ्क लिइएको छ ।

### १.७.१.४ अन्तर्वार्ता

गुणात्मक पद्धतिको अर्को महत्त्वपूर्ण विधि अन्तर्वार्ता हो । अवलोकनबाट हासिल गरेका कतिपय जानकारीहरूबारे थप खोज गर्न यस अध्ययनमा अन्तर्वार्ता विधिलाई समेत अवलम्बन गरिएको छ । जिरेलहरूको बसोबास, आगमन, इतिहास, परम्परा, धर्म, संस्कृति आदि सम्बन्धमा त्यस जाति भित्रका जेठापाका व्यक्तिहरू, गुम्बाका लामा, स्थानीय शिक्षक, विभिन्न राजनितिक पार्टीका नेताहरू, भिक्षु, भिक्षुणी, बौद्धधर्मावलम्बी विद्वान्, समाजसेवी समालोचक, एवम् अन्य शोधार्थीहरूसमेत गरी १२ जनासँग पटक, पटक प्रत्यक्ष भेटघाट गरी अन्तर्बार्ता लिई (परिशिष्ट ५) संकलित आवश्यक गूणात्मक तथ्याङ्कहरूको विश्लेषणात्मक विधिद्वारा शोधप्रबन्ध तयार पारिएको छ ।

### १.७.१.५ समूह छलफल

जिरेल समाजमा वर्षभरि मनाईने चाडपर्व र यस समाजमा विद्यमान विभिन्न संस्कार र जिरेल महिलाहरूलाई यस समाजले दिएको भूमिकाबारे आवश्यक जानकारी प्राप्त गर्नु समूह छलफलको मुख्य उद्देश्य रहेको छ । यसका लागि सूची (checklist) को प्रयोग गरिएको छ । प्रत्येकजसो समूह छलफलमा १० देखि १५ जनासम्म सहभागीहरूको उपस्थिति रहेको थियो (परिशिष्ठ ६) । छलफलमा सहभागी उत्तरदाताहरूबाट प्राप्त सबै जानकारीहरू शोधकर्ता स्वयम्ले टिपोट गरी यस शोधप्रबन्धलाई पूर्णता दिने काम गरिएको छ ।

### १.७.१.६ ग्रन्थ तथा किपटको लालमोहर

यस शोध अध्ययनलाई पूर्ण बनाउनका लागि विभिन्न ऐतिहासिक महत्त्वका कागजपत्रहरूको पनि अत्यन्त महत्त्व हुने भएकोले विभिन्न पुस्तकालयहरू जस्तै लुम्बिनी बौद्ध विश्वविद्यालय, त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय कीर्तिपुर, नेपाल एसियाली अनुसन्धान केन्द्र पुस्तकालय कीर्तिपुर, आनन्दकुटी विहार गुठी स्वयम्भू, शान्ति बिहार मिनभवन आदिमा उपलब्ध भएका पुराना ग्रन्थहरू र जिरेलहरूको किपटको लालमोहरको (परिशिष्ट ७) पनि अध्ययन विश्लेषण गरिएको छ ।

जिरेलहरूलाई आधिकारिक निकायबाट बेग्लै दिएइका अन्य पुराना प्रमाणहरू यस अनुसन्धानको क्रममा प्राप्त हुन नसके तापनि आधुनिक नेपालको एकीकरण गर्ने क्रममा किराँती मुलुक सबै गाभी श्री ५ पृथ्वी नारायण शाहले वि.सं. १८१४ साल, श्रावण १८ गते रोज २ मा किराँतीहरुलाई 'बुटोवल जिमिन्दार, कीपटीयाको रूपमा सुब्बा, राय, मुखिया भै लेक जगर बेंस बगर सबै खानु' भनि दिएको ताम्रपत्रको प्रतिलिपि (परिशिष्ट ८) को पनि अध्ययन गरिएको छ ।

## १.७.२ सहायक स्रोतहरू

यस अध्ययनलाई पूर्णता दिनको लागि सहायक स्रोतहरूबाट पनि आवश्यक तथ्याङ्क सङ्कलन गरिएका छन् । जिरेल बौद्ध समाजका महिलाहरूको सांस्कृतिक अध्ययनका सम्बन्धमा यस भन्दा पहिले विभिन्न विधाका विद्वान्हरूले लेखेका, सम्पादन एवम् अनुवाद गरेका धार्मिक पुस्तकहरू बौद्ध दर्शन, बौद्धधर्मसँग सम्बन्धित साहित्यहरू, सूत्रहरु, पुस्तक, लेख, रचना, प्रकाशित विभिन्न पत्र पत्रिकाहरूआदिको पनि सहायता लिइएको छ ।

### १.७.२.१ पुस्तकालय

शोधको क्रममा शोधार्थीबाट त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय कीर्तिपुर, नेपाल एसियाली अनुसन्धान केन्द्र, पुस्तकालय कीर्तिपुर, लुम्बिनी बौद्ध विश्वविद्यालयको पुस्तकालय लुम्बिनी, आनन्दकुटी विहार गुठी पुस्तकालय स्वयम्भू, धर्मकीर्ति विहार, श्रीघः नघलटोल पुस्तकालय, शान्ति विहार मिनभवन, बौद्ध अध्ययन तथा अनुसन्धान केन्द्र जिरी, दोलखा लगायतका अन्य पुस्तकालयहरूको पनि शोधको आवश्यकता अनुसार सहयोग लिइएको छ ।

### १.७.२.२ स्थानीय कार्यालयहरू

शोधकार्यको लागि जिल्ला विकास समितिको कार्यालय दोलखा, नापी शाखा दोलखा, जिरी नगरपालिकाको कार्यालय जिरी, स्थानीय विद्यालयहरू, स्रोत केन्द्रहरूका साथै जिल्ला स्थित अन्य विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरूको पनि सहयोग लिइएको छ ।

### १.७.२.३ इन्टरनेट

www.google.com र www.bing.com जस्ता ईन्टरनेट Searching माध्ययमबाट पनि जिरीस्थित जिरेल समाजमा बौद्ध महिलाहरूको अवस्था र योगदान तथा भूमिका र बौद्धधर्मबारे आवश्यक जानकारी लिइएको छ ।

### १.७.२.४ तथ्याङ्क विश्लेषणको प्रक्रिया

यस अध्ययनमा समाजमा महिलाहरूको स्थानबारे महिलाहरूलाई सकेसम्म आफ्नो अभिमत प्रकट गर्न दिई विश्लेषणलाई स्वतन्त्र र निष्पक्ष बनाउने प्रयास गरिएको छ । प्राप्त तथ्याङ्कहरूलाई प्रकृतिअनुसार वर्गीकरण गरी सो को आधारमा तथ्याङ्कशास्त्रीय विधिको आधारमा व्याख्या गर्दै विश्लेषणको परिणामलाई अलग अलग अध्याय र शीर्षकमा यस शोधप्रबन्धमा प्रस्तुत गरिएको छ ।

### १.७.३ आचार संहिता

शोधार्थीद्वारा प्रश्नावली भराउने क्रममा उत्तरदाताहरूको धर्म, संस्कृति वा भावनामा कुनै किसिमको आँच नआउने अर्थात् अवरोध नहुने गरी उनीहरूको राजी-खुसीमा अन्तर्वार्ता लिइएको छ ।

### १.७.४ प्रमाणिकता र विश्वसनीयता

यस शोधकार्यलाई विश्वसनीय र प्रामाणिक बनाउनका लागि शोध निर्देशक, शोध विशेषज्ञ, सम्बन्धित उत्तरदाता र सम्बन्धित एवम् दक्ष व्यक्तिहरूसँग समेत पर्याप्त सम्पर्क एवम् छलफल गरिएको छ । जुन विषयमा अध्ययन गर्ने हो त्यही विषयमा मात्र यो अध्ययन केन्द्रित भएकोले यो शोधप्रबन्ध विश्वसनीय र प्रामाणिक रहेको छ ।

### १.७.५ विश्लेषणको सैद्धान्तिक आधार

प्रस्तुत शोधप्रबन्ध प्राथमिक तथा सहायक स्रोतहरूका आधारमा सङ्कलन भएका तथ्याङ्कहरूलाई व्याख्यात्मक तथा विश्लेषणात्मक पद्धतिको अनुसरण गरी व्याख्या र

विश्लेषण गरिएको छ । गुणात्मक प्रकृतिका सबै तथ्याङ्कहरूलाई वस्तुगत रूपमा विश्लेषण गरिएको छ भने परिमाणात्मक तथ्याङ्कहरूलाई आवश्यकताअनुसार तुलनात्मक र साङ्ख्यीय विधिको प्रयोग गरी व्याख्या विश्लेषण गरिएको छ । यस क्रममा सङ्कलित तथ्याङ्कको व्याख्या र विश्लेषण गरी निष्कर्ष प्रस्तुत गर्नको लागि आवश्यक स्थलहरूमा तालिका, रेखाचित्र, पाईचार्ट र बारग्राफको प्रयोग गरिएको छ । मुख्य शोध भागमा उल्लेख गरिएका विषय वस्तुहरूलाई पुष्टि गर्ने उद्देश्यले यस शोधप्रबन्धको अन्तमा परिशिष्टहरू राखिएको छ । अनुसन्धानका लागि तयार गरिएको प्रश्नावली, शोध अध्ययनसँग सम्बन्धित केही दृश्य चित्रहरू र सन्दर्भसामग्री सूची यो शोधप्रबन्धको अन्तमा राखिएको छ । यसरी सङ्कलन गरिएको तथ्याङ्कहरूलाई थप पूर्णता दिनको लागि सहभागीहरूले भनेका आवश्यक कुराहरूलाई रेकर्ड गर्ने र यस शोधप्रबन्धसँग सम्वन्धित महत्त्वपूर्ण स्थानहरू, गुम्वाहरू, व्यक्तिहरू र विभिन्न अवसरहरूमा गर्नेगरिएका सांस्कृतिक कार्यहरुको समेत तस्विर आवश्यकता अनुसार खिच्ने कामगरी शोधप्रबन्धमा समावेश गरिएको छ (परिशिष्ट ९) ।

### १.७.६ अनुसन्धानको ढाँचा

दोलखा जिल्लाको जिरी नगरपालिकाअन्तर्गत जिरी उपत्यका वार्ड नं. ५ मा बसोबास गर्ने जिरेल बौद्ध समाजमा महिलाहरूको स्थानबारे अध्ययन गर्न गुणात्मक अनुसन्धान ढाँचाको अनुसरण गरिएको छ । प्राथमिक तथा सहायक स्रोतको आधारमा सङ्कलन भएका तथ्याङ्कहरूलाई उनीहरूको प्रकृतिअनुसार वर्गीकरण गरी यसकै आधारमा छुट्टाछुट्टै आधार र शीर्षकमा व्याख्या विश्लेषण गरिएको छ । गुणात्मक प्रकृतिका तथ्याङ्कहरूलाई वस्तुगत रुपमा वर्गीकरण गरिए अनुसार विश्लेषण गरी तथ्याङ्कपरक, सरल र बोधगम्य बनाउने प्रयास गरिएको छ भने परिमाणात्मक तथ्याङ्कहरूलाई आवश्यकता अनुसार तालिका वा रेखाचित्रको माध्यम द्वारा अध्ययनको उद्देश्य पुरा गरिएको छ ।

### १.७.७ अध्याय विभाजन

प्रस्तुत शोधप्रबन्धलाई सन्तुलित र व्यवस्थित ढङ्गबाट प्रस्तुत गर्नको लागि आठ अध्यायमा विभाजन गरिएको छ र आवश्यकताअनुसार प्रत्येक अध्यायलाई विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा समेत विभाजन गरिएको छ । पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्याकथन, अनुसन्धानको उद्देश्य, अध्ययनको महत्त्व र औचित्य, अध्ययन क्षेत्रको छनोट, अध्ययनको सीमा, अनुसन्धान पद्धति, प्राथमिक स्रोतहरू, अवलोकन विधि, प्रश्नावली, अन्तर्वार्ता, समूह छलफल, ग्रन्थ तथा किपटको लालमोहर, सहायक स्रोतहरू, पुस्तकालय,

स्थानीय कार्यालयहरू, इन्टरनेट, बिश्लेषणको प्रकृया, आचार संहिता, प्रामाणिकता र विश्वसनीयता, विश्लेषणको सैद्धान्तिक आधार, अनुसन्धानको ढाँचा, अध्याय विभाजन अर्थात् शोधप्रबन्धको संरचना समेतलाई (रुपरेखा) समावेश गरिएको छ ।

दोस्रो अध्यायमा अध्ययनसँग सम्बन्धित पूर्वसाहित्य समीक्षामा पृष्ठभूमि, पुस्तक समीक्षा र प्रतिवेदन र लेखको समीक्षा गरिएको छ । जिरेल महिलाहरूको भूमिका विषयसँग सम्बन्धित रहेर निकै कमै मात्र अध्ययन अनुसन्धानका कामहरू भएका कारण विषयसँग सम्बन्धित पुस्तक र कृतिहरूको अभाव निकै छ, तापनि विदेशी अनुसन्धानकर्ता र नेपाली लेखकहरूले लेखेका जिरेल जाति, जिरेल बौद्ध महिला र बौद्धधर्मसँग सम्बन्धित उपलव्ध हुन सक्ने सम्म साहित्यको पुनरवलोकन गरिएको छ । यसमा बौद्धधर्म, नेपालका जनजाति र जिरेलहरू, जिरी र जिरेल महिलाहरूसँग सम्बद्ध साहित्यको पुनरवलोकन अध्ययनको समीक्षा समावेश गरिएको छ ।

तेस्रो अध्यायमा जिरीको परिचय र महत्त्व, पृष्ठभूमि, भौगोलिक बनावट, भौगोलिक स्थिति र सीमाना, हावापानी तथा जलवायु, बोट-बिरुवा तथा वन्यजन्तु, नदीनाला तथा तालपोखरी, गुफा तथा झरना, जातजातिअनुसार जनसङ्ख्याको संरचना, सडक यातायात तथा झोलुङ्गेपुल, पशुपञ्छीहरू, प्रमुख कृषिबालीहरू, प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरू, उद्योगधन्दाहरू, व्यापार तथा बजार क्षेत्र, पाटी, पौवा, चौतारा, खेलमैदान र सामुदायिक भवनहरू, अध्ययन क्षेत्रको महत्त्व र उपसंहार यस अध्यायमा समेटिएका छन् ।

अध्याय चारमा बौद्ध दर्शन, जिरीमा बौद्धधर्मको उत्थान र यसको विकाससँग सम्बन्धित छ । नेपालमा बौद्धधर्म, भगवान् बुद्धको आगमनपूर्वको नेपाली समाज, बौद्धधर्म, भगवान् बुद्धका प्रमुख उपदेशहरू, बौद्धधर्म र शील, बौद्धधर्मका मौलिक सिद्धान्तहरू, जिरीमा बौद्धधर्मको उत्थान र विकास, जिरीस्थित बौद्ध गुम्बाहरू, जिरीमा अवलम्बन गरिने बौद्धधर्ममा तिब्बतीयन बौद्धधर्मको प्रभाव र उपसंहार आदि प्रस्तुत गरिएको छ ।

अध्याय पाँचमा जिरेल जातिको परिचय र सामाजिक, सांस्कृतिक परम्परा, पृष्ठभूमि, जिरेलहरूको बसोबास र जनसङ्ख्या, जिरेल जातिको पेसा, जिरेल जातिले बोल्ने भाषा, जिरेलहरूले अवलम्बन गर्ने धर्म, जिरेल जातिको पारिवारिक तथा सामाजिक संरचना, जिरेल बौद्ध समाजमा प्रचलित केही सांस्कृतिक परम्पराहरू, जिरेल बौद्ध जातिको जीवन संस्कार, न्वारन संस्कार, अन्नप्राशन, छेवर संस्कार, गुन्यू चोली दिने संस्कार, विवाह

संस्कार, मृत्यु संस्कार, घ्यावा कर्म, जिरेल बौद्ध समाजमा प्रचलित केही चाडपर्वहरू, पूजाआजा, जात्रापर्वहरू र उपसंहार समेटिएको छ ।

अध्याय छ मा जिरीस्थित जिरेल बौद्ध समाजमा महिलाहरुको सामाजिक- आर्थिक अवस्था, पृष्ठभुमि, जिरेल बौद्धमार्गी महिलाहरुको सामाजिक अवस्था, शिक्षाको अवस्था, शिक्षाको अवसर, महिला शिक्षाप्रतिको सामाजिक धारणा, छोरा र छोरी पठाउने पाठशालाको किसिम, महिलाहरू विद्यालयमा भर्ना नहुनुको कारण, वैवाहिक स्थिति, विवाहको किसिम, विवाह गर्दाको महिलाको उमेर, जिरेल बौद्ध समाजमा लैङ्गिक विभेदको अवस्था, महिलाहरुमाथि भेदभाव हुनुको कारण, महिलाहरू पुरुषको तुलनामा पछि पर्नाको कारण, जिरेल महिलाहरुको राजनैतिक पार्टीमा संलग्नता, जिरेल बौद्ध समाजमा लैङ्गिक प्राथमिकताको किसिम, लैङ्गिक कारणले व्यक्तिगत प्रगतिमा बाधाको अनुभूति, महिलाको प्रगतिमा बाधा हुनाको प्रमुख कारण, जिरेल महिलाहरूमा सामाजिक सङ्घ- संस्थाबारे जानकारीको अवस्था, स्थानीय सामाजिक सङ्घ-संस्थाहरूमा जिरेल महिलाहरूको जिम्मेवारी, स्थानीयस्तरका सामाजिक सङ्घ-संस्थाहरूमा विद्यमान महिलामैत्री वातावरण, कार्यरत सङ्घ-संस्था भित्रको लैङ्गिक विभेदको अवस्था, स्थानीय सङ्घ-संस्थाहरूमा महिला सहभागिता, सङ्घ-संस्थामा महिला नेतृत्वको अवस्था, समाजमा महिलाको स्थान, महिलाहरू पछाडि पर्नाको कारण, जिरेल महिलाले भोग्न परेका समस्या, जिरेल महिलाहरूको सामाजिक भूमिका, पारिवारिक बनोट, समाजमा हुने छलफल तथा निर्णयमा महिलाको भूमिका, महिलाहरूको सामाजिक काममा योगदान, जिरेल समाजमा महिलाको आफ्नो परिवारमा प्राप्त हैसियत, सन्तानको सङ्ख्या निर्धारण सम्बन्धी भूमिका, बाल-बच्चाको पढाइ सम्बन्धी भूमिका, खेतीपाती कार्यमा महिलाको भूमिका, धार्मिक रीतिरिवाज एवम् चाडपर्वमा महिलाको भूमिका, महिलाहरूको तर्फबाट सुझाव, जिरेल बौद्धमार्गी महिलाहरूको आर्थिक अवस्था, जिरेल महिलाहरुको प्रमुख आयस्रोत, घर जग्गामा महिलाहरुको अधिकार, जिरेल बौद्ध समाजमा महिलाहरूको आर्थिक भूमिका, जिरेल महिलाहरुको सञ्चित पैसामा अधिकार, समान कामको ज्याला मजदुरीमा महिला पुरुष बीच विभेदको अवस्था, घरमा कुनै कुरा खरिद-बिक्री गर्दाको भूमिका, घरायसी आर्थिक व्यवस्थापनमा निर्णय र उपसंहरलाई समेटिएको छ ।

सातौं अध्यायमा जिरेल महिलाहरू र बौद्धधर्म, पृष्ठभूमि, बौद्धधर्मबारे जिरेल महिलाको अवधारणा, धार्मिक आस्थाको अवस्था, धर्ममा विश्वासको अवस्था, धार्मिक संस्कार प्रवर्धनमा जिरेल महिलाहरूको योगदान, बौद्धधर्मभन्दा अन्य धर्मप्रतिको आकर्षण, अन्य धर्मप्रति हालका दिनहरूमा आकर्षण बढ्नुको कारण, समाजमा हुने धार्मिक क्रियाकलापहरूमा महिला सहभागिता, धार्मिक क्रियाकलापहरूमा जिरेल महिलाको योगदान, जिरीमा बौद्धधर्मको वर्तमान अवस्था, आफूले अनुसरण गर्ने धर्मको विकास र उत्थानमा महिलाहरूको योगदानको किसिम, आनी (महिला भिक्षुणी) लाई समाजमा हेर्ने दृष्टिकोण, जिरीका बौद्ध गुम्बाहरूमा महिलाहरूलाई हेर्ने दृष्टिकोण, आनी (भिक्षुणीहरूको) आर्थिक स्रोत, बौद्ध गुम्बाहरूमा महिला अधिकारबारे छलफल, गुम्बाहरूमा हुने विभिन्न किसिमका शोषणको अवस्था, समाजमा विद्यमान धार्मिक विभेद सम्बन्धिको अनुभूति, जिरेल समाजमा विद्यमान धार्मिक विभेदको किसिम, महिलाहरूको तर्फबाट सुझाव र उपसंहारलाई समेटिएको छ ।

ंअध्याय आठमा उपसंहारमा सारांश, निष्कर्ष र सुझावहरूलाई समेटिएको छ । मुख्य शोध भागमा उल्लेख गरिएका कुराहरूलाई पुष्टि गर्न सहयोग पुऱ्याउने उद्देश्यले शोध कार्यका लागि तयार गरिएको प्रश्नावली, अध्ययन स्थलका दृष्य चित्रहरूर अन्तमा सन्दर्भ सामग्रीका सूचीहरू राखिएको छ । यस शोधप्रबन्धमा अत्यावश्यक स्थानमा अंग्रेजी शब्दहरू बाहेक मूलतः नेपाली भाषालाई प्रयोगमा ल्याई यो शोधप्रबन्ध तयार गरिएको छ । अन्तमा परिशिष्टहरू, स्थलगत भ्रमणको क्रममा खिचिएका यस शोध सम्बन्धी चित्र, रेखा चित्र र सन्दर्भ सामग्री सूचीहरू प्रस्तुत गरिएका छन् ।

# अध्याय दुई
# पूर्वसाहित्य समीक्षा

## २.१ पृष्ठभूमि

यस अध्यायमा शोध शीर्षकसँग सम्बद्ध पूर्वसाहित्यको समीक्षा गरिएको छ । यस क्रममा शीर्षकसँग सम्वद्ध स्वदेशी तथा विदेशी लेखकहरूका अध्ययनको कालक्रमिक सङ्कलन, वर्गीकरण र विश्लेषण गरी तिनीहरूको समीक्षा गरिएको छ । बुद्धको जीवनी, बौद्धधर्म र संस्कृतिका बारेमा संसारभर धेरै विद्वान्हरूले अध्ययन गरेको पाइन्छ । यसै गरी जिरी र त्यहाँ मुख्यरूपले बसोबास गर्ने बौद्धमार्गी जिरेलहरूको बारेमा पनि केही स्वदेशी तथा विदेशी अध्ययनकर्ताहरूले लेखेका पाठ्य-सामाग्रीहरू छिटपुट रूपमा पढ्न पाइन्छन् तर यस शोध अध्ययनले उठाएका विषयवस्तुहरू जस्तै बौद्धधर्म, बौद्धधर्मको उत्थान तथा विस्तारमा महिलाहरूको योगदान, पर्यटकीय स्थल जिरी, बौद्धमार्गी जिरेल समाज, जिरेल महिलाहरूलाई समाजले दिएको स्थान आदिसँग सम्बन्धित अध्ययन सामग्रीहरू अति नै कम उपलब्ध छन् र भएका पनि अत्यधिक रूपमा अन्य विषयहरूसँग सम्बन्धित भएर छरिएर रहेका पाइन्छन् । यस्तै छिटपुट र छरिएर रहेका सामग्रीहरूबाट जिरेल बौद्ध महिलाहरूबारे पूर्ण तस्बिर सङ्कलन गर्नु र ती सामग्रीहरूलाई शोधप्रबन्धको रूपमा प्रस्तुत गर्ने कार्य सहज नभए तापनि सान्दर्भिक साहित्यको समीक्षाका लागि सम्भव भएसम्मका विभिन्न पुस्तक, शोधपत्र, लेख, पत्रपत्रिका, इन्टरनेट आदिको अध्ययनको साथै समाजका विभिन्न धार्मिक व्यक्तित्वहरू (लामा, आनी तथा अन्य बुद्धिजीवीहरू) को पनि यस शोध अध्ययनमा सहयोग लिइएको छ ।

अनुसन्धानको क्रममा जिरेल समाज, बौद्धधर्म र जिरेल महिलाहरूको बारेमा केन्द्रित भएर लेखिएका वा यसबारेमा आंशिक रूपमै भए पनि केही जानकारीहरू समावेश गरिएका प्रकाशित वा अप्रकाशित पुस्तकहरू शोधग्रन्थहरू तथा लेखहरूको अध्ययन गरी प्रकाशन मितिको आधारमा यस अध्यायमा सिलसिलेबार समीक्षा गरिएको छ ।

अध्ययनलाई व्यवस्थित बनाउनका लागि अङ्ग्रेजी, नेपाली र हिन्दी भाषाका पुस्तकहरू र विभिन्न समयमा प्रकाशित जर्नलमा भएका लेखहरूको पनि पुनरवलोकन गरिएको छ । प्रस्तुत विषयमा सम्बन्धित शीर्षकअन्तर्गत रहेर गरिएको सन्दर्भ-साहित्यको

पुनरावलोकन र समीक्षा र तिनीहरूको प्रकाशन समयको आधारमा व्यवस्थित गरी प्रस्तुत गरिएको छ ।

## २.२ समीक्षा: पुस्तकहरू

२.२.१ एल.अस्टिन वाडेल, एम.बी., *बुद्धिजम् एण्ड लामाइजम् अफ तिब्बत विथ इट्स मिस्टिक कल्ट्स, सिम्बोलिज्म एन्ड मिथोलोजी एन्ड इट्स रिलेसन् टु इन्डियन बुद्धिजम् (Buddhism & Lamaism of Tibet with its mystic cults, symbolism and mythology and in its relation to Indian Buddhism),* काठमाण्डौ: एजुकेसन इन्टरप्राइज प्रा.लि. ई.सं. १८९४ ।

एल. अस्टिन वाडेल, एम. बी. द्वारा ई.सं. १८९४ मा लिखित र एजुकेसनल इन्टरप्राइजेज् (प्रा.लि.), काठमाडौं र एसियन पब्लिसर्स, जालन्धर, भारतबाट ई.सं. १९७८ मा प्रकाशित बुद्धिज्म् एन्ड लामाइज्म् अफ तिब्बत विथ इट्स मिस्टिक कल्ट्स, सिम्बोलिजम् एण्ड मिथोलोजी एण्ड इट्स रिलेसन् टु इन्डियन बुद्धिजम् नामक यो पुस्तक यस शोधको विषयवस्तुसँग अत्यन्त सान्दर्भिक देखिएकोले यहाँ समीक्षा गरिएको छ ।

जम्मा आठखण्डमा विभाजित यस पुस्तकको अध्याय दुईमा 'Change to primitive in Buddhism leading to Lamaism' अर्थात् 'पौराणिक बौद्धधर्म लामा धर्मतर्फ परिवर्तन हुँदै' नामक शीर्षकमा तिब्बतमा विकास र स्थापित भएका बौद्धधर्म अन्तर्गत काग्यु-पा सम्प्रदाय, कर्म-पा सम्प्रदाय, डुग-पा सम्प्रदाय, शा-क्या-पा सम्प्रदाय, निङ्मा-पा सम्प्रदायलगायतका विभिन्न सम्प्रदायहरूका बारेमा लेखकले विस्तृत रूपमा व्याख्या गरेको देखिन्छ जसमध्ये यस शोध अध्ययनले समेटेको बौद्धमार्गी यस जिरेल समुदाय माथि पनि उद्धृत निङ्मा समुदायअन्तर्गत पर्ने भएकोले यस पुस्तकको यो अध्याय अत्यन्त महत्त्वपूर्ण रहेको छ ।

पुस्तकका अनुसार तत्कालीन तिब्बतमा प्रचलित लामाधर्मका विभिन्न समुदायहरू मध्ये यस निङ्मा-पा समुदायलाई परम्परागत समुदाय अथवा पुरानो पाठशाला (Old School) सम्प्रदाय नामकरण गरिएको छ । यस सम्प्रदायलाई लामाहरूको 'रातो टोपी' (Red hat) सम्प्रदाय पनि भन्ने गरिन्छ । यस सम्प्रदायमा धर्मका संरक्षक शक्तिलाई भगवान् अर्थात 'गुरु' मानिन्छ । यस धर्मका अनुयायीहरूले लामाधर्मका संस्थापक गुरु पद्मसम्भवलाई विभिन्न (संरक्षणकर्ता, संहारकर्ता आदि) रूपमा मान्ने र विभिन्न समयमा

गुरु पद्मसम्भवका विभिन्न अवस्थालाई पूजा गर्ने गर्दछन् । निङमापा सम्प्रदायले गुरु पद्मसम्भवका अतिरिक्त बज्रसत्त्व र समन्तभद्र बुद्धसमेतलाई पूजा गर्ने गर्दछन् । यस धर्मका अनुयायीहरूले लगाउने रातो टोपीलाई गुरु 'उर्गेन-पान्जू' का नामबाट नामकरण गरिएको छ । समय सँगसँगै यस निङ्मा बौद्धधर्म मूलत: समतावादी धर्म हो । पा सम्प्रदायअन्तर्गत पनि विभिन्न साना-साना समुदायहरूको पनि विकास भएको बताइएको छ जसमध्ये दोर्चो-ताक-पा, मिनडोल-लिन, कार-तोक-पा र ना-दाक-पा केही मुख्य हुन् ।

लेखकले यस पुस्तकमा तिब्बतमा लामा बौद्धधर्म खास गरी सर्वप्रथम एघारौँ शताब्दीको अन्ततिर फस्टाएको र पन्ध्रौँ शताब्दीबाट आफ्नो पहिचान र विशेषतालाई बलियोसँग संरक्षण गरेर बसेका यी सम्प्रदायहरू पुन: उल्लेख्य मात्रामा घट्दै गएको बताएका छन् । निङ्मा-पाका अनुयायीहरू बज्रगुरु पद्मसम्भवलाई गुरु रिम्पोछे (गुरुहासन), साङ्ग्ये निपा (दोस्रो बुद्ध वा बुद्ध कै अर्को अवतार), हुईसुम साङ्ग्ये (त्रिकाल), टुल्बहि कु (बुद्ध अवतार) आदि उपाधिद्वारा सम्बोधन पनि गरेका छन् । लेखकका अनुसार खासगरी गुरु पद्मसम्भवले सुरु गरेको मतलाई नै तिब्बतमा निङ्मा-पा (पुरातनमत अनुयायी) भनिएको हो । लाङ-दर-मा को मृत्यु ई.सं. ८४२ मा भएपछि गोङ-सा-पा र उनका चेलाहरूले बौद्धधर्महरूको प्रचार गर्न सुरु गरेको धर्म नै पछि आएर रन्नि-पा सम्प्रदाय अर्थात निङ्मा-पा सम्प्रदाय बनेको देखिन्छ ।

लेखकका अनुसार बिब्बतमा बौद्धधर्मको प्रवेशको श्रेय नेपाली राजकुमारी भृकुटीलाई जान्छ । उनले तिब्बती सम्राट श्रङ् चङ् गम्पोसँग बिहे गरेकी थिइन् र नेपाल र तिब्बत बीचको सम्बन्ध पनि तत्कालीन इतिहाससँग जोड्नमा मदत पुऱ्याइन् । भगवान् बुद्धको परिनिर्वाणपश्चात् अर्थात् चौथो शताब्दीमा नेपालको हिमालीक्षेत्रमा बौद्धधर्मले प्रवेश पाएको भए तापनि सातौँ शताब्दीमा तिब्बतका सम्राट् श्रङ् चङ् गम्पोले नेपालका राजा अंशुबर्माकी छोरी भृकुटीसँग विवाह गरेपश्चात् यस धर्मको प्रचार भोट र नेपालको हिमाली क्षेत्रमा व्यापक हुन पुग्यो । मन्त्री थोन्मी संभोटले नेपाल र भारतबाट बौद्धधर्म र भाषाको अध्ययन गरे पश्चात् भोटे लिपिको आविष्कारको साथै आर्य अवलोकितेश्वरको एक्काइसवटा सूत्र र गुरु पद्मसम्भव, भारतमा रहेका गुरु खेम्पो शान्तरक्षित र विमलामित्रलगायत १०८ जना पण्डितहरूलाई तिब्बत निमन्त्रणा गरी बौद्धधर्मको व्यापक प्रचार-प्रसार गरेका थिए । त्यसवेला अनुवाद भएका धार्मिक पुस्तकहरूमा कन्ग्यूर १०८ (बुद्ध वचनअनुवाद), तेन्ग्यूर

२१३ (शास्त्रअनुवाद) र गुरु रिम्पाछेका उपदेश तथा नेपाली गुरु हुँकारालगायतका उपदेश, त्यसैगरी गुरु पद्मसम्भवले नेपालको हिमाली भेगमा लुकाएर राखेका भनिएका अमूल्य धर्मनिधिहरू मानिन्छन् ।

नेपालको हिमाली भेगमा शताब्दीयौँदेखि बसोबास गर्ने बौद्धमार्गीहरूले अवलम्बन गर्ने गरेको निङ्मा-पा सम्प्रदायको तुलनात्मक अध्ययनका लागि यो पुस्तक अत्यन्त सान्दर्भिक रहेको छ । तर लेखकले उक्त पुस्तकमा जिरेललगायतका कुनै पनि जनजाति र उनीहरूले अवलम्बन गर्ने गरेको धर्मका बारेमा कतै उल्लेख नगरेको हुँदा यस बिषयमा थप अनुसन्धानको आवश्यकता पर्न गएको छ ।

नेपालको पहाडी हिमाली भेगमा बसोबास गर्ने जिरेललगायतका जनजातिहरूले अवलम्बन गर्ने बौद्धधर्म तिब्बतमा मानिने धर्मसँग केही फरक देखिए तापनि सारमा यो धर्म तिब्बतबाट नै प्रभावित भएकोले यसबारेमा थप अध्ययन गर्न यो पुस्तक लाभदायक रहेको छ । तत्कालीन समाजमा विद्यमान थुप्रै सीमाहरूका बाबजुद यस पुस्तकले तिब्बती बौद्धधर्मावलम्बीहरूका बारेमा विस्तृत ज्ञान दिएको छ । लेखकले तिब्बती बौद्धधर्म र लामा बौद्धधर्मलाई निकै नजिकबाट अध्ययन गरी आफ्नो पुस्तकमा सविस्तार वर्णन गरेका छन्, तर नेपालको तिब्बतसँग सिमाना जोडिएका रहन-सहनलगायतका थुप्रै संस्कारहरूमा एकरूपता भएका र भगवान् गौतम बुद्धको जन्मस्थलका बारेमा कुनै कुरा उल्लेख गरिएको छैन । निङ्मा-पा समुदायभित्रकै बौद्धधर्मलाई अङ्गीकार गर्ने जिरेलहरूका बारेमा विस्तृत जानकारीलिनकालागि यस शोध अध्ययनले महत्त्वपूर्ण सहयोग पुऱ्याउने देखिन्छ ।

### २.२.२ राजेन्द्र राम, *ए हिष्ट्री अफ बुद्धिजम् इन् नेपाल (A History of Buddhism in Nepal)*, पटना: जनभारती प्रकाशन ई.सं. १९७७ ।

राजेन्द्र रामद्वारा लिखित ए हिस्ट्रि अफ बुद्धिजम् इन् नेपाल नामक यो पुस्तक ई.सं. १९७७ मा जनभारती प्रकाशन पटना, भारतले प्रकाशन गरेको हो । जम्मा १० अध्यायमा विभाजन गरिएको यस पुस्तकको पृष्ठसंख्या जम्मा २२० रहेको छ । यस पुस्तकमा नेपालको बौद्धधर्मको इतिहासको विभिन्न दृष्टिकोणले व्याख्या गरिएको छ ।

पुस्तकको अध्याय एकमा बौद्धधर्मसम्बन्धी नेपालमा रहेका गतिविधिहरूको गहिरोसँग अध्ययन भएको देखिन्छ । नेपालसम्बन्धी अध्ययन गर्ने विभिन्न विद्वान् लेखकहरूले समय

समयमा नेपालमा भ्रमण गरी अध्ययन अवलोकन गरी प्रकाशित गरेका पुस्तकहरू र तिनीहरूले नेपालको बौद्धधर्मको सम्बन्धमा दिएको अभिव्यक्तिका आधारहरूको प्रस्तुतिक्रम सँगै प्राचीन समयदेखि तत्कालसम्म नेपाल र नेपालबाहिरका बौद्धमार्गी विद्वान्हरूले गरेका अध्ययनका विषयमा यस पुस्तकमा सविस्तार वर्णन गरिएको छ । अध्याय दुईमा म्याट्रिमोनियल एलायन्स अफ दि लिच्छवीज् (Matrimonial Alliance of Lichhavis) शीर्षकअन्तर्गत किंग्स एन्ड प्रिचर्स किंग: क्रियसन अफ एन एट्मस्फियर फर रिलिजियस् टोलरेसन् इन नेपाल (Kings and Preachers King: Creation of an Atmosphere for Religious Toleration in Nepal) शीर्षकमा तत्कालीन नेपाली शासकहरू शैवमार्गी भए तापनि बौद्धधर्ममा सहानुभूति राख्ने र बौद्धगुरुहरूको सल्लाह लिएर मात्र शासन चलाउने गर्दथे भनिएको छ । राजा जयदेवको पालाका आफ्नै नजिकका कवि बौद्धकीर्तिलाई बौद्धसम्बन्धी कविता लेख्न स्वतन्त्रता दिएको भनी आफैले पनि कवितामा वर्णन गरेकाछन् । ललितपुरको चक्रविहारमा भिक्षु बनी राजा जयदेव द्वितीयले आफ्नो जीवन बिताएको बारेमा पनि यस अध्यायमा प्रकाश पारिएको छ ।

राजेन्द्र रामद्वारा लिखित यस पुस्तकको खण्ड दुईमा लेखकले नालन्दा महाविहारका विख्यात बौद्ध विद्वान्हरूमा शान्तरक्षितले सन् ७४३ देखि ७४९ सम्म, पद्मसम्भवले सन् ७४३ देखि ७४७ सम्म र अर्का विद्वान् कमलशीलले सन् ७६२ मा नेपाल भ्रमण गरेर नेपालमा बौद्धधर्मको प्रचार प्रसार गरेपश्चात् मात्र यस धर्मले तिब्बतमा प्रवेश गरेको भनेका छन् । यसै पुस्तकमा लेखकले नेपाल सिद्धार्थाचार्यहरूको प्रारम्भिक कालमा नाथ, योगी, तान्त्रिक, शैव परम्परा, हठयोग गर्ने व्यक्ति र पछि गएर यिनले बुद्धको पतञ्जलि शिक्षाको प्रचार गरेको र सिद्धिसाधन गरेको भनिएको छ । उक्त पुस्तकको तीनदेखि पाँचखण्डमा नेपालमा बौद्धधर्मको पुनर्जागरण गरेको बारेमा उल्लेख गरिएको छ । नेपालमा बौद्धयोगी, व्यापारीहरू तिब्बत व्यापारको लागि आवतजावत गर्दा तिब्बतमा यस धर्मको विकासमा टेवा पुगेको र यता नेपालमा पनि राजा गुणकामदेवले यस धर्मलाई आवश्यक संरक्षण दिएको कुरा लेखकले उल्लेख गरेका छन् ।

यसै पुस्तकको आठौं खण्डमा नेपालमा तत्कालीन समयमा मुसलमानबाट आक्रमण हुँदा नेपाली बौद्धमार्गीहरूले बौद्धधर्मका ग्रन्थहरू तिब्बतमा लिएर गई बचाएको र त्यसमध्येका केही पुस्तकहरू तिब्बती भाषामा पनि प्रकाशन गरिएको बताएका छन् । यसबाट त्यसवेला नेपाल र नेपाली बौद्धमार्गीहरूले विकास गरेको बौद्धधर्म र बौद्धकला

यहाँका हिमाली खासगरी तिब्बततर्फ आवतजावत भएका बाटाहरू भएका क्षेत्रमा उल्लेख्यरूपमा फस्टाएको भेटिन्छ । राजा मानदेवले पनि तत्कालीन समयमा यस धर्मको विकासमा उल्लेख्य योगदान गरेको बताइएको छ । अध्याय नौ मा लेखकले नेपालमा छिमेकी देशहरूबाट धर्म, कला आदिको आदान-प्रदान अरनिकोजस्ता कलाकारहरूको आवत-जावत र तिब्बतमा बौद्धधर्मको प्रचार प्रसारमा भृकुटीको योगदान आदिका बारेमा उल्लेख गरेका छन् ।

नेपालमा बौद्धधर्मको इतिहासका बारेमा ख्यातिप्राप्त विदेशी लेखकद्वारा प्रकाशित यो पुस्तक विभिन्न दृष्टिकोणले प्रशंसनीय रहेको छ । नेपाल, भारत, चिन, मङ्गोलियाजस्ता देशहरूका बीच इतिहासमा रहेको धार्मिक सम्बन्धका बारेमा अध्ययन अनुसन्धानका लागि पनि यो पुस्तक धेरै महत्त्पूर्ण रहेको छ । नेपालका उत्तरी भेगमा बौद्धधर्मको सम्भावित प्रवेशमाथि थोरै भएपनि यस पुस्तकमा उल्लेख गरिएकोले यस शोधप्रबन्धमा थप मदत पुग्न गएको छ तर जिरीजस्ता क्षेत्रहरूमा यस धर्मको प्रवेश, विस्तार र त्यस क्षेत्रको जनजीवनमा पारेको प्रभावजस्ता विषयमा यो पुस्तक मौन रहनुले यस विषयमा विस्तृत अध्ययनको लागि थप अनुसन्धानको आवश्यकता देखिएको छ ।

### २.२.३ आचार्य भिक्षु अमृतानन्द (अनु), *बुद्धकालीन महिलाहरू* भाग २, काठमाडौं: आनन्दकुटी विहार गुठी, स्वयम्भू वि.सं. २०३९ ।

आचार्य भिक्षु अमृतानन्दले पाली भाषाबाट नेपाली भाषामा अनुवाद गर्नुभएको, *'बुद्धकालीन महिलाहरू'* (भाग २) नामक पुस्तक आनन्दकुटी विहार गुठी, स्वयम्भूले वि.सं. २०३९ सालमा प्रकाशनमा ल्याएको थियो । यस पुस्तकले विभिन्न विचार र श्रेणीका महिलाहरूको बौद्धधर्मको विकासमा रहेको योगदानलाई समेट्ने राम्रो प्रयास गरेको छ । पुस्तकमा समावेश गरिएका महिला चरित्रहरूको सामान्य क्रियाकलापहरू सिंहावलोकन गर्दा सुत्तपिटकबाट तीस र विनयपिटकबाट पाँच सूत्रसमेत गरी जम्मा पैंतीस सूत्रअन्तर्गत विभिन्न प्रकारका मुख्य भूमिका खेल्ने उन्नाईस महिला पात्रहरूको वारेमा यो पुस्तक केन्द्रित रहेको छ । यस पुस्तकका अनुसार बुद्धकालीन समयमा बौद्धधर्मको प्रभावले महिलाहरूमा पनि धेरै जागरण आएको थियो । तिनीहरूको प्रयासले नै बौद्धधर्ममा भिक्षु, उपासकका साथै भिक्षुणी उपासिकाहरूका सहभागिता पनि बढ्यो । यस पुस्तकमा प्रस्तुत

उक्त उन्नाईस जना महिला पात्रहरूमध्ये शोधको विषयवस्तुसँग मेल खानेमात्र केही महिला पात्रहरूको तल समीक्षा गरिएको छ ।

अम्बपाली गणिका वैशाली महानगरको एक आँपको रुखको फेद मुनि जन्मेकी हुनाले उनको नाम अम्बपाली रहेको थियो भनिन्छ । अम्बपाली रूपवती मात्र हैन नाच्न, गाउनलगायत बाजा बजाउनमा पनि त्यत्तिकै सिपालु थिइन् । अम्बपालीले राजा बिम्बिसारको तर्फबाट विमल भन्ने छोरा जन्माइन् । पछि गएर उनी बुद्ध सुशासनमा प्रव्रजित भइन् । अम्बपाली गणिकाले भगवान् बुद्धसँगको भेटमा उनले भोजन मात्र दान नगरेर अम्ब वनसमेत बुद्धलाई दान दिएकी थिइन् । उनी आफ्नो छोराबाटै धर्मकथा सुनी प्रव्रजित भएकी थिइन् । सामान्य पुरुषको त कुरै भएन राजा र राजकुमारलाई पनि वशीभूत गराउन सक्ने शारीरिक गठन र लावण्यले विभूषित हुनुको साथै वेश्यावृत्तिबाटै धनाढ्य भएकी अम्बपाली पनि यो जवानी क्षणिक मात्र हो भन्ने ज्ञानानुभूति भएपछि आफ्नो श्रीसम्पति बुद्धलाई नै अर्पण गरिन् र बौद्धधर्मको सेवा गरिन् ।

काणमाता उन्नाईसजना महिला पात्रहरूमध्ये अर्की एउटी यस्ती पात्र हुन् जसले छोरीको घरमा कोसेलीको रूपमा पठाउनलाई पकाएको रोटी पटक-पटक भिक्षु आएर भिक्षाको रूपमा माग्थे र उनले त्यो रोटी भिक्षुलाई दिन्थिन् । एवम् रितले उनले धेरै पटक रोटी पकाइन् र त्यसै गरी भिक्षुले रोटी सकाए, अन्तमा उनले छोरीलाई उनको घर पठाउन ढिला भएकोले उनको श्रीमान्ले अर्की श्रीमती ल्याएको खबर आयो । छोरीको घरभन्दा बौद्धधर्म नै ठूलो मान्ने श्रावस्तीवासिनी काणकी आमा उल्लेख गर्न लायककी एउटी पात्र हुन् ।

चुलसुभद्रा श्रावस्ती निवासी अनाथपिण्डिककी छोरी थिइन् । उनको विवाह कोशल राज्यकै साकेत नगरवासी कालक श्रेष्ठीको छोरासँग भएको थियो । उनको विवाहमा उनका बाबुले उनलाई दशवटा अर्ती दिएकाथिए । चुलसुभद्राको ससुराले भगवान्को दर्शन गर्ने मनसाय राखेर उनीहरूलाई बोलाउन लगाए । चुलसुभद्राले पनि पाँच भिक्षुसहित भगवान् बुद्धलाई भोजनको निम्ति निम्तो दिइन् । पछि भगवान् बुद्ध आफ्ना ५०० जना शिष्य सहित जेतवनबाट आइपुग्नु भयो । यसरी चुलसुभद्राको कारणबाट शास्ताले उनको मनोभावअनुरूप उपदेश दिएपछि कालक श्रेष्ठी स्रोतापन्न भएर उनले आफ्नो बगैंचा शास्तालाई दान गरे । पछि त्यहाँ घरहरू पनि बनाइदिए जसको नाम कालकराम राखियो ।

बुद्धकालीन समयकी एउटी अर्की महिला थिइन्, ज्येष्ठ मालाकारकी सोह्र वर्षीय छोरी मल्लिकादेवी । उनी अन्य कुमारीहरूसँग दिनहुँ तीनवटा रोटी फूलको टोकरीमा राखी उद्यानमा जान्थिन् । यक दिन यसरी गइरहेको वेला यिनले भिक्षुसङ्घसहित भगवान् बुद्ध भिक्षाटनको लागि नगरमा गइरहेको देखेर उनले आफ्नो रुखा-सुख्खा तीनवटा रोटी भगवान्लाई चढाइन् । तथागतले उनलाई एक छेउमा बस्न सङ्केत दिए र आनन्द स्थविरले चिवर बिच्छाएपछि भगवान् बुद्धले त्यहीं बसेर मुसुक्क हाँस्दै रोटी खान थाल्नुभयो । आनन्दले हाँस्नुको कारण सोधे, भगवान् बुद्धले मल्लिकाले दिएको दानको प्रभावद्वारा यिनी एक दिन प्रसेनजित अर्थात् कोशल नरेशकी अग्रमहिषी हुनेछिन् भन्नुभयो । केही दिन पश्चात् एक दिन उनै मल्लिका उद्यानतर्फ गइरहेको बेला प्रसेनजित कोशल राजा अजातशत्रुसँगको लडाइमा पराजित भई भागेर श्रावस्ती नगरतिर गइरहेको बेला आफ्नो सेनाको प्रतीक्षा गर्न त्यस उद्यानमा पसे । मल्लिकाको शीलस्वभाव देखेर प्रसेनजित प्रभावित भई राजदरबारबाट डोली पठाई सम्मानका साथ राजदरबारमा लगी विशाल रत्नहरूको वीचमा राखी अभिषेक दिएर अग्रमहिषी बनाए ।

मल्लिका (बन्धुल) पनि बुद्धकालीन समयकी एउटी महिला उपासिका हुन् । यिनको जन्म कुशीनगरवासी मल्लिका भन्नेको गर्भबाट भएको थियो । यिनको विवाह कुशीनगरका मल्ल राजाका छोरा बन्धुलसँग भएको र कुनै सन्तान नभएपछि बन्धुल राजकुमारले उनलाई बाँझी भएकाले माइतीमा नै फर्केर जाऊ भनेपछि त्यतिवेला भगवान् बुद्धले उनलाई रोक्नुभएको थियो । त्यसपछि उनले श्रावस्तीमा सोह्र पटक छोराहरू जन्माइन् । उनीहरू सबै धेरै शूरवीर थिए । मल्लिकाले ५०० जना भिक्षुहरूसहित दुई अग्रश्रावकहरूलाई भोजनको लागि निम्त्याएकी थिइन् । त्यतिवेला उनका स्वामीसहित बत्तीसजना छोराहरूको हत्या भयो भन्ने पत्र पाएर पनि उनी कत्तिपनि विचलित भइनन् । बन्धुल मल्लिकाले आफूसँग भएको बहुमूल्य सप्तरत्न जडित *'महालतापसाधन'* भन्ने आवरणवस्त्र चढाउने इच्छा गरिन् र कुशीनगरमा महापरिनिर्वाण भएको भगवान् बुद्धको शरीरमा ओढाइन्, जो अति नै शोभायमान भयो । यसरी बन्धुल मल्लिकालाई उनको गुण, शील तथा दानले गर्दा उनलाई प्रमुख उपासिकाहरूको नामावलीमा समावेश गरिएको छ ।

मृगशाला (मिगशाला) भन्ने उपासिका श्रावस्तीस्थित जेतवनरामका आसपासमा रहेको 'साधुक' भन्ने गाउँमा बस्ने पुराण स्थपितकी छोरी र ऋषिदत्त (इसिदत्त) स्थपितकी भतिजी थिइन् । मृगशालाले अ-ब्रह्मचारी र बह्मचारी दुबैले एउटै सकृदागामी फल कसरी

प्राप्त गर्न सक्छ भन्ने प्रश्न गर्दा भगवान् बुद्धले यस लोकमा छ प्रकारका पुरुषगुण भएका दश प्रकारका मानिसहरू छन् भनेर उपदेश दिनु भएको थियो ।

बुद्धकालीन उन्नाईसजना महिला उपासिका पात्रहरूमध्ये स्थविर अनिरुद्धकी बहिनी रोहिणीको नाम पनि अग्रपङ्क्तिमा आउँदछ । अनिरुद्ध स्थविर ५०० जना भिक्षुहरूका साथ कुनै दिन कपिलवस्तुमा आएको बेलामा रोहिणीलाई आसनशाला बनाउन लगाए, आसनशाला बनेपछि बुद्धसहित भिक्षुसङ्घलाई उनले भोजनदान दिइन्, तर उनी त्यहाँ उपस्थित भइनन्, त्यसपछि बुद्धले उनी नआएको कारण सोध्दा रोहिणीले आफ्नो छवि कुरूप भएकोले लाजले नआएको भनिन् । भगवान् बुद्धले *"क्रोध नगर, अभिमान नगर, सबै संयोजनबाट पार तरेर जाऊ, नाम र रूपमा अल्झेर नबस, कुनै अल्झो नभएपछि दुःखबाट ताप हुने छैन"* भनेर धर्म उपदेश दिनुभयो र उनको छवि रोग लाग्नाको कारण क्रोधले भएको भनेर भन्नुभयो, त्यसपछि उनले रोहिणीको अतीतको कुरा सुनाउनुभयो । यसरी अतीतमा गरेको कर्मको प्रभावले अहिले यस्तो भएको हो । भगवान् बुद्धले ईर्ष्या र क्रोध भनेको अलिकता पनि गर्नुहुन्न भन्नुभयो । यसरी धर्मदेशनाको अन्त्यमा धेरैले स्रोतापत्ति फल प्राप्त गरे । रोहिणीले पनि स्रोतापत्ति फल प्राप्त गरेपछि रोग निको हुनुका साथै शरीर पनि सुन्दर भएर आयो ।

त्यस्तै अङ्गदेशकी भद्रीय नगरवासी धनञ्जय श्रेष्ठीकी छोरी र विशाखा महाउपासिकाकी बहिनी सुजाता पनि बुद्धकालीन १९ जाना उपासिकामध्ये एक थिइन् । यिनको विवाह अनाथपिण्डक महाजनको छोरा काल भन्नेसँग भएको थियो । धनी कुलकी भएकीले यिनमा धेरै घमण्ड थियो भने विशाखाको जस्तो सुविनीत स्वभाव पनि थिएन । यिनी कठोरभाषिणी, घरका मानिसहरूलाई गालीगलौज गर्ने र कुनै कर्तव्यपालन पनि नगर्ने बडो उच्छृङ्खल स्वभावकी थिइन् । भगवान् बुद्ध अनाथपिण्डकको घरमा भिक्षुसङ्घसहित धर्मोपदेश गरिरहेको वेला यिनी घरका नोकरहरूसँग झगडा गरी कराइरहेकी थिइन् । यो सुनेर भगवान्ले यिनलाई बोलाउन लगाउनुभयो र सोध्नुभयो यस संसारमा जम्मा सात प्रकारका भार्याहरू छन्: बन्धकसमान भार्या, चोरसमान भार्या, माल्किनीसमान भार्या, मातासमान भार्या, भगिनीसमान भार्या, सखीसमान भार्या र दासीसमान भार्या । तीमध्ये तिमी कुन प्रकारकी भार्या हौ ? शास्ताले सातप्रकारका भार्याहरूका कुरा सुनाउँदा सुनाउँदै सुजाता स्रोतापन्न भइन् । अन्तमा सुजाता सुविनीता भइन् र भगवान्सँग क्षमा मागिन् ।

उनले अब उप्रान्त दास समान भार्या भनी सम्भनुस् भनिन् र शरणशीलमा पनि प्रतिष्ठित भइन् ।

सुमना राजकुमारी सातवर्षको छँदा अनाथपिण्डक महाजनले जेतवनविहार तयार गरी भगवान्लाई निम्ता दिएपछि भिक्षुसङ्घका साथ भगवान् बुद्ध श्रावस्ती आउनुभयो । अनाथपिण्डक महाजनले कोशल नरेशलाई शास्ता आएको खबर गर्दै सुमना राजकुमारीसहित उनका ५०० जना बालिकाहरूलाई पूर्णघट लिन लगाई स्वागतको लागि पठाइन् । भगवान् बुद्ध आइपुगे पछि उनीहरू सबैले तथागतलाई फूलमाला चढाई वन्दना गरी एक छेउमा उभिई रहे । शास्ताले उनीहरूलाई धर्मोपदेश दिएपछि ५०० जना कुमारीहरूका साथ उनी पनि श्रोतापन्न भइन् । त्यस दिन त्यस यात्राको बीचमा सुमन्नाका कारणले २००० प्राणीहरूले श्रोतापत्ति फल प्राप्त गरे भनिएको छ जहाँ भगवान् बुद्धले दान दिनु र पुण्य गर्नु भनेको राम्रो हो र देवता हुनेलाई मनुष्य हुनेलाई तथा प्रव्रजित हुनेलाई पुण्य उपकारी नै हुन्छ भनी यस संसारलाई धर्मोपदेश दिनुभयो । त्यस्तै वेलकुण्ठकी नन्दमाता, बोज्भा उपासिका, कालीगोधा शाक्य, चिञ्चामाणविक, चुन्दी राजकुमारी आदिको नाम पनि बौद्धधर्ममा केही प्रमुख उपासिकाहरूमध्ये आउँदछन् । यस पुस्तकका अनुसार विभिन्न महिलाहरूले आ-आफ्नो किसिमले प्रव्रजित भई बौद्धधर्मको उत्थानको लागि महत्त्वपूर्ण भूमिका निभाएको देखिन्छ । पुस्तकले आजका महिलाहरूको उत्थानका लागि थप प्रेरणा पनि प्रदान गर्दछ । समाजमा आएको परिवर्तनसँगै हाम्रो समाजले समग्र महिलालाई कसरी हेर्ने गर्दछ र त्यसमा पनि बौद्धकालीन समाजमा यो धर्म कति महिलासहिष्णु थियो ? हाल त्यसमा पनि कस्ता परिवर्तनहरू आएका छन् ? वर्तमान अवस्थामा बौद्धधर्म कुन मार्गतिर लागिरहेको छ भन्ने कुराको जानकारी अगाडि ल्याउनका लागि जिरेल समाजलाई केन्द्रमा राखेर यस शोधप्रबन्धमा अध्ययन गरिएको छ ।

### २.२.४ वेन. के. श्रीधम्मानन्द महाथेरा, *स्टाटस् अफ ओमन् इन बुद्धिजम् (Status of Women in Buddhism),* मलेसिया: बुद्धिस्ट मिसिनरी सोसाइटी, ई.सं. १९८३ ।

बेन के. श्री महाथेराद्वारा लिखित *'स्टाटस अफ ओमन् इन बुद्धिजम्'* नामक यो पुस्तक बुद्धिस्ट विज्डम मलेसिया, बुद्धिस्ट मिसिनरी सोसाइटीद्वारा ई.सं. १९८३ मा

प्रकाशित भएको थियो । यस पुस्तकमा चाहे त्यो अफ्रिका, अमेरिका, एसिया अथवा युरोप किन नहोस् महिला विरुद्धको विभेद सबै समाजमा विद्यमान छ भनेर भनिएको छ । श्री धम्मानन्दका अनुसार महिलाहरूको विरुद्धमा हुने भेदभाव मूलत: पक्षपातपूर्ण धार्मिक कारणले नै हुने गर्दछ, तसर्थ लैङ्गिक विभेद धर्मबाट नै सुरु हुन्छ । उक्त पुस्तकमा दिइएको उदाहरणअनुसार इस्लाम धर्मका अनुसार लोग्ने मानिसहरू भगवान्का सन्तान हुन् भने महिलाहरू पनि भगवान् कै छोरी हुन् भनेर कहीँकतै भनिएको पाइँदैन । आत्मामा विश्वास गर्ने कतिपय समाजमा पुरुषमा मात्र आत्मा बस्दछ र महिलाकोमा बस्दैन भन्ने समेत दावी गर्दछन् । कतिपय समाजले महिलाहरूलाई यो समाजका सम्पूर्ण पापका स्रोत हुन् र पुरुषहरूका लागि यो जुनी र अर्को जुनीका लागि दुर्भाग्य हुन् भन्नेसम्म आरोप लगाइन्छ । हिन्दु धार्मिक अन्धविश्वासीहरूले त झनै धार्मिक ग्रन्थहरू महिलाहरूलाई पढ्नमा समेत प्रतिबन्ध लगाएका छन् । धार्मिक स्थलहरूमा महिला सहभागितामा प्रतिबन्ध लगाइनुका साथै उक्त लेखका अनुसार इस्लाम धर्ममा त यदि कुनै महिलाले धार्मिक ग्रन्थ पढेको पाइएमा सो महिलाको जिब्रो काट्न पर्ने सम्मको सजाय दिनु पर्ने भनिएको प्रसङ्ग उक्त पुस्तकमा लेखकले उल्लेख गरेका छन् ।

लेखक यस पुस्तकमा महिलाहरूप्रति अन्य धर्ममा हुने विविध किसिमका विभेदहरू बौद्धधर्ममा न्यून भएको दावी गर्दछन् । केही घटनाक्रमहरूमा महिलाहरूमा हुने केही प्राकृतिक कमी कमजोरीहरूलाई भगवान् बुद्धले औंल्याए तापनि लेखकका अनुसार बुद्ध नै यस्तो गुरु हुनुहुन्छ, जसले तत्कालीन पुरुषप्रधान, रूढिवादीग्रस्त समाजमा पनि महिलाहरूलाई पुरुषसरह नै आत्मिक विश्वासको लागि पहिलो पटक अवसर दिनुभयो । महिलाहरूमा विद्यमान योग्यता र क्षमतालाई आदर गर्दै भगवान् बुद्धले नै महिलाहरूलाई पूर्ण धार्मिक जीवन व्यतीत गर्ने मार्ग प्रशस्त समेत गर्नुभयो । *'भिक्षुणी सङ्घ'* खोल्न स्वीकृति दिएर भगवान् बुद्धले नै महिलाहरूलाई बौद्धधर्ममा सहभागिताको लागि ढोका खोली दिनुभयो । लेखकका अनुसार बुद्धकालीन समाजमा खासगरी ऋग्वेदकालीन समाजमा महिलाहरूलाई घरमा आदर र सम्मान प्राप्त थियो र कतिपय महिलाहरूमा सम्पूर्ण ब्रह्मको विषयमा समेत ज्ञान हुन्थ्यो भनेर भनिएको छ । तर कालान्तरमा समाजको यो सोचमा क्रमश: परिवर्तन हुँदै गयो र महिलाहरू शारीरिक तथा मानसिक रूपमा पुरुषहरूभन्दा कमजोर हुन्छन् भन्ने भनाइ स्थापित हुँदै गयो र यसका कारण महिलाहरू घर र परिवारको हेरचाह गर्ने साधनको रूपमा मात्र सीमित हुँदै आए ।

लेखकका अनुसार विवाहित महिलाको तर्फबाट यदि बच्चा-बच्ची जन्मिएनन् भने तत्कालीन समाजमा आफ्नो वंशलाई अगाडि बढाउन दोस्रो, तेस्रो बिहे गर्ने चलन पनि थियो । यससँगै महिलाहरूलाई उपलब्ध धार्मिक उपलब्धिहरू पनि बिस्तारै सिद्धिँदै गए, जसमा महिलाहरूको कर्मलाई दोष दिन थालियो । यो सोचका विरुद्ध भगवान् बुद्धले कर्मको नियमको लागि व्यक्ति आफै जिम्मेवार हुने गर्दछ र बाबु बाजेको कर्मको फल छोरा वा नातिको कर्ममा निर्भर रहँदैन भनेर प्रकाश पार्नुभयो । यस पुस्तकमा शुभा नामको अति नै सम्पन्न सुवर्णकारकी छोरी महाप्रजापतिबाट धर्मसम्बन्धी ज्ञान प्राप्ति गरेपछि *'सुन र चाँदीले न शान्ति ल्याउँछ, न सुखी बनाउँछ'* भन्ने कुराको ज्ञानबाट नै भिक्षुणी सङ्घमा प्रवेश गरेको प्रसङ्गलाई एउटा उदाहरणको रूपमा दिइएको छ । तत्कालीन समाजमा अन्य धर्मगुरुहरू महिलाहरूप्रति विभेदजन्य प्रवचन दिन्थे भने भगवान् बुद्धले त्यतिबेलै विवाहित महिलाहरूको लागि आफ्नो पतिका विरुद्ध नराम्रा विचारहरू आउन नदिनु, निर्दयी नहुनु, फजुल खर्च नगर्नु, आफ्नो पतिको मेहनतको कमाइलाई सुरक्षित राख्नु, दिमाग र कार्यशैलीमा चनाखो हुनु, बदचलनतिर उन्मुख नहुनु, बोल्दा र काम गर्दा नरम मिजासको हुनु, दयालु र मेहनती हुनु, आफ्नो पतिको र बालबच्चाहरूको राम्रो हेरविचार गर्नु, आदरपूर्ण हुनु र समझदार हुनु भनेर ज्ञान दिनुभएको छ ।

आफ्नो रूपको घमण्ड गर्ने र अति संवेदनशील महिलाहरूलाई पनि भगवान् बुद्धले त्यसैगरी आफ्नो प्रवचनमार्फत् ज्ञानको बाटो देखाउनुभयो । लेखकका अनुसार भगवान् बुद्धले भिक्षुणीहरूलाई धर्मको विषयमा प्रवचन तथा शिक्षा दिँदा कुनै प्रतिबन्ध नलगाएर अथवा धार्मिक जीवनमा प्रवेश गर्नको लागि पूर्ण स्वतन्त्रता दिएर महिलाहरूलाई वास्तविक धार्मिक स्वतन्त्रता दिनु भएको थियो भन्ने उल्लेख गर्दै महिलाहरूलाई पुरुषसरह धार्मिक स्वतन्त्रता दिनेहरूमा भगवान् बुद्ध नै पहिलो व्यक्ति हुनुहुन्छ भनेर यस पुस्तकमा लेखकले दाबी गरेका छन् ।

यस पुस्तकमा बुद्धकालमा महिलाको धार्मिक अवस्थाको बारेमा र अरू धर्महरूभन्दा बौद्धधर्म महिलाप्रति अत्यन्तै सहिष्णु छ भन्ने कुरामा प्रकाश पार्ने प्रयास गरिएको छ । बौद्धधर्मले महिलालाई हेर्ने दृष्टिकोणबारे सामान्य जानकारी लिन यो पुस्तक निकै सहयोगी देखिन्छ । तर अनुसन्धान गरिने जाति एक फरक धर्मको र फरक भौगोलिक क्षेत्रको भएको र अधिकांश जनसङ्ख्या अशिक्षित रहेको बौद्धमार्गी एक जनजातिले आजको परिवेशमा

महिलाहरूलाई कसरी हेर्दछ र कसरी व्यवहार गर्दछ भन्ने विषयमा यो अध्ययन केन्द्रित रहेको छ ।

### २.२.५ डा. प्रभा त्रिपाठी, *प्राचीन पूर्वोत्तर भारत (सुत्तपिटक एक अध्ययन),* वाराणसी: साहित्य संस्थान, लेन नं.५, रवीन्द्रपुरी, २२१००५, वि.सं. २०४२ ।

डा. प्रभा त्रिपाठीद्वारा हिन्दी भाषामा लिखित *'प्राचीन पूर्वोत्तर भारत'* (सुत्तपिटक एक अध्ययन), नामक यो पुस्तक साहित्य संस्थान, लेन नं. पाँच रवीन्द्रपुरी, वाराणसी, भारत (२२१००५) द्वारा वि.सं. २०४२ मा प्रकाशित गरिएको हो । प्रस्तुत पुस्तक काशी हिन्दु विश्वविद्यालयको विद्यावारिधि उपाधिको लागि पेश गरिएको शोधप्रबन्धको पुस्तकको रूपमा बाहिर आएको हो । यस शोधप्रबन्धका शोधकर्ताले बौद्धधर्मावलम्वी महिलाहरूको विषयमा अध्ययन गर्नुपर्ने भएकाले भगवान् बुद्धले विभिन्न ठाउँ र समयमा दिनुभएका उपदेशहरूको सँगालोको अध्ययनका साथै खासगरी शोधको विषयवस्तुसँग मेल खाने अध्यायको मात्र यहाँ समीक्षा गरिएको छ ।

यस पुस्तकको छैटौं अध्यायमा बुद्धकालीन समाजमा रहेका सामाजिक सङ्गठनहरूका बारेमा उल्लेख गरिएको छ । पुस्तकका अनुसार बुद्धकालीन समाज क्षेत्री, ब्राहमण, वैश्य र शूद्र गरी चार वर्णमा विभाजित थियो । ब्राह्मणहरू अध्ययन गर्नको लागि, क्षेत्री अरूलाई आज्ञा दिनको लागि, वैश्य खेतीपाती गर्नको लागि र शूद्रहरू उनीहरूको आज्ञा पालनको लागि जन्मिएका हुन् भन्ने मान्यता तत्कालीन समाजमा व्यापक थियो । समाजमा क्षेत्री र ब्राह्मणहरूको बीचमा को ठूलो भन्ने भावना प्रशस्त थियो । लेखिकाका अनुसार गृहस्थीहरूमा मात्र जातीय भावनाको अहम् नभई बौद्ध भिक्षुहरूमा समेत हामी उच्च कुलका हौं भन्ने भावना व्यापक थियो । तत्कालीन समाजको वर्णन गर्दै लेखिकाले ब्राह्मणवर्ग तत्कालीन समाजमा उच्च स्थानमा पर्दथे र भगवान् बुद्धजस्तो व्यक्तित्वको अगाडि पर्दा समेत कतिपय ब्राह्मणहरू आफ्नो घमण्डका कारण झुक्न पनि तयार हुँदैनथे भनेर यो पुस्तकमा भनेकी छन् । त्यस वेलाको समाजमा क्षेत्रीहरू राज्यका ठूलाठूला पदहरूमा नियुक्त हुने र राज्य सञ्चालन गर्ने भएकाले समाजमा उनीहरूको प्रतिष्ठामा पनि कुनै कमी आउने कुरा भएन । तत्कालीन बौद्ध साहित्यहरूले पनि वैश्य र शूद्रलाईभन्दा ब्राह्मण र क्षेत्रीलाई उच्च स्थान दिएका थिए । बौद्ध भिक्षुहरूमा पनि ब्राह्मणको तुलनामा क्षेत्रीहरू नै धेरै थिए । पुस्तकमा ब्राह्मण र क्षेत्री गृहस्थीहरू जो

खेतीपाती गर्ने, धनधान्यले पूर्ण व्यापार र उद्योगमा लागेका थिए, ती व्यक्तिहरू नै वैश्य हुन् भनिएको छ । यिनीहरूको काम खेतीपाती, व्यापार, उद्योगलगायत राजाको सेवामा लागिरहनु थियो । तत्कालीन समाजमा शूद्रजातिहरूलाई तल्लो जातिका मानिन्थ्यो र यिनीहरूले विभिन्न पेशा गरेर आफ्नो जीविकोपार्जन गर्ने गरेका थिए । यसरी कोही जाति ठूलो, कोही जाति सानो, कोही उच्च कुलको कोही नीच कुलको भन्ने भावनालाई निर्मूल पार्ने उद्देश्यले नै होला भगवान् बुद्धले जन्मको आधारमा कोही उच्च र नीच हुँदैन, उसको गुण र कर्मको आधारमा विभाजन गर्न सकिन्छ भनेर सन्देश फैलाउनु भयो ।

यसै पुस्तकमा महिलाहरूको विषयमा *'स्त्रियोंकी दशा'* भनेर बुद्धकालीन महिलाहरूको अवस्थाको वारेमा लेखिकाले व्याख्या गरेकी छन् । सुत्तपिटकको अध्ययनपछि यो पुस्तककी लेखिकाले बुद्धकालमा महिलाहरूको अवस्था न त धेरै राम्रो, न त धेरै नराम्रो नै थियो भन्ने निचोड निकालेकी छन् । लेखिका डा. त्रिपाठीका अनुसार बुद्धले धर्ममा महिला र पुरुष समान भनेर भन्दै हिँड्नु भएको र महिलाको कुनै पनि ठाउँमा अधिकारको विरोध गरेको देखिँदैन, न त महिलाहरूको अधिकारको लागि धेरै प्रयत्न गरेको देखिन्छ । तर तत्कालीन समाजमा छोरी जन्मिएको भन्दा छोरा जन्मिएकोमा घरमा बढी हर्ष हुने र खुशी मनाउने गरेको पाइन्छ । निचोडमा के भन्न सकिन्छ भने भगवान् बुद्धमा एकातर्फ महिलाहरूप्रति भिक्षुणी बनाउने कुरामा ठूलो आशङ्का थियो भने अर्कोतर्फ गृहस्थी जीवनमा भने महिलाहरूप्रति अतिउदार र सम्मानजनक भाव थियो भन्ने देखिन्छ ।

*'सामाजिक संस्थाएँ, विवाह एवम् पारिवारिक जीवन'* भन्ने शीर्षक रहेको सातौँ अध्यायअनुसार बुद्धकालीन समाजमा घरको सबैभन्दा जेठो पुरुष घरको मूली र उसकी श्रीमती, बिहे नभएकी छोरी, छोरा, बुहारी, नाति, नातिनी सबै सदस्यमा पर्दछन् भनिएको छ । घरमूलीको मृत्यु भएको अवस्थामा जेठो छोराले घरमूलीको जिम्मेबारी वहन गर्ने र जेठो छोरा नाबालक भएमा आमाले मूलीको भूमिका सम्हाल्ने प्रचलन त्यस समाजमा रहेको देखिन्छ । बच्चा, बच्ची जन्मिएमा र उनको नाम राख्ने वेलामा ठूलो उत्सव मनाउने प्रथा भएको त्यस समाजमा छोरी जन्मिएको भन्दा छोरा जन्मिएकोमा परिवारजनले बढी खुशी मानेको देखिन्छ । आमाबाबुले छोराछोरीलाई जन्म दिएर मात्र हुँदैन, उनीहरूको कुशल लालनपालन, कुशल शिक्षा-दीक्षा, पुण्यकर्ममा रुचि, राम्रो आर्थिक अवस्था, राम्रो परिवारमा राम्रो बर-बधूसँग विवाह र उनीहरूको भावी सन्ततिको लागि पनि जगेर्ना गर्ने आदि वातावरण तयार गरी छोरा छोरीप्रतिको स्नेह सम्बन्ध, पारिवारिक सौहार्द्र, एक-अर्का

प्रतिको निकटता राख्ने र यसै गरी छोरा छोरीहरूले पनि आमाबुवालाई आदर-सम्मान गर्ने, आज्ञाकारी हुने, वृद्ध अवस्थामा पालन पोषण गर्ने, आमा-बुवाको कामकाजमा सघाइदिने, कुल परम्परालाई बचाइराख्ने, समाजमा योग्य हुने, काम गर्ने, दिवङ्गत आमा-बुवाको नाममा पुण्य दान गर्ने आदि जीवनोपयोगी बुद्धका उपदेशहरूको उल्लेख यस पुस्तकमा स्पष्टसँग गरिएको छ ।

परिवारपछि समाजको दोस्रो एकाइ जाति हो भनेर भनिन्छ । एउटा जाति, एउटा समाज, एउटा ठाउँमा बस्ती बसेको र त्यस बस्तीमा बस्ने जातिहरू एकआपसमा बडो प्रेमका साथ रहने, बस्ने, आपत्-विपत्का समयमा एकआपसमा सहयोगको हात बढाउन सधैँ तत्पर रहने, एकआपसमा सदभावसँग मिठो बोली बोल्ने, आवश्यकताअनुसार दान धर्म गर्ने, बेहोसीमा भूल हुँदा क्षमा माग्ने, सङ्कटमा शरण दिने, मित्रका प्रियजनप्रति स्नेह राख्ने आदि कुराहरू समाजमा रहनका लागि आवश्यक पूर्वाधारका उपदेश दिएर मानिसलाई समाजमा सरल र सहज तरिकाबाट रहने उपाय समेत भगवान् बुद्धले प्रष्ट पारिदिनुभएको छ, तर अङ्गुत्तरनिकाय तथा एक जातक कथाका अनुसार तत्कालीन समाजमा *'पुरुष नै महिलाका वास्तविक आभूषण हुन्, पुरुषको अभावमा सबै महिलाहरू गहना लगाएर पनि निर्वस्त्र मानिन्छन्'* भनेर उल्लेख गरिएको छ । यसअनुसार त्यसवेलामा विवाहलाई सम्पूर्ण सामाजिक व्यवस्थाको धुरीको रूपमा मानिन्थ्यो भनेर पनि भन्न सकिन्छ । स्त्री र पुरुष एक अर्काको अभावमा अधुरो मानिन्थ्यो । छोराछोरीको विवाह गर्नु, घरमूलीको दायित्व सम्झिइन्थ्यो ।

विवाहको लागि जाति, कुल र गोत्रको बारेमा धेरै विचार गर्ने चलन थियो । त्यतिबेला, स-जातीय विवाहलाई अति उत्तम मानिन्थ्यो । आफ्नै जातिमा विवाह गर्नाले आफ्नो भावी सन्ततिको रगत शुद्ध हुन्छ भन्ने सोचाइ व्यापक थियो । केटा र केटीको कुललाई बढी ध्यानदृष्टिले हेरेर मात्र विवाह गर्ने चलन थियो । प्रथमवर्गकी केटीको विवाह प्रथमवर्गको परिवारसँग हुन्थ्यो । मध्यमवर्गकी परिवारकी केटीको विवाह प्रथम र मध्यम दुवै वर्गको परिवारसँग हुन्थ्यो तर तेस्रोवर्गकी परिवारकी केटीको विवाह कुनै पनि वर्गका परिवारसँग हुनसक्दथ्यो । समाजमा असहगोत्री विवाह पनि हुने गर्दथ्यो तर अपबादको रूपमा केहीले आफ्नो बंशरक्षाको लागि भाइ-बहिनीवीच समेत विवाह गरेको पाइन्छ । यसका बाबजुद मनपरेमा जात, गोत्र, धर्म र बर्गको विचार नै नगरी सबैसँग सबैको विवाहसमेत भएको देखिन्छ । निचोडमा भन्नु पर्दा एकविवाह गर्ने मानिसले आफ्नो जाति,

गोत्र, वर्ग, समान कुल आदि हेरेर विवाह गर्दथे भने बहुविवाह गर्नेले यी कुराहरूको ख्याल नगरेको पनि देखिन्छ ।

लेखिकाका अनुसार प्रजापति गौतमीलगायत विभिन्न महिलाहरूको धेरै प्रयास पश्चात् मात्र बुद्धले महिलाहरूलाई पनि सङ्घमा प्रवेश हुन अनुमति दिनुभयो, जसको फलस्वरूप सामन्त र श्रेष्ठी वर्गका महिलाहरूमा शिक्षा र दर्शन प्रसारमा धेरै सहयोग मिल्यो तर पनि शुरुशुरुमा भगवान् बुद्ध आफै पनि महिलाहरूको शिक्षाप्रति सकारात्मक हुनुहुन्थेन । संयुक्त निकायमा महिलाको शक्तिप्रति बुद्धको अवज्ञाको भाव प्रस्ट देखिन्छ । यसको प्रमुख कारण तत्कालीन समाजमा शिक्षाको महत्त्व खाली पुरुषहरूलाई मात्र थियो, महिलाहरूलाई थिएन भन्ने बुझिन्छ । यसको उल्टो महिलाहरूलाई भरणपोषण र कुशल गृहिणी बनाउने शिक्षालाई समाजमा बढी महत्त्व दिइन्थ्यो । पाली भाषामा प्राप्त केही सन्दर्भसामग्रीलाई हेर्दा बुद्धकालीन समाज समग्रमा महिला शिक्षाको विरुद्ध थियो भन्ने देखिन्छ तर यसको उल्टो अजातशत्रुकी आमा एक प्रख्यात विदुषी थिइन् भनेर पनि भनिएको देखिन्छ । थेरी गाथामा शुभा, अनुपमा, सुमेधा आदि उच्च कुलका महिलाहरू ब्रह्मचारिणी र कबियित्री थिए भनेर उदाहरण दिइएको छ ।

यस पुस्तकमा बुद्धकालीन समाजमा विद्यमान सामाजिक अवस्था र तत्कालीन समाजले महिलालाई हेर्ने दृष्टिकोण र व्यवहारको बारेमा विस्तृत उल्लेख भएको छ । हालको बौद्ध समाजमा महिलाहरूको सामाजिक अवस्थाको बारेमा अध्ययन गरिएको यस शोधप्रबन्धबाट तत्कालीन समाज र वर्तमान समाजले महिलाहरूलाई हेर्ने दृष्टिकोण र गर्ने व्यवहारका बारेमा तुलनात्मक रूपमा जानकारी मिलेको छ ।

### २.२.६ भिक्षु ज्ञानपूर्णिक धम्माचरीय (अनु.), *बुद्ध र बुद्धवाद,* प्रथम भाग, ताईवान: द कर्पोरेट बडी अफ् द बौद्ध एजुकेसनल् फाउन्डेसन्, लेखक उ. अ. माउँ, वि.सं. २०४८ ।

लेखक उ. अ. माउँले लेखेको र भिक्षु ज्ञानपूर्णिक (धम्माचरीय) ले नेपाली भाषामा अनुवाद गरेको द कर्पोरेट बडी अफ् द बौद्ध एजुकेसनल फाउन्डेसन् ११ एफ, ५५ हङ्ग चनव रोड, सेक्सन १, ताइपेई, ताइवान, आर. ओ. सी. ले वि.सं. २०४८ मा पुन: प्रकाशनमा ल्याएको यस पुस्तकबाट यस शोधका लागि केही सहयोग प्राप्त भएको छ । बुद्धकालीन समाजमा महिलाहरूको अवस्था र बुद्ध स्वयम्ले महिलाहरूलाई हेर्ने

दृष्टिकोणका बारेको विषयवस्तु समेत समावेश गरिएको यस पुस्तकको पृष्ठसंख्या १२२ मा *'बुद्ध र अलौकिक मानव'* भन्ने शीर्षकमा बुद्धकालीन महिलाहरूको बारेमा विस्तारपूर्वक लेखिएको छ । उक्त पुस्तकमा भगवान् बुद्धले गृहस्थीले विवाह गर्दा धनसम्पत्तिलाई प्रमुखता नदिई (वा) स्त्रीहरूलाई कुनै चिज वस्तु किनेजस्तो गरी नकिनी साँच्चै विवाह गर्न मन लाग्छ भने शोकसन्तापमा परी निद्रा नलागी मैत्रीले प्रेम गर्नु र साँच्चै नै विवाह गर्नुलाई प्रशंसा गर्नुहुन्छ ।

भगवान् बुद्धको दृष्टिमा वयोवृद्ध पुरुषले तन्नेरी स्त्रीसँग विहे गर्दा मानसिक दुख भोग्नु पर्नेछ (सुत्तनिपात पराभवसुत्त) । सिङ्गलसुत्तमा उल्लेखित पाँच पतिव्रतधर्ममा आफ्नो स्वास्नीबाहेक अन्य स्त्रीसँग मिथ्या व्यवहार नगर्ने तथ्य समावेश भएकोले एक स्त्री, एक पुरुष नीति नै बौद्धधर्मसित मेल खानेकुरा हो । भगवान् बुद्धले उपदेश दिनु भएको पतिव्रत धर्मलाई गहिरिएर अध्ययन गरेमा महिलाहरूलाई पुरुषहरूसरह अधिकार र अवसर दिइएको पाइन्छ । स्त्रीले पुरुषको कुरा आँखा चिम्लिएर सुन्नुपर्छ भनिएको छैन । त्यसैले बुद्धकालीन समयमा नारीको जीवनस्तर उच्च थियो भन्न सकिन्छ ।

यस पुस्तकमा उल्लेख भएअनुसार महिलाहरूमा विद्यमान केही कमीकमजोरीहरू र उनीहरुको प्रकृतिको विरुद्धमा भगवान् बुद्ध स्वयम्ले धेरै ठाउँहरूमा उल्लेख गरेको पाइए तापनि आत्मिक विकासका लागि महिलाहरूलाई पुरुषसरहको अधिकार दिनेमा सर्वप्रथम गौतम बुद्धको नै नाम आउँदछ । भगवान् बुद्धले महिलामा विद्यमान क्षमता र योग्यताको पनि धेरै ठाउँमा प्रशंसा गर्नुभएको छ र भगवान् बुद्धले नै पुरुषसरहको अधिकार धार्मिक क्षेत्रमा दिएर महिलाहरूको भिक्षुणीसङ्घ बनाउने ढोका खोलिदिनुभएको थियो । बौद्धधर्मका प्रवर्तक भगवान् बुद्धले नै आफ्नो सङ्घ वा धार्मिक समुदायमा महिलाहरूलाई पूर्णरूपले सहभागी हुन पाउने बनाउनुभयो, जुन त्यस सामाजिक परिवेशमा असाध्यै ठुलो फड्को भएको मान्नु पर्दछ ।

बौद्धकालमा विधवा महिलाहरूको स्थितिमा पनि अन्य कालमा भन्दा केही सुदृढ अवस्था रहेको देखिन्छ, जहाँ त्यो समयमा एकल महिलाहरूले आफ्नो श्रीमान्को मृत्यु पश्चात् पनि विवाह गर्न पाउने र तिनीहरूले अन्य कालको भन्दा केही मनोरञ्जन गर्न पाउने अवस्था देखिन्छ । यस शोधप्रबन्धको उद्देश्य पनि बौद्धधर्म र नेपालको हिमाली भू-भागमा बसोबास गर्ने जिरेल बौद्धमार्गी समुदायका महिलाहरूको विषयमा केन्द्रित रहेकाले यस अध्ययनमा यस सन्दर्भ सामग्रीको धेरै महत्त्व रहेको देखिन्छ ।

२.२.७ सुमनकृष्ण जिरेल, *नेपालका जिरेलहरू: एक छोटो चिनारी,* दोलखा: श्रीमती शिलादेवी जिरेल, जिरी गा.वि.स.- ९, दोलखा जिल्ला, वि.सं. २०५१ ।

सुमनकृष्ण जिरेलद्वारा लिखित *'नेपालका जिरेलहरू: एक छोटो चिनारी'* नामक यो पुस्तक वि.सं. २०५१ सालमा प्रकाशनमा आएको हो । आकारमा सानो नै भएपनि जिरेलका विषयमा विस्तृत रूपमा परिचय दिने नेपाली भाषामा प्रकाशित यो पुस्तक एकजना जिरेल बुद्धिजीवीद्वारा लेखिएको हो । यो पुस्तक मेरो शोधअध्ययनकालागि अत्यन्तै महत्त्वपूर्ण एक पाठ्य-सामग्री रहेको छ । जिरी माध्यमिक विद्यालयका शिक्षकको हैसियतका साथै जिरीका स्थानीय बासिन्दा आफैले देखेका, भोगेका र अनुभव गरेका जिरीका सम्पूर्ण वस्तुस्थितिको बारेमा लेखिएको यस पुस्तकमा मुख्यतः जिरेलहरू को हुन् ?, कहाँकहाँ छरिएर रहेका छन् ?, यिनको उत्पत्ति कसरी भयो ?, यिनीहरूको जम्मा जनसङ्ख्या कति छ ?, जिरेलहरूले बोल्ने भाषा के हो ? जिरेल महिला पुरूषहरूले लगाउने लुगा कस्ता छन् ?, जिरेलहरूले मान्ने गरेको धर्मको वास्तविकता के हो ?, जातीय संस्कार, चाडपर्व, रीति-रिवाज, सामाजिक, आर्थिक, राजनैतिक तथा शैक्षिक पक्ष कस्तो छ ?, यो जातिको उत्थानकोलागि खास समस्या के हो ?, यो जातिको संरक्षणको लागि भविष्यमा के, के गर्नु पर्नेदेखिन्छ ? आदिको बारेमा छोटकरीमा उल्लेख गरिएको यो पुस्तक जिरेल समुदायको समग्र अध्ययनका लागि निकै नै सहयोगी सिद्ध भएको छ । तर शोधार्थीले यस शोधप्रबन्ध मार्फत अध्ययन गर्न खोजेको विषय बौद्धमार्गी जिरेल समाजमा महिलाहरूको स्थानसँग सम्बन्धित भएकोले सोको बारेमा यस पुस्तकले आवश्यक विषयवस्तु समेट्न सकेको छैन ।

पुस्तकमा विभिन्न लेखकहरूले विभिन्न समयमा विभिन्न प्रकाशनहरू मार्फत् जिरेल को हुन् भन्ने बारेमा फरक र गलत धारणा राखेको र वास्तविक जिरेलहरू किराँतजातिको एक शाखा मात्र नभएर राई, लिम्बु, सुनुवार, सुरेल तथा हायुकै दाजुभाइ समेत भएको उल्लेख गरिएको छ । लेखकका अनुसार जिरेलहरू नेपालका आदिवासी जनजाति हुन् र यिनीहरू *'साना आँखा, थेप्चे नाक, जुँगा, दारी कम आउने, सरदर पाँच, साढे पाँच फिट उचाइ भएका जिरेल सरल, परिश्रमी, मृदुभाषी, सहयोगी र अति मिलनसार छन्'* भन्ने कुरा उल्लेख गरिएको छ । लेखकका अनुसार जिरेलहरूको मूल थलो *'जिरी'* हो, र यहीँबाटै यिनीहरू पछि दोलखाको अन्य ठाउँहरू जस्तै चेत्पु, क्षेत्रपा, जुँगु, दर्खा, झ्याकु, यबो, भाडखर्कामा बाक्लो वस्तीमा पुगेका छन् भने सिन्धुपाल्चोक जिल्लाको बाह्रविसे, भुवनथली,

ट्याङथली, र कार्थलीमा पातलो बस्तीको रूपमा समेत बसोबास गर्न पुगेका छन् । जिरेलहरू बसाइ सर्ने क्रममा तराई क्षेत्रका विभिन्न जिल्ला र देशबाहिर दार्जिलिङ्ग, सिक्किम, भुटान, कलकत्ता आदि ठाउँहरूमा पनि बसोबास गरेकापाइन्छन् ।

यस पुस्तकमा जिरेलहरूको उत्पत्तिका बारेमा पनि चर्चा गरिएको छ । यस क्रममा जिरेल भाषामा *'जि'* को अर्थ डरलाग्दो अर्थात् घना र *'रि'* को अर्थ जङ्गल भन्ने भएको जिरी अर्थात 'जङ्गल' भन्ने भएकोले जिरीमा अर्थात डरलाग्दो जङ्गलमा सर्वप्रथम सुरवीर किराँतका सन्तानहरू प्रवेश गरी बसोबास गरेका हुन् भनिएको छ । कालान्तरमा जिरीमा बसोबास गर्ने सुरवीर किराँतकै सन्तान ठाउँ विशेषको नामले *'जिरेल'* हुन पुगे, यसरी नै सुरवीरका केही सन्तान जिरी कटेर *'सुरी'* भन्ने ठाउँमा बसोबास गर्न पुगे जो आज पनि ठाउँ विशेषको नामले *'सुरेल'* जातले चिनिन्छन् भनिएको छ ।

अरू थुप्रै लेखकहरूले झैँ सुमनकृष्ण जिरेलका अनुसार पनि जिरेलहरूले मातृभाषाका रूपमा बोल्ने *'जिरेल भाषा'* भोट-बर्मेली भाषा परिवारभित्र पर्दछ । लेखकले यस भाषाको लिपि किराती लिपिमै पर्ने भएकोले जिरेलहरूले जान्दैनन् भनेका छन् । यस जातिको लगाउने लुगामा लोग्ने मानिसहरूले दौरा-सुरुवाल लगाएर त्यसमा पटुका बाँधी दापसहितको खुकुरी भिरी त्यसमाथि जुहारीकोट वा लुकुनी लगाउनुका साथै शिरमा नेपाली टोपी लगाउने गर्दछन् भने स्वास्नी मानिसहरू चौबन्दी चोलो रंगीन फरिया लगाई सेतो पटुका बाँध्नुका साथै मजेत्रो ओढ्छन् । सुनको गहनामा नाकमा फुली, बुलाखी, कानमा ढुङ्ग्री वा यारलिङ्ग, गलामा चरअन्नी, अठअन्नी कम्पनी माला वा पोते र नाडीमा चाँदीका बालाको साथमा अन्य किसिमका चुरा लगाउँदछन् ।

लेखकले यस पुस्तकमा जिरेलजातिले मान्ने गरेको वास्तविक धर्म प्राचीन धर्म तान्त्रिक अर्थात प्राकृतिक धर्म नै हो, जसको पुरोहित्याइँ *'फोम्बो'* अर्थात झाँक्रीद्वारा गरिन्छ, तर बिस्तारै आएर बाहुन पूज्ने हिन्दु धर्म र लामा पुज्ने बौद्ध धर्ममा यिनीहरूले आस्था राख्न थाले भनेर लेखेका छन् । जातीय संस्कारका अवसरमा कुनै थरले बङ्गुरको मासु खाने गर्दछन् भने कुनै थरले खाँदैनन् तर कुनै पनि थर-उपथरका जिरेलहरूले गाई-गोरुको मासु खाँदैनन् तर खसी बोकाको मासु भने सबैले खान्छन् । असारमा कोदो रोप्दा *'पोल्दाक'* खाने गर्नु जिरेलहरूको छुट्टै परम्परा हो भनिएको छ । रोगव्याधि नआओस्, खेतीपाती राम्रो होस्, आफूले पालेको पशुवस्तु नमरून् भनेर यस जातिले आफ्ना कुलदेवताको रूपमा यस जातिले *'ल्हा' 'छ्योम' 'चेरेम्जा'* को पूजा गर्ने गर्दछन् । वैवाहिक

सम्बन्धमा फुपुचेला मामा चेला नचल्नु, भाइ बुहारीलाई नछुनु, भाउजूलाई आफ्नो पत्नीको रूपमा नराख्नु आदि जिरेलको जातीय सँस्कारमा देखिन्छ, जुन हिन्दुधर्मअनुसार नै छ भनेर लेखकले यस जातिको सामाजिक संस्कारमा हिन्दु धर्मबाट परेको प्रभावका बारेमा आफ्नो पुस्तकमा सविस्तार चर्चा गरेका छन् ।

जिरेलहरूले चाडवाडहरूमा दसैं, तिहार, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, चैते दसैं आदि हिन्दुहरूले झैं भव्य रूपमा मनाउने गर्दछन् । बच्चा जन्मेपछि सातौं दिनसम्म जिरेलहरूले खेतीपातीको काम गर्दैनन् र सातौं दिनमा चोखिने र बच्चाको नाम राख्ने गर्दछन् । इच्छाअनुसार पछि पास्नी गर्ने र छोरा ६-७ बर्षको हुँदा *'छेवर'* गर्ने रीति-रिवाज पनि बौद्धमार्गी जिरेलहरूमा हालसम्म यथावत नै छ । यस जातिमा प्रेमविवाह गर्ने चलन व्यापक रहेको भएतापनि विधवाविवाहलाई पनि उत्तिकै मान्यता दिइएको छ तर मृत्यु सँस्कार भने लामा विधिअनुरूप नै गर्ने गरिन्छ । लेखकका अनुसार यो जाति आर्थिक स्थितिमा कमजोर, राजनैतिक क्षेत्रमा कम चासो राख्ने र शैक्षिक क्षेत्रमा धेरै पछाडि परेको छ । तशर्थ, यस पुस्तकमा अशिक्षा र गरिबी जिरेलजातिको खास समस्याका रुपमा रहेको छ भनेर चित्रण गरिएको छ ।

यस जातिको विकास तथा उत्थानकालागि सरकारी स्तरबाट विशेष आरक्षण हुनुपर्दछ भन्ने कुरा यस पुस्तकमा लेखकले जोडदार रूपमा उठाएका छन् । जिरी र जिरेलहरूको बारेमा बुझ्न यो पुस्तक धेरै नै उपयोगी छ, तर लेखक स्वयम् जिरेल जातिका भएको कारणले आफ्नो जातिप्रति ठाउँठाउँमा बढी उदार देखिएका छन् भने यसभन्दा अगाडि लेखिएका अन्य पाठ्यसामग्रीहरू, जिरेलको विषयमा प्रकाशित लेख, रचना र पुस्तकहरूमाथि लेखकले आफ्नो पुस्तकमार्फत् "आजको प्रजातान्त्रिक परिबेशमा पनि हाम्रो जस्तो बहुजातीय राज्यले एक भाषा, एक धर्म र एक संस्कृतिलाई नै च्यापिरहेको छ, यस अवस्थामा अन्य जातजातिहरूले असन्तोष जनाउनु अस्वाभाविक हैन" भनेर यस पुस्तकमा लेखकले अन्य जात जातिप्रति आक्रोश व्यक्त गरेका छन् । तर अहिलेको जिरेल समुदायले आधुनिकतालाई अपनाएका कुरा र जिरीमा भएका भौतिक विकासलगायत यस समाजले महिलालाई हेर्ने दृष्टिकोण, सामाजिक व्यवहार र समाजमा महिलाको स्थान आदि बारे यस पुस्तकमा कहींकतै पनि उल्लेख भएको पाइँदैन । यही विषयलाइ नै मुख्यरूपमा शोधार्थीद्वारा यस शोधप्रबन्धमा विस्तृत रूपमा समेटिएकोछ ।

२.२.८ डा. गणेशप्रसाद क्षेत्री र सोमप्रसाद खतिवडा, *हिन्दु समाज र धर्म,* मोरङः शिवा प्रकाशन, विराटनगर मोरङ, वि.सं. २०५४ ।

डा. गणेशप्रसाद क्षेत्री र सोमप्रसाद खतिवडाद्वारा लिखित हिन्दु समाज र धर्म नामक पुस्तक शिवा प्रकाशन बिराटनगर, मोरङले वि.सं. २०५४ मा प्रकाशनमा ल्याएको हो । दुई भाग र एघार अध्यायमा विभाजित यस पुस्तकको प्रथम भागमा विशेष गरी विभिन्न धर्महरूको बारेमा चर्चा गरिएको छ भने दोस्रो भागमा हिन्दुधर्मसम्बन्धी चर्चा गरिएको छ । यस पुस्तकका यी दुबै भागहरू यस शोध अध्ययनका लागि अत्यन्त उपयुक्त रहेका छन् । त्यस्तै पुस्तकको छैटौं अध्यायको पृष्ठसंख्या १२७ देखि १७४ सम्ममा बौद्धधर्मसम्बन्धी व्याख्या गरिएको छ ।

नेपालमा अनुसरण गरिने अन्य मुख्य मुख्य धर्महरू सरह बौद्धधर्मको इतिहास पनि धेरै पुरानो छ । लेखकहरूका अनुसार नेपालमा बौद्धधर्म लिच्छवीकालभन्दा अगाडिदेखि नै प्रचलित थियो । विभिन्न कालखण्डमा बौद्धधर्मले केही आरोह-अवरोहहरू बेहोर्नु परे तापनि यस धर्मको यहाँ स्वतन्त्रताका साथ प्रगति भएको छ । यसो हुनाको प्रमुख कारण बौद्धधर्मका प्रवर्तक भगवान् गौतम बुद्ध स्वयम्‌को जन्म वर्तमान नेपालको लुम्बिनीमा भएकोले पनि हो । लेखकहरूका अनुसार प्राचीन र मध्यकालमा सबै धर्मलाई समानरूपले सम्मान गरिन्थ्यो । प्राचीन र मध्यकालमा नेपाली समाजमा धार्मिक सहिष्णुताको मान्यता भरपूर देखिन्छ । तत्कालीन राजाहरू पनि धार्मिक रूपमा अत्यन्त उदार थिए तसर्थ बौद्ध र हिन्दु धर्मको समानरूपले विकास हुनगयो ।

यस पुस्तकमा बौद्धधर्मको विकासको बारेमा सविस्तार उल्लेख गरिएकाले बौद्धधर्मसम्बन्धी अध्ययन गर्न शोधार्थीलाई यस पुस्तकबाट केही मात्रामा सहयोग पुगेको छ, तर यस पुस्तकमा पनि महिलाहरूको स्थान र संस्कृतिका बारे खासै चर्चा गरिएको छैन, जुन यस शोधप्रबन्धले समेटेको छ ।

२.२.९ आचार्य बलदेव, उपाध्याय, *बौद्ध-दर्शन-मीमांसा,* बाराणसीः चौखम्बा विद्याभवन, (पञ्चम संस्करण), ई.सं. १९९९ ।

ई.सं. १९९९ मा चौखम्वा बिद्याभवन वाराणसी, भारतले प्रकाशन गरेको यस पुस्तकको पाँचौ संस्करण पाँच खण्डमा विभाजित छ । प्रथम खण्डमा बौद्धधर्मको प्राचीन

स्वरूपको बर्णन गरिएको छ । दोस्रो खण्डमा बौद्धधर्मको धार्मिक विकास अर्थात् अष्टादशनिकाय, त्यससम्वन्धी मत, त्रिविधयान तथा महायानका विशिष्ट सिद्धान्तका बारेमा उल्लेख गरिएको छ । यस पुस्तकको तेस्रो खण्डमा दार्शनिक विकासको विस्तृत विवरण दिइएको छ भने चौथो खण्डमा बौद्ध न्याय, बौद्ध ध्यानयोग तथा बौद्धतन्त्रको परिचयका साथै बौद्ध न्यायअन्तर्गत हेतुविद्या र प्रमाणशास्त्रबारे पनि सङ्क्षिप्त विवरण दिइएको छ । बौद्धधर्मको प्रसार-प्रसार, हिन्दुधर्मको बौद्धधर्मसँगको तुलना र बौद्धधर्मको महत्त्वको विषयमा यस पुस्तकको पाँचौ खण्डमा बृहत् ब्याख्या गरिएको छ । पुस्तकमा भएका सम्पूर्ण खण्डहरू यस शोधप्रबन्का लागि अत्यन्त उपयोगी देखिएकाले सो पुस्तकको बृहद्रूपमा यहाँ समीक्षा गरिएको छ ।

पुस्तकका अनुसार सम्राट् अशोकले बौद्धधर्मलाई राजकीय आश्रय दिएर व्यापक रूपमा प्रचारप्रसार गरे । सम्राट् अशोकले आफ्ना छोरा महेन्द्र र छोरी सङ्घमित्रालाई धर्मप्रचार गर्नका लागि श्रीलङ्का पठाए, जसका कारण श्रीलङ्का हिनयान सम्प्रदायको केन्द्र नै बन्न पुग्यो । यहींबाट नै यो धर्म वर्मा (म्यानमार), थाइल्याण्ड, कम्बोडियातर्फ फैलिन पुग्यो । हाम्रो देश नेपालको उत्तरतिर चीनस्वशासित क्षेत्र तिब्बतको राजधर्म बौद्धधर्म हो । भिक्षु राहुल सांकृत्यायनका अनुसार राजा श्रङ् चङ् गम्पो (जन्मकाल ५५७ ई.सं.) ले नेपालकी राजकुमारी भृकुटीसँग विवाह गरेपश्चात् मात्र तिब्बतमा बौद्धधर्मको प्रवेश भएको थियो । तिनले आफूसँगै नेपालबाट अक्षाम्य मैत्रेय र ताराका मूर्ति पनि सँगै लिएर गएकी थिइन् । यिनै राजकुमारीको प्रभावबाट श्रङ् चङ् गम्पो आफैले पनि बौद्धधर्म स्वीकार गरे । ई.सं. ७६३ मा नालन्दा विहारबाट बरिष्ठ दार्शनिक पण्डित शान्तरक्षितलाई तिब्बतमा बोलाएपछि यस धर्मले अरू व्यापकता पायो । यसै समयमा तिब्बतको ‘सम्य’ नामक स्थानमा एउटा भव्य विहारको निर्माण पनि भयो । यसकासाथै कैयौं तिब्बतीहरूले बौद्धधर्मको अनुसरण गरे । कालान्तरमा यही ‘सम्य’ नामक स्थानमा वनेको विहार र यिनै भिक्षुहरू बौद्धधर्मको प्रचार प्रसारमा संलग्न हुन पुगे भनेर बौद्धधर्मको विस्तार र विकासका वारेमा यस पुस्तकमा सुन्दर तरिकाले वर्णन गरिएको छ ।

बौद्धधर्म तथा बौद्धदर्शनका शब्दका पारिभाषिक क्षेत्रमा मात्र नभई बौद्धधर्मको प्रसार, हिन्दुधर्मको बौद्धधर्मसँगको तुलना र बौद्धधर्मको महत्त्वको विषयसमेत समेटेको यो पुस्तक यस शोधअध्ययनका लागि अत्यन्तै उपयोगी रहेको छ । तर बौद्धधर्मको नेपाली भू-

भागतर्फको प्रवेश, प्रचार, प्रसार र यसको व्यापकतालाई लिएर यस पुस्तकमा कतै पनि चर्चा नगरिएकोले यस विषयमा थप अनुसन्धानको महसुस गरिएको छ ।

बुद्धकालीन समाजमा महिलाहरूको अवस्था र भगवान् बुद्ध स्वयम्ले महिलालाई हेर्ने दृष्टिकोणबारेको विषयवस्तु यस पुस्तकको पृष्ठसंख्या अठार र उन्नाईस्मा *'स्त्रियाँ'* भन्ने शीर्षकमा सटीक रूपमा उल्लेख गरिएको छ । पुस्तकका अनुसार बुद्धकालीन समाज वैदिक युगको समाजजस्तो महिलाको लागि उदार थिएन । बुद्धकालीन समाजमा वेदकालमा भएको स्वतन्त्रता तथा आध्यात्मिकता पनि क्रमश: हराउँदै गएको थियो । महिलाहरूलाई धर्ममा पनि कुनै अधिकार थिएन । लेखकका अनुसार त्यसवेलामा स्वयम् बौद्ध धर्मावलम्बीहरू पनि महिलाहरूलाई हीनताको सूचक हो भन्ने मान्यता राख्दथे भने महिलाहरूलाई आशीर्वाद दिँदा अर्को जन्ममा पुरुष भएर जन्मनू भनेर दिने गरिन्थ्यो । तत्कालीन समाजमा पुरुषहरू मात्र शूरवीर तथा पण्डितलगायत ठूला मानिस बन्न सक्दछन् भन्ने मान्यता हुने गर्दथ्यो ।

बुद्धकालीन समयको समाजमा धनीमानीहरूको बढी बोलबाला थियो र उनीहरूले आफ्नो जीवन भोगबिलासमा बिताउने गर्दथे । त्यो समाज कुनै हालतमा पनि आदर्श थिएन भन्दा पनि हुन्छ । समाजमा गरिबहरूको सङ्ख्यामा पनि कमी थिएन । घरमा दासदासी राख्ने र उनीहरूबाट नै खेतीपाती लगायत सबै काम गराउने गरिन्थ्यो । यस समाजमा महिलाहरू पनि यही दोस्रो दर्जाको नागरिकमा नै पर्दथे । महिलाहरुको सामाजिक तथा आर्थिक अवस्था गएगुज्रेको थियो । महिला भएर जन्मनु नै त्यसवेलामा उनीहरूका लागि एक अभिशाप हुने गर्दथ्यो । भगवान् बुद्धले समाजमा भएको यस विकृति र असमानतालाई आफ्नै आँखाले राम्रोसँग नजिकबाट देख्नुभएको थियो र यसलाई बोध पनि गर्नुभएको थियो । त्यसवेला विद्यमान विविध किसिमका सामाजिक विकृतिहरूलाई समाजबाट हटाउनकालागि भगवान् बुद्धले नयाँ बाटोको प्रतिपादन गरी व्यवहारमा ल्याउनुभयो । तत्पश्चात् कैयौं आरोह अवरोह पार गर्दै आएको बौद्धधर्मले एक्काईसौं शताब्दीमा आएर कस्तो अवस्थामा प्रवेश गरेको छ, यस धर्मका अनुयायी महिलाहरूको सामाजिक आर्थिक अवस्था कस्तो रहेको छ, बौद्धमार्गि समाजले आफ्ना महिलाहरूलाई कस्तो स्थान दिएको छ लगायतका विविध बुँदाहरूको वृहद् अध्ययन यस शोधप्रबन्धमा गरिएको छ ।

२.२.१० किम गुश्वो, *बिइङ्ग अ बुद्धिस्ट नन्: द स्ट्रगल फर इन्लाइटेन्मन्ट इन द हिमालयाज्* (*Being a Buddhist Nun: The Struggle for Enlightment in the Himalayas*), लन्डन: हार्वर्ड युनिभर्सिटी, ई.सं. २००४ ।

दक्षिण-पूर्वी एसियाको धर्म र संस्कृतिका अनुसन्धानकर्ता किम गुश्वो, हार्वर्ड विश्वविद्यालयकी एक प्राध्यापक हुन् । यिनले भारतको लद्दाख र जाङ्खार क्षेत्रमा तीन वर्ष अध्ययन गरेर 'बिइङ्ग अ बुद्धिस्ट नन्: द स्ट्रगल फर इन्लाइटेन्मेन्ट इन द हिमालयाज्' नामक यो पुस्तक तयार पारेकी छन् । ई.सं. २००४ मा हार्वर्ड युनिभर्सिर्टी प्रेस, लन्डनद्वारा प्रकाशित यस पुस्तकले मुख्यत: तिब्बती परम्परा अनुसार बौद्धधर्ममा प्रवज्या लिएर लद्दाख पुगेका आनीहरूको जीवनका कैयौं आयामहरूका अलावा आधुनिकताले पारेको प्रभाव समेतलाई उजागर गर्ने प्रयास गरेको छ । बौद्धमार्गी जिरेल समाजले आनीहरूलाई दिएको स्थान र उनीहरूको आर्थिक निर्भरतालगायतका विविध विषयहरूमा केन्द्रित रहेको यस शोधको विषयसँग यो पुस्तकले उठाएका विषयहरु पनि मेल खाने भएकोले यसको समीक्षा अत्यन्त उपयोगी रहेको छ ।

पुस्तकका अनुसार लेखिकाले अध्ययन गरेको क्षेत्रमा वदलिँदो समयसँगै आनीहरूको दैनिक जीवनमा पनि आधुनिकताले गहिरो प्रभाव पार्दैलगेको छ । यसकै कारणले नै बौद्ध विनयमा उल्लेख गरिएको भिक्षु तथा भिक्षुणीहरूले अन्य साधारण मानिस सरह आयआर्जनको विभिन्न कामहरू गर्न नहुने लगायतका परम्परागत धार्मिक आचरणमा समेत प्रशस्त असर परेको देखिन्छ, फलस्वरूप लद्दाखका आधुनिक आनीहरू साधारण गृहस्थ मानिस जस्तै आयआर्जनका विभिन्न कार्यहरूमा लागेका देखिन्छन् । यस पुस्तकमा उदाहरणका रूपमा लिइएकी छिरिङ पाल्मो नामक एक आनी बौद्ध संस्थाको छात्रवृत्ति सहयोगमा पढेकी एक चिकित्सक हुन् । उनले लद्दाखमा लद्दाखी नन्स एसोसिएसन् नामक संस्था खोलेकी छन्, जस अन्तर्गत उनले बौद्धधर्मको उत्थानको लागि काम गर्दछिन् । लद्दाखी नन्स एसोसिएसन्ले आनीहरूलाई आध्यात्मिक अध्ययनले मात्र पुग्दैन, साधारण शिक्षा र बिभिन्न तालिमहरूको ब्यबस्था पनि गर्नुपर्दछ भन्ने मान्यता राखेको छ । यस अभियान अन्तर्गत कैयौं आनीहरू आजकाल बौद्धधर्मका अलावा मातृशिशु स्वास्थ्य, सिलाइबुनाइ तालिम, लेखापाल, धुँवारहित चुलो बनाउने, परम्परागत उपचार (आम्ची), चित्रहरू बनाउने, सिलाइ गर्ने, हस्तकला जस्ता बिषयमा तालिम लिएर रोजगारीका

विभिन्न उपायहरू पनि गरिरहेका छन् । आनीहरूको जीवनमा आएको यो सबै पविर्तन परनिर्भर हुनुहुँदैन, आर्थिक रूपमा आफै स्वाभिमानी बन्नुपर्दछ भन्ने आधुनिक सोचको प्रभावका कारणले नै हो भन्न सकिन्छ ।

यस पुस्तकका अनुसार यहाँका आनीहरू संगठनात्मक रूपमा पनि आफ्ना समस्या समाधानका उपायहरू आफै खोज्नुपर्छ भन्नेतर्फ जोडतोडले लागिपरेका छन् । आर्थिक अभाव नै आनीहरूको पहिलो साझा समस्या हो र यसकै कारण उनीहरूलाई धर्मको अभ्यास गर्ने समयको पनि कमी हुने गर्दछ भन्ने ठम्याइ यहाँ रहेको छ । वास्तविकतालाई हेर्ने हो भने आर्थिक अभावको कारणले नै यहाँका आनीहरू समेतले कृषि मजदुरको रूपमा काम गरेर आयआर्जन गर्नुपर्ने वाध्यता रहेको देखिन्छ, जसका कारण यहाँका आनीहरू न त पूर्ण आनी बन्न सकेका छन्, न त पूर्ण गृहस्थ नै बन्ने अबस्था रहेको छ । तशर्थ लेखिकाले यस पुस्तकमा यिनी आनीहरूलाई 'दुई संसारको बीचमा झुण्डिएका' मानिसका रूपमा उपमा दिएकी छन् ।

लेखिकाले आफ्नो यस पुस्तकमा आनीहरूको पूर्ण उपसम्पदाको अर्न्तराष्ट्रिय मान्यता नहुनुलाई दोस्रो समस्याका रूपमा चित्रण गरेकी छन् । समाजमा बढ्दो आधुनिकताका कारण टुटिसकेको भिक्षुणीहरूको सङ्घ परम्परालाई पुन: स्थापित गर्ने र यसलाई अर्न्तराष्ट्रिय रूपमा नै मान्यता प्राप्त गराउनका लागि संगठनात्मक तथा अन्तर्राष्ट्रिय रूपमै आनीहरूका वीच एकता गरी एकजुट भएर लागिपरेका छन् । आनीहरूले यसका अलावा घर गृहस्थमा गरिने पूजापाठ तथा अन्य रीतिरिवाज गर्ने पूर्ण अधिकारसमेत स्थापित गर्न भरपुर पहल गरिरहेका छन् । परापूर्वकालदेखि नै भिक्षुहरू मात्र गुम्वाका प्रमुख व्यक्ति बन्ने परम्पराका विरुद्ध चलाइएको आनीहरूको अभियान र हालका दिनहरूमा आनीहरूमा विकसित हुँदै गएको चेतनाका कारण अहिले बनेका जाङ्खारका केही आनीगुम्वाहरूमा यिनीहरूले नै नेतृत्व गर्ने गरेको देखिन्छ । तर यो विषयवस्तु अत्यन्तै महत्त्वपूर्ण रहेको भए तापनि भारतको लद्दाख र जाङ्गखार क्षेत्रमा मात्र सीमित रहेका कारणले हाम्रा देशका आनीहरूको अवस्थालाई ठोस रूपमा प्रतिनिधित्व गर्दैन । तसर्थ, आधुनिकताका कारणले नेपालको बौद्ध समाजमा कस्ता परिवर्तनहरू देखापरेका छन्, बौद्ध गुम्वाहरूमा धर्मको अभ्यास गर्ने र उपासक उपासिकाको दानमा जीवन निर्वाह गर्नुपर्ने आनीहरूको जीवनमा कस्तो किसिमको परिवर्तन आएको छ, बौद्धमार्गी जिरेल

समाजले आनीहरूलाई कुन दृष्टिकोणले हेर्ने गर्दछ र यिनीहरूको प्रमुख आयस्रोत के रहेको छ भन्ने कुराको जानकारी पाउनका लागि थप अनुसन्धानको महसुस गरिएको छ ।

### २.२.११ आचार्य भिक्षु, अमृतानन्द, *बुद्धकालीन श्राविका, महाप्रजापति गौतमी,* ललितपुर: सत्य सन्देश प्रचारक मोतीलाल शिल्पकार परिवार, जावलाखेल, वि.सं. २०६१ ।

आचार्य भिक्षु अमृतानन्दले लेखेको, *'बुद्धकालीन श्राविका, महाप्रजापति गौतमी'* नामक यो पुस्तक मोतीलाल शिल्पकारद्वारा वि.सं. २०६१ मा प्रकाशनमा ल्याइएको हो । उक्त पुस्तकका अनुसार समाज विकासका विभिन्न कालखण्डमा बौद्धधर्मको विकासमा महिलाहरूले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । त्यसमध्ये बौद्धधर्मको प्रतिपालनामा बुद्धकालदेखि नै सक्रिय महिलाहरूमा महाप्रजापति गौतमीलाई उदाहरणीय मान्न सकिन्छ । उनन्तीस वर्षसम्म गौतम बुद्धलाई कपिलवस्तुमा स्याहारसुसार गरेकी उनकी विमाता अर्थात् (सौतेनी आमा) महाप्रजापति गौतमी थिइन् । उनी बौद्धधर्म अनुयायी प्रथम भिक्षुणी, गौतमबुद्धकी सानीआमा र शुद्धोदन महाराजाकी कान्छी बडामहारानी थिइन् । देवदह नगरका अञ्जन शाक्य र सुलक्षणा रानीकी कान्छी छोरी महाप्रजापति गौतमी महामायादेवीकी बहिनी थिइन् । राजा शुद्धोदनको धेरै वर्षसम्म सन्तान नभएपछि प्रजापति गौतमीको तर्फबाट सर्वप्रथम एउटा कन्याको जन्म भयो जसको नाम 'नन्दा' राखियो । यसै क्रममा महामायादेवीको गर्भबाट सिद्धार्थ गौतमको जन्म भयो । यिनको जन्म भएको सात दिनपछि मायादेवीको मृत्यु भयो र उनको पालनपोषण पनि प्रजापतिले नै गरिन् । सिद्धार्थले गृहत्याग गरेको सात वर्षपछि गौतमीले प्रथम पटक उनको दर्शन पाइन् ।

यस पुस्तकमा उल्लेख भएअनुसार राजा शुद्धोदनको मृत्युपश्चात् प्रजापति गौतमी पनि भगवान् बुद्धसमक्ष गएर भिक्षुणी हुने इच्छा व्यक्त गरिन्, तर तत्काल आज्ञा पाइनन् । तर पनि गौतमीले स्वयम् काषायवस्त्र धारण गरी प्रव्रज्या भेष धारण गरिन् । तीनचार पटक आग्रह गर्दा पनि भगवान् बुद्धले नमानेपछि कोठाबाहिर दैलोनिर उभिइरहेकी थिइन् । उनको खुट्टा सुन्निएको र आङभरि धुलैधुलो लागेको थियो । उनी गहभरि आँसु पारी रोइरहेकी थिइन् । स्थविर आनन्दले यो देखेर आश्चर्यचकित एवम् दुःखी भई उनी रुनाको कारण सोधे । प्रजापतिले आफू भिक्षुणी हुन चाहेको र भगवान्ले आज्ञा नदिएको कुरा राखिन् । त्यसपछि आनन्द भगवान् बुद्धकहाँ गई स्त्रीजातिलाई पनि भिक्षुणी बनाउने आज्ञा

मागे । तर भगवान् बुद्धले महिलाजातिलाई एकैचोटि अनुमति दिँदा राम्ररी धर्मलाई गौरवमा राख्ने छैनन् र बारबार याचना गरेपछि हुनेछ र भविष्यको निम्ति आदर्श पनि रहन जानेछ भन्ने आदि कारणहरूलाई ध्यानमा राखी महाकारुणिक बुद्धले एकैचोटि अनुमति नदिएको हुनु पर्छ भनेर उक्त पुस्तकमा चर्चा गरिएको छ ।

महिलाले भिक्षुणी प्रव्रज्या लिएपछि त्यसको नियमलाई अत्यन्त गौरवपूर्वक पालन गर्नुपर्छ । अष्टगुरु धर्म भनिने यस नियमलाई पालन गर्ने वचन दिएमा मात्र महिलालाई प्रव्रज्या गराउने वचन बुद्धले दिनुभयो । यसरी भगवान् बुद्धले महिलालाई भिक्षुणी प्रव्रज्या गर्न अनुमति दिएपछि प्रजापति गौतमी नै पहिलो महिला भिक्षुणी भइन् । उनीसँगै ५०० अन्य महिलाहरूले पनि भिक्षुणी प्रव्रज्या ग्रहण गरेका थिए । त्यसमध्ये यशोधरा पनि एक थिइन् जसले भिक्षुणी प्रव्रज्या ग्रहण गरिन् भन्ने कुरासमेत यहाँ उल्लेख गरिएको पाइन्छ । महाप्रजापति गौतमीले चालीस वर्षको उमेरमा छोरा पाइन्, असी बर्षको उमेरमा भिक्षुणी भई एकसय बीस बर्षको उमेरमा परिनिर्वाण भएको कुरा विस्तृत रूपमा यस पुस्तकमा चर्चा गरिएको छ । बौद्धकालीन साहित्यअनुसार बुद्धकालमा भिक्षुणी भई बौद्धधर्म र शील विनय पालना गरेका भिक्षुणीहरूमध्ये महाप्रजापति गौतमीको नाम प्रथममा आउँदछ । यिनले बौद्धधर्मको विकास र उत्थान कार्यमा ठुलो योगदान दिएको देखिन्छ ।

महाप्रजापति गौतमीले त्यसवखतबाट नै महिलालाई समाजमा पुरुषसरह अधिकार दिलाउनका लागि धेरै प्रयास पश्चात भिक्षुणी सङ्घ स्थापना गरिन् जुन बौद्धधर्मको विकास तथा उत्थानका लागि एउटा महत्त्वपूर्ण योगदान रहन गयो । यस शोधप्रबन्ध मार्फत बौद्धमार्गी जिरेल महिलाहरूको आफ्नो समाजमा बिद्यमान स्थानको बारेमा अध्ययन गर्नुपर्ने भएकोले बौद्धधर्मका जन्मदाता भगवान् बुद्धलाई जन्म नदिए पनि पालन पोषण गरी हुर्काउने र बुद्ध बन्न योग्य बनाउने मात्र नभएर सिङ्गो महिलाजातीकोलागि यस संसारमा भिक्षुणी हुने द्वार खोल्ने भगवान गौतम बुद्धकी विमाता महाप्रजापति गौतमीको बारेमा आचार्य भिक्षु अमृतानन्दबाट लेखिएको र सत्य सन्देश प्रचारक मोतीलाल शिल्पकार परिवार, जावलाखेल, ललितपुरबाट वि.सं. २०६१ म प्रकाशित बुद्धकालीन श्राविका, महाप्रजापति गौतमी नामक यो पुस्तक यस शोधको लागि अति उपयोगी हुने देखिएकोले यस पुस्तकको समीक्षा गरिएको छ ।

२.२.१२ डा. रञ्जना बज्राचार्य, *कल्चरल् डाइभर्सिटी एन्ड जेन्डर (Cultural Diversity and Gender),* ललितपुर: भक्तनन्द बज्राचार्य, सुभास प्रिन्टिङ्ग प्रेस, वि.सं. २०६२ ।

डा. रञ्जना बज्राचार्यद्वारा लिखित *'कल्चरल् डाइभर्सिटी एन्ड जेन्डर'* नामक यो पुस्तक, भक्तानन्द बज्राचार्यद्वारा सुभास प्रिन्टिङ्ग प्रेस, ललितपुरबाट वि.सं. २०६२ मा प्रकाशित भएको हो । यो पुस्तक यस शोधको विषयवस्तुसँग मेल खाने भएकोले यसको समीक्षा गर्नु शोधको लागि आवश्यक देखिन्छ । पाँच अध्यायमा विभाजित प्रस्तुत पुस्तक समग्रमा एक खोजमूलक र अत्यन्तै महत्त्वपूर्ण अध्ययन सामग्री हो । यस पुस्तकको पहिलो अध्यायमा परिचय, दोस्रो अध्यायमा लैङ्गिक विभेदको बनोट, यससँग सम्वन्धित मुद्दाहरू र अभ्यासहरू दिइएको छ । त्यस्तै, तेस्रो अध्यायमा लैङ्गिक विभेदका समस्याहरूको समाधान तथा व्यवस्थापनको क्षेत्रलाई व्याख्या गरिएको छ । महिलाहरूलाई कसरी मूलधारमा ल्याएर सशक्त र पुरुष समान बनाउने भन्नेबारे चौथो अध्यायमा व्याख्या गरिएको छ भने पाँचौ अध्यायमा यस पुस्तकको उपसंहार दिइएको छ ।

सांस्कृतिक विविधता र लिङ्गका बारेमा लेखिएको यो पुस्तक शताब्दीयौँदेखि नेपालको उत्तरी भेगमा बसोबास गर्दैआएका एक जनजाति जिरेल र एवम् रितले सामाजिक उत्पीडनमा परेका जिरेल महिलाको बारेमा गर्न खोजिएको यो शोध अध्ययनका लागि अत्यन्त महत्त्वपूर्ण रहेको छ । उक्त पुस्तकका अनुसार लैङ्गिक असमानता, लैङ्गिक हिंसा र लैङ्गिक अन्यायलाई न्यूनीकरण गर्न अथवा सच्याउने र शान्त समाजको निर्माण गर्ने उद्देश्यका साथ प्रत्येक धर्मावलम्बीहरूले थुप्रै सामाजिक तथा सांस्कृतिक सङ्घ-सङ्घठनहरू स्थापना गरेका पाइन्छन् । सोहीअनुरूप शाक्यधिता नामक एउटा बौद्ध धर्मावलम्बीहरूको अन्तर्राष्ट्रिय महिला सङ्गठनले पनि सन् २००२ मा गौतमबुद्धको जन्मस्थल लुम्विनीमा छैटौँ अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गरेको थियो । यस सम्मेलनमा महिला आफ्नो, परिवारको, समुदायको र संसारकै शान्तिका निर्माता हुन् भन्ने नाराका साथ गौतमबुद्धकी आमा महामायाप्रति श्रद्धा व्यक्त गर्दै समापन गरिएको थियो ।

उक्त पुस्तकका अनुसार शाक्यधिता नामक संस्था परिवारमा, समाजमा, राज्यमा तथा संसारमै विद्यमान लैङ्गिक अन्तर्विरोध छलफल र समझदारीका माध्यमद्वारा हल गर्ने उद्देश्यका साथ स्थापित एउटा अन्तर्राष्ट्रिय संस्था हो । यस संस्थाले लैङ्गिक समानतामा त्यत्तिकै जोड दिन्छ । लेखिकाले महिलाहरू समाज विकासको मूलधारमा नहुनुलाई

समाजमा विद्यमान सामाजिक, आर्थिक, तथा राजनैतिक र नेपाली समाजमा विद्यमान ऐतिहासिक तथा सांस्कृतिक रूढिवादको जडमा टेकेको वर्तमान सामाजिक, आर्थिक, तथा राजनैतिक असमानता नै हो भनेकी छन् । यस समस्याको निराकरणका लागि आर्थिक स्रोत तथा साधनहरूमा महिलाहरूलाई सशक्त बनाउँदै राजनैतिक क्षेत्रमा पनि उनीहरूलाई पुरुषसरहको अधिकार दिनुपर्दछ भनेर जोड दिएकी छन् ।

लेखिकाका अनुसार महिलाहरूमाथि हुने गरेका विभेद बहुआयामिक अर्थात् जटिल किसिमको हुने गरेका कारण यसलाई अध्ययन गर्दा समाजका विभिन्न कोणहरूबाट हेर्नु पर्ने हुन्छ, जसमा रूपान्तरको शुरुवात सर्वप्रथम परिवारबाट नै गर्नु पर्ने हुन्छ । तसर्थ, यो पुस्तक नेपालमा विद्यमान लैङ्गिक अवस्थाका बारेमा जान्न चाहने व्यक्तिहरूलाई निकै उपयोगी देखिन्छ । यस पुस्तकमा उद्धृत स्रोतहरू पनि सन्दर्भसूचीमा प्रस्टसँग खुलाइएकाले पनि नेपालका जनजाति एवम् महिलाहरूको अवस्थाका बारेमा विस्तृत अध्ययनका लागि यसबाट थप खुराक मिल्दछ । पुस्तकका अनुसार हाम्रो देशमा विद्यमान लैङ्गिक विभेदलाई हटाउन धेरै किसिमका प्रयासहरू पारिवारिक रूपमा, समुदाय र राज्यस्तरमा गर्नुपर्ने देखिन्छ । नेपाली महिलाहरूले भोग्नु परेका विभेदहरू मूलभूत रूपमा एउटै प्रकृतिका भए तापनि लैङ्गिक विभेद विभिन्न समुदाय, जातजाति, धर्मका वीच भिन्नभिन्न प्रकृतिको हुने गर्दछ ।

यस पुस्तकमा अगाडि लेखिएको छ – जिम्मेवारीको सन्तुलित बाँडफाँड र समाजमा महिलाहरूलाई पुरुषसरहको अधिकार प्राप्त हुनु समाज विकासका मुख्य सूचकहरू हुन् । यसका अतिरिक्त पारिवारिक स्तरभन्दा बाहिर समाजमा र राष्ट्रमा विद्यमान महिला विभेदका मुद्दाहरूलाई उचित सम्बोधनको खाँचो औंल्याउदै लैङ्गिक असमानताका साथै नेपालमा विद्यमान सांस्कृतिक विविधताका बारेमा पनि सूचनामूलक तरिकाले यस पुस्तकमा व्याख्या र विवेचना गरिएको छ । शताब्दीयौंदेखि उत्पीडनमा रहेका नेपाली महिलाहरूलाई समग्र विकासको मूलधारमा कसरी ल्याउन सकिन्छ, महिलाहरूलाई कसरी सशक्त बनाउने र समाजमा महिलाहरूलाई पुरुषसरह अधिकार कसरी दिलाउने भन्ने विषय पनि यस पुस्तकले गम्भीर रूपमा उठान गरेको देखिन्छ ।

यस पुस्तकले मूलतः नेपालको परिवेशमा विद्यमान लैङ्गिक विभेद, असमानताका मुद्दाहरू बृहत्‌रूपमा समेट्नुका साथै यसको निराकरणका व्यावहारिक उपायहरू समेतलाई विस्तृत रूपमा समेटेको हुनाले दोलखाको जिरीमा बस्ने जिरेल समाजमा

महिलाहरूको स्थानलाई केन्द्रमा राखेर गरिएको प्रस्तुत शोध अध्ययनको लागि महत्त्वपूर्ण देखिन्छ ।

### २.२.१३ रञ्जना बज्राचार्य, *नेवार बौद्ध संस्कार,* काठमाडौँ: नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, वि.सं. २०६५ ।

श्रीरञ्जना बज्राचार्यद्वारा लिखित *'नेवार बौद्ध संस्कार'* नामक यो पुस्तक, नेपाल र एसियाली अनुसन्धान केन्द्र त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौँद्वारा वि.सं. २०६५ मा प्रकाशित भएको हो । यस पुस्तकमा भएका केही अध्यायहरू यस शोधको विषयवस्तुसँग मेल खाने भएकोले यसको समीक्षा आवश्यक देखिन्छ । सत्र अध्यायमा विभाजित यस पुस्तकको पहिलो अध्यायमा नेपालमा बौद्धधर्मको सङ्क्षिप्त इतिहासको बारेमा उल्लेख गरिएको छ । अहिंसा र शान्तिका प्रतीक भगवान् बुद्धको जन्म नेपालको लुम्बिनीमा नै भएकोले उक्त पुस्तकमा बुद्धको इतिहासको पहिलो पाना नेपालबाटै शुभारम्भ भएको छ र भगवान् बुद्धको उपदेशबाट विश्वभरि मानवता, करुणा, प्रज्ञा, आध्यात्मिकता र शान्तिको ज्योति प्रज्वलित हुन पुग्यो, यसै कारण नै बुद्धप्रति आज विश्वभरि अपार श्रद्धा र आस्था छ भनिएको छ ।

उक्त पुस्तकका अनुसार प्राचीनकालदेखि नै बौद्धधर्मले नेपालमा महत्त्वपूर्ण एवम् गरिमामय स्थान हासिल गरेको छ । नेपालको मध्य तराई क्षेत्रमा स्थापित अशोक स्तम्भहरूका अनुसार क्रकुछन्द बुद्ध, कनकमुनि बुद्ध र गौतमबुद्धको जन्मभूमि पनि नेपाल नै हो । नेपाल मण्डलमा श्री स्वयम्भू महाचैत्यको प्रतिस्थापना र समय–समयमा अनेक बुद्ध तथागत (सप्तनथागत), बोधिसत्व (मञ्जु श्री) सिद्ध, योगीहरूको आगमनले गर्दा नेपालमा गौतमबुद्धभन्दा अगाडिदेखि नै यो धर्म विद्यमान भएको मानिको छ ।

बुद्धको जन्मस्थल लुम्बिनी र कपिलवस्तु क्षेत्र (राजा शुद्धोधनको राजधानी) मा बुद्धको जीवनकालमा नै बौद्धधर्म प्रचलित भएको पाइन्छ । बुद्धले बोधिज्ञान हासिल गरेपछि उनका पिता शुद्धोधनले कपिलवस्तुबाट तीनपटक हजार–हजारको सङ्ख्यामा पठाएका दूतमण्डलका सबै व्यक्तिहरू बुद्धद्वारा प्रव्रजित हुन पुगेका थिए । भगवान् बुद्ध एकपटक कपिलवस्तु आइबसेका बेला छोरा राहुल, भाइ नन्द, श्रीमती यशोधरा, राजमाता गौतमीका साथै अन्य शाक्य र कोलियहरूले प्रव्रज्या ग्रहण गरी बौद्धधर्म ग्रहण गरेको कुरा यस

पुस्तकमा पढ्न पाइन्छ । यसबाट बुद्धको जीवनकालमै नेपालमा बौद्धधर्म प्रचलित भइसकेको थियो भनेर मान्न सकिने प्रशस्त आधार मिल्दछ ।

पुस्तक लेखिका बज्राचार्यका अनुसार पनि भगवान् बुद्ध आफ्ना १३५० शिष्यहरू सहित काठमाडौँमा आएर स्वयम्भू डाँडाको पश्चिमस्थित हाल पुच्छाग्र चैत्य रहेको ठाँउमा बस्नुभएको थियो । त्यही एउटी यक्षिणीलाई प्रव्रजित गर्नु भएको थियो भन्ने कुरा स्वयम्भू पुराणमा समेत उल्लेख भएको छ । बुद्धको जीवनकालमा नै काठमाडौं उपत्यका व्यापारको मूल थलो थियो । व्यापारीका साथ लागेर भिक्षुहरू पनि काठमाण्डौं उपत्यकामा आवत-जावत गर्ने गर्दथे । कौशलराज विरुद्धको आक्रमणका कारणले शाक्यहरू लुम्बिनीबाट काठमाडौं उपत्यका र अन्य ठाउँहरूमा बसाइ सरेका थिए । उपलब्ध अन्य पाठ्य-सामग्रीका अनुसार पनि काठमाडौं उपत्यकामा बुद्धको जीवनकालमा नै यहाँका बासिन्दाले बौद्धधर्मलाई ग्रहण गरेको कुरा मानिएको छ ।

लिच्छवीकालमा काठमाडौंस्थित काठेसिम्भू स्तुप बनेको हुन सक्ने र चाबहिलको अभिलेखको विवरणका कारणले त्यसवेला नेपालमा बौद्धधर्मले राम्रो स्थान लिइसकेको हुन सक्ने अनुमान यस अध्ययनमा लेखिकाले गर्नुभएको छ । वैशालीका लिच्छवीहरू बुद्धको जीवनकालमा नै बौद्धधर्मका प्रतिपालक थिए र राजा मानदेवको चाँगु अभिलेखमा राजा वृषदेवलाई लडाइँ कम गर्ने भनिनु र जयदेव द्वितीयको पशुपति अभिलेखमा सुगतशासन पक्षपाती भनी वृषदेवलाई सम्बोधन गरिएको हुनाले राजा मानदेवभन्दा चारपुस्ता अगावै बौद्धधर्म काठमाडौं उपत्यकामा राजकीय धर्म भइसकेको पुष्टि हुन जान्छ । लिच्छवीकालको प्रारम्भिक युगमै नेपालमा बौद्धधर्म व्यापक भइसकेको प्रमाणका रूपमा काठेसिम्भू स्तुप, चाबहिल चैत्य, स्वयम्भू चैत्य, बौद्धनाथ चैत्य, बाँदे गाउँ चैत्य, आदि महत्त्वपूर्ण चैत्यहरू बनिसक्नु पनि हो । यही कालमा बोधिसत्त्व अवलोकितेश्वरका मूर्तिहरू बन्न थालेको र इस्वीको सातौँ शताब्दीदेखि नै काठमाडौं उपत्यकामा बज्रयानको प्रचार सुरु भएको मानिन्छ । बज्रयानी मतअन्तर्गत पञ्चध्यानी बुद्धहरू क्रमशः अक्ष्योभ्य, रत्नसम्भव, अमिताभ, अमोघसिद्धि, वैरोचन बुद्ध चैत्यको चारै दिशामा प्रतिस्थापन गरी पूजा गर्ने परम्परा उपत्यकामा चलेको कुरा उल्लेख गरिएको छ । लिच्छवीकालमा बनेका साना साना चैत्यहरूमा ध्वाकावहाल चैत्य, लैनचौर चैत्य, नागबहाल चैत्य, अल्कोहिटी चैत्य महत्त्वपूर्ण मानिन्छन् । लिच्छवीकालमा राजा नरेन्द्रदेव बुद्धका अति नै भक्त थिए । यसैकालमा विभिन्न

चौधवटा विहारहरूको नाम पनि उल्लेख भएवाट लिच्छवीकालमा बौद्धधर्म नेपालमा व्यापक रूपमा फैलिएको थियो भन्ने कुरामा यस पुस्तकमा जोड दिइएको छ ।

यस पुस्तकमा मध्यकालमा राजा शिवदेवले परमसौगत पदवी ग्रहण गरी बौद्ध भिक्षु भएको र त्यस वेला विहारहरूको निर्माण पनि प्रशस्त मात्रामा वृद्धि भएको र हालको पाटन क्षेत्र बौद्ध शिक्षाकेन्द्रको रूपमा विकास भएको भनेर चर्चा गरिएको छ । भारतबाट शान्तरक्षित, पद्मसम्भव, कमलशील, अतीशा, दीपङ्कर आदि बौद्ध धर्मावलम्बी पण्डितहरू आई नेपालमा वज्रयानअन्तर्गत तन्त्र अनुष्ठान चर्याहरू प्रचार गर्न ठूलो सहयोग पुऱ्याएको र त्यस वेलाका महत्त्वपूर्ण तान्त्रिक देवदेवीहरूमध्ये हेमबज्र, हेरुक, संवर, चक्रसंवर, तारा, वसुन्धरा आदि  मानिन्छन् । यिनीहरूको पूजा-उपासना नेवार बौद्ध मार्गीहरूद्वारा गरिन्थ्यो । प्रस्तुत पुस्तकका अनुसार त्यसवेला बौद्ध मूर्ति र बौद्धधर्म सम्बन्धी ग्रन्थ, पौवाचित्रहरू प्रशस्त वृद्धि भई देश विदेशमा समेत निर्यातका साथै ग्रन्थहरू सुनौलो अक्षरले लेख्ने, अनुवाद गर्ने कार्य विहारहरूमा प्रशस्त भएको थियो । यस पुस्तकका बाँकी अध्यायहरूमा नेवार बौद्ध संस्कारको बारे विस्तृत वर्णन गरिएको छ जुन शोधप्रबन्धसँग खास मेल नखाने भएकाले उक्त अध्यायहरूको यहा समीक्षा गरिएको छैन । यसरी यस अध्ययनमा बौद्धधर्मसम्बन्धी विविध पक्षको चर्चा भएपनि बौद्ध समाजमा महिलाहरूको स्थान र भूमिकाका बारेमा चर्चा गरिएको छैन ।

### २.२.१४ सुरेन्द्रमान बज्राचार्य, *बुद्धिस्ट हेरिटेज् अफ नर्दर्न नेपाल, एन इन्ट्रोडक्सन् (Buddhist Heritage of Northern Nepal, An Introduction),* ललितपुर: लोटस रिसर्च सेन्टर ख्ये बही, ई.सं. २००८ ।

बुद्धिस्ट हेरिटेज् अफ नर्दर्न नेपाल एन इन्ट्रोडक्सन् नामक यस पुस्तकमा लेखक सुरेन्द्रमान बज्राचार्यले नेपालको उत्तरी भेगमा मानिने बौद्धधर्मको विषयमा विभिन्न दृष्टिकोणले व्याख्या गरेका छन् । लोटस रिचर्स सेन्टर ललितपुरले ई.सं. २००८ मा प्रकाशन गरेको यो पुस्तक नौ अध्यायमा विभाजित गरिएको छ भने पुस्तकको पृष्ठ संख्या २७३ रहेको छ ।

प्रथम अध्यायमा लेखकले नेपालको उत्तरी भेगमा प्रचलित बौद्धधर्मको परिचय दिएका छन् । यसमा नेपालको उत्तरतर्फको भूगोललाई पूर्वोत्तर क्षेत्र, मध्यपश्चिम उत्तर क्षेत्र

र पश्चिमोत्तर क्षेत्र गरी तीन भागमा विभाजन गरी यिनी प्रत्येक तीनवटा क्षेत्रमा बसोबास गर्ने मुख्य मुख्य बौद्धमार्गी जातजातिहरूको बारेमा लेखिएको छ । त्यस्तै दोस्रो अध्यायमा नेपालको उत्तरी भेगमा भगवान् बुद्धपूर्वको सांस्कृतिक सम्पदाको बारेमा विस्तृत रूपमा चर्चा गरिएको छ । पुस्तकको तेस्रो अध्यायमा तिब्बतमा अवलम्बन गरिने गरेको बौद्धधर्मको परिचय दिइएको छ, जस अन्तर्गत श्रङ् चङ् गम्पोको जीवनी र बौद्धधर्म विस्तारमा उनको भूमिका भृकुटी र नेपाल-तिब्बत सम्बन्ध, भृकुटीलगायत थुप्रै बौद्धधर्म गुरुहरूको बौद्धधर्मको उत्थान र विकासमा रहेको योगदानका बारेमा चर्चा गरिएको छ । अध्याय चारमा बौद्धधर्मको विभिन्न सम्प्रदाय र तिनका गुरुहरूका बारेमा चर्चा गरिएको छ । अध्याय पाँचमा गुम्बाका विभिन्न कामका साथै विभिन्न प्रकारका लामाहरू र लामा बन्ने विधि र लामाको आधारभूत कर्तव्य बारेमा व्याख्या गरिएको छ । अध्याय छमा नेपालमा भएका केही महत्त्वपूर्ण गुम्बाहरूका अलावा बौद्धमार्गीहरूका लाागि केही महत्त्वपूर्ण धार्मिक स्थल र बौद्धमार्गीहरूका केही प्रमुख चाडपर्वहरूका बारेमा दिइएको छ ।

यसै पुस्तकको अध्याय आठमा उत्तरी नेपालमा अनुसरण गर्ने गरिएको बौद्धधर्मसँग सम्बन्धित सन्दर्भसाहित्यको बारेमा चर्चा गरिएको छ । यस अध्यायमा चर्चा गरिएको बौद्ध साहित्यहरूमा तिब्बती साहित्य, तिब्बती बौद्ध साहित्यमा श्रङ् चङ् गम्पोको भूमिका, थोन्मी सम्भोटाको भूमिका अनूदित बौद्धधर्मका ग्रन्थहरू (कन्जुर, तेन्जुर, यूम र धरानी) लगायतका अन्य महत्त्वपूर्ण धर्म गाथाहरूका बारेमा विस्तृत चर्चा गरिएको छ । अध्याय नौमा हिमालयको उँचो भू-भागमा बसोबास गर्ने बौद्धमार्गीहरूले अनुसरण गर्ने केही मुख्य संस्कारहरू जस्तै जन्म संस्कार, विवाह संस्कार र मृत्यु संस्कारको बारेमा लेखिएको छ । यो अध्याय शोध प्रबन्धको लागि महत्त्वपूर्ण देखिएकोले यहाँ यही अध्यायको समीक्षा गरिएको छ । नेपालको हिमाली भेगमा बसोबास गर्ने जिरेल जातिको सामाजिक  संस्कारदेखि अन्य विविध विषय यस पुस्तकले समेटेका विषयहरूसँग धेरै नै मेल खाने भएकोले यो पुस्तक यस अध्ययनका लागि अति महत्त्वपूर्ण रहेको छ । यस पुस्तकले नेपालको उच्च भू-भागमा बस्ने जिरेलबाहेक अन्य कैयौँ जनजातिहरू समेटेकाले जिरेलको विषयमा खोजमूलक जानकारी सङ्कलन गरी यस शोधग्रन्थमा समावेश गर्न आवश्यक देखिन्छ ।

पुस्तकको नवौं अध्यायमा लेखकले नेपालको हिमाली भेगमा बसोबास गर्ने बौद्धमार्गी जिरेलहरूले अनुसरण गर्ने गरेको केही मुख्य बौद्ध संस्कारहरूको बारेमा सविस्तार चर्चा गरेका छन् । लेखकका अनुसार जन्म, विवाह र मृत्यु तीन मुख्य उपशीर्षकमा

विभाजित यो अध्याय महत्त्वपूर्ण जानकारी दिन सफल भएको छ। तिब्बती बौद्धमार्गीहरूका अनुसार जन्म दिने प्रक्रिया एक कसैले संयोगले बच्चालाई पाठेघरमा राख्ने एक प्रक्रिया मात्र हैन यो त एक ऐच्छिक प्रक्रिया हो जसअनुसार छोरा वा छोरी पाठेघरमा प्रवेश गर्ने हो । आमा बन्ने महिलाहरूले कुनै अपरिचित व्यक्तिलाई राम्रोसँग सजाइएको कोठामा बस्नलाई आमन्त्रणा गरिराखेको सपना देख्छन् । जसको अर्थ कसैलाई आफ्नो पाठेघरमा जन्म लिनका लागि बोलाइएको हो भन्ने अर्थ लगाउँछन् तिब्बती अर्थात् हिमाली बौद्धमार्गीहरू ।

लेखकका अनुसार पूर्वजन्म तिब्बती अर्थात् हिमाली बौद्धधर्मको एक महत्त्वपूर्ण पाटो हो जसअनुसार जवसम्म कुनै व्यक्तिले बोधीसत्त्व प्राप्त गरेर स्वतन्त्र हुन पाउँदैन तबसम्म मानिस एउटा चक्रबाट अर्को चक्रको जीवनमा चक्कर लिई राख्नुपर्ने हुन्छ। यो यस्तो चक्र हो जसमा मानिसको आत्माले स्वतन्त्र हुन नपाएसम्म पूर्वजन्म पनि खास उद्देश्यका लागि हुने गर्छ । पुस्तकमा लेखकले एउटा योनिबाट अर्को योनिमा प्रवेशको लागि तिब्बती बौद्धधर्ममा विभिन्न प्रकारका विश्वास र अभ्यासहरू गर्ने गरिन्छ भनेका छन्, जसअन्तर्गत जन्म लिनुको पनि आमाले गर्भ धारण गर्नु, आमाको कोखमा बस्नु, जन्मनु, जन्मपश्चात् बढ्नुलगायत सातवटा विभिन्न अवस्थाको बारेमा चर्चा गरेका छन्। त्यस्तै मृत्यु संस्कारका बारेमा पनि यिनीहरू बेग्लै धारणा राख्दछन् जसअन्तर्गत थुप्रै सामाजिक क्रियाकलापहरू गरिन्छन् । यस अध्यायमा लेखकले उत्तरी नेपालका बौद्धमार्गी जात-जातिहरूले अनुसरण गर्ने विभिन्न किसिमका मृत्यु संस्कारहरूका बारेमा पनि तुलनात्मक चर्चा गरेका छन्। यस शोधप्रबन्धले समेटेको जिरेल जाति पनि नेपालको उत्तरी भू-भागमा बस्ने बौद्धमार्गी नै भएका कारणले सोको समीक्षा गर्न प्रासङ्गिक रहेको छ।

लेखकका अनुसार नेपालको हिमाली भेगका बौद्धमार्गीहरूले अवलम्बन गर्नेगरेका मृत्यु संस्कार वोन धर्मावलम्बीको अभ्याससँग मिश्रित हुने गरेको छ, जुन तिब्बती बौद्धमार्गीहरूसँग केहीहदसम्म मेल खान्छ । भौगोलिक भिन्नताले गर्दा केही संस्कारहरूमा केही फरक देखिए तापनि मृत्यु संस्कारका मूलभूत संस्कारहरू नेपालको पूर्वदेखि पश्चिमसम्मको हिमाली भेगमा एकैनासका छन् । धार्मिक विधि र संस्कारहरू अधिकांश ४९ दिनभित्र गरी सकिन्छ । कुनै व्यक्तिको मृत्यु हुन लाग्दा अवलम्बन गरिने मुख्य संस्कारहरूमा फोवा वादो, थोस-ग्रोल, सेम्सो आदि पर्दछन् भने मलामी जाँदा गरिने संस्कारहरूमा 'थुइ' रागोङ्.र छ्योताङ्ग गरिन्छ। मृतकलाई घरबाट बाहिर निकाल्दा चारजना

मिलेर निकालिन्छ । सामान्यतया मृतक शरीरलाई मृत्युको तीनदिन पश्चात् मात्र दाहसंस्कार गरिन्छ, जसमा सव्दर व्लङ्गर 'ताम्टान्पा' संस्कार अनुसरण गरिन्छ ।

लेखकका अनुसार नेपालको उत्तरी भू-भागमा बसोबास गर्दैआएका केही बौद्धमार्गीहरूले दाहसंस्कार गर्दा यदि मृतक बच्चा, लामा वा झाँक्री भएको भए सामान्यतया गाड्दछन् भने अरूलाई तिब्बती पात्रो (चि) अनुसार मृत शरीरलाई पाँच महाभूत अर्थात् जमिनमा गाड्ने, नदीमा बगाउने, टुक्रा, टुक्रा पारेर काट्ने र चिल गिद्द लगायतका पक्षीहरूलाई चढाउने गर्दछन् । दाह संस्कारको क्रममा रास्रेग, लाग्वात्सायन ड्रोन्डा, दुर्थो सुम्पा, टेना दुन्जीम, न्योपोर, दुन्जी, धाङ्गवु, सस, सुर किल्हा आदि गरिन्छ । मृत्युमा तीस दिनको दिनमा घेवा गरिन्छ, जसअन्तर्गत घेवा ग्यारपो, घेवा कार्पो, मोला, लोमक्षेद गोन्जन आदि गर्ने गरिन्छ । तिब्बती बौद्धधर्म र हिमाली बौद्धधर्मको विस्तृत अध्ययनका लागि यो पुस्तक अत्यन्तै उपयोगी भएको छ । यही पुस्तकलाई आधार बनाएर नेपालको हिमाली भेगमा बसोबास गर्ने एक बौद्धमार्गी जनजाति जिरेलका बारेमा थप अध्ययन र अनुसन्धान गर्न शोधकर्तालाई प्रेरणा मिलेको छ । उत्तरी नेपालको बौद्धधर्मको बारेमा गरिएको विस्तृत व्याख्याले अनुसन्धानका लागि थप स्रोत जुटेको छ ।

२.२.१५ हरिराम जोशी, *प्रदीप: अभिनव संस्कृत विश्वकोश,* भक्तपुर: वकर्स पब्लिकेसन्स्, भक्तपुर वि.सं. २०७० ।

संस्कृतविद् श्री हरिराम जोशीद्वारा लिखित *'प्रदीप: अभिनव संस्कृत विश्वकोश',* नामक यो पुस्तक वर्कर्स पब्लिकेसन्स्, भक्तपुरले वि.सं. २०७० सालमा प्रकाशनमा ल्याएको थियो । पृष्ठ सङ्ख्या ६४१ देखि ६४३ सम्म बुद्ध, बौद्धधर्म र नारी उपशीर्षकमा लेखिएको यो भाग यस शोधको विषयवस्तुसँग मेलखाने भएकाले यसको समीक्षा गर्नु शोधको लागि अत्यन्त उपयोगी छ । लेखकका अनुसार भगवान् बुद्ध एकजना निर्भीक क्रान्तिकारी, अन्धभक्तका कट्टर विरोधी एवम् स्वतन्त्रताका पुजारी हुनुहन्थ्यो । तर बुद्धत्व प्राप्तिमा महिलाहरूको अत्यन्त महत्त्वपूर्ण भूमिका रहँदारहँदै पनि उहाँ महिलाहरूलाई पुरुषसरहको अधिकार दिने पक्षमा हुनुहुन्थेन । जन्म दिने आमाको मृत्युपश्चात् हुर्काउने, बढाउने आदि कार्यमा विमाता महाप्रजापति गौतमीको ठूलो हात रहेको थियो । भारतको गयास्थित

उरूवेलामा भगवान् बुद्ध तपस्यामा रहेको वेला हलचल गर्न नसक्ने अवस्थामा सुजाता नामक एक महिलाले चढाएको खिरले नै अमृतको काम गरेको थियो । एक प्रसङ्गमा लेखक अगाडि लेख्छन् मज्झिम परिपदाको रूपमा भगवान् बुद्धले जुन मार्ग पहिल्याउनु भएको थियो त्यसमा पनि ग्रामीण ग्वालाहरूको योगदान रहेको थियो । यसबाट भगवान् बुद्धलाई बोधिसत्त्वको मध्यममार्गको ज्ञान भएको थियो ।

भगवान् बुद्धको बुद्धत्व प्राप्तिमा महिलाहरूको ठुलो योगदान रहेको भए तापनि पितृसत्तात्मक तत्कालीन सामाजिक परिवेश र त्यसबाट बुद्ध स्वयम्मा पर्न गएको प्रभावका कारण भगवान् बुद्ध महिलाहरूलाई पुरुषसरहको स्तरमा राख्न त्यति इच्छुक नभएको प्रसङ्गलाई लेखक हरिराम जोशीले यस पुस्तकको बुद्ध, बौद्धधर्म, नारी उपशीर्षकमा प्रशस्त चर्चा गरेको पढ्न पाइन्छ । लेखकको यस भनाइलाई थप पुस्ट्याइँ दिन चुल्लवग्ग एवम् अङ्गुत्तर निकाय ग्रन्थको सहयोग लिइएको देखिन्छ ।

विमाता महाप्रजापति गौतमीको स्त्रीहरूले पनि प्रव्रज्या ग्रहण गर्ने आज्ञा तीन पटकसम्म माग्दा पनि भगवान् बुद्धबाट अस्वीकार गरिनुलाई तत्कालीन समाजले महिलालाई हेर्ने दृष्टिकोण एउटा उदाहरणको रूपमा लिनसकिन्छ तापनि प्राचीन समय धार्मिक एवम् सामाजिक वातावरण स्वयम् नै महिलाविरोधी थियो । यसकै प्रभाव शुरुमा भगवान् बुद्धमा पर्न गएको थियो तर भगवान् बुद्धकै समयमा विमाता प्रजापतिको जाग्रत नेतृत्वमा स्त्री समुदायले अहिंसात्मक तबरले सत्याहग्रह गरी प्रव्रज्या ग्रहण गर्ने अधिकार प्राप्त गरे । यसवाट न केवल धार्मिक दृष्टिले बरु ऐतिहासिक दृष्टिले एक ज्यादै महत्त्वपूर्ण घटना घट्न पुग्यो भनेर लेखकले अत्यन्त महत्त्वपूर्ण तरिकाले तत्कालीन अवस्थाको विविध पक्षहरूको व्याख्या गरेका छन्, जुन यस शोधप्रबन्धका लागि अत्यन्त महत्त्वपूर्ण रहेको छ । सोही विषयको सेरोफेरोमा रहेर बौद्धमार्गी जिरेल समाजले महिलाहरूलाई कसरी हेरेको छ, सोको विस्तृत अध्ययन यस अनुसन्धानमा गरिएको छ ।

## २.३ समीक्षा: प्रतिवेदन र लेखहरू

२.३.१ एच.सिद्धकी र जनार्दन सुवेदी, 'द जिरेल्स् अफ इस्टर्न नेपाल: एन इन्ट्रोडक्सन्' (The Jirels of Eastern Nepal: An Introduction) *कन्ट्रिव्युसन्स् टु नेप्लिज् स्टडिज्, द जिरेल इस्यू,* काठमाडौं: सिनास/टि.यू., (ई.सं.२०००) पृष्ठ १-४ ।

समुन्द्री सतहबाट १९५० मिटरको उचाइमा अवस्थित जिरी उपत्यका जिरेलहरूको मुख्य वासस्थानको रूपमा चिनिन्छ । लेखकहरूले यो 'द जिरेल्स् अफ इस्टर्न नेपाल: एन इन्ट्रोडक्सन्' शीर्षकको यस लेख मार्फत जिरी र जिरेलहरू, यिनले अवलम्बन गर्ने धर्म, रीतिरिवाजका बारेमा प्रकाश पार्ने प्रयास गरेका छन् । लेखकहरूका अनुसार जिरेल जातिको उत्पत्ति त्यही भेगमा बसोबास गर्ने सुनुवार जातको केटा र शेर्पा जातको केटीबाट जन्मेको सन्तानबाट भएको हो, तर केही जिरेलहरू स्वयम् र कतिपय समाजशास्त्रीहरूले यो भनाइको खण्डन गर्दै जिरेल जाति पूर्वी नेपालमा बसोबास गर्दै आएका राई, सुनुवार, लिम्बु जस्तै एउटा छुट्टै जाति हो भनेर भन्दछन् । जिरेलहरूको उत्पत्तिका बारेमा जेजस्ता भनाइहरू देखिए तापनि यिनीहरूको सँस्कृति सुनुवारहरूसँग धेरै मिल्दो जुल्दो रहेको छ ।

लेखकद्वय सिद्धकी र सुवेदीले यस लेखमा जिरेलहरू नेपालको उत्तर-पूर्वबाट दक्षिण पूर्वी पहाडतर्फ अन्दाजी वि.सं. १००० तिर सरेकाहुन् र यिनीहरूले बोल्ने भाषा पनि भोट-बर्मेली भाषासमूहभित्र पर्दछ, यसैले जिरीमा बोलिने जिरेल र शेर्पा भाषा एक आपसमा धेरै मिल्दोजुल्दो छ भनेका छन् । केही स्थानीयवासी जिरेलहरू पनि आफ्ना किराँतीमूलका पुर्खा सिमरौनगढबाट जिरीमा बसाइ सरेको भनेर मान्दछन् । थरहरूको हकमा जिरेलहरूले पनि सुनुवारहरूले झैं आफ्नो समुदायलाई बाह्र मूलथर (ठुड्बा, देप्पा, थाबो, देवलिङ्ग, जुपुले, सेर्बा, पालपाली, च्याबा, मायोक्पा, गरासम्बा, थुरविदो र छुङपाते) र एघार उपथरहरू (नेवारे, जुपुदे, रारेन्जे, तुम्पुले, तुङ्गुले, क्याम्बोले, गरचिगा, उरविदो, चावेठुङब, चाबे सेर्वा, चावे थावो आदि) मा वर्गीकरण गरेका छन् ।

लेखकहरूका अनुसार जिरेलहरू भाषागत हिसाबले मात्र नभएर जातिगत हिसाबले पनि शेर्पा र सुनुवारसँग मिल्दाजुल्दा छन् । यिनीहरूको संस्कृतिका केही पक्ष तिब्बती संस्कृतिबाट पनि प्रभावित देखिन्छ । भाषागत हिसावले बाहेक यस जातिलाई सुनुवार जातिसँग छुट्याउन गाऱ्हो पर्दछ । नेपालमा भएका अन्य जातजातिहरूझैं जिरेलहरूमा पनि

हिन्दुधर्मको प्रशस्त प्रभाव देखिन्छ, तापनि धार्मिक हिसाबले भन्नुपर्दा जिरेलहरूले तिब्बती बौद्धधर्म अवलम्बन गर्दछन् र यिनीहरूको आफ्नै लामा हुने गर्दछ । यसैले पनि हुनसक्छ जिरी उपत्यकामा बर्षौदेखि समानरूपले बसोबास गर्दै आएका शेर्पा बौद्धमार्गीहरू र जिरेल बौद्धमार्गीहरूका बेग्लाबेग्लै गुम्बाहरू स्थापित छन् । जिरेलहरूको प्राचीन धर्म तान्त्रिक धर्म हो र यसको पुरोहित्याइ *'फोम्बो'* अर्थात झाँक्रीबाट गर्ने गरिन्छ । लेखमा जिरेलहरूले *'श्रीवाङजुले र श्रीगारे लामाले'* बौद्धधर्मवारे तिब्बतबाट शिक्षा हाशिल गरेर आएपछि मात्र जिरेल समााजमा मृत्यु संस्कारको रीति चलाउन लामाको प्रयोग भएको भनिएको छ । लेखकहरूका अनुसार खसजातिका बाहुन क्षेत्रीहरू यस बस्तीमा बस्न थालेपछि मात्र जिरेलहरूले पूजाआजामा ब्राह्मणको प्रयोग गर्न थालेका हुन् ।

जिरेल समाजमा पनि नेपालमा भएका अन्य जातजातिहरू जस्तै आत्मालाई मान्ने, पूजा गर्ने, पितृपूजा गर्ने चलन व्यापक रूपमा रहेको छ । जिरेलहरूको धार्मिक तालिम लिएका आफ्नै लामा हुने गर्दछन् । जिरी उपत्यकाको तल्लो कोट भन्ने स्थानमा केही वर्ष पहिले जिरेल गुम्बाहरू निर्माण गरिएको छ, जहाँ लामाहरूलाई तालिम दिइन्छ । जिरी उपत्यकाको उत्तर पश्चिममा पर्ने ढुङ्गे गाँउमा शेर्पाहरूको एउटा ठूलो गुम्बा छ । यहाँ केही जिरेलहरूले पनि बौद्धधर्म सम्बन्धी तालिम लिने गर्दछन् तर जिरेल र शेर्पाहरूको बीचमा बौद्धधर्म अवलम्बन गर्ने तरिकामा भने केही भिन्नता हुने गर्दछ । जिरेल लामाहरूले आफ्नो समुदायमा करिब ५०० वर्ष अगाडि बौद्धधर्म विस्तार भएको मान्दछन् तर जिरेलहरूले *'श्रीवाङजुले र श्रीगारे लामा'* ले तिब्बतबाट करिब पाँच पुस्ता अगाडि मात्र बौद्धधर्म जिरीमा प्रवेश गराएको कुरामा बढी विश्वास गर्दछन् । जिरेल र शेर्पाहरूका धार्मिक पुस्तकहरू र परम्पराहरूका बीचमा केही भिन्नता छ । जिरेलहरूले *'दावा कुन्दु' लाई* धार्मिक ग्रन्थका रूपमा प्रयोग गर्दछन् भने शेर्पाहरूले *'लामा डोमा'* प्रयोग गर्दछन् । खास गरेर कुनै व्यक्तिको मृत्यु संस्कारमा गरिने धार्मिक रीतिरिवाजमा यी दुई जातिका बीच फरक पनि देखिन्छ । लेखकका अनुसार जिरेल तथा शेर्पाहरूले प्रयोग गर्ने बत्ती र *'टोर्माको'* संख्यामा, आकारमा र रङ्गमा फरक हुनुका साथै मृत्यु संस्कारमा पनि फरक पर्दछ ।

जिरेलहरूले (नयाँ) भगवान्लाई पूजा गर्दछन् । लेखकहरूका अनुसार यस पूजामा घरको बाहिरको पर्खालमा सानो एउटा बाकस झुण्ड्याइन्छ । यस लेखमा यो पूजा कहिलेबाट र किन सुरु गरियो यसबारेमा जिरेलहरू आफै पनि निश्चित छैनन् तथापि जिरेलहरूले बाली भित्र्याउने समयमा राम्रो सौभाग्य र बच्चा तथा पशुहरूको राम्रो

स्वास्थ्यको लागि सिक्का, कपडा, चामल कुखुराको एउटा अण्डा र महादेवको सानो त्रिशूल यस बाकसमा राख्दछन् भनिएको छ । यसका अतिरिक्त जिरेलहरूले नाग देवताको (लुँ) पनि पूजा गर्ने गर्दछन् । खर्चिलो धार्मिक संस्कारका कारण जिरेलहरूको जीवनपद्धतिलाई नै आजभोलि किंकर्तव्यविमुख बनाइरहेको छ । सायद यसै कारणले हुनसक्छ, आजकल केही जिरेल परिवारहरूले इसाई धर्म मान्न थालेका भेटिन्छन् ।

उपर्युक्त लेखमा जिरी उपत्यकाको बौद्धधर्म, गुम्बा, त्यस भेगमा बसोबास गर्ने मानिसहरूको धार्मिक जीवन, सामाजिक चाडपर्व आदिको बारेमा आवश्यक जानकारी दिइएको छ तर बौद्ध जिरेल महिलाहरूको सांस्कृतिक अवस्थाको बारेमा बाँकी अध्ययन यस शोध अनुसन्धानमा गरिएको छ ।

### २.३.२ एच.सिद्धकी, जेम्स हमिल, जनार्दन सुवेदी, रोनाल्ड एच, स्पाइबौएर, रविन सिंह, जे.ब्लेन्जेरो र एस. ब्लेन्जेरो, 'सोसिएल अर्गनाइजेसन, इकोनोमी एण्ड किन्सिप् एमोङ्ग द जिरेल्स् अफ इस्टर्न नेपाल' *(Social organization economy and kinship among the Jirels of Eastern Nepal)*, *कन्ट्रिव्युसन्स् टु नेप्लिज् स्टडिज्, द जिरेल इस्यू,* काठमाडौं: सिनास/टि.यु. (ई.सं.२०००), पृष्ठ.५-२२ ।

एच. सिद्धकी तथा अन्यद्वारा सन् २००० मा प्रकाशित अनुसन्धानमूलक यस लेखले जिरेल समुदाय र यस समुदायले अवलम्बन गर्ने गरेको रीतिथिति, सामाजिक चालचलन, रहनसहन, जीवनशैली आदिका बारेमा धेरै जानकारी पाठक वर्गलाई पस्केको छ, जुन यस शोधकर्तालाई पनि त्यतिकै महत्त्वपूर्ण हुने विश्वास लिइएको छ । यस लेखअनुसार जिरेल समुदाय, जिरी उपत्यकामा मात्र नभएर दोलखा जिल्लाको क्षेत्रपा, जुँगु, माथिल्लो सिखी, तल्लो सिखी, खरायो वन, ढुङ्गे भण्डार, माथिल्लो कोट, तल्लो कोट, रातोमाटे, गोम्पासिङ्ग, यार्सा, राते सिजेल, रेन्जे, गुन्सा, ताप्का र ततिसे गाउँहरूमा बसोबास गर्दछन् ।

लेखकहरूका अनुसार कृषि र पशु व्यवसायमा आधारित जिरेलहरूको आर्थिक अवस्था हालसम्म पनि निर्वाहमुखी नै रहेको छ । सिंचाइँलगायत अन्य स्रोत र साधनको कमीका कारण जिरेल परिवारका थोरै सङ्ख्या मात्रले खेतीपातीबाट वर्षभरि खाना पुऱ्याउँछन् । प्रत्येक जिरेल परिवार आधारभूत रूपमा उत्पादनको एक इकाइको रूपमा

रहेको छ र परिवारको प्रत्येक सदस्यले आफ्नो तर्फबाट सक्दो योगदान दिने गर्दछ । आय आर्जनका लागि आफूले पालेको पशुवस्तु र कुखुरा बेचबिखन गर्ने गर्दछन् ।

यस जातिको उत्पत्तिका बारेमा पनि लेखकहरूले विभिन्न खाले भनाइहरू राखेका छन्, जसमध्ये आठ, दश पुस्ताअगाडि सुनुवार केटा र शेर्पा केटीबाट जन्मिएको सन्तान नै जिरेल जातिका रूपमा अगाडि आएको हो भन्ने भनाइ बढी वैज्ञानिक देखिन्छ, जुन भनाइ यस लेखले पनि थप पुस्ट्याइँ गरेको छ । लेखकहरूका अनुसार जिरेलहरूले तिब्बती-वर्मन भाषा समूहमा पर्ने आफ्नै खालको जिरेल भाषा बोल्दछन्, जुन शेर्पा भाषासँग मिल्दो जुल्दो छ भने धर्म शेर्पाहरूले मान्ने गरेको बौद्धधर्म सँग मिल्दोजुल्दो छ । जिरेलहरूले बौद्धधर्मसँगै अवलम्बन गर्ने गरेको हिन्दु संस्कार त्यस क्षेत्रमा जिरेलहरूसँग बसोबास गर्ने हिन्दुवादी ब्राह्मण र क्षेत्रीको प्रभावबाट शुरु भएको देखिन्छ ।

यस जातिको उत्पत्तिका सम्बन्धमा लेखकहरूले जिरेलका पुर्खाहरू सिमरौनगढमा बसोबास गर्दथे र जव चौधौं शताब्दीमा मुस्लिम शासकहरूले सिमरौनगढ कब्जा गरे त्यस लगत्तै यिनीहरू भागेर जिरीमा आई बसोबास गर्नथाले भनेका छन् । यस भनाइलाई हालका सिमरौनगढवासीले मान्ने गरेका देवीदेवता र पूजा विधिमा र जिरेलहरूमा भएको समानताले पनि थप पुष्टि गरेको देखिन्छ । जिरेलहरू तिब्बती-वर्मेलीभाषी किरातीहरूका एउटा शाखा हुन् भन्ने भनाइ पनि त्यतिकै बलियो रूपमा रहेको छ । यस भनाइलाई हाल आएर केही शिक्षित जिरेलहरूले समर्थन गर्ने गरेका छन् तर भरपर्दो ऐतिहासिक वंशावली उपलब्ध नभएका कारणले जिरेलहरूको उत्पत्तिका बारेमा ठोसरूपमा केही भन्न नसकिने देखिन्छ । यो लेख जिरेल जातिको बारेमा जान्न धेरै उपयोगी छ तापनि यस शोधप्रबन्धले उठाएका विषय यसमा उल्लेख नभएकोले थप अनुसन्धानको खाँचो पर्न गएको हो ।

### २.३.३ शङ्कर थापा, 'हिस्ट्री अफ नेप्लिज् बुद्धिज्म्: फ्रोम मिथोलोजिकल ट्रेडिसन् टु द लिच्छवी पिरियड' (History of Nepalese Buddhism: From Mythological Tradition to the Lichhavi Period), *भ्वाइस् अफ हिस्ट्री,* काठमाडौँ: (ई.सं. २००१), भोलुम् १६, नं.२, पृष्ठ २५-४२ ।

अङ्ग्रेजी भाषामा लिखित डा. शंकर थापाको हिस्ट्री अफ नेप्लिज् बुद्धिज्म् फ्रम मिथोलोजिकल ट्रेडिसन् टु द लिच्छवी पिरियड् शीर्षकमा भोलुम १६, नं. २, पृष्ठ ३१ देखि

४२ सम्म रहेको डिसेम्वर २००१ को अङ्कमा प्रकाशित यो लेखमार्फत लेखकले नेपालमा बौद्धधर्मको पौराणिक परम्परादेखि लिच्छविकालसम्मको विस्तृत चर्चा गरेका छन् । लेखकका अनुसार नेपालमा बौद्धधर्मको इतिहास पौराणिक कथाहरूमा आधारित (Mythological) र लिखित (Written) गरी जम्मा दुई किसिमको रहेको छ । लिच्छविकाल र मल्लकालमा बनेका शिलापत्र र अन्य ऐतिहासिक सामग्रीहरूमा बौद्धधर्मको इतिहास पाइन्छ । त्यसपछिका नेपालका थुप्रै शासकहरू यस धर्मका अनुयायी रहेका देखिन्छन् । यिनीहरूमा बौद्धधर्मका सम्बन्धमा गहिरो ज्ञान थियो, जसका कारण त्यो समयमा बौद्धधर्मले उल्लेखनीय विकास गरेको थियो भनिएको छ ।

यस लेखमा लेखकले काठमाडौँको स्वयम्भू क्षेत्रमा भेटिएको ई.सं. १२८९ अर्थात् नेपाल संवत ४९२ को अभिलेख जसमा स्वयम्भूको पुनर्निमाणको बारेमा लेखिएको छ । उक्त लेखमा लेखकले शाक्यमुनि बुद्ध स्वयम् काठमाडौँ उपत्यकामा आई बौद्धधर्मको प्रचार गरेको, १३५० जना अनुयायीहरूलाई प्रव्रज्या गरेको र बुद्धले श्रीलङ्का र म्यानमारमा समेत धेरै पटक भ्रमण गरेको भन्ने वंशावलीको आधारमाथि पनि प्रश्न उठाएका छन् । लेखकले त्यस्तै सम्राट् अशोकको काठमाडौँ उपत्यकाको आगमन र स्तुप निर्माण गरेको भन्ने भनाइलाई पनि विवादरहित नभएको ठानेका छन् । विभिन्न किराँती राजाहरू पनि बौद्धधर्मका अनुयायी भएको र यिनै राजाहरूले अशोक स्तुपको निर्माण गरेको भन्ने जोन के. लकको भनाइलाई पनि लेखक सामान्य दन्त्यकथा मात्र ठान्दछन् ।

यसै सन्दर्भमा नेपालका हिमाली क्षेत्रमा बौद्धधर्मको विकास एवम् विस्तारको लागि खटिने अनुयायीहरूलाई गौतमबुद्धले चिसोबाट बच्न जुत्ता लगाउन अनुमति दिएको, मूल सर्वस्वस्तिवाद विनयले नेपालमा बौद्धधर्म व्यापक भएको उल्लेख गरेका छन् । लिच्छविकालमा यस धर्मको अत्यधिक विकास भएको र जयदेव द्वितीयको संवत् १५७ को पशुपतिमा प्राप्त अभिलेखमा राजा वृषदेवले स्वयम्भूमा चैत्य निर्माण गरेको र अन्य राजाहरूमध्ये यिनी बौद्धधर्मका कट्टर अनुयायी थिए भनेर यस लेखमा भनिएको छ । यस लेखमा लेखकले नेपालमा बौद्धधर्मको इतिहासका बारेमा उपलब्ध तथ्य र विभिन्न भनाइहरूका बारेमा राम्रो व्याख्या गरेका छन्, तर यस शोध अनुसन्धानले ओगटेको विषयवस्तुमा यस लेखमा खास कुनै चर्चा भएको नपाइएकाले थप अध्ययन अनुसन्धानको आवश्यकता हुन गएको हो ।

२.३.४ डा. नरेशमान बज्राचार्य, 'कन्सेप्ट अफ त्रिरत्न मन्डला इन् नेप्लिज बुद्धिज्म्, (Concept of Triratna Mandala in Nepalese Buddhism), *त्रि-बोधि,* काठमाडौं: बुद्धिस्ट स्टडिज्, फोर्थ ब्याच स्टुडेन्ट्स् (२०५९-२०६०) अफ बुद्धिस्ट स्टडिज्, टि.यु. कीर्तिपुर, (वि.सं.२०६०), पृष्ठ १ ।

नेपालमा विद्यमान बौद्धधर्मका बारेमा डा. नरेशमान बज्राचार्यद्वारा लेखिएको लेख यस शोध अध्ययनलाई अत्यन्तै महत्त्वपूर्ण रहेको छ । त्रि.वि. कीर्तिपुरअन्तर्गत रहेको बौद्धधर्म अध्ययन विभागमा वि.सं. २०५९-२०६० को अवधिमा पोष्ट ग्राजुयट्स् डिप्लोमामा अध्ययनरत विद्यार्थीहरूद्वारा वि.सं. २०६० सालमा प्रकाशित यस पुस्तकमा प्रकाशित यस लेखका अनुसार बौद्धधर्मको विकाससँगै बौद्धधर्मका विभिन्न शाखा-उपशाखाहरूको पनि विकास हुनुका साथै सँगसँगै मानव सँस्कृतिसँग सम्बन्धित परम्पराहरू, चाडपर्वहरू, साहित्यकला र शिल्पहरूको पनि विकास भएको उल्लेख गरिएको छ ।

यस लेखका अनुसार चिनिया बौद्धधर्म, कोरियन बौद्धधर्म, जापानी बौद्धधर्म, तिब्बती बौद्धधर्म, भुटानी बौद्धधर्म, श्रीलङ्कन बौद्धधर्म, थाई बौद्धधर्म, म्यान्मारको बौद्धधर्म र नेपाली बौद्धधर्म जुन भए तापनि यिनीहरूमा एउटै मुख्य पृष्ठभूमि हुने गर्दछ तर आफ्नो-आफ्नो क्षेत्रमा समाविष्ट अर्थात् घुलमिल हुनको लागि मानव जातिले आफ्नो आफ्नो खालको सांस्कृतिक पृष्ठभूमि बनाउने गर्दछ ।

नेपाल एउटा यस्तो देश हो, जहाँ विविध सांस्कृतिक परम्पराहरू विद्यमान छन् र बौद्धधर्ममा पनि नेपाली किसिमको बौद्धधर्म देखापर्दछ जसलाई लेखकले मूलत: निम्नलिखित तीन किसिमका संस्कृतिका आधारमा विभाजन गरेका छन् :

१. तिब्बती (उत्तरी) बौद्धधर्म

२. थेरवादी (दक्षिणी) बौद्धधर्म

३. नेपाली बौद्धधर्म

१. **तिब्बती (उत्तरी) बौद्धधर्म :** लेखकका अनुसार नेपालको उत्तरी भेगमा अर्थात् हिमालयन भेगका बौद्धमार्गीहरूमा तिब्बती बौद्ध संस्कारको अत्यधिक प्रभाव छ । यस भेगका हालसम्म पाइने बौद्ध गुम्बाहरू अधिकांश निङ्मा-पा, ञ्यु-पा समूहका छन् । यसका अलावा सा-क्य-पा अनुयायीहरूका पनि केही गुम्बाहरू भेटिन्छन् । यी गुम्बाहरूमा देखिने कला तथा

शिल्पीहरूमा तिब्बती कला तथा संस्कृतिको गहिरो प्रभाव देखिन्छ । मुस्ताङ्ग र मनाङ्ग जिल्लामा भएका सा-क्य-पा गुम्बाहरू करिव ६०० वर्षबाट उपयोगमा रहेका छन् । अधिकांश लामाहरूले धार्मिक कार्यहरूमा तिब्बती भाषाको प्रयोग गर्दछन् भने 'कान्जुर' यिनीहरूको मुख्य बौद्ध ग्रन्थ हो ।

**२. थेरवादी (दक्षिणी) बौद्धधर्म:** थेरवाद बौद्धधर्मको परम्परा सर्वप्रथम महाप्रज्ञा नामक नेपाली लामाद्वारा नेपालमा सन् १९२४ मा प्रवेश भएको मानिन्छ । तत्पश्चात् बिस्तारै काठमाडौँका बासिन्दा नेवारहरूमा यसको प्रभाव विस्तार हुँदै गयो । एवम् प्रकारले बिस्तारै बिस्तारै श्रीलङ्का, म्यानमार, थाइल्यान्ड जस्ता अन्य देशहरूबाट बौद्धधर्मको अध्ययन गरेर फर्कने नेपालीहरूका माध्यमद्वारा पनि यस सम्प्रदायको अनुयायीको सङ्ख्या पनि नेपालमा पनि बढ्दै गयो र क्रमश: विभिन्न देशको बौद्धकला तथा शिल्प पनि भित्रिँदै गयो ।

**३. नेपाली बौद्धधर्म:** लेखकले यस लेखमा नेपाली बौद्धधर्मका संस्कारहरू तिब्बती शैली वा अन्य शैलीबाट प्रभावित नभई आफ्नै खालको परम्परामा आधारित पौराणिक बौद्धमार्गी मान्यतामा आधारित देखिन्छन् भनेका छन् । यस परम्परालाई केही पश्चिमी लेखकहरूले नेवारी बौद्धधर्म पनि भन्ने गरेका छन्, किनभने नेवार समुदायले शाक्यमुनिका समयबाट नै यस सम्प्रदायलाई अङ्गीकार गर्दै आएको देखिन्छ ।

यस अध्ययनले समेटेको जिरेल जातिले अवलम्बन गरेको बौद्धधर्म, यस धर्ममा परेको तिब्बती बौद्धधर्मको प्रभाव आदिबारे यस शोध अध्ययनले खोजी गरेको छ । यस लेखमा लेखकले नेपालका सामान्यत: मानिने विभिन्न संस्कृतिमा आधारित बौद्धधर्मबाट विभिन्न दृष्टिकोणले व्याख्या गरेका भएपनि नेपालको उत्तरी भेगमा बसोबास गर्ने बौद्धमार्गी जिरेल जातिले अवलम्बन गर्ने गरेको बौद्धधर्मका बारेमा कहीँ कतै उल्लेख नगरेकाले सो बारेमा जानकारी गर्न र अध्ययन विश्लेषण गर्न यस शोध अनुसन्धानले सघाउ पुऱ्याएको छ ।

### २.३.५ निरबहादुर, जिरेल, 'जिरी हिजो र आज', *झुल्का,* दोलखा: जिरी उच्च माध्यमिक विद्यालय, वि.सं. २०६३, पृष्ठ १८ ।

स्थानीय बुद्धिजीवी निरबहादुर जिरेलले लेख्नुभएको जिरी उच्च माध्यमिक विद्यालयको 'झुल्का' नामक वार्षिक पत्रिकामा वि.सं. २०६२ मा प्रकाशित 'जिरी हिजो र

आज', भन्ने लेख शोध अध्ययनका लागि महत्त्वपूर्ण देखिएकोले यहाँ समीक्षा गर्न सान्दर्भिक भएको छ ।

राजधानी काठमाडौँबाट जम्मा दूरी १८८ किलोमिटर मात्र रहे तापनि विगतमा जिरी उपत्यका एकदम दुर्गम थियो र यहाँका जिरेलहरू ४-५ दिन लगाएर जिरीबाट बाह्रबिसे तथा लामो साँगु बजारसम्म र भोलिपल्ट ४-५ घण्टा थप हिँडेर काठमाडौँ आइपुग्थे । लेखकका अनुसार आफ्नो र परिवारको आङ्गमा वर्षको एकसरो कपडा फेर्नका लागि पनि कम्तीमा १५-१६ दिनको यात्रा गर्नुपर्ने बाध्यता जिरेलहरूलाई थियो । यसका लागि जिरेलहरू घरमा पालेको कुखुरा, गाई-भैंसीको घिउको भारी लिएर भक्तपुर वा काठमाडौँ आएर बिक्री गर्ने गर्दथे र किनमेल गरी पुन: भारी बोकेर घर फर्कन्थे । त्यस समय जिरीवासीहरूको बजार भनेको दक्षिणी नेपालको तराई *'गोदाम'* र उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बतको *'कुती'* र *'फलाक'* भन्ने स्थान रहेका थिए । लेखकका अनुसार नुनका यी स्रोतकेन्द्रहरूमा नुन पैसामा किनबेच नहुने भएकाले यस भेगका जनताहरू गोदामतर्फ लाग्दा घरबाट नै आलु र तिब्बतको कुती र फलाक लाग्दा चामल अथवा अन्य अन्नको भारी बोकी सटही गरेर लगभग एक महिना लगाएर घर फर्कन्थे । जिरेलहरू आफ्नो छोरा सन्तानहरूको उमेर बढ्दै जाँदा अब आफ्नो छोराले पनि कुती र फलाकबाट नुन ल्याएर परिवारलाई खुवाउन सक्छ भनेर गर्व गर्ने गर्दथे भने त्यस्तै छोरीहरू जङ्गलबाट अल्लो र सिस्नो ल्याई कपडा बुन्न सक्ने भएकोमा पनि उनीहरू गर्व गर्दथे ।

लेखकका अनुसार लगाउने कपडाको बन्दोबस्तका लागि जिरेलहरूलाई भादगाउँ र काठमाडौँको बजार आउनु पर्दथ्यो । सम्भवत: वि.सं. १९०० को पहिलो दोस्रो दशकतिर मात्र अन्यत्रका व्यक्तिहरूको माध्यमबाट केही जिरेलहरू मुग्लान पुगेको देखिन्छ । त्यस बेला मुग्लान पसेका केही जिरेलहरू भारतमा ब्रिटिसगोर्खा सेनाको रूपमा भर्ती समेत भएको पाइन्छ । त्यसपछि मात्र केही जिरेलहरू अली बढी सङ्ख्यामा भारतीय भू-भागमा ज्यामी काम गर्न र सेनामा भर्ती हुन थाले । अन्य जातजातिको तुलनामा आदिवासीहरूमा सहकार्य  र सहअस्तित्वको भावनाका साथै सामूहिक रूपमा गोलबन्द भएर बस्ने अलि बढी चलन देखिन्छ । यही सामुदायिक भावनाको कारण उनीहरूको खेती प्रणालीमा पनि विगतमा सामूहिक कार्य अपनाइन्थ्यो, जसमा प्रत्येक घरको खेती पारिश्रमिक लेनदेन नगरी

पालैपालो मौखिक आधारमा हुने गर्दथ्यो । यस उपत्यकामा गैर जिरेलहरूको प्रवेश शुरु भएपछि मात्र यी परम्परागत व्यवहार र संस्कारहरूमाथि विचलन हुन शुरु भयो ।

लेखक श्री निर बहादुर जिरेलले यस लेखमार्फत् वर्तमान जिरीको सन्दर्भमा ई.सं. १९५० को दशकदेखि पछिका दिनहरूलाई समेट्न खोजेका छन् । लेखकका अनुसार यदि जिरी क्षेत्रमा स्विसहरूको नजर नपरेको हुँदो हो त जिरी उपत्यका आज पनि अतिदुर्गम र पिछडिएको भू-भागमा गनिन्थ्यो होला भनेर स्विसहरूको बहुपक्षीय सहयोगलाई अत्यन्त धेरै प्रशंसा गरेका छन् । यस लेखमा लेखकले केही स्विस नागरिकहरू पर्यटकको रूपमा नेपालको पूर्वी पहाडको पर्यटकीय भ्रमण गर्ने क्रममा जिरी क्षेत्रको भौगोलिक भू-बनोट, हावापानी, प्राकृतिक सुन्दरता, प्राकृतिक स्रोत तथा त्यो भेगको गरिबीले पिल्सिएको देखेपछि ई.सं. १९५० को सुरुका वर्षहरूमा नै ती स्विस नागरिकहरूले पुन: विकास सहयोगसम्बन्धी विशेष सोचका साथ नेपाल आई सो क्षेत्रमा के कस्ता किसिमको विकास गर्न सकिन्छ भनी नेपाल सरकारको सहमतिमा अध्ययन गर्न जिरी क्षेत्रको भ्रमण गरे भनेकाछन् । उक्त अध्ययनपश्चात् ई.सं. १९५५ देखि यस क्षेत्रको विकास कार्यको थालनीमा स्विसहरूको सक्रिय संलग्नता र आर्थिक र प्राविधिक सहयोगको सुरुआत भएको थियो ।

लेखकले जिरीको विगतको विकराल अवस्था र हालको केही सुधारिएको अवस्थालाई यस लेखबाट अगाडि पस्कने प्रयास गरेका छन्, जुन यस शोध अध्ययनका लागि अत्यन्त महत्त्वपूर्ण छ । तर तत्कालीन समाजमा महिलाहरूको अवस्था केकस्तो थियो र हाल कसरी अगाडि बढ्दै छ भन्ने विषयमा यस लेखमा लेखकले कतै उल्लेख गरेकाछैनन् जुन यस शोध अध्ययनले समेटेको छ ।

## २.२.६ सुमनकृष्ण जिरेल र टेकबहादुर जिरेल, 'जिरेल जाति एक चिनारी', *झुल्का,* दोलखा: जिरी उच्च माध्यमिक विद्यालय, (वि.सं. २०६३, पृष्ठ ९१ ।

सुमन कृष्ण जिरेल र टेकबहादुर जिरेलले संयुक्त रूपमा लेख्नु भएको जिरी उच्च माध्यमिक विद्यालयले झुल्का वार्षिकमा वि.सं. २०६२ मा प्रकाशित *'जिरेल जाति, एक चिनारी',* नामक यस शोधको विषयवस्तुसँग सम्बन्धित रहेकोले यहाँ प्रस्तुत गर्नु सान्दर्भिक रहेको छ ।

नेपाल एक बहुजातीय र बहुभाषिक मुलुक हो । यहाँ तराईदेखि हिमालसम्म विभिन्न जातजाति बसोबास गर्दछन् र विभिन्न भाषाभाषि वोल्दछन्, जसमध्ये दोलखा जिल्लाको जिरेल पनि एक हो । यो जाति सीमान्तकृत जनजातिको सूचीमा पर्दछ । यस जातिका बारेमा केही अङ्ग्रेजी र केही नेपाली भाषामा पुस्तक तथा पाठ्य सामग्रीहरू लेखिएका पाइन्छन् तर यो भन्दा अगाडि जिरेल जातिकै कुनै जिरेल बुद्धिजीवीद्वारा यस जातिका बारे धेरै लेखिएको पाइँदैन । लेखकहरूका अनुसार यस जातिवाहेक अन्यले जिरेल जातिबारे लेखेका सामग्रीहरू त्यति भरपर्दा छैनन् । तसर्थ यस लेखलाई लेखकद्वयले आफ्नो जातिको साँचो चिनारी पेश गरेको भनेर दाबी यस लेख मार्फत् गरेका छन् ।

लेखकहरूका अनुसार जिरेल जाति किराँत जातिको एक शाखाअन्तर्गत पर्ने आफ्नै किसिमको धर्म, संस्कृति, रीतिरिवाज, भाषा तथा भेषभूषा बोकेका आदिवासीहरू नै हुन् । यिनीहरू ज्यादै मेहनती, सरल हृदय भएका, मृदुभाषी हुनुका साथै साना आँखा, थेप्चो नाक, दारी कम आउने सरदर पाँचफुट उचाइ भएका जाति हुन् । यिनीहरूको उत्पत्तिका बारेमा लेखकद्वयले अहिलेसम्म आएका भनाइहरूको खण्डन गर्दै आफ्ना समाजमा रहेका केही बुढापाकाहरूको भनाइलाई अगाडि सारेका छन्, जसअनुसार जिरेल जातिको उत्पत्ति सुनुवार र शेर्पा जातिको मिश्रित विवाहबाट नभई किराँत वंशकै एक शाखाका रूपमा जिरी क्षेत्रमा प्रवेश गरेको र तिनै मानिसलाई कालान्तरमा स्थान विशेषको आधारमा जिरेल भनी पुकारिन थालेको हो भनिएको छ । जिरेल जातिको आदिभूमि जिरी र जिरेल नै यस क्षेत्रका आदिवासी हुन् भनेर लेखकहरूले दाबी गरेका छन् ।

यस लेखमा जिरेल एक जातिको रूपमा प्रचलित हुनुभन्दा अगाडि किराँत जातिकै एक शाखाको रूपमा रहेकाले शुरुमा उसले जिरेल नभनी आफूलाई किराँती नै भनेको उल्लेख गरिएको छ । लेखकद्वयका अनुसार जिरेलहरूले अवलम्बन गर्दै आएको धर्म, रीतिरिवाज पनि किराँत जातिको धर्म, रीतिरिवाजसित मिल्दोजुल्दो देखिन्छ । त्यस वेलामा जिरीको चेर्दु, हनुमन्ते जस्ता लेकका जङ्गलहरूमा सिकार खेल्ने सिकारीहरू पनि जिरेल नै थिए जसको प्रमाण कतिपय स्थानीय जिरेल परिवारमा अहिले पनि पाइने पुराना बाणहरू रहेका छन्, जसको प्रयोग गरेर उनीहरू विगतमा मृगहरूको सिकार गर्ने गर्दथे ।

बदलिँदो समयसँगै जिरेलहरूको भेषभूषा र बोलीचालीमा समेत हालका दिनहरूमा केही परिवर्तन आएपनि मुख्यत: जिरेलहरूको भेषभूषा र बोल्ने भाषा पनि आफ्नै किसिमको छ । लोग्ने मान्छेहरू दौरासुरुवाल लगाएर पटुका बाँधी दापसहितको खुकुरी भिरी

त्यसमाथि जुहारीकोट, कोट वा लुकुनीका साथ नेपाली टोपी लगाउँछन् भने महिलाहरू चौबन्दी चोलो र रङ्गीन फरिया लगाउने, पटुका बाँध्ने र मजेत्रो ओढ्ने गर्दछन् । उनीहरूले लगाउने सुनका गहनामा नाकमा फुली, बुलाखी, कानमा ढुङ्ग्री र यार्लिङ, गलामा चाँदीका माला, पोते र नाडीमा चाँदीका बाला वा अन्य चुराहरू समेत रहेका छन् ।

जिरेल भाषाको आफ्नो लिपि भएको देखिदैन तापनि आफनै मातृभाषा रहेको छ, जसलाई जिरेल भाषा भनिन्छ । यो भाषा भोट-बर्मेली परिवारभित्र पर्दछ । सबै जिरेलहरूले आफ्नो भाषा बोल्दछन् भने यस क्षेत्रमा बसोबास गर्ने अन्य जातजातिहरूले पनि यस भाषालाई सम्पर्क भाषाका रूपमा प्रयोग गरेको पाइन्छ । तर यस भाषामा कुनै महत्त्वपूर्ण ग्रन्थहरू लेखिएको पाईंदैन । लेखकहरूका अनुसार जिरेल भाषामा इसाईधर्मको धर्मग्रन्थ बाइबलका कतिपय अंशहरू अनुवाद गरिएका छन् र हालका दिनहरूमा केही कथा कविताहरूका साथ केही पुस्तकहरू पनि जिरेल भाषामा प्रकाशित भएका पाइन्छन् ।

आज भन्दा ३-४ पुस्ता अघिबाट मात्र जिरेल जातिकै एक, दुई व्यक्तिले लामा शिक्षा हासिल गरेपछि विभिन्न संस्कारपर्वमा लामालाई पनि स्थान दिन थालिएको छ । धर्मको हकमा बौद्ध र हिन्दु धर्मप्रति समान आस्था राख्ने जिरेलहरूको पहिलेको धर्म फोम्बोद्वारा पुज्ने तान्त्रिक (प्राकृतिक) धर्म नै हो । तसर्थ पनि जिरेलहरूले प्राकृतिक शक्तिमाथि बढी विश्वास गर्ने गर्दछन् । देवी, देउरालीलाई भाकल गर्ने, त्रिशूल चढाउने, सूर्यलाई देवताको रूपमा पूजा गर्ने मन्दिरहरूमा गई बत्ती वाल्ने, फूलपाती, भेटी तथा अक्षता चढाउने, पशुवलि दिने यो जातिको प्रमुख रीतिरिवाजमा पर्दछन् । शत्रुहरूमाथि विजय हासिल गर्नका लागि शक्ति पाउन, समाजमा कुनै रोगव्याधि नफैलियोस् भन्न, खेतीपाती राम्रो होस् भन्न, आ-आफना थर विशेष कुल देवताको रूपमा *'ल्हा छयोम'* को पूजा गर्ने आदि यस जातिका केही प्रमुख संस्कार हुन् ।

परिवारमा कुनै बच्चा जन्मेको ५-६ दिनभित्र सुत्केरीले नुहाइ धुवाइ गरी घर आँगन गोबर माटोले लिपि, गाईको गहुँत छर्की, सालधुप बालेर फोम्बोको अगुवाइमा घर चोख्याउने गर्दछन् । बच्चाको नामाकरण गर्दा नक्षत्र हेरी गर्ने चलन छ । जिरेल स्वयम्ले आफ्नो जातिको विस्तृत चिनारी यस लेखमार्फत् दिएकाले प्रशस्त महत्त्वपूर्ण जानकारी यस लेखबाट प्राप्त भएको छ, तर कतिपय अवस्थामा लेखकहरू आफ्नो जातिप्रति अलीबढी उदार हुने सम्भावना भएकाले यस शोधमार्फत् शोधकर्ताले निष्पक्ष अध्ययन गर्न सान्दर्भिक रहेको छ ।

२.३.७ *जिरी नगरोन्मुख गाँउ विकास समितिको गाँउ विकास समिति पार्श्वचित्र,* **दोलखा:** जिरी नगरोन्मुख गाउँ विकास समितिको कार्यालय, वि.सं. २०७० ।

जिरी नगरोन्मुख गा.वि.स. को कार्यालयद्वारा वि.सं. २०७० मा प्रकाशित पार्श्वचित्रमा अन्य पाठ्य-सामग्रीहरूभन्दा बढी यथार्थवादी र वस्तुपरक आँकडाहरू समेटिएका छन् । यस प्रतिवेदनका अनुसार यस शोध-अध्ययनले ओगटेको क्षेत्रमा धेरै किसिमका मातृभाषाहरू बोलिन्छन् (तालिका सङ्ख्या २.१) ।

**तालिका सङ्ख्या २.१: अध्ययन क्षेत्रमा बोलिने मातृभाषाको आधारमा जनसङ्ख्या**

| क्र.सं | मातृभाषा | जनसङ्ख्या |
|---|---|---|
| १ | जिरेल | ८१९ |
| २ | नेपाली | ४२३ |
| ३ | शेर्पा | २६९ |
| ४ | नेवारी | १४६ |
| ५ | तामाङ्ग | २३ |
| ६ | अन्य | ८ |
| | जम्मा | १६८८ |

स्रोत: जिरी नगरोन्मुख गाँउ विकास समितिको पार्श्वचित्र, २०७० ।

माथिको तालिकाअनुसार यस वडाको कुल जनसंख्या १६८८ रहेको छ, जसमध्ये जिरेलको जनसङ्ख्या ८१९, शेर्पा २६९, क्षेत्री १९१, नेवार १४६, कामी ९८, दमाई ६४, ब्राह्मण ५६, तामाङ २३ र अन्य २२ रहेको छ । जुन् यो वडाको कुल जनसङ्ख्याको क्रमश: ४८.५१ प्रतिशत, १५.९४ प्रतिशत, क्षेत्री ११.३१ प्रतिशत, नेवार ८.६५, कामी ५.८० प्रतिशत, दमाई ३.७९ प्रतिशत, ब्राह्मण ३.३२ प्रतिशत, तामाङ १.३६ प्रतिशत र अन्यको जनसङ्ख्या १.३० प्रतिशत हुन आउँछ ।

यस पार्श्वचित्रका अनुसार यस वडाको १६८८ कुल जनसङ्ख्यामध्ये करिब ३३३ अर्थात् १९.७३ प्रतिशत घरधुरीको मुख्य पेशा कृषि नै भएकोले वडाको कुल आम्दानीमा कृषिक्षेत्रको योगदान नै सबैभन्दा बढी देखिन्छ । यहाँबाट देश भित्रै र विदेशमा गई मजदुरी गर्ने जनसङ्ख्या पनि दिनानुदिन बढ्दै गएको छ । यस वडाका बासिन्दाहरूका भू-स्वामित्वको अवस्था हेर्दा धेरैजसो घरपरिवारको तीन रोपनीसम्म जग्गा भएको देखिन्छ ।

यस वडामा बोलिने भाषाको हकमा जिरेल, शेर्पा, तामाङ, मगर र सुनुवारले आ-आफ्नै मातृ भाषा बोल्दछन् भने यी भन्दा बाहेकका अरू सबै जातजातिहरूले नेपाली भाषा नै बोल्ने गरेको वताइएको छ । तर केही अन्य भाषीले पनि जिरेल भाषा बोल्ने गरेको पाइन्छ । यस वडामा बसोबास गर्ने नेवार जातिमध्ये केहीले नेवारी भाषा नै बोल्ने र अन्य बाँकी नेवारहरूले भने जिरेल तथा नेपाली भाषा बोल्ने गरेको उक्त पार्श्वचित्रको घरधुरी सर्वेक्षणबाट आँकडाले देखाउँछ । जिरी नगरोन्मुख गा.वि.स. द्वारा तयार पारिएको वि.सं. २०७० को यो पार्श्वचित्र अनुसार यस वडामा जम्मा ८४७ महिला तथा ८४१ जना पुरुष बसोबास गर्दछन्, जुन कूल जनसङ्ख्याको ५०.९ प्रतिशत महिला र पुरुषको ४९.१ प्रतिशत हुन आउँदछ । जनसंख्या तथा घर धुरीको आधारमा औसत परिवार संख्या प्रति घरधुरी ४.२५ हुन जान्छ । उक्त पार्श्वचित्रका अनुसार मूलत: तन्त्र विद्यामा विश्वास गर्ने जिरेलहरूले आफ्नै परम्पराअनुसारको बौद्धधर्म मान्ने गर्दछन् । शोध अध्ययन गरिएको यस वडामा स्थायी बसोबास गर्ने कूल १६८८ जनसङ्ख्यामध्ये १०७६ जना बौद्धधर्म मान्ने देखिन्छन् भने हिन्दुधर्म मान्नेको सङ्ख्या ५७७ र इसाईधर्म मान्नेको सङ्ख्या जम्मा ३५ मात्र रहेको छ । जातिगत हिसावले यस वडामा जिरेल, शेर्पा, तामाङ, मगर र सुनुवार जातिले बौद्धधर्म मानेका छन् भने बाँकी जातिले हिन्दुधर्म मान्दै आएका छन् ।

उक्त पार्श्वचित्रका अनुसार परापूर्वकालमा जिरेलहरू समाजमा रहने र सामूहिक खेतीप्रणाली अपनाएर खेतीपाती गर्ने गर्दथे । यिनीहरूले परम्परागत रूपमा गर्दै आएको खेती प्रणालीलाई *'जिरेल किपट'* को नामबाट चिनिन्थ्यो तर कालान्तरमा आएर यो प्रणाली दिगो रहन सकेन । बाबुको मृत्युपछि प्रत्येक छोराले बावुको नाममा भएको जमिन र पशुवस्तुको आ-आफ्नो हिस्सा पाउँदछन्, तर कान्छो छोराले घर र घरभित्र रहेको सबै जायजेथा पाउने गर्दछन् भने छोरीहरूले विवाहको वेला केही गहना र बाबुले दिएको सम्पत्ति मात्र पाउने गर्दछन् । यदि कुनै जिरेलले आफ्नो समुदायको नियमलाई भङ्ग गर्‍यो भने आफ्नो परिवारबाट छुट्टिनु पर्दछ र नयाँ उपसमूह सिर्जित हुन्छ । उपसमूहहरू

यसैगरी बनेको मानिन्छ । कसैको मृत्यु र पूजामा कुनै जिरेलले जानीबुझी सहभागी भएन भने पनि समाजवाट अलग गरिन्छ भनेर यस पार्श्वचित्रमा विस्तृत चर्चा गरिएको छ ।

सबभन्दा पछिल्लो समयमा प्रकाशित यो पार्श्वचित्र प्रतिवेदन कुनै अनुसन्धानात्मक कृति नभएर जिरी गा.वि.स. को पार्श्वचित्र मात्र भएको कारणले यसमा जिरेल समुदाय र यस समुदायका महिलाहरूको सामाजिक अवस्थाको विवेचना प्राज्ञिक दृष्टिकोणले गरिएको छैन, तर यस प्रकाशनले जिरी नगरपालिका घोषणा गर्नुभन्दा पहिलेको आँकडालाई मात्र समेटेकाले नगरपालिका घोषणा भइसकेपछिको परिस्थितिको पक्षमा पनि धेरै कमजोर देखिन्छ, तर पनि नगरपालिका उन्मुख जिरी गा.वि.स. र यस गा.वि.स.को सबभन्दा ठूलो वडाको जनसाङ्ख्यिक अवस्था, आर्थिक अवस्था, सामाजिक अवस्था, भौगोलिक पूर्वाधारको अवस्था लगायतको विविध जानकारी यस पार्श्वचित्रमा विस्तृत रूपमा समेटिएकाले यो प्रतिवेदन प्रस्तुत शोधप्रबन्धका लागि निकै सहयोगी छ ।

### २.३.८ डा. गोविन्दप्रसाद गुरागाईं, 'जिरी गाविसको पर्यटन विकासमा स्थानीय निकायको भूमिका', *भ्वाइस् अफ कल्चर,* (Voice of Culture) काठमाडौँ: त्रि.वि. पद्मकन्या बहुमुखी क्याम्पस, नेपाली, इतिहास, संस्कृति तथा पुरातत्त्व विभाग, (वि.सं. २०७०) भोलुम् ६, पृष्ठ १०३ ।

प्रा.डा. गोविन्दप्रसाद गुरागाईंद्वारा लिखित भ्वाइस अफ कल्चर पत्रिकामा प्रकाशित 'जिरी गाविसको पर्यटन विकासमा स्थानीय निकायको भूमिका' नामक (त्रि.वि. पद्मकन्या बहुमुखी क्याम्पस, नेपाली, इतिहास, संस्कृति तथा पुरातत्त्व विभाग, भोलुम, ६, वि.सं. २०७० मा प्रकाशित भएको यो लेख प्रस्तुत शोधको विषयवस्तुसँग मेल खाने भएकाले यस लेखको समीक्षा गर्नु शोधको लागि अत्यन्त उपयोगी भएको छ । उक्त लेखको पृष्ठभूमिमा पर्यटन शब्दको परिचय, पर्यटन शब्दको अर्थ र पर्यटनको महत्त्वका बारेमा उल्लेख गरिएको छ । त्यस्तै स्थानीय निकायको अर्थ र परिभाषा शीर्षकमा स्थानीय निकायको अर्थ र परिभाषाको बारेमा विस्तृत रूपमा प्रकाश पारिएको छ । विकास निर्माणमा स्थानीय निकायको महत्त्व र भूमिकाको बारेमा उल्लेख गरिएको छ । जिरीको पर्यटनको विकासमा स्थानीय निकायको भूमिकाबारे उल्लेख गर्दै लेखकले जिरीलाई पर्यटकीय गन्तव्यका रूपमा

चिनाउने कार्य स्विस सरकारले गरेको र ई.सं. १९३८ देखि नै स्विट्जरल्याण्डको जुरिच सहरका रूपमा यो क्षेत्र परिचित भएको भनेर भनेका छन् ।

ई.सं. १९५९ मा स्विस सरकारको सहयोगमा जिरी बहुउद्देश्यीय परियोजना प्रारम्भ भए पश्चात जसले गर्दा यस क्षेत्रको विकासका साथै ख्याति पनि थपिन पुग्यो । जिरी पर्यटन विकासका दृष्टिकोणले निकै महत्त्वपूर्ण गन्तव्य भएको सन्र्दभमा स्थानीयवासीको पनि पर्यटन विकास गर्नका लागि आ-आफ्नो ठाउँ, क्षेत्र र हैसियतले सकेसम्मको योगदानको आवश्यकता रहने कुरामा जोड दिइएको छ । यस लेखमा जिरीमा पर्यटनको विकास एवम् सरोकारवालामध्ये स्थानीय निकायको भूमिका के हुने भन्ने विषयलाई बढी महत्त्वका साथ विश्लेषण गरिएको छ ।

यस सन्र्दभमा उक्त क्षेत्रका पर्यटनका विषयमा जानकारी राख्ने व्यक्तिहरू, स्थानीय क्षेत्रका शिक्षक, प्राध्यापक, राजनैतिक दलका नेता, जि.वि.स.का पूर्व सदस्य, गाविसका पूर्वअध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष जस्ता व्यक्तित्त्वहरूसँग आवश्यक अन्तरक्रिया सम्पन्न गरी उक्त अन्तरक्रियाको आधारमा जिरीमा पर्यटन विकासमा स्थानीय निकायले पुऱ्याउने योगदान एवम् निर्वाह गर्ने भूमिकाका विषयमा बुँदागतरूपमा गरिएको समीक्षावाट प्राप्त सुझावहरू जस्ताको त्यस्तै तल उल्लेख गरिएको छ:

- पर्यटनकालागि आवश्यक भौतिक संरचनाको निर्माणमा आर्थिक भूमिका निर्वाहगर्ने ।
- पर्यटनसँग सम्बन्धित तालिम र जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने ।
- जिरी क्षेत्रमा शान्ति सुरक्षा स्थापना गर्न योगदान पुऱ्याउनुपर्ने ।
- पर्यटकीय सम्पदाको पहिचान, संरक्षण संवर्धन एवम् प्रचार प्रसार गर्नुपर्ने ।
- बेलाबखतमा आवश्यकताअनुसार विभिन्न किसिमका पर्यटकीय महोत्सवहरू सञ्चालन गर्नुपर्ने ।
- स्थानीय क्षेत्रमा पर्यटनको विकास एवम् प्रवर्द्धनका लागि नीति तथा कार्यक्रम निर्माण एवम् कार्यान्वयन गर्नुपर्ने ।
- पर्यटकीय सम्पदाहरूको पहिचान एवम् संरक्षणका लागि अध्ययन अनुसन्धानमूलक कार्य सञ्चालन गर्नुपर्ने ।
- पर्यटन व्यवसाय सञ्चालन गर्न इच्छुक उद्यमीहरूलाई आवश्यक उत्प्रेरणा दिनुपर्ने ।

- पर्यटनका लागि आवश्यक भौतिक पूर्वाधारको विकास तथा विस्तार गर्नुपर्ने ।
- राज्यको 'पर्यटनका लागि सँगसँगै' भन्ने भावनाको विकासमा तीव्रता ल्याउनुपर्ने ।
- सकेसम्म युवा तथा महिलाहरूलाई पर्यटन विकासमा परिचालन गर्नुपर्ने ।
- नेपाल पर्यटन बोर्डद्वारा सञ्चालित कार्यक्रममा साझेदारी गर्नुपर्ने ।
- स्थानीय क्षेत्रमा क्रियाशील सरकारी एवम् गैरसरकारी अन्य सङ्घ संस्थालाई पर्यटन विकासमा सहभागी गराउनुपर्ने ।
- स्थानीय स्तरमा सञ्चालन गरिएका परम्परागत सिप एवम् प्रविधिसँग सम्बन्धित हस्तकला उद्योगलाई पर्यटनसँग जोड्नुपर्ने ।
- स्थानीयहरूलाई अतिथि सत्कारसँग सम्बन्धित विधिविधानका बारेमा आधारभूत ज्ञान दिलाउने विभिन्न किसिमका कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- जिरेल समुदायको जातीय सँस्कृति झल्कने सङग्रहालय स्थापना गर्न जोड दिनुपर्ने ।
- स्थानीय स्तरमा पर्यटकको आगमनको वास्तविक तथ्याङ्कको जानकारीका लागि अभिलेख राख्न सूचना केन्द्र स्थापना गर्नुपर्ने ।

तत्कालीन जिरी गाउँ विकास समिति र हालको जिरी नगरपालिकाको पर्यटन विकासमा स्थानीय निकायको भूमिका शीर्षकको यस लेखमा सरकारी स्तरबाट पर्यटनको लागि पहल गरिएका कुराहरू लेखकले विस्तृत रुपमा प्रकाश पारेकाछन्, तर बौद्धमार्गी जिरेल समाजमा महिलाको स्थानको सामाजिक र आर्थिक पाटोहरु नसमेटिएकोले थप अध्ययनको आवश्यकता रहेको देखिन्छ ।

### २.३.९ तेजरत्न कंसाकार, दुवीनन्द ढकाल र सुरेश सापकोटा, *'ए सोसियो-लिङ्ग्विस्टिक् सर्वे अफ जिरेल्स्'* *(A Socio-linguistic Survey of Jirels)* काठमाडौँ: टि.यु..कीर्तिपुर, ई.सं. २०१३ ।

लेखकत्रय तेजरत्न कंसाकार, दुवीनन्द ढकाल र सुरेश सापकोटाद्वारा त्रि.वि. केन्द्रीय भाषा विभागमा सन् २०१३ मा पेश गरिएको १२५ पृष्ठसंख्या लामो यो सर्वेक्षण प्रतिवेदन दोलखा जिल्लामा बसोबास गर्ने जिरेल समुदायका मुख्य तीनवटा गाउँहरू जिरी, क्षेत्रपा र

जुगुमा बोलिने जिरेल भाषा लगायत जिरेलहरूको उत्पत्तिसँग सम्बन्धित भनाइहरू, जिरेलहरूले अवलम्बन गर्नेगरेको धर्म, पेशा, थर, उपथर, जिरेल समुदायको शिक्षा, बसोबास गर्ने भूगोललगायतका विभिन्न विधाहरूमा जानकारी लिन निकै महत्त्वपूर्ण रहेको छ । यो प्रतिवेदन मुख्यत: जिरेलहरूले बोल्ने जिरेल भाषामा गाउँ-गाउँबीचको भिन्नता, यस भाषाले ओगटेको भूगोल, मातृभाषाको रूपमा प्रयोगकर्ताको यस भाषामा दख्खल, आफ्नो भाषाप्रतिको धारणा, भाषाको स्रोत तथा भाषा विकासमा सहयोग गर्ने तत्त्वहरू र सुझावहरूमा बढी केन्द्रित रहेकोले जिरी उपत्यका र जिरेल जातिको बारेमा अनुसन्धान गर्न थप टेवा पुग्न गएको छ ।

राष्ट्रियस्तरमा जनजातिको रूपमा स्थापित यस जातिको जनसङ्ख्या सन् २०११ को राष्ट्रिय जनगणनाअनुसार जम्मा ५७७४ रहेको छ जसमध्ये ४८२९ अर्थात् ८३.६ प्रतिशतले मात्र जिरेल भाषालाई मातृभाषाको रूपमा बोल्दछन् । यस प्रतिवेदनले यस जातिको उत्पत्तिको बारेमा यो जाति सुनुवार केटा र शेर्पा केटीबाट जन्मिएको सन्तान भएको लगायत चौधौं शताब्दीमा सिमरौनगढमा भएको मुसलमानको आक्रमणबाट बच्न जिरी उपत्यका आईपुगेका व्यक्तिहरूको सन्तान जिरेल भएको भनाइ अगाडि सारेको छ । यसका अलावा जिरेलहरू किराँतकै सन्तान भएको भनाइलाई पनि यस प्रतिवेदनमा उद्धृत गरिएको पाइन्छ ।

नेपाल तिब्बत सीमावर्ती क्षेत्रमा बसोबास गर्ने अधिकांश जातजातिहरूले बौद्धधर्म मान्दछन् । यस अध्ययनले समेटेको जिरेल जाति पनि दोलखाको पूर्वोत्तर भेगमा बसोबास गर्दछन् । यस जातिले हिन्दुधर्मलाई पनि उत्तिकै महत्त्व दिने गरे तापनि मुख्यत: यिनीहरू तिब्बती बौद्धधर्मअर्न्तगतको निङ्मा सम्प्रदायअन्तर्गत पर्दछन् । जिरेलहरूको प्राचीन धर्म तान्त्रिक अर्थात प्राकृतिक धर्म थियो । लेखकका अनुसार करिब ५०० वर्ष अगाडि मात्र शेर्पाहरूको यस क्षेत्रमा आगमन भएसँगै बौद्धधर्मले प्रवेश पाएको थियो । जिरेल समुदायकै जेठा लामा र कान्छा लामाले तिब्बतबाट लामा शिक्षा प्राप्त गरी आएपछि मात्र यस समाजले बौद्धधर्म मान्न थालेको हो भन्ने भनाइ छ । हिन्दु र बौद्ध दुबै धर्म बराबर महत्त्वका साथ मान्ने यस जातिले बौद्धधर्मसँग सम्बन्धित संस्कारहरू फोम्बो (झाँक्री) द्वारा गराउँदछन् । यी झाँक्रीहरू सिधै दैवीशक्तिसँग सम्पर्क राख्न सक्दछन् भन्ने मान्यता जिरेलहरूमा व्यापक रूपमा रहेको छ । जिरेलहरूका आफ्नै लामा र बौद्ध गुम्बाहरू रहेका छन् ।

जिरेलहरू हिन्दु संस्कार, हिन्दु चाडपर्व र हिन्दु देवी देवताहरूलाई निकै नै आदर गर्दछन् । जिरेलहरू बसोबास गर्ने स्थानहरूमा केही हिन्दु मन्दिरहरू पनि रहेका छन्, जहाँ गएर जिरेलहरू अति नै श्रद्धापूर्वक हिन्दु देवीदेवताहरूको पूजाआजा गर्ने गर्दछन् । जिरेलहरूले अनुसरण गर्ने केही रहनसहन तथा संस्कारहरू अन्य नेपाली जनजातिहरूसँग मेल खाँदैन । प्रस्तुत प्रतिवेदनमा जिरेलहरूले अनुसरण गर्ने गरेको बौद्धधर्म नजिकका बौद्धमार्गी छिमेकी शेर्पाहरूभन्दा पनि फरक छ भनिएको छ ।

जिरेलहरूको मुख्य पेसा निर्वाहमुखी कृषि रहेको छ । यिनीहरूको अर्थतन्त्र अन्नवाली, तरकारीवाली र पशु तथा कुखुरापालन व्यवसायमा निर्भर छ तथापि हालका दिनहरूमा जिरेलहरू पर्यटन, व्यापारलगायतका अन्य व्यवसायहरूमा पनि संलग्न हुन थालेका पाइन्छन् । यो जाति सुनुवारहरू जस्तै विभिन्न थर उपथरहरूमा बाँडिएको छ । यस प्रतिवेदनले सन २०११ को जनसङ्ख्याको तथ्याङ्कलाई आधार मानेको छ जसअनुसार जिरेलहरूको सरदर साक्षरता करिब ६६ प्रतिशत रहेको छ । जिरेलहरूको शाक्षरता दर नेपालका अन्य जातजातिहरूमा जस्तै महिलाहरू पुरुषको तुलनामा धेरै कम साक्षर देखिन्छन् ।

दोलखा जिल्लाको जिरीस्थित जिरेल बौद्ध समाजमा महिलाहरूको सांस्कृतिक अध्ययनमा केन्द्रित रहेकाले यो प्रतिवेदन धेरै किसिमले यस शोधको विषयसँग सम्बन्धित रहेको छ । तर पनि जिरेलहरूको विविध किसिमका सामाजिक संस्कार, लैङ्गिक अवस्था, महिलाहरूको समाजमा स्थान, घरव्यवहारमा निर्णय गर्न सक्ने अधिकारलगायतका विषयमा यो प्रतिवेदन मौन देखिएकोले थप अनुसन्धानको आवश्यकता देखिएको छ ।

## २.३.१० प्रा.डा. रञ्जना बज्राचार्य, नेपालको बौद्धधर्म र बौद्ध संस्कृतिको प्रवर्द्धनमा महिलाको योगदान', *बुद्ध ज्योति,* काठमाडौं: त्रि.वि.बौद्ध अध्ययन विभाग, पद्‌मकन्या बहुमुखी क्याम्पस्, (वि.सं. २०७०), भोलुम् १, पृष्ठ ३९ ।

'बुद्ध ज्योति' त्रि.वि.बौद्ध अध्ययन विभाग पद्‌मकन्या बहुमुखी क्याम्पसद्वारा प्रकाशित डा. रञ्जना बज्राचार्यद्वारा लिखित नेपालको बौद्धधर्म र बौद्ध संस्कृतिको प्रवर्द्धनमा महिलाको योगदान नामक यो लेख यस शोधको विषयवस्तुसँग मेलखाने भएकोले यसको समीक्षा गर्नु शोधको लागि अति नै उपयोगी भएको छ ।

यो लेख जम्मा एघार खण्डमा विभाजित छ । पहिलो खण्डमा नेपोलियन बोनापार्टको भनाइ *'मलाई असल आमा देऊ, म तिमीलाई असल देश दिनेछु'* जस्तै कुनै पनि घरपरिवार, समाज र राष्ट्रको निर्माणमा महिलाको भूमिकाले धेरै ठूलो महत्त्व राख्दछ, घर, परिवार, समाजलाई मात्र हैन सिङ्गो विश्वको सर्वाङ्गीण विकासको लागि महिलाको योगदानले अति नै महत्त्व राख्दछ भन्ने कुरालाई विशेष जोडका साथ दर्साइएको छ ।

लेखको दोस्रो खण्डमा बौद्धधर्मको उत्थानको लागि जलमग्न काठमाडौँमा मञ्जुश्रीले बस्न योग्य बनाई आफ्नी स्त्री केशनी (वरदां) लाई फुलच्चो डाँडामा र अर्की स्त्री उपकेशरी अर्थात् मोक्षदालाई घ्यानच्चो डाँडामा निरीक्षणको लागि स्थापना गरे भन्ने उल्लेख गरिएको छ । ऋग्वेदकालमा समाजमा महिला र पुरुषबीच खासै भेदभाव थिएन र त्यसपछि मात्र बिस्तारै पुरुषप्रधान समाजले महिलाहरूलाई दबाउँदै उनीहरूका लागि सामाजिक तथा बौद्धिक बन्देजहरू लगाउँदै शिक्षाको अवसरबाट पनि बञ्चित गराइएको कुरा लेखको तेस्रो खण्डमा उल्लेख गरिएको छ ।

लेखको चौथो खण्डमा इ.पू. छैटौँ शताब्दीमा धार्मिक आन्दोलन भएको र बहुजनहिताय, बहुजनसुखायको सिद्धान्त अङ्गीकार गरी महिलासहिष्णु बौद्धधर्मको उदय भएको कुरा उल्लेख गरिएको छ । लेखको पाँचौ खण्डमा भगवान् बुद्धले छोरा नभए स्वर्गको बाटो खुल्दैन भन्ने कुराको विरोध गरेको कुरा, महिलालाई दोस्रो दर्जामा राख्ने, बाँझी र विधवालाई अशुभ मानिने कुराको विरोध गरेको, भिक्षुणी हुनको लागि महिला, पुरुष, विधवा, बाँझी, उपासक उपासिका कसैलाई पनि भेदभाव नगरेको, शिक्षा, ओहदा, लगायत सबै क्षेत्रमा समान अवसर दिएको जस्ता विषयहरूको चर्चा गरिएको छ ।

यस लेखको छैटौँ खण्डमा भगवान् बुद्धका आफ्नो धर्मरूपी रथलाई अगाडि बढाउन भिक्षु, भिक्षुणी, उपासक र उपासिका यस रथका चार पाङ्ग्रा हुन् भन्ने भनाइले समाजमा रहेका सम्पूर्ण व्यक्तिलाई समानरूपले व्यवहार गरेको कुरा स्पष्ट हुन्छ । साथै यस लेखमा भिक्षुणी हुनलाई मान्नु पर्ने अष्टगुरु धर्म महिला हितको लागि छन् भनेर व्याख्या गरिएको छ । बुद्धकालमा आफ्नो पुण्यबल, ज्ञानबल र ध्यानबलले विभिन्न क्षेत्रमा अग्रस्थान हासिल गर्ने तेह्र जना भिक्षुणीहरू र दस जना उपासिकाको नाम उल्लेख गरिनुका साथै भिक्षुणी सङ्घ स्थापना गर्नमा महाप्रजापति गौतमीको योगदानको बारेमा पनि उल्लेख गरिएको छ ।

सातौं खण्डमा विशेषरुपमा लिच्छविकालमा बौद्धधर्मको उत्थानमा महिलाहरूको योगदानको बारेमा चर्चा गरिएको छ । यस खण्डमा चाबहिलस्थित अभिलेखका अनुसार

एकजना महिलाले चैत्य बनाई सङ्घ भोजन गराई गुठी स्थापना गरी जग्गा प्रदान गरी भगवान् बुद्धको पूजा गर्ने व्यवस्था मिलाएको, भृकुटीले नेपालमा मात्र नभएर तिब्बतमा पनि बौद्धधर्मको प्रचार प्रसारमा पुऱ्याएको योगदान आदिको बारेमा उल्लेख गरिएको छ । आठौं खण्डमा लेखिकाद्वारा मध्यकालमा बौद्धधर्मको उत्थानमा महिलाहरूले पुऱ्याएको योगदानको बारेमा लेखिएको छ । यस कालमा महायानको साथै बज्रयान मत पनि नेपाली समाजमा व्यापक भएको देखिन्छ । लेखिकाका अनुसार बौद्धग्रन्थहरू, सुवर्ण अक्षरमा लेख्ने, अनुवाद गर्ने, कलात्मक बौद्ध मूर्तिहरू बनाउनमा महिला वर्गहरूको संलग्नता र दक्षता हासिल गरेको पाइन्छ भनी उल्लेख गरिएको छ । यसैगरी विभिन्न विहारहरूको क्रियाकलापहरूमा महिलाहरूको प्रत्यक्ष, अप्रत्यक्ष संलग्नता रहेको कुरा पनि उल्लेख गरिएको छ ।

यस लेखको नवौँ खण्डमा आधुनिक कालमा पनि बौद्धधर्मको प्रचार र उत्थान गर्ने उद्देश्यले विभिन्न भिक्षुणी, गृहस्थ उपासिकाहरूले देश विदेशमा धर्म प्रचार-प्रसार गर्ने, विहार बनाउने, बौद्धग्रन्थ लेख्ने, सम्पादन गर्ने, अनुवाद गर्ने, प्रकाशन गर्ने, सङ्घ-संस्था स्थापना गर्ने आदि कामहरू उल्लेखनीय रूपमा गर्ने गरेको कुराको चर्चा गरिएको छ । आधुनिककालमा आएर भारतमा बौद्धधर्म विस्तार हुन नसके पनि नेपालमा जीवित धर्मको रूपमा समृद्ध देखिनुमा नेवार बौद्ध समाजको उल्लेखनीय योगदान रहेको कुरालाई विस्तारपूर्वक चर्चा गरिएको छ ।

नेपालमा बौद्ध महिलाहरूको सक्रियतामा विभिन्न महिलाहरूले विभिन्न ठाउँमा गुम्वाहरू निर्माण गर्नु, त्यसलाई सञ्चालन गर्नुको साथै नेपाल सरकारका विभिन्न निकायहरूका उच्च ओहदामा बौद्ध महिलाहरू पुगेर विविध धार्मिक कार्यहरू गरिरहेको कुरा यस लेखको दशौं खण्डमा सविस्तार उल्लेख गरिएको छ । प्राचीनकाल होस् या आधुनिककाल्, बौद्धधर्म विश्वप्रसिद्ध र वैज्ञानिक धर्म कहलिनुमा महिलाहरूको धेरै ठुलो भूमिका छ भन्दै उक्त कुरा लेखको एघारौं खण्डमा निष्कर्ष निकालिएको छ ।

यस अनुसन्धानले समेटेका विषय विस्तृत रूपमा व्यवस्थित ढङगले विवरणात्मक रूपमा हालसम्ममा पनि कतैकसैद्वारा अनुसन्धान भएको नपाइएकोले सो पुरा गर्न यो पूर्वकार्यको समीक्षा गरिएको हो । साधन, स्रोत र समय अभावका कारण पूर्णरूपमा समीक्षा हुन नसके तापनि उपलब्ध सीमित साधन र स्रोतको अधिकतम उपयोग गरी उपलब्ध हुन

सकेका कुनै न कुनै रूपमा शोधप्रबन्धको विषयसंग सम्वन्धित अनुसन्धनात्मक लेख, पुस्तक र प्रतिवेदनहरूको समीक्षा यस अध्यायमा गरिएको छ ।

## २.३.११ सुरेन्द्रमान बज्राचार्य, 'जोग्राफिकल लोकेसन् अफ नर्दर्न नेपाल एन्ड बुद्धिस्ट इथनिक ग्रुप्स्' (Geographical Location of Northern Nepal and Buddhist Ethinics Groups), *बुद्ध ज्योति,* काठमाडौं: त्रि.वि. बौद्ध अध्ययन विभाग, पद्मकन्या बहुमुखी क्याम्पस, (वि.सं. २०७०), भोलुम् १, पृष्ठ १७ ।

बुद्ध ज्योति पत्रिकामा प्रकाशित श्री सुरेन्द्रमान बज्राचार्यद्वारा लिखित जोग्राफिकल लोकेसन अफ नर्दर्न नेपाल एण्ड बुद्धिस्ट इथ्निक ग्रुपस् नामक अङ्ग्रेजी भाषामा लिखित र त्रि.वि. बुद्धिस्ट स्टडिज् डिपार्टमेन्ट, पद्मकन्या मल्टिपल् क्याम्पस, द्वारा वि.सं. २०७० मा प्रकाशित यो लेख नेपालको उत्तरी भेगमा बसोबास गर्ने बौद्धमार्गी जनजातिहरू र बौद्धधर्मका बारेमा अध्ययन गर्नका लागि यस शोधको विषयवस्तुले मेल खाने भएकोले यसको समीक्षा गर्नु शोधका लागि उपयोगी भएको छ । यस लेखमा लेखकले समग्र नेपालको भूगोल, उत्तरी भेगको भौगोलिक अवस्था, हावापानीका साथै उक्त उत्तरी क्षेत्रलाई बौद्धमार्गी जनजातिहरूको बसाइ र भूगोलको आधारमा लेखकले उत्तरी नेपाललाई पूर्वी उत्तरी क्षेत्र, मध्यपश्चिमी उत्तरी क्षेत्र र पश्चिमीउत्तरी क्षेत्र गरी जम्मा तीन क्षेत्रमा विभाजन गरेका छन् । पूर्वोत्तर क्षेत्रमा बसोबास गर्ने क्रमश: वालुङ्ग, शेर्पा, थुदम, ल्होमी र लेप्चा जातिहरूका बारेमा छोटकरीमा चर्चा गरिएको छ । त्यस्तै पश्चिमी क्षेत्रमा बसोबास गर्ने जनजातिहरूमध्ये ल्होपा, बारह गाउँले, ताङवे, पाँच गाउँले, गाउँले थकाली (तामाङ्ग थकाली, मौतान थकाली र युलकोशोम्पैम्ही), थकाली, मनाङ्गी, लार्के, सियार र योल्मोस जातिहरूको चर्चा गरिएको छ । पश्चिमोत्तर नेपालमा बसोबास गर्ने बौद्धमार्गी जनजातिहरू मध्ये डोल्पो अर्थात् डोल्पाली, मुगाली, व्यासी, भुटिया अर्थात् भोटे जाति मुख्य छन् ।

बौद्धधर्मलाई अङ्गीकार गर्ने जनजातिहरूमध्ये तामाङ्ग र मगरहरूको जनसङ्ख्या अन्य जनजातिहरूको तुलनामा धेरै छ । बसाइ-सराइलगायतका विविध कारणले केही समस्या आए तापनि यी माथि उल्लेख गरिएका नेपालका उत्तरी भूभागमा बस्ने बौद्धमार्गी जनजातिहरूका अलावा थामी, मुर्मी, धिमाल, जिरेल, हायु, दराई, चेपाङ, मोइन्वा, रोकाया, दुरा, छन्त्याल, करेन आदिलाई पनि लेखकले बौद्धमार्गी जनजाति समूहमा पारेका छन् ।

उक्त लेखमा चर्चा गरिएका उत्तरी नेपालका बौद्धमार्गी जनजातिहरू उपशीर्षकमा लेखकले नेपाल जातीय र सांस्कृतिक विविधताको धनी भएको र यहाँ करिव साठ्ठी जनजातिहरू बसोबास गर्ने र करिब चालिस विभिन्न भाषाहरू बोलिने बताएका छन् ।

लेखकका अनुसार नेपालको उत्तरी भू-भागमा बसोबास गर्ने मुख्य जनजातिहरूमध्ये पूर्वी नेपालमा शेर्पाहरू, मुस्ताङ्गमा नेश्याङ्गपाहरू र पश्चिममा डोल्पोलगायतका जातिहरू पर्दछन् । शताब्दीयौँदेखि तिब्बती संस्कृति र समाजसँग दक्षिणको तुलनामा धेरै नजिक भएको कारणले यी जातिहरू मुख्यत: बौद्धमार्गी रहेका छन् । हाम्रो देश नेपालको दक्षिणी भूभागमा मुख्यत: हिन्दुलगायतका धर्मावलम्बीहरू बसोबास गर्ने भए तापनि मध्यपहाडी भूभागमा बसोबास गर्ने तामाङ्ग र मगरहरू प्रायश: बौद्धमार्गी छन् ।

यस लेखको अर्को एक अनुच्छेदमा लेखकले यी बौद्धमार्गी जनजातिहरूले तिब्बती बौद्धधर्मका विभिन्न शाखा, उपशाखाहरूलाई अवलम्बन गर्ने भएका कारण यिनीहरूले बौद्धधर्मलाई फरक फरक किसिमले अनुसरण गर्दछन् भनेका छन् । उदाहरणका लागि मुस्ताङ्गमा बसोबास गर्ने बौद्धमार्गीहरूले शाक्य सम्प्रदायलाई अँगालेका छन् भने शेर्पाहरूले निङ्मा-पा सम्प्रदाय अँगालेका छन् । यसको मुख्यकारण नेपालका जनजातिहरूमध्ये जुन जाति विगतमा जुन तिब्बती बौद्धमार्गी समूहको सम्पर्कमा आए उसैबाट प्रभावित हुन पुगे भनिएको छ ।

नेपालको उत्तरी भेगमा बसोबास गर्ने बौद्धमार्गी विभिन्न जनजातिहरूको विषयमा यस लेखमा छोटै भएपनि अति सुन्दर तरिकाले चर्चा गरिएको छ, जुन आफैमा अत्यन्तै महत्त्वपूर्ण छ तर आफ्नो छुट्टै संस्कृति र पहिचान बोकेको मध्यउत्तरी भेगको आदिवासी जिरेल बौद्धमार्गी जातिको विषयमा खासै केही उल्लेख नहुनुले थप अनुसन्धानको आवश्यकता देखिन गएको हो । यो कमी यस शोध ग्रन्थले पुरा गर्ने विश्वास गरिएको छ ।

## २.४ उपसंहार

दोलखा जिल्लास्थित जिरी उपत्यकामा बसोबास गर्ने जिरेल जातिको उत्पत्ति, सांस्कृतिक, सामाजिक, आर्थिक अवस्था, धार्मिक आस्था र यस समाजमा महिलाहरूको स्थान र उनीहरूको भूमिकासँग सम्बन्धित रहेर निकै कम मात्र अध्ययन अनुसन्धानका कामहरू भएका छन् । छिटपुट रूपमा कहीँकतै छापिएका कृतिहरू पनि यस जातिको समग्र पक्षको अध्ययन गर्न पर्याप्त छैनन् । यसकारण यस शोधप्रबन्धले समेटेको विषयसँग

सम्बन्धित पुस्तक र कृतिहरूको निकै अभाव छ । यद्यपि ती उपलव्ध हुनसक्नेसम्मका सामग्रीहरूको पुनरवलोकन र समीक्षा गरिएको छ । यस अध्यायमा बौद्धधर्मको उत्पत्ति, बौद्धधर्म-दर्शन, बौद्धधर्मको परिचय, नेपाल र यसका छिमेकी देशहरूमा बौद्धधर्मको विकास र विस्तार, बौद्धधर्ममा महिलाहरूको स्थान, बौद्धधर्मको विकासमा महिलाहरूको इतिहासकालदेखि रहँदैआएको योगदान, नेपालका जनजाति र जिरेलहरू, जिरीस्थित जिरेल बौद्धसमाजमा महिलाहरूको भूमिकासँग सम्बन्धित शीर्षकअन्तर्गत रहेर उपलव्ध हुन सकेसम्मका पुस्तक र कृतिहरू समाविष्ट छन् ।

संस्कृतिले सबै समाजको इतिहास र जीवनशैली बोक्ने भएकाले कुनै पनि समाजको संरचनाबारे जानकारी लिन त्यो समाजको संस्कृतिको अध्ययन गर्न जरुरी छ । संस्कृति लिखित र अलिखित दुवै प्रकारको हुने गर्दछ । उक्त समाजले मनाउने चाडपर्व, जीवनभरि अवलम्बन गरिने कर्मकाण्ड मृत्युपछि गर्ने गरिएका संस्कारहरू आदिले समाजको संस्कृतिको जानकारी दिन्छ ।

नेपाल एक बहुजातीय, बहुधार्मिक र बहुभाषिक देश हो । भौगोलिक रूपमा सानो देखिए तापनि जाति, भाषा एवम् संस्कृतिको धनी हाम्रो देश नेपालमा करिव १२५ वटा जातजातिहरू बसोबास गर्दछन् । यिनै अनेकौं जातजातिहरूमध्ये जिरेल पनि एक हो । यो जाति एक अति सीमान्तकृत जातिभित्र पर्दछ । यस जातिको संस्कृति पनि विशिष्ट किसिमको छ । यिनीहरू अधिकांशले बौद्धधर्म अङ्गीकार गर्दछन् । यिनीहरूको आफ्नै भाषा, संस्कार, चाडपर्व, परम्परा र रहनसहन छन् । जिरेलहरू मुख्यत: दोलखा जिल्लाको जिरी, क्षेत्रपा, जुँगु, माथिल्लो सिखी, तल्लो सिखी, खरायोवन, ढुङ्गे भण्डार, माथिल्लोकोट, तल्लोकोट, रातोमाटे, गोम्पासिङ्ग, यार्सा, राते सिजेल, रेन्जे, गुन्सा, ताप्का र ततिसे गाउँहरूमा बसोबास गर्दछन् । यसका अतिरिक्त जिरेलहरू छिमेकी जिल्लाहरूमा र थोरै संख्यामा भारत, भुटानलगायतका देशहरूमा समेत बसोबास गरेका भेटिन्छन् । जिरेल जाति संख्यात्मक हिसाबले सानो भए तापनि सामाजिक र सांस्कृतिक दृष्टिकोणले राष्ट्रिय परिवेशमा यो जातिले आफ्नै विशिष्ट महत्त्व राख्दछ ।

प्राचीनकालमा बोनधर्म मान्ने गरेको यस जातिले करिव ५०० वर्ष अगाडिबाट मात्र बौद्धधर्म अवलम्बन गर्ने गरेको मानिन्छ । तर यस भेगमा जब अन्य जातजातिहरू खासगरी खस हिन्दुहरूको प्रवेशपछि खस भाषा र संस्कृतिको प्रभाव व्यापक हुनगयो । क्रमिक रूपमा बौद्धमार्गी जिरेलहरू हिन्दुहरूको प्रभावमा रहनु र यिनीहरूको उठबस र घुलमिल

पनि हिन्दुहरूसँग हुन थालेबाट यिनीहरूमा हिन्दु धर्मको पनि प्रभाव पर्न गयो, जसका कारण यस उपत्यकामा मूलत: तिब्बती-बौद्धधर्मलाई अङ्गीकार गर्ने जिरेलहरू जन्म संस्कार झाँक्रीद्वारा गराउँछन्, मृत्यु संस्कारमा बौद्धपरम्परालाई अङ्गीकार गर्दछन् र कतिपय देवकार्य, विवाह संस्कारहरू हिन्दु ब्राह्मणहरूवाट गराउन थालेका छन् ।

घरमूलीका रूपमा बाबु, बाजे वा परिबारका कुनै वृद्ध पुरुष रहने भएकाले यो समाज मूलत: पितृसत्तात्मक जस्तो देखिए तापनि उपलब्ध सन्दर्भ साहित्यहरूका अनुसार लोग्नेले आफ्नी पत्नीप्रति सम्मानपूर्ण दृष्टिकोण राख्दछन् र पारिवारिक सम्वन्ध पनि सद्भावपूर्ण, निकै मानवीय र सौहाद्र हुने गरेको देखिन्छ । जिरेल परिवारभित्र महिलाहरूको स्थान पुरुषसरह महत्त्वपूर्ण र स्वतन्त्र छ । यसका साथै यस जातिमा अन्य जातजातिको तुलनामा महिलाहरूको सामाजिक सशक्तीकरणको अवस्था खासगरी घरव्यवहारमा निर्णय गर्ने अधिकार र गाउँमा हुने सम्पूर्ण सामाजिक क्रियाकलापहरूसँग सम्वन्धित निर्णय प्रक्रियामा समेत सहभागिता सशक्त रहेको देखिन्छ ।

यसरी पूर्वसाहित्यको समीक्षाबाट के स्पष्ट हुन्छ भने दोलखा जिल्लास्थित जिरी उपत्यकामा बसोबास गर्ने जिरेल जातिको उत्पत्ति, सांस्कृतिक, सामाजिक, आर्थिक अवस्था, धार्मिक आस्था र यस समाजमा महिलाहरूको स्थान र उनीहरूको भूमिकासँग सम्बन्धित रहेर निकै कम मात्र अध्ययन अनुसन्धानका कामहरू भएका छन् । यसैले दोलखा जिल्लास्थित जिरी उपत्यकामा बसोबास गर्ने जिरेल जातिको सांस्कृतिक, सामाजिक, आर्थिक अवस्था, धार्मिक आस्था र यस समाजमा महिलाहरूको स्थान र उनीहरूको भूमिकाको बारेमा अनुसन्धान आवश्यक रहेको स्पष्ट हुन्छ ।

### अध्याय तीन

# जिरीको परिचय र महत्त्व

## ३.१ पृष्ठभूमि

भौगोलिक, सामाजिक, साँस्कृतिक, धार्मिक, भाषिक र जातीय विविधताले भरिपूर्ण हाम्रो देश नेपालमा परापूर्वकालदेखि विभिन्न जातजाति र तिनका समुदाय बसोबास गर्दै आएका छन् । पूर्वदेखि पश्चिमसम्मको उत्तरी भू-भागमा चाँदी झैं टल्कने हिमशृङ्खलाहरू छन् भने दक्षिणतर्फ समतल मैदानी भू-भाग छ । यस शोधप्रबन्धले समेटेको जनकपुर अञ्चलअन्तर्गतको दोलखा जिल्ला पनि प्राकृतिक शौन्दर्यताको धनी छ । यस जिल्लाको ३५ प्रतिशत भू-भाग उच्च हिमाली भेगमा, ४० प्रतिशत उच्च पहाडी भेगमा, २५ प्रतिशत मध्यपहाडी भेगमा र बाँकी १० प्रतिशत भू-भाग समतल रहेको छ । मूलत: हिमाली भेगमा पर्ने यस जिल्लामा विभिन्न पहाड र हिमालका खोंच, नदी किनार, टार, बेंसी र उपत्यकाहरू रहेका छन् ।

राष्ट्रिय जनगणना २०६८ का अनुसार जम्मा १,८६,५५६ जनसङ्ख्या रहेको दोलखा जिल्लामा ६३ जातजातिको बसोबास रहेको छ । राजनैतिक रूपमा यस जिल्लालाई दुई संसदीय क्षेत्र, ११ इलाका, ४८ गाउँ विकास समिति र दुई नगरपालिकामा विभाजन गरिएको छ, जस मध्येको नवघोषित एक नगरपालिका जिरीमा पनि विभिन्न जातजातिहरूको (जिरेल, क्षेत्री, शेर्पा, तामाङ्ग, नेवार तथा अन्य जातिहरू) बसोबास रहेको छ, तर मुख्य रूपमा जिरेल र शेर्पा जातिको बाहुल्य छ ।[१] यस शोधअध्ययनले समेटेको जिरेल जातिको सरदर पारिवारिक आकार ६.३५ रहेको छ जसमध्ये पुरुष प्रति परिवार ३.१ र महिलाको ३.३ भएको देखिन्छ ।[२]

जिरी प्राकृतिक सौन्दर्यले अत्यन्तै भरिपूर्ण भएको उपत्यका हो । यो उपत्यका वि.सं. २०१९ सालदेखि नै एउटा पञ्चायतको रूपमा रही आएकोमा २०४६ मा देशमा आएको राजनीतिक परिवर्तनपश्चात् सोही गाँउ पञ्चायत गाउँ विकास समितिको रूपमा परिवर्तन भई हाल जिरी नगरपालिकाको नामबाट परिचित छ । च्योर्दोङ्ग डाँडाको काखमा विराजमान

---

[१]जिरी नगरोन्मुख गाँउ विकास समिति, *गाँउ विकास समिति पार्श्वचित्र,* दोलखा: जिरी नगरोन्मुख गाँउ विकास समितिको कार्यालय, जिरी, २०७०, पृष्ठ १४ ।

[२]http://krepublishers.com/02-Journals/S-EM/EM-05-0-000-11-Web/EM-05-2-000-11-Abst-PDF/EM-05-2-115-11-157-Lohani-U/EM-05-2-115-11-157-Lohani-U-Tt.pdf. 14 MAY, 2016.

यो उपत्यका सामाजिक सद्भाव र प्राकृतिक सुन्दरताको अनुपम सङ्गमस्थलका रूपमा रहेको छ । यो उपत्यका दोलखा जिल्ला र नेपालकै पहिचान दिलाउने एक मात्र ऐतिहासिक, सामाजिक, शैक्षिक एवम् प्राकृतिक विविधताले भरिपूर्ण उपत्यका हो । चारैतर्फ वनजङ्गल र हरियालीले भरिएका रमणीय डाँडाकाँडाहरूले घेरिएको, दक्षिणतर्फ फर्किएको, बीचभागमा बाह्रै महिना बगिरहने जिरीखोला र सिखीखोलाको साथै खोलाको दायाँबायाँ समथर र उब्जाउ भूमि रहेको अति सुन्दर यो भू-भाग एउटा आकर्षक पहाडी उपत्यकाको रूपमा देश विदेशमा परिचित एक पर्यटकीय स्थल पनि हो ।

अधिकांश भू-भाग उच्च पहाडी र केही भाग बेसी तथा टार क्षेत्र भएको यस उपत्यकाको उत्तरतर्फको उच्च पहाडी भागमा हिउँदे महिनामा हिउँ पर्दछ । यो उपत्यका भौगोलिक रूपमा विविधतायुक्त भएकोले यहाँको हावापानी उच्च क्षेत्रमा चिसो छ । यहाँ बसोबास गर्ने जिरेल जाति नेपालकै एक सीमान्तकृत आदिवासी मानिन्छन् । यिनीहरूको मुख्य पेशा कृषि तथा पशुपालन रहेको छ भने पर्यटकीय गन्तव्य तथा दोलखाको पूर्वी क्षेत्र एवम् रामेछापको उत्तरी भेगको व्यापारिक केन्द्र भएका कारण व्यापार र रोजगारीमा समेत यो क्षेत्र हालका दिनहरूमा उल्लेख्य रूपमा परिचित हुँदै गएको देखिन्छ । अत्यन्त मनमोहक र प्राकृतिक छटाले भरिपूर्ण यस क्षेत्रको भौगोलिक परिचयका बारेमा उपलब्ध हुनसकेका पाठ्य-सामग्री र सूचनाहरूको गहन अध्ययन गरेर सम्भव भएसम्म उपलब्ध जानकारीहरूलाई यस क्षेत्रको परिचयको रूपमा यस अध्यायमा प्रस्तुत गरिएको छ ।

## ३.२ जिरी उपत्यकाको भौगोलिक बनावट

यस अध्ययनले समेटेको जिरी उपत्यका अर्थात् हालै मात्र घोषित जिरी नगरपालिका नेपालको दोलखा जिल्लाको पर्यटकीय दृष्टिले अति महत्त्वपूर्ण स्थल हो । चारैतिर पहाडले घेरिएको र उत्तर-दक्षिण फैलिई अण्डाकारका रूपमा रहेको साना दुई उपत्यकाको सङ्गम बनी यो उपत्यका निर्माण भएको छ । यहाँको मनोरम भौगोलिक अवस्था तथा चिसो हावापानीको कारणले यो एक मनमोहक तथा अत्यन्त रमाइलो पर्यटकीय स्थलको रूपमा रहेको छ । जिरी खोला, सिखी खोला, लौकी झरना आदिले यस उपत्यकालाई थप आकर्षक बनाइ दिएका छन् ।

दोलखा जिल्लाको सदरमुकाम चरिकोटबाट करिब छपन्न किलोमिटर उत्तर-पूर्वतिर अवस्थित यो उपत्यका सोलुखुम्वुमा विमानस्थल बन्नुपूर्व संसारको उच्च शिखर सगरमाथा

तर्फजाने एउटा मात्र प्रमुख बाटो थियो ।[३] सर एडमण्ड हिलारी र तेनजिङ्गनोर्गे शेर्पाले सगरमाथा आरोहणका लागि सर्वप्रथम यही बाटो प्रयोग गरेपछि यस क्षेत्रले राष्ट्रिय, अन्तर्राष्ट्रिय रूपमा अझ बढी चर्चा पाउन थाल्यो ।

नेपाल सरकारको मन्त्रीपरिषद्ले २०७१ साल मंसिर सोह्र गते गरेको निर्णयअनुसार यस गाँउ विकास समितिका पाँच, माली गाउँ विकास समितिका चार र त्यस्तै ठूलो पातल गाउँ विकास समितिका चारवटा वडा मिलाएर नगरपालिका घोषणा भई हाल यो ठाउँ जिरी नगरपालिकाको नामबाट परिचित छ ।[४] यस नगरपालिकाको बीच भागमा बाह्रै महिना बगिरहने जिरीखोला र सिखीखोला छन् भने यिनै खोलाहरूको दायाँबायाँ समथर र उब्जाउ भूमि रहेको छ । दोलखा जिल्लाको सदरमुकाम चरिकोटबाट करिब तीन घण्टाको मोटर यात्रामा पुग्न सकिने यस स्थानमा एउटा सानो विमानस्थल पनि छ जुन हालका केही वर्षहरूबाट सञ्चालनमा रहेको छैन । उपलब्ध तथ्याङ्कहरूका अनुसार यस उपत्यकामा धेरै किसिमका जातजातिहरूको बसोबास भएको भए तापनि बसोबासको आधारमा नेपालकै सीमान्तकृत आदिवासी मानिएका जिरेल जातिको बाहुल्य रहेको छ ।[५]

## ३.३ भौगोलिक स्थिति र सीमाना

भू-बनोट अनुसार पूर्वमा कुथामे, उत्तरमा चेरदुङ, पश्चिममा चिसापानी नाथेलौरी र दक्षिणमा तामेले घेरिएको सानो उपत्यकाको रूपमा अवस्थित जिरी उपत्यका करिव २७° ३५' उत्तरदेखि करिव २७°३५' उत्तरदेखि २७°४०' उत्तरी अक्षांश र ८६° ११' पूर्व देखि ८६° १५' पूर्वी देशान्तर भित्र अवस्थित छ ।[६] यस उपत्यकाको उचाइ समुन्द्री सतहबाट १,५०० देखि ३,००० मिटर सम्म पर्दछ । यसको कुल क्षेत्रफल करिब अठ्चालिस वर्गकिलोमिटर छ भने यसले ओगटेको कुल जमिन ४,८३२ हेक्टर रहेको छ ।[७]

सदावहार सल्ला र ठिउरे जस्ता रुखले ढाकिएको जङ्गल भएको यो एउटा मनमोहक पहाडी ठाउँ हो, जुन बाह्रै महिना एउटा प्राकृतिक सौन्दर्यले भरिपूर्ण बगैंचा झैं

---

[३] जि.वि.स., 'दोलखा जिल्लाको संक्षिप्त परिचय', *दोलखा जिल्लाको वस्तुगत विवरण,* दोलखा: जिल्ला विकास समितिको कार्यालय, २०७२, पृष्ठ २ ।

[४] http/www.jirimuni.gov.np.15 June, 2016.

[५] जिरी, पूर्ववत् पाद टिप्पणी नं. १, पृष्ठ १४ ।

[६] http://krepublishers.com/02-Journals/S-EM/EM-05-0-000-11-Web/EM-05-2-000-11-Abst-PDF/EM-05-2-115-11-157-Lohani-U/EM-05-2-115-11-157-Lohani-U-Tt.pdf. 15 MAY, 2016.

[७] पशुपती नेपाल, 'मेटर्नल एण्ड चाइल्ड हेल्थ स्टाटस इन जिरेल कम्यूनिटी' (Maternal and child health status in Jirel community), *कन्ट्रिब्यूसन् टु नेप्लिज स्टडिज,* भोलुम् २६ नं.२, जुलाई १९९९, २८१-२९३ ।

देखिन्छ । यो उपत्यका एउटा दुई साना उपत्यका सहितको ठुलो खाल्डो हो, जसलाई ठुला दुई र साना तीन पहाडले घेरेर राखेको छ । यसरी घेर्ने पहाडमा उत्तरमा सबै भन्दा अग्लो पहाड चेर्दुङ्ग (३,५५० मि.) हो भने दोश्रोमा हनुमन्ते (३,०६४ मि.) र अरू तीन चुचुराहरूमा चीसापानी (२,५६० मि.), कुथामे (२,५५० मि.) र फेदीखर्क (२,५२० मि.) पर्दछन् । बीचमा नगरपालिकालाई दुई सानो उपत्यकामा विभाजन गर्ने मानेडाँडा समुन्द्री सतहबाट २,१०० मि. उचाइमा रहेको छ । यस मानेडाँडाको पूर्वमा जिरी खोला र साना ढुंगे, कुने, महादेव घट्टेखोला, रातोमाटे खोल्सा, जिरेस्वरी खोल्साले निर्माण भएको खाल्डो छ भने यसको पश्चिममा सिखी खोला र स-साना फोक्टे खोल्सा, फेदी खोल्सा, कलङ्क  खोला, सुन्टक खोला, चम्मुर खोलाले निर्माण भएको उपत्यका छ । उच्च पहाडीक्षेत्रमा फैलिएकाले यहाँ समतल भू-भाग नगण्य मात्रामा छ र सबै भाग पाखा र पहाडले भरिएको छ ।

## ३.४ हावापानी तथा जलवायु

जिरी उपत्यका बेसीदेखि उच्च पहाडसम्म फैलिएको हुँदा यहाँको हावापानी समेतमा व्यापक विविधता पाइन्छ । उचाइअनुसार पनि यहाँको तापक्रम समेतमा व्यापक अन्तर देखिन्छ । उच्च क्षेत्रमा तापक्रम कम हुने हुनाले यहाँको हावापानी चिसो छ भने तल्लो क्षेत्रको हावापानी तुलनात्मक रूपमा केही न्यानो रहने गर्दछ । हिउँदको समयमा अधिकतम दशदेखि सोह्र डिग्री सेन्टिग्रेडसम्म रहने यहाँको तापक्रम न्यूनतम भने तल्लो भेगमा एक डिग्रीको हाराहारी र माथिल्लो भेगमा शून्य भन्दा तल झर्दछ । बर्षात्को समयमा अधिकतम तापक्रम बीसदेखि बाईस डिग्री सेन्टिग्रेडसम्म हुन्छ भने न्यूनतममा माथिल्लो क्षेत्रमा चारदेखि पाँच डिग्री सेन्टिग्रेडसम्म हुने गर्छ । यस भेगको वार्षिक बर्षा २००० मिलिमिटरसम्म मापन गरिएको छ ।[८]

## ३.५ बोट-बिरुवा तथा वन्यजन्तु

यस क्षेत्रको भौगोलिक अवस्था तथा हावापानीमा पनि विविधताकाकारण यहाँका बोटबिरुवा तथा वन्यजन्तुमा पनि धेरै विविधता देखिन्छ । तल्लो भू-भागमा रानी सल्ला, चिलाउने, उत्तिसलगायतका बिरुवाहरूको बाहुल्य रहेको छ भने उच्च भू-भागमा खोटे सल्ला, ठिङ्ग्रे, खस्रु, लालीगुराँस लगायतका बिरुवाहरू पाइन्छन् । उच्च पहाडी क्षेत्रतिर

---

[८]जिरी, पूर्ववत् पाद टिप्पणी नं. १, पृष्ठ ७ ।

लोपोन्मुख जडीबुटीका प्रजातिहरू जस्तै लोठ सल्ला, चिराइतो, जटामसी, मछिनो, पदमचाल, पाखनबेद, जङ्गली कुरिलो जस्ता जडीबुटी पाइनुका साथै अर्गेली, लोक्ता, मजिठो जस्ता वनपैदाबारहरू समेत प्रशस्त मात्रामा पाइने गर्दछन् । यसका साथै यहाँका जङ्गलहरूमा करिब आठ दश प्रजातिका खान योग्य च्याउहरू पनि पाइन्छन् ।[९]

वन्यजन्तुको हकमा विशेषत: यस क्षेत्रको उत्तरी क्षेत्रमा घना जङ्गल रहेका कारण प्रशस्त वन्यजन्तुहरू पाइने गर्दछन्, जसमध्ये भालु, चितुवा, मृग माथिल्लो क्षेत्रका प्रमुख वन्यजन्तुहरू हुन् भने थार, घोरल समेत थोरै सङ्ख्यामा रहेका छन् । जिरीको तल्लो भेगमा भने बाघ, स्याल, मृग, बाँदर आदि पाइने गर्दछ । तल्लो भेगका जङ्गलहरूमा कालिज, ढुकुर लगायतका चराहरू प्रशस्त पाइन्छन् भने माथिल्लो भेगमा डाँफे, मुनालहरू समेत पाइने गर्दछन् ।[१०]

## ३.६ नदीनाला तथा तालपोखरी

यस उपत्यकालाई दक्षिणतर्फ बग्ने खिम्ती खोलाले रामेछापको रस्नालु गाविससँग जोड्दछ । यस उपत्यकाको बीचबाट बग्ने जिरीखोला र सिखीखोलाका अतिरिक्त यहाँ बग्ने तेपुखोला पनि गाविसको अर्को पानीको मुख्य स्रोत हो । अन्य सानातिना गरी करिब पचासभन्दा बढी खोला तथा पानीका मूलहरू रहेका छन् जसले यहाँका बासिन्दालाई खानेपानीको स्रोतको काम गरेका छन् ।

## ३.७ गुफा तथा झरना

कम प्रचार प्रसारको कारणले व्यापक रूपमा थप पर्यटकीय स्थल भनेर चिनिन नसके तापनि यस भेगमा प्रशस्त सङ्ख्यामा प्राकृतिक गुफाहरू छन् । यस न.पा. को वार्ड नं. आठ स्थित महादेव गुफा, वार्ड नं. सात ढुंङ्ग स्थित ढुङ्गेश्वरी गुफा, वार्ड नं. दुई को कलङ्ग, वार्ड नं. आठको यार्सालगायतका स्थानहरूमा आर्कषक गुफाहरू रहेका छन् भने अन्य स्थानहरूमा समेत कैयौं रहेको हुन सक्ने तर खोजी नभएको यहाँका स्थानीयवासीहरू बताउँछन् ।

यस उपत्यकामा पानीका प्रशस्त मात्रामा मनोरम झरनाहरू पनि रहेका छन्, त्यस मध्ये जिरी नगरपालिकाको वडा नं. आठस्थित तौती झरना निकै आकर्षक र मनोरम

---

[९]जिरी, पूर्ववत् पाद टिप्पणी नं. १, पृष्ठ ७ ।

[१०]जिरी, पूर्ववत् पाद टिप्पणी नं. १, पृष्ठ ७ ।

रहेको छ भने सो क्षेत्रमा अन्य झरनाहरू पनि रहेका छन् । जिरी सातढुङ्गे, नाबोक तथा दुदिले क्षेत्र, जिरीको गोम्फालु तथा पाल्ते क्षेत्र, एवम् रातमाटे, वोद्ले क्षेत्रमा समेत साना ठूला झरना तथा छाङ्गाहरू प्रशस्त रहेका छन् ।

## ३.८ जातजातिअनुसार जनसङ्ख्याको संरचना

जि.वि.स. को कार्यालय सूचना शाखा, दोलखाबाट २०७२ सालमा प्रकाशित दोलखा जिल्लाको वस्तुगत विवरण २०७२ अनुसार हाल जिरी न.पा. मा बसोबास गर्ने जातजातिको कुल जनसंख्या ७,३७३ मध्ये क्षेत्री १,६३९, पहाडे बाहुन १५४, मगर २०, थारू १५, तामाङ्ग २४१, नेवार २७१, कामी १८३, राई २४, दमाइ र ढोली ८४, तेली ११, सन्यासी र दसनामी ५०, शेर्पा १,१९०, घर्ती र भुजेल ३४, सुनुवार ७०, जिरेल ३,३२२ र अन्य ६५ जना रहेका छन् ।

## ३.९ सडक यातायात तथा झोलुङ्गे पुल

जिरी बजार स्विस सरकारको सहयोगमा बनेको एकसय दश किलोमिटर लामो लामासाँघु–जिरी सडकको अन्तिम बिन्दु हो । यस सडकले यस उपत्यकाको धेरैजसो भागलाई सेवा पुऱ्याइरहेको छ । यस सडकको करिब तेह्र किलोमिटर खण्ड यसै उपत्यकामा पर्दछ । जिरीबाट ठोसे, शिवालय, बाम्ती, भण्डारा नमाढीसम्म जाने सडकसमेत बिस्तार भएको छ । हालका दिनहरूमा यस उपत्यकामा ग्रामीण क्षेत्रलाई समेट्ने अन्य सानासाना सडकहरू बनेका छन् । यस क्षेत्रभरी करिव छब्बीस किलोमिटर कच्ची सडक रहेको छ ।[११] यो क्षेत्र रामेछापको उत्तरपूर्वी क्षेत्र, सोलुखुम्वु तथा ओखलढुङ्गाको पश्चिमक्षेत्र समेतको प्रस्थानविन्दु हो । जिरी तथा जिरीभन्दा पूर्वतर्फबाट आउने गरी दैनिक बीसवटा जति यात्रुवाहक सवारी साधनहरू सदरमुकाम चरिकोट हुँदै काठमाडौँ आउने जाने गदर्छन् भने त्यति नै सङ्ख्यामा मालवाहक सवारी साधन पनि चल्ने गर्दछन् ।

जिरीको लिङ्कन बजारमा एउटा बसपार्क रहेको छ भने हाटडाँडालगायतका स्थानहरूमा आवश्यकताअनुसार बस बिसौनीहरू र एकदर्जनजति यात्रु प्रतीक्षालयहरू बनाइएका छन् । जिरीमा एउटा मौसमी हवाइमैदान पनि रहेको छ । सडक यातायातको सुविधा हुनुभन्दा अगाडि दैनिक रूपमा काठमाडौँबाट हवाइजहाज चल्ने गरेकोमा पछि यो स्थगन भयो । हाल उक्त हवाइमैदानमा जहाज सञ्चालन गर्ने गरी स्थानीय विकासप्रेमीहरू

[११]जिरी, पूर्ववत् पाद टिप्पणी नं. १, पृष्ठ ४४ ।

क्रियाशील छन् । निजी क्षेत्रको संलग्नतामा जिरीबाट सोलु नाम्चेसम्मको हेलिकप्टर सेवा उपलब्ध भइरहेको छ ।

## ३.१० पशुपञ्छीहरू

हाम्रो देशमा परापूर्वकालदेखि नै कृषि तथा पशुपालन एक अर्काका परिपूरक व्यवसायका रूपमा रहँदै आएका छन् । यस प्रणालीबाट जिरीपनि अपवाद रहेको छैन । यहाँका कृषकहरूलाई कृषि व्यवसायबाट बढी उत्पादन लिनको लागि प्राङ्गारिक मलको आवश्यकता पर्छ र यो आवश्यकता पशुपालनबाट पूरा हुनेगर्दछ । तसर्थ यस क्षेत्रमा चौंरीलगायत सबै किसिमका घरपालुवा वस्तु-भाउहरू पाल्ने गरेको देखिन्छ ।

## ३.११ प्रमुख कृषि बालीहरू

जिल्ला नापी कार्यालय दोलखाबाट प्राप्त अभिलेखअनुसार यहाँको नाप नक्सा गरिएको जम्मा जग्गाको क्षेत्रफल ४,८३२ हेक्टर छ र उक्त जग्गामध्ये खेतीयोग्य अर्थात् आवादी जग्गा २,२५८ हेक्टर छ, सोमध्ये धेरैजसो जग्गामा खाद्यान्न तथा नगदे बाली लगाउने गरिन्छ । यस भेगमा लगाइने प्रमुख खाद्यान्न बालीहरूमा मकै, कोदो तथा गहुँ आदि हुन् । यस्तै आलु, साग, मूला, काउली, सिमी, बन्दागोभी, गोलभेँडाजस्ता तरकारी बालीहरू नगदे बालीको रूपमा लगाइने गरिएको भए तापनि ज्यादै ठूलो परिमाणमा र व्यावसायिक रूपमा खेती गरिने गरेको देखिँदैन । आरु, आलुचा, नास्पाती, अमिलो जातका फलफूलहरू तथा अलैंची, अदुवा, लसुनजस्ता मसलाबाली पनि यहाँ उत्पादन हुने गरेका छन् । यहाँ उत्पादन भएको तरकारी तथा मसलाबाली यस क्षेत्रमा कम उपभोग हुने भएकोले नजिकको बजारमा बिक्री वितरण समेत हुने गरेको छ ।

यो भेग आलु उत्पादनमा अग्रणी छ । यहाँ उत्पादित आलु जिल्लाबाहिर विषेशत: काठमाडौंसम्म निकासी हुन्छ । वार्षिकरूपमा यहाँबाट करिव ५०० टनभन्दा बढी आलु निकासी हुने गरेको अनुमान गर्न सकिन्छ । यहाँबाट निकासी हुने अन्य वस्तुहरूमा लोक्ता, अर्गेली करिव चालिस टन, काठ करिव एक सय पचास टन, चिया एक टनभन्दा बढी तथा घिउ तथा चीजसमेत निकासी हुन्छ । निकासी हुने वस्तुहरूमा काठ नाम्चे बजार तथा चिया विदेशमा समेत पैठारी हुन्छ भने अन्य सामग्रीहरू काठमाडौंसम्म जाने गरेका छन् । केही समययताबाट मात्र सुरु भएको चिया खेती हालका दिनहरूमा व्यापकरूपमा व्यावसायिकतातर्फ अग्रसर हुँदै गएको छ ।

## ३.१२ प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरू

यस उपत्यकामा रहेका करिव एक दर्जन देवस्थलहरूमध्ये जिरेश्वर महादेवस्थान, गोकुलेश्वर देवस्थल र ढुङ्गेश्वरी महादेव धेरै नै चर्चित मानिन्छन् । यी तीनवटै देवस्थलहरूको यहाँ सङ्क्षिप्तमा चर्चा गरिएको छ ।

### ३.१२.१ जिरीश्वर महादेव देवस्थल

यो मन्दिर नेपालकै चर्चित मन्दिरहरूमध्ये एक मानिन्छ । करिब बीस रोपनी क्षेत्रफल ओगटेको र जङ्गलको बीचमा रहेको यस मन्दिरसम्म पुग्न जिरी बजारबाट करिब आधाघण्टा लाग्छ । यस मन्दिरभित्र प्राकृतिक रूपमा नै गाईको थुनजस्ता आकारहरू बनेका छन् र स्थानीय समाजसेवी श्री धनबहादुर जिरेलका अनुसार यसबाट सधैँ चुहिरहने पानी खाँदा पुण्य कमाइने र त्यहाँ पूजा गर्दा सन्तान नभएकाहरूको सन्तान जन्मने र सबै मनोआकाङक्षाहरू पूरा हुने, शारीरिक कष्ट, रोग तथा शत्रुनाश हुने विश्वास छ । यसका साथै यस मन्दिरमा पूजा गर्दा सम्पूर्ण ग्रहदशा शान्त हुने, व्यापार, जागिर तथा खेतीपातीमा समेत उन्नति हुने भनाइ रहेको छ ।[१२]

### ३.१२.२ गोकुलेश्वर मन्दिर

बाहिर त्यति प्रचारप्रसारमा आउन नसकेको तर स्थानीय स्तरमा धेरै प्रख्यात यो मन्दिर जिरीको ढुङ्गेबजार नजिक अवस्थित छ । मंसिर महिनामा पर्ने बाला चतुर्दशीका दिन भव्य मेला लाग्ने यो मन्दिर अग्ला अग्ला भिरहरूको बीचमा रहेको छ । यही गोकुलेश्वर मन्दिर नजिकै बाह्रै महिना पानी नसुक्ने जलकुण्ड पनि रहेको छ, जहाँबाट पवित्र जल सधैँ झरिरहन्छ ।

### ३.१२.३ ढुङ्गेश्वरी मन्दिर

यो मन्दिर पनि जिरीको ढुङ्गे बजार नजिक अवस्थित छ । स्थानीयवासीहरूसँग यो मन्दिरको उत्पत्तिका बारेमा खासै त्यति जानकारी नभए तापनि यो धेरै पुरानो मन्दिर भएको मानिन्छ । प्रत्येक वर्ष माघे सङ्क्रान्तिको अघिल्लो राति यस मन्दिरमा ठूलो मेला लाग्दछ । यस मन्दिरमा दर्शन गर्नाले रोगव्याधि हट्ने, शरीरमा जोश उमङ्ग बढ्ने आदि व्यापक जनविश्वास पुर्खौँबाट रहिआएको छ ।

---

[१२] धनबहादुर जिरेल, 'जिरीका तीन प्राकृतिक गुफाहरू', *झुल्का,* जिरी दोलखा: जिरी उच्च माध्यमिक बिद्यालय २०६३, पृष्ठ ३३ ।

बज्यूथान, सतीदेवीथान, हनुमन्तेलगायतका हिन्दु देवस्थलबाहेक नेपाल बुद्धिस्ट निङ्मा एशोसिएसन (२०१७) का अनुसार यस भेगमा बुद्ध छोलिङ्ग गुम्बा, टेन्ठ्स्योक योङ्गदुईलिङ्ग गुम्बा, टासी छोरवोलिङ्ग गुम्बा, गुरु चेचु धोरवोलिङ्गा गुम्बा, दुदोदुप छोलिङ्ग माली गुम्बा, मेक्पा पेमा छोलिङ्ग गुम्बा, उगन डेचेन्लिङ्ग गुम्बा आदि बौद्ध गुम्बाहरू रहेका छन् । हालै मात्र अर्थात् २०७४ साल बैशाख २७ गते बुद्धजयन्तीको दिनमा यस स्थानमा एक बुद्ध मूर्तिको स्थापना गरिएको छ ।

## ३.१३ उद्योगधन्दाहरू, व्यापार तथा बजार क्षेत्र

हालका दिनहरुमा समेत यो स्थानमा ठूला ठूला उद्योगधन्दाहरू स्थापना नभए पनि यहाँ चिया, जडीबुटी प्रशोधन, फर्निचर निर्माण, मिल, कुटानी, पिसानी जस्ता उद्योगहरू सञ्चालन भइरहेका छन् । प्राङ्गारिक चिया उत्पादन गर्ने उद्देश्यले जिरी टि डेभलपमेन्ट कम्पनी प्रा. लि. स्थापित भएकोछ भने जडीबुटी सङ्कलन तथा प्रशोधनका लागि एभरेस्ट गेट वे हर्बल प्रा.लि. नामक उद्योग सञ्चालनमा रहेको छ ।

ढुङ्गेबजार तथा हाटडाँडा जिरी र छिमेकी गा.वि.स.को पनि महत्त्वपूर्ण बजार हो । रामेछाप जिल्लाको उत्तरी क्षेत्र, सोलुखुम्बु जिल्लाको पश्चिम क्षेत्र तथा ओखलढुङ्गा जिल्लाको पश्चिमी क्षेत्र समेतमा यहाँबाट खाद्यान्न, कपडा, निर्माण सामग्री लगायतका थुप्रै अन्य वस्तुहरू निर्यात हुने गर्दछन् भने नजिकैको हाटडाँडामा प्रत्येक शनिबार बजार लाग्ने गर्दछ ।

## ३.१४ पाटीपौवा, चौतारा, खेल मैदान र सामुदायिक भवनहरू

यस क्षेत्रमा गाँउबेसी आवतजावत गर्ने बाटोका धेरै ठाँउहरूमा पुराना पाटीपौवा तथा चौताराहरू अझै पनि पाइन्छन् । यस शोधको लागि तथ्याङ्क सङ्कलन गर्दासम्म यी चौताराहरूको सङ्ख्या करिब दुईदर्जनभन्दा बढी रहेको पाइयो । स्थानीय सामुदायिक संस्थाहरूको सकृयतामा पनि यी चौताराहरूको बेलाबेलामा सरसफाइ र सामान्य मर्मत-सम्भार गर्ने गरेको देखिन्छ ।

खेल खेल्नकालागि विद्यालयमा भएका साना-ठूला खेल्ने चौरहरूका अतिरिक्त अन्य ठाँउहरूमा पनि खेलमैदान रहेका छन् । अध्ययन क्षेत्रभरि तीनवटा फुटबल मैदान तथा दुईवटा भलिबल मैदान छन् । यसैगरी यहाँ निर्माण गरिएका तीनवटा सामुदायिक भवनहरूमा जिरेल समुदाय र त्यहाँ बसोबास गर्ने अन्य समुदायका सामुदायिक कार्यहरू

हुने गर्दछन् । सामुदायिक भवनहरूमध्येमा लालीगुराँस मिश्रित सामाजिक संस्थाको भवन, बज्यूथान सामाजिक संस्थाको भवनलगायत सामुदायिक सेवा-भवनहरू मुख्य रहेका छन् ।

## ३.१५ अध्ययन क्षेत्रको महत्त्व

समुद्री सतहबाट करिव १९५१ मि. को उँचाइमा अवस्थित जिरी उपत्यका विश्वको सर्वोच्च शिखर सगरमाथाको प्रवेशद्वार स्विट्जरल्यान्डको “ज्यूरिक” सहरको रूपमा प्रख्यात छ । यस उपत्यकाले करिब २७° ३५' उत्तरदेखि करिब २७° ४०' उत्तरी अक्षांश र ८६° ११' पूर्व देखि ८६° ओगटेको छ । दोलखाको सदरमुकाम चरिकोटबाट करिब ५६ किलोमिटर पूर्वतर्फ अवस्थित यो उपत्यका अत्यन्त रमणीय र पर्यटकीय स्थलका रूपमा देशविदेशमा परिचित छ । यो उपत्यका नेपालको राजधानी काठमाडौंबाट करिब १८८ किलोमिटर उत्तरपूर्वमा र जनकपुरबाट १४१ किलोमिटर उत्तरतर्फ रहेको छ । समुन्द्री सतहबाट १९०५ मिटर उचाइमा अवस्थित यस उपत्यकामा बसोबासका आधारमा नेपालकै सिमान्तकृत आदिवासी मानिएका जिरेल जातिको बाहुल्य रहेको छ भने क्षेत्री, शेर्पा, तामाङ लगायतका अन्य जातजातिहरू पनि केही सङ्ख्यामा बस्दछन् । यो उपत्यका बेसीदेखि उच्च पहाडसम्म फैलिएको हुँदा यहाँको हावापानीमा समेत व्यापक विविधता पाइन्छ ।

जनकपुर अञ्चलको दोलखा जिल्ला अन्तर्गत पर्ने जिरी उपत्यका, याक ग्यालरी, शान्त र सरल व्यवहारका जिरेलहरू, यिनीहरुले बोल्ने आफ्नै विशिष्ट बोली, अवलम्वन गर्ने धर्म, बोल्ने भाषा, संस्कृति, रहनसहन, चीज फर्म, घना जङ्गल, हिमाली चिसो हावापानी, पशुपन्छीहरू र अत्यन्त रमणीय प्राकृतिक दृश्यावलोकन आदिका कारणले संसारमै प्रख्यात छ । यस उपत्यकामा पर्ने लिङ्कन बजार, कोलारपार्क, पाथीभरा, चेर्दुङ्गडाँडा, हनुमन्ते डाँडा, हलेसी महादेवको मन्दिर, चमेरो गुफा, जिरी खोला, सिखी खोला आदि यस क्षेत्रका अन्य केही धार्मिक तथा महत्त्वपूर्ण पर्यटकीय स्थलहरू मानिन्छन् ।

यस उपत्यकाको राष्ट्रिय, अन्तराष्ट्रिय महत्त्वलाई ख्यालमा राखी नेपाल सरकारको मन्त्रिपरिषद्को विक्रम सम्वत २०७१ साल मंसिर १६ गतेको निर्णय अनुसार केही अन्य छिमेकी गाउँहरु समेत थपेर तत्कालीनको जिरी गाउँ विकास समितिलाई नगरपालिका घोषणा गरिएको थियो ।  यस उपत्यकामा अवस्थित कैयौं प्रमुख व्यापारिक, सांस्कृतिक,

धार्मिक तथा पर्यटकीय स्थलहरूको नाम र तिनको महत्त्व निम्नलिखित तालिकाअनुसार रहेका छन् ।[१३]

**तालिका सङ्ख्या ३.१: जिरीस्थित प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरू र तिनको महत्त्व**

| क.सं. | स्थलको नाम | स्थलको महत्त्व |
|---|---|---|
| १ | जिरी उपत्यका | पर्यटकीय स्थल, व्यापारिक एवम् सांस्कृतिक केन्द |
| २ | चेर्दू डाँडा | पर्यटकीय स्थल, दृश्यावलोकन तथा चौरी पालन |
| ३ | जिरीश्वरी महादेवस्थान | धार्मिक महत्त्व एवम् जात्रा लाग्ने |
| ४ | ढुङ्गेश्वरी महादेव | धार्मिक महत्त्व एवम् जात्रा लाग्ने गुफा |
| ५ | बज्यूथान | धार्मिक महत्त्व एवम् जात्रा लाग्ने |
| ६ | सेतीदेवीथान | धार्मिक महत्त्व एवम् जात्रा लाग्ने |
| ७ | हनुमन्ते | धार्मिक महत्त्व, जात्रा लाग्ने एवम् दृश्यावलोकन |
| ८ | ठुलोनागी | ऐतिहासिक, दृश्यावलोकन तथा चौंरी पालन |
| ९ | गुराँसपार्क | दृश्यावलोकन, चौरीपालन तथा चीज उत्पादन |
| १० | बुलुडाँडा | सांस्कृतिक महत्त्व, गुम्वा एवम् होमस्टे |
| ११ | थुर्सेबम | दृश्यावलोकन, कोलर पार्क तथा समाधि स्थल |
| १२ | हाटडाँडा | व्यापारिक केन्द्र अर्थात् हाटबजार |
| १३ | सिकु | जिरेल सास्कृतिक महत्त्व एवम्  होमस्टे |
| १४ | लौति झरना | पौराणिक महत्त्व दृश्यावलोकन, गुफा |

स्रोत: जिरी नगरोन्मुख गाँउ विकास समिति, पार्श्वचित्र, २०७० ।

---

[१३]जिरी, पूर्ववत् पाद टिप्पणी नं. १, पृष्ठ ५० ।

## ३.१६ उपसंहार

नेपालको राजधानी काठमाडौँबाट १८८ किलोमिटर उत्तरपूर्व र जनकपुर अञ्चलको सदरमुकाम जनकपुरधामबाट करिब १४१ किलोमिटर उत्तरतर्फ अवस्थित दोलखा जिल्लामा पर्ने जिरी उपत्यका दोलखाको सदरमुकाम चरिकोटबाट ५६ किलोमिटर उत्तरपूर्वमा अवस्थित छ । विश्वको सर्वोच्च हिमाल सगरमाथाको प्रवेशद्वार र नेपालको ज्यूरिकको रूपमा चिनिने यो उपत्यका सम्पूर्ण हिसाबले अत्यन्तै महत्त्वपूर्ण छ । प्राकृतिक रूपमा नै उत्पत्ति भएका अनगिन्ती देवी देवताका मन्दिरहरू र चारैतर्फ रमणीय दृश्यका कारणले मात्र नभएर जिरी पर्यटकीय दृष्टिकोणले पनि त्यत्तिकै महत्त्वपूर्ण छ ।

यस उपत्यकामा बसोबासका आधारमा नेपालकै सीमान्तकृत आदिवासी मानिएका जिरेल जातिको बाहुल्य रहेको छ भने केही क्षेत्री, शेर्पा, तामाङका साथै केही अन्य जातजातिहरू पनि बसोबास गर्दछन् । प्रशस्त विविधता र विशिष्टताद्वारा परिचित रहेको यो क्षेत्र कृषि र पशुपालनका बाहेक प्रचुर मात्रामा प्राकृतिक पर्यटन गतिविधि संचालन गर्न सकिने सम्भावना रहेको क्षेत्र हो । त्यसैगरी जल, जमिन, जङ्गल, जनाबर, जडीबुटी जस्ता सम्पदाको धनी यो क्षेत्र विद्युत्, कृषि, सिंचाई, उद्योग र अन्य भौतिक पूर्वाधार विकासका अत्यधिक सम्भावनाहरू रहेका कारणहरूले पनि अत्यन्त महत्त्वपूर्ण रहेको छ । यस बाहेक यहाँ बसोबास गर्ने जिरेल जाति पनि नेपालका हिमाली भू-भागमा बस्ने अन्य जनजातिहरूभन्दा फरक संस्कृति, बोलिने भाषा, भेषभूषा, आदिका कारणले लामो परिचय बोकेको जिरी उपत्यका ऐतिहासिक, धार्मिक, प्राकृतिक तथा सांस्कृतिक दृष्टिकोणले पनि यस शोध अध्ययनका लागि अत्यन्त महत्त्वपूर्ण रहेको छ ।

### अध्याय चार

# बौद्ध दर्शन, जिरीमा बौद्धधर्मको उत्थान र विकास

## ४.१ पृष्ठभूमि

परापूर्वकालदेखि नै अवलम्बन गरिँदै आएका विभिन्न धर्म, जातजाति र तिनका साँस्कृतिक विविधताका कारण *"चार वर्ण छत्तीस जातको फुलबारी"* भनेर चिनिने हाम्रो देश नेपाल विविध धर्म, भाषाभाषी एवम् सांस्कृतिक परम्परा भएका जातिहरूले बनेको एक सुन्दर देश हो । यहाँ परापूर्व कालदेखि नै विभिन्न धर्महरू अवलम्बन गर्ने गरेको पाइन्छ, त्यस मध्ये बौद्ध, हिन्दु, इसाई र इस्लाम आदि मुख्य धर्म मानिन्छन् । त्यसैले नेपाल विभिन्न जाति, धर्म, संस्कारको साझा चौतारी हो भनेर भन्ने पनि गरिन्छ । वि.सं. २०६८ को राष्ट्रिय जनगणना अनुसार हाम्रो देशमा हिन्दु ८१.३ प्रतिशत, बौद्ध ९.०४ प्रतिशत, इस्लाम ४.४५ प्रतिशत, किरात ३.०५ प्रतिशत, इसाई १.४२ प्रतिशत, अन्य ०.७६ प्रतिशत र उल्लेख नभएको धर्म मान्नेहरूको संख्या ०.२ प्रतिशत रहेको देखिन्छ ।[१]

नेपालभर छरिएर बसोबास गर्ने सम्पूर्ण जातजाति, धर्म, संस्कृति र भाषाभाषीका बीच आपसी सहयोग र सद्भावना हुनु नै यो देशको प्रमुख विशेषता हो । राष्ट्रिय परिवेशमा सद्भावना बढाउन एवम् जानकारी राख्न यी विभिन्न जातजातिहरूको सांस्कृतिक पृष्ठभूमि, सामाजिक मान्यता तथा आर्थिक स्थिति र यिनीहरूको बसोबासका बारेमा जानकारी हुनु आजको अनिवार्य आवश्यकता पनि हो भने कुनै पनि जातजातिको पहिचान अर्थात् आफ्नोपन वा मौलिकता राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा परिचय गराउनु, उनीहरूको सामाजिक एवम् सांस्कृतिक पहिचानको संरक्षण गर्नु यस क्षेत्रमा अध्ययन, अनुसन्धान गर्ने विद्वान् एवम् विदुषीहरूको कर्तव्य पनि हो ।

नेपालमा विद्यमान विभिन्न जातजाति, बोलीचालीमा रहेका विभिन्न भाषाभाषी एवम् धर्म, सामाजिक अवस्था आदिबारे केही विदेशी विद्वान्हरूले छिट्पुट रूपमा अध्ययन समेत गरेको पाइन्छ तर ती विदेशी विद्वान्हरूले नेपालका यिनी प्रत्येक विषयवस्तुलाई आफ्नै परिवेशमा मात्र हेरेर व्याख्या र विश्लेषण गरेका हुनाले कतिपय अवस्थामा हामीहरूलाई आफ्नै नेपाली संस्कृति, सभ्यता र सामाजिक अवस्थालाई पनि *'पश्चिमा'*

---

[१]नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभाग, *नेपालको तथ्याङ्कीय झलक,* काठमाडौं: वि.सं. २०७१, पृष्ठ ४ ।

देशहरूको तरिकाले बुझ्नु पर्ने बाध्यता हुन जान्छ। हालका दिनहरूमा केही नेपाली विद्वान्हरूले पनि यस्तो विषयमा छिटपुट अध्ययन गरेको पाइन्छ, तर ती अध्ययनहरूमा तुलनात्मक नभई एउटै परिवेशलाई हेरेर एकतर्फी तरिकाले मात्र व्याख्या गर्न खोजिएको हुने गर्दछ, जसका कारण कुनै स्थान विशेष, कुनै जात, कुनै लिङ्ग विशेष वा कुनै धर्म विशेषका बारेमा ठोस रूपमा उल्लेख्य तथ्यगत पाठ्य-सामाग्री पर्याप्त उपलब्ध हुन सक्दैनन् । तथापी उपलब्ध पाठ्य-सामग्रीहरूका अनुसार यस शोध अध्ययनले समेटेको जिरेल जातिहरूको प्राचीन धर्म तान्त्रिक हो । जिरेलहरूकै पुर्खा वाङ्गजुले र गारे लामा नामका दुई भाइले बौद्ध शिक्षा तिब्बतबाट प्राप्त गरी सकेर आएपछि मात्र जिरीमा बौद्धधर्मको उत्थान र विकास शुरु भएको मानिन्छ, तर बिडम्वना हालका दिनहरूमा यो धर्म पनि अन्य धर्म, संस्कार र चलनहरूको प्रभावका कारण दिनानुदिन सङ्कटमा पर्दै गएको देखिन्छ ।

## ४.२ नेपालमा बौद्धधर्म

पहाड, हिमाल, तराई सबैतिरको नेपाली समाज परापूर्वकालबाट नै पितृसत्तात्मक रहँदैआएको छ । यसको सामाजिक तथा धार्मिक प्रचलन, संस्कृति तथा रीतिरिवाज आदि सबै कुराद्वारा महिलालाई हेर्ने दृष्टिकोण पनि फरक फरक रहेकाले नेपाली समाजमा महिलाको अवस्था परापूर्वकालदेखि नै अत्यन्त कमजोर थियो भन्न सकिन्छ । नेपालमा कानुन बन्नु पूर्व पनि महिलाहरूको अवस्थाको निर्धारण यही परम्परागत प्रचलन तथा रीतिरिवाजद्वारा नै हुने गरेको देखिन्छ। सामाजिक मूल्य र मान्यताले मात्र होइन, समाजले अवलम्बन गरेको धर्म, राष्ट्रिय नियम, कानुन आदि समेतले छोरीलाई भन्दा छोरालाई बढी महत्त्व दिएकाले विविध क्षेत्रमा थुप्रै लैङ्गिक विभेदहरू आजसम्म पनि कायम रहेका छन् ।[२] यसका लागि हामीले अवलम्बन गर्ने गरेका धर्महरू हाम्रा जात, हामी बस्ने क्षेत्र र धार्मिक शिक्षा पनि केही हदसम्म जिम्मेवार देखिन्छन् ।

समाजलाई यसै अवस्थाबाट मुक्ति दिलाउनको लागि भगवान् बुद्धले *'बहुजन हिताय बहुजन सुखाय',* को सिद्धान्त अङ्गीकार गर्नुभयो र आफ्नो उपदेशमार्फत् यही सन्देश संसारभरि फैलाउनु भयो जसका कारण समाजमा पुरुषका साथै महिलाको हित हुन पुग्यो

---

[२]राधिका बुढ्थापा, 'नेपालमा लैङ्गिक विभेद: एक विवेचना', *नेशनल मिरर, राष्ट्रिय मासिक,* काठमाडौं : विमला विष्ट, धापासी, बर्ष ६, अंक १० (चैत्र २०६८), पृष्ठ ११ ।

र यही नै बौद्धधर्मको नामबाट संसारभर व्यापक हुन पुग्यो ।[3] तर नेपालको परिवेशमा यस धर्मले विभिन्न समयमा खासगरी मध्यकालको पूर्वार्ध भागमा (विशेषत: वि.सं. ९३७ देखि १८२६ सम्म) विभिन्न किसिमका आरोहअवरोह पार गर्नु पर्‍यो जसका कारण यो धर्मको उत्थान र विकासमा गहिरो प्रभाव पर्न गयो, जसले गर्दा बौद्धधर्मको विकासले पहिले जस्तै निरन्तरता पाइरहन सकेन ।[4]

नेपालको तराई क्षेत्रमा पर्ने लुम्बिनीमा नै शाक्यमुनि बुद्धको जन्म आजभन्दा २५६२ वर्ष पहिले नै भएको प्रमाणित भइसकेको भए तापनि यस धर्मको प्रचार प्रसार बेग्ला बेग्लै युगमा विभिन्न उतार चढावका साथ बेग्ला बेग्लै तरिकाले भएको पाइन्छ । भगवान् बुद्धले आफ्नो जन्मस्थान लुम्बिनी र तिलौराकोटमा शाक्य राजकुमारको रूपमा २९ वर्ष बिताउनु भएको थियो । कपिलवस्तु क्षेत्रमा भगवान् बुद्धको जीवनकालमा नै यस धर्मको प्रचार सुरु भएको कुरा त्रिपीटकीय सूत्रहरूमा पनि पढ्न पाइन्छ ।[5] उपलब्ध बौद्ध ग्रन्थहरूका अनुसार काठमाडौं उपत्यकामा पनि भगवान् बुद्धको जीवनकालमा नै यो धर्मले प्रवेश पाइसकेको देखिए तापनि[6] नेपालका अन्य विभिन्न भू-भागमा बुद्धको जीवनकालपछि मात्र विभिन्न माध्यमबाट बौद्धधर्मको प्रचार भएको देखिन्छ ।[7]

हाम्रो देश नेपाल तराई, पहाड र उच्च पहाड गरी भौगोलिक रूपमा मुख्यतया तीन भागमा बाँडिएको छ, जसमध्ये तराई दक्षिणी छिमेकी राष्ट्र भारतसँग जोडिएको छ भने उत्तरतर्फको भू-भाग चीन स्वशासित क्षेत्र तिब्बतसँग जोडिएको छ । अग्लाअग्ला हिमाल र बौद्धमार्गी विभिन्न जातजाति, समुदायहरू र तिनले अवलम्वन गर्नेगरेका विविध संस्कार तथा रीतिरिवाजहरू उत्तरी नेपालका मुख्य आकर्षणका केन्द्र रहेका छन् । राजनैतिक र भौगोलिक सीमाको कारणले यो भू-भाग नेपालमा परे तापनि यस भेगका जात जातिहरू सांस्कृतिक र धार्मिक रूपमा छिमेकी भू-भाग तिब्बतबाट प्रभावित रहेका देखिन्छन् । नेपालको उत्तरी भेगमा बसोबास गर्ने अधिकांश बौद्धधर्मावलम्बि जातजातिहरू

---

[3]प्रा. डा.रञ्जना बज्राचार्य, 'नेपालको बौद्धधर्म र बौद्ध संस्कृतिको प्रवर्द्धनमा महिलाको योगदान', *बुद्ध ज्योति,* काठमाडौं: त्रि. वि. बुद्धिस्ट स्टडिज् डिपार्टमेन्ट, पद्मकन्या मल्टिपल् क्याम्पस् भोलुम् १, (२०७०), पृष्ठ ४१ ।

[4]डा. भद्ररत्न बज्राचार्य, 'बुद्धधर्मको विकासक्रममा पूर्व मध्यकालीन नेपालमा देखापरेका केही अवरोधहरू: एक अध्ययन', *त्रि-वोधि,* कीर्तिपुर: (पिजीडी इन् बुद्धिस्ट स्टडिज् चौथो ब्याच स्टुडेन्ट २०५९ - २०६०.) डिपार्टमेन्ट अफ बुद्धिस्ट स्टडिज्, टि. यु. (२०६०) पृष्ठ ५७ ।

[5]डा.गणेशप्रसाद क्षेत्री र सोमप्रसाद खतिवडा, *हिन्दु समाज र धर्म,* विराटनगर: शिव प्रकाशन वि.सं. २०५४, पृष्ठ १६२ ।

[6]डा.गणेशप्रसाद, पूर्ववत् पाद टिप्पणी पृष्ठ १६३ ।

[7]डा.गणेशप्रसाद, पूर्ववत् पाद टिप्पणी ।

या त हिन्दु धर्मबाट प्रभावित भएका देखिन्छन् या बौद्धधर्मको प्रवेश पूर्वको बोन धर्म र परम्पराबाट प्रभावित भएको पाइन्छ । शताब्दीऔं पहिले उत्तर भेगका केही जातजातिहरू तिब्बतबाट यता आई बसेको कुरा ऐतिहासिक तथ्यहरूबाट जानकारी हुन्छ । यस क्षेत्रमा बसोबास गर्ने अन्य जात जातिहरू जो तिब्बतबाट बसाइ सरेर आएको प्रष्ट प्रमाणित हुन सक्दैन उनीहरू पनि तिब्बती संस्कृति, धर्म र भाषा आदिबाट धेरै नै प्रभावित भएको पाइन्छ । नेपालको यस भेगमा बसोबास गर्ने बौद्धमार्गी जातजातिहरूले अवलम्बन गर्ने तिब्बती बौद्धधर्मभित्र पनि भिन्नता देख्न सकिन्छ । यस्तो हुनुको मुख्य कारण तिब्बती सभ्यताको सम्पर्कमा हाम्रा जनजातिहरू आएपछि त्यसको कारणले हुनुपर्दछ, या त तिब्बती बौद्धधर्मको प्रभावका कारणले पनि यस्तो भएको हुनु पर्दछ । तर दलाई लामा भारत निर्वासित भए पश्चात् नेपालको उत्तरी भेगमा रहेको तिब्बती प्रभाव पनि केही घट्न गयो र नेपाली बौद्धमार्गी कैयौं जनजातिहरू यस भेगमा आफ्नो प्रभाव बढाउन थाले । कालान्तरमा र कतिले हिन्दु संस्कारलाई पनि अवलम्बन गर्न थाले ।[८]

संसारमा मानिने बौद्धधर्मलाई मुख्यत: थेरवाद, महायान र बज्रयान गरी जम्मा तीन शाखामा विभाजित गरेको पाइन्छ र नेपालमा पनि यिनी तीनवटै शाखा अर्थात बौद्धधर्मका परम्परालाई अवलम्बन गर्ने गरिन्छ । हाम्रो देशमा तुलनात्मक रूपमा महायान बौद्धमार्गीको जनसङ्ख्या धेरै मानिए तापनि खास आँकडाहरू पाइँदैनन् । यस धर्मको थेरवाद शाखा अन्य शाखाहरूको तुलनामा बढी परम्परागत मानिन्छ । यस शाखाले बुद्ध स्वयम्ले दिनुभएका शिक्षालाई अवलम्बन गर्दछ भनिएको छ । यस शाखाका अनुसार कुनै पनि व्यक्ति नैतिक हुनपर्दछ, ध्यान गर्नुपर्दछ र सँधै ज्ञानको खोजीमा हुनु पर्दछ । थेरवाद शाखा महायान शाखाको तुलनामा भगवान् बुद्धको विचारसँग बढी नजिक देखिन्छ तापनि बुद्धकालमा नदेखिएका थुप्रै संस्कारहरू कालान्तरमा विकसित भएको देखिन्छ ।[९] श्रीलंकाका थेरवाद अनुयायी भिक्षुणीहरूको सहयोगबाट चिनमा भिक्षुणीहरूको संस्था स्थापना भएको थियो । हालसम्म पनि थेरवाद मानिने देशहरूका भिक्षुणीहरूले अवलम्बन गर्ने गरेको बाटोमा नै

---

[८]सुरेन्द्रमान बज्राचार्य, 'ज्योग्राफिकल लोकेसन अफ नर्दर्न नेपाल एन्ड बुद्धिस्ट इथनिक ग्रुप (Geographical Location of Northern Nepal and Buddhist Ethnic Groups)', *बुद्ध ज्योति,* काठमाडौं: त्रि.वि. बुद्धिस्ट स्टडिज् डिपार्टमेन्ट, पद्मकन्या मल्टिपल क्याम्पस भोलुम् १, (२०७०), पृष्ठ १७ ।

[९]http:/www. Libec-rebil, lit/wp-content/uploads/2012/06/women-in-Buddhism-www.enabling.org-ia-vipassana_DeSilva.pdf,The place of women in Buddhism. A Talk given to the Midlands Buddhist Society(UK) on Samighamitta Day1988.

महायान अनुयायी भिक्षुणीहरूले अनुसरण गरेको पाइन्छ । यस शाखालाई प्रौढहरूको पथ भन्ने पनि गरिन्छ ।[१०]

तिब्बती महायान संस्कारअन्तर्गत नेपालमा करिब ३००० वटा गुम्बाहरू छरिएर रहेका छन् ।[११] बौद्धधर्मको यो शाखा थेरवाद भन्दा फरक छ । काठमाडौं उपत्यकामा बज्रयानमार्गीहरू बढी भेटिन्छन् । यस शाखाका अनुयायीहरू सम्पूर्ण मानव जातिले बोधिसत्व हासिल गर्न सक्दछन् भन्ने कुरामा विश्वास गर्दछन् । खासगरी चालीसको दशकबाट थेरवाद पनि त्यतिकै प्रख्यात हुँदै गएको छ । तसर्थ, बौद्धधर्मका बज्रयान शाखालाई कहिलेकाहीँ उत्तरी बौद्धधर्म पनि भन्ने गरिन्छ । चिन, जापान, कोरिया, मंगोलिया, रसिया, नेपाल, तिब्बत र भियतनाम आदि देशहरूमा बौद्धधर्मको यस शाखालाई बढी अवलम्बन गर्ने गरिन्छ । महायान शाखामा मूलत: महायान बौद्धमार्गीहरूले बुद्धलाई भगवान्को अवतारको रूपमा हेर्दछन् ।

महायान शाखाको उत्त्पत्तिदेखि पहिलो पाँचौ शताब्दीसम्म यस धर्मले उल्लेखनीय रूपमा विकास गर्नुका साथै बाह्य र आन्तरिक दुवै किसिमका धेरै कठिनाइहरू पनि भोग्नु पर्‍यो । यसमध्येका केही धर्मगुरुहरूले बौद्धधर्महरूसँग सम्बन्धित पुराना ग्रन्थहरूको आधिकारिकतामाथि समेत प्रश्न उठाउँदै केही नयाँ ग्रन्थहरू थपेको दाबी गरे । यी धर्मगुरुहरूले आफ्नो लागि बराबर धार्मिक अधिकार स्थापना गर्न प्रयत्न गरे र कालान्तरमा त्यही नै महायान शाखाको उत्त्पतिको कारण बन्यो ।[१२] यस भनाइलाई जापानी लेखक अकिरा हिराकावाले पनि आफ्नो पुस्तकमा थप पुष्टि गरेका छन् ।[१३]

थेरवादको प्रचार त्यस वेलामा श्रीलङ्का, बर्मा लगायत भारतबाट दक्षिणमा पर्ने देशहरूमा भएको थियो भने महायानको प्रभुत्व चिन, जापान, मंगोलिया, कोरिया आदि भारतबाट उत्तरमा पर्ने देशहरूमा परेको थियो ।[१४] तिब्बतमा बौद्ध शिक्षा सातौं शताब्दीताका

[१०]http:/www. Libec पूर्ववत् पाद टिप्पणी ।

[११]आचार्य बलदेव उपाध्याय,*बौद्ध-दर्शन-मीमांसा,* वाराणसी: चौखम्बा विद्याभवन, (पञ्चम संस्करण) ई. १९९९, पृष्ठ ३ ।

[१२]पाउल विलियम, *महायान बुद्धिजम् (Mahayan Buddhism)*, लण्डन र न्युयोर्क: द डिक्म्ट्रस्नल फाउण्डेसनस्, सेकन्ड इडिसन्, रुट्लेज् टेलर र फानसिया ग्रुप, लाइब्रेरी अफ रिलिजियस् विलिभ एन्ड प्राक्टिस्, २००१, पृष्ठ १८-३० ।

[१३]अकिरा हिराकावा, *द राईज् अफ् महायान बुद्धिज्म् एण्ड इट्स् रिलेसनसिप् टु वरसिप अफ स्तुपाज्* (*The Rise of Mahayana Buddhism and Its Relationship to Worship of Stupas,* टोयो बुन्को: मेमोरी अफ द रिसर्च डिपार्टमेन्ट अफ द टोयो बुन्को, २२:५७-५७१०६,१९६३ ।

[१४]पाउल, पूर्ववत् पाद टिप्पणी नं. १२ पृष्ठ ३३ ।

नेपाल र चिनका राजकुमारीहरूमार्फत तिब्बत पसेको बौद्धधर्म सम्राट् श्रङ् चङ् गम्पोको पालामा राजधर्मका रूपमा स्थापित हुन गयो ।[१५]

नेपालको लुम्बिनीमा जन्मनु भएका भगवान् बुद्धले उनन्तीस् वर्षको उमेरमा गृहत्याग गर्नुभयो र त्यसको छ वर्षसम्मको कठिन दुष्करचर्या गरी भारतको बोधगयामा बुद्धत्व प्राप्त गर्नुभयो । सो पश्चात्को पैतालीस बर्षसम्मको अवधिमा विभिन्न क्षेत्रमा यस धर्मको प्रचारप्रसार नेपालसम्म भइसकेको थियो । बोधगयामा बोधिज्ञान प्राप्त गरेपछि पैंतालीस वर्षसम्म अनवरत रूपले आफूले प्राप्त गरेको बोधिज्ञानको प्रचार प्रसार गर्ने उद्देश्यले आफ्ना (शिष्य) भिक्षुहरूसहित विभिन्न ठाँउमा भगवान् बुद्ध स्वयम् जानुभयो ।[१६] उहाँले आफ्ना हरेक उपदेशहरू आफ्ना शिष्य भिक्षु आनन्द लगायत अन्य भिक्षुहरूलाई दिनु भएको थियो । उक्त उपदेशका अनुसार अनुशासनविना शान्ति हुँदैन र शान्तिविना सुख प्राप्तिको आशा गर्नु व्यर्थ छ ।

यसप्रकार बौद्धधर्मको प्रचार प्रसार गर्दा गर्दै भगवान् बुद्धले अस्सी वर्षको उमेरमा भारतको कुशीनगरमा महापरिनिर्वाण प्राप्त गर्नु भयो । भगवान् बुद्धले बोधिज्ञान प्राप्त गरी बौद्धधर्मका चार आर्यसत्य, अष्टाङ्गिक मार्गको उपदेश तथा सङ्घको निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभयो, जुन आज विश्वभर नै बौद्ध धर्मका नामले व्यापक छ । बौद्धधर्मका अनुसार सांसारिक सुख वास्तवमा यथार्थ सुख होइन त्यो त क्षणिक मात्र हो ।

बौद्धधर्म एउटा परापूर्वकालबाट नै जीवित धर्मको रूपमा रहेको देखिन्छ । यस्तो हुनुको प्रमुख कारण पिंढी दर पिंढी यस धर्मको संरक्षण र विस्तार भएको कारणले हो । हालसम्म पनि काठमाडौं उपत्यकामा नेवार जातिमा मात्र बौद्धधर्म सीमित रहन गयो भने उत्तरी भेगमा त्यहाँ बसोबास गर्ने जिरेल लगायतका विभिन्न जातजातिहरूमा व्यापक हुन गयो । यिनीहरू बसोबास गर्ने सम्पूर्ण उत्तरी भेग तिब्बतको सीमानासँग जोडिएको कारणले तिब्बती लामा धर्मको प्रभाव पनि यसमा प्रशस्त पर्न गयो । गुरु पद्मसम्भव, शान्तरक्षित, कमलशील, दीपङ्कर आदि बौद्ध गुरुहरू नेपालकै बाटो भई तिब्बत जाने क्रममा बाटोमा पर्ने नेपालको उत्तरी भेगमा बौद्धधर्मको प्रचार गर्दै गएको अनुमान पनि गरिएको छ । केही इतिहासकारहरूले ई.पू. छैटौ शताब्दीको भन्दा अगाडि नै नेपालमा यस धर्मले प्रवेश पाइसकेको मान्दछन् ।

---

[१५]पुण्यप्रसाद पराजुली लोचावा, 'हिमाली क्षेत्रका बौद्ध विहारहरूमा प्रचलित शिक्षा पद्धति', *त्रि-बोधि,* कीर्तिपुर: (बुद्धिस्ट स्टडिज् चौथो ब्याच स्टुडेन्ट २०५९ - २०६०) डिपार्टमेन्ट अफ बुद्धिस्ट स्टडिज् टि.यु. (२०६०), पृष्ठ १७ ।

[१६]नरेन्द्रदेव, आचार्य, *बौद्धधर्म-दर्शन,* दिल्ली: मोतीलाल बनारसीदास पब्लिसर्स प्राइभेट लि., (पुन: मुद्रण) ई.सं. १९९४, पृष्ठ ६ ।

जिरेलहरूले अवलम्बन गर्ने गरेका धर्महरूमध्ये बौद्धधर्म मुख्य हो र यो धर्म करिव ५०० वर्ष अगाडि तिब्बतबाट शेर्पाहरूको यस क्षेत्रमा आगमनसँगै बौद्धधर्मले प्रवेश गरेको मानिन्छ । तर आफ्नै समुदायका *'होडजुली'* र *'गरि लामा'* जुन *'देवलिङ्गा'* कबिलाका थिए, र उनीहरूले नै तिब्बतबाट जिरीमा बौद्ध धर्म ल्याएका थिए भन्ने कुरामा जिरेलहरूले बढी विश्वास गर्दछन्, जुन करिब पाँच पुस्ता मात्र पहिलेको कुरा हो ।

नेपालका पहाडी भेगमा थुप्रै किसिमका जनजातिहरू बसोबास गर्ने भए तापनि यिनीहरूको सामाजिक, धार्मिक संस्कार बौद्धधर्मबाट धेरै नै प्रभावित भएको पाइन्छ । जसको मुख्य स्रोत तिब्बत भएको र लामाहरू पनि तिब्बतबाट नै दीक्षित हुने भएकोले नै हो । तर यिनीहरूको बौद्धधर्मलाई अवलम्बन गर्ने तरिका आपस आपसमा मात्र नभएर तिब्बतको भन्दा फरक देखिन्छ । केही बौद्धधर्म सम्वन्धी जानकार विद्वत्वर्गहरूका अनुसार नेपालका पहाडी भू-भागका जनजातिहरूले अवलम्बन गर्ने गरेको तिब्बती बौद्ध धर्म निङ्मा-पा सम्प्रदायबाट नै विकास भएको हो । यस सम्प्रदायले गुरु पद्मसम्भवलाई नै भगवान् बुद्धभन्दा पहिले नै बौद्धधर्मका सृजक मान्दछ । निङ्मा-पा सम्प्रदायका गुम्बाहरूमा पद्मसम्भवका चित्रहरू बनाइएका हुन्छन् । यस सम्प्रदायका लामाहरू सामान्यतया आफ्नै घरमा बसेर घर व्यवहार चलाउँदछन् र खासखास अवस्थामा धार्मिक कार्य सम्पन्न गर्नका लागि मात्र स्थानीय गुम्बाहरूमा जाने गर्दछन् ।

नेपालको पहाडी भेगमा बसोबास गर्ने र मूलत: तिब्बती बर्मेली भाषा बोल्ने अधिकांश मानिसहरू तिब्बती बौद्धधर्मका अनुयायी छन् तर धेरै यस्ता समूहहरू हिन्दु धर्मबाट प्रभावित देखिन्छन् । यस शोधअध्ययनले समेटेको दोलखाको जिरी उपत्यकामा बसोबास गर्ने जिरेलहरू पनि तिनीहरूमध्ये एक हुन् । यिनीहरूले तिब्बती बौद्धधर्मलाई मान्दछन् तर हिन्दु धर्मलाई पनि उत्तिनै आदर गर्ने गर्दछन् ।[१७]

## ४.३ भगवान् बुद्ध आगमन पूर्वको समाज

बुद्धको आगमन अगाडिको समाजलाई वैदिककालीन समाज भनिन्छ । त्यस वेलाको समाज क्षेत्री, ब्राह्मण, वैश्य र शूद्र गरी जम्मा चार वर्णमा विभाजित थियो । ब्राहमणहरू अध्ययन गर्नका लागि, क्षेत्री आज्ञा दिनको लागि र लड्नका लागि, वैश्य खेतीपाती गर्नको लागि र शुद्रहरू यिनीहरूको आज्ञा पालनको लागि जन्मिएको हो भन्ने मान्यता तत्कालीन

[१७]https//in.wikipedia.org/wiki/buddhism_in_nepal, July 5, 2017.

समाजमा व्यापक थियो ।[१८] समाजमा विद्यमान यी विभिन्न जातजातिहरूमध्ये ब्राहमण जाति उच्च वर्गमा पर्दथे र बुद्ध जस्तो ब्यक्तित्वको अगाडि पर्दा समेत कतिपय ब्राह्मणहरू घमन्डका कारण झुक्न पनि तयार हुँदैनथे ।[१९] त्यस समयको समाजमा धर्मको पालन दुई तरिकाले गर्ने गरिन्थ्यो । धार्मिक कार्यहरूमा धेरै ठुलो धनराशिको आवश्यकता पर्ने भएकोले यस्तो प्रकारको धर्म धनी व्यक्तिहरूले मात्र गर्न सक्ने अवस्था एकातर्फ थियो भने अर्को तर्फ घरबार त्यागेर संन्यास लिएर गरिने धर्म थियो । ठूलाठूला यज्ञहरू गर्नुका साथै पशु, पन्छी लगायत कतिपय अवस्थामा मानिसको पनि बलि दिने गरिन्थ्यो । यी दुवै धर्ममा गरिने तरिकाको अध्ययन अनुसन्धान, विश्लेषण र परीक्षण गरी सिद्धार्थ गौतम बुद्धले धनीगरिब, सानाठुला सबै किसिमका जातजातिहरूका लागि उपयुक्त हुने र धेरै पैसा पनि खर्च गर्न नपर्ने, घरबार छाडेर हिँड्न पनि नपर्ने, बहुजन हिताय, बहुजन सुखायको मध्यम मार्ग अर्थात् बौद्धधर्मको प्रतिपादन गर्नुभयो । यस धर्ममा कर्मकाण्डको विरोध गरिनुका साथै बोधिज्ञानलाई सबभन्दा बढी महत्त्व दिइएको छ ।[२०]

बौद्धकालीन समाजमा जातीय प्रथा व्यापक भएका कारण तत्कालीन समाज माथिल्लो र तल्लो जात भनेर विभाजित थियो ।[२१] भगवान् बुद्धले त्यस बेलाको समाजमा विद्यमान सामन्ती बलिप्रथा, अन्धविश्वासी पुरोहितवाद, खाद्यान्नको दुरुपयोग, रुढिवाद, शोषण, दमन, परम्परागत ढोंगी, आडम्बरयुक्त र दुख सागरमा डुबेका विशाल जनसमूहलाई दुःखबाट मुक्त गरी मोक्षको सही र सुगम मार्ग पहिल्याउनमा आफ्नो जीवन अर्पित गरी लामो चिन्तनपछि उहाँले सही मार्ग पत्ता लगाउनुभयो । उहाँले पहिल्याएको मार्ग नै बौद्धधर्मका नामले संसारभरि नै प्रसिद्ध हुन गयो ।[२२] ई.पू. छैटौँ शताब्दीमा नै विश्व समक्ष व्यापक रूपमा आन्दोलन गरी मानवतावादको सृजना गर्ने महान् व्यक्ति बुद्ध नै हुनुहुन्छ ।

बुद्ध मानव, मानवबीच समानता हुनैपर्छ भन्ने कुराको पक्षपाती हुनुहुन्छ । बुद्धले दिनुभएको उपदेशमा कतै पनि महिलाप्रति विभेद गरिएको पाइँदैन । भगबान् बुद्धले कैयौँ

---

[१८]डा.प्रभा त्रिपाठी, *प्राचीन पूर्वोत्तर भारत (सुत्तपिटकका एक अध्ययन),* वाराणसी: २२१००५ लेन नं. ५, रवीन्द्रपुरी, साहित्य संस्थान, वि.सं. २०४२, पृष्ठ १६२ ।

[१९]डा.प्रभा, पूर्ववत् पाद टिप्पणी ।

[२०]तिर्थरत्न शाक्य, 'बुद्धको जीवनी र उपदेश', *बुद्ध ज्योति,* काठमाण्डौ: त्रि. वि.बुद्धिस्ट स्टडिज् डिपार्टमेन्ट, पद्मकन्या मल्टिपल् क्याम्पस् भोलुम १,(२०७०), पृष्ठ ८५ ।

[२१]David N. Gellner, 'Buddhism, Women and Caste: The Case of the Newars of Kathmandu Valley', *Buddhist Women and Social Justice: Ideals, Challenges and Achievements,* New York: 2004 Ed.K.L.Tsomo) pp.155-163, Suny Press.

[२२]मन्जु श्रेष्ठ, 'काठमाडौँको नेवार समाजमा प्रचलित अन्येष्टि संस्कार', विद्यावारिधि शोधपत्र, त्रिभुवन विश्वविद्यालय, वि.सं. २०७२, पृष्ठ ४८ ।

प्रसङ्गमा आफ्नै मुखले छोरा र छोरी बराबर छन् भनेर भनेको समेत पाइन्छ । छोराछोरी दुबैमा कुनै फरक छैन र छोरीलाई पनि समान अवसर दिएमा छोराभन्दा राम्रो हुन सक्छन्[२३] भन्ने भनाइले पनि बुद्धले छोरा र छोरीमा, स्त्री र पुरुषमा, भिक्षु र भिक्षुणीमा कहिल्यै भेदभाव नगरेको देख्न सकिन्छ ।

## ४.४ बौद्धधर्म

आज भन्दा २५६२ वर्ष अगाडि ई.पू. छैटौँ शताब्दीमा नेपालको लुम्बिनीमा बौद्धधर्मका प्रवर्तक सिद्धार्थ गौतम बुद्धको जन्म शाक्यवंशका पुत्रका रूपमा भएको थियो । उहाँको पिताको नाम राजा शुद्धोधन र माताको नाम मायादेवी थियो । शुद्धोधन प्राचीन कपिलवस्तु (तिलौराकोट) का राजा थिए । महारानी मायादेवी कपिलवस्तुबाट आफ्ना माइती अर्थात् देवदहतिर जाँदै गर्दा *'लुम्बिनी'* नामक बगैंचामा नै प्रसव वेदना शुरु भयो र सिद्धार्थको रूपमा यस अलौकिक शिशुको जन्म भएको थियो । सिद्धार्थ जन्मेको सात दिनमा नै मायादेवीको मृत्यु भयो । आमाको मृत्युपश्चात् बालक सिद्धार्थ गौतमको लालनपालन आफ्नै विमाता महाप्रजापति गौतमीद्वारा भयो ।[२४] यस अलौकिक शिशुले जन्मने बित्तिकै हरेक दिशामा सात पाइला हिंड्दै बोलेका कुराहरू निम्न छन्:[२५]

- सवै कुशलमूल हुने मध्ये पहिलो हुनेछु ।
- देवता र मनुष्यले दक्षिणा दिन योग्य हुनेछु ।
- म लोकमा जेठो र श्रेष्ठ हुँ । जरामरणलाई अन्त्य गर्नेछु ।
- सबै प्राणीभन्दा म उत्तम हुनेछु ।
- सबै प्राणीहरूले उत्साहपूर्वक हेर्न योग्य बन्नेछु ।
- मार र मारसेनालाई हराउनेछु । नरकमा परेकाको दुख हटाउन धर्म मेघले बर्षा गर्नेछु जसद्वारा उनीहरू सुखी हुनेछन् ।

यीनै सिद्धार्थ गौतम बालककालमा एक दिन बाटोमा घुम्दै जाँदा उहाँले एउटा वृद्ध पुरुष, रोगी व्यक्ति, लाश र संन्यासीलाई देख्नुभयो । यस घटनाबाट नै प्रभावित भएर मानिसको यस संसारमा जन्मेर मृत्यु किन हुन्छ ? सुख के हो ? मानिसलाई दुःख किन पर्दछ र यसको निवारण के छ भनेर जहिले पनि सोच्ने गर्न थाल्नुभयो । सोह्र वर्षको उमेरमा सिद्धार्थ गौतमको विवाह देवदहकी

---

[२३]अनुजा गुरुमाँ, 'धर्ममा छोरा छोरी समान', *शील सन्देश,* काठमाडौँ: सुलक्षण कीर्तिविहार, चोभार, (२०६७), पृष्ठ ४ ।

[२४]डा.गणेश, पूर्ववत् पाद टिप्पणी ५ ।

[२५]मिनबहादुर शाक्य, (सं.), *ललितविस्तर सूत्र,* ललितपुर: युवक बौद्ध प्रकाशन, ने.सं. ११९८, पृष्ठ २५१ ।

राजकुमारी यशोधरादेवी (गोपा) सँग भयो र उनीबाट एउटा छोराको जन्म भयो जसको नाम *'राहुल'* राखियो । सिद्धार्थ गौतम उनन्तीस वर्षको उमेरमा भर्खरै जन्मेको नाबालक शिशु, पत्नी र घर त्यागेर नैसर्गिक दु:ख विमुक्तिको बाटो र ज्ञानको खोजी गर्न दरवार छाडेर हिंड्नु भयो । यही क्रममा उहाँ ख्यातिप्राप्त अलाराकलाम नामक गुरुको आश्रममा पुग्नुभयो, जहाँ उहाँले छ बर्षसम्म आध्यात्मिक मार्गको शिक्षा लिनुभयो र कठोर तपस्याको कारण उहाँको शरीर सुकेर काँडा जस्तो भयो, तर यसबाट मात्र सन्तुष्ट नभएर उहाँ आश्रम छाडी एक्लै उरुवेला भन्ने स्थान अर्थात् बोधगया गई त्यहीं निरञ्जना नदीको किनारामा बोधिवृक्ष मुनि बसेर लगातार छवर्ष सम्म कठिन तपस्या गर्न लाग्नु भयो ।[२६] यसबाट उहाँको शरीर, हाड र छाला मात्र भएर सुकेर गयो तर पनि उहाँलाई आफूले खोजेको जबाफ प्राप्त भएन ।[२७] यसै क्रममा एक दिन *'सुजाता'* भन्ने एक महिलाले सिद्धार्थ गौतमलाई वन देवता ठानी खीर दान दिइन् ।[२८] त्यही वृक्षमुनि सिद्धार्थ गौतमले वैशाख पूर्णिमाको रातको प्रथम प्रहरमा *''बोधिज्ञान''* प्राप्त गर्नु भयो ।[२९]

सर्वप्रथम उहाँले संसारको कल्याणका लागि ऋषिपत्तन मृगदावनमा पञ्चवर्गीय भिक्षुहरूलाई चारआर्य सत्य र अष्टांङ्गिक मार्गको बारेमा धर्मदेशना गर्नुभयो ।[३०] त्यसपछि उहाँलाई भगवान् गौतम बुद्ध भनेर भनिन थालियो, साथै पञ्चवर्गीय भिक्षुहरूले बुद्ध शासनमा प्रवेश गरेकाले बौद्धसङ्घ (भिक्षुसङ्घ) को पनि शुभारम्भ भयो ।[३१] मानव जातिले दु:खबाट पार पाउन सक्छ र दु:खको अन्त्य पनि सम्भव छ र यसका लागि दु:ख निवारणका उपायहरू छन् भन्ने मूल प्रस्तावनामा आधारित दर्शन नै बौद्ध दर्शन हो ।[३२] बौद्धधर्ममा तीन कुरा-शील (सदाचार र नैतिकता), समाधि (एकाग्रता र अनुशासन) र प्रज्ञा (विवेक, बुद्धि र इमान्दारिता) अनुसरण योग्य र स्मरणयोग्य छन् ।[३३]

भगवान् गौतम बुद्धको जन्मथलो भएको कारणले नेपाललाई विश्वकै अति पवित्र भूमिको रूपमा लिइन्छ । आज बौद्धधर्म बिश्व शान्तिका लागि अपरिहार्य मानिएको छ र यसकै कारण हालका दिनहरूमा यो धर्म अरू लोकप्रिय हुँदै गइरहेको छ । त्रिपीटक बौद्धधर्मको मूल धर्मग्रन्थ

---

[२६]आचार्य, पूर्ववत् पाद टिप्पणी नं. १६ पृष्ठ ४ ।

[२७]आचार्य, पूर्ववत् पाद टिप्पणी नं. १६ पृष्ठ ४ ।

[२८]प्रा.शंकर थापा, *बौद्धदर्शन परिचय,* काठमाडौँ: जज्मेन्ट आइज् ल एण्ड कम्पनी प्रा.लि., वि.सं. २०७०, पृष्ठ २० ।

[२९]आचार्य, पूर्ववत् पाद टिप्पणी नं. १६ पृष्ठ ४ ।

[३०]आचार्य, पूर्ववत् पाद टिप्पणी नं. १६ पृष्ठ ४ ।

[३१]प्रा.शंकर, पूर्ववत् पाद टिप्पणी नं. २८ पृष्ठ २५ ।

[३२]आचार्य, पूर्ववत् पाद टिप्पणी नं. १६ पृष्ठ ४ ।

[३३]भिक्षु अश्वघोष, 'बुद्धको मूल शिक्षा', *गुम्बा व्यवस्था तथा विकास समितिको, स्मारिका,* ललितपुर: श्री ५ को सरकार, स्थानीय विकास मन्त्रालय, गुम्बा व्यवस्था तथा विकास समिति, पुल्चोक, वि.सं. २०५७, पृष्ठ ११ ।

मानिन्छ । यो धर्मग्रन्थ विनयपीटक, सुत्रपीटक, अभिधर्मपीटक नामले प्रसिद्ध छ । यिनै तीन पीटकबाट बौद्धधर्मका मूल आधार शील, समाधि र प्रज्ञाको सम्पूर्ण ज्ञानको शिक्षा प्राप्त हुन्छ । यसमा थेरबाद र महायान शाखाको र थेरबादमा श्रावकयान र प्रत्येक बुद्धयान शाखा र महायानमा सूत्रयान र तान्त्रिकयानका दर्शनहरू निहित छन् ।

ई.पू. छैटौं शताब्दीताका विश्वका प्रमुख धर्म उपदेशकहरूको प्रारूप भएको कारणले यस शताब्दीलाई विश्वमा धर्म सुधार आन्दोलनको युगको रूपमा लिइन्छ । त्यसताका संसारका विभिन्न ठाँउहरूमा धार्मिक आन्दोलन भएका थिए । उक्त समयमा नै इरानमा जरथस्तको उदय भएको थियो भने चीनमा कन्फ्युसियस् र लाओजेको समय पनि यही नै थियो । यही शताब्दीमा नै छिमेकी देश भारतमा महावीर बर्धमानको अभ्युदय भएको थियो भने नेपालमा सिद्धार्थ गौतमबुद्धको समय पनि यही थियो । यिनीहरूले नै त्यो वेलामा धार्मिक आन्दोलन गरेका थिए ।[३४] यो युगमा भएका धार्मिक आन्दोलनहरूमा सबैभन्दा प्रभावकारी विश्व प्रसिद्ध धर्म सिद्धार्थ गौतमबुद्धले प्रतिपादन गर्नु भएको बौद्धधर्म नै थियो । उहाँका उपदेशहरू नै बौद्धधर्मका नामले विश्वब्यापी रूपमा प्रभावकारी बने ।

सिद्धार्थ गौतम बुद्धले प्रतिपादन गर्नु भएको धर्मलाई नै बौद्धधर्म भनिन्छ । *''बोधी''* शब्दबाट नै ''बुद्ध'' शब्द निष्पन्न भएको हो जसको अर्थ *'ब्युँझनु'* भन्ने लाग्दछ । तसर्थ बौद्धधर्मको अर्थ बुझाउने धर्म भन्ने हुन जान्छ अर्थात यसरी बौद्धधर्म भन्नाले मानव जातिलाई बोध गराउने दर्शनशास्त्र हो र जसको उत्त्पति भगवान् बुद्धबाट प्रतिपादित भएको थियो । भगवान् गौतम बुद्धका अनुसार मानव जीवन दुखमय छ र यसका कारण मानव जातिमा विद्यमान असीमित रूपमा रहेको तृष्णा नै हो जसबाट मुक्ति पाउनु नै एक मात्र उपाय हो ।[३५]

तृष्णाबाट मुक्ति पाउन सक्नु र मुक्तिका उपायहरू आर्य अष्टाङ्गिक मार्ग हुन् भन्ने ज्ञान प्राप्त गरी प्रतीत्य-समुत्पाद, सह-अस्तित्व, परिवर्तनशीलता आदिको बारेमा सिद्धान्तहरू प्रतिपादन गर्नुभएको थियो । आज भन्दा २५६२ वर्ष अघि भगवान् बुद्धले दिनु भएका उपदेशहरू त्यसबेलाको समाजमा जति उपयुक्त मानिन्थे आजको युगमा पनि उत्तिकै सशक्त र वैज्ञानिक मानिन्छन् । समाजमा विद्यमान विसङ्गतिका विरुद्ध पनि यो धर्म

[३४]हरिराम जोशी, *प्रदीप: अभिनव संस्कृति विश्वकोश,* भक्तपुर: वर्कर पब्लिकेसन्स, वि.सं. २०७०, पृष्ठ ६५७ ।

[३५]भेन. एस. धम्मिका, *प्रश्न ? उत्तर,* काठमाडौं: धर्म एड एसिया, वि.सं. २०६९, पृष्ठ ४ ।

अरू बढी सान्दर्भिक देखिन्छ । एसियाको केही भागलाई छोडेर विस्तृत भू-भागमा यस धर्मको प्रभुत्व रहेको छ ।

## ४.५ भगवान् बुद्धका प्रमुख उपदेशहरू

बौद्धधर्म संसारको प्रख्यात धर्म मध्येको एक हो । बौद्धधर्म अन्य धर्महरूभन्दा महिलाहरूप्रति बढी सहिष्णु छ ।[३६] भगवान् बुद्धले आफ्नो उपदेशमा हामीले सबै कुरा आँखा चिम्लेर विश्वास नगरी, "*जाँचेर हेर, बुझेर हेर र आफ्नो अनुभवमा भरोसा गर, परम्परागत कुरामा विश्वास नगर, हल्लामा नलाग, धार्मिक पुस्तकमा नलाग, ऊ मेरो गुरु हो भन्ने कुरामा नलाग, आफैले बुझ, अभ्यास गर, आफ्नो मनको कसीमा प्रयोग गर*"[३७] भनेर मानव समाजलाई दिव्य उपदेश दिनुभएको छ । अल्वर्ट आइन्स्टाइन नाम गरेका एक विश्वप्रख्यात वैज्ञानिकले पनि "*आज वैज्ञानिक आवश्यकतालाई सुहाउने कुनै धर्म छ भने बौद्धधर्म नै छ*"[३८] भनेर यो धर्मको महत्त्वलाई थप उजागर गरेका छन् । भगवान् गौतम बुद्ध संसारकै विभूति हुनुहुन्छ । विभिन्न कारणवश सुरुमा भगवान् बुद्ध महिलालाई सङ्घमा जोड्नको लागि त्यति इच्छुक देखिनु भएको थिएन[३९] जुन थप अध्ययनको विषय हुनसक्छ ।

यथार्थमा भगवान् बुद्धले नै समस्त मानव जातिलाई आर्यसत्य र अष्टाङ्गिक मार्ग सिकाउनु भयो, जसलाई बौद्धधर्मको मूल शिक्षा मानिन्छ । उहाँका अनुसार यिनै आर्यसत्यलाई जानिसकेपछि मात्र मानिस आर्य बन्छ, अर्हत बन्छ, दुखबाट मुक्त हुन्छ । यी आर्यसत्यहरू निम्नानुसारका छन्:[४०]

### ४.५.१ आर्य सत्य

**क. दुःख आर्यसत्य:** भगवान् बुद्धका अनुसार जन्मनु दुःख हो, वृद्धावस्था हुनु दुःख हो, रोगी हुनु दुःख हो, मनको इच्छा पूरा नहुनु पनि दुःख हो । सङ्क्षेपमा भन्ने हो भने पञ्च स्कन्धको शरीर धारण गर्नु नै दुःख हो ।

---

[३६] भिक्षु ज्ञानपूर्णिक (धम्माचरीय), *बुद्ध र बुद्धवाद,* ताईवान: द कर्पोरेट बडी अफ द बौद्ध एजुकेसन फाउण्डेसन ११ एफ., ५५ हङ्ग चनव रोड सेक्सन १, ताईपेइ, आर.ओ सी. वि.सं. २०४८, पृष्ठ ११९ ।

[३७] भेन., पूर्ववत् पाद टिप्पणी नं. ३५, पृष्ठ १३ ।

[३८] http/www.bbin community.com/Ainstin-on-buddhism, 12 March 2017.

[३९] Bert van den Hoek 1996, Gender and Caste in the Perfect Buddhist Gift the Samyak Mahadana in Kathmandu, Nepal: *Contributions to Nepalese Studies*, Vol. 23, No. 1, January 1996, 195 - 211, CNAS/TU.

[४०] उ.कोले, धम्मचक्रप्रवर्तन सूत्र, द ग्रेट डिस्कोर्स अन द ह्विल अफ धम्म (Dhammacakkappavattana Sutta) मलेसिया: सुखीहेतु धम्म पब्लिकेशन्, ई.सं. १९९८ ।

**ख. दुःख समुदय आर्यसत्यः** फेरि, फेरि जन्म लिन लगाउने, रागयुक्त, उत्पन्न हुने स्थानमा अभिनन्दन गर्ने तृष्णा हुन्, जस्तो कि कामतृष्णा, भवतृष्णा र विभवतृष्णा । यी सबै तृष्णाहरू दुःख समुदय आर्यसत्य हुन् ।

**ग. दुःख निरोध आर्यसत्यः** तृष्णाको अशेष विराग, निरोध, त्याग, प्रतिनिस्सर्ग (निकास) मुक्ति र आलय नहुनु नै दुःख निरोध आर्यसत्य हो ।

**घ. दुःख निरोधगामिनी प्रतिपदा मार्ग आर्यसत्यः** दुःख निरोधगामिनी प्रतिपदा मार्ग आर्यसत्य नै आर्य अष्टाङ्गिक मार्ग हो । सिद्धार्थ गौतम बुद्धले अष्टाङ्गिक मार्गका बारेमा धर्मदेशना गर्नु भएको छ ।

बौद्धधर्मका अनुसार धर्मपथका अनुगामीले दुई अतिबाट सधैँ बच्नुपर्दछ । एउटा अति भनेको विषय वासनामा आकण्ठ भएर डुब्नु हो भने अर्को अति भनेको शरीरलाई कष्ट दिनु अर्थात् न्यूनतम आवश्यकताहरूबाट पनि टाढै रहनु हो । यी दुई अतिलाई छोडेर मध्यम मार्गलाई अवलम्बन गर्नु पर्ने धर्म देशना बुद्धबाट भयो, जसमा दुवै प्रकारका अतिका लागि कुनै पनि स्थान छैन । यो मार्गले ज्ञान र शान्तिको पथमा अग्रसर हुने क्षमता राख्दछ । यो पवित्र आर्य अष्टाङ्गिक मार्ग हो । यसको माध्यमबाट ज्ञान, विचार, कर्म, जीवनयापन, प्रयास, चेतना  र एकाग्रता सम्भव हुन्छ । भगवान् बुद्धले यो अष्टाङ्गिक मार्गलाई अपनाएको र जसका कारण ज्ञान, मुक्ति एवम् शान्तिको अनुभूति गर्नु भएको थियो ।[४१] यी अष्टाङ्गिक मार्ग निम्न अनुसारका छन्:

**क. सम्यक्दृष्टि:** जीवन र  जगत्लाई यथाभूत दर्शन गर्न सक्नु सम्यक्दृष्टि हो । ठिक बेठिक छुट्याउन सक्नु, सत्य र असत्य ठम्याउन सक्नु, कर्म र कर्मफलको प्राकृतिक नियमलाई बुझ्न सक्नु सम्यकदृष्टि हो । सोचविचार, हेराइ र बुझाइ ठिक हुनु पनि सम्यकदृष्टि हो । मिथ्यादृष्टि दिएर बाँच्नु भनेको आंखा चिम्ली व्यस्त सडकमा हिंड्नु जस्तै नै हो ।

**ख. सम्यक्सङ्कल्प:** ठिक बेठिक, सत्य असत्य आदि बुझेपछि म सही काम मात्र गर्छु, गलत कहिल्यै पनि गर्दिन भनेर प्रण गर्नु सम्यक्सङ्कल्प हो । गलत काम गर्ने प्रण गर्नु मिथ्या सङ्कल्प हो । सम्यक् सङ्कल्पले दुःख मुक्तितिर लैजान्छ भने मिथ्या सङ्कल्पले दुःखको भूमरीमा लैजान्छ । सम्यकदृष्टि र सम्यक्सङ्कल्पलाई नै प्रज्ञा भनिन्छ ।

---

[४१] उ.कोले पूर्ववत् पाद टिप्पणी पृष्ठ ४० ।

**ग. सम्यक्वाचा:** साँचो बोल्नु, प्रियकर वचन बोल्नु, अरूलाई हित हुने कुरा बोल्नु, शिष्ट वचन बोल्नु सम्यक्वाचा हो भने, झुटो बोल्नु, कडा शब्द बोल्नु, चुक्ली गर्नु, अश्लील शब्द बोल्नु मिथ्यावाचा हो ।

**घ. सम्यक्कर्मान्त:** अरूको प्राणको रक्षा गर्नु, सदाचारी र ब्रम्हचारी बन्नु, दान दिनु र सहयोग गर्नु नै सम्यक्कर्म हो भने हिंसा गर्नु व्यभिचार गर्नु, चोरी गर्नु मिथ्या कर्म हो । सम्यक्कर्मान्तले पुण्यसंस्कारको निर्माण गर्छ ।

**ङ. सम्यक्आजीविका:** आफ्नो जीवनयापनका लागि अपनाइने पेशा शुद्ध, निर्दोष र अरूलाई अहित नहुने खालको हुनुपर्छ । यस्तो पेशा गरेर जिउनुलाई सम्यक्आजीविका भनिन्छ । बुद्धले पाँच प्रकारका आजीविकालाई (हतियारको व्यापार, विषको व्यापार, लागु वा मादक पदार्थको व्यापार, जीवहिंसा गर्नुपर्ने मासुको व्यापार, मानिस किनबेच गर्ने व्यापार) निषेध गर्नु भएको छ । सम्यक्वाचा, सम्यक्कर्मान्त र सम्यक्आजीविकालाई शील समूह हुन् ।

**च. सम्यक्व्यायाम:** यो भनेको राम्रो कुशल कार्य गर्नका लागि अल्छीपनलाई परित्याग गरी जाँगरिलो र फूर्तिलो भएर रहनु हो । मनमा अकुशल विचार नल्याउनु (संयम), भएको अकुशल विचारलाई परित्याग गर्नु (मनमा कुशल विचार ल्याउनु) र भएको कुशल विचारलाई संरक्षण गर्नु नै सम्यक्व्यायाम हो ।

**छ. सम्यक्स्मृति:** सदा सर्वदा होशमा रहनु, अप्रमादि भइ रहनु सम्यक्स्मृति हो । शरीरको क्रियाकलापमाथि होस राख्नु कायानुस्मृति, चित्तको क्रियाकलापमाथि होस राख्नु चित्त मनुस्मृति, मनमा अनुभुति हुने सुखद् र दुःखद् संवेदनाहरूमाथि होस राख्नु वेदनानुस्मृति र प्रकृतिमा भइरहेको परिवर्तनहरूमाथि होस राख्नु धर्मानुस्मृति यी सबै सम्यक्स्मृतिअन्तर्गत पर्ने कुराहरू हुन् ।

**ज. सम्यक्समाधि:** आफ्नो मनलाई एकाग्र बनाउनु, मनका क्लेशहरूलाई हेर्न सक्नु र बौद्धधर्म र शील अटाउन सक्नु सम्यक्समाधि हो । समाधि बलियो हुँदै जाँदा चित्तका व्यापारहरू निर्मूल हुँदै जान्छन् । जब चित्त निरोध अवस्थामा पुग्छ, तब दुःख र सुखले अप्रभावित भएर रहन सक्ने अवस्था हुन्छ । यो नै अर्हतको अर्थात् बुद्धत्वको अवस्था हो । सम्यक्व्यायाम र सम्यकसमाधिलाई समाधि समूहमा राखिएको छ ।

## ४.५.२ बौद्धधर्म र शील

भगवान् बुद्धले आफ्नो उपदेशलाई शील, समाधि र प्रज्ञारूपी तीन शिक्षाहरूमा विभाजन गर्नुभएको थियो । बौद्धधर्ममा शीलको कारणले नै बुद्धको विनय र अनुशासनलाई कायम राखेको छ ।

धर्म र सङ्घलाई एउटै सुत्रमा बाँधेर राख्ने एउटा कडी पनि शील नै हो । यो एउटा निर्वाण प्राप्त गर्ने माध्यम पनि हो र यसको कहिल्यै पनि अन्त हुँदैन । तसर्थ यसलाई निर्वाण प्राप्त गर्नको लागि हिँड्ने बाटोको रूपमा पनि लिन सकिन्छ । कुनै पनि व्यक्तिले शीलको ग्रहण गर्दा यसलाई सँधै एउटा नियमको रूपमा प्रयोग गर्नुपर्दछ र यो आफैले नै अभ्यास गर्नुपर्दछ । कसैले पनि यसलाई आज्ञा वा कानुनको रूपमा प्रयोग गर्नुहुँदैन । शील एउटा तालिम लिनको लागि हो, जुन तालिमले गर्दा यसमा आफ्नो साथसाथै अरूको खुशी पनि समावेश गर्न सकिन्छ ।

वोधिज्ञान प्राप्त भइसकेपछि भगवान् बुद्धबाट प्रथमपटक मृगदावनमा बस्ने पाँच जना पुराना सहपाठीहरूले कुनै पनि मानिस सुखी हुनको लागि पाँच किसिमका जीवनको मापदण्डलाई अपनाउनु पर्दछ भन्ने उपदेशहरू प्राप्त गरे ।[४२] यही उपदेशहरूलाई नै पञ्चशील भनेर भनिन्छ । बौद्धधर्ममा पञ्चशील, अष्टशील र दशशील समेत गरेर जम्मा तीन प्रकारका शीलहरू रहेका छन् । यी विभिन्न प्रकारका शीलमध्ये पञ्चशीललाई कुनै पनि ठाउँ, कुनै बेला, कसैले पनि पालन गर्न सक्दछ तर मानिस शीलमा पोख्त हुनलाई नै पञ्चशीलबाट शुरुवात गर्नु पर्दछ भनेर भनिएको छ ।

## ४.५.२.१ पञ्चशील

पञ्चशील वास्तवमा सामान्य तहको एउटा नैतिक शिक्षा हो । यसले मानव जातिको दैनिक जीवनलाई निर्माण गर्न मद्दत गर्दछ । यसले शान्ति, सम्मान, समृद्धि आदिको विकास गर्नमा मद्दत गर्दछ । यो शीलले आफू र अरूलाई हानी नोक्सानी गर्नु भनेर सिकाउँदैन । विशिष्ट तहको उपासक वा भिक्षु, भिक्षुणीहरूले अष्टशील र दशशीलको पालन गर्नु पर्दछ । शीलको पालन गर्नु भन्नु नै वास्तवमा लोभ, घृणा र तृष्णा जस्तो घृणित कार्यलाई आफूबाट टाढा राख्नु हो । बौद्धधर्मका अनुसार जुन व्यक्तिले पञ्चशीलको पालना गर्दछ उसले कहिलै पनि दुःखमय संसारमा पुनर्जन्म लिनु पर्ने छैन भनिएको छ ।

पञ्चशीलको पहिलो खण्डमा हिंसा नगर्नु भनिएको छ । यस शीलले मानव जीवनको दैनिक जीवनलाई राम्रोसँग निर्माण गर्न मद्दत गर्नुका साथै शान्ति, सम्मान, समृद्धि आदिको विकास गर्नमा समेत मद्दत गर्दछ । शीलले मानव समाजमा हुने, जातपात भेदभाव, रङ्ग भेदभाव, शक्तिको प्रदर्शनलाई कम गर्दछ । यस्तै दोस्रो खण्डमा अरूको कुनै पनि सामान वा वस्तु नसोधिकन लिँदा चोरी, छली लिएको सरह मानिन्छ भनिएको छ । शीलको तेस्रो खण्डमा सम्बन्ध भनेको केवल पुरुषले आफ्नी पत्नीसित र पत्नीले आफ्नो पतिसँग मात्र राख्नुपर्दछ, परस्त्री र परपुरुष गमन गर्नु हुँदैन र अरूका स्त्री वा पुरुषलाई आँखा लगाउँदा समेत पाप कर्म हुन्छ भनेर भनिएको छ । त्यस्तै

[४२]आचार्य, पूर्ववत् पाद टिप्पणी नं. १६, पृष्ठ ५ ।

चौथो खण्डमा झुटो कुरा कहिलै पनि नबोल्नु अर्थात् कहिले पनि नढाँट्नु भनिएको छ । शीलको पाँचौ खण्डमा नशालु पदार्थ क्षतिको कारण हो र यसले खाली हानी नोक्सानी मात्र गराउँछ, यसैले यसको सेवन कदापि गर्न हुँदैन भनेर मानव जातिको हितका लागि भनिएको छ ।[४३]

## ४.५.२.२ अष्टशील

अष्टशीलमध्येको छैटौं शीलमा हामीले भोजन गर्दा बाह्र बजेभन्दा अगाडि नै गर्नुपर्ने भनिएको छ । शील लिँदा समयको ख्याल राखेर भोजन गर्नु पर्दछ । सातौं शीलमा मनोरञ्जनका सामानबाट टाढा नै रहन भनिएको छ । आठौं शीलमा विलासी सामान जस्तै माला, सुगन्धित तेलका साथै कुनै पनि किसिमका सौन्दर्य सामग्रीहरूको उपयोग नगर्न भनिएको छ ।

## ४.५.२.३ दशशील

नवौं शीलमा उच्च आसन सुखसुविधाको प्रतीक मानिने हुँदा उच्च आसनमा बस्नु हुँदैन भनी उल्लेख गरिएको छ । दशौ शीलमा सुन चाँदी नराख्नु भनेर भनिएको छ । यो शील बौद्ध भिक्षु, भिक्षुणीहरूलाई मात्र पालना गर्न लगाइन्छ । यो शीलको पालन राम्रोसँग गरिएन भने पालन नगर्ने त्यो भिक्षु होस् वा भिक्षुणी, उसलाई बौद्धधर्मको परिधिबाट हटाइन्छ ।

## ४.५.३ बौद्धधर्मका मौलिक सिद्धान्तहरू

बौद्धधर्म विश्वका विभिन्न प्रमुख धर्महरूमध्येको एक प्रसिद्ध धर्म हो । भगवान् बुद्धले तत्कालीन समय र परिस्थितिअनुरूप धेरै व्यावहारिक र लोक कल्याणकारी धर्मचक्र प्रवर्तन गर्नुभएकाले आजको एक्काइसौँ शताब्दीको समाजमा पनि यसको महत्त्व दिनानुदिन बढ्दै गएको छ । भगवान् गौतम बुद्धले मानिसहरूको कल्याण देवताहरूको सहयोगले नभई प्रत्येक मानिस आफ्नै विवेक, बुद्धि र अवलम्बन गर्ने मार्गले आफ्नो कल्याण हुन्छ भन्ने मौलिक सिद्धान्तको प्रतिपादन गर्नुभयो ।

बौद्ध दर्शन अनुसार जीव र जगत्लाई यथार्थ ढंगले बुझ्नका लागि त्रि-लक्षणलाई अर्थात् अनित्य दुख र अनात्मालाई गहिरोसँग बुझ्न जरुरी छ, जो निम्नानुसारका छन्[४४]**:**

**क. अनित्य:** छिन छिनमा बदलिने स्वभावलाई अनित्य भनिन्छ । संसारभरि भएका सबै पदार्थ अस्थायी हुन् र यहाँ केही पनि स्थायी नभई परिवर्तनशील र नाशवान् छन् । क्षण,

---

[४३]प्रकाश बज्राचार्य, *बौद्ध दर्पण* (चौथो संस्करण), काठमाडौँ: धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति विहार श्रीघ नघलटोल, वि.सं. २०६७, पृष्ठ ४७ ।

[४४]आचार्य, पूर्ववत् पाद टिप्पणी नं. ११ पृष्ठ ४ ।

क्षणमा वस्तुको परिणाममा परिवर्तन भइनै रहन्छ । संसारमा जीवन छैन, परिणाम मात्र सत्य हो । तसर्थ अनित्य मात्र सत्य हो । सुरु पनि अनित्य हो, दुख पनि अनित्य हो, स्वास्थ्य पनि अनित्य हो र रोग पनि अनित्य हो । एउटा मानिस जन्मेपछि बच्चा, किशोर, जवान, हुदै मृत लाश बन्न जान्छ, यिनी नै अनित्यका केही उदारणहरू हुन् ।

**ख. दुख:** भगवान् बुद्धका अनुसार जुन अनित्य हो, त्यो नै दुख हो । राम्रो बस्तु नराम्रो भएर जानु, जीवित वस्तु मरेर जानु आदि कारणले मानव जातिलाई दुःख लाग्छ यही नै अनित्य हो । हाम्रो मन वा चित्त पनि अनित्य भएकोले आज मन परेको वस्तु भोलि मन पर्दैन । कुनै पनि वस्तु आफूसँग नभएसम्म पाउँदा के के न हुन्छ, जस्तो अनुभुति भइराखेको हुन्छ, तर जब प्राप्त हुन्छ केही न केही जस्तो हुन थाल्दछ । यस किसिमले कुनै वस्तुको महत्त्व घटेर जानु भनेको पनि अनित्य हो । यसकै कारणले दुःखको अनुभुति हुनजान्छ ।

**ग. अनात्म:** बुद्धको अर्को शिक्षा हो अनात्म अर्थात् म, मेरो वा आफ्नो भन्ने चिज केही पनि छैन । जुन वस्तु अनित्य हो त्यो नै दुखको कारण हो र त्यो आफ्नो भन्नको लायक हुदैन । यसैले शरीर आफ्नो होइन, धन सम्पति आफ्नो होइन, घर परिवार आफ्नो होइन अर्थात् कुनै पनि चिज आफ्नो होइन । अविनाशी, अजरअमर तत्त्व भनेको यस संसारमा केही पनि छैन । परिवर्तन र विनाशको नियमबाट कोही पनि, कुनै पनि अछुतो छैन । तसर्थ कुनै पनि चिजलाई यो म हो अर्थात् यो मेरो हो भन्नु अज्ञानता र मूर्खता मात्र हो । अरू धर्मदर्शनले मान्ने गरेको अविनाशी, अचल, स्थिर 'आत्मा' को अवधारणालाई बौद्ध दर्शनले ठयाम्मै मानेको छैन । उनीहरूले जसलाई आत्मा भन्ने गरेका छन् त्यो चित्त वा चेतना हो जुन संज्ञा, संस्कार, विज्ञान र वेदनाको पुञ्ज मात्र हो, जुन प्रत्येक क्षण परिवर्तन भइरहेको हुन्छ ।

## ४.६ जिरीमा बौद्धधर्मको उत्थान र विकास

नेपाल-तिब्बत सीमावर्ती क्षेत्रमा बसोबास गर्दै आएका जातजातिहरू अधिकांशले बौद्धधर्मको अनुसरण गर्ने गर्दछन् तर फरकफरक ठाउँमा बसोबास गर्ने जनजातिहरूले फरकफरक ढंगले आ-आफ्नै परम्परागत बौद्धधर्मका संस्कार र संस्कृति मान्दै आएको देखिन्छ ।[४५] आफ्नै खाले विशिष्ट सभ्यता, बौद्ध परम्परा, धर्म र संस्कृतिभित्र विकास भएको र हुर्केको जिरेल जातिले पनि मुख्य रूपमा आफ्नै खालको बौद्धधर्मको अभ्यास गर्दछन् ।

[४५]मातृकाप्रसाद तिमिल्सिना, 'सांस्कृतिक संकटमा हिमाली बौद्ध समुदाय', विद्यावारिधि शोधप्रबन्ध, वि.सं. २०७२, पृष्ठ १ ।

स्थानीय बुद्धिजीवी इन्द्रबहादुर खड्काका अनुसार जिरेलहरूले मान्ने धर्म तिब्बतियन बौद्धधर्म भित्रको निङ्मा सम्प्रदायभित्र पर्दछ र यो खासगरी तन्त्रमन्त्रमा विश्वास गर्ने बज्रयान बौद्धधर्म हो । स्थानीय लामा टोपे जिरेलका अनुसार पनि जिरेलहरू गुरु ठाकुलाई मान्दछन् र जिरेलहरूको पूजा कार्यमा छ्याङ र मासु नभई नहुने भएकाले यिनीहरू बज्रयानी नै हुन् । निङ्मा सम्प्रदाय पनि का-दम्-पा वा स-क्य-पा सम्प्रदाय, काग्यू सम्प्रदाय र गेलुक सम्प्रदाय गरी जम्मा चार किसिमका सम्प्रदायमा बाँडिएको छ ।[४६]

बज्रगुरु पद्मसम्भवले खडा गरेको धार्मिक मतलाई निङ्मा-पा अर्थात् पुरातन मत अनुयायी भनिएको छ । लाङ दारमाको मृत्यु पश्चात् उनका दशजना अनुयायीहरूले तिब्बतमा बौद्धधर्मको प्रचार शुरु गरेका थिए, जसमा हालको निङ्मा मत यही परम्परासँग सम्बन्धित रहेको छ । यस सम्प्रदायका अनुयायीहरू बज्रगुरु पद्मसम्भवलाई आफ्नो प्रमुख गुरु मान्दछन् र यिनै गुरुलाई रिम्पोछे अर्थात् गुरु महारत्न, सङ्गये निपा अर्थात दोश्रो बुद्ध, त्युइसुम साङ्गे अर्थात् त्रिकाल बुद्ध आदि विभिन्न उपाधिहरूद्वारा सम्बोधन गर्दछन् । यस सम्प्रदायमा आ-आफ्नो परम्पराअनुसार देवताको पूजा गर्ने चलन छ । त्होर्जे फुर्ब चावही ग्युई (बजकिल मूलमन्त्र), निङ्मा क तेर (पुरातन बचनकोष), निङ्मा ग्युई बुम (शत्साहस्रिका पुरातन वंश) आदि निङ्मा समुदायका मुख्य आधार ग्रन्थ हुन् ।[४७] परम्परागत रूपमा हेर्दा सबैभन्दा प्राचीन निङ्मा परम्परामा आधारभूत रूपमा "तेह्र महान् धर्म ग्रन्थहरू" (शुङछेन चुग्सुम) को पढाइ हुन्छ, जसमा निम्नलिखित ग्रन्थहरू पर्दछन् ।[४८]

**क) पारमिता वर्ग -** मैत्रेयका पाँच ग्रन्थहरू अधिसमयालङ्कार, महायान सूत्रालङ्कार, मध्यान्त विभङ्ग, धर्मधर्मता विभङ्ग, उत्तरतन्त्र शास्त्र र शान्तिदेवको बोधिचर्यावतार ।

**ख) विनय वर्ग -** शाक्यप्रभ र गुणप्रभका प्रातिमोक्ष सूत्र तथा विनय सूत्र पर्दछन् ।

**ग) अभिधर्म वर्ग -** आर्य असङ्गको अभिधर्म समुच्चय तथा वसुवन्धुको अभिधर्म कोश पर्दछन् ।

[४६] जगतमान गुरुङ्ग, 'लामा बौद्ध धर्मको परिचय', *गुम्बा व्यवस्था तथा विकास समितिको, स्मारिका,* ललितपुर: श्री ५ को सरकार, स्थानीय विकास मन्त्रालय, गुम्बा व्यवस्था तथा विकास समिति, पुल्चोक वि.सं. २०५७, पृष्ठ २० ।

[४७] जगतमान पूर्ववत् पाद टिप्पणी पृष्ठ १९ ।

[४८] पुण्यप्रसाद, पूर्ववत् पाद टिप्पणी नं. १५ ।

**घ) मध्यमक वर्ग -** नागार्जुनको मूल माध्यमिक कारिका, आर्यदेवको चतुशतक तथा चन्द्रकीर्तिको मध्यमकावतार पर्दछन् ।

यस अध्ययनमा समाविष्ट जिरीको वडा नं ५ मा मुख्य रूपमा जिरेल र शेर्पा जातिले बसोबास गर्दछन्, । यहाँ बसोबास गर्ने कुल १,६८८ जनसङ्ख्यामध्ये ५७७ हिन्दु, १,०७६ बौद्ध र ३५ इसाइ धर्म अवलम्बन गर्ने गर्दछन् ।[४९] बहुसङ्ख्यक जिरेलहरूले बौद्ध र हिन्दु धर्म दुबैमा विश्वास गर्ने गरे तापनि जिरेलको प्राचीन धर्म तान्त्रिक धर्म हो र यिनीहरूले मूलत: तन्त्र विद्यामा विश्वास गर्ने गर्दछन् ।[५०] करिव तीन, चार पुस्ता पहिले देखि मात्र तान्त्रिक धर्मसँगसँगै बाहुन पुज्ने, हिन्दु धर्म र लामा पुज्ने बौद्धधर्ममाथि जिरेलहरूले आस्था राख्न थालेका हुन् ।[५१]

एउटै भेगमा बसोबास गर्दै आएका भए तापनि शेर्पाहरूको र जिरेलहरूको बीचमा धार्मिक तथा परम्परागत चलनमा केही भिन्नता स्पष्ट रूपमा देखिन्छ । तिब्बतबाट शेर्पाहरू नेपालमा आए र उनीहरूसँग भएको जिरेलहरूको सम्पर्कका कारण जिरीमा बौद्धधर्मको प्रभाव पर्‍यो । यसको उदाहरण, जिरेलहरू केही समय अघिसम्म मृत्यु संस्कारमा शेर्पा लामा नै बोलाउँथे भने पछि जिरेलहरू आफै तिब्बतमा गएर बौद्ध शिक्षा सिकेर आए र हाल आएर जिरेल लामाहरूले आफै मृत्यु संस्कारको काम बौद्ध परम्पराअनुसार गर्ने गर्दछन् । शुरुमा प्रकृति धर्म मान्ने जिरेलहरूमा हाल आएर समयमा आएको परिवर्तन सँगसँगै हिन्दु र बौद्धधर्मको प्रभाब परेको अनुभूति हुन्छ ।

जिरेलहरूले मूलत तिब्बती-बौद्धधर्मलाई अङ्गीकार गर्दछन् र यिनीहरूको आफ्नै लामा हुन्छ । यिनीहरूको जन्म संस्कार, विवाह जस्ता रीतिरिवाज झाँक्रीद्वारा गर्ने गरिन्छ भने मृत्यु संस्कारमा बौद्ध परम्परालाई अङ्गीकार गर्दछन् तर अहिले केहीले चाहिँ विवाह संस्कारहरू पनि हिन्दु पुजारीहरूबाट गर्ने गर्न थालेका छन् । चाडपर्वहरू भने सबै हिन्दुले झैं मनाउने गर्दछन् । यस्तो खालको मिश्रित धार्मिक संस्कार सम्भवत: यस क्षेत्रको भौगोलिक कारणले पनि हुन सक्छ ।[५२] नेपालमा भएका अन्य जातजातिहरूले झैँ

---

[४९] जिरी नगरोन्मुख गाँउ विकास समिति, *गाँउ विकास समिति पार्श्वचित्र,* दोलखा: जिरी नगरोन्मुख गाँउ विकास समितिको कार्यालय, जिरी, वि.सं. २०७०, पृष्ठ १४ ।

[५०] सुमनकृष्ण जिरेल, *नेपालका जिरेलहरू एक छोटो जानकारी,* दोलखा: श्रीमती शिला देवी जिरेल, जिरी-९, २०५१, पृष्ठ १२ ।

[५१] सुमनकृष्ण, पूर्ववत् पाद टिप्पणी ।

[५२] https://joswa-project.net/pipul_group/17015/np, March 12, 2016.

जिरेलहरूले पनि कैयौं धार्मिक मान्यताहरू अङ्गीकार गरेको देखिन्छ । उदाहरणका लागि नदीका देउताले कुनै क्षति नपुऱ्याओस् भन्ने विश्वासले चैत्र र मंसिर महिनामा जिरेलहरूले भोटे देवताको पूजा गर्दछन् । जिरेल लामाहरूले *"फोम्बो"* (झाँक्री) द्वारा अभ्यास गरिने धार्मिक कर्म केही मात्रामा अवलम्बन गरेको देखिन्छ । केही बुढापाका जिरेलहरूका अनुसार जिरेलहरूको *'पुसिङ'* नाम गरेका प्रख्यात लामा पहिले झाँक्री थिए । बौद्ध पूजारी हुनको लागि उनले केही तालिम पनि लिएका थिए । पुसिङ लामाको छोराको अनुसार पुसिङ लामाले नै फोम्बोबारे केही धार्मिक कर्मलाई पनि मिश्रित गरेका हुन् । केही जिरेल लामाले मन्त्रका साथै फुकफाक र विरामीलाई केही जडीबुटी पनि दिने गर्दछन् । यो प्रक्रिया जो फोम्बोले गर्ने धार्मिक कर्मसँग केही मिल्दो जुल्दो छ । यस समुदायले झाँक्री र लामालाई मात्र हैन बोक्सीको अस्तित्वलाई पनि त्यतिकै स्विकार्दछन् ।[५३] लामाहरूले झारफुक गर्दा र बिरामीलाई बाँड्ने बुटीमा निम्न अनुसारका सामग्रीहरू राख्ने गर्दछन्:[५४]

१. मानव हड्डी

२. ब्वाँसोको हड्डी

३. भालुको नङ्ग्रा

४. थोरै मात्रामा कस्तुरी

५. बाघको खप्परको टुक्रा

६. सुकेको बारुद

७. कुनै ब्यक्तिले आत्महत्या गर्दा प्रयोग गरेको डोरीको टुक्रा

भौगोलिक दृष्टिले पनि समान स्वरूप भएको उत्तरी हिमाली क्षेत्रका बासिन्दाहरू र तिब्बती मूलका नेपालीहरूको भाषा, लिपि, धर्म संस्कृति, कला, चालचलन, रहनसहन, धार्मिक विधिविधान र सांस्कृतिक क्रियाकलापहरू समेत एकै किसिमको छ । यस परम्परागत धार्मिक पाठपूजा र रीतिरिवाज पनि तिब्बती परम्परा अनुसार नै गर्ने गरिन्छ । नेपालको हिमाली तथा मध्य पहाडी भेगमा बसोबास गर्ने जिरेल लगायत अधिकांश जनजातिहरू बौद्धधर्मका अनुयायी छन् । गुम्बालाई यिनीहरूको धार्मिक आस्थाको केन्द्रका रूपमा लिने गर्दछन् । वास्तवमा यिनै लामाहरू धार्मिक र सामाजिक कार्यमा संलग्न हुने गर्दछन् । यी लामाहरूलाई समाजमा आदरणीय गुरुहरूको रूपमा

---

[५३] https://joswa, पूर्ववत् पाद टिप्पणी ।

[५४] एच. सिद्धकी, जेम्स हमिल, जनार्दन सुवेदी, एच. रोनाल्ड, स्पाइवाडर, रविन सिंह र जे व्लेन्जेरो, 'सोसिएल अर्गनाइजेसन ईकोनोमी एण्ड किन्सिप एमोङ्ग द जिरेल्स अफ इस्टर्न नेपाल', *Contribution to Nepalese Studies, The Jirel Isue* काठमाडौँ: सिनास, टि.यु. (जनवरी २०००), पृष्ठ ५-२२ ।

लिइएको हुन्छ । उपलब्ध अभिलेखहरूका अनुसार दोलखा राज्यका तत्कालीन राजा जयइन्द्रसिंह देवको समयदेखि नै दोलखामा बौद्धधर्मको प्रभाव रहेको देखिन्छ । खासगरी त्यस बेलाको दोलखाको भोटसँग सम्बन्ध राम्रो रहेको हुनाले बौद्धधर्मको प्रचार पनि बढेको हुनुपर्छ ।[५५]

हालका दिनहरूमा नेपालका अन्य जनजातिहरूमा झैँ जिरेल जातिले अवलम्बन गर्ने गरेको धर्म, यिनीहरूको धार्मिक विश्वास, भाषा, संस्कृतिमा दिनानुदिन ह्रास आइरहेको देखिन्छ । जिरेल जातिको खासगरी युवा पिंढी उल्लेखनीय तबरले अन्य भाषा, धर्म, भेष भूषा रहन-सहनमा आकर्षित हुने र त्यसैलाई नै आफ्नो व्यक्तित्व विकासको मुख्य सूचकको रूपमा लिन थालेकाले पनि यिनीहरूको आफ्नो पहिचान क्रमश: समाप्त हुँदै गएको हुन सक्छ, तथापि खासगरी वि.सं. २०४६ को जनआन्दोलन पश्चात् जिरेल लगायत नेपालका जनजातिहरू आफ्नो सांस्कृतिक पहिचानलाई सङ्गठनको माध्यमद्वारा संस्थागत गर्न र आफ्नो सम्प्रदाय, राष्ट्र र अन्तर्राष्ट्रिय स्तरसम्म परिचित गराउने मनसायले सङ्गठित हुने परम्पराको केही हदसम्म भए पनि थालनी भएको देखिन्छ ।[५६]

जिरेलहरू किराँत वंशबाट राजाको गोठको हेरचाह गर्ने गोठालोको रूपमा जिरी प्रवेश गर्दा बौद्धधर्मका अनुयायी थिए भन्ने कुराको अनुमान गरिन्छ । यिनीहरूमा शुरू शुरूमा बौद्धधर्मको प्रभाव धेरै थियो तर जिरी आएपछि खस भाषा र संस्कृतिको प्रभावमा पर्न थाले ।[५७] क्रमिक रूपमा हिन्दुहरूको प्रभावमा रहनु उठ्बस र घुलमिल पनि हिन्दुहरूसँग हुन थालेबाट जिरेलहरूमा हिन्दु धर्मको पनि जबरदस्त प्रभाव पर्न गयो, जसका कारण एउटा नयाँ संस्कृतिको जन्म हुन पुग्यो । उदाहरणको लागि जिरेलहरूको विवाह पद्धति, जन्म संस्कार धेरै मात्रामा हिन्दु धर्मबाट र केही किराँत धर्मबाट प्रभावित देखिन्छ तर मृत्यु संस्कारमा भने बौद्ध, हिन्दु, र किराँत धर्मको मिश्रित रूप भेटिन्छ । धार्मिक कार्यमा लामा गुरुहरूको प्रयोग र माने बनाउने परम्परा बौद्धधर्मको प्रभाव हो । मानेमा *''ॐ मणिपद्मे हुँ''* षडक्षरी मन्त्र अङ्कित भएको देखिन्छ ।

जिरेलहरूलाई बौद्धधर्म सम्बन्धी ज्ञान दिलाउन बौद्ध दर्शन र शिक्षा बिषयमा अध्यापन गराउने उद्देश्यले जिरीमा हालसालै जिरी बुद्धिस्ट कलेज नामको एउटा बौद्ध

---

[५५]धनबज्र बज्राचार्य र टेक बहादुर श्रेष्ठ, *दोलखाको ऐतिहासिक रूपरेखा,* काठमाडौं : नेपाल र एसियाली अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय, वि.सं. २०३१, पृष्ठ ३१ ।

[५६]जिरी, पूर्ववत् पाद टिप्पणी नं. ४९, पृष्ठ १५ ।

[५७]रामबहादुर, खड्का, 'जिरीका जिरेल जाति एक अध्ययन', स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, वि.सं. २०५५, पृष्ठ ३७ ।

कलेजको स्थापना भएको छ । बौद्ध अध्ययन तथा अनुन्धान केन्द्र नेपालद्वारा स्थापित यो कलेजले लुम्बिनी बौद्ध विश्वविद्यालयबाट सम्बन्धन लिएको छ । यस कलेजमा २०७४ साल माघ महिनादेखि पोस्ट ग्राजुयट् डिप्लोमा विषयको पढाइ चार जना महिला र दशजना पुरुष गरी जम्मा चौध जना बिद्यार्थीहरूका साथ शुरु भइसकेको छ । यस कलेजले बौद्ध सङ्कायमा तीन बर्षे स्नातक कोर्स सञ्चालनको लक्ष्य राखे तापनि यसका लागि यो वर्ष पर्याप्त विद्यार्थी नभएका कारण सञ्चालन हुन सकेन ।

## ४.७ जिरीस्थित बौद्ध गुम्बाहरू

बौद्धधर्ममा गुम्बाहरूको अत्यन्त धेरै महत्त्व रहेको छ । यसै महत्त्वका कारण जिरी धार्मिक क्रियाकलापहरूका लागि यस उपत्यकामा बुलुडाँडा (गुम्बा), टुप्पा गुम्बा, पटासे (गुम्बा) का अलावा निम्नअनुसारका बौद्ध गुम्बाहरू रहेका छन्:[५८]

**<u>गुम्बाहरूको नाम र ठेगाना</u>**

| | |
|---|---|
| १. बुद्ध छोलिङ्ग गुम्बा | जिरी (५) |
| २. टेन्ठ्स्योक योङ्गदुईलिङ्ग गुम्बा | जिरी (७) |
| ३. टासी छोरवो लिङ्ग गुम्बा | जिरी (१) |
| ४. गुरु चेचु धोरवो लिङ्गा गुम्बा | जिरी (१) |
| ५. दुदोदुप छोलिङ्ग माली गुम्बा | जिरी (२) |
| ६. मेक्पा पेमा छोलिङ्ग गुम्बा | जिरी (४) |
| ७. उगन डेचेन्लिङ्ग गुम्बा | जिरी (४) |
| ८. कुन्साल थोन्दोलिङ गुम्बा | जिरी (६) |

माथि उल्लेखित अध्ययन क्षेत्रका सातवटा गुम्बाहरूमध्ये जिरी पाँचमा अवस्थित बुद्ध छोलिङ्ग गुम्बामा बौद्ध शिक्षाको पठनपाठन हुने गर्दछ । यस गुम्बामा हाल बाईसजना बिद्यार्थीहरू रहेका छन् । यो गुम्बा बाहेकका अन्य गुम्बाहरू वि.सं. २०७२ को भूकम्पबाट हुन गएको क्षति र आवश्यक हेरचाह पुग्न नसकेका कारणले प्रभावकारी रूपमा सञ्चालन भएका देखिँदैनन् तथापि कुनै, कुनै गुम्बाहरूमा स्थानीयवासीहरूले बिहान बेलुका पानी चढाउने र बत्ती बाल्न जाने गरेको पाइन्छ ।

[५८]http/www.nbn.nb/monastij. (Nepal Buddhist Association) 25 April, 2017.

जिरी स्थित आठवटै गुम्बाहरूमा भिक्षुहरूको अलावा भिक्षुणीहरू छैनन् तर स्थानीयवासीहरूका अनुसार कहिलेकाहीँ भिक्षु, भिक्षुणीहरू काठमाडौँ तथा अन्य स्थानहरूबाट केही समयको लागि यहाँ आउने जाने गर्दछन् ।

यस शोध अध्ययन क्षेत्रका बौद्धमार्गी जिरेल समुदायले आफ्नो भेगमा बौद्धधर्मको उत्थान र विकासका लागि विभिन्न प्रयासहरू गर्ने गरेका छन् । गुरु पद्मसम्भवको आर्कषक मूर्ति बसपार्कभन्दा माथि, वडा नं. ५, सेवा केन्द्र जाने बाटोमा स्थापित गरिएको छ । बौद्धमार्गी जिरेलहरू पनि गुरु पद्मसम्भवका अनुयायी भएकाले सोबारे यहाँ सङ्क्षिप्त जानकारी दिन सान्दर्भिक देखिन्छ । गुरु पद्मसम्भव अर्थात् गुरु रिम्पोचे आठौँ शताब्दी ताकाका एक भारतीय बौद्ध गुरु हुन् । उनकाबारे धेरै जानकारी प्राप्त नभए तापनि तिब्बत, नेपाल, भुटान र भारतको हिमाली भेगमा दोस्रो बुद्धको रूपमा प्रख्यात छन् । बौद्धधर्माबलम्वीहरूको एउटा समुदायभित्रको निङ्मा सम्प्रदायले गुरु पद्मसम्भवलाई आफ्नो समुदायको परम्पराको सर्जक मान्दछन् ।[५९]

बज्रगुरु पद्मसम्भव भारतबाट तिब्बत पुगेपछि बौद्धधर्मको जग मात्र बसालेनन् त्यहाँ बौद्धधर्मको स्थायित्वको लागि (बज्रगुरु) भारतीय गूढ विद्या र तिब्बती मान्यताको आधारमा बौद्धधर्मलाई एउटा नयाँ रूप दिए । तत्पश्चात् तिब्बती बौद्धधर्मको प्रचार र स्थायित्वको लागि तिब्बतमा साम्य गुम्बा बन्यो र त्यस गुम्बामा धर्म सङ्घ स्थापित भई सात जना तिब्बतीहरूले पद्मसम्भवद्वारा सर्वप्रथम गेर्लाङ् भिक्षुव्रत को दीक्षा ग्रहण गरे ।[६०]

## ४.८ जिरीमा अवलम्बन गरिने बौद्धधर्ममा तिब्वतियन बौद्धधर्मको प्रभाव

यस विषयमा लिखित पाठ्यसामग्रीहरू उल्लेख्य सङ्ख्यामा प्राप्त नभए तापनि उपलब्ध अध्ययन सामाग्रीको आधारमा तिब्बतमा बौद्धधर्म विकसित भइसकेपछि अर्थात् मध्यकालमा मात्र नेपालको उत्तरी भेगमा यो धर्म फैलिन पुगेको हो । तिब्बतमा यस धर्मको प्रवेश हुनुभन्दा अगाडि बोन धर्म मानिन्थ्यो, जसमा जादु, टुना, धामी झाँक्री, आदिलाई मान्ने र उपासना गर्ने गरिन्थ्यो ।[६१] तिब्वतका राजा *'ल्ह थो थी रिन्युनचन'* को समयमा सन् ४२७ मा पहिलो पटक तिब्बतमा बौद्धधर्मको प्रवेश भएको थियो । तत्पश्चात् सातौँ शताब्दीमा नेपाल र चीन बीच भृकुटीको श्रङ् चङ् गम्पोसंग वैवाहिक सम्बन्ध स्थापित

---

[५९]https//in.wiki pedia.org/wiki/padnasambhav, July 7, 2017.

[६०]जगतमान, पूर्ववत् पाद टिप्पणी नं. ४६, पृष्ठ १९ ।

[६१]डा.गणेशप्रसाद क्षेत्री र सोमप्रसाद खतिवडा, *हिन्दु समाज र धर्म,* शिव प्रकाशन विराटनगर: वि.सं. २०५४, पृष्ठ १५७ ।

भएपछि तिब्बतमा बौद्धधर्मले राम्रोसँग विकास गर्ने मौका पायो तर आठौं शताब्दीसम्म यहाँ कुनै तिब्बतीले पनि विधिपूर्वक बौद्धधर्म बारे दीक्षा लिएका थिएनन् ।

आठौँ शताब्दीको मध्यतिर भारतको नालन्दा विहारको आचार्य शाान्तरक्षित तिब्बत गई बौद्धधर्मको प्रचारमा लागे । त्यस धर्मले तिब्बती मान्यतालाई समेटी ठाउँ सुहाँउदो जुन रूप लियो त्यसैलाई नै लामा बौद्धधर्म भनिन्छ[६२] जस अन्तर्गत यस धर्मले देखाएको बाटोलाई *'लन मे पहिलम'* अर्थात अनुत्तरमार्ग र त्यसबाटोबाट हिडेर प्राप्त गरिने ज्ञानलाई *'लन मे पर्हि ए शे'* अर्थात् अनुत्तर ज्ञान भनिन्छ । लामा बौद्धधर्म भन्नाले तिब्बती क्षेत्रमा सातौं शताब्दीदेखि हालसम्म मानिँदै आएको बौद्धधर्म तथा नेपालको हिमाली भेगमा लामा पुरोहित थापेर मानिँदै आएको बौद्धधर्मलाई बुझ्नु पर्दछ ।

बौद्धधर्मले तिब्बतमा ठूलो प्रभाव पार्‍यो तर भूत, प्रेत र तन्त्र मन्त्रमा विश्वास गर्ने तिब्बती मानसिकतामा यस दर्शनलाई स्थायी राख्न र यस धर्मलाई विधिविधानद्वारा तिब्बती जनजीवनमा भिजाउनको लागि आचार्य शान्त रक्षितले महान् तान्त्रिक बज्रगुरु पद्मसम्भवलाई तिब्बत पठाए, जसले आफ्नो योगबल र मन्त्रशक्तिबाट त्यहाँको जनजीवनलाई अत्यन्तै प्रभाव पार्दै बौद्धधर्मको स्थायित्वको लागि भारततिर गुणविद्या र तिब्बती मान्यताको आधारमा नयाँ रूप दिए जसलाई हाल लामा धर्म भनिन्छ । यसरी बौद्धधर्मको प्रचार एवम् स्थायित्वको लागि अनुकूल वातावरण बनेपछि तिब्बतमा गुम्बा बन्यो र त्यस गुम्बामा सातजना तिब्बतीहरूले सर्वप्रथम भिक्षु व्रतबाट दीक्षा ग्रहण गरे ।[६३] बिभिन्न काल खण्डमा यस धर्मले तिब्बतमा अनेकौ आरोह अवरोहहरू पार गरे तापनि बौद्धधर्मको विकासको इतिहासमा एघारौ शताब्दीलाई तिब्बतमा अत्यन्त महत्त्वपूर्ण मानिन्छ ।[६४]

सातौं शताब्दीमा नेपाल र चीनका राजकुमारीहरूमार्फत बौद्धधर्म नेपालबाट तिब्बत सरेको थियो, जुन सम्राट् श्रङ् चङ गम्पोका पालामा राजधर्मको रूपमा स्थापित भयो । तत्पश्चात् आठौं शताब्दीमा पद्मसम्भव र शान्तरक्षितको सक्रियतामा सम्य नामक विहार सन् ७७९ मा स्थापना भएको थियो । त्यही विहारमा बौद्ध दर्शनको अध्यापन गराउन शिक्षालयको स्थापना भएको थियो । यो नै तिब्बतमा बौद्ध शिक्षाको पहिलो विद्यालय

---

[६२]जगतमान, पूर्ववत् पाद टिप्पणी नं. ४६, पृष्ठ, १९ ।

[६३]जगतमान, पूर्ववत् पाद टिप्पणी नं. ४६ पृष्ठ १९ ।

[६४]जगतमान, पूर्ववत् पाद टिप्पणी नं. ४६ पृष्ठ २० ।

मानिएको छ । यसै शिक्षालयमा शान्तरक्षितले भारत वर्षमा प्रचलित रहेको शिक्षा तिब्बतमा प्रचार गरेका थिए ।

इसाको चौधौँ शताब्दीसम्ममा तिब्बतमा बौद्धधर्म र दर्शन अध्यापन गराउने थुप्रै बिहारहरू स्थापना भइसकेका थिए, जसले भारत वर्षमा विलुप्त भएका बौद्ध शिक्षा पद्धतिलाई कायम राखेका थिए ।[६५] प्रचलित भारतका नालन्दा, ओदान्तपुरी, जगदल्ल जस्ता बौद्ध विश्व विद्यालयहरूमा पढाइ हुने शिक्षा पद्धति हिमाली क्षेत्रका तिब्बत, मङ्गोलिया, नेपाल, भुटान, सिक्किम, लद्दाख जस्ता बौद्ध क्षेत्रहरूमा अनुसरण भएको पाइन्छ । निङ्मा सम्प्रदायका नेपाली भिक्षुहरूको शिक्षाको मुख्य आर्कषण भारतको कर्णाटक स्थित डाग्पुर निङ्मा इन्स्टिच्युट हो ।

## ४.९ उपसंहार

नेपालमा बौद्धधर्मको इतिहास धेरै पुरानो मानिन्छ । यहाँ बौद्धधर्मका तीनवटै यान अर्थात महायान, बज्रयान तथा थेरवाद राम्रो समन्वयका साथ के हिमाल, के पहाड, के तराई शताव्दियौंदेखि एकआपसमा मिलेर बसेका छन् । तर विगतमा नेपालको राष्ट्रिय धर्म हिन्दु भएको कारणले पनि नेपालका जिरेल लगायतका जनजातिहरूमा यसको प्रभाव गहिरो रूपमा परेको पाइन्छ । विशेष गरी जिरेलको नयाँ पुस्तामा यसको प्रभाव बढी देखिन्छ । तसर्थ अन्य जातजातिहरूमा झैं जिरेल जातिमा पनि दिनानुदिन आफ्नो परम्परागत धर्म, भाषा र संस्कारलाई जोगाइराख्नु चुनौतीपूर्ण हुँदै गएको छ । अन्यत्र वसाई सरेका जिरेलहरूमा मात्र नभएर आफ्नै उद्गमस्थलमा समेत अन्य जातजातिहरू र उनीहरूको धर्म र संस्कारसित घुलमिल हुनु जिरेलहरूको बाध्यता रहेको छ भने यस भेगमा बौद्धधर्मको उत्थान र विकासका प्रयासहरू राज्य र जनस्तरबाट विगतमा प्रभावकारी रूपमा केही अपवादहरू बाहेक माथि उठ्न सकेको देखिँदैन ।

यही अवस्थालाई मध्येनजर गर्दै जिरी उपत्यकामा बौद्धधर्मको उत्थान र विकासकालागि जिल्ला अस्पताल जिरी दोलखाका तत्कालीन मेडिकल सुपरिटेन्डेन्ट डाक्टर रोशन खत्रीको सक्रियता र स्थानीय जनताको सहभागितामा वि.सं २०७१ चैत्र २४ गते मङ्गलबारका दिन अस्पताल हाताभित्र भगवान् बुद्धको मूर्तिसहितको बौद्ध उद्यानको शिलान्यास एक भव्य कार्यक्रमका साथ जिरी नगरपालिका वडा नं. ५ स्थित कुन्साल थोन्दोलिङ गुम्बाका धार्मिक गुरु श्री ङवाङ सेरपबाट भएको थियो । उक्त बौद्ध स्तुपाको

---

[६५]पुण्यप्रसाद, पूर्ववत् पाद टिप्पणी नं. १५ पृष्ठ १७ ।

निर्माण सम्पन्न भइसकेपछि वि.सं. २०७३ साल मंसिर २६ गतेका दिन उक्त स्तुपाको प्राण प्रतिष्ठापन कार्यक्रम सम्पन्न गरियो । यो स्तुपा हाल आएर यस क्षेत्रको धार्मिक तथा पर्यटकीय उद्देश्यकालागि प्रमुख आर्कषणको केन्द्र बनेको छ । यस कार्यमा थप योगदान पुर्याउने उद्देश्यले वि.सं. २०७४ सालको २५६१ औं बुद्धजयन्तीको अवसर पारेर गुराँसे डाँडा, बौद्ध कलेजसंगै वडा नं. ६ मा सिद्धार्थ गौतमको मूर्तिको शिलान्यास गरिएको छ, यसलाई पनि यस अध्ययन क्षेत्रमा बौद्धधर्मको उत्थानको एउटा महत्त्वपूर्ण कदम मान्न सकिन्छ । यसका अलावा जिरीमा हालसालै स्थापित जिरी बुद्धिस्ट कलेजका माध्यमबाट पनि बौद्धधर्मको उत्थान तथा विकासमा उल्लेख्य सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ ।

## अध्याय पाँच

# जिरेल जातिको परिचय र सामाजिक, सांस्कृतिक परम्परा

## ५.१ पृष्ठभूमि

संसारका ७० भन्दा बढी मुलुकमा आदिवासी जनजातिहरू बसोबास गर्दछन् र यिनीहरूको जनसङ्ख्या ५० करोड भन्दा माथि रहेको छ । यिनीहरूको समूह तथा उपसमूहहरूको सङ्ख्या पनि पाँच हजारभन्दा बढी रहेको अनुमान गरिएको छ ।[१] केन्द्रीय तथ्याङ्क विभाग नेपालद्वारा प्रकाशित राष्ट्रिय जनसङ्ख्या तथा घरधुरी सङ्ख्या २०११ मा उल्लेख भएअनुसार हाम्रो देश नेपालमा मात्र पनि करिब १२५ वटा जातजातिहरू बसोबास गर्दछन् । प्रत्येक जातजातिहरूका आ-आफ्नै प्रकारको सामाजिक पहिचान र सांस्कतिक परम्पराहरू रहेकाछन् । यिनी जातजातिहरू कुनै एउटै जिल्लामा मात्र नभएर प्राय सबै जिल्लाहरूमा छरिएर बसेका छन् । यिनै अनेकौं जातजातिहरूमध्ये दोलखा जिल्लाको जिरी उपत्यकामा शताव्दियौं देखि बसोबास गर्ने जिरेल पनि एक हो । नेपाल सरकारले यस जातिलाई एक सीमान्तकृत जातिमा सूचीकृत गरेको छ । यस जातिको संस्कृति र संरचना विशिष्ट किसिमको छ । यिनीहरू अधिकांशले बौद्धधर्म अङ्गीकार गरेका छन् भने उनीहरूको भाषा, संस्कार, चाडपर्व, परम्परा र रहन सहन पनि आफ्नै किसिमको रहेको छ ।[२]

जिरेल जातिका मानिसहरू औसतरूपमा केही होचा र गहुँगोरो रङ्गका हुन्छन् । अधिकांशको कालो र दह्रो केश, छोटा परेला र आँखा केही सानो आकारका हुन्छन् । पातलो दाह्री जुँगा, केही फराकिलो अनुहार, थेप्चो नाक र डल्लो चिउँडो जिरेल लोग्ने मानिसमा रहेको मुख्य शारीरिक परिचय हो । जिरेल जाति मुख्यत: दोलखा जिल्लाको जिरीमा र केही आसपासका जिल्लाहरूमा समेत बसोबास गर्दछन् ।

धर्म र संस्कृति भनेको मानिसको मन र मस्तिष्कको सोचको मापदण्ड हो ।[३] समाजमा विद्यमान सबै विश्वासहरूको जन्म त्यही प्रचलित धर्म र संस्कृतिबाट भएको मानिन्छ ।

---

[१]राष्ट्रसङ्घीय मानव अधिकार परिषद्, घोषणापत्र २००६ ।

[२]आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८, पृष्ठ १८ ।

[३]धर्म र संस्कृतिको परिभाषा: जीवनलाई अनुप्राणित गर्ने, स्वच्छ राख्ने, आदर्श, क्रियाशील र समदर्शी जीवन व्यतीत गर्ने प्रेरणा नै धर्म हो भने मानव व्यवहारको अन्य जनावरको भन्दा फरक उल्लेख्य विशेषता, प्रतीकहरू र परम्परागत ज्ञानको संसार नै संस्कृति हो । मानव समुदायले जीवनमा आर्जित गरेको अनुभव, उसको सीप-ज्ञान, बाँच्नका लागि उसले अपनाएको रणनीति र तिनका प्रतिफलहरूको समग्र ढाँचा नै संस्कृति हो । धर्म एक स्वच्छ सागर हो, यसलाई कुनै एउटा निश्चित परिभाषाभित्र अटाउन सकिँदैन (प्रेम खत्री, *संस्कृति र अनुभूतिका आयामहरू*, २०७०) ।

अत: धर्म र संस्कृति भनेको मानिसको जीवनशैली पनि हो । प्रत्येक संस्कृतिमा धर्मको ठूलो प्रभाव रहेको हुन्छ ।[४] हामी नेपालीहरूले अवलम्बन गर्ने धर्म र संस्कृतिको विकास तथा उत्थान एक दुई वर्षमा अर्थात् एक दुई दशकमा भएको होइन, शताब्दीयौं लगाएर अनेकौं पुस्ताले निर्माण गरेर हस्तान्तरण गरेको पैत्रिक सम्पति हो ।

भौगोलिक, सामाजिक, साँस्कृतिक, धार्मिक, भाषिक र जातीय विविधताको धनी हाम्रो देशमा मुख्यत: बौद्ध, हिन्दु, इस्लाम, इसाईलगायतका धर्महरू मानिँदै आए तापनि केही वर्ष अघिसम्म अर्थात् वि.सं. २०६३ सम्म नेपाललाई हिन्दुराष्ट्र मानिन्थ्यो । वि.सं. २०६३ को राजनैतिक परिवर्तनपछि यो धर्मनिरपेक्ष देशका रूपमा परिवर्तित भयो । संविधानमा स्वेच्छाले जुनसुकै धर्म मान्न पाउने व्यवस्थाका साथै धर्मका नाममा कसैमाथि शोषण दमन गर्न नपाउने विषयमा स्पष्ट रूपमा व्याख्या गरियो ।[५]

यस संसारमा बसोबास गर्ने विश्वका सम्पूर्ण मानव समुदायले मान्दै आएका धर्म र संस्कृतिले एकातिर आ-आफ्नो देशको भिन्न-भिन्न विशेषता र महत्त्व झल्काउने गरेका छन् भने अर्कोतिर एउटै देशभित्र विभिन्न धर्म, जाति, सम्प्रदाय र संस्कृतिका मानिसहरू आपसी सद्भावमा सम्मिलित भएर बसेका हुन्छन् । त्यस्तै हाम्रो देश नेपालमा पनि बसोबास गर्ने विभिन्न जातजातिले विभिन्न धर्म, संस्कृति, परम्परा र भाषा अवलम्बन गर्ने गरेका छन् ।

देशको उत्तरी भू-भागमा बसोबास गर्ने विभिन्न बौद्धधर्मावलम्बी समुदायहरूमध्ये जिरेल एक हो । जनसङ्ख्याको हिसाबले अन्य जात जातिका तुलनामा न्यून देखिए तापनि यस जातिको आफ्नै पहिचान रहेको छ र यस जातिको आफ्नै किसिमको सामाजिक संरचना सांस्कृतिक परम्परा र आफ्नै रीतिरिवाज रहेको छ । जिरेलहरूको प्राचीन धर्म 'फोम्बो' (झाँक्री) द्वारा पुरोहित्याइँ गरिने प्राकृतिक धर्म हो । करिव पाँच पुस्ता अघिदेखि मात्र जिरेलहरूले फोम्बो पुज्ने धर्मसँगै बाहुन पुज्ने हिन्दु धर्म र लामा पुज्ने बौद्धधर्ममा विश्वास गर्न थालेका हुन् ।[६]

---

[४] राजकुमार ढुङ्गाना, 'नेपाली हिन्दु ओमेन्स् थ्यौरी टु लिबरेसन' (Nepali Hindu Women's Thory to Liberation) *जर्नल अफ एजुकेसन एन्ड रिसर्च,* मार्च २०१४, भो.नं. १, पिपि ३९-५७ । DOI:http//dx.doi.org/10.3126/jor.v4i1.10013

[५] नेपाल सरकार, *नेपालको संविधान,* काठमाडौं: वि.सं. २०७२, पृष्ठ ६१ ।

[६] सुमनकृष्ण जिरेल, *नेपालका जिरेलहरू एक छोटो जानकारी,* दोलखा: श्रीमती शिला देवी जिरेल, जिरी - ९, २०५१, पृष्ठ १२ ।

उत्तरपूर्वी पहाडी प्रदेशमा बसोबास गर्ने विभिन्न जनजातिहरूमध्ये जिरेल एक हो । यो जाति एक्काइसौं शताब्दीमा पनि अत्यन्त न्यून अध्ययन गरिएको एउटा जनजाति रहेको छ । यस जातिको विषयमा धेरै जानकारी नभए तापनि सुनुवार र शेर्पा जातिसँग यो जाति साँस्कृतिक रूपमा धेरै मिल्दो जुल्दो देखिन्छ । जिरेलहरू मुख्यत: दोलखा जिल्लाको जिरी र जुँगू क्षेत्रमा बसोबास गर्दै आएका पुराना बासिन्दा हुन् । जिरेलहरूको उत्पत्तिको विषयमा ठोस ऐतिहासिक आधारहरू नपाइने भएकोले यहाँका बुढापाकाहरूको भनाइ र केही उपलब्ध पाठ्यसामग्रीलाई आधार मान्दा यस जातिको इतिहासको बारेमा अनेकौं विवादास्पद भनाइहरू बाहिर आएको पाइन्छ । कसै कसैले सुनुवार केटा र शेर्पा केटीबाट जन्मिएको सन्तान नै जिरेल भएको हो र त्यसैले यो जाति नेपालको वर्णशङ्कर (hybrid) जाति हो र त्यसै कारणले पनि हुन सक्छ, जिरेलहरूको सामाजिक, साँस्कृतिक रहनसहन सुनुवार जातिसँग धेरै मिल्दो-जुल्दो देखिन्छ भनेकाछन् ।[७] परम्परागत यस भनाइलाई नेपालका एक प्रख्यात समाजशास्त्री डोरबहादुर बिष्टले पनि समर्थन गरेका छन् ।[८] यसका विपरीत केही समाजशास्त्रीहरूले जिरेल किराँतहरूको नै एक हाँगो हो र कालान्तरमा जिरीमा बस्ने गरेका कारण जिरेल भनेर चिनिन पुगे भन्ने भनाइ अगाडि सारेको देखिन्छ । मुसलमान सेनासँगको लडाइँबाट भागेर सिमरौनगढबाट यहाँ आईपुगेको जाति नै जिरेल हो भन्ने लगायतका भनाइ पनि यदाकदा सुन्ने गरिए तापनि यस क्षेत्रमा कहिलेदेखि मानिसहरू आई बसोबास गर्न थाले र जिरेलहरू वास्तवमा को हुन् भन्ने कुराको ठोस आधार भने कतै पाइँदैन । तर जिरेल समुदायमा हालसम्म विद्यमान विभिन्न सांस्कृतिक तथ्यहरूले पनि यिनीहरू नेपालमा विद्यमान अन्य जनजातिहरूभन्दा फरक हुन् भन्ने जनाउँछ । यस जातिले मान्ने गरेको बौद्धधर्म पनि शेर्पा समुदायले मान्ने गरेको बौद्धधर्मभन्दा फरक छ ।[९]

जिरेलहरू दोलखा जिल्लाको जिरी नगरपालिका लगायत सिखी र जुँगू गाउँ विकास समिति, भ्याकु गाउँ विकास समिति, क्षेत्रपा गाउँ विकास समिति, बाबरे गाउँ विकास

---

[७] जे.ब्लेन्जेरो, 'पपुलेसन जेनेटिक एप्रोचेज् टु फेनोटाइपिक माइक्रो इभालुएसन् अफ द जिरेल्स अफ नेपाल', Population Genetic Approaches to Phenotypic Micro-evaluation of the Jirels of Nepal) ओहिओ: विद्यावारिधि शोधप्रबन्ध, केस वेस्टर्न रिजर्भ युनिभर्सिटी, क्लेभेल्याण्ड, ई.सं. १९८७ ।

[८] डोरबहादुर बिष्ट, *पिपुल अफ नेपाल* (People of Nepal) काठमाडौँ: रत्न पुस्तक भण्डार, ई.सं. १९८७ पृष्ठ ६९ ।

[९] एच. सिद्धकी र जनार्दन सुबेदी, 'द जिरेल्स अफ इस्टर्न नेपाल: एन इन्ट्रोडक्सन' (The Jirels of Eastern Nepal: An Introduction), *कन्ट्रिब्युसन् टु नेप्लिज् स्टडिज्, द जिरेल इस्यु,* काठमाडौँ: सिनास, टि.यु, (२०००), पृष्ठ १-४ ।

समिति, योवो गाउँ, यार्सा गाउँ, चेत्पु गाउँ र दर्खा गाउँमा समेत बसोबास गर्दछन् ।[१०] बसाइको हिसाबले जहाँ बसेपनि र सङ्ख्याको हिसाबले थोरै भए तापनि यस जातिले सामाजिक र सांस्कृतिक दृष्टिकोणले राष्ट्रिय परिवेशमा आफ्नै विशिष्ट महत्त्व राखेको छ । आदिवासी जनजाति ऐन २०५८ ले *'आदिवासी जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको अनुसूचीबमोजिमको जाति वा समुदाय सम्झनुपर्छ'* भनेर परिभाषित गरेको छ । जिरेल जातिमा रहेको यही विशेषता र आदिवासी जनजाति ऐन २०५८ ले दिएको जनजातिको परिभाषालाई आधार बनाएर नै नेपाल सरकारले जिरेल जातिलाई एक सीमान्तकृत जनजातिको समूहभित्र राखेको छ ।

जिरेलहरूको आफ्नै खालको सांस्कृतिक विशेषता र पहिचान छ । स्थानीय बुद्धिजीवी टेकबहादुर जिरेलका अनुसार आफ्नै खालको सांस्कृतिक बिशेषता र पहिचान बोकेका जिरेलहरू पूर्व-मध्यकालमा मुसलमान शासकको आक्रमण हुँदा राजा हरिसिंह देव सिमरौनगढबाट नेपाल भागेर आए र उनी सँगै लडाइँ लड्ने अरू थुप्रै जातजातिका मानिसहरू पनि आफ्नो स्वाभिमान, धर्म, संस्कृति आदि जोगाउन उनको साथमा आए । हरिसिंहदेवसँगै आउनेहरूमध्ये जिरेलहरू पनि एक थिए, जो पछी सिमरौनगढबाट जिरी आएका हुन् भन्ने भनाइ पनि रहेको छ ।[११] एक अर्को भनाइअनुसार जिरेलहरू नेपालको उत्तर पूर्वी भू-भागबाट दक्षिण पूर्वी पहाडतर्फ अन्दाजी १००० वि.सं. तिर बसाइ सरेका हुन् । मानिसले बसाइ सर्दा आफू जन्मेको जमिनलाई छोडेर जान्छ तर उसको आफ्नो धर्म र संस्कृति आफू सँगै लिएर जान्छ । सोही अनुसार यस जातिले पनि आफ्नो संस्कार परम्परालाई सँगसँगै जिरीसम्म ल्याएर आयो जो आजसम्म पनि कायमै देखिन्छ ।[१२]

यसैगरी अन्य केही स्थानीय जिरेल बुद्धिजीवीहरूका अनुसार जिरेलहरू वास्तविक रूपमा किराँत जातिको एक शाखा र राई, लिम्बु, सुनुवार, सुरेल तथा हायुकै दाजुभाइ मध्येका हुन् र यिनीहरू नेपालको आदिवासी जनजाति हुन् । जिरेलहरू नै जिरीका आदिवासी हुन् र  जिरेलहरूको मूल थलो *'जिरी'* हो, र यहीवाटै बसाइ सर्दै दोलखाको अन्य ठाउँहरू, जस्तै सिखी गाँउ, जुँगू गाउँ विकास समिति, भ्याकु गाउँ विकास समिति, क्षेत्रपा

---

[१०]चन्द्रबहादुर खड्का, 'नेपाली साहित्यमा दोलखा जिल्लाको योगदान', काठमाडौँ: स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, वि.सं. २०६२, पृष्ठ ४ ।

[११]डोरबहादुर, पूर्ववत् पाद टिप्पणी नं.८ ।

[१२]डोरबहादुर, पूर्ववत् पाद टिप्पणी नं.८ ।

गाउँ विकास समिति, काब्रे गाउँ विकास समिति, यार्सा गाउँलगायतका स्थानहरूमा बाक्लो बस्ती बनाएर बसेका छन् भने सिन्धुपाल्चोक जिल्लाको बाह्रबिसे, भुवनथली, ट्याङथली, र कार्थली, चोकतीमा पातलो बस्तीको रूपमा समेत बसोबास गर्न पुगेका छन् । बसाइ सर्ने क्रममा तराई क्षेत्रका विभिन्न जिल्ला र देशबाहिर दार्जिलिङ्ग, सिक्किम, भुटान, कलकत्ता आदि ठाउँहरूमा समेत पनि बसोबास गरिरहेका छन् । जिरेलहरूको उत्पत्तिको बारेमा जिरेल भाषामा *'जि'* को अर्थ डरलाग्दो (घना) र *'रि'* को अर्थ जङ्गल भन्ने भएकोले जिरीमा अर्थात् डरलाग्दो जङ्गलमा सर्वप्रथम सुरवीर किरातका सन्तानहरू प्रवेश गरी बसोबास गरेका हुन् भनिन्छ । कालान्तरमा जिरीमा बसोबास गर्ने सुरवीर किराँतकै सन्तानलाई नै ठाउँ विशेषको नामले *'जिरेल'* भनिएको हो । यसरी नै सुरवीरका केही सन्तान जिरी कटेर *'सुरी'* भन्ने ठाउँमा बसोबास गर्न पुगे जो आज पनि ठाउँ विशेषको नामले *'सुरेल'* जातले चिनिन्छन् ।[१३] यसै प्रशङ्गमा स्थानीय बुढापाका जिरेलहरू भाका हालेर आफ्नो जातको उत्पत्तिका बारेमा तलका छन्दहरू यसरी भट्टयाउँछन् ।

"थिए अघि किराँतहरू सबै एकै गोला ।
भाइ छुट्टी बेग्लै भए तिनका खोला टोला ॥
सुरी, जिरी, सिखी जाने सुरेल जिरेल थर ।
लिखु, खिम्ती शिवदूति बस्ने भन्छन् सुनुवार ॥
दुध कोशीतर्फ जाने धेरै थरी भाइ ।
भन्छन् बुझिलिन तिन्लाई किरात राई ॥
अरुण खोलापारि पट्टि तमोर बस्नेलाई ।
लिम्बु सुब्बा सबैले भन्छन् तिनलाई ॥
लाल सिंहका सन्तान जति ल्हासा तर्फ जाने ।
हकँ श्रीचन्द्र राजालाई माने ॥"

जिरेल समुदायमा थरउपथरको किसिमले विवाहजस्ता कामहरूमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । यस समुदायको नेतृत्वको भूमिकामा समुदायका सदस्यहरूको उमेरको भूमिका महत्त्वपूर्ण रहन्छ अर्थात् समुदायमा अरूभन्दा पाको र बुद्धिमान् व्यक्तिले थरहरूको बीचमा र एउटै थरका सदस्यहरूको बीचमा हुनसक्ने विभिन्न किसिमका विवादलाई हल गर्ने काम गर्दछन् । यसको अलावा मूलथर र उपथरहरू छुट्याउने सल्लाहमा पनि यिनै

[१३]सुमनकृष्ण, पूर्ववत् पाद टिप्पणी नं.६ ।

व्यक्तिको मुख्य भूमिका रहने गर्दछ ।[१४] जिरेलहरूको उत्पत्तिको इतिहासमा वि.सं. २००७ र २०१० सालको किराँतको वंशावली, मि. चतुरमानसँग भएको नैदारे नामको जिरेलको किपटको लालमोहर, जिरेलहरूले विशेष रूपमा गर्ने गरेको कूलपूजामा जिरेल पुरोहितहरूले कूलदेवतालाई पूजास्थलमा बोलाउँदा फलाक्ने मन्त्रहरू र जिरीमा भेट्टाइएका अवशेष स्थलहरू *'ज्युँदा', 'किराँती खासा', 'किराँती थुसा'* आदिको विश्लेषणबाट पनि प्रमाणित हुन आउँदछ ।[१५]

## ५.२ जिरेलहरूको बसोबास र जनसङ्ख्या

दोलखा जिल्लाको वस्तुगत विवरण (District Profile of Dolakha) २०७२ नामक दोलखा जि.वि.स. को प्रकाशनमा दिइएको आँकडा अनुसार जिरी नगरपालिकामा रहेको कुल जनसङ्ख्या ७,३७३ मध्ये जिरेलहरूको जनसङ्ख्या जम्मा ३,३२२ देखिन्छ, तत्पश्चात् क्षेत्री (१,६३९), शेर्पा (१,१४०) र नेवार (२७१) क्रमश: हुन आउँछ । यहाँ पहाडे बाहुन, कामी, सुनुवार, दमाई, मगर आदि जातिहरू पनि जिरेलहरूसँग मिलेर बसोबास गरेको पाइन्छ । उपलब्ध तथ्याङ्क अनुसार जिरेल जातिले नेपालको कुल जनसङ्ख्याको ०.०२ प्रतिशतमात्र ओगट्दछ[१६] जुन अन्य जातजातिको तुलनामा अत्यन्तै न्यून देखिन्छ । यसो हुनुको केही मुख्य कारणहरूमध्ये आफू बसाइ सरेको समाजसँग सजिलै घुलमिल हुनका लागि अन्यत्र बसाइ सरेका कतिपय जिरेलहरूले आफ्नो जात थापा, राई, लिम्बु, खड्का आदि पनि लेख्ने गर्नुले हो ।[१७] तर जिरेल समुदायमा विद्यमान विभिन्न तथ्यहरूले यिनीहरू नेपालमा विद्यमान अन्य जनजातिहरूभन्दा फरक हुन् भन्ने प्रष्ट जनाउँछ ।[१८]

यस नगरपालिकाको घर परिवार सङ्ख्या १,८९८ रहेको छ । यहाँ रहेका विभिन्न वडाहरूमध्ये यस शोध अध्ययनले समेटेको वार्ड नम्बर ५ मा जम्मा जनसङ्ख्याको करिब

---

[१४]एच. सिद्धकी, जेम्स हमिल, जनार्दन सुवेदी, एच. रोनाल्ड, स्पाइवाडर, रविन सिंह र जे ब्लेनजेरो, 'सोसिएल, अर्गनाइजेसन, ईकोनोमिक एन्ड किन्सिप एमोङ्ग द जिरेल्स अफ इस्टर्न नेपाल' (Social, organization, economic and Kinship Among the Jirel's of Eastern Nepal), *कन्ट्रिब्युसन् टु नेप्लिज स्टडिज, द जिरेल इस्यु,* काठमाडौँ: सिनास, टि. यु, (जनवरी २०००), पृष्ठ ५-२२ ।

[१५]सुमनकृष्ण, पूर्ववत् पाद टिप्पणी नं. ६, पृष्ठ १० ।

[१६]नेपाल सरकार, *नेपालको तथ्याङ्कीय झलक,* काठमाडौँ: केन्द्रीय तथ्याङ्क विभाग, ई.सं. २०११, पृष्ठ १७ ।

[१७]पशुपति नेपाल, 'मेटर्नल एन्ड चाइल्ड हेल्थ स्टाटस् इन जिरेल कम्युनिटी' (Maternal and Child Health Status in Jirel Community), *कन्ट्रिब्युसन् टु नेप्लिज् स्टडिज्, द जिरेल इस्यु,* काठमाडौँ: सिनास /टि.यु, भो. २६, नं. २, (जुलाई १९९९), २८१-२९३ ।

[१८]एच. सिद्धकी, पूर्ववत् पाद टिप्पणी नं. १४ ।

८७ प्रतिशत जिरेलहरूले बौद्धधर्मलाई अनुसरण गर्ने गर्दछन् ।[१९] नेपालमा विद्यमान अन्य जातजातिभन्दा यस जातिको जनसङ्ख्या अत्यन्त न्यून रहेकाले अधिकांश राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरका अभिलेखहरूमा यस जातिको बारेमा थोरै मात्रामा मात्र उल्लेख गरिएको पाइने गरे तापनि यस जातिले सामाजिक र सांस्कृतिक दृष्टिकोणले राष्ट्रिय परिवेशमा आफ्नै विशिष्ट महत्त्व राख्दछ ।

## ५.३ जिरेल जातिको पेशा

जिरी आन्तरिक तथा बाह्यपर्यटन र ऊर्जाशक्तिको प्रचुर सम्भावना भएको उपत्यका हो । शताब्दीयौंदेखि यहाँ बसोबास गर्ने जिरेल समुदायमा सम्भव भएसम्म परिवारका सबै सदस्यहरू जीविकोपार्जनको पेशा व्यवसायमा सहभागी हुने भएकाले परिवारले आधारभूत उत्पादनको इकाइको लागि खाद्यान्न उत्पादन, पशुपालन आदि काममा प्रशस्त समय खर्चिन्छन्, तर जिरी एक पर्यटकीय गन्तव्य तथा दोलखाको पूर्वी क्षेत्र एवम् रामेछापको उत्तरी भेगको एक महत्त्वपूर्ण व्यापारिक केन्द्र पनि भएका कारणले व्यापार व्यवसायमा समेत यस जातिको संलग्नता हालका दिनहरूमा उल्लेख्य रूपमा बढ्दै गएको पाइन्छ । यसका अलावा पछिल्लो समयमा वैदेशिक रोजगारीमा जाने जिरेलहरूको सङ्ख्या पनि दिनानुदिन बढ्दै गएको छ ।[२०]

पुर्खौंदेखि जिरेलहरूको मुख्य पेशा खेतीपाती तथा पशुपालन रहँदैआएको छ तथापी अधिकांश जिरेलहरूलाई खेतीबाट आफ्नो परिवारलाई पुरा वर्ष खाना पुऱ्याउन धौधौ पर्छ । यसको मुख्य कारण अधिकांश जिरेल परिवारसँग खेतीयोग्य पर्याप्त जमिन नहुनु हो । आजसम्म पनि आयस्रोतको हिसाबले यहाँका बासिन्दाको मुख्य पेशा कृषि हो र कूल आयमा पनि कृषिको योगदान नै सबैभन्दा बढी देखिन्छ । कृषिमा पनि विशेषत: अन्नबाली, तरकारी बाली र पशुपालन यहाँको कृषकको प्रमुख आयस्रोत रहेको छ, यसैगरी व्यापार दोस्रो स्थानमा र नोकरीबाट हुने आय आर्जन तेस्रो स्थानमा पर्दछ । हालका दिनहरूमा नेपालका अन्य जातजातिहरूमा झैं देश तथा विदेशमा गई मजदुरी गर्नेहरूको सङ्ख्या पनि जिरेलहरूमा दिनानुदिन बढ्दो क्रममा छ ।[२१]

---

[१९] सूचना शाखा, 'दोलखा जिल्लाको सङ्क्षिप्त परिचय', *दोलखा लिल्लाको वस्तुगत विवरण,* दोलखा: जिल्ला विकास समितिको कार्यालय, वि.सं. २०७२, पृष्ठ ९६ ।

[२०] जिरी नगरोन्मुख गाँउ विकास समिति, *गाँउ विकास समिति पार्श्वचित्र,* दोलखा: जिरी नगरोन्मुख गाँउ विकास समितिको कार्यालय, जिरी, वि.सं. २०७०, पृष्ठ २१ ।

[२१] जिरी, पूर्ववत् पाद टिप्पणी नं.२० ।

## ५.४ जिरेल जातिले बोल्ने भाषा

दोलखा जिल्लामा बसोबास गर्ने जातजातिहरूले जम्माजम्मी बाईसवटा मातृभाषा बोल्ने गरेको देखिन्छ भने जिरी उपत्यकामा मात्र जिरेल, नेपाली, शेर्पा, नेवारी, तामाङ्ग लगायतका भाषाहरू बोल्ने गरेको पाइन्छ । जिरीमा बोलिने जिरेल भाषा छिटपुट रूपमा भारतको दार्जिलिङ्ग, सिक्किम, कोलकत्ता र भुटान आदि स्थानहरूमा पनि बोलिने गरिन्छ ।[२२] यस जातिको आफ्नै भाषा, संस्कृति, पोसाक, रहनसहन, जीवन शैली र संस्कार छ । यस अध्ययन क्षेत्रमा बसोबास गर्ने जातिहरूले (जिरेल, शेर्पा, तामाङ, मगर र सुनुवारले) आ-आफ्नै जातिअनुसारको भाषा बोल्दै आएका छन् भने यी भन्दा बाहेकका अरू सबै जातिहरूले नेपाली भाषा नै बोल्ने गरेको देखिन्छ ।[२३] जिरेलहरूले बोल्ने भाषा भोट-बर्मेली भाषासमूहअन्तर्गत पर्दछ र यसैले जिरेल र शेर्पा भाषा एक आपसमा केही मात्रामा मिल्दो जुल्दो पनि देखिन्छ ।

सङ्ख्यागत रूपमा वि.सं. २०६८ को राष्ट्रिय जनगणनाअनुसार जम्मा ५,७४७ जिरेल मध्ये ४,८२९ जनाले जिरेल भाषालाई आफ्नो मातृभाषाका रूपमा बोल्दछन् । यस शोध अध्ययनले ओगटेको वडाको कुल जनसंख्या १,६८८ मध्ये ८१९ जिरेल, ४२३ नेपाली, २६९ शेर्पा, १४६ नेवार, २३ जना तामाङ्ग र ८ जना अन्य भाषा बोल्दछन् । तर यहाँका नेवार जातिमध्ये केहीले नेवारी भाषा नै बोल्ने र अन्य बाँकी नेवारहरूले भने जिरेल तथा नेपाली भाषा दुबै नै बोल्ने गरेको घरधुरी सर्वेक्षणबाट देखिन्छ ।[२४]

## ५.५ जिरेल जातिले अवलम्बन गर्ने धर्म

विश्वका सम्पूर्ण मानव समुदायले मान्दै आएका धर्म र संस्कृतिले एकातिर आ-आफ्नो देशको भिन्न भिन्न विशेषता र महत्त्व झल्काउने गरेका छन् भने अर्कोतिर एउटै देशभित्र विभिन्न धर्म, जातजाति, सम्प्रदाय र संस्कृतिका मानिसहरू आपसी सद्भावमा सम्मिलित भएर बसेका हुन्छन् । यहाँ बसोबास गर्ने विभिन्न जात, जातिले विभिन्न धर्म, संस्कृति, परम्परा र भाषा अवलम्बन गर्ने गरेका छन् । हाम्रो देश नेपाल पनि एक बहुधार्मिक देश भएका कारण यहाँ विभिन्न धर्मावलम्वीहरू एकआपसमा प्रेमका साथ बसोबास गर्दछन् ।

---

[२२]सुमनकृष्ण, पूर्ववत् पाद टिप्पणी नं. ६ पृष्ठ ९ ।

[२३]जिरी, पूर्ववत् पाद टिप्पणी नं.२० पृष्ठ १६ ।

[२४]जिरी, पूर्ववत् पाद टिप्पणी नं.२० ।

लैङ्गिक र धार्मिक आधारमा विश्वसनिय किसिमको नयाँ तथ्याङ्क उपलब्ध हुन नसकेतापनि नेपाल सरकारको वि.सं. २०६८ को राष्ट्रिय जनगणनाअनुसार नेपालमा हिन्दुहरू ८१.३४ प्रतिशत, बौद्ध ९.०४ प्रतिशत, इस्लाम ४.३९ प्रतिशत, किराँत ३.०५ प्रतिशत, इसाई १.४२ प्रतिशत र अन्य अर्थात् कुनै धर्म नखुलेकाहरू ०.७६ प्रतिशत धर्मावलम्बीहरू बसोबास गर्दछन् (तालिका सङ्ख्या ५.१) ।

**तालिका सङ्ख्या ५.१: धर्मका आधारमा नेपालको जनसङ्ख्या (प्रतिशत)**

| क्र. सं | धर्म | प्रतिशत |
|---|---|---|
| १ | हिन्दु | ८१.३४ |
| २ | बौद्ध | ९.०४ |
| ३ | इश्लाम | ४.३९ |
| ४ | किराँत | ३.०५ |
| ५ | इसाई | १.४२ |
| ६ | अन्य | ०.७६ |
| | जम्मा | १०० |

स्रोत: राष्ट्रिय जनगणना २०६८ ।

यस शोध अध्ययनले ओगटेको क्षेत्र जिरी नगरपालिकाअन्तर्गतको वडा नं. ५ मा २०७० को नगरपालिकाको पार्श्वचित्रअनुसार यहाँको जम्मा जनसङ्ख्या १,६८८ रहेको थियो जसमध्ये ५७७ (३४.२ प्रतिशत) हिन्दु, १,०७६ (७३.७ प्रतिशत) बौद्ध र बाँकी ३५ ( २.१ प्रतिशत) इसाई गणना गरिएको छ (तालिका सङ्ख्या ५.२) ।

**तालिका संख्या ५.२ : अध्ययन क्षेत्रका जिरेल जातिले अवलम्बन गर्ने धर्म अनुसारको जनसङ्ख्या (प्रतिशत)**

| क्र. सं | अवलम्बन गरिने धर्म | प्रतिशत |
|---|---|---|
| १ | हिन्दु | ३४.२ |
| २ | बौद्ध | ७३.७ |
| ३ | इसाई | २.१ |
| | जम्मा | १०० |

स्रोत: जिरी न. पा. पार्श्वचित्र, जिरी नगरपालिका, दोलखा, २०७० ।

नेपालमा भएका अन्य जातजातिहरूले झैं जिरेलहरूले पनि कैयौं धार्मिक मान्यताहरू अङ्गीकार गरेको देखिन्छ, तर मुख्यत: यिनीहरूले बौद्ध र हिन्दु दुबै धर्म अँगाल्दछन् । त्यसैले पूजाआजा, विवाह र धार्मिक काममा बाहुन पुरोहित र लामा

पुरोहित दुबै राख्दछन् ।[२५] बौद्धधर्मको संस्कारमा यिनीहरूले मूलत: तन्त्रवादमा आधारित बौद्धधर्मलाई अङ्गीकार गर्दछन् र धार्मिक क्रियाकलाप सञ्चालन गर्न यिनीहरूको आफ्नै लामा *'फोम्बो'* हुन्छ । यसको अतिरिक्त धामी, झाँक्रीलाई पनि जिरेलहरूले उत्तिकै मान्यता दिने गर्दछन् । नदीका देउताले कुनै क्षति नपुऱ्याओस् भन्ने हेतुले जिरेलहरूले चैत्र र मंसिर महिनामा भोटे देउताको पूजा गर्दछन् ।[२६]

बहुसङ्ख्यक जिरेलहरू मूलतः बौद्धमार्गी भए तापनि यस समाजमा विद्यमान धार्मिक तथा सामाजिक संस्कारहरूमा हिन्दु चलनलाई पनि त्यतिकै महत्त्व दिने गरेको देखिन्छ । मृत्युजस्ता संस्कारहरू सम्पन्न गर्नु पर्दा लामाद्वारा सम्पन्न गराइन्छ भने कतिपय देवकार्य वा पूजाआजा *'ब्राह्मण'* द्वारा गराइन्छ ।[२७] जिरी अवस्थित हिन्दुहरूको अत्यन्त प्रख्यात जिरीश्वरी मन्दिरमा जिरेलहरू टीका ग्रहण गर्न जानु र हिन्दु चाड पर्वहरू पनि धुमधामसँग मनाउनुलाई यो जातिको हिन्दुधर्मप्रतिको आस्था र विश्वासको एउटा ज्वलन्त उदाहरणका रुपमा लिनसकिन्छ ।

जिरेलहरू बुद्धको मठ, गुम्बा आदिमा गएर पूजाआजा गर्ने गर्दछन् भने माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, बडा दसैं, भाइ टीका, जस्ता चाड पर्व मुख्य चाडपर्वको रूपमा धुमधामले मनाउने गर्दछन् । केही जिरेलहरूले बाराको सिम्रौनगढवासीहरूले पूजा गर्ने देवी देवतालाई पूजा गरेको पनि यस क्षेत्रमा देख्न सकिन्छ । तर स्थानीय बुद्धिजीवी श्री सुमनकृष्ण जिरेलका अनुसार जिरेलहरूले बौद्ध र हिन्दु धर्म दुबैमा विश्वास गर्ने गरे तापनि मूलत: तन्त्र विद्यामा विश्वास गर्दछन् ।[२८]

यस जातिले चौधौं शताब्दीभन्दा पहिला प्रकृति धर्म अर्थात बोनधर्म मान्ने गर्दथे । यस धर्ममा आगो, पानी, वायु, आकाश र जमिन आदिलाई पूजा गर्ने र पुरोहितको रूपमा झाँक्रीलाई मान्ने गर्दछन्, जसको अवशेषस्वरूप हालसम्म पनि यस क्षेत्रमा धार्मिक कार्यहरूमा झँाक्रीलाई बोलाउने प्रचलन कायमै रहेको छ । यस ठाउँमा हालका दिनहरूमा हिन्दु धर्मको प्रभाव बढ्दै गइरहेको देखिए तापनि चौधौं शताब्दीदेखि नै जिरेलहरूले बौद्धधर्म मान्न शुरु गरेका हुन् भन्ने भनाइ रहेको छ ।

---

[२५]रामबहादुर खड्का, 'जिरीका जिरेल जाति एक अध्ययन', काठमाडौं: स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, वि.सं. २०५५, पृष्ठ नं. २५ ।

[२६]एच. सिद्धकी, पूर्ववत् पाद टिप्पणी नं. ९ ।

[२७]रामबहादुर, पूर्ववत् पाद टिप्पणी नं.२५ पृष्ठ ३६ ।

[२८]सुमनकृष्ण, पूर्ववत् पाद टिप्पणी नं.६ ।

## ५.६ जिरेल जातिको पारिवारिक तथा सामाजिक संरचना

जिरेल जाति सङ्ख्यात्मक हिसाबले सानो भए तापनि सामाजिक र सांस्कृतिक दृष्टिकोणले राष्ट्रिय परिवेशमा यस जातिले आफ्नै विशिष्ट महत्त्व राख्दछ । घरको सम्पूर्ण खटनपटन पनि घरमूलीबाट नै हुने गर्दछ, तापनि शान्त र सरल स्वभावका जिरेल लोग्नेले आफ्नी पत्नीप्रति र पत्नीले आफ्नो पतीप्रति अत्यन्तै सम्मानपूर्ण दृष्टिकोण राखेको देखिन्छ । यस जातिमा मुख्य रूपमा बाह्र प्रकारका मूल थर र एघार प्रकारका उपथर रहेका पाइएको छ (तालिका सङ्ख्या ५.३) ।

**तालिका सङ्ख्या ५.३: जिरेल जातिका मूल थर र उपथरहरू**

| क. सं. | मूलथर | क. सं. | उपथर |
|---|---|---|---|
| १ | ठुङ्बा | १ | गरचिगा (गर्जडा) |
| २ | देप्पा | २ | जुपुदे |
| ३ | थाबो | ३ | क्याम्बोले |
| ४ | देवलिङ्ग | ४ | नेवारे |
| ५ | जुपुले | ५ | तुम्पुले |
| ६ | सेर्बा | ६ | तुङ्गुले |
| ७ | च्याबा | ७ | चाबे शेर्वा |
| ८ | मायोक्पा | ८ | चावेठुङ्बा |
| ९ | गरासम्बा | ९ | चावे थामो |
| १० | थुरबिदो | १० | रोरन्जे |
| ११ | पलपाली | ११ | उरविदो |
| १२ | छुङपाते | | |

स्रोत: सुमनकृष्ण जिरेल र टेकबहादुर जिरेल, २०६२ ।

यस जातिमा पारिवारिक सम्बन्ध अत्यन्तै सद्भावपूर्ण, मानवीय र सौहार्दपूर्ण हुने गर्दछ । परिवारभित्र महिलाहरूको स्थान पुरुषसरह स्वतन्त्र छ ।[२९] साधारणतया बाबुले छोरालाई आफ्नै जीवनकालमा वा सगोलमा हुँदा पनि घरायसी दायित्व सुम्पेको पाँइदैन । मूल र कुल परम्पराबाट सन्तान दरसन्तान हुँदै आएको उपनाम वा वंश, गुणलाई थर भनेर परिभाषित गरिन्छ ।[३०]

साधारणतया जिरेलहरूले वैवाहिक नातालाई भन्दा रगतको नातालाई बढी महत्त्व दिएको पाइन्छ । कुटुम्बहरूको बीचमा केटीपट्टिकाहरूले केटापट्टिकाहरूलाई खस समाजमा झै बढी मान्नु पर्ने हुन्छ । समाजमा कुनै समस्या आइपरेको अवस्थामा समाधानका लागि विगतमा मिजार अर्थात् अगुवाकोमा जाने गर्दथे जुन हाल आएर परिवर्तन भई समाजमा जान्ने बुझ्ने व्यक्तिकोमा जाने चलन आएको देखिन्छ । उनै जान्ने बुझ्ने व्यक्तिको निर्णयलाई सबैले मान्नु पर्ने हुन्छ । यस जातिमा नेतृत्व मूलत: परम्परागत रूपमा भन्दा बढी उमेरको र अलि टाँठोबाठो जिरेलले लिने गर्दछन्, ताकि यस नेतृत्वबाट समाजमा विद्यमान अन्तर्विरोध, झैझगडाहरू समाधानमा प्रमुख भूमिका खेल्न सकोस् । साधारणतया जिरेल नेताहरूको आफ्नो समाजलाई ऐक्यबद्ध राख्नमा प्रमुख भूमिका रहने गर्दछ ।

## ५.७ जिरेल बौद्ध समाजमा प्रचलित केही सांस्कृतिक परम्पराहरू

कुनै पनि मानिस जाति वा समुदायले अवलम्बन गरेको संस्कृतिको अध्ययन गर्दा उनीहरू कस्तो भौगोलिक वातावरणमा बसेका हुन्छन्, त्यसैले नै समग्र संस्कृतिलाई निर्माण र निर्धारण गरेको हुन्छ । भौतिक वातावरण र त्यसलाई आफ्नो अनुकूल तुल्याउन मानिसले जुन क्रियाकलाप गर्दछ, त्यसले संस्कृतिलाई धेरै प्रभावित तुल्याएको हुन्छ ।

नेपालमा बसोबास गर्ने सबै जातजाति र समूहका आ-आफ्नै सांस्कृतिक परम्परा, धर्म, संस्कार, जात्रा, पर्व आदि हुने गर्दछन् । यस शोधप्रबन्धले समेटेको जिरेल जातिको पनि अन्य जातजातिहरू सरह आफै परम्परागत संस्कार, भेषभूषा, परम्परागत पोशाक, आफ्नै भाषा र आफ्नै संस्कृति रहेको छ । असारको महिनामा कोदो रोपाइ गर्दा छ्याङ्ग अर्थात स्थानीय *'बियर'* सँग गहुँको पिठो राम्रोसँग मिश्रण गर्ने र करिब एक किलोको डल्लो बनाएर पकाउने (यसलाई जिरेल भाषामा *'पोल्दाक'* पनि भन्ने गरिन्छ) प्रत्येक काम गर्ने

---

[२९]रामबहादुर, पूर्ववत् पाद टिप्पणी नं.२५ पृष्ठ ४७ ।

[३०]बालकृष्ण पोखरेल, वासुदेव त्रिपाठी, बल्लभमणि दाहाल, कृष्ण प्रसाद पराजुली, गोपीकृष्ण शर्मा र हर्षनाथ भट्टराई (सं.), *नेपाली बृहत शब्दकोश,* काठमाडौं: नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, वि.सं. २०४० ।

व्यक्तिलाई एकएक *'पोल्दाक'* को दरले खान दिइने जिरेल जातिमा रहेको एउटा अनौठो परम्परालाई एउटा उदाहरणका रूपमा लिनसकिन्छ । त्यसै गरी मंसिर महिनामा नयाँ कोदो पिँधेर, कोदोको पिठोको ढिँडो र कुखुरा काटेर पकाइन्छ । सो पाकेको ढिँडोलाई ओदानको तीन ठाउँमा ढिँडोमाथि घिउ हालेर चढाउने र त्यसैगरी पातमा हालेर अरू भगवान्लाई चढाउने गर्दछन् । त्यसपछि मात्र परिवारले त्यो ढिँडो खाने चलन छ । यसलाई नगी खाने भनिन्छ, तर हालका दिनहरूमा बदलिँदो समयसँगै यो चलन पनि क्रमश: घट्दै गएको छ ।

जिरेल समुदायमा साधारणतया जेठो छोराले विवाह गरेमा हजुरबुवाको परिवारमा बस्दछ । माहिलो छोराले विवाह गरेमा जेठो छोराले आफ्नो परिवारका साथ आफ्नो घर बनाएर बस्छ । कान्छो छोरा मात्र आफ्नो आमाबाबुसँग बस्छ । छोरीले भने विवाहमा दिएको बाहेक पुर्ख्यौली सम्पत्ति पाउँदिनन् ।[३१] यदि कुनै जिरेल केटाले आफ्नो समुदायभन्दा बाहिरको केटीसँग विवाह गरेमा उसले आफ्नो समुदायका सदस्यहरूलाई माफीको लागि आफ्नो क्षमता अनुसारको भोजको आयोजना गर्नुपर्दछ ।[३२]

जिरेलहरू अत्यधिक रूपमा जनाबरहरूको मासु, हड्डी, आन्द्रा, भुँडी, छाला, नङ्ग्रा, रौं का साथै दुध, पिसाबको प्रयोग दम, निमोनिया, बाथ, क्षयरोग, छालाको समस्या, सर्पको टोकाइ, यौनसम्बन्धी समस्या, जिउ दुखाई आदि समस्यामा औषधीको रूपमा शरीरमा घसेर वा सिधै खाएर गर्ने गर्दछन् । तर हालका दिनहरूमा यसको उपयोगको ज्ञान पुरानो पिँढीसँगै क्षयीकरण हुँदै गएको देखिन्छ, जसको प्रमुख कारण नेपालमा बसोबास गर्ने अन्य समाजमा झैं जिरेल समाजमा पनि पुरानो र नयाँ पिँढीको बीचमा बढ्दै गएको दुरी हो भन्न सकिन्छ, जसका कारण यो ज्ञान एक पिँढीबाट अर्को पिँढीमा हस्तान्तरण हुन सकेन । यसको दोस्रो कारण यस क्षेत्रमा उपलब्ध आधुनिक स्वास्थ्य सेवाको सुविधाका कारणले जनस्तरमा परम्परागत औषधी उपचारमा आकर्षण कम भएको पनि हुन सक्छ ।[३३]

जिरेलहरू स्वभावैले अति शान्त, सहनशील, नम्र तथा अरूलाई सम्मान गर्ने खालका हुन्छन् । राजनीतिमा त्यति धेरै सक्रिय नहुने यस जातिको मुख्य पेसा कृषि र पशुपालन हो भने व्यापार र पर्यटन वैकल्पिक व्यवसाय हो । आर्थिक रूपमा विपन्न हुनु, कुपोषण, अशिक्षा, बेरोजगारी आदि यस समाजका मुख्य समस्याहरू हुन् ।

---

[३१]एच. सिद्धकी, पूर्ववत् पाद टिप्पणी नं. १४ ।

[३२]एच. सिद्धकी, पूर्ववत् पाद टिप्पणी नं. १४ ।

[३३]http://krepublishers.com/02-Journals/S-EM/EM-05-0-000-11-Web/EM-05-2-000-11-Abst-PDF/EM-05-2-115-11-157-Lohani-U/EM-05-2-115-11-157-Lohani-U-Tt.pdf. MAY 14, 2016.

विभिन्न थर र उपथरहरूमा बाँडिएर बसेका जिरेलहरू आफ्नो बस्तीमा रोगव्याधि नफैलियोस्, शत्रु नलागुन्, कृषि व्यवसाय राम्रो होस् भन्ने उद्देश्यले कूलदेवताको पूजा गर्ने गर्दछन् । फुपूचेला, मामाचेला बीच बिहेबारी नहुनु, भाइ बुहारीलाई नछुनु तथा विधवा भाउजूसँग विहे नगर्नु यस जातिका केही सामाजिक प्रचलनहरू हुन् । बच्चा जन्मेपछि नचोख्याउन्जेलसम्म खेतीपातीको काम बन्द गर्ने, सातौं दिनमा चोख्याई नवजात शिशुको नाम राख्ने, ईच्छाअनुसार छोरा वा छोरीको पास्नी गर्ने तथा छोरा ६-७ बर्षको हुँदा छेवर गर्ने जिरेलहरूका केही मुख्य परम्पराहरू हुन् । जिरेलहरूले मनाउने गरेका दसैं, तिहारलगायतका केही अन्य परम्परागत चाडहरूका साथै हाल आएर पहिले तामाङ्ग तथा शेर्पाहरूले मनाउने गरेका ल्होसार पनि मनाउन थालेका छन् ।

जिरेलजातिमा नेपालमा बसोबास गर्ने अन्य जातजातिहरूको तुलनामा महिलाहरूको सामाजिक सशक्तीकरणको अवस्था खासगरी घर व्यवहारमा निर्णय गर्ने अधिकार पुरुषको तुलनामा बढी देखिन्छ । त्यस्तै गाँउमा हुने सम्पूर्ण सामाजिक क्रियाकलापहरूसँग सम्बन्धित निर्णय प्रक्रियामा समेत महिलाहरूको सहभागिता सशक्त रहेको देखिन्छ । यस जातिमा पनि अन्य जनजातिहरूमा झैं घरव्यवहारसँग सम्बन्धित निर्णयमा महिलाको भूमिका पुरुषको तुलनामा धेरै नै हुने गर्दछ ।

जिरेलहरूले मान्ने गरेका विभिन्न चाड पर्वहरूमा महिलाहरूको सहभागिता सम्बन्धी तथ्याङ्कको उपलब्धता धेरै कम भए तापनि सामान्य अवलोकनबाट के देखिन्छ भने यस समाजमा पुरुषको तुलनामा महिलाहरू बढी निर्णायक हुने भएका कारण चाडपर्वहरूमा पूजाआजा गर्ने, पाहुना तथा नातेदारहरूलाई निम्ता गर्ने घरमा आएका नातेदारहरूको खानपिन लगायतका अन्य व्यवहारमा सक्रिय रहने क्रियाकलापहरूमा महिलाहरूको सहभागिता उल्लेखनीय रहने गरेको छ ।

## ५.८ जिरेल बौद्ध जातिका जीवन संस्कार

विभिन्न दर्शन र संस्कृत साहित्यमा संस्कार शव्दको अर्थ विभिन्न किसिमले दिइएको पाइन्छ । संस्कार शब्दको व्युत्पति संस्कृतको *'सम्' उपसर्ग* + *'कृञ्'* धातुमा *'घञ्' (अ)* प्रत्यय मिलेर (सम्+कृ+घञ्(अ) = संस्कार) बनेको हो । यसको अर्थ पूर्ण गर्नु, संस्कृत गर्नु, अभिमन्त्रण, अन्त: शुद्धि, पवित्रीकरण भन्ने हुन्छ । संस्कारको साधारण अर्थ शुद्धि,

परिष्कार अथवा स्वच्छता हुने पनि हो ।[३४] जन्मँदा मानिस पूर्णत: असंस्कृत हुने र संस्कारहरू सम्पन्न गर्नाले नै ऊ चम्किलो भई उसको भौतिक, बौद्धिक र आध्यात्मिक जीवनको विकास हुने शास्त्रमा उल्लेख गरिएको छ । यसैगरी जसरी कुनै प्राध्यापकद्वारा कालोपाटीमा लेखेको पुरानो लेख मेटाएर नयाँ लेख लेखिन्छ, त्यसै प्रकार पण्डितहरूले बालकको नाममा रहेका कुसंस्कारहरू (पापका छापहरू) मेटाउन र नयाँ शुभकार्यहरूका छाप राख्नका लागि गरिने कर्मकाण्डलाई *'संस्कार'* मानेका छन् ।[३५]

मानिस जन्मँदा पूर्णरूपले असंस्कृत हुन्छ र संस्कारले नै उसलाई आवश्यकता अनुसार सामाजिक, साँस्कृतिक, धार्मिक तथा नैतिक ज्ञान दिई सुसंस्कृत बनाई समाजमा योग्य नागरिक तयार गर्न मद्दत गर्दछ । जन्मदेखिका विभिन्न संस्कारहरू सम्पन्न गर्दै जाँदा त्यसमा निर्देशित गहन कुराको पालना गर्दै गएमा जीवन सफल हुन्छ । पशुरूपी शिशुलाई विभिन्न संस्कारले बाँधेर क्रमश: उसलाई मानवीय गुणहरू प्रदान गरी सुयोग्य बनाउन संस्कारको ठुलो देन छ । यसैले व्यक्तिको जीवन र समाजमा संस्कारको महत्त्व ठुलो हुने गर्दछ ।

यस अध्ययनले समेटेको जिरेल जातिले आफ्ना संस्कार बर्षौंबाट सुरक्षित राखेको पाइन्छ । देवतालाई त्रिशूल चढाउने, कुलदेवताको पूजा गर्दा सूर्यलाई पूजा गर्ने, धार्मिक स्थलहरूमा तेलको बत्ती बाल्ने र बलि दिने आदि जिरेलहरूको पुरानो धार्मिक संस्कृति हो । अधिकांश जिरेलहरूले देवी-देवतामा विश्वास गर्ने भएकाले आफ्ना कुलदेवताअनुसार प्रत्येक वर्ष पूजाआजा गर्ने गर्दछन् । यही विचारलाई आधार बनाएर यस शोधार्थीद्वारा जिरेल समाजमा प्रचलित विभिन्न संस्कारका विधिहरू के कस्ता छन् र ती विधिहरू हाल कुन रूपमा यस समाजमा प्रचलनमा छन् भन्नेबारे अनुसन्धान गरेर प्राप्त जानकारी प्रस्तुत गरिएको छ । यस अध्ययन क्षेत्रका जिरेलहरूले जन्मदेखि मृत्युसम्म गर्ने गरेका संस्कारहरू निम्न अनुसार छन् ।

### ५.८.१ न्वारन संस्कार

जिरेल समाजमा कसैको घरमा बच्चा जन्मियो भने घरपरिवार र नजिकको नातेदारहरूलाई सुत्केरो जुठो लाग्दछ र त्यो समयमा पूजा-आजाका लागि जिरेलहरू

---

[३४]शिवराम वामन आप्टे, *द स्टुडेन्ट्स् संस्कृत, इङ्गलिस डिक्स्नरी,* देल्ही: मोतीलाल बनारसीदास, ई.सं. १९९६ ।

[३५]श्यामसुन्दर उपाध्याय, *सनातन हिन्दु धर्म और बौद्धधर्म,* बाराणसी: बाराणसी विश्वविद्यालय, ई.सं. २००२, पृष्ठ ४८ ।

मठमन्दिरमा जाँदैनन् । तेस्रो दिनमा गाईको गहुँत र बाह्र किसिमका बोटबिरुवाका पातहरू घरमा ल्याइन्छ र चुलोमा बालिन्छ । गाईको गहुँत घरमूलीले घरभित्र, घरको चारैतर्फ, भरखर जन्मेको बच्चा र परिवारको सदस्य सबैलाई छर्ने गर्दछन् । सुत्केरीलाई पिउने पानी र घरभित्र भएका कुनै पनि वस्तु छुन दिइँदैन । सुत्केरी भएको घरमा बच्चा जन्मेको सात दिनसम्म खेतीपातीतर्फको कुनै पनि कार्य हुँदैन । त्यो कार्य नजिकका नातेदारको घरमा पनि अनुसरण गर्ने गरिन्छ । यदि यस्तो अवस्थामा खेतीपाती कार्य गरियो भने त्यसवर्ष उत्पादन घट्ने र लगाएको बाली पनि सुक्ने भन्ने अन्धविश्वास जिरेलहरूमा अहिले पनि व्याप्त छ । जिरेल परिवारमा यदि छोरी जन्मियो भने पाँचौ दिनमा र छोरा जन्मियो भने सातौं दिनमा सुत्केरी आफैले नुहाउने, घर र आँगन सफा गर्ने र गहुँत छर्ने गर्दछन् । कसैले लामा त कसैले झाँक्री (लामाले बौद्ध परम्परा अनुसारको र झाँक्रीले किराँत परम्पराअनुसार पूजाआजा गर्ने गर्दछन्) बोलाएर न्वारन गर्दछन् । यस दिनमा आफन्तलाई बोलाएर ठूलो भोज खुवाउने चलन छ । न्वारनमा कुखुराको भाले काट्ने र पिंधारेको जाँड उपस्थित भएकाहरूलाई खाने, खुवाउने चलन व्यापक छ ।

### ५.८.२ अन्नप्राशन

प्रारम्भमा आमाको दुधमा निर्भर रहेको शिशुलाई उसको शारीरिक विकाससँगै ठोस भोजनको पनि आवश्यकता पर्न थाल्छ । शिशुलाई ठोस आहारा खुवाउँदा शारीरिक रूपमा कुनै नकारात्मक प्रभाव नपरोस् भन्ने उद्देश्यले शुभ-साइत जुराएर नुनिलो खाना खुवाउने गरिन्छ, तर यो संस्कार जिरेल समाजमा अनिवार्य भने छैन ।

### ५.८.३ छेवर संस्कार

जिरेल जातिहरूमा ब्रतबन्धको चलन हुँदैन तर यसै संस्कारसँग मिल्दोजुल्दो किसिमले छेवर गर्ने चलन हुन्छ । बच्चा छोरा जन्मेको भए जन्मेको दिनदेखि लिएर आएको शिरको कपाल पहिलो पटक खौरिँदा विधिपूर्वक खौरने चलन छ । यही चलनलाई छेवर भनिन्छ । यस संस्कारमा छोरा मानिसहरूको कपाल खौरिने गरिन्छ । यस अवसरमा खानपिनमा जाँड, रक्सी, माछा, मासुको छेलोखेलो हुन्छ । यस संस्कारमा झाँक्रीलाई बोलाइन्छ । यसमा आफन्त नातागोता, साथीभाइलाई बोलाउने, खुवाउने, बच्चा र उसको आमालाई टीका लगाई दिने चलन छ । यस संस्कारमा मामाले भान्जाको कपाल काट्ने र नयाँ लुगा दिने चलन छ ।

### ५.८.४ गुन्युचोली दिने संस्कार

जिरेल समाजमा यो संस्कार गरिसकेपछि बालिकालाई वयस्क भएको मानिन्छ । यो संस्कार केटीको रजस्वला हुनु अगावै वा रजस्वला भएपछि गुन्यु, चोलो, सक्नेले अधिक रूपमा गरगहना, टीका लगाएर दक्षिणा दिने गर्दछन् । तर पनि यस जातमा यो चलन छेवरजस्तै अनिवार्य भने छैन, आफ्नो इच्छाअनुसार कसैले यस संस्कारलाई अवलम्बन गर्दछन्, कसैले गर्दैनन् ।

### ५.८.५ विवाह संस्कार

कुनै पनि समाजमा महिला र पुरुषलाई पति-पत्नीको रूपमा स्थापित गर्नुलाई विवाह गर्नु भनिन्छ । यसले मानवजीवनलाई सुचारूरूपले सञ्चालन गरी मानव सृष्टिलाई निरन्तरता प्रदान गरी वंशपरम्परालाई अगाडि बढाउने भएकोले जुनसुकै जिरेल समाजमा पनि यस संस्कारको ज्यादै महत्त्व छ । जिरेल जातिको विवाह संस्कारमा झाँक्री अथवा लामा बोलाउने प्रचलन छ । पहिला पहिला मन परेकी केटीलाई मेला, जात्रामा गएर घिच्याएर अर्थात् जबरजस्ती घरमा ल्याउने र केही दिनपछि समाजमा उक्त केटीलाई ऊ राजी छ कि बिराजी भनी प्रश्न गर्ने गरिन्थ्यो । अर्काको घरमा रात बिताइसकेकीले राजी अर्थात् खुशी छु भन्न बाध्य हुने सम्भावना बढी रहन्थ्यो तर आजभोलि यस प्रचलनमा धेरै परिवर्तन आइसकेको देखिन्छ ।

आजकल, अधिकांश जिरेल यूवा यूवतीहरूले प्रेमविवाह गर्ने गरे तापनि मागी विवाहको चलन पनि व्यापक नै रहेको देखिन्छ । एउटै गोत्रका केटा केटीका बीचमा विवाह गर्ने चलन देखिदैन । यस समाजले विधवा विवाहलाई मान्यता दिएको भए तापनि विधवा भाउजूलाई विवाह गरेर घरमा ल्याउन पाइँदैन भने भाइ बुहारीलाई छुनसम्म छुट छैन । तर कुनैकुनै जिरेलले अर्काकी श्रीमती पनि विहे गरेर घरमा ल्याउने गर्दछन् । तर अर्काकी श्रीमती बिहे गरी ल्याउनेललउ र्नेले यस्तो अवस्थामा जारी दिनुपर्ने हुन्छ । तिर्नुपर्ने जारीको रकम साधारणतया अघिल्लो श्रीमान्को मागअनुसार हुने गर्दछ । यो रकम प्राय धेरै हुने गर्दछ । खोसी अथवा भगाई गरिएको विवाह संस्कारमा केटीको आमा बाबुलाई जिरेल केटाको तर्फबाट समाजमा वैधानिकता दिनका लागि विहे गरेको पन्ध्र दिनभित्र औपचारिकता पूरा गर्नुपर्ने हुन्छ । तर त्यस वेलासम्म केटाकेटी लुकेर बस्नुपर्ने चलन छ । दुबै तर्फका अभिभावकले स्वीकृति नदिएसम्म यो संस्कार मान्नुपर्ने बाध्यता हुन्छ । एक पटक केटासँग भागिसकेकी केटी फेरि अर्को केटासँग विवाह गर्न कति थरले नरुचाए

तापनि कहिलेकाँही केटीका आमाबाबुले आफ्नी छोरीलाई फिर्ता लिएर अन्यत्र पठाउने पनि गरेको देखिन्छ ।

जिरेल जातिमा विवाहका निम्नानुसारका विभिन्न चरणहरू हुने गर्दछन्:

**क. पहिलो चरण:** यस चरणमा केटाका बाबुआमाले पहिले केटी हेर्दछन् र आफ्नो छोरालाई केटी हेर्न भन्दछन् । यदि छोराले मन परायो भने केटीका आमाबाबुलाई र अन्य एक जना व्यक्ति तीन बोतल रक्सी लिएर केटीको घरमा प्राय रातिको समयमा जान्छन् र विहेको कुरा छिन्छन् । केटीका आमाबाबु राजी भएको अवस्थामा केटीलाई पनि सोध्ने गरिन्छ । दुबैतर्फको सहमतिपश्चात् ल्याएको सगुन अर्थात् रक्सी उपहार लिइन्छ । मन्जुर भएको खण्डमा केटीका आमाबावुले सो रक्सी घर परिवारमा वितरण गर्ने गर्दछन् । यस प्रक्रियामा केटीका अन्य नातेदारलाई पनि निम्तो गरिन्छ । यदि केटीका परिवार राजी नभएमा त्यो रक्सी फिर्ता गरी दिन्छन् र अर्को केटी माग्न जाँदा त्यही पहिलो केटीको घरबाट फर्काएर ल्याएको रक्सी नै लैजाने प्रचलन अहिलेसम्म जिरेल समाजमा रहेको छ ।

**ख. दास्रो चरण:** यस चरणमा ठेकी चारदामको संस्कार सम्पन्न गरिन्छ । यसमा केटीका आमा बावुको स्वीकृतिपश्चात् केटाका आमा बाबुले उपहार पठाउँदछन् । खसीको मासु वा बोको, एउटा कुखुरा, कोदोको रक्सी, थोरै खाने नुन, मसला, तोरीको तेल, सुकेको माछासहितको बाँस वा निगालोको एउटा टोकरी, एक टोकरी खुवा, एक ठेकी दही र एक रुपैयाँसहित यस उपहारमा राखिन्छ । यो सबै उपहारका सामग्रीहरू स्थापित तौल अथवा नापअनुसारको हुनु पर्दछ । यही उपहार सामग्रीहरूले दुई परिवारबीचको भविष्यमा हुने सम्बन्धलाई निर्णय गर्दछ । लमी अर्थात् बिचौलिया व्यक्ति जसले सबै उपहार लिएर केटीको घरमा गएको हुन्छ । उसले नै बोका काट्नेलगायत मासु तयार पार्ने, खाना तयार पार्ने कार्य गर्दछ । तत्पश्चात् झाँक्री अर्थात् लामाले केटीका तर्फका देवी, देवता एवम् पितृलाई आव्हान गर्दछन् र खाना चढाउँदछन् र भोज सुरु हुन्छ । आगन्तुक पाहुनाहरूलाई मौसमअनुसारको हरियो (स्कुस, फर्सी आदिको) पातमा एक टुक्रा मात्र मासु राखेर त्यो पात बेरी सगुनको रूपमा दिने प्रचलन छ । खानपिनपश्चात् अगुवा अथवा एक जना समाजका आदरणीय व्यक्तिले विहेको समय पक्का गर्दछन् ।

**ग. तेस्रो चरण:** यस चरणमा पनि दोस्रो चरणमा उल्लेख गरिएका खानपिनका वस्तुहरू केटीको घरमा अनिवार्य रूपमा पठाउनु पर्दछ । बिहेमा बाजागाजासहित पचासदेखि चार

पाँच सयसम्मका जन्तीहरू समावेश हुने गर्दछन् । केटीतर्फका माइतीलाई दिइने उपहार स्वरूप थुप्रै सामानहरू केटाको तर्फबाट लिने गरिन्छ । दुलहीको घर पुगिसकेपछि केटाले पानी छर्कंदै घरको वरिपोरी तीन चक्कर लगाउने चलन छ । त्यसपछि केटीले केटालाई माला लगाइदिने र एक ग्लास दही खान दिने चलन छ, त्यसपछि केटाले केटीलाई एउटा सुनको औँठी दिनुपर्छ । बिहेको साइत जुराउने काम पुजारी अर्थात् लामाले नै गर्ने गर्दछन् । हिन्दुहरूको बिहे संस्कारमा झैं जिरेल समाजमा पनि बिहेमा केटीका आमा बाबुले केटा र केटीको खुट्टा धुने र केही थोपा खुट्टा धोएको पानी मुखमा हाल्ने चलन छ । छोरी र ज्वाइँलाई दक्षिणा दिने समय पनि यही नै हो । केटीका नजिकका नातेदारले पनि यो संस्कृति अनुसरण गर्ने गर्दछन् । यसपछि पुजारीले विहे भएको घोषणा गर्दछन् र आशीर्वाद दिने गर्दछन् । अर्को दिन दुलहीसहित दुलहा र जन्ती आफ्नो गाउँ फर्कन्छन् । त्यस दिन दुलहाको तर्फबाट आफ्नो समाजमा भोजको आयोजना गरिन्छ ।

### ५.८.६ मृत्यु संस्कार

कुनै पनि जीवित प्राणीमा श्वासप्रश्वास रोकिएपछि मुटुको धड्कन बन्द हुन्छ अर्थात् पृथ्वी, जल, अग्नि र वायु निष्क्रिय हुन्छन्, चित्तप्रवाहले शरीर छोड्छ र मानिसको शरीर बिस्तारै चिसो भएर जाने अवस्थालाई मृत्यु भनेर भनिन्छ । मानिसको मृत्युपश्चात् मृतकको पार्थिव शरीरलाई व्यवस्थित तरिकाबाट तह लगाउने र मृत्युबाट लागेको आशौचलाई शुद्धीकरण गर्ने प्रक्रियालाई ‘अन्त्येष्टि’ भनेर भनिन्छ । यो नै जीवनको अन्तिम संस्कार हो । मृतकप्रति उसका जीवित आफन्तहरूको मनमा भय एवम् स्नेहमिश्रित भावनाहरू रहेका हुन्छन् । मृत्युपछि आफन्तको माझबाट सदाको लागि बिदा हुने भएकाले उनीहरूको मृतकप्रति स्नेहको भावना हुन्छ भने अर्कोतर्फ मृतकमा आफ्नो परिवार, सम्पत्ति आदिको मोह रहने र मृतक आफ्नै घरको वरपर विद्यमान हुने एवम् उसले जीवित आफन्तलाई क्षति पुऱ्याउन सक्ने विश्वासले गर्दा मृतकप्रति उनीहरूको भय पनि हुन्छ । यसकारण यसको निवारणको लागि विभिन्न प्रयत्नहरू गरिएका हुन्छन् । इह-लोकबाट पार लगाई परलोक सुखमय बनाउने उद्देश्यले यसका विभिन्न प्रक्रियाहरू मृत्यु संस्कारअन्तर्गत पूरा गर्ने गरिन्छ ।

नेपाल विविध धर्म र जातिहरूको देश भएका कारणले यहाँ विभिन्न प्रकारका (जमिनमा गाड्ने, जलाउने, नदीमा बगाउने साथै हिमाली भेगमा बसोबास गर्ने केही जातिहरूले मृतकलाई टुक्राटुक्रा पारी चरा-चुरुङ्गीहरूलाई खुवाउने समेत) अन्त्येष्टिको

चलन छ । बौद्ध धर्मावलम्बी शेर्पाहरूमा उनीहरूको पुरोहित लामाद्वारा मृतकको अन्त्येष्टि कसरी गर्ने, जलाएर, पानीमा बगाएर, गाडेर वा जङ्गलमा खुला छाडेर गर्ने भन्ने निर्णय गर्दछन् र सोही अनुरूप अन्त्येष्टि हुने गर्दछ तर बौद्धमार्गी नेवारहरूले शवलाई जलाउने गर्दछन् । जिरेल समुदायमा भने यो संस्कार सम्पन्न गर्ने आफ्नै प्रक्रियाहरू छन् ।[३६]

स्थानीय बुद्धिजीवी टेकबहादुर जिरेलका अनुसार अन्य संस्कारहरूको तुलनामा मृत्यु संस्कार गर्दा जिरेल जातिमा बौद्ध संस्कारलाई बढी अनुसरण गरिन्छ जसअनुसार यो संस्कार आफ्नै लामाले गर्ने गर्दछन् । मानिसको मृत्यु भएपछि लामालाई घरमा बोलाइन्छ । सबै आफन्तहरू जम्मा हुन्छन् । यस संस्कारमा जिरेल लामालाई गुरु मानिएको हुन्छ तर जिरेल लामाको कमी हुन गएको अवस्थामा शेर्पा अर्थात् तामाङ्ग लामाबाट पनि सहयोग लिइन्छ तर यिनीहरूले मृतकको शरीर भने छुन पाउँदैनन् । मृत शरीरलाई साढे पाँच मिटर कपडाले छोपिन्छ र यसमाथि विभिन्न फूलहरू छरिन्छ । यसका साथै लामाहरूले मन्त्र उच्चारण गर्नुपर्दछ । मृत शरीरलाई एउटा ठूलो तामाको भाँडामा बज्रासन मुद्रामा राखिन्छ । मृतकका नातेदार वा परिवारका सदस्यहरूले पिठ्युँमा राखेर घरबाट बाहिर निकालिन्छ । मृतकको वंशका भन्दा बाहिरका अन्य वंशका जिरेलहरूले मृतकको शरीर छुँदैनन् । मुख्य लामाले मन्त्र पनि उच्चारण गर्दै त्यसपछि मृतक शरीरसँगै हिँड्ने गर्दछन् । केही समय अघिसम्म मृतकको शरीरमा फूलमाला चढाउने चलन थियो, हाल आएर खादा पनि चढाई अन्तिम बिदाइ गर्ने चलन पनि चलेको छ । मृतकलाई बाँसमा राखेर डाँडामा लगेपछि लामाले मन्त्र उच्चारण गर्दछन् । स्थानीय बुद्धिजीवीहरूका अनुसार करिव ३०-४० वर्षपहिले लासलाई गाड्ने चलन थियो तर हाल आएर जलाउने चलन चलेको छ । लासको अवस्था हेरी ३-४ घण्टामा जलाइन्छ तर जिरेल झाँक्रीलाई भने नजलाएर गाड्ने गर्दछन् ।

मलामी जाँदा एउटा बलियो व्यक्ति नाङ्गो खुकुरी हातमा लिएर मलामीको अगाडि-अगाडि हिँड्ने गर्दछन् । सेता, हरिया, राता, पहेँला, निला रङ्गका झन्डाद्वारा मृतकको शरीर ढाकिएको हुन्छ । मृतकको घरमा प्रत्येक दिन घर परिवारले जे खान्छन् त्यो खानेकुरा 'घ्यावा' अर्थात् मृतकलाई अन्तिम बिदाइ दिने कार्यक्रम नगरुन्जेलसम्म मृतकको नाममा चढाउने चलन छ । जिरेल जातिको मृत्यु संस्कारमा महिला पुरुष दुवैलाई गर्ने कर्म एउटै हुने गर्दछ । मृतक शरीरलाई चिहानतर्फ लैजाने क्रममा बन्दुक पड्काउने र शङ्ख फुक्ने

---

[३६]मातृकाप्रसाद तिमिल्सिना, 'सांस्कृतिक सङ्कटमा हिमाली बौद्ध समुदाय', काठमाडौं: विद्यावारिधि शोधप्रबन्ध, वि.सं. २०७२, पृष्ठ १७० ।

पनि गरिन्छ । मूल लामाले मात्र मृतक शरीर पोल्ने स्थानको निर्णय गर्दछन् । जिरेल समुदायको चिहान प्रायजसो डाँडामा हुने गर्दछ । मृतकको छोरा वा भाइद्वारा दागबत्ती दिने काम गरिन्छ । तत्पश्चात् मलामीहरू खोलामा गई नुहाँउछन् र आफ्नो आफ्नो घरतर्फ फर्कन्छन् । सबैजना घर फर्केपछि नुनबिनाको खाना र छ्याङ खाने गर्दछन् । मलामी जाने सबैजनालाई मृत्यु संस्कारको अन्तिम दिन *'घ्यावा'* मा बोलाइन्छ । यो संस्कार पैँतालीस दिनभित्र गर्नुपर्ने हुन्छ ।

घ्यावाको पहिलो दिनमा मृतकका आफन्तहरू सबैले कपाल खौरन्छन् । छोरा वा भतिजाहरूले नुहाउने, कपाल खौरने र नयाँ लुगा फेर्ने कार्य गर्दछन् । मृतकका धेरै छोरा छन् भने जेठो छोराले मात्र यो कार्य गरे पुग्छ । प्रत्येक घ्यावा संस्कारमा तीनदेखि पन्ध्र जनासम्म लामाहरूलाई संलग्न गर्ने गरिन्छ । लामाले आफ्नो बाजा र आफ्नो धार्मिक पुस्तक आफूसँगै ल्याउने गर्दछन् र यी लामा गुरुहरूलाई मान्यताक्रमअनुसार बसालिन्छ । 'घ्यावा' मा पूजा प्रक्रिया दोस्रो दिनको मध्यरातसम्म गराइन्छ । सम्पूर्ण परिवारलाई दोस्रो वरिष्ठ लामाद्वारा नुनिलो खानेकुरा (बोकाको मासु वा आलु) सबभन्दा अगाडि छोरालाई अथवा भाइलाई खान लगाइन्छ, तत्पश्चात् अरूले खाने गर्दछन् । यो भोज दुई दिनसम्म चल्छ ।

अन्तिम दिनको बिहानमा मुख्य लामाले सबैखाले खानाहरू तयार पारी सात मिटर लामो र एक मिटर चौडाइ भएको सेतो कपडामा खाना राख्न लगाई मृतकको घरबाट करिब तीनदेखि पाँच किलो मिटर टाढासम्म सहायक लामाको नेतृत्वमा मृतकलाई गाडेको वा पोलेको ठाउँको दिशातर्फ लिएर राखेर आउँदछन् । सो खाना मृतकको आत्माले खान्छ भन्ने जनविश्वास जिरेलहरूमा देखिन्छ । यस प्रक्रियालाई *'छ्याङमा'* भनिन्छ । तत्पश्चात् घर धनीले त्यस प्रक्रियामा भएको सम्पूर्ण खर्चको विवरण मूल लामालाई बुझाँउछन् र सहायक लामामार्फत् सो खर्च उपस्थित सबैलाई पढेर सुनाइन्छ ।

### ५.८.६.१ घ्यावा कर्म

घ्यावा कर्म जिरेल जातिको मृत्यु संस्कारमा गरिने एउटा महत्त्वपूर्ण र अति नै खर्चिलो संस्कार हो । यसमा यो कर्म नगरुन्जेल मृतकको आत्मा त्यही घरमा नै रहन्छ भन्ने जनविश्वास छ । मानिस मरेको पैँतालिस दिनभित्र यो कर्म गर्नुपर्ने हुन्छ । यो संस्कार तीन दिनसम्म गरिन्छ । घ्यावा कर्म गर्दा जाँड, रक्सी, माछा, मासु, रोटी, फलफूल आदि प्रशस्त राख्नुपर्दछ, जसका कारण यो कर्म धेरै खर्चालु हुने गर्दछ । मृतकको परिवारलाई

आर्थिक रूपमा केही सहयोग होस् भन्ने उद्देश्यले आफन्तहरूले चामल, कोदो, पैसा जे सकिन्छ, आफ्नो आफ्नो क्षमताअनुसार त्यो मृतकको घरमा पुऱ्याउने चलन छ । पहिलो दिन कपाल खौरने चलन छ । यो कर्म गर्दा लामाले मन्त्रोचारण गर्ने, ढ्याङ्ग्रो, झ्याम्टा आदि बजाउने, पिठोको बाह्रवटा तोर्मा बनाउने, सेतो कपडामा चामल राख्ने त्यसमाथि पनि बाह्रवटा तोर्मा (छ वटा देवतालाई र छ वटा मृतात्मालाई) चढाइन्छ । नेपाली कागजमा मृतकको नाम लेखेको *'मीनज्याङ'* बनाउने र पकाएको भातमाथि त्यसलाई राख्ने, सेतो कपडामा चामलका साथै पैसा, फलफूल, मिठाई, सेलरोटी, पुरी चढाउने गरिन्छ ।

घ्यावा कर्म गर्दागर्दै लामाले आफ्नो मन्त्रद्वारा मृतात्मालाई बोलाउने गर्दछन् । त्यो मृतात्मा घरपरिवारमध्ये कसैमा आउने गर्दछ र ऊ बोल्ने गर्दछ यसलाई *'सेन्सिङ्ग'* बोलाउने भनिन्छ । जीवित व्यक्तिको शरीरमा मृतात्मा पसेर ऊ मरेको, उसको मनमा रहेका कुरा, अहिलेको उसको अवस्थालगायत आदि कुराहरू बक्ने गर्दछ भनिन्छ । जिरेलहरूको समाजमा विद्यमान यो एक अनौठो प्रक्रिया हो ।[३७] अन्तमा लामाले फूल, टीका लगाएपछि त्यो सेतो कपडामा राखेको खानेकुरा परिवारभित्रको लोग्ने मानिसहरूले टाउकोमा राखेर त्यहाँ भएको बाजागाजाका साथ लामालगायत सबै पाँच छ मिनेटको बाटो टाढा चउरमा पुऱ्याई अन्तिम बिदाई गरिने र त्यसमा भएको खानेकुरा मृतकको प्रसाद भनेर त्यहाँ गएका सबैले अनिवार्य रूपमा सानो टुक्रा खानै पर्ने भन्ने चलन रहेको छ । त्यसमा भएको चामल र सेतो लामो पटुका जस्तो कपडा उक्त लामालाई दिइन्छ ।

हालका दिनहरूमा घ्यावा कर्ममा समय, श्रम र धन धेरै खर्चिनुपर्ने भएकाले एक दिनमै यो कर्म समाप्त गर्नुपर्ने र जाँड, रक्सी, माछा, मासु आदि राख्न नहुने वा राख्दा पनि कम राख्नुपर्ने, कपाल खौरन नपर्ने, रक्सीले मातेर आफूमाथि मृतात्मा आयो भन्दै उफ्रने गरेकोले यस कर्ममा विकृतिहरू बढ्दै गएको भन्ने कतिपय बुद्धिजीवीहरूको भनाइ रहेको छ । मृतकको आत्माको चिरशान्तिको लागि बाटोघाटो, चौतारा, धारा बनाउने, वर, पिपल वा लाँकुरीका बोट रोप्ने, साँघु (पुल) हाल्ने जिरेल समाजमा संस्कार रहेको छ ।[३८] विभिन्न अवसरहरूमा यस्तै प्रकारका अनेकौं खर्चिला केही धार्मिक, सामाजिक कर्मका कारणले पनि हुन सक्छ, बौद्धधर्म त्यागी केही जिरेलहरू हालका दिनहरूमा इसाई लगायतका अन्य धर्महरूमा आकर्षित भएको पनि उदाहरणहरू पाइन्छन् ।

---

[३७]सुमनकृष्ण, पूर्ववत् पाद टिप्पणी नं.६, पृष्ठ १४ ।

[३८]सुमनकृष्ण, पूर्ववत् पाद टिप्पणी नं.६, पृष्ठ १४ ।

## ५.९ जिरेल बौद्ध समाजमा प्रचलित केही चाडपर्वहरू

हाम्रो देशको उत्तरी भेगमा बसोबास गर्ने विभिन्न बौद्धमार्गी जनजातिहरूमध्ये जिरेल पनि एक हो । यस जातिको सामाजिक संरचना, सांस्कृतिक परम्परा र यस जातिले मनाउने गरेका चाडपर्वहरूमा र महिलाहरूको सहभागिता पनि विशिष्ट खालको छ । परापूर्वकालदेखिबाट नै जिरी उपत्यका जिरेलहरूको किपटको रूपमा स्वामित्वमा रहेको जिरी उपत्यकामा विस्तारै अन्य जातजातिको प्रवेश बढ्दै गएका कारण जिरेलहरूको सामाजिक संरचना तथा सांस्कृतिक परम्परामा क्रमश: ह्रास आउदै गइराखेको देखिन्छ तापनि यो जाति आफ्नो धर्म, भाषा, रीतिरिवाज र संस्कृतिमा धनी छ ।

जिरेल समुदायका आ-आफ्नै कुल देवताहरू हुन्छन्, जसको प्रत्येकवर्ष एक पटक पूजा गर्ने गरिन्छ, यस पूजामा फोम्बोलाई बोलाई बोका वा कुखुरा काटी आफन्तहरू बोलाई भोज दिइन्छ । कुलपूजा गर्दा पाकेको भातको विभिन्न आकारप्रकारको मूर्ति बनाइन्छ जसलाई यस भाषामा *'तोर्मा'* भनिन्छ । यो तोर्मामा काटेको बोकाको वा कुखुराको रगत छर्किइन्छ । पकाएको एकएक ओटा अण्डा प्रत्येक तोर्मासँगै राखिन्छ । पुजारीले पूजा समाप्त गरिसकेपछि उक्त तोर्मा पहिला कुल देवतालाई चढाउँछन् र तत्पश्चात् त्यस घरका व्यक्तिहरूले प्रसादका रूपमा बाँडेर खान्छन् । बनाइएका विभिन्न भातका मूर्तिहरूमध्ये मुख्य मूर्तिलाई विभिन्न टुक्रामा काटिन्छ र तत्पश्चात् कोदोको रक्सी र मासुका साथ भोज गरी जिरेलहरूको कुलपूजाको प्रक्रियाको अन्त हुन्छ । श्रावणको सङ्क्रान्तिको बिहान घरमा आफ्नो क्षमता अनुसारको परिकार पकाएर घरको मूलीले सवै खाने कुरा थोरै एक भाग कुल देवतालाई र एक भाग आफ्ना पितृलाई चढाउने प्रचलन केही जिरेल परिवारमा यथावत् नै रहेको छ ।[३९]

स्थानीय बुद्धिजीवीहरूका अनुसार हालसालै मात्र बौद्धमार्गी जिरेलहरूले पनि बौद्ध धर्मावलम्बीको मुख्य चाड बुद्ध जयन्ती र ल्होसार मनाउन थालेका छन् । तर ल्होसार चाड तामाङ, शेर्पाहरूले पौषमाघमा मनाउने गर्दछन् भने जिरेलहरूले दसैं, तिहार, धुमधामसँग मनाउँदछन् । यसका अलावा बैशाख एक गते नयाँबर्ष, साउने सङक्रान्ति, माघे सङक्रान्ति, चैते दसैं, आमा, बुवाको मुख हेर्ने दिन तथा अन्य परम्परागत चाडहरू पनि सबै जातिले समयानुसार मनाउने गर्दछन् ।

---

[३९] सुमनकृष्ण, पूर्ववत् पाद टिप्पणी नं.६, पृष्ठ १२ ।

## ५.१० पूजाआजा

जिरेल जातिले लौकिक र अलौकिक दुबै शक्तिलाई देवीदेवताको रूपमा पूजा गर्ने गर्दछन् । कालीदेवीलाई अलौकिक शक्ति मान्दछन् भने गाई, गोरु, कुकुर आदिलाई लौकिक शक्तिका रूपमा पुज्दछन् । भूमिपूजा, नौलोपूजा, गुरुपूजा आदि यस जातिले मान्ने गरेका अति महत्त्वपूर्ण पूजाहरू हुन् ।[४०]

### ५.१०.१ भूमे पूजा

जिरेलहरू भूमिलाई धर्तीमाताको रूपमा अत्यन्त सम्मान गर्ने गर्दछन् । आफ्नो कुल देवताको रूपमा बैशाख पूर्णिमाको दिनमा कुल पूजा गर्दछन् भने अरू वेला पनि औँसी पूर्णिमाका दिन पनि भूमेको पूजा गर्ने गर्दछन् । सर्वप्रथम भूमे पूजा नगरिकन अरू पूजा गर्न हुन्न भन्ने जिरेलहरूमा जनविश्वास व्याप्त छ । जिरेलहरू भूमे पूजामा र छोरीको बिहे गर्दा बाहेक अरू कुनै तिथिहरूमा व्रत बस्दैनन् ।

### ५.१०.२ नौलो पूजा

जिरेलहरूको संस्कारमा नयाँ अन्न बारीबाट घरभित्र भित्र्याउने वा नयाँ अन्न खाने बेलामा गरिने पूजालाई नौलोपूजा भनिन्छ । यस पूजामा अन्य पूजाहरूमा जस्तै भोग दिने चलन नभए तापनि यो पूजा गर्दा विभिन्न देवीदेवताहरूको नाममा नयाँ अन्न, माछा, सिन्दुर, सुपारी, धुप आदि चढाउने गरिन्छ ।

### ५.१०.३ गुरु पूजा

यस पूजाको उद्देश्य विशेष गरी आफ्नो गुरु अर्थात् झाँक्रीप्रति कृतज्ञता ज्ञापन गर्नु तथा आफ्नो परिवारलाई कुनै खालको अनिष्ट रोग-व्याधि नलागोस् भनेर कुल देवतालाई पूजा गर्नु हो । जिरेलहरूले तिहारमा लक्ष्मीको पूजा र दुर्गापूजा पनि गर्ने गर्दछन् । यस बाहेक हिन्दुहरू झैँ घरको आँगनमा तुलसी मठ बनाएर पूजा गर्ने नगरे तापनि वर र पिपलको पूजा गर्ने गर्दछन् ।

### ५.१०.४ कुलदेवता पूजा

जिरेलहरू हाल पनि कुलपूजा गर्दा घरलाई सफा-सुग्घर गरी साँझ जाँड पिधार्ने, मिठा-मिठा परिकार पकाउने भोलिपल्ट बिहान सिमरौनगढ गएर देउता लिएर आउने र

---

[४०]रामबहादुर, पूर्ववत् पाद टिप्पणी नं. २५, पृष्ठ ३७ ।

पूजा-आजा गरेर फेरी सिमरौनगढमै लगेर फिर्ता गर्ने गर्दछन् । सुरु-सुरुमा प्रकृति धर्म अर्थात बोनधर्म मान्ने जिरेलहरू हाल आएर समयको परिवर्तन सँगसँगै बौद्ध र हिन्दुधर्मको प्रभाव आफ्नो घरपरिवारममा पर्दै गएको अनुभूति गर्दछन् र सोही अनुसार पूजाआजा पनि गर्ने गर्दछन् । हालका दिनहरूमा जिरेलले मान्ने धर्ममा पनि केही परिवर्तन भएको देखिन्छ । तिब्बतबाट शेर्पाहरू नेपालमा आएपछि उनीहरूसँगको उठ्‌वस एवम् सम्पर्कका कारण बौद्धधर्मको प्रभाव परेपछि यिनीहरुले मान्ने धर्ममा परिवर्तन भएको हो । त्यसको उदाहरण पहिला मृत्यु संस्कारमा शेर्पालामा नै बोलाउने गरिन्थ्यो भने पछि जिरेलहरू तिब्बतमा गएर बौद्ध शिक्षा सिकेर आएपश्चात् जिरेल लामाहरूले मृत्यु संस्कारको काम आफैले गर्ने गर्दछन् र यो बौद्ध परम्पराअनुसार गरिन्छ ।

## ५.११ जात्रापर्वहरू

नेपालका अन्य जातजातिहरुले झैं जिरेलहरूले पनि विभिन्न समयमा विभिन्न किसिमका जात्रापर्वहरू धुमधामले मनाउने गर्दछन् । जिरी उपत्यकामा बसोबास गर्ने यो जाति लगायत अन्य जातजातिले समेत मनाउने गरेका मुख्य जात्रापर्वहरू निम्नअनुसारका रहेका छन्:

**तालिका ५.४: जिरी उपत्यकामा बसोबास गर्ने जिरेलहरूले मनाउने जात्राहरू**

| क. सं. | मनाइने जात्राहरू | जात्रा मनाउने समय |
|---|---|---|
| १ | जिरीश्वरी महादेवथान जात्रा | नागपञ्चमी |
| २ | ढुँगेश्वरी जात्रा | माघे सङक्रान्ति |
| ३ | बज्युथान जात्रा | दसैंको फूलपाती |
| ४ | सेतीदेवीथान जात्रा | दसैं पूर्णिमा |
| ५ | टुक्पा गुम्बा जात्रा | श्रावण पूर्णिमा |

स्रोत: जिरी गा.वि.स. को कार्यालय, २०६९ ।

## ५.१२ उपसंहार

नेपाल बहुजातीय, बहुभाषिक मात्र नभएर एक बहुसांस्कृतिक परम्परा भएको देश पनि हो । भौगोलिक रूपमा सानो देखिए तापनि जाति, भाषा एवम् संस्कृतिको धनी हाम्रो देश नेपालमा करिब १२५ वटा जातजातिहरू बसोबास गर्दछन् । त्यसमध्ये दोलखा जिल्लाको जिरी उपत्यका, केही छिमेकी गाउँहरू र आसपासका जिल्लाहरूमा समेत बसोबास गर्दै आएको

जिरेल जाति पनि एक अति विशिष्ट पहिचान सहितको जातिमा पर्दछ । जिरेलहरूको उत्पत्तिको विषयमा ठोस ऐतिहासिक आधारहरूको कमीका कारणले अनेकौं भनाइहरू सामुन्ने आउँदछन्, जस मध्ये सुनुवार केटा र शेर्पा केटीबाट जन्मिएको सन्तान नै जिरेल हो र यस जाति नेपालको वर्णशङ्कर (hybrid) जाति हो भन्ने भनाइ बढी आधिकारिक मानिएको छ र त्यसै कारणले पनि हुन सक्छ, जिरेलहरूको सामाजिक, साँस्कृतिक रहन सहन सुनुवारहरूसँग धेरै मिल्दो-जुल्दो छ । राष्ट्रिय स्तरमा अत्यन्त न्यून जनसङ्ख्या रहेको यो जाति, भाषा, सामाजिक संस्कार, चाडपर्व, परम्परा र रहन-सहनमा अत्यन्तै सम्पन्न छ ।

जिरी क्षेत्रमा कुन जाति कहिलेदेखि आई बसोबास गर्दै यहाँको जमीनहरूमा आवाद गर्न थाले भन्ने कुराको कुनै ठोस आधार कतै पाइँदैन तथापि केही समाजशास्त्रीहरूले जिरेल किराँतहरूको एउटा हाँगा हो र यिनीहरू करिब एकहजार वर्षअगाडि नेपालको पूर्वी भू-भागबाट यस उपत्यकामा बसाइ सरेका हुन् र कालान्तरमा जिरीमा बस्ने गरेका कारण जिरेल भनेर चिनिन पुगे भन्ने तर्क अगाडि सारेका छन्, तापनि यिनीहरूको उत्पत्ति, कहाँ, कहिले र कसरी भयो भन्ने कुरा हालसम्म पनि खोजकै विषय रहेको छ । यस जातिको आफ्नै लिपि नभए तापनि आफ्नै भाषा, संस्कार, चाडपर्व, परम्परा र रहनसहन छन् । जिरेलहरूले बोल्ने भाषा भोट-बर्मेली भाषा समूहअन्तर्गत पर्दछ । सङ्ख्यागत रूपमा ८४ प्रतिशत जिरेलले जिरेल भाषालाई आफ्नो मातृभाषाका रूपमा बोल्दछन् ।

प्राचीन कालमा जिरेलहरूले बोनधर्म मान्दथे । यस धर्ममा आगो, पानी, बायु, जमिन आदिलाई पूजा गर्ने र पुरोहितको रूपमा झाँक्रीलाई मान्दथे, जसको अवशेषका रूपमा हालसम्म पनि यस क्षेत्रमा धार्मिक कार्यहरूमा झाँक्रीलाई बोलाउने प्रचलन कायमै रहनुलाई लिन सकिन्छ । करिव पाँचपुस्ता अघिसम्म प्राकृतिक धर्म अर्थात् बोनधर्म मान्ने यो जाति करिब ५०० वर्ष पहिलेबाट तिब्बतबाट यस भेगमा बौद्धधर्मको प्रवेशसँगै बौद्धधर्ममा विश्वास गर्न थालेको मानिन्छ । हाल आएर करिव ८० प्रतिशत जिरेलहरूले बौद्धधर्म अङ्गीकार गर्दछन् तर हिन्दु धर्म र चाडपर्वहरूलाई पनि उत्तिकै महत्त्व दिने गर्दछन् ।

यस भेगमा जब अन्य जातजातिहरू खासगरी खस हिन्दुहरूको प्रवेश शुरु भयो, खस भाषा र संस्कृतिको प्रभाव व्यापक हुनगयो । क्रमिक रूपमा बौद्धमार्गी जिरेलहरू हिन्दुहरूको प्रभावमा रहनु र यिनीहरूको उठ्बस र घुलमिलका कारण यिनीहरूमा हिन्दु धर्मको पनि जवरदस्त प्रभाव पर्न गयो । यसका कारण यस उपत्यकामा मूलत: तिब्बती-बौद्धधर्मलाई अङ्गीकार गर्ने जिरेलहरू जन्म संस्कार झाँक्रीद्वारा गराउँछन्, मृत्यु संस्कारमा

बौद्ध परम्परालाई अङ्गीकार गर्दछन् र कतिपय देवकार्य, विवाह संस्कारहरू हिन्दु ब्राहम्णहरूबाट गराउन थालेका छन् । चाडपर्वहरू सबै हिन्दुले झैं मनाउने गर्दछन् ।

नेपालका अन्य जातजातिहरू झैं सामाजिक र सांस्कृतिक परीवेशमा आफ्नै महत्त्व राख्ने यो जाति एक्काइसौं शताब्दीमा पनि अति नै पिछडिएको र अत्यन्त न्यून आय स्रोत भएको जनजाति मध्ये पर्दछ । यही अवस्थालाई आधार बनाएर नेपाल सरकारले यस जातिलाई एक सीमान्तकृत जनजातिको समूहभित्र राखेको हो । यस जातिको मुख्य पेशा कृषिमा निर्भर छ । यसका अलावा नोकरी र व्यापार व्यवसायमा समेत यस जातिको संलग्नता हालका दिनहरूमा उल्लेख्य रूपमा बढ्दै गएको पाइन्छ । यसका साथै पछिल्लो समयमा बैदेशिक रोजगारीमा जानेको सङ्ख्या पनि बढ्दै गएको छ ।

सांस्कृतिक परम्पराको हकमा जिरेल जातिले लौकिक र अलौकिक दुबै शक्तिलाई पूजा गर्ने गर्दछन् । कुलपूजा, भूमिपूजा, नौलोपूजा, गुरुपूजा आदि यस जातिले मान्ने गरेका अति महत्त्वपूर्ण पूजाहरू हुन् । संस्कृति र संस्कारहरू सम्पूर्ण जातजातिका आफ्नै मौलिक चिनारी हुने गर्दछन् । तर हालका दिनहरूमा नेपालका अन्य जनजातिहरूमा झैं यस जातिको खासगरी युवा पिंढीले उल्लेखनीय तबरले अन्य भाषा, धर्म, भेषभुषा रहन सहनमा आकर्षित हुने र त्यसैलाई नै आफ्नो व्यक्तित्व विकासको मुख्य सूचकको रूपमा लिन थालेकाले यिनीहरूको आफ्नो धार्मिक तथा सांस्कृतिक पहिचान, धार्मिक विश्वास, भाषा, संस्कृति आदि दिनानुदिन लोप हुँदै गइराखेको देखिन्छ ।

जिरेल समुदायमा थर उपथरको किसिमले विवाह जस्ता कामहरूमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । यस समुदायको नेतृत्वको भूमिकामा समुदायका सदस्यहरूको उमेरको भूमिका महत्त्वपूर्ण रहन्छ । समुदायमा अरूभन्दा पाको र बुद्धिमान् व्यक्तिले थरहरूको बीचमा र एउटै थरका सदस्यहरूको बीचमा हुन सक्ने विभिन्न खाले विवादलाई हल गर्ने काम गर्दछन् । यसको अलावा मूलथर र उपथरहरू छुट्याउने सल्लाहमा पनि यिनै व्यक्तिको मुख्य भूमिका रहने गर्दछ । तर हालका दिनहरूमा विविध सांस्कृतिक परम्पराहरूको ज्ञान पुरानो पिंढीसँगै क्षयीकरण हुदै गएको देखिन्छ ।

जिरेल जातिले आफ्नो संस्कार बर्षौंबाट सुरक्षित राखेको पाइन्छ । देवतालाई त्रिशूल चढाउने, कुलदेवताको पूजा गर्दा सूर्यलाई पूजा गर्ने, धार्मिक स्थलहरूमा तेलको बत्ती बाल्ने र बलि दिने आदि जिरेलहरूको धार्मिक संस्कृतिभित्र पर्दछ । यस जातिमा अन्य

जातजातिहरूको तुलनामा सामाजिक सशक्तीकरणको अवस्था खास गरी घर व्यबहारमा निर्णय गर्ने अधिकार र गाँउमा हुने सम्पूर्ण सामाजिक क्रियाकलापहरूसँग सम्वन्धित निर्णय प्रक्रियामा समेत महिलाहरूको सहभागिता सशक्त रहेको देखिन्छ ।

जिरेलहरूले जन्मदेखि मृत्युसम्म अनेकौं संस्कारहरू अवलम्बन गर्ने गर्दछन् भने कुलपूजा, भूमेपूजा, नौलोपूजा, गुरुपूजा आदि केही प्रमुख पूजाहरू पर्दछन् । माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, बडा दसैं, भाइटीकाजस्ता चाड पर्वहरू अत्यन्तै महत्त्वका साथ आफ्नो आर्थिक क्षमताअनुसार धुमधामले मनाउने यो जिरेल जाति सामाजिक, सांस्कृतिक परम्परामा अत्यन्त धनी छ ।

अध्याय छ

# जिरीस्थित जिरेल बौद्ध समाजमा महिलाहरूको सामाजिक-आर्थिक अवस्था

## ६.१ पृष्ठभूमि

कुनै पनि समाजको समताको न्यायोचित विकास र प्रगतिको मापदण्ड महिलाबाट नै हुने गरेको कुरामा इतिहास साक्षी छ । महिला र पुरुषबीच कुनैखाले भेदभाव नभएको समाज नै विकसित भएको देखिन्छ । समाजमा रहेको धार्मिक, सांस्कृतिक, आर्थिक, कला, साहित्य, भाषा, परम्परा आदिलाई थप समृद्धिमा लैजान सबै समाजमा महिलाहरूकै भूमिका सदा निर्णायक र प्रधान हुने गरेको छ । यिनै महिलाहरूको अथक प्रयासद्वारा नै आफ्ना सन्तानहरूमा माया, ममता, करुणा, शिक्षा र संस्कार प्राप्त हुन्छ भने महिलाहरूकै सक्रियतामा नै कुनै पनि समाजको धर्म, संस्कृतिको विकास र विस्तार हुने गर्दछ ।[1] यही महत्त्वलाई आत्मसात् गर्दै ऋग्वेदकालीन समाजले महिलाहरूलाई उच्च स्थान दिएको तथ्य प्राचीन ग्रन्थहरूमा प्रशस्त पढ्न पाइन्छ । प्राप्त जानकारीका अनुसार तत्कालीन समाजमा महिला र पुरुषबीच कुनै विभेद थिएन । विश्ववारा, अपाला, घोषा, गायत्री, गार्गी, मैत्रेयी आदि जस्ता विदुषी महिलाहरूले तत्कालीन महिला समुदायको नेतृत्व गर्नुका साथै शिक्षाको माध्यमद्वारा प्राचीन धर्म संस्कृतिको उत्थानमा समेत अलग्गै महत्त्वपूर्ण योगदान दिएको देखिन्छ । तर दुर्भाग्यवश, त्यसपछिका युगमा भने महिलाको अवस्था क्रमश: खस्कँदै गयो, फलस्वरूप स्मृति र पुराणहरूमा महिलालाई यो वा त्यो बहानामा बन्धनमा बाँध्ने अनेकौं नियमहरूको सूत्रपात गरिए, जसका कारण जुनसुकै समाजमा पनि महिलाहरूको स्थान, भूमिका र योगदान खस्किँदै गयो ।

शताब्दीयौँदेखि नेपाल एक पितृसतात्मक देश रहिआएको छ । यहाँका महिलाहरू पुरुषको तुलनामा उत्पीडनमा छन् र यिनीहरूको श्रम पनि अनुत्पादक क्षेत्रमा बढी लगानी भइराखेको पाइन्छ । समाजमा विद्यमान पितृसत्तात्मक सोच र महिलाहरूको सम्पत्तिमा कम पहुँच, आत्मनिर्भरता नहुनु, घरायसी झमेला आदिका कारण सबै क्षेत्र, लिङ्ग, धर्मका सम्पूर्ण क्षेत्रमा महिलाहरू उत्पीडित देखिन्छन् । त्यसमा पनि भौगोलिक विकटता, आर्थिक विपन्नता, अशिक्षा आदिका कारणले पछि परेको जिरेल जाति र यस जातिभित्र पनि

---

[1]प्रा.डा.रञ्जना बज्राचार्य, 'नेपालको बौद्धधर्म र बौद्ध संस्कृतिको प्रबर्द्धनमा महिलाको योगदान', *बुद्ध ज्योति,* काठमाडौँ: त्रि.वि.बुद्धिस्ट स्टडिज् डिपार्टमेन्ट, पद्मकन्या मल्टिपल् क्याम्पस् भोलुम् १, (२०७०), पृष्ठ ५१ ।

तुलनात्मक रूपमा पुरुष वर्गभन्दा सबै कुरामा उत्पीडनमा परेका महिलाहरूको आफ्नो समाजमा सामाजिक र आर्थिक अवस्थाका बारे विस्तृत अध्ययनको लागि महिलाको शिक्षाको अवस्था, महिलाको वैवाहिक विवरण, महिलाको घर-परिवारमा निर्णय गर्ने अधिकार, महिला पुरुषबीच विद्यमान भेदभावको अवस्था, महिलाको आफ्नो परिवारमा आर्थिक अधिकार, शोध अध्ययन गरिएको क्षेत्रमा सामाजिक सङ्घ-संस्थाको जानकारी र जिरेल महिलाहरूको सामाजिक काममा योगदानको संरचनागत प्रक्रियालाई समावेश गरी यस शोधप्रबन्धका लागि तथ्याङ्क सङ्कलन गरिएको छ । सो आधारमा जिरेल महिलाहरूको सामाजिक र आर्थिक अवस्थाका साथै उनीहरूको भूमिका र योगदानसमेत यस अध्यायमा समेटिएको छ ।

## ६.२ जिरेल बौद्धमार्गी महिलाहरूको सामाजिक अवस्था


कुनै पनि जातजातिको सामाजिक-आर्थिक स्थितिको ठोस अध्ययनका लागि उक्त जातिको जीवनशैली, शैक्षिक स्तर, आर्थिक तथा सामाजिक क्रियाकलापजस्ता विविध पक्षहरूको गहिरो अध्ययन गर्नुपर्ने हुन्छ । यस शोधप्रबन्धले समेटेको जिरेल जातिको सामाजिक-आर्थिक अवस्थाको विस्तृत अध्ययनका लागि यस शोध कार्यमा सहभागी भएका उत्तरदाताहरूको उमेर, पारिवारिक बनोट, पारिवारिक स्थिति, सामाजिक हैसियत, शिक्षाका विभिन्न पक्षहरू, वैवाहिक स्थिति, घर-परिवारमा निर्णय गर्ने अधिकारलगायतका विभिन्न पक्षहरूलाई समेटिएको छ ।

### ६.२.१ शिक्षाको अवस्था

शिक्षा सभ्य र विकसित मानव समाजको लागि एक अनिवार्य आवश्यकता हो । शिक्षाकै कारण हामीले अहिले देखिरहेको अत्याधुनिक प्रविधियुक्त विश्व सम्भव भएको हो, जसले मानव जीवनलाई ज्यादै सजिलो पारिदिएको छ । शिक्षाले व्यक्ति, घर, हामी बस्ने समाज, गाउँ र राष्ट्रलाईसमेत प्रत्यक्ष/अप्रत्यक्ष रूपमा प्रभाव पारेको हुन्छ । शिक्षा नै मानवीय जीवनका लागि अत्यावश्यक साधन भएकाले सबैले शिक्षा लिन पाउनु उसको नैसर्गिक अधिकार मानिन्छ । आजको समयमा शिक्षा सबै जातजाति, लिङ्ग, धर्म आदिको लागि समान हुनुपर्छ भन्ने मान्यता भए तापनि विशेष गरी पितृसत्तात्मक नेपाली समाज र यसबाट बनेका परम्परागत मूल्य मान्यताद्वारा सञ्चालित हाम्रो समाजमा छोरा र छोरीलाई समानरूपमा हेरिँदैन । उदाहरणको लागि छोराको लागि सम्भव भएसम्म राम्रो र महँगो

शिक्षा र छोरीको लागि त्यति महत्त्व नदिने हाम्रो समाजमा छोरीको शैक्षिक स्थिति र यसबाट सिर्जित उनीहरूको चेतनाको स्तर आजको समयसम्म पनि धेरै पछाडि पर्न गएको छ । महिला शिक्षित भइसकेपछि मात्र घर परिवार, समाज, गाउँ र राष्ट्र शिक्षित हुन्छ, त्यसपछि मात्र विकासका बाटाहरू खुल्न सहज हुन्छ । तसर्थ उत्तरदाता जिरेल महिलाहरूको शैक्षिक अवस्थाका बारेमा संकलित जानकारी तल पाईचार्ट संख्या ६.१ मा प्रस्तुत गरिएको छ ।

यस अध्ययनअन्तर्गत जिरीमा गरिएको स्थलगत सर्वेक्षण (२०७२) बाट प्राप्त आँकडाअनुसार अनुसन्धानका सहभागी जम्मा १०१ जना उत्तरदाता महिलामध्ये ४२ प्रतिशत महिलाहरू निरक्षर छन् भने साक्षरहरूको सङ्ख्या जम्मा ३९ प्रतिशत रहेको छ, त्यसमध्ये एस.एल.सी. र आई.ए. पास गर्ने उत्तरदाता महिलाहरू क्रमश: ७, ७ प्रतिशत रहेका छन् भने वि.ए. वा सो भन्दा माथिको अध्ययन गरेका जिरेल महिलाहरू जम्मा ५ प्रतिशत मात्र छन् (पाईचार्ट संख्या ६.१) ।





**पाईचार्ट सङ्ख्या ६.१: शैक्षिक स्तर (प्रतिशतमा)**

जिरी उपत्यकामा स्थानीय रूपमा नै विभिन्न स्तरका विद्यालयहरू दशकौंबाट स्थापना भई त्यहाँका बासिन्दाहरूलाई गाउँघरमै पढ्ने अवसर उपलब्ध भइरहेको भए तापनि माथिको चित्रले के प्रस्ट पार्दछ भने अहिले पनि जिरेल समाजका अधिकांश महिलाहरू या त निरक्षर छन् या सामान्यरूपमा साक्षर मात्र रहेका छन् र अत्यन्त थोरैले मात्र उच्च शिक्षा प्राप्त गर्ने अवसर पाएका छन् ।

### ६.२.२ शिक्षाको अवसर

उत्तरदाता महिलाहरूलाई स्थानीय स्तरमा नै शिक्षा प्राप्त गर्ने अवसर छ वा छैन भन्ने बारेमा जानकारीका लागि सोधिएको प्रश्नको अन्तर्वार्तामा सहभागी १०१ जना जिरेल महिलाहरूमध्ये जम्मा ४४ प्रतिशत उत्तरदाताहरूले कुनै न कुनै वेला एकपटक विद्यालय जाने अवसर पाएका थिए तर वीचमा विभिन्न कारणवश पढाई छोड्नुपर्‍यो भने बहुसङ्ख्यक अर्थात् ५६ प्रतिशत महिलाहरूले औपचारिक अध्ययनको कुनै अवसर नै नपाएको भेटियो ।




**पाईचार्ट सङ्ख्या ६.२: जिरेल महिलाहरूलाई शिक्षाको अवसर (प्रतिशतमा)**

स्थानीय स्तरमा नै विभिन्न तहका पाठशालाहरू उपलब्ध भए तापनि शिक्षा लिने अवसर नपाएका महिलाहरू विडम्वनावश कुनै न कुनै कारणले यस अवसरबाट वञ्चित भएका देखिए । माथि पाईचार्ट सङ्ख्या ६.२ मा प्रस्तुत आँकडाअनुसार एक्काइसौं शताब्दीमा पनि अत्यधिक (५६ प्रतिशत) जिरेल महिलाहरू शिक्षाको सुनौलो अवसरबाट वञ्चित देखिन्छन् । शोध अध्ययन गरिएको यस जिरेल समाजमा यस्तो अवस्था सृजनाहुनुका पछाडिका सामाजिक धारणालगायत के के अन्य कारणहरूले, के कस्तो भूमिका खेलेको हुन सक्दछन्, सो बारे यस अध्ययनमा विस्तृत खोजी गर्ने प्रयास गरिएको छ ।

### ६.२.३ महिला शिक्षाप्रतिको सामाजिक धारणा

यस अध्ययन क्षेत्रका उत्तरदाताको परिवारमा आमा-बुवाको शैक्षिक सचेतना र अज्ञानताले छोराछोरीको पठन-पाठनमा पर्ने प्रभाव आदिमा के कस्तो प्रभाव पारेको छ भन्ने बुझ्न सोधिएको एउटा प्रश्नमा उत्तरदाता महिलाहरूले आफ्ना बालबालिकाको भविष्यप्रति चिन्तित छन् वा छैनन्, बालबालिकालाई विद्यालय पढाउनका लागि पठाएका छन वा छैनन्, सामाजिकरूपमा शिक्षाप्रति कस्तो लैङ्गिक विभेद छ र वर्तमान समयमा समाजमा शिक्षाप्रति सचेतना बढेको छ वा छैन भन्ने कुरामा अध्ययन क्षेत्रका महिलाहरूसँगको प्रत्यक्ष भेटघाट र छलफलमा विगतमा आफूले पढ्न नपाएको कारणले अहिले झेल्न परेका यावत् समस्या बताउँदै शिक्षा छोराछोरी दुबैकोलागि अनिवार्य हुनुपर्छ भन्ने सचेतनासमेत हालका दिनहरूमा यस भेगमा उल्लेख्य रूपमा बढेको देखिन्छ । आफू विभिन्न अवसरबाट वञ्चित हुनुपरेको तथा अनेक समस्याबाट पिरोलिनु परेको प्रमुख कारण नै शिक्षाको कमीले हो भन्ने जस्तो सोच यस क्षेत्रका महिलामा व्यापक रूपमा रहेको पाइयो ।

**तालिका सङ्ख्या ६.१: छोराछोरीको पठन-पाठनमा प्राथमिकता (प्रतिशत)**

| क्र.सं. | प्राथमिकताको स्तर | प्रतिशत |
|---|---|---|
| १ | छोरा मात्र | १ |
| २ | छोरीमात्र | ० |
| ३ | दुबै | ५० |
| ४ | बच्चा सानो, एउटा मात्र बच्चा, अथवा बच्चा नभएको | ४९ |
| | जम्मा | १०० |

स्रोत: स्थलगत सर्वेक्षण २०७२ ।

यस अध्ययन क्षेत्रमा विद्यमान शैक्षिक गतिविधिसम्बन्धी सामाजिक सचेतना के-कस्तो छ र सामाजिक रूपमा छोरा वा छोरी कसले प्राथमिकता पाउने गरेका छन् भन्ने विषयमा माथि प्राप्त जानकारी माथिको तालिकाले प्रस्ट पार्दछ । तालिकाअनुसार यस अध्ययनमा सहभागी रहेका जम्मा १०१ जना उत्तरदातामध्ये १ प्रतिशत महिलाहरूले छोरालाई मात्र पाठशाला पठाउने गरेका छन् । छोरा र छोरी दुवैलाई पाठशाला पढ्न पठाउने उत्तरदाता महिलाहरूको सङ्ख्या वरावर (५० प्रतिशत) रहेको छ । बच्चा सानो

हुने, एउटा मात्र हुने अथवा बच्चा नहुने उत्तरदाता महिलाहरूको सङ्ख्या ४९ प्रतिशत रहनुका कारणले ४९ प्रतिशत उत्तरदाताहरू यस प्रश्नमा सहभागी हुन असमर्थ रहे । तर जिरेल समाजमा छोरा र छोरीबीचको पठन-पाठन प्राथमिकतामा जति नेपालका अरू समाजमा विभेद देखिन्छ, त्यति विभेद यहाँ छैन भन्ने प्रस्ट हुन्छ (तालिका सङ्ख्या ६.१) ।

केही थोरैबाहेक अधिकांश उत्तरदाताहरूले आजको समयमा सबैका लागि शिक्षा अनिवार्य हो र शिक्षा नै हरेक समस्या समाधानको एक अचुक अस्त्र हो भन्ने चेतना आएको पाइयो । नेपालका अन्य जातजातिमा झैं यस जातिमा पनि हालका दिनहरूमा बढिरहेको जनचेतनाका कारण परिवारमा छोरा होस् वा छोरी, सबैलाई शिक्षाको अवसर समान हुनुपर्छ भन्ने मान्यता बढ्दो रूपमा विद्यमान छ । अध्ययनका क्रममा छलफलमा सहभागी महिलाहरू प्राय जसो सबैले विगतमा आफूले चाहेको शिक्षा लिन नपाएको तितो अनुभव सुनाउँदै शिक्षा सबैका लागि समान हुनुपर्छ भन्ने धारणा व्यक्त गरेका थिए ।

## ६.२.४ छोरा र छोरी पठाउने पाठशालाको किसिम

हाम्रो समाजमा अहिले पनि छोरालाई निजी अर्थात् महङ्गो पाठशालामा र छोरीलाई सरकारी पाठशाला जहाँ निशुल्क अथवा कम खर्चमा पढाइ हुन्छ त्यहाँ पठाउने चलन व्यापक देखिन्छ । आफू छोरी भएकै कारणले समाजका विभिन्न पक्षहरूमा पछि परेको र आफूसँग पर्याप्त मात्रामा शिक्षा नभएकै कारण आफूले स-सानो कुरामा पनि समस्या भोग्नु परेकाले आफूले जस्तो आफ्ना छोराछोरीले पनि समस्या भोग्नु नपरोस् भन्ने भनाइ राख्ने सहभागी महिला उत्तरदाताका छोरा र छोरीको स्कुल र कलेजको किसिममा के फरक छ भन्ने विषयलाई केन्द्रमा राखी प्रश्न गर्दा प्राप्त हुन आएको आँकडालाई तालिका ६.२ मा दिइएको छ ।

अध्ययनमा संलग्न जम्मा १०१ जना उत्तरदाता महिलामध्ये परम्परागत सामाजिक मान्यता अर्थात् छोरीले भन्दा छोराले राम्रो शिक्षा लिनुपर्छ भन्ने मान्यता भएका महिला ७ प्रतिशत भेटिए । यी महिलाहरूले आफ्ना छोरालाई निजी र छोरीलाई सरकारी स्कुल/कलेज पठाउने सम्म गरेको पाइयो । यसको उल्टो छोरालाई सरकारी र छोरीलाई निजी स्कुल/कलेज पठाउनेको सङ्ख्या भने शून्य प्रतिशत रहेको छ । यसबाट पनि यो समाजले छोरा र छोरीलाई कसरी हेर्नेगरेको छ सो बारे केही जानकारी प्राप्त हुन्छ । तैपनि, छोरा मात्र नभएर छोरी पनि समानरूपमा शिक्षित हुनुपर्छ भन्ने सचेतना हालका दिनहरूमा यस समाजमा पनि जोडदार रूपमा बढ्दैगरेको पाइयो, जसका कारण छोरा र छोरीले

समानरूपमा समान पाठशालामा पढ्न पाउनुपर्छ भन्ने धारणा राखी छोरा र छोरी दुवैलाई एउटै स्कुल/कलेज पठाउने उत्तरदाता महिलाहरूको सङ्ख्या ४५ प्रतिशत रहेको छ ।

**तालिका सङ्ख्या ६.२: छोराछोरीको स्कुल र कलेजको किसिम (प्रतिशत)**

| क्र.सं. | किसिम | प्रतिशत |
|---|---|---|
| १ | छोरालाई निजी, छोरीलाई सरकारी स्कुल/कलेज | ७ |
| २ | छोरीलाई निजी छोरालाई सरकारी स्कुल/कलेज | ० |
| ३ | दुवैलाई एउटै स्कुल/कलेज | ४५ |
| ४ | बच्चा सानो, एउटा मात्र बच्चा अथवा बच्चा नहुने | ४८ |
| | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०७२ ।

यस अध्ययनमा सहभागी महिलाहरूमध्ये बच्चा सानो हुने, एउटा मात्र हुने अथवा बच्चा नभएका उत्तरदाता महिलाहरूको सङ्ख्या पनि उल्लेख्य (४८ प्रतिशत) रहेकाले यस प्रश्नमा सहभागी हुन सकेनन् तथापी छोरा र छोरी समान हुन् भन्ने मान्यता नेपालका अन्य जात जाति, धर्महरुमा झैं जिरेल समाजमा पनि विस्तारै व्यापक हुँदै गएको देखिन्छ ।

## ६.२.५ महिलाहरू विद्यालयमा भर्ना नहुनुको कारण

उत्तरदाता महिलाहरू विद्यालयमा भर्ना नहुनु अर्थात् शिक्षाको अवसरबाट बञ्चित हुनुको प्रमुख कारणका बारेमा सोधिएको प्रश्नमा सो हुनुमा विभिन्न कारणहरूले भूमिका खेलेको पाइयो (तालिका सङ्ख्या ६.३), त्यसमध्ये पढ्ने इच्छा नै नभएर विद्यालय नगएको भन्ने उत्तरदाता ५ प्रतिशत भेटिए भने विद्यालय नजिक नभएर विद्यालय जान नपाएको भन्नेहरूको सङ्ख्यामा पनि ५ प्रतिशत नै रहेको छ । निश्चित कारण नखुलाई विभिन्न कारणले घरबाट अभिभावकहरूले पढ्न नपठाएर पढाइबाट वञ्चित हुनुपरेको भन्ने उत्तरदाताको सङ्ख्या सबभन्दा बढी अर्थात् ५६ प्रतिशत रह्यो । प्रस्ट जवाफ प्राप्त हुन नसकेतापनि यसका पछाडी यो समाजमा पनि छोरा र छोरीलाई फरक फरक रुपमा हेर्ने हाम्रो समाजमा शताव्दियौंबाट विद्यमान पुरुषप्रधान दृष्टिकोण नै जिम्मेवार रहेको आभास

हुनेगर्दछ । यस अध्ययनमा विगतमा अन्य समाजमा झैं जिरेल समाजमा पनि छोरीलाई पढाउने चलन नै नभएका कारण आफू पढ्ने अवसरबाट वञ्चित हुनुपरेको भन्ने उत्तरदाता महिलाको सङ्ख्या २० प्रतिशत रहेको छ ।

**तालिका सङ्ख्या ६.३: विद्यालय नजानुको कारण**

| क.सं. | कारण | प्रतिशत |
|---|---|---|
| १ | पढ्ने इच्छा नभएर | ५ |
| २ | विद्यालय नजिक नभएको कारणले | ५ |
| ३ | घरबाट नपठाएर | ५६ |
| ४ | छोरीलाई पढाउने चलन नभएर | २० |
| ५ | आर्थिक अवस्था कमजोर भएकाले | १४ |
| | जम्मा | १०० |


स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

छोरीलाई पढाउने चलन नभएका कारणले छोरीहरूलाई पाठशाला पठाउने काममा अभिभावकहरू त्यति उत्साहित नहुनु पनि महिलाहरू निरक्षर हुनुको मुख्य कारणमध्ये एक देखिएको छ । उपर्युक्त आँकडाका अनुसार जिरेल समाज पनि छोरीलाई छोरासरह साक्षर बनाउने, शिक्षित बनाउने काममा पछी पर्नु अन्य जात जातिहरुमा झैं यस जातीमा पनि विद्यमान परम्परागत पुरुषप्रधान सोच नै जिम्मेबार रहेको देखिन्छ । यसका बाबजुद घरको आर्थिक अवस्था अत्यन्तै कमजोर भएका कारणले निरक्षर हुन बाध्य भएको भन्ने जिरेल महिलाहरूको सङ्ख्या पनि १४ प्रतिशत रहेको छ । यस नतिजाले सरकारी पाठशालाहरूमा महिला शिक्षा निशुल्क छ भन्ने सरकारी भनाइको खण्डन गर्दछ र शिक्षा सबैका लागि हुनुपर्दछ भन्ने सरकारी नाराको पनि अर्थ नभएको आभास दिन्छ (तालिका सङ्ख्या ६.३) ।

## ६.२.६ वैवाहिक स्थिति

फरक सांस्कृतिक परिवेश र अवस्थाअनुसार रीतिरिवाजहरुमा फरकपना पाइने गरेता पनि समाजले अवलम्वन गर्ने गरेको सामाजिक मूल्य, मान्यता र संस्कारको आधारमा वैधानिक रूपमा पारिवारिक जीवनमा बाँधिने प्रक्रिया नै वास्तवमा विवाह हो भनेर परिभाषित गरिन्छ । विवाह वास्तवमा त्यस्तो सर्वव्यापी संस्कार हो जसको माध्यमबाट केटा र केटी सँगै बस्ने अनुमति पाउने र पारिवारिक जीवनको शुरुआत गर्ने गर्दछन् । वैवाहिक स्थिति अर्थात महिलाले कुन उमेरमा विवाह गरेको हो भन्ने तथ्यले पनि त्यो समाजमा महिलाको स्थानमा प्रभाव के छ भन्ने देखाउँदछ । त्यस अर्थमा यस शोधको

प्रयोजनका लागि उत्तरदाता महिलाको वैवाहिक स्थिति, विवाहको किसिम र विवाह गर्दाको उमेरका बारेमा जानकारी लिनका लागि सोधिएको एक प्रश्नबाट प्राप्त जानकारी तल बार ग्राफ सङ्ख्या ६.३ मा दिइएको छ, जसमा छनौटमा परेका यस वडाका जम्मा १०१ जना उत्तरदाता जिरेल महिलाहरूमध्ये ८८ प्रतिशत महिला विवाहित र ८ प्रतिशत महिला विधवा अर्थात् एकल र ४ प्रतिशत महिला अविवाहित रहेका छन् भन्ने देखाउँछ ।





स्रोतः स्थलगत सर्वेक्षण,२०७२ ।

**बार ग्राफ सङ्ख्या ६.३: वैवाहिक स्थिति (प्रतिशतमा)**

## ६.२.७ विवाहको किसिम

व्यापकरूपमा जातीय विविधता भएको नेपाली समाजमा विवाहका विभिन्न किसिम विद्यमान छन् त्यसमध्ये प्रेमविवाह र मागी विवाह मुख्य मानिन्छन् । जिरेल समाज पनि हाम्रै नेपाली समाजको एक अभिन्न अङ्ग भएकाले यस समाजमा पनि अन्य समाजमा झैं मुख्यत: प्रेमविवाह र मागी विवाह दुबैखाले विवाहको प्रचलन रहेको पाइन्छ । यस शोधप्रबन्धका लागि स्थलगत अध्ययन गरिएको क्षेत्रमा चलनचल्तीमा रहेको विवाहको किसिमको हकमा भने ६८ प्रतिशत उत्तरदाता महिलाले प्रेमविवाह गरेको, २९ प्रतिशतले मागीविवाह गरेको र बाँकी ३ प्रतिशत उत्तरदाता अविवाहित नै रहेको पाइयो (पाइचार्ट सङ्ख्या ६.४) ।




स्रोतः स्थलगत सर्वेक्षण,२०७२ ।

**पाईचार्ट सङ्ख्या ६.४: विवाहको किसिम (प्रतिशतमा)**

माथि प्रस्तुत पाईचार्टमा देखिएको प्रेमविवाहको आँकडा हालका दिनहरूमा मात्र बढेको हो वा यो जिरेल समाजको परम्परागत विशेषता नै हो, सो विषय यस अध्ययनले समेट्न नसके तापनि यस समाजले खासगरी यूवा पिंढीले अत्यधिक सङ्ख्यामा मागीविवाह भन्दा प्रेमविवाहलाई नै प्राथमिकता दिएको पाइयो ।

## ६.२.८ विवाह गर्दाको महिलाको उमेर

कुनै समाजका महिलाको कुन उमेरमा विवाह भएको हो भन्ने तथ्यले पनि त्यो समाजमा चेतनाको स्तर कस्तो छ र त्यस समाजमा महिलाहरूको सामाजिक अवस्था कस्तो छ भन्ने कुरा दर्शाउँदछ । समाजमा विद्यमान धर्म, रीतिरिवाज, जात, शैक्षिक स्तर आदि जस्ता धेरै कारणहरूले विवाहको उमेरमा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा असर पारेको हुन्छ । हाम्रो समाजमा अहिले पनि वालविवाह, अनमेल विवाहजस्ता कैयौं कुरीतिहरू व्यापक छन् । वालविवाहले धर्ममा मात्र असर नपारी सिङ्गो समाजलाई नै प्रभावित गरेको हुन्छ किनभने बालमस्तिष्कले स्वास्थमा पर्ने असर, ठिक निर्णय लिनसक्ने क्षमताको कमी आदि हुनसक्छन् ।

यस अध्ययनमा पनि शोधार्थीद्वारा उत्तरदाता विवाहित जिरेल महिलाहरूलाई उनीहरूको कति वर्षको उमेरमा विवाह भएको थियो भन्ने प्रश्न सोधिएको थियो, जस अनुसार अध्ययनमा सहभागी १०१ जनां मध्ये ५२ प्रतिशतको तलको तालिकाअनुसार

जम्मा १५-१९ वर्षको कलिलो उमेरमा नै विवाह भइसकेको पाइयो । यस तथ्यले यस समाजमा अहिलेसम्म पनि बालविवाहको चलन व्यापक नै छ भन्ने जानकारी दिन्छ । यसै गरी ३६ प्रतिशतले २०-२४ वर्षको उमेरमा विवाह गरेको पाइयो । सबैभन्दा कम अर्थात् ८ प्रतिशत महिलाहरूले २५-२९ बर्ष उमेर समूहमा विवाह गर्ने रहेका छन्, जुन समय भनेको विवाहको लागि ज्यादै उपयुक्त उमेर रहेको मानिन्छ (तालिका सङ्ख्या ६.४) ।

**तालिका सङ्ख्या ६.४: महिलाहरूको विवाह गर्दाको उमेर (बर्ष)**

| क्र.सं. | उमेर समुह | प्रतिशत |
|---|---|---|
| १ | १५-१९ | ५२ |
| २ | २०-२४ | ३६ |
| ३ | २५-२९ | ८ |
| ४ | थाहा छैन | १ |
| ५ | अविवाहित | ३ |
| | जम्मा | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७२

उत्तरदाता महिलाहरूमध्ये १ प्रतिशतलाई आफ्नो विवाह गर्दाको उमेर नै थाहा नभएको पाइयो जसको प्रमुख कारण बालविवाह पनि हुनसक्छ भने ३ प्रतिशत महिलाहरू अन्तर्वार्ताको समयसम्म अविवाहित नै रहेका पाइए (तालिका सङ्ख्या ६.४) ।

## ६.२.९ जिरेल बौद्ध समाजमा लैङ्गिक विभेदको अवस्था

हाम्रो समाजमा विद्यमान अन्य जातजातिहरूमा झैं जिरेल जातिमा पनि महिलाहरू पुरुषबाट आफू हेपिएको ठान्दछन् वा ठान्दैनन् सो विषयमा यस अध्ययन कार्यमा सहभागी १०१ महिलाहरूबाट जानकारी लिइएको थियो (तालिका सङ्ख्या ६.५) । जिरेल समाजमा पुरुष महिलाबीचको भेदभाव कस्तो छ अर्थात् यी महिलाहरू पुरुषबाट हेपिएको महसुस गर्दछन् कि गर्दैनन् भन्ने प्रश्नमा सहभागी उत्तरदाता महिलाहरू मध्ये २२ प्रतिशतले पुरुषबाट आफू हेपिने गरेको बताएका छन् भने ७७ प्रतिशतले हालका दिनसम्ममा त्यस्तो विभेद केही महसुस गर्नु नपरेको बताएका छन् । यस्तै १ प्रतिशत सहभागीहरू यस बिषयमा आफूलाई कुनै अनुभुति नै नभएको बताउँछन् । यस जानकारीबाट नेपालमा

बसोबास गर्ने अन्य जातजातिहरूको तुलनामा जिरेल जातिका महिलाहरू पुरुषबाट कम अपहेलित रहेका छन् भन्ने देखाउँदछ, तर अन्य धर्म, जात जातिहरूमा विद्यमान परम्परागत पुरुषप्रधान समाजको सोचको प्रभावबाट यो जाति पनि अछुतो रहन सकेको भने देखिँदैन ।

**तालिका सङ्ख्या ६.५: समाजमा पुरुषभन्दा आफू हेपिएको जस्तो लाग्छ/लाग्दैन ?**

| क.सं. | उतरदाता | प्रतिशत |
|---|---|---|
| १ | लाग्छ | २२ |
| २ | लाग्दैन | ७७ |
| ३ | थाहा भएन | १ |
| | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

लैङ्गिक आधारमा हेर्दा सन्तान उत्पादनसँग सम्बन्धित प्रकृतिले नै दिएको हदसम्म मात्र महिला र पुरुषको भूमिका फरक रहन्छ भने अरू कुराहरूमा यी दुईबीच अवसर र कर्तव्य निर्वाह गर्ने सन्दर्भमा समान रहने र राज्यले पनि समान व्यवहार गर्ने अवस्था मात्र न्यायसङ्गत मानिन्छ र आजको सभ्य समाजको आवश्यकता पनि त्यही नै हो । तर तालिका सङ्ख्या ६.५ मा जिरेल महिलाहरू पनि पुरुषको तुलनामा बढी हेपिएका छन् भन्ने सोच रहेको २२ प्रतिशत मत अनुसार उक्त लैङ्गिक विभेदकर्ता को हो ? विभेद महिला पुरुष कसबाट हुने गरेको छ ? भनेर सोधिएको प्रश्नमा सहभागी १०१ जना मध्ये ६८ प्रतिशतले आफूमाथि विद्यमान भेदभाव पुरुषवर्गबाट नै हुने गरेको बताउँछन्, तर यसको उल्टो ३२ प्रतिशत सहभागीहरू महिलामाथि महिलाबाट पनि उत्पीडन हुने गरेको बताउँछन् (तालिका सङ्ख्या ६.६) ।

**तालिका सङ्ख्या ६.६: लैङ्गिक विभेदकर्ता**

| क. सं. | लैङ्गिक विभेद कोबाट हुने गर्दछ ? | प्रतिशत |
|---|---|---|
| १ | पुरुषबाट | ६८ |
| २ | महिलाबाट | ३२ |
| | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

लैङ्गिक विभेदकर्ताबारे उत्तरदाताहरूबाट आएको यस जानकारीले हाम्रो समाजमा महिलामाथि महिलाबाट नै पनि उत्पीडन हुने गर्दछ भन्ने भनाइलाई उजागर गरेको छ भनेर मान्न सकिन्छ तर यस विषयमा अरू थप अध्ययन हुन जरूरी देखिन्छ ।

## ६.२.१० महिलाहरूमाथि भेदभाव हुनुको कारण

यस धर्तीमा आधाभन्दा बढी जनसङ्ख्या ओगट्ने महिलाको सशक्तीकरणबिना समग्र समाजको विकास यथार्थमा सम्भव छैन, तर बिडम्बना, समाजमा रहेको लैङ्गिक विभेद, शताब्दियौँदेखिको उत्पीडनसँगै देखिएको भेदभावपूर्ण व्यवहार, अशिक्षा, गरिबी, कमजोर स्वास्थ्य र विभिन्न खाले घरेलु हिंसाले गर्दा महिलाहरूमा विद्यमान समग्र क्षमताको उजागर आज पनि पूर्णरूपमा हुन सकेको छैन ।

यस अध्ययनका सहभागी उत्तरदाता महिलाहरूबाट प्राप्त जानकारीअनुसार धार्मिक तथा राजनैतिक कारणले जिरेल महिलाहरूले आफ्नो परिवारमा वा समाजमा कुनै लैङ्गिक भेदभाव अर्थात् कुनै प्रकारको हेपाइ खप्नु परेको छैन तर आर्थिक कारणले ४५ प्रतिशत र समाजमा विद्यमान कम चेतनाका कारणले ४५ प्रतिशत उत्तरदाता महिलाहरूले आफूहरू हेपाइमा परेको बताएका छन् । यसका अलावा १० प्रतिशत उत्तरदाता महिलाहरूले आफूहरूमाथि भेदभाव अन्य कारणले हुने गरेको ठानेतापनि जिरेल समाज पनि अन्य धर्म तथा जातजातिबाट प्रभावित हुँदैगइरहेकाले त्यसको असर दिनानुदिन पर्दैगइरहेको महशुस गर्दछन् । यसका साथै अशिक्षा, रूढिवादीग्रस्त परम्परागत पुरुषप्रधान सोच लगायतका कारणले पनि महिलाहरू आफू हेपिनु परेको ठान्दछन् (तालिका ६.७) ।

**तालिका सङ्ख्या ६.७: समाजमा महिलाहरूमाथि भेदभाव हुनुको कारण**

| क्र.सं. | कारण | प्रतिशत |
|---|---|---|
| १ | धार्मिक कारण | ० |
| २ | राजनैतिक कारण | ० |
| ३ | आर्थिक कारण | ४५ |
| ४ | कम चेतनाका कारण | ४५ |
| ५ | अन्य कारणले | १० |
|  | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

### ६.२.११ महिलाहरू पुरुषको तुलनामा पछि पर्नाको कारण

नेपालमा बसोबास गर्ने अन्य जातजातिका महिलाहरूले झैं जिरेल महिलाहरू पनि पुरुषको तुलनामा आफू पछि परेको अनुभुति गर्ने गर्दछन् । यसका कारणवारे सोधिएको प्रश्नमा सहभागी महिलाहरूमध्ये ६८ प्रतिशत महिलाले आर्थिक कारणलाई यसको प्रमुख कारण मानेका छन् भने सामाजिक कारणले पनि यस्तो हुनुमा केही प्रभाव पार्दछ भन्ने महिला ३२ प्रतिशत रहेका छन् (तालिका सङ्ख्या ६.८) ।

**तालिका सङ्ख्या ६.८: महिलाहरू पुरुषभन्दा पछि हुनाको कारण**

| क्र.सं. | कारण | प्रतिशत |
|---|---|---|
| १ | आर्थिक कारण | ६८ |
| २ | सामाजिक कारण | ३२ |
| ३ | धार्मिक कारण | ० |
| | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

माथिको तालिकाअनुसार जिरेलहरूले अवलम्बन गर्ने गरेको धर्मका कारणले पुरुषको तुलनामा महिलाहरू पछि पर्न गएको र धर्म नै लैङ्गिक विभेदको मूल कारण हो भन्ने भनाइ एकजना पनि महिला उत्तरदाताको रहेन । यसबाट यिनीहरूले अबलम्वन गर्ने बौद्धधर्मका कारण जिरेल समाजका महिलाहरूको प्रगतिमा कुनै असर परेको छैन भन्ने भनाईको थप पुष्टि हुनजान्छ ।

### ६.२.१२ जिरेल महिलाहरूको राजनैतिक पार्टीमा संलग्नता

हालका दिनहरूमा हाम्रो देशमा महिला पुरुष दुवैमा राजनितिक चेतना उल्लेखनीय रूपमा वृद्धि भएको देखिन्छ । तर यसको उल्टो जिरी उपत्यकामा बसोबास गर्ने जिरेल जाति अन्य जातिहरूको तुलनामा राजनैतिक क्रियाकलापहरूमा कम सक्रिय छन् भन्ने भनाइ जिरेलहरूसँग सम्बन्धित विभिन्न लेख तथा पाठ्य-सामग्रीहरूमा प्रशस्त पढ्न पाइन्छ । यो भनाइ कति सही वा गलत छ भन्ने कुरालाई जाँच्न उत्तरदाता महिलाहरूको राजनीतिक पार्टीमा संलग्नतालाई केन्द्रमा राखेर सोधिएको प्रश्नमा प्राप्त जानकारीलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका सङ्ख्या ६.९: राजनैतिक पार्टीमा संलग्नता**


| क्र.सं. | पार्टीमा संलग्नता | प्रतिशत |
|---|---|---|
| १ | छु | ६ |
| २ | छैन | ९४ |
| | जम्मा | १०० |

श्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

यस अध्ययनमा सहभागी १०१ जना उत्तरदाता जिरेल महिलाहरूमध्ये जम्मा ६ प्रतिशत महिलाले मात्र आफू स्थानीयस्तरको राजनैतिक पार्टीको सदस्य छु अर्थात् कुनै न कुनै राजनैतिक पार्टीसँग संलग्न छु भनेर बताए भने ९४ प्रतिशतले आश्चर्यजनक रूपमा आफू कुनै पनि राजनैतिक पार्टीको सदस्य नभएको बताएका छन् । यस्तो हुनुको वास्तविक कारण थाहा हुन नसके तापनि यसबाट जिरेल महिलाहरूको राजनैतिक पार्टीको आबद्धता तुलनात्मक रूपमा धेरै कम छ भन्ने देखिन्छ ।

### ६.२.१३ जिरेल बौद्ध समाजमा लैङ्गिक प्राथमिकताको किसिम

जनसङ्ख्याको आधाभन्दा बढी भाग ओगट्ने महिलाको चौतर्फी विकासविना समग्र समाजको विकास यथार्थमा सम्भव छैन तर बिडम्बना समाजमा रहेको लैङ्गिक विभेद, शताब्दीयौँदेखिको उत्पीडनसँगै देखिएको महिलाप्रतिको भेदभावपूर्ण व्यवहार, मानसिक तनाव, अशिक्षा, गरिबी, कमजोर स्वास्थ्य र विभिन्न खाले हिंसाको मारले गर्दा महिलाहरूमा भएको समग्र क्षमताको उपयोग आज पनि पूर्णरूपमा हुनसकेको छैन । शताब्दीयौँदेखि विद्यमान पितृसत्तात्मक सामाजिक संरचनाले गर्दा हाम्रो देशका महिलाहरू के शहर, के गाउँ सबै क्षेत्रमा दोस्रो दर्जाको नागरिकका रूपमा जीवनयापन गर्न बाध्य देखिन्छन् । महिला जनशक्तिको सबलीकरणको सबाल नै राष्ट्रको मूल मुद्दा बन्नु पर्नेमा नारी स्वतन्त्रता मात्र एउटा कोरा भाषणका रूपमा सीमित रहेको देखिन्छ । यही प्रशङ्गमा नेपालमा बसोबास गर्ने अन्य समाज, धर्म, जात जातिमा व्यापक रूपमा विद्यमान यही विकृतिको असर जिरेल समाजमा कस्तो परेको छ ? जिरेल समाजमा छोरा र छोरीमध्ये कसलाई बढी महत्त्व दिइन्छ ? भनी गरिएको प्रश्नको जबाफ तलको पाई चार्ट सङ्ख्या ६.५ मा प्रस्तुत गरिएको छ ।




स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

**पाईचार्ट सङ्ख्या ६.५: घर-परिवारमा छोरा र छोरीले पाउने महत्त्व (प्रतिशतमा)**

उत्तरदाता महिलाहरूमा छोरा र छोरीमा को महत्त्वपूर्ण हुन् भनेर सोधिएको प्रश्नमा छोराभन्दा छोरी महत्त्वपूर्ण भन्ने उत्तरदाता महिला आश्चर्यजनक रूपमा जम्मा ४ प्रतिशत मात्र थिए भने १७ प्रतिशत महिलाहरूले छोरा नै महत्त्वपूर्ण भएको बताए । व्यवहारमा थप अध्ययन गर्नुपर्ने आवश्यकता देखिए तापनि यस शोध अध्ययनमा सहभागी जम्मा १०१ जना उत्तरदाताहरूमध्ये ८० प्रतिशतका विचारमा छोरा र छोरी दुवै बराबर रहेका छन् ( पाईचार्ट सङ्ख्या ६.५) ।

## ६.२.१४ लैङ्गिक कारणले व्यक्तिगत प्रगतिमा बाधाको अनुभूति

चाहे हिमाल होस्, पहाड वा तराई हाम्रो समाजमा लैंङ्गिक भेदभाव केही न केही रूपमा धर्म, क्षेत्र, जातजाति सबैमा व्याप्त छ । जन्मदा महिला भएर जन्मेकै कारण कैयौँ अवसरहरूबाट उनीहरू वञ्चित हुनुपर्ने बाध्यता रहेको छ । यस शोध अध्ययन क्षेत्रका उत्तरदाताहरूलाई पनि महिला भएकै कारणले प्रगतिमा बाधा भएको-नभएको कस्तो अनुभूति रहेको छ भनी सोधिएका प्रश्नमा तल तालिकामा उल्लेख भएझैँ जम्मा १०१ जना उत्तरदाताहरूमध्ये ३५ प्रतिशत उत्तरदाता महिलाहरू आफू महिला भएकै कारण आफ्नो प्रगतिमा बाधा भएको ठान्दछन् । यसको उल्टो लैङ्गिक कारणले यस समाजमा व्यक्तिगत प्रगतिमा बाधाको कुनै अनुभूति हुने नगरेको वा लैङ्गिक विभेदको कुनै अनुभूति नभएको भन्ने उत्तरदाताहरू ५६ प्रतिशत र यसबारे आफूलाई कुनै थाहा नभएको अथवा जानकारी नै छैन भन्ने उत्तरदाताहरू ९ प्रतिशत देखिए (तालिका सङ्ख्या ६.१०) ।

**तालिका सङ्ख्या ६.१०: लैङ्गिक कारणले प्रगतिमा बाधा भएको/नभएको अनुभूति**

| क्र.सं. | बाधा | प्रतिशत |
|---|---|---|
| १ | छ | ३५ |
| २ | छैन | ५६ |
| ३ | कुनै अनुभूति छैन | ९ |
| | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

## ६.२.१५ महिलाको प्रगतिमा बाधा हुनाको प्रमुख कारण

उत्तरदाताहरू आफू महिला भएकै कारणले आफ्नो प्रगतिमा बाधा भएको जस्तो लाग्छ भन्ने ३५ प्रतिशत महिलाहरूलाई (तालिका ६.१०) यस्तो लाग्नाको कारण के होला भनेर सोधिएको थप प्रश्नमा तालिका सङ्ख्या ६.११ का अनुसार पढ्ने स्कुल टाढा भएको कारणले पढ्न नपाएको र सो कारणले आफ्नो पढाइमा बाधा पर्न गएको भन्ने उत्तरदाता ३ प्रतिशत भेटिए ।

**तालिका सङ्ख्या ६.११:: प्रगतिमा बाधकका कारणहरू**

| क्र.सं. | बाधा | प्रतिशत |
|---|---|---|
| १ | स्कुल टाढा भएकोले पढ्न नपाएको | ३ |
| २ | छोरा भएको भए बाबुको अंश पाइन्थ्यो | १७ |
| ३ | पढाइ नभएकोले चेतना छैन | २९ |
| ४ | समाजमा छोरालाई बढी महत्त्व दिनाले | ६ |
| ५ | श्रीमान् बितेकाले | ६ |
| ६ | श्रीमान्ले हेला गरेकोले | ६ |
| ७ | घर, बच्चा हेरेर बस्नुपर्ने, बाध्यताले | २८ |
| ८ | सानैमा अभिभावकको मृत्यु भएकाले | ५ |
| | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

यस अध्ययनमा छोरा भएको भए बाबुको अंश पाइन्थ्यो आफू छोरी भएको कारणले पढाइमा मात्र नभएर पैत्रिक सम्पत्तिमाथिको अधिकारमा समेत बाधा पर्न गएको भन्ने उत्तरदाता १७ प्रतिशत रहेका छन् । आफू साक्षर नभएकोले यो विषयमा चेतना छैन भन्ने २९ प्रतिशत र समाजमा छोरालाई बढी महत्त्व दिने भएको कारणले आफ्नो प्रगतिमा बाधा पर्न गयो भन्ने उत्तरदाता ६ प्रतिशत रहेका छन् । आफ्नोृ श्रीमान् अल्पायुमा नै बितेको कारणले प्रगतिमा बाधा पर्न गएको भन्ने सहभागी पनि ६ प्रतिशत रहेका छन् । श्रीमान्ले घरमा हेलाँ गरेको कारणले आफ्नो प्रगतिमा बाधा भएको भन्ने महिला पनि ६ प्रतिशत नै छन् । घरको रेखदेख गर्नुपर्ने र बच्चा हेरेर बस्नु पर्ने भएकाले, आफ्नो प्रगतिमा बाधा पर्न गएको भन्ने सहभागीहरू बाँकी २८ प्रतिशत रहेका छन् । आफू सानै हुँदा अभिभावक गुमाएका कारणले प्रगतिमा बाधा पर्न गएको भन्ने उत्तरदाता महिलाहरू ५ प्रतिशत छन् (तालिका सङ्ख्या ६.११) । समग्रमा यस प्रश्नमा सहभागी उत्तरदाताहरूले आफ्ना प्रगतिमा बाधा पार्ने कैयौँ कारणहरू भएको बताए तापनि आफू अशिक्षित हुनुलाई नै एउटा मुख्य कारण ठानेको देखिन्छ ।

### ६.२.१६ जिरेल महिलाहरूमा सामाजिक सङ्घ-संस्थाबारे जानकारीको अवस्था

आजका दिनमा शहरमा होस् वा गाउँमा, सबै ठाउँमा समाज विकासका नाममा धेरै सामाजिक सङ्घ-सस्थाहरू कार्यरत छन् । कतिपय ठाउँहरूमा यस किसिमका सङ्घ-संस्थाहरूले ग्रामीण भेगका महिलाको चेतनाको स्तरमा केही मात्रामा भए पनि परिवर्तन ल्याउन सघाएको देखिन्छ भने आर्थिक अवस्थामा पनि केही सुधार ल्याउन सफल भएको देखिन्छ । यस अध्ययन क्षेत्रका महिलाहरूको यस्ता खाले स्थानीय सामाजिक सङ्घ-सस्थाहरूमा आबद्धताको स्थिति के कस्तो रहेको छ सो बिषयमा जानकारी लिनका लागि सोधिएको प्रश्नबाट तपाइँ कुनै सामाजिक सङ्घ-संस्थाको सदस्य हुनुहुन्छ कि हुनुहुन्न भनी गरिएको प्रश्नमा सदस्य छु भन्नेहरूको सङ्ख्या ७१ प्रतिशत देखियो भने कतै पनि संलग्न छैन भन्नेहरूको सङ्ख्या २९ प्रतिशत मात्र रह्यो ।

अन्तर्वार्तामा सहभागी १०१ जना जिरेल महिलाहरूमध्ये कुनै सङ्घ-संस्थामा कतै पनि आबद्ध नभएको बताउने उत्तरदाताको सङ्ख्या ० प्रतिशत अर्थात शून्य रहेको पाइयो भने कहिल्यै संलग्न थिइन अथवा पहिले भएको र हाल नभएको भन्ने पनि कुनै उत्तरदाता भेटिएनन् (तालिका सङ्ख्या ६.१२) ।


**तालिका सङ्ख्या ६.१२: सामाजिक सङ्घ-संस्थामा महिलाको आबद्धता**

| क्र.सं. | आबद्धता | प्रतिशत |
|---|---|---|
| १ | छ | ७१ |
| २ | छैन | २९ |
| ३ | हाल छैन | ० |
| ४ | कहिल्यै थिइन | ० |
| | जम्मा | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०७२ ।

## ६.२.१७ सामाजिक सङ्घ-संस्थाहरूमा जिरेल महिलाहरूको जिम्मेवारी

नेपालको संविधान २०७२ मा *'सबै नागरिक कानुनको दृष्टिमा समान हुने छन् र कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन'* भन्ने प्रस्टसँग उल्लेख गरिएको छ । तर विडम्वना व्यावहारिक रूपमा महिलाहरूको खासगरी नीति निर्माण तहमा विविध कारणहरूले गर्दा पुरुष सरहको अधिकारको उपयोग गर्ने अवसर पाएको देखिँदैन । यसै सन्दर्भमा लिइएको जानकारीअनुसार स्थानीय स्तरमा कार्यरत सामाजिक सङ्घ-सस्थाको सदस्य छु भन्ने जम्मा ७१ प्रतिशत उत्तरदाता महिलाहरूमा कति जना नीतिनिर्माण तहमा कस्तो पदको जिंम्मेवारी पाएका छन् भनी गरिएको अध्ययनको नतिजा तलको पाईचार्ट सङ्ख्या ६.६ मा देखाइएको छ ।




स्रोत: स्थलगत सर्वेक्षण, २०७२ ।

**पाईचार्ट सङ्ख्या ६.६: सामाजिक सङ्घ-संस्थामा आबद्ध पदहरूको विवरण (प्रतिशतमा)**

यस प्रश्नमा संलग्न बहत्तरजना उत्तरदाता महिलाहरूमध्ये स्थानीय रूपमा स्थापित सामाजिक सङ्घ-संस्थामा आबद्ध छु भन्ने उत्तरदाता महिलाहरूमध्ये अध्यक्ष पदमा १० प्रतिशत छन् भने उपाध्यक्ष पदमा ४ प्रतिशत महिलाहरू रहेका छन् । त्यस्तै सचिव पदमा रहेर कार्यभार सम्हालेका महिलाहरू ४ प्रतिशत, सहसचिवमा १० प्रतिशत, कोषाध्यक्ष पदमा ८ प्रतिशत छन्, र सवै भन्दा ठुलो सङ्ख्यामा अर्थात ६४ प्रतिशत उत्तरदाता महिलाहरू सदस्य पदमा कार्यरत छन् (पाईचार्ट सङ्ख्या ६.६) । यस जानकारीबाट अधिकांश जिरेल महिलाहरू सङ्घ-संस्थाका कार्यकारी पदमा नरहेर सदस्य पदमा मात्र रहेकाछन् भन्ने देखिन्छ ।

### ६.२.१८ सामाजिक सङ्घ-संस्थाहरूमा विद्यमान महिलामैत्री वातावरण

सबैजसो समाजमा विभिन्न उद्देश्यका साथ विभिन्न खालका सङ्घ-संस्थाहरू खडा गरिएका हुन्छन् । यस अवस्थाबाट जिरेल समाज पनि अछुतो रहेको छैन । तशर्थ, यहाँका सङ्घ-संस्थाहरूमा जिरेल बौद्धमार्गी उत्तरदाता महिलाहरूलाई आबद्ध हुन पाउने वातावरण उपलब्ध छ छैन भन्नेबारे सोधिएको प्रश्नबाट प्राप्त उत्तर तलको तालिकामा दिइएको छ ।

**तालिका सङ्ख्या ६.१३: सामाजिक सङ्घसंस्थामा आबद्ध हुनलाई प्रोत्साहनकर्ता**

| क.सं. | प्रोत्साहनकर्ता | प्रतिशत |
|---|---|---|
| १ | श्रीमान् | २३ |
| २ | उतरदाता आफै | २५ |
| ३ | सासुससुरा | ३ |
| ४ | साथीभाइ | ४२ |
| ५ | अन्य | ७ |
| | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

उपलब्ध जानकारीका अनुसार सामाजिक सङ्घ-संस्थाको सदस्य छु भन्ने ७१ प्रतिशत उत्तरदाता महिलाहरूमध्ये त्यो पदमा जिम्मेवारी लिनको लागि आफ्नो श्रीमान्‌ले प्रोत्साहन दिएको भन्ने महिला २३ प्रतिशत मात्र रहेका छन् । उत्तरदाता महिला आफै संलग्न भएको भन्ने २५ प्रतिशत छन् भने घरमा सासुससुराले प्रोत्साहन गरेको भन्ने ३

प्रतिशत मात्र रहेका छन् । तर साथी-भाइबाट उत्साहित भएको भन्ने अत्यधिक रहेको अर्थात् ४२ प्रतिशत छन् भने अन्यबाट प्रभावित भइएको भन्ने ७ प्रतिशत मात्र छन् (तालिका सङ्ख्या ६.१३) ।

## ६.२.१९ कार्यरत सङ्घ-संस्था भित्रको लैङ्गिक विभेदको अवस्था

यस अध्ययनले समेटेको क्षेत्र जिरी लगायतका हाम्रो देशका अन्य गाउँघरहरूमा प्रशस्त सङ्ख्यामा वर्षौंबाट विभिन्न सङ्घ-संस्थाहरू कार्यरत रहेका छन् । ती सङ्घ-संस्थाहरूमा कार्यरत उत्तरदाताहरूलाई आफू संलग्न सङ्घ-संस्थामा महिला र पुरुषको सहभागिताको अवस्था के कस्तो रहेको छ भनी सोधिएको प्रश्नबाट प्राप्त जानकारी तालिका सङ्ख्या ६.१४ मा दिइएको छ । उत्तरदाताहरूका अनुसार आफू संलग्न सङ्घ-संस्थामा पुरुष नभएर महिला मात्र सहभागी छन् भन्ने उत्तरदाता ५१ प्रतिशत छन् भने महिलापुरुष दुवै बराबर छन् भन्नेहरू ४९ प्रतिशत रहेका छन् । यस नतिजाबाट जिरेल समाजमा कुनै लैङ्गिक विभेदविना हालका दिनहरूमा स्थानीय सङ्घ-संस्थाहरूमा महिलाहरुको सहभागिता दिनानुदिन बढ्दैगइराखेको देखिन्छ ।

**तालिका सङ्ख्या ६.१४: सङ्घ-संस्थामा महिला सहभागिताको अवस्था**

| क्र.सं. | सहभागिता | प्रतिशत |
|---|---|---|
| १ | महिला मात्र | ५१ |
| २ | महिलापुरुष दुवै | ४९ |
| | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

## ६.२.२० स्थानीय सङ्घ-संस्थाहरूमा महिला सहभागिता

जिरेल समाजमा विद्यमान सङ्घ-संस्थाहरूमा महिला र पुरुषको सहभागिता कुन अनुपातमा रहेको छ अर्थात् महिलाको सहभागिता बढी छ कि पुरुषको छ भनी सोधिएको प्रश्नमा महिलाको सहभागिता बढी छ भन्ने सहभागीहरू ३२ प्रतिशत, पुरूष बढी सहभागी छन् भन्ने ११ प्रतिशत र महिलापुरुष दुबैको सहभागिता बराबर छ भन्ने उत्तरदाता ५७ प्रतिशत रहेका छन् (तालिका सङ्ख्या ६.१५) ।

तलको तालिकाले स्थानीय स्तरमा कार्यरत विभिन्न सङ्घ-संस्थाहरूमा जिरेल पुरुषहरूको सहभागिताको अनुपातमा महिलाहरूको सहभागिता उल्लेखनीय रुपमा नेतृत्व तहमा नभए तापनि करिव तीन गुणा वढी रहने गरेको देखाउँछ।

**तालिका सङ्ख्या ६.१५: सङ्घ-संस्थामा महिला र पुरुषको सहभागिता अनुपात**

| क्र.सं. | सहभागिता अनुपात | प्रतिशत |
|---|---|---|
| १ | महिला बढी सहभागी | ३२ |
| २ | पुरूष बढी सहभागी | ११ |
| ३ | बराबर सहभागी | ५७ |
| | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२।

## ६.२.२१ सङ्घ-संस्थामा महिला नेतृत्वको अवस्था

घरपरिवार र समाजबाट पूर्ण सहयोग प्राप्त हुन नसक्नु, पुरुषप्रधान समाजले महिलालाई प्रमुखको रूपमा सहजै स्विकार्न नसक्नु, महिलाको शैक्षिक एवम् आर्थिक अवस्था पुरुषको तुलनामा अत्यन्त कमजोर हुनु, महिलालाई पुरुषसरहका अवसरहरू प्राप्त नहुनु, नेतृत्वक्षमता र राम्रो कामको उचित मूल्याङ्कन हुन नसक्नु, समाजमा परम्परागत लैङ्गिक विभेद कायमै रहनुजस्ता अनगिन्ती कारणले अपेक्षित रूपमा जिरेल महिलाहरूको नेतृत्व क्षमता विकासमा बाधा परेको देखिन्छ। यस अध्ययन क्षेत्रमा बसोबास गर्ने बौद्धमार्गी जिरेल महिलाहरूको यही अवस्थाको जानकारी प्राप्तीका लागि सोधिएको प्रश्नको जवाफ निम्नानुसारको रहेको छ।

**तालिका सङ्ख्या ६.१६: कार्यरत सङ्घ-संस्थामा प्रमुखको भूमिका**

| क्र.सं. | संस्था प्रमुख | प्रतिशत |
|---|---|---|
| १ | महिला | २२ |
| २ | पुरुष | ७८ |
| | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२।

यस शोध अध्ययन क्षेत्रमा स्थापित सङ्घ-संस्थाहरूमा सामान्यत: महिला-पुरुष दुबै सक्रिय रूपमा संलग्न देखिन्छन् तर संस्थाप्रमुख वा जिम्मेवार भूमिकामा महिला वा पुरुष को हुने गर्दछ, भनेर सोधिएको प्रश्नमा उत्तरदाताद्वारा प्राप्त जानकारीअनुसार ४९ प्रतिशत सहभागी महिला, पुरुष दुवै छौं भन्दछन् (तालिका सङ्ख्या ६.१४) भने महिलाप्रमुख भएका सङ्घ-संस्थाहरू जम्मा २२ प्रतिशत मात्र छन् । यसको उल्टो पुरुषप्रमुख भएका संस्थाहरू ७८ प्रतिशत रहेका छन् (तालिका सङ्ख्या ६.१६) । यसरी ठूलो सङ्ख्यामा संस्थाहरूको नेतृत्व पुरुषले नै गर्नुले शोध अध्ययन गरिएको बौद्धमार्गी जिरेल समाजमा पनि महिलाहरू पुरुषको तुलनामा आज पनि यस क्षेत्रमा पछाडि छन् भन्ने प्रस्ट देखाउँदछ । समतावादी बौद्धधर्मको लामो इतिहास बोकेको यस जिरेल समाजमा यस्को के कारण हुनसक्छ, थप खोजीको विषय रहेको छ ।

### ६.२.२२ समाजमा महिलाको स्थान

पुरुषको तुलनामा महिलाहरूको समाजमा विद्यमान स्थानको सन्दर्भलाई मध्यनजर गर्दै बौद्धमार्गी जिरेल समाजमा महिलाहरू पुरुषको तुलनामा कस्तो स्थानमा रहेका रहेछन् भन्ने विषयमा सोधिएको प्रश्नमा १०१ जना सहभागीहरू मध्येबाट पुरुषभन्दा महिलाको स्थान अगाडि रहेको छ भन्ने एक जना पनि उत्तरदाता देखिएनन् (तालिका सङ्ख्या ६.१७) ।

प्राप्त जानकारीका अनुसार जिरेल महिलाहरूको समाजमा स्थान पुरुषभन्दा पछि नै छ भन्ने महिला २८ प्रतिशत रहेका छन् । त्यस्तै खासगरी घरेलु क्रियाकलापहरूमा निर्णय लिने विषयमा महिलाहरूको स्थान पुरुषको बराबरमा रहेको भन्ने महिला ७२ प्रतिशत रहेका छन्, जुन यो समाजको अत्यन्त सकारात्मक पक्ष हो ।

**तालिका सङ्ख्या ६.१७: महिलाहरूको समाजमा स्थान**

| क्र.सं. | महिलाको स्थान | प्रतिशत |
|---|---|---|
| १ | पुरुषभन्दा अगाडि | ० |
| २ | पुरुषभन्दा पछि | २८ |
| ३ | पुरुषको बराबरी | ७२ |
| | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

### ६.२.२३ महिलाहरू पछाडि पर्नाको कारण

उत्तरदाता महिलाहरूको एउटा हिस्सा अर्थात् २८ प्रतिशतले आफूहरू पुरुषभन्दा पछाडि छौं (तालिका सङ्ख्या ६.१७) भनेकाले सो को कारण के हुन सक्छ ? यस बारेमा लिइएको जानकारीका अनुसार पुरुषभन्दा महिला पछाडि पर्नाको मुख्य कारण आर्थिक कारण नै हो भन्ने ६८ प्रतिशत रहेका छन् भने सामाजिक कारणले पनि केही भूमिका खेलेको छ भन्ने महिला ३२ प्रतिशत छन् तर धार्मिक कारणले महिलाहरू पछि परेको भन्ने उत्तरदाता एकजना पनि भेटिएनन् । यस नतिजाबाट जिरेलहरूले अवलम्बन गर्ने गरेको बौद्धधर्मका कारणले महिलाहरूमाथि कुनै किसिमको भेदभाव भएको छैन बरु आर्थिक कारण र सामाजिक कारणले नै महिलाहरू पुरुषभन्दा पछाडि पर्न गएकाछन् भन्ने देखिन्छ ( तालिका सङ्ख्या ६.१८) ।

**तालिका सङ्ख्या ६.१८: महिलाहरू पुरुषभन्दा पछाडि हुनाको कारण**

| क.सं. | कारण | प्रतिशत |
|---|---|---|
| १ | आर्थिक कारण | ६८ |
| २ | सामाजिक कारण | ३२ |
| ३ | धार्मिक कारण | ० |
| | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

### ६.२.२४ जिरेल महिलाले भोग्नुपरेका समस्या

शोध अध्ययनमा सहभागी जम्मा १०१ जना उत्तरदाता महिलाहरूलाई आफूले भोग्न परेका समस्याहरूका बारेमा सोधेका प्रश्नमा ३० प्रतिशत महिलाहरू घरायसी कामको बोझलगायतका पारिवारिक समस्याका कारण उनीहरूले विभिन्न कठिनाइहरू भोग्नुपरेको र महिलाले आफूले सधैं घर-परिवार भनेर दिन बिताउनुपर्ने र आफ्नो बारेमा कहिल्यै केही सोच्न नपाउने भन्ने ठान्दछन् । त्यसैगरी १० प्रतिशत महिलाहरू जिरेल समाजमा पनि अन्य समाजहरूमा झैं विद्यमान सामाजिक बन्धनहरू र समाजमा महिलाहरूले आफ्ना कुराहरू परिवारमा, समाजमा कतै पनि प्रस्ट राख्न नसक्ने खालको पुरुषप्रधान परिवेशलगायतका सामाजिक वन्धनहरू नै प्रमुख समस्याका रुपमा रहेको बताउँदछन् ।

अन्तर्वार्तामा सहभागी १८ प्रतिशत उत्तरदाता महिलाहरू जिरेल पुरुषहरूको तुलनामा आफू महिलाहरू कम शिक्षित हुनु वा अशिक्षित रहनुलाई नै मुख्य समस्या देख्दछन् । त्यस्तै ३० प्रतिशत उत्तरदाताहरू आर्थिक अवस्था कमजोर भएका कारणले जिरेल महिलाहरू समस्यामा रहेको र केही सामाजिक/आर्थिक विकास पनि गर्न नसकेको बताउँछन् । विभिन्न कारणले घरमा हुने गरेका घरेलु हिंसालाई पनि समस्याको कारक तत्त्व मान्ने उत्तरदाता महिला १२ प्रतिशत रहेका छन् (तालिका ६.१९) ।

**तालिका सङ्ख्या ६.१९: महिलाहरूले भोग्नुपरेका समस्या**

| क.सं. | समस्याका किसिम | प्रतिशत |
|---|---|---|
| १ | पारिवारिक | ३० |
| २ | सामाजिक | १० |
| ३ | अशिक्षा | १८ |
| ४ | आर्थिक | ३० |
| ५ | घरेलु हिंसा | १२ |
| | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।


## ६.३ जिरेल महिलाहरूको सामाजिक भूमिका

हालका दिनहरुमा जुनसुकै समाजमा पनि श्रीमान्/श्रीमतीबीचको परम्परागत रूपमा चली आएका सम्बन्धका धेरै पक्षहरूमा व्यापक परिवर्तन आएको देख्न सकिन्छ । यस परिवर्तनले केही हदसम्म महिलाको आफ्नो घरपरिवारमा रहने स्थानमा सुधार ल्याएको देखिन्छ भने केही नकारात्मक प्रभाव पनि परेको छ । समाजमा देखिने सकारात्मक परिवर्तन मुख्यत: शिक्षाको माध्यमबाट आएको मानिन्छ । सिद्धान्तत: महिलाको सामाजिक भूमिका घर-परिवारमा र समाजमा बराबर नै हुनुपर्ने भए तापनि व्यवहारमा के कस्तो छ भन्ने विषयमा प्राप्त आँकडाको आधारमा तल प्रस्तुत गरिएको छ ।

### ६.३.१ पारिवारिक बनोट

पारिवारिक बनोट अर्थात परिवारको आकारप्रकारमा महिलाको निर्णय प्रक्रिया परिवारको आर्थिक स्थितिदेखि सन्तानको शिक्षादीक्षा के–कस्तो गर्ने सम्मका विषयहरू निर्भर रहने हुँदा अध्ययन क्षेत्रका जिरेल परिवारको बनोटको किसिमलाई यस प्रश्नमार्फत

जानकारी लिने र सोको विश्लेषण गर्ने प्रयास गरिएको छ । पारिवारिक बनोटका आधारमा यस अध्ययन क्षेत्रका महिलाको पारिवारिक अवस्थालाई एकल परिवार र संयुक्त परिवारमा विभाजन गरिएको छ । प्राप्त नतिजाअनुसार यहाँका उत्तरदाता महिलाहरू ५२ प्रतिशत एकल परिवारमा बसिरहेको पाइयो भने बाँकी ४८ प्रतिशत संयुक्त परिवारमा रहेको पाइयो (पाईचार्ट सङ्ख्या ६.७) ।




स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।


**पाईचार्ट सङ्ख्या ६.७: पारिवारिक बनोटको किसिम (प्रतिशत)**

माथि प्रस्तुत पाईचार्टका (पाईचार्ट सङ्ख्या ६.७) अनुसार शोध अध्ययन गरिएको यस समाजमा अहिले पनि उल्लेख्य रूपमा परिवारहरू संयुक्त रूपमा रहने गर्दछन् जुन प्रायजसो सबै जनजातिको एक विशेषता पनि हो । यस जानकारीवाट वर्तमान परिवर्तित समयमा अन्य समाजमा बढ्दै गएको एकल परिवारप्रतिको आर्कषणले यस जिरेल समाजमा त्यति धेरै प्रभाव नपरेको हो की भनेर मान्न सकिन्छ ।

## ६.३.२ समाजमा हुने छलफल तथा निर्णयमा महिलाको भूमिका

प्रत्येक समाजमा कुनै न कुनै प्रकारले केही न केही विषयमा छलफल र निर्णयहरू भइराखेका हुन्छन् । सो छलफलमा सामाजिक संरचना, जात, धर्म आदिका कारण निर्णायक भूमिकामा महिला वा पुरुषको सङ्ख्या घटीबढी रहने गर्दछ । जिरेल समाजमा पनि हुने गरेका छलफल र समाजले लिने गरेको हरेक निर्णयमा महिलाको भूमिका के कस्तो रहने गरेको छ, सोका बारेमा सोधिएको प्रश्नमा सहभागी रहेका जम्मा १०१ जना महिला

उत्तरदाता मध्येमा आफ्नो भूमिका पनि पुरुषसरह नै छ भन्नेहरू ७४ प्रतिशत, पुरुषभन्दा बढी छ भन्ने १० प्रतिशत र पुरुषभन्दा कम छ भन्ने १६ प्रतिशत रहेका छन् (पाईचार्ट सङ्ख्या ६.८) । यस जानकारीबाट जिरेल महिलाहरू आफ्नो घरपरिवार र समाजमा आफ्ना पुरुषहरूसरह नै प्रतिष्ठित जीवन बाँचिरहेका छन् भन्ने प्रस्ट हुनजान्छ ।




स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

**पाईचार्ट सङ्ख्या ६.८: समाजमा हुने निर्णयमा महिलाको भूमिका (प्रतिशतमा)**

### ६.३.३ महिलाहरूको सामाजिक काममा योगदान

व्यक्ति व्यक्ति मिलेर समाज बन्दछ र यही समाज सुन्दर बनाउनका लागि प्रत्येक नागरिकको केही न केही भूमिका र योगदान रहेको हुन्छ । यसै प्रशङ्गमा अध्ययन क्षेत्रका जिरेल महिलाहरूको आफ्नो समाजमा हुने गरेका सामाजिक कामहरूमा के कस्तो योगदान रहने गरेको छ भनी सोधिएको प्रश्नमा १०१ जना सहभागीहरू रहेका थिए । उक्त उत्तरदाता सङ्ख्यामध्ये सामाजिक कामकालागि आफ्नो योगदान श्रमदानको रूपमा रहने गरेको छ भन्ने महिला ४८ प्रतिशत रहेका छन् भने आर्थिक सहयोगमार्फत् आफूले योगदान पुऱ्याउने गरेको भन्ने महिलाहरू ३० प्रतिशत रहेका छन् । घरव्यवहारको काममा बाहेक अन्य कुनै सामाजिक काममा आफ्नो कहिल्यै केही योगदान नरहेको वा गर्ने नगरेको भन्ने उत्तरदाताहरू २२ प्रतिशत रहेका छन् जुन सङ्ख्या आश्चर्यजनक रूपमा ठूलो रहेको मान्न सकिन्छ (तालिका सङ्ख्या ६.२०) ।

**तालिका सङ्ख्या ६.२०: सामाजिक काममा महिलाको योगदान**

| क.सं. | योगदानको किसिम | प्रतिशत |
|---|---|---|
| १ | श्रमदान | ४८ |
| २ | आर्थिक सहयोग | ३० |
| ३ | केही पनि योगदान नगर्ने | २२ |
| | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

## ६.३.४ जिरेल समाजमा महिलाको आफ्नो परिवारमा प्राप्त हैसियत

नेपाली समाजमा घरमुलीको आफ्नो घरभित्र र बाहिर अर्थात समाजमा दुबैतिरको भूमिका अत्यन्तै महत्त्वपूर्ण रहने गर्दछ । तसर्थ घरमा आफ्नो पारिवारिक हैसियत के छ भन्ने कुराले पनि महिलाको सामाजिक स्थानको विवरण झल्काउँछ ।

यस शोधप्रबन्धमा सम्मिलित गरिएको जिरेल समाजका महिलाहरू आफ्नो परिवारमा के कस्तो हैसियत राख्दछन् भन्ने बारे सोधिएको प्रश्नको उत्तर दिनेमा जम्मा १०१ जना महिला सहभागीमध्ये २८ प्रतिशत महिलाको हैसियत घरमुलीको रूपमा अर्थात् आफ्नो घरको मुख्य जिम्मेवारी उनीहरूको काँधमा नै रहेको बताउँछन् (तालिका सङ्ख्या ६.२१) भने बाँकी ५९ प्रतिशत सहभागी महिलाहरू घरमुलीकी पत्नीका रूपमा छन् भने सहभागीहरूमध्ये ११ प्रतिशत घरमुलीकी बुहारीका रूपमा आफ्नो पारिवारिक भूमिकामा रहेका छन्, बाँकी २ प्रतिशत घरमुलीकी छोरी रहेका छन् ।


**तालिका सङ्ख्या ६.२१: पारिवारिक हैसियत**

| क.सं. | हैसियत | प्रतिशत |
|---|---|---|
| १ | घरमुली | २८ |
| २ | घरमुलीकी पत्नी | ५९ |
| ३ | घरमुलीकी बुहारी | ११ |
| ४ | घरमुलीकी छोरी | २ |
| | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

### ६.३.५ सन्तानको सङ्ख्या निर्धारणसम्बन्धी भूमिका

आफ्नो घरपरिवारमा सन्तानको सङ्ख्या निर्णारण गर्ने अधिकारसम्बन्धी सोधिएको प्रश्नमा सहभागी १०१ उत्तरदाता महिलामध्ये अन्तर्वार्ताको समयसम्म ४ प्रतिशत महिला अविवाहित नै रहेको पाइयो । बाँकी ९६ प्रतिशत मध्ये ९ प्रतिशत महिलाले सो निर्णय आफैले मात्र गर्ने बताए भने १० प्रतिशतले आफ्नो श्रीमान्बाट सो निर्णय हुने गरेको बताए । यस्तो किसिमको निर्णय श्रीमान्श्रीमती दुवैको सामूहिक सल्लाहबाट हुने गरेको भन्ने महिलाहरू ७७ प्रतिशत रहेका थिए (बारग्राफ सङ्ख्या ६.९) ।




स्रोतः स्थलगत सर्वेक्षण, २०७२

**बारग्राफ संख्या ६.९: बच्चाको सङ्ख्याबारे निर्णय लिने अधिकार (प्रतिशतमा)**

### ६.३.६ बाल-बच्चाको पढाइसम्बन्धी भूमिका

यस अध्ययनमा सहभागी १०१ उत्तरदाता महिलाहरूमध्ये ३ प्रतिशतले आफ्नो बच्चा हाल सानो भएकाले स्कुल भर्ना गर्ने सम्बन्धी निर्णय गर्ने समय भइनसकेको बताए भने १५ प्रतिशतले सो निर्णय घरमा आफ्ना पतिले गर्ने बताए (तालिका सङ्ख्या ६.२२) । धार्मिक कारणभन्दा पनि बदलिँदो समयको कारणले हुन सक्छ, ६५ प्रतिशत अध्ययनमा सहभागी उत्तरदाता महिलाहरूले यो निर्णय श्रीमान् र श्रीमती दुबै जनाको सल्लाहमा हुने गरेको बताए, जुन यस समाजको एक अत्यन्तै सकारात्मक पक्ष हो ।

अध्ययनमा सहभागी उत्तरदाता महिलाहरूमध्येका ४ प्रतिशत महिलाहरू अविवाहित भएकाले यससम्बन्धी उनीहरूको राय लिइएन भने ३ प्रतिशत महिलाहरूले बिहे भइसकेको भए तापनि आफ्नो कुनै बच्चा नभएको बताए । श्रीमान् वा अन्य कसैले नभएर सो निर्णय आफैले गर्ने गरेको भन्ने महिलाहरूको सङ्ख्या शोध अध्ययनमा १० प्रतिशत मात्र रहेको छ (तालिका संख्या ६.२२) ।

**तालिका सङ्ख्या ६.२२: बच्चालाई स्कुल/कलेज भर्ना गर्ने निर्णयको विवरण**

| क्र.सं. | निर्णय गर्ने व्यक्ति | प्रतिशत |
|---|---|---|
| १ | बच्चा सानो छ | ३ |
| २ | श्रीमान्ले गर्ने | १५ |
| ३ | हामी दुबैले गर्ने | ६५ |
| ४ | अविवाहित | ४ |
| ५ | बच्चा नभएको | ३ |
| ६ | उत्तरदाता आफैले गर्ने | १० |
| | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

## ६.३.७ खेतीपाती कार्यमा महिलाको भूमिका

यस अध्ययन क्षेत्रका महिलाहरू पनि क्रमश: हालका दिनहरूमा आफूले प्राप्त गरेको शिक्षा र सिपको आधारमा विभिन्न पेसामा संलग्न भएको पाइए तापनि यिनीहरूको प्रमुख व्यवसाय भनेको कृषि नै हो । तसर्थ खेतीपातीसम्बन्धी निर्णय परिवारमा श्रीमान्-श्रीमती मध्ये कसले गर्ने गर्दछ भन्ने प्रश्नमा घर परिवारमा सम्पन्न गरिने सम्पूर्ण कृषि कर्ममा निर्णय गर्ने व्यक्ति पनि महिला नै रहने गरेको पाइयो । तालिका सङ्ख्या ६.२३ का अनुसार यस शोधकार्यमा संलग्न रहेका जम्मा १०१ जनामध्ये ४६ प्रतिशत महिलाहरू आफैले सो निर्णय लिने गर्दछन् । सहभागीहरूमध्ये ९ प्रतिशत महिलाहरूका परिवारमा श्रीमान्ले सो निर्णय गर्ने बताउँछन् भने यस मध्येका ४५ प्रतिशत महिलाहरू खेतीपातीसँग सम्बन्धित सम्पूर्ण निर्णयहरू श्रीमान्-श्रीमती दुबैको आपसी समझदारीमा मात्र गरिने गरेको बताउँछन् ।

**तालिका सङ्ख्या ६.२३: खेतीपाती सम्बन्धी निर्णय**

| क्र.सं. | निर्णायक व्यक्ति | प्रतिशत |
|---|---|---|
| १ | उत्तरदाता आफै | ४६ |
| २ | श्रीमान् | ९ |
| ३ | दुबैको समझदारीमा | ४५ |
| | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

## ६.३.८ धार्मिक रीतिरिवाज एवम् चाडपर्वमा महिलाको भूमिका

नेपालमा रहेका विभिन्न अन्य जातजाति, धर्मावलम्बीहरूले झैं जिरेलहरूले पनि विभिन्न रीतिरिवाज र चाडपर्वहरू मान्ने गर्दछन् । यिनीहरूको घरमा धार्मिक रीतिरिवाज एवम् चाडपर्व मनाउनेबारे मुख्य निर्णय श्रीमान् वा श्रीमती कसको हुने गर्दछ भनी सोधिएको प्रश्नमा अध्ययनमा सहभागी जम्मा १०१ जना उत्तरदाता महिलाहरूमध्ये २३ प्रतिशतले यस प्रक्रियामा सँधैजसो आफ्नो भूमिका महत्त्वपूर्ण रहने गरेको बताए (तालिका सङ्ख्या ६.२४) । सहभागी ४ प्रतिशतले आफ्नो श्रीमान्ले सो निर्णय गर्ने गरेको बताए भने यस कार्यमा श्रीमान् र श्रीमती दुबैको बराबर भूमिका रहने गरेको भनाइ ६३ प्रतिशत महिलाहरूको रह्यो ।

**तालिका सङ्ख्या ६.२४: घरमा धार्मिक रीतिरिवाज एवम् चाडपर्व मान्नेबारे निर्णयकर्ता**

| क्र.सं. | निर्णायक व्यक्ति | प्रतिशत |
|---|---|---|
| १ | उत्तरदाता आफैले | २३ |
| २ | श्रीमान्ले | ४ |
| ३ | श्रीमान/श्रीमती दुबैले | ६३ |
| ४ | घरको अन्य कसैले | १० |
| | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

घरमा सम्पन्न गरिने धार्मिक रीतिरिवाज एवम् चाडपर्वबारे निर्णयकर्ता घरमा भएका आफूबाहेक अन्य कसैले गर्ने भन्ने महिला उत्तरदता १० प्रतिशत रहेका भेटिए, जसमध्ये

सासु, ससुरा वा जेठाजु पनि हुनसक्दछन् । तर अधिकांश अवस्थामा यस समाजमा घरमा सम्पन्न गर्ने सबै धार्मिक रीतिरिवाज एवम् चाडपर्व मान्ने विषयमा जिरेल महिलाहरू पुरुषसरहको नै जिम्मेवारी निर्वाह गर्दछन् भन्ने माथिको तालिकाबाट प्रस्ट हुन गएको छ ।

## ६.३.९ महिलाको तर्फबाट सुझाव

अब आउने दिनहरूमा महिलाहरूले हाल भोग्ने गरेका समस्याहरू भावी पिँढीले भोग्न नपरोस् भन्नका लागि उत्तरदाता सम्पूर्ण महिलाहरूबाट सुझावहरू सङ्कलन गरिएको थियो, जसअनुसार प्राप्त आँकडा तलको तालिकामा दिइएको छ ।

**तालिका सङ्ख्या ६.२५:.जिरेल महिलाहरूको प्रगतिकालागि प्राप्त सुझावहरू**

| क.सं. | सुझावहरू | प्रतिशत |
|---|---|---|
| १ | राम्रो शिक्षा र रोजगारी | २३ |
| २ | आर्थिक सहयोग | १ |
| ३ | महिलाको कुरा पनि सुन्ने समाज हुनपर्‍यो | २ |
| ४ | थाहा छैन | ३१ |
| ५ | सिपमूलक तालिम | १९ |
| ६ | समान अवसर पाउन पर्‍यो | १० |
| ७ | जनचेतना जगाउन पर्ने | ८ |
| ८ | महिलाको समस्या समाजले पनि बोल्न पर्‍यो | १ |
| ९ | घरायसी काममा मात्र अल्झनु हुँदैन | २ |
| १० | अधिकारको लागि प्रयत्न गरिरहन पर्‍यो | ३ |
| | जम्मा | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०७२ ।


प्राप्त सुझावहरूका अनुसार आउने पिँढीका सबै जिरेल महिलाहरूले राम्रो शिक्षा र रोजगारी पाउनुपर्‍यो भन्ने महिला सहभागी २३ प्रतिशत, आर्थिक सहयोगको आशा गर्ने महिला १ प्रतिशत र महिलाको कुरा सुन्ने समाज हुनुपर्‍यो भन्ने महिला २ प्रतिशत रहेकाछन् भने यसबारे केही पनि थाहा छैन भनेर कुनै राय व्यक्त नगर्ने वा व्यक्त गर्न नचाहने उत्तरदाता महिला ३१ प्रतिशत रहेका छन् । आर्थिक परनिर्भरता हटाउनका लागि

रोजगारी र रोजगारीको लागि सिपमूलक तालिमको आवश्यकता छ भन्ने १९ प्रतिशत सहभागी रहेका छन् । विकासका सबै क्षेत्रमा राज्यले नै महिलाहरूलाई पुरुषसरह समान अवसर दिन पर्‍यो भन्ने महिला १० प्रतिशत रहेकाछन् (तालिका सङ्ख्या ६.२५) । यसका अलावा समाजमा महिला-पुरुष समान छन् भनी जनचेतना जगाउन आवश्यक छ भन्ने सहभागी ८ प्रतिशत छन् भने १ प्रतिशत उत्तरदाताको महिलाको समस्या आफ्नो समाजले पनि बोल्न पर्‍यो भन्ने भनाइ रहेको छ । आजका महिलाहरू घरायसी काममा मात्र अल्भिनु हुँदैन भन्ने महिला २ प्रतिशत छन् । त्यस्तै सबै महिलाहरू आफैले पनि पुरुषसरहको हक, अधिकारको लागि निरन्तर प्रयत्न गरिरहनुपर्‍यो भन्ने सहभागी ३ प्रतिशत रहेका छन् ।

## ६.४ जिरेल बौद्धमार्गी महिलाहरूको आर्थिक अवस्था

### ६.४.१ जिरेल महिलाहरूको प्रमुख आयस्रोत

सामाजिक संरचनाको प्रमुख आधारमध्ये आर्थिक स्रोत पनि एक हो, जसले परिवारमा मात्र हैन, समाजमा पनि धेरै प्रभाव पारेको हुन्छ । जुन परिवारमा राम्रो आम्दानी हुन्छ उसले आफ्नो छोराछोरीलाई निरन्तर र राम्रो स्कुलमा पढाएको पाइन्छ भने आर्थिक अवस्था कमजोर भएकाहरूको जीवनस्तर मात्र हैन सामाजिक प्रतिष्ठा पनि कम रहेको पाइन्छ । यस अध्ययन क्षेत्रका महिलाहरूको पारिवारिक आम्दानीसँग सम्बन्धित जानकारी तल दिइएको छ ।




स्रोत: स्थलगत सर्वेक्षण, २०७२

**बार ग्राफ सङ्ख्या.६.१०: परिवारको प्रमुख आयस्रोत (प्रतिशतमा)**

यस अध्ययनमा धेरैको सङ्ख्यामा (५२ प्रतिशत) जिरेल महिलाहरूको आयस्रोत पनि कृषि नै रहेको पाइयो । कूल १०१ उत्तरदाता महिलाहरूमध्ये ४ प्रतिशत महिला पशुपालन पेशामा, २४ प्रतिशत नोकरीमा, १६ प्रतिशत व्यापारव्यवसायमा र २ प्रतिशत महिलाहरूको मुख्य आर्थिक आधार विदेशबाट आफन्तले पठाएको पैसा (रेमिटेन्स) रहेको देखियो । बाँकी २ प्रतिशत महिलाहरू आफै पनि स्थानीयस्तरमा ज्यालामजदुरीबाट नै आफ्नो घर व्यवहार चलाइरहेका पाइए (बारग्राफ सङ्ख्या.६.१०  ) ।

## ६.४.२ घरजग्गामा महिलाहरूको अधिकार

विशेषगरी नेपाली समाजमा सम्पत्तिमाथि तुलनात्मक रूपमा महिलाको भन्दा पुरुषको बढी अधिकार हुने गर्दछ जसका कारण हाम्रो अधिकांश समाजमा पुरुषहरू नै घरमुली हुने गरेको पाइन्छ । आर्थिक पक्षले महिलाको आफ्नो समाजमा प्राप्त स्थानलाई प्रत्यक्ष प्रभाव पार्ने भएकोले महिलाको आर्थिक क्षेत्रमा पहुँच हुनु भनेको अन्य क्षेत्रमा पनि महिलाहरूको त्यत्तिकै सक्रियता रहनु हो । तसर्थ, आर्थिक स्रोत साधन खास गरी घर-जग्गामाथि उत्तरदाता जिरेल महिलाहरुको के कस्तो पहुँच अर्थात् अधिकार छ भन्ने बारे सोधिएको प्रश्नमा थोरै मात्र अर्थात् १२ प्रतिशत उत्तरदाता महिलाहरूको घर-जग्गामा स्वामित्व रहेको तलको तालिकाले देखाएको छ । शोध अध्ययनमा सहभागी जम्मा १०१ जना उत्तरदाता महिलाहरूमध्ये घर-जग्गा मेरो नाममा छ भन्ने महिलाहरू जम्मा १२ प्रतिशत मात्र भेटिए ।

**तालिका सङ्ख्या ६.२६: घर जग्गामा स्वामित्व**

| क्र.सं. | घर जग्गाको स्वामित्व | प्रतिशत |
|---|---|---|
| १ | उत्तरदाता महिलाको | १२ |
| २ | श्रीमान्को | ५७ |
| ३ | घरको अन्य कसैको | २० |
| ४ | केही उत्तरदाताको नाममा र केही श्रीमान्को नाममा | ७ |
| ५ | घर श्रीमान्को नाममा र दाइजो उत्तरदाताको नाममा | ४ |
|  | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

घर जग्गाको सो स्वामित्व श्रीमान्को नाममा छ भन्ने महिला ठूलो सङ्ख्यामा (५७ प्रतिशत) रहेका छन् (तालिका सङ्ख्या ६.२६) । कुल उत्तरदाता मध्येका २० प्रतिशतले घरजग्गाको स्वामित्व घरको अन्य कसैको नाममा अर्थात् सासु-ससुरा वा दाइहरूको नाममा भएको बताए भने ७ प्रतिशत महिलाहरूले घर-जग्गाको स्वामित्व केही आफ्नो र केही श्रीमान्को नाममा रहेको बताएका छन् । घरको पुर्ख्यौली सम्पत्ति आफ्नो श्रीमान्को नाममा र दाइजोबाट आएको सम्पत्ति आफ्नो नाममा भएको बताउने उत्तरदाता महिला जम्मा ४ प्रतिशत भेटिए ।

### ६.४.३ जिरेल बौद्ध समाजमा महिलाहरूको आर्थिक भूमिका

घर-परिवारमा आर्थिक कारोबार व्यवस्थापन र जिम्मेवारी हरेक व्यक्ति र परिवारको लागि अति महत्त्वपूर्ण हुने गर्दछ भने पारिवारिक आयआर्जनको पाटोमा महिलाहरूको महत्त्वपूर्ण जिम्मेवारी रहन्छ तापनि कतिपय घरपरिवारमा महिलाहरूलाई आर्थिक जिम्मेवारी दिइएको हुँदैन । यसै सन्दर्भमा जिरीका बौद्धमार्गी जिरेल महिलाहरूको पारिवारिक क्रियाकलाप र विशेष गरी घरायसी आय-व्ययमा बचत कस्तो छ ? बैङ्क/सहकारीमा खाता रहेको छ/छैन ? आदिवारे सङ्कलित जानकारी तलको तालिका सङ्ख्या ६.२७ मा प्रस्तुत गरिएको छ ।

**तालिका सङ्ख्या ६.२७: बैङ्क/सहकारीमा खाताबारेको विवरण**

| क्र.सं. | आफ्नै नाममा खाता छ/छैन ? | प्रतिशत |
|---|---|---|
| १ | छैन | ५२ |
| २ | छ | ४८ |
| | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

बैङ्क/सहकारीहरूमा जिरेल महिलाहरूको खाताबारेको अध्ययनमा ५२ प्रतिशत महिला सहभागीहरूले स्थानीय बैङ्क तथा सहकारीहरूमा आफ्नो खाता भएको र सञ्चित पैसा त्यहीँ जम्मा गर्ने गरेको बताए भने बाँकी ४८ प्रतिशत सहभागीबाट बैङ्क अथवा सहकारी कुनैमा पनि आफ्नो नाममा खाता नरहेको जानकारी प्राप्त भयो (तालिका सङ्ख्या ६.२७) । यसबाट जिरेल महिलाहरू आफैले आर्जन गरेको आय पनि आफ्ना पतिहरूको खातामा राख्दछन् भन्ने यस नतिजाबाट देखिन आउँछ ।

### ६.४.४ जिरेल महिलाहरूको सञ्चित पैसामा अधिकार

विशेषगरी घर-परिवारका सदस्यहरूले कमाएको पैसा महिला या पुरुष जोसुकै भए तापनि सामान्यत: घरमुलीले राख्ने चलन अधिकांश नेपाली समाजमा पाइन्छ । यही विषयमा केन्द्रित रहेर यस अध्ययनमा सहभागी उत्तरदाताहरूको सञ्चित पैसामा अधिकार छ/छैन भनी सोधेको प्रश्नमा आय आर्जन गरिएको उक्त सञ्चित पैसा श्रीमान्ले राख्नुहुन्छ भन्ने उत्तरदाता महिला १५ प्रतिशत रहेका छन् भने आफैले नै राख्ने गरेको बताउने उत्तरदाता ५४ प्रतिशत छन् ।

श्रीमान्श्रीमती दुबैका तर्फबाट सञ्चित हुनआएको पैसा संयुक्त रूपमा नै राख्ने प्रचलन रहेको छ भन्ने महिला २५ प्रतिशत रहेका छन् । माथि उल्लेख भए झैं श्रीमान्श्रीमतीले सञ्चय गरेर सासुससुरा वा घरको आफूभन्दा जेठोबाठो अन्य कसैले राख्ने गरेको भनेर जबाफ दिने उत्तरदाता यस अध्ययनमा ६ प्रतिशत रहेका छन् (तालिका सङ्ख्या ६.२८) ।

**तालिका सङ्ख्या ६.२८:.सञ्चित पैसा राख्ने प्रचलन**

| क्र.सं. | प्रचलन | प्रतिशत |
|---|---|---|
| १ | श्रीमान्ले राख्ने | १५ |
| २ | उत्तरदाता आफैले राख्ने | ५४ |
| ३ | पति-पत्नी दुबैले राख्ने | २५ |
| ४ | अन्य कसैले राख्ने | ६ |
| | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

### ६.४.५ समान कामको ज्याला मजदुरीमा महिला पुरुषबीच विभेदको अवस्था

समान कामको समान ज्याला पाउनु नैसर्गिक अधिकार हो । अध्ययन क्षेत्रका महिलाहरूले समान काम गरेबापत उनीहरूले पाउने ज्याला समान छ कि छैन भनी उत्तरदाताहरूसँग सोधिएको प्रश्नमा जम्मा १०१ जना सहभागी उत्तरदाता महिलाहरूमध्ये ६० प्रतिशतले अध्ययन क्षेत्रमा समान कामको समान ज्याला पाउने गरेको छ भनेर बताउँछन् । पुरुषको तुलनामा महिलालाई बढी ज्याला दिइन्छ भन्नेहरूको सङ्ख्या ‘०’ अर्थात शून्य प्रतिशत रहेको छ ।

**तालिका सङ्ख्या ६.२९: श्रमको ज्यालासम्बन्धी विवरण**

| क.सं. | प्रचलन | प्रतिशत |
|---|---|---|
| १ | महिलालाई बढी | ० |
| २ | पुरूषलाई बढी | ४० |
| ३ | समान | ६० |
| | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

जम्मा १०१ जना मध्ये ४० प्रतिशतले समान नै श्रम गरेको भए तापनि उक्त ज्याला महिलालाई भन्दा पुरुषलाई बढी दिइने गरिन्छ भनेर यस समाजमा पनि ज्यालामा मजदुरीमा महिला पुरुषबीच विभेद विद्यमान रहेको छ भन्ने जानकारी हुन्छ (तालिका सङ्ख्या ६.२९) । यसका अलावा पुरुष उपलव्ध भएसम्म सो काम पुरुषलाई नै दिइन्छ भन्ने गुनासो समेत महिलाहरूमा व्यापक रूपमा रहेको पाइयो ।

## ६.४.६ घरमा कुनै कुरा खरिद-बिक्री गर्दाको भूमिका

यस शोध अध्ययनमा सहभागी उत्तरदाताहरूमध्ये २ प्रतिशतले घरमा कुनै कुरा खरिदबिक्री गर्दा आफूलाई जानकारी नै नहुने गरेको बताए भने २५ प्रतिशतले आफैले सो निर्णय गर्ने गरेको र ६ प्रतिशतले श्रीमान्ले सो निर्णय गर्ने गरेको बताए (तालिका सङ्ख्या ६.३०) ।

**तालिका सङ्ख्या ६.३०: घरमा कुनै कुरा खरिद/बिक्री गर्दाको निर्णयकर्ता**

| क.सं. | निर्णयकर्ता | प्रतिशत |
|---|---|---|
| १ | थाहा छैन | २ |
| २ | उत्तरदाता आफैले | २५ |
| ३ | श्रीमान्ले | ६ |
| ४ | श्रीमान्श्रीमती दुबैले | ५६ |
| ५ | घरको अन्य कसैले | ११ |
| | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

सम्पूर्ण उत्तरदाताहरूमध्ये ५६ प्रतिशतले श्रीमान्-श्रीमती दुवैको सल्लाहमा नै घरमा खरिदबिक्री गर्ने गरेको बताए भने घरमा सासुससुरा वा जेठाजु भएका ११ प्रतिशत महिला सहभागीहरूले सो कार्य उहाँहरूबाट नै हुने गरेको बताउँछन् ।

### ६.४.७ घरायसी आर्थिक व्यवस्थापनमा निर्णयको अधिकार

घर-परिवारमा गरिने हरेक आर्थिक कारोबार व्यवस्थापन र जिम्मेबारी हरेक परिवारका लागि अति महत्त्वपूर्ण हुनेगर्दछ । यसले नै निर्णयकर्तालाई सशक्त बनाएको हुन्छ तर दुर्भाग्यवश, हाम्रो समाजमा कतिपय जातजातिहरूले अहिले पनि घर परिवारमा महिलालाई आर्थिक व्यवस्थापनको जिम्मेवारी नदिएर दोस्रो दर्जाको नागरिक बनाएको देखिन्छ ।

यसै सन्दर्भमा यस अध्ययन क्षेत्रका महिलाको पारिवारिक क्रियाकलाप र विशेष गरी घरायसी आय-व्ययमा निर्णायक भूमिका छ/छैन भनी सोधिएको प्रश्नमा अन्तर्वार्तामा सहभागी १०१ जना उत्तरदाता महिलामध्ये घरको खर्च श्रीमान्ले नभएर आफैले चलाएको भन्ने ४९ प्रतिशत भेटिए । उत्तरदाता १७ प्रतिशतले यो भूमिका श्रीमान्को नै रहने गरेको कुरा व्यक्त गरे भने २८ प्रतिशतले महिलाहरू र पुरुष दुबैको आपसी समभ्रूदारीमा निर्णय गरिने गरेको बताउँछन् । बाँकी ६ प्रतिशत सहभागीहरू सो कार्य घरको सासुससुरा वा अन्य कसैले गर्ने बताउँदछन् (तालिका सङ्ख्या ६.३१) ।

**तालिका सङ्ख्या ६.३१: घरको खर्च चलाउने व्यक्ति**

| क्र.सं. | उत्तरदाता व्यक्ति | प्रतिशत |
|---|---|---|
| १ | उतरदाता आफैले | ४९ |
| २ | श्रीमान्ले | १७ |
| ३ | दुबैको समभ्रूदारीमा | २८ |
| ४ | घरको अन्य कसैले | ६ |
| | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

अधिकांश उत्तरदाता महिलाहरू (४९ प्रतिशत)ले आफैले सो घर खर्च चलाउने जिम्मेबारी वहन गर्ने देखिएकाले यस समाजमा अन्य समाजको भन्दा महिलाहरू आर्थिक व्यवस्थापनमा बढी सशक्त र जिम्मेवार छन् भनेर भन्न सकिन्छ ।

## ६.५ उपसंहार

बौद्धधर्म महिलाप्रति सहिष्णु भएकाले र सर्वजनहिताय र सर्वजनसुखाय नै यस धर्मको मूलमन्त्र भएको कारणले यो विश्वव्यापी हुनपुगेको छ र सोही मान्यताअनुरूप जिरीको जिरेल बौद्ध समाजमा महिलाहरूको पेशा, सामाजिक-आर्थिक अवस्था र समाजमा भूमिका के कस्तो रहेको छ भन्ने विषयको निरूपणमा यो अध्याय केन्द्रित रहेको छ ।

हालका दिनहरूमा जिरेल महिलाहरू कैयौँ अन्य पेशामा संलग्न भएको देखिए तापनि यिनीहरूको मुख्य पेसा कृषि र पशुपालन हो । आजको बदलिँदो परिवेशमा पनि जिरेल महिलाको विवाह सानै उमेरमा हुने गरेको पाइयो । सम्भवतः मागी विवाहभन्दा प्रेमविवाह गर्नेहरूको सङ्ख्या अत्यधिक रहेको कारणले हुन सक्छ, यस समाजमा दाइजोको कुनै समस्या देखिएन, तर अन्य कारणले भन्दा मादक पदार्थ सेवनका कारणले कहिलेकाँही घर-परिवारमा श्रीमान् श्रीमतीका बीच मनमुटाव हुने गरेको देखियो ।

जिरेल महिलाहरू कुनै पनि राजनैतिक दलमा सक्रिय रूपमा सहभागी नभएपनि स्थानीय स्तरमा कार्यरत विभिन्न गैरसरकारी सङ्घ-संस्थाहरूमा भने कुनै न कुनै पदमा सहभागी देखिन्छन् । जिरेल महिलाहरू आफू महिला भएकै कारणले आफ्नो सामाजिक प्रगतिमा कुनै बाधा नपरेको अनूभुति गर्दछन् । अध्ययनमा सहभागी महिलाहरू आफू अशिक्षित भएका कारण आफ्नो जीवन कष्टदायी भएको र रोजगारीको अवसरबाट समेत वञ्चित हुनुपरेको र अशिक्षाकै कारण आफूले जस्तो कठिनाइहरू आफ्ना सन्तानले भोग्नु नपरोस् भन्ने ठान्दछन्, तर आफ्ना छोराहरूलाई राम्रो र महँगो पाठशाला र छोरीलाई सस्तो पाठशालामा शिक्षाकालागि पठाउने गरेको समेत अध्ययनमा देखियो ।

घरव्यवहार, खेतीपाती र परिवारमा हुने/गरिने अन्य सबै खाले निर्णय प्रक्रियामा जिरेल महिला-पुरुष दुबैको भूमिका बराबर रहने गरेको पाइयो । समाजमा हुने सबै आर्थिक तथा सामाजिक क्रियाकलापहरूमा महिला र पुरुषको सहभागिता बराबर हुनुपर्दछ भन्ने मत अधिकांश उत्तरदाताहरूमा रहेको तर कतिपय अवस्थामा पुरुषबाट मात्र नभएर महिलाहरू महिलाहरूबाट नै पनि उत्पीडित हुने समेत गरेको भन्ने गुनासो रहेको पाइन्छ, तर कस्तो किसिमको उत्पिडन रहेको छ, सो बारे प्रष्ट जानकारी यस अध्ययनबाट प्राप्त हुन सकेन, जुन भविष्यमा थप अध्ययनको विषय हुनसक्छ ।

छलफलको क्रममा जिरेल महिलाहरू पुरुषको तुलनामा पहिलेदेखि नै आफू हेपिएको, पछाडि परेको, आर्थिक शोषणमा परेको, अशिक्षित हुनपरेको, समान कामका लागि समान

ज्याला पाउनबाट वञ्चित रहेको लगायतका जस्ता भाव उत्तरदाताहरूले व्यक्त गर्ने गरे तापनि तल प्रस्तुत तथ्याङ्कले केही महत्त्वपूर्ण तथ्य औँल्याएको छ, जसबाट महिलाहरुले भनेजस्तो उनीहरूमाथि उत्पीडन छ भन्ने भनाइको खण्डन गरेको अवस्था पाइयो, जुन यस समाजको एक सकारात्मक पक्ष हो ।

विविध काममा समान ज्याला पाउने - ६० %

घर सल्लाह (महिला समेत)बाट सामान खरिद - ५६ %

सञ्चित आयका हकदार महिला - ५४ %

घरखर्चमा निर्णय - ४९ %

विविध निर्णयमा पारस्परिक समझदारी - २८ %

अध्याय सात

# जिरेल महिलाहरू र बौद्धधर्म

## ७.१ पृष्ठभूमि

नेपाल विभिन्न धर्म, जातजातिको एउटा साझा फूलवारी हो । शताब्दीयौंदेखि यहाँ बसोबास गर्दै आएका विभिन्न धर्म, जातजातिले आ-आफ्नै समुदायको धार्मिक, सांस्कृतिक, रीतिरिवाज, चालचलन, सामाजिक संरचना तथा आर्थिक पक्षको चिनारी दिन सफल भएका छन् । ई.पू. ५६३ को वैशाखपूर्णिमाका दिन नेपालको लुम्बिनीमा जन्मनुभएका भगवान् बुद्धले सबै वर्ग, जाति, समुदाय अर्थात् सबै प्राणीहरूलाई बराबर स्तरमा राखी सम्पूर्ण जगतको हितमा जीवनभर लागिपर्नुभयो । भगवान् बुद्धका शिक्षाअनुसार के महिला, के पुरुष, मानिस सबै एउटै स्तर र एउटै जातका हुन् । अवसर पाएको हकमा महिलाहरू पनि बुद्धिमान्, शीलवती र पुरुषभन्दा कैयौं गुणा श्रेष्ठ हुनसक्ने भनेर तत्कालीन रूढिवादी समाजमा पनि महिलाहरूलाई बुद्धले उचित सम्मान दिनुभयो । फलस्वरूप महिलाहरूको पनि बौद्धकालदेखि अहिलेसम्म बौद्धधर्मको उत्थान तथा विकास गर्न निरन्तर रूपमा अतुलनीय योगदान रह्यो ।

राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कअनुसार नेपालको कुल जनसङ्ख्या २,६६,२०,८०९ को ९.०४५ प्रतिशत बौद्ध धर्मावलम्बीहरू रहेका छन्, जसमध्ये नेपालको हिमाली, पूर्वी पहाड र उत्तरी भेगमा बसोबास गर्ने अधिकांश जात-जातिहरू तामाङ, मगर, गुरुङ्ग, थकाली, शेर्पा र यस शोध अध्ययनले समेटेको जनजाति जिरेलसमेतले बौद्धधर्मको व्यापक रूपमा अनुसरण गर्ने गरेको देखिन्छ । स्थान विशेषको विविधता रहे तापनि नेपालको उत्तरी भेग तिब्बतसँग जोडिएको कारणले पनि यी जनजातिहरूमा तिब्बती बौद्धधर्मको प्रशस्त प्रभाव परेको देखिन्छ । श्री पद्मसम्भव, शान्तरक्षित, कमलशील, दीपङ्कर, श्रीज्ञान आदि बौद्धधर्मका गुरुहरू यही बाटो हुँदै तिब्बत आउने जाने गरेको कारणले बाटोमा पर्ने भेगमा बौद्धधर्मको व्यापक प्रचार-प्रसार भएको मानिन्छ ।[1] यही क्रममा काठमाडौँबाट तिब्बत लाग्ने सबैभन्दा छोटो बाटो पर्ने दोलखा जिल्लामा पनि यस धर्मको प्रभाव व्यापक पर्न गयो जसबाट खासगरी यस जिल्लाको जिरी उपत्यकामा बसोबास गर्ने जिरेल जाति पनि यसको अपवाद रहन सकेन, फलस्वरूप यस उपत्यकामा

---

[1] प्रा.डा.रञ्जना बज्राचार्य, 'नेपालको बौद्धधर्म र बौद्ध संस्कृतिको प्रवर्द्धनमा महिलाको योगदान', *बुद्ध ज्योति,* काठमाडौँ: त्रि.वि. बुद्धिस्ट स्टडिज् डिपार्टमेन्ट, पद्मकन्या मल्टिपल् क्याम्पस् भोलुम् १, (२०७०), पृष्ठ ४९ ।

अन्यत्रबाट वसाई सरेर आएका हिन्दु, इसाई, इश्लाम लगायतका विभिन्न धर्म, वाहुन (पहाडे), क्षेत्री, मगर, थारु, तामाङ्ग, नेवार, कामी, राई लगायतका विविध जातजाति आदिको गहिरो सांस्कृतिक प्रभावका बाबजुद पनि करिब ८० प्रतिशत जिरेलहरू हालसम्म बौद्धधर्मको अनुयायी रहेका छन् ।

कुनै पनि राष्ट्रको निर्माणमा होस् वा धर्मको विकास एवम् सम्वर्धनमा, त्यहाँका महिलाहरूको सँधै महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । कुनै एक धर्म वा व्यक्ति, वा जाति अथवा लिङ्ग कसैको एक्लो प्रयासले पनि सामाजिक परिवर्तनका कुनै कुरा पनि सम्भव हुँदैन । त्यस्तै बौद्धधर्मको विकास र प्रवर्द्धनमा पनि यस धर्मको उत्पत्तिकालदेखि नै प्रजापति गौतमी, अम्बपाली, काणमाता, मल्लिकादेवी लगायतका थुप्रै महिलाहरूको सशक्त भूमिका रहेको पाइन्छ । थालनीका कुन-कुन महिलाले यसमा रुचि देखाए, जीवन समर्पित गरे भन्ने चाहिँ तथ्य शोधमा पनि स्पस्ट आउन नसके तापनि दोलखा जिल्लाको जिरी उपत्यकामा शताब्दीयौँबाट बसोबास गर्दै आएको जिरेल बौद्ध समाजमा मानिने बौद्धधर्मको प्रवर्द्धनमा महिलाहरूको के कस्तो भूमिका रहेको छ, उनीहरूको धार्मिक आस्था के-कस्तो रहेको छ, उनीहरूले अवलम्वन गर्ने गरेको धर्मले उनीहरूलाई नै कस्तो सामाजिक-आर्थिक स्थान दिएको छ, उनीहरूमा आफ्नो धर्मबारे जानकारी के-कस्तो छ, शोध अध्ययन गरिएको क्षेत्रमा बौद्धधर्मको अवस्था के छ आदि लगायतका विषयमा यस अध्यायमा विस्तृत चर्चा गरिएको छ ।

## ७.२ बौद्धधर्मबारे जिरेल महिलाहरूको अवधारणा

यस शोधका लागि स्थलगत अध्ययनार्थ प्रस्थान गर्नुअघि शोधकर्ताको काठमाडौंको प्रचलित बौद्धधर्म संस्कारमा ख्याति पाएकी गुरुमाँ धम्मावतीसित छोटो कुराकानी भएको थियो । यस कुराकानीको उद्देश्य बौद्धधर्मको हालको अवस्थाको जानकारी, काठमाडौँको नेवारी समाजमा रहेका चेतनशील शिक्षित महिलाहरू र काठमाडौंबाट टाढा ग्रामीण परिवेशमा रहेका र बौद्धशिक्षा नपाएका जिरेल महिलाहरूको बीचको भिन्नता पहिल्याउन सहयोग पुगोस् भन्ने थियो । यद्यपि दुई पृथक् पृष्ठभूमिका महिलाबीच तुलना हुन नसक्ने तथ्य प्रस्ट थियो तर पनि दुवै थरी महिलाले आ-आफ्नो ठाउँबाट बौद्धशिक्षा ग्रहण गरेर वा अन्य प्रेरणाले जीवन धर्मकै लागि अर्पण गरेको परिवेश पनि थियो ।

गुरुमाँबाट सम्वन्धित विषयमा प्रशस्त प्रेरणा प्राप्त भयो । गुरुमाँका अनुसार खासगरी काठमाडौँका बौद्ध महिला चाहे भिक्षुणी (अनागरिका) हुन् वा गृहस्थी, दुबैथरी महिलाहरू बौद्धधर्मको सेवा, दान र असल संस्कारमा समर्पित छन् । अध्ययनका शिलशिलामा जिरीका बौद्धमार्गी महिलाहरू पनि आफ्ना साधन र स्रोतले भ्याएसम्म यस्ता काममा संलग्न पाइए । नेवार महिलाजस्तो बौद्ध शिक्षा प्राप्तिका लागि देशभित्रै वा देशबाहिर गएर औपचारिक शिक्षा लिने, आफ्ना परिवार वा समुदायबाट थप प्रेरणा र सहयोग पाउने जस्ता अवस्थामा जिरेल महिलाहरू छैनन्, तर पनि उनीहरू धर्मप्रति समर्पित छन् । यो नै उनीहरूको बलियो, उल्लेखनीय पक्ष हो । हाल नेपालका मगर, थारु, गुरुङ लगायत यस शोधअध्ययनले समेटेको जिरेल समुदायहरूमा पनि महिलाहरू दीक्षित हुने, बौद्धधर्म, समाजसेवा र क्रमशः उच्च शिक्षा आर्जनतर्फ संलग्न भएको पाइन थालेको छ । कुनै समय नेपालको सन्दर्भमा बौद्ध महिलाबारे इतिहास लेखिँदा जिरेल महिलाबारे पनि लेखिने विश्वास गर्नसकिन्छ ।

सबै धर्मका आआफ्नै विशेषताहरू हुने गर्दछन् र सो धर्मका धर्मावलम्बीहरूले पनि आफूले अवलम्बन गर्ने गरेको धर्मप्रति आ-आफ्नै खालका अवधारणा वा विचार राख्ने गर्दछन् । परापूर्वकालबाट आफूले अवलम्वन गर्नेगरेको बौद्धधर्मबारे जिरेलमहिलाहरू के धारणा राख्नेगर्दछन्, सो बारे उपलव्ध जानकारी तलको तालिका मा प्रस्तुत गरिएको छ ।

**तालिका सङ्ख्या ७.१: बौद्धधर्मबारे धारणा**

| क्र.सं. | धारणा | प्रतिशत |
|---|---|---|
| १ | महिलामुखी | ३ |
| २ | पुरुषमुखी | १ |
| ३ | दुबै बराबर | ८३ |
| ४ | थाहा छैन | १३ |
| | जम्मा | १०० |


स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

यस अध्ययनमा सहभागी भएका बौद्ध धर्मावलम्बी उत्तरदाता महिलाहरूमध्ये अन्य धर्महरूको तुलनामा बौद्धधर्म महिलामुखी छ भन्ने उत्तरदाता ३ प्रतिशत, पुरुषमुखी छ भन्ने १ प्रतिशत र यस धर्मले महिला पुरुष दुबैलाई बराबर रूपमा हेर्दछ भन्ने महिला अत्यधिक

अर्थात ८३ प्रतिशत रहेका छन् । यसबाट बौद्धधर्म अन्य धर्महरूको तुलनामा केही हदसम्म महिलामुखी छ भन्ने देखिन्छ । आफूले अवलम्वन गर्ने धर्मले समाजमा महिला पुरुषबारे कस्तो धारणा राख्छ सो बारे केही थाहा छैन भनेर अनभिज्ञता देखाउने सहभागी महिला १३ प्रतिशत रहेका छन् (तालिका सङ्ख्या ७.१) ।

## ७.३ धार्मिक आस्थाको अवस्था

यस वडाका अधिकांश जिरेल जातिले अवलम्वन गर्ने बौद्धधर्ममा हिन्दु र तिब्बती बौद्धधर्मको पनि प्रशस्त प्रभाव रहेको देखिन्छ । यो समग्र नेपालकै आस्थाको चित्र पनि हो, जसबाट जिरेलहरू पनि यसका अपवाद रहन सकेका छैनन् । तर पनि बौद्धधर्मका अलावा अन्य धर्महरू प्रतिको आस्थाको अवस्था के छ, सो बारे सोधिएको प्रश्नमा प्राप्त जानकारी तलको पाइ चार्टमा दिइएको छ ।




स्रोत: स्थलगत सर्वेक्षण, २०७२ ।

**पाईचार्ट सङ्ख्या ७.१: धार्मिक आस्था (प्रतिशतमा)**

विभिन्न धर्ममाथि रहेको आस्थामाथिको अध्ययनमा सहभागी भएका जम्मा १०१ जना महिला उत्तरदाताहरूमध्ये सबैभन्दा बढी अर्थात् ७७ प्रतिशत महिलाहरू बौद्ध धर्मावलम्वी रहेका छन् (पाईचार्ट सङ्ख्या ७.१) । यहाँको जनजीवनमा हिन्दू धर्मको उल्लेख्य प्रभाव रहेको भए तापनि यो धर्म मान्ने महिलाको सङ्ख्या जम्मा १४ प्रतिशत मात्र रहेको देखिन्छ । हालका दिनहरूमा जिरीमा पनि इसाई धर्म प्रति आस्था राख्नेहरूको सङ्ख्या

उल्लेखनीय रूपमा बढ्दै गएको छ । अध्ययनका दौरानमा ९ प्रतिशत उत्तरदाता महिलाहरू इसाई धर्मतर्फ लागेका देखिनु पनि एउटा ठोस उदाहरणका रूपमा लिन सकिन्छ ।

## ७.४ धर्ममा विश्वासको अवस्था

कुनै पनि धर्ममा विश्वासको अवस्था अथवा बुझाइको स्तर व्यक्ति-व्यक्तिको आ-आफ्नै किसिमको रहेको हुन्छ । अध्ययन क्षेत्रका महिलाहरूको धर्मप्रतिको विश्वासको अवस्था बुझ्न गरिएको प्रश्नबाट प्राप्त जानकारी तालिका सङ्ख्या ७.२ मा दिइएको छ । जसअनुसार शोध अध्ययनमा सहभागी रहेका जम्मा १०१ जना उत्तरदाता महिलाहरूमध्ये धर्ममा विश्वासको स्तर ठिकै अर्थात् मध्यम खालको छ भनी जबाफ दिने जिरेल महिला ६४ प्रतिशत रहेका छन्, ३६ प्रतिशत सहभागीले धर्ममा अरूहरूको तुलनामा धेरै विश्वास लाग्छ भनेर बताए । धर्ममा आफ्नो पटक्कै विश्वास नभएको भन्ने उत्तरदाताहरूको सङ्ख्या शून्य (०) प्रतिशत रहेको छ । यसको अर्थ यस क्षेत्रका जिरेल महिलाहरू आफूले अवलम्बन गर्ने धर्मप्रति कट्टर छैनन् तर उनीहरू नास्तिक पनि छैनन् भन्ने देखिन्छ ।

**तालिका सङ्ख्या ७.२: धर्ममा गरिने विश्वासको स्तर**

| क्र.सं. | विश्वासको स्तर | प्रतिशत |
|---|---|---|
| १ | ठिकै छ | ६४ |
| २ | धेरै छ | ३६ |
| ३ | विश्वास छैन | ० |
| | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

## ७.५ धार्मिक संस्कार प्रवर्धनमा जिरेल महिलाहरूको योगदान

धार्मिक संस्कार प्रवर्धनमा जिरेल महिलाहरूको योगदानका विषयमा गरिएको अध्ययनमा संलग्न १०१ जना उत्तरदाता महिलाहरूमध्ये जम्मा २७ प्रतिशत महिलाले धार्मिक संस्कार प्रवर्धन लगायत जात्रा, पर्व तथा धार्मिक संस्कार आदिमा पाहुना बोलाउनेदेखि धार्मिक संस्कार आदि सम्पूर्ण कार्य गर्ने अधिकार घर सल्लाहमा गरिने भए तापनि मुख्यत: आफ्नो नै अधिकार रहने गरेको बताए । सहभागी ५ प्रतिशतले सो निर्णयमा आफ्नो भूमिका गौण रहने र श्रीमान् आफैले नै सो निर्णय गर्ने गरेको बताए ।

अन्तर्वार्तामा सहभागी ६८ प्रतिशत उत्तरदाताले धार्मिक संस्कार प्रवर्धन सम्बद्ध सम्पूर्ण निर्णयहरूमा जिरेल परिवारमा श्रीमान्-श्रीमती दुबैको भूमिका बराबर रहने गरेको बताए ( तालिका ७.३) ।


**तालिका सङ्ख्या ७.३: जात्रा पर्वमा सहभागिताको निर्णयकर्ता**

| क्र.सं. | निर्णायक व्यक्ति | प्रतिशत |
|---|---|---|
| १ | महिला | २७ |
| २ | पुरुष | ५ |
| ३ | दुवै बराबर | ६८ |
| | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

## ७.६ बौद्धधर्मभन्दा अन्य धर्मप्रतिको आकर्षण

हालका दिनमा आएर हाम्रो देशमा पनि केही मानिसहरूले परम्परागत रूपमा मान्दै आएको धर्मलाई विभिन्न कारण देखाई परित्याग गर्ने र नयाँ धर्ममा प्रवेश गर्ने प्रचलन बढ्दै गएको भन्ने सन्दर्भमा सोधिएको प्रश्नमा यस क्षेत्रका मानिसहरूको अन्य धर्मप्रतिको आकर्षण बढ्दो छ भन्ने महिला २० प्रतिशत रहेका छन् (पाईचार्ट सङ्ख्या ७.२) । सहभागीहरूमध्ये ५ प्रतिशतले धर्म परिवर्तन गर्नेभन्दा पनि आफ्नो पुरानो धर्ममा हालका दिनहरूमा विश्वास क्रमश: घट्दो छ भनेर आफ्नो धारणा व्यक्त गरे । तर यसको उल्टो पहिलेदेखि नै आफूले मान्दैआएको बौद्धधर्मभन्दा अन्य धर्मप्रतिको आकर्षणको अवस्थामा खासै घटबढ छैन, पहिलेको झैँ छ भन्ने उत्तरदाता महिला अत्यधिक (७५ प्रतिशत) रहेका छन् ।




स्रोत: स्थलगत सर्वेक्षण, २०७२ ।

**पाईचार्ट संख्या ७.२: अन्य धर्मप्रतिको आकर्षण (प्रतिशतमा)**

## ७.७ अन्य धर्मप्रति हालका दिनहरूमा आकर्षण बढ्नुको कारण

जिरेलहरुले परम्परागत रूपमा मान्दै आएको बौद्धधर्मलाई परित्याग गरी नयाँ धर्म मान्नेहरूको सङ्ख्या पनि उल्लेख्य देखिएकोमा किन अर्थात के कारणले जिरेलहरूमा अन्य धर्मप्रतिको आकर्षण बढेको होला भनी सोधिएको प्रश्नमा अन्य धर्मप्रतिको आकर्षण बढ्नुको प्रमुख कारण अरू कुनै नभएर आर्थिक नै रहेको अर्थात् आर्थिक प्रलोभनका कारणले मानिसहरू इसाई धर्ममा लागेको हो भन्ने उत्तरदाता महिला २८ प्रतिशत रहेका छन् (तालिका सङ्ख्या ७.४) ।

**तालिका सङ्ख्या ७.४: अन्य धर्मप्रतिको आकर्षण बढ्नुको कारण**

| क्र.सं. | कारण | प्रतिशत |
|---|---|---|
| १ | आर्थिक फाइदा हुने हुनाले | २८ |
| २ | सामाजिक प्रचलित रीतिरिवाज पालना गर्न नसकिने | १२ |
| ३ | राजनैतिक | ० |
| ४ | श्रीमान् इसाई भएकाले | १२ |
| ५ | अन्य | ४८ |
| | जम्मा | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०७२ ।

बौद्धमार्गी जिरेल समाजमा हुने गरेका विभिन्न परम्परागत सामाजिक र सांस्कृतिक कार्य सम्पन्न गर्नकालागि आफ्नो आर्थिक अवस्थाले धान्न नसक्ने र इसाई धर्ममा लाग्दा यस्ता प्रकारका सामाजिक परम्पराहरूको पालना गर्न नपर्ने भएकाले यस धर्मप्रतिको आकर्षणका कारणले सो सङ्ख्या बढेको हो भन्ने उत्तरदाता १२ प्रतिशत रहेका छन् । राजनैतिक कारणले बढेको हो भन्ने उत्तरदाता एकजना पनि भेटिएनन् भने आफ्नो श्रीमान् इसाई भएका कारणले आफू पनि इसाई भएको हो भन्ने महिलाका सङ्ख्या १२ प्रतिशत रहेको छ (तालिका सङ्ख्या ७.४) । माथि तालिकामा उल्लेखित कारणहरूमध्येका कुनै पनि कारण नदेखाई अन्य कारणले अन्य धर्मप्रति हालका दिनहरूमा केही जिरेलहरूको आकर्षण बढ्नुलाई नै मुख्य कारण हो भन्ने उत्तरदाता ४८ प्रतिशत रहेका छन्, तर उक्त कारणहरूका बारेमा उनीहरू अनभिज्ञ छन् ।

## ७.८ समाजमा हुने धार्मिक क्रियाकलापहरूमा महिला सहभागिता

जिरेल महिलाहरूले आफ्ना समुदायका विभिन्न क्रियाकलाप, जात्रा, पर्व, अवसर आदिमा खुलेर भाग लिएका देखिन्छन् । विभिन्न धार्मिक क्रियाकलापहरूमा महिला सहभागिताको बारेमा सोधिएको प्रश्नमा महिलाको सहभागिता पुरुषसरह हुने गर्दछ भन्ने महिला ७२ प्रतिशत रहेका छन् भने पुरुषभन्दा कम छ भन्ने उत्तरदाताहरू जम्मा ८ प्रतिशत मात्र रहेका छन् (तालिका सङ्ख्या ७.५) । धार्मिक क्रियाकलापको काममा पुरुषभन्दा महिलाको सहभागिता बढी हुने गर्दछ भन्नेमा १६ प्रतिशत रहेका छन्, तर ४ प्रतिशत सहभागीहरूले यस शोध अध्ययनका केही अन्य प्रश्नहरूमा झैं आफूलाई यस विषयमा जानकारी नभएको बताएर जवाफ दिन चाहेनन् ।

**तालिका सङ्ख्या ७.५: धार्मिक क्रियाकलापमा महिलाको सहभागिता**

| क्र.सं. | सहभागिता दर | प्रतिशत |
|---|---|---|
| १ | पुरुषसरह | ७२ |
| २ | पुरुषभन्दा कम | ८ |
| ३ | पुरुषभन्दा बढी | १६ |
| ४ | थाहा छैन | ४ |
| | जम्मा | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०७२ ।

## ७.९ धार्मिक क्रियाकलापहरूमा जिरेल महिलाको योगदान

प्रत्येक समुदायमा हुने गरेका सबै प्रकारका धार्मिक क्रियाकलापहरूमा सो समुदायका मानिसहरूले विभिन्न किसिमले योगदान दिइरहेका हुन्छन्, अझ त्यसमा पनि महिलाहरूको योगदान र सक्रियता सँधैजसो उल्लेखनीय नै रहने गर्दछ । माथिका प्रश्नहरूबाट प्राप्त जानकारीका अनुसार जिरेल महिलाहरू पनि समाजमा मनाइने सबैजसो धार्मिक क्रियाकलापहरूमा सक्रिय देखिन्छन् । तसर्थ, यस्ता धार्मिक क्रियाकलापहरूमा जिरेल महिलाहरूको योगदानको किसिमका बारेमा सोधिएको प्रश्नमा सहभागी जम्मा १०१ जना उत्तरदाताहरूमध्ये समुदायमा हुने सबै प्रकारका धार्मिक क्रियाकलापमा अन्नदान गरी योगदान गर्ने महिला १० प्रतिशत रहेका छन् ।

पैसादान अर्थात् धनदान गरी आवश्यताअनुसार धार्मिक क्रियाकलापहरूमा आफ्नो योगदान पु-याउने महिला ४३ प्रतिशत रहेका छन् भने श्रमदानको माध्यमद्वारा योगदान गर्ने महिलाहरू २४ प्रतिशत रहेका छन् । आवश्यकताअनुसार श्रमदान र पैसादान दुबै किसिमको दान गरी धार्मिक क्रियाकलापहरूमा योगदान गर्ने महिला १० प्रतिशत मात्र रहेका छन्, तर १३ प्रतिशत उत्तरदाता महिलाहरूको धार्मिक क्रियाकलापमा कुनै पनि किर्मिको योगदान पनि नरहेको देखियो । यो परिवेशलाई हाम्रो समाजको एक किसिमको विडम्वना नै मान्नुपर्ने हुन्छ, जसका कारण (तालिका सङ्ख्या ७.६) बौद्धधर्मको विकासमा फड्को मार्न सकिदैन ।

**तालिका सङ्ख्या ७.६: धार्मिक क्रियाकलापमा महिलाको योगदानको किसिम**

| क.सं. | उत्तरदाताको योगदान | प्रतिशत |
|---|---|---|
| १ | अन्न दान | १० |
| २ | धन दान | ४३ |
| ३ | श्रम दान | २४ |
| ४ | श्रम दान र धन दान दुबै | १० |
| ५ | कुनै योगदान छैन | १३ |
| | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

## ७.१० जिरीमा बौद्धधर्मको वर्तमान अवस्था

यस शोध अध्ययनमा सहभागी महिलाहरूलाई बौद्धधर्म मान्नेहरूको सङ्ख्या हालका दिनहरूमा कस्तो रहेको छ अर्थात् बढेको छ, घटेको छ, उस्तै छ वा यस वारेमा कुनै जानकारी नै छैन भनेर सोधिएको प्रश्नमा प्राप्त जानकारी अनुसार जनसंख्याको वृद्धि वा अन्य कुन कारणले हो सो को कारण खुल्न नसके तापनि प्राप्त नतिजाका अनुसार बौद्धधर्म मान्नेहरूको सङ्ख्या हालका वर्षहरूमा बढेको छ भन्ने महिलाहरू १३ प्रतिशत रहेका छन् ।

कूल उत्तरदाता सङ्ख्याको ५ प्रतिशतले यस क्षेत्रका बौद्धमार्गी जिरेलहरू हालका दिनहरूमा हिन्दु धर्मतिर मात्र नभएर इसाई धर्मतिर पनि त्यत्तिकै आकर्षित हुन थालेका कारणले बौद्धधर्मावलम्बी जिरेलहरूको सङ्ख्या केही न केही रूपमा दिनानुदिन घट्दै गएको मान्दछन् । यसका पछाडी धार्मिक, आर्थिक, सामाजिक लगायतका कैयौं कारणहरू हुनसक्छन्, तर यो सङ्ख्या उस्तै छ, बौद्धधर्मावलम्विहरूको सङ्ख्यामा कुनै घटबढ् भएको छैन भन्ने महिलाहरू अत्यधिक अर्थात् ७१ प्रतिशत रहेका छन् । यसो हुनुको ठोस कारण थाहा नभए तापनि आफूलाई यस विषयमा कुनै जानकारी नै नरहेको भनेर यस प्रश्नमा अनभिज्ञता देखाउने उत्तरदाता महिलाहरू ११ प्रतिशत रहेका छन् (तालिका सङ्ख्या ७.७) ।

**तालिका सङ्ख्या ७.७: बौद्धधर्म मान्नेहरूको सङ्ख्या**

| क्र.सं. | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १ | बढेको छ | १३ |
| २ | घटेको छ | ५ |
| ३ | उस्तै छ | ७१ |
| ४ | जानकारी छैन | ११ |
| | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

माथिको नतिजाबाट जिरेल बौद्ध समाजमा पनि अन्य धर्मको प्रभाव बिस्तारै बढ्दै गएको देखिन्छ, तर कतिपय उत्तरदाताहरू यसबारे या त कुनै जानकार छैनन् या ब्यक्त गर्न चाहँदैनन् भन्ने निष्कर्ष निकाल्न सकिन्छ । यो नतिजा अन्तर्वार्ताको क्रममा स्थानीय सूचनादाता र लेखक सुमनकृष्ण जिरेल, २०५१ को 'आजकल केही जिरेल परिवारहरू इसाई धर्मतर्फ आकर्षित हुँदै गएका छन्' भन्ने भनाइसँग पनि प्रस्ट मेल खान्छ ।

## ७.११ आफ्नो धर्मको विकास/उत्थानमा महिलाहरूको योगदानको किसिम

आफ्नो धर्मको विकासमा समाजका सबैले आ-आफ्नो क्षेत्रबाट केही न केही भूमिका निर्वाह गर्ने गरेका हुन्छन् । त्यसमा पनि महिलाहरूको योगदान पौराणिककालदेखि पुरुषहरूको तुलनामा थप उल्लेखनीय रहने गरेको हुन्छ । जिरेल समाजका बौद्ध धर्मावलम्बी महिलाहरूको पनि आफूले अनुसरण गर्ने गरेको धर्मको उत्थान तथा विकासमा कस्तो किसिमको योगदान हुने गरेको छ सो वारे गरिएको अध्ययनमा आफ्नो तर्फबाट केही न केही रूपमा आर्थिक योगदान रहेको छ भन्ने महिला १० प्रतिशत रहेका छन् भने सामाजिक योगदानका माध्यमबाट सहयोग गर्ने गरिएको भन्ने महिला ४७ प्रतिशत छन् (तालिका सङ्ख्या ७.८) । आवश्यक परेको अवस्थामा शारीरिक श्रम गरेर पनि आफूले मान्ने धर्मको उत्थानमा सहयोग गर्ने गरेको भन्ने महिला २७ प्रतिशत छन् तर यस्ता कृयाकलापहरूमा आफ्नो खासै योगदान नरहेको भन्ने सहभागी महिला १३ प्रतिशत छन् । सहभागिहरूमध्ये ३ प्रतिशत उत्तरदाताहरूले तालिकामा उल्लिखित किसिमहरू बाहेक परिआएको समयमा आवश्यकता अनुसारको योगदान आफूले मान्ने गरेको धर्मको विकास तथा उत्थानकालागि पुऱ्याउने गरेको बताउँछन् (तालिका सङ्ख्या ७.८) ।

**तालिका सङ्ख्या ७.८: आफ्नो धर्मको विकासमा योगदानको किसिम**

| क्र.सं. | योगदान | प्रतिशत |
|---|---|---|
| १ | आर्थिक | १० |
| २ | सामाजिक | ४७ |
| ३ | शारीरिक श्रम गरेर | २७ |
| ४ | खासै छैन | १३ |
| ५ | अन्य | ३ |
| | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

## ७.१२ आनी (महिला भिक्षुणी) लाई जिरेल समाजले हेर्ने दृष्टिकोण

बौद्ध गुम्बामा बस्ने भिक्षुणीहरूलाई *'आनी'* र भिक्षुहरूलाई *'थावा'* भनिन्छ र जिरीको बौद्ध धर्मावलम्बी समुदायमा *'आनी'* र *'थावा'* लाई हेर्ने दृष्टिकोण कस्तो रहेकोछ भनी सोधिएको प्रश्नमा आएको जानकारी तलको तालिका सङ्ख्या ७.९ मार्फत प्रस्तुत गरिएको

छ । हाम्रो समाजमा सामान्यत: महिला र पुरुषलाई हेर्ने दृष्टिकोणमा कुनै न कुनै रूपमा भेदभाव विद्यमान रहेको पाइन्छ । सोही प्रसङ्गमा आनीलाई भन्दा थावालाई ठुलो मानिने विचार राख्ने उत्तरदाता महिला ३४ प्रतिशत छन् भने थावाभन्दा आनी ठुलो भन्ने महिला जम्मा २ प्रतिशत र *'आनी'* र *'थावा'* दुवैलाई बराबर देख्ने महिलाको सङ्ख्या अत्यधिक (६१ प्रतिशत) रहेको छ, जुन यस समाजमा विद्यमान सकारात्मक पक्ष मान्न सकिन्छ । यसबारे कुनै जानकारी नै नरहेको भनेर आफ्नो प्रतिकृया नै नदिने उत्तरदाताहरू पनि ३ प्रतिशत रहेका छन् ।

**तालिका सङ्ख्या ७.९: आनी र थावालाई हेर्ने दृष्टिकोण**

| क्र.सं. | दृष्टिकोण | प्रतिशत |
|---|---|---|
| १ | थावा ठुलो | ३४ |
| २ | आनी ठुलो | २ |
| ३ | दुवै बराबर | ६१ |
| ४ | थाहा छैन | ३ |
| | जम्मा | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०७२ ।

## ७.१३ जिरीका बौद्ध गुम्बाहरूमा महिलाहरूलाई हेर्ने दृष्टिकोण

जुनसुकै धर्म, संस्कार, चलन अवलम्बन गर्ने भए तापनि आजको एक्काईसौँ शताब्दीमा समेत पितृसत्तात्मक हाम्रो समाजका परम्परागत मूल्य मान्यताहरूका कारण समाजमा छोरा-छोरीलाई समान रूपमा नहेरी छोरीलाईभन्दा छोरालाई प्राथमिकता दिने लगायतका लैंङ्गिक विभेद गरेको देखिन्छ । यसै सन्दर्भमा केन्द्रीत रहेर जिरीस्थित बौद्ध गुम्बाहरूमा महिलालाई हेरिने दृष्टिकोण कस्तो छ भन्नेबारे सोधिएको प्रश्नमा उत्तरदाताहरूबाट प्राप्त जानकारी तालिका सङ्ख्या ७.१० मा दिइएको छ ।

शोध अध्ययनमा सहभागी उत्तरदाता महिलाहरूका अनुसार जिरीस्थित बौद्धगुम्बाहरूमा महिला र पुरुषलाई हेर्ने दृष्टिकोणमा कुनै भिन्नता नराखी आफ्ना महिलाहरूलाई पुरुषसरह नै हेर्ने गरिएको छ भन्ने उत्तरदाता महिला अत्यधिक (७३ प्रतिशत) रहेका छन् भने पुरुषभन्दा आफूलाई कम महत्त्व दिइएको भन्ने महिला ११ प्रतिशत छन् ।

**तालिका सङ्ख्या ७.१०: गुम्बाहरूमा महिलालाई हेर्ने दृष्टिकोण**

| क.सं. | दृष्टिकोण | प्रतिशत |
|---|---|---|
| १ | पुरुष सरह | ७३ |
| २ | पुरुषभन्दा कम | ११ |
| ३ | पुरुषभन्दा बढी | ० |
| ४ | थाहा छैन | १६ |
| | जम्मा | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०७२ ।

अन्तर्वार्तामा सहभागी कुल १०१ जना उत्तरदाताहरूमध्ये जिरेल महिलाहरूले पुरुषभन्दा बढी मान्यता पाउने गरेका छन् भन्ने महिलाहरूको सङख्या शून्य रहेको छ । आफूलाई यसबारे कुनै जानकारी छैन अर्थात लैङ्गिक मान्यताका बारेमा कुनै अनुभूति छैन भनेर जबाफ दिने उत्तरदाता १६ प्रतिशत रहेका छन् । तर जिरीमा अवस्थित बौद्ध गुम्बाहरूमा महिलाहरूलाई पुरुषसरह नै हेरिने गरिएको छ भन्ने उत्तरदाताको सङ्ख्या अत्यधिक (७३ प्रतिशत) रहेको देखिए तापनि कतिपय क्षेत्रमा अझै व्यावहारिक रूपमा विभेद कायम नै छ भन्ने देखिन्छ । अन्य जातजातिहरूको तुलनामा जिरेल जातिमा विद्यमान रहेको धार्मिक स्थलहरूमा समेत महिलापुरुषलाई समानरूपमा व्यवहार गर्ने यो अवस्था निश्चित रूपमा सकारात्मक हुनसक्छ तर यस विषयमा थप अध्ययनको आवश्यकता देखिन्छ (तालिका सङ्ख्या ७.१०) ।

## ७.१४ आनी (भिक्षुणी)हरूको आर्थिक स्रोत

दैनिक जीवन सञ्चालनका लागि आर्थिक रूपमा हरेक व्यक्ति केही न केही स्रोत तथा साधनमा निर्भर रहनु बाध्यता रहन्छ । यही सन्दर्भमा बौद्ध गुम्बाहरूमा बस्ने आनी अर्थात् भिक्षुणीहरूको जीविकोपार्जनका लागि आर्थिक स्रोत के हुन सक्छ, आनीहरूको आर्थिक निर्भरताको अवस्था कस्तो रहेको होला सोबारेमा यस अध्ययनबाट जानकारी लिइएको थियो । सोधिएको प्रश्नमा आनीहरू सामान्यतया आर्थिक रूपमा आफ्नै कोषमा निर्भर रहन्छन् भन्ने उत्तरदाता महिलाको सङ्ख्या ११ प्रतिशत रहेको छ भने यिनीहरूको आर्थिक निर्भरता थावा अर्थात् भिक्षुहरूमा रहन्छ भन्ने उत्तरदाता महिला ५ प्रतिशत छन् । यसका अलावा महिलाहरू आनी भईसकेपश्चात पनि आर्थिक रूपमा आफ्नै घरपरिवारमा

निर्भर रहने गर्दछन् भन्ने महिला उत्तरदाता अत्यधिक अर्थात ५८ प्रतिशत रहेका छन् (तालिका सङ्ख्या ७.११) । तर यस विषयमा आफूलाई कुनै पनि जानकारी नभएको भन्ने उत्तरदाताहरूको सङ्ख्या पनि उल्लेखनीय (२६ प्रतिशत) रहेको छ । आनीहरूले धार्मिक रूपमा आफुलाई पूर्णरूपमा गुम्बामा समर्पण गरे तापनि आर्थिक रूपमा घर-परिवारमा नै आश्रित रहनु पर्ने वा थावा वा अन्य स्रोतमा भर पर्नुपर्ने बाध्यता रहनु आफैमा विडम्वनापूर्ण र आश्चर्यलाग्दो देखिन्छ ।

**तालिका सङ्ख्या ७.११: आनीहरूको आर्थिक निर्भरताको बिवरण**

| क.सं. | निर्भरता | प्रतिशत |
|---|---|---|
| १ | आफ्नै कोषमा | ११ |
| २ | थावाहरूमा | ५ |
| ३ | आफ्नै घरपरिवारमा | ५८ |
| ४ | थाहा छैन | २६ |
| | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

## ७.१५ बौद्ध गुम्बाहरूमा महिला अधिकारबारे छलफल

महिला अधिकारको विषयमा उत्तरदाता महिलाहरूलाई स्थानीय गुम्बाहरूमा बोलाएर कुनै किसिमको छलफल हुने गर्दछ वा गर्दैन भन्ने प्रश्नमा ९ प्रतिशत उत्तरदाता महिलाहरूबाट छलफल हुने गर्दछ भन्ने जबाफ आयो भने ४ प्रतिशतले गुम्बाहरूमा यस्तो प्रकारको कुनै छलफल हुने नगरेको बताए (तालिका सङ्ख्या ७.१२), तर महिला अधिकारको विषयमा गुम्बाहरूमा छलफल हुनेबारेमा आफूलाई कुनै पनि जानकारी नभएको भन्ने उत्तरदाता महिलाहरू ८७ प्रतिशत रहेकाछन् । यसवाट के निष्कर्ष निकाल्न सकिन्छ भने जिरीस्थित बौद्ध गुम्बाहरूमा महिला अधिकारका बारेमा खासै कुनै छलफलहरू हुने गरेको छैन जुन महिला सशक्तीकरणका लागि एकदमै नकरात्मक पक्ष मान्न सकिन्छ ।

मानिसले अवलम्बन गर्ने गरेका कुनै पनि धर्मले आफ्ना अनुयायीहरूलाई आफ्नो धर्मअनुसारको धार्मिक संस्कार मात्र हैन एक आदर्श नागरिकको काम, कर्तव्य र अधिकारबारे पनि जानकारी गराउँदा समाजमा सकारात्मक परिवर्तन ल्याउन मदत पुग्छ ।

तसर्थ जिरी उपत्यकामा अवस्थित स्थानीय बौद्ध गुम्बाहरूमा पनि विभिन्न धर्म, महिला अधिकार आदिको विषयमा पटक पटक छलफल हुन जरुरी देखिन्छ ।

**तालिका सङ्ख्या ७.१२: महिला अधिकारको विषयमा गुम्बाहरूमा हुने छलफल**

| क्र.सं. | छलफल | प्रतिशत |
|---|---|---|
| १ | हुन्छ | ९ |
| २ | हुँदैन | ४ |
| ३ | जानकारी छैन | ८७ |
| | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

## ७.१६ गुम्बाहरूमा हुने विभिन्न किसिमका शोषणको अवस्था

प्रत्येक जसो समाजमा महिलामाथि केही न केही प्रकारको हिंसा अथवा शोषण भइराखेको हुन्छ, यो किन भइरहेको छ भन्ने चुरो कुरोलाई ठम्याएर समाधान गरिएन भने दीर्घकालीन रूपमा हिंसाविहीन समाजको निर्माण गर्न सकिँदैन । यही क्रममा जिरीस्थित बौद्धगुम्बाहरूमा महिलामाथि हुने शारीरिक तथा मानसिक हिंसा वा अन्य शोषणको अवस्था के छ अर्थात् कुनै प्रकारको हिंसा हुने गरेको छ कि छैन भन्नेबारे सोधिएको प्रश्नमा प्राप्त आँकडा तलको तालिकामा दिइएको छ ।

**तालिका सङ्ख्या ७.१३: गुम्बाहरूमा शारीरिक तथा मानसिक शोषणको विवरण**

| क्र.सं. | हिंसा वा अन्य शोषण | प्रतिशत |
|---|---|---|
| १ | छ | ० |
| २ | छैन | ७५ |
| ३ | कुनै जानकारी छैन | २५ |
| | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

उत्तरदाताहरूवाट प्राप्त जानकारी अनुसार गुम्बाहरूमा महिलामाथि शारीरिक तथा मानसिक हिंसा वा अन्य शोषण हुने गर्दछ भन्ने महिला शून्य प्रतिशत रहेका छन् भने शारीरिक तथा मानसिक शोषणका कुनै खालका हिंसा हुँदैनन् भन्ने महिला ७५ प्रतिशत

रहेका छन् । गुम्बाहरूमा हुने यस्ता किसिमका कुनै घटनाका बारेमा आफूलाई जानकारी नभएको भन्ने महिलाहरूको सङ्ख्या पनि उल्लेख्य (२५ प्रतिशत) रहेको छ (तालिका सङ्ख्या ७.१३) ।

## ७.१७ समाजमा विद्यमान धार्मिक विभेदसम्बन्धी अनुभूति

हाम्रो समाजमा परापूर्वकालबाट नै नारी र पुरुषबीच ठूलो विभेद छ । नारीलाई पुरुषले बनाएको सामाजिक रेखाभित्र बसी पत्नी, आमा र छोरीको भूमिका निर्वाह गर्न प्रत्येक समाजले एक प्रकारको सीमारेखा कोरेको हुन्छ । पत्नीका रूपमा नारी चरणकी दासी हो भनिन्छ भने छोरीको रूपमा नारी अर्काको नासोको रूपमा मात्र मानिन्छ । यस्तो परिवेशमा मानवजातिले अवलम्वन गर्ने गरेका धर्मको पनि केही न केही भूमिका रहेको हुन्छ ।

मानव जातिले यस संसारमा अवलम्बन गर्ने गरेका प्रायजसो सबै धर्महरूमा महिला र पुरुषलाई हेर्ने दृष्टिकोणमा केही न केही फरक रहे तापनि अन्य धर्मको तुलनामा बौद्धधर्म प्रगतिशील, महिलामैत्री र सहिष्णु भएको मानिन्छ । बौद्धमार्गी जिरेल महिलाहरू स्वयम् यस विषयमा के कस्तो अनुभूति गर्दछन् भन्ने सम्बन्धमा सोधिएको प्रश्नमा सहभागी हुने १०१ जना उत्तरदाता महिलाहरूवाट प्राप्त प्रतिक्रिया तलको तालिकामा दिइएको छ ।

**तालिका सङ्ख्या ७.१४: समाजमा धार्मिक विभेद भएको अनुभूति**

| क्र.सं. | विभेद महशुस | प्रतिशत |
|---|---|---|
| १ | गर्छु | ३० |
| २ | गर्दिन | ५३ |
| ३ | अनुभूति छैन | १७ |
| | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

यस शोध अध्ययनले समेटेको जिरेल समाजका १०१ जना उत्तरदाता महिलाहरूमध्ये आफू वस्ने समाजमा धार्मिक विभेद भएको अनुभूति गर्ने महिलाहरू ३० प्रतिशत छन् भने धर्मका कारणले कुनै किसिमको लैङ्गिक विभेदको अनूभूति गर्नु नपरेको बताउने महिला ५३ प्रतिशत रहेकाछन् । यस प्रश्नको जबाफमा कुनै प्रतिक्रिया नदिने वा दिन नचाहने महिलाहरूको सङ्ख्या १७ प्रतिशत रहेको छ । तालिका सङ्ख्या ७.१४ मा प्रस्तुत यस

नतिजाले कम नै सङ्ख्यामा भए पनि जिरेल महिलाहरू आफ्नो समाजमा केही न केही रूपमा वा किसिममा धार्मिक विभेद भएको अनुभूति गर्दछन् भन्ने देखाउँछ । धार्मिक विभेदको कुनै अनुभूति नै छैन भन्ने उत्तरदाताहरूको सङ्ख्या माथिको तालिकाले १७ प्रतिशत देखाए तापनि यस विषयमा विस्तृत जानकारीकालागि थप अध्ययनको आवश्यकता देखिन्छ ।

## ७.१८ जिरेल समाजमा विद्यमान धार्मिक विभेदको किसिम

विभेद भन्नाले सामान्यत: कुनै पनि न्यायिक कारणविना कुनै व्यक्ति वा समूहलाई अर्को व्यक्ति वा समूहको भन्दा भिन्न प्रकारले बुझिनु वा व्यवहार गरिनु भन्ने बुझिन्छ । समाजमा विभेद धार्मिक, आर्थिक, सामाजिक कुनै पनि किसिमको हुन सक्छ । यसै प्रसङ्गमा जिरेल समाजमा पनि अन्य समाजहरूमा झैँ थोरै मात्रामा भए तापनि धार्मिक विभेद विद्यमान छ भन्ने जानकारीमा आधारित रहेर उत्तरदाताहरूलाई धार्मिक विभेदका प्रकारका बारेमा सोधिएको प्रश्नमा जातीय छुवाछुत छ भन्ने उत्तरदाता महिला १३ प्रतिशत रहेका छन् भने अन्य कार्यहरूभन्दा धार्मिक कार्य गर्दा महिलाहरूमाथि बढी विभेद हुने गर्दछ भन्ने उत्तरदाता २१ प्रतिशत रहेका छन् ।

**तालिका सङ्ख्या ७.१५: धार्मिक विभेदका प्रकार**

| क.सं. | प्रकार | प्रतिशत |
|---|---|---|
| १ | जातीय छुवाछुत | १३ |
| २ | धार्मिक कार्य गर्दा | २१ |
| ३ | धार्मिक स्थलभित्र आउने जाने | १३ |
| ४ | पर सरेको वेलामा मानिने छुवाछुत | ५३ |
| ५ | सधवा र विधवामा भेद | ० |
| | जम्मा | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०७२ ।

धार्मिक स्थल प्रवेशमा महिला र पुरुषको बीचमा विभेद हुने गर्दछ भन्ने महिलाको सङ्ख्या पनि १३ प्रतिशत नै रहेको छ । पर सरेको वेलामा अन्य जातजातिहरूमा झैं जिरेल महिलाहरू परिवारहरू सँगसँगै बस्ने गर्दछन् तर अन्य जातजातिमा झैं गुम्बा, मठ मन्दिरमा जान र पूजा पाठ गर्नको लागि बन्देज रहेको अर्थात छुवाछुत मान्ने महिला ५३ प्रतिशत रहेका छन् । यस समाजमा धार्मिक कारणले सधवा र विधवा महिलाका बीचमा कुनै भेदभाव हुनेगरेको छैन भन्ने जवाफ सम्पूर्ण उत्तरदाताहरूको रहेको छ, जुन जिरेल समाजको अत्यन्तै सकारात्मक पक्ष मान्नु पर्दछ (तालिका सङ्ख्या ७.१५) ।

## ७.१९ उत्तरदाता महिलाहरूको तर्फबाट प्राप्त सुझाव

अव आउने दिनहरूमा महिलाहरूले हाल अनुभव गर्ने गरेका समस्याहरू भोग्न नपरोस् भन्नको लागि उत्तरदाता १०१ जना महिलाबाट तालिका सङ्ख्या ७.१६ अनुसारका सुझावहरू सङ्कलन गरिएको थियो ।

**तालिका सङ्ख्या ७.१६:.जिरेल महिलाहरूको प्रगतिकालागि प्राप्त सुझावहरू**

| क.सं. | सुझावहरू | प्रतिशत |
|---|---|---|
| १ | राम्रो शिक्षा र रोजगारी | २३ |
| २ | आर्थिक सहयोग | १ |
| ३ | महिलाको कुरा पनि सुन्ने समाज हुनुपर्‍यो | २ |
| ४ | थाहा छैन | ३१ |
| ५ | सिप मूलक तालिम | १९ |
| ६ | समान अवसर पाउन पर्‍यो | १० |
| ७ | जनचेतना जगाउनु पर्ने | ८ |
| ८ | महिलाको समस्या समाजले पनि बोल्न पर्‍यो | १ |
| ९ | घरायसी काममा मात्र अल्झनु हुँदैन | २ |
| १० | अधिकारको लागि प्रयत्न गरिरहन पर्‍यो | ३ |
| | जम्मा | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।

तालिकाअनुसार अब आउने पिँढीका महिलाहरूले राम्रो शिक्षा र रोजगारी पाउनुपर्‍यो भन्ने महिला सहभागी २३ प्रतिशत, महिलावर्गको उत्थानकालागि आर्थिक

सहयोगको आशा गर्ने महिला १ प्रतिशत र महिलाको कुरा सुन्ने समाज हुनुपऱ्यो भन्ने महिला २ प्रतिशत रहेका छन् भने यसबारे केही पनि थाहा छैन भनेर कुनै राय व्यक्त गर्ननचाहने महिला ३१ प्रतिशत रहेका छन् । आर्थिक परनिर्भरता हटाउनका लागि रोजगारी र रोजगारीको लागि सिपमूलक तालिम आवश्यक छ भन्ने १९ प्रतिशत सहभागी रहेका छन् । महिलाहरूलाई सबै क्षेत्रमा राज्यले नै पुरुषसरह समान अवसर दिन पऱ्यो भन्ने महिला १० प्रतिशत रहेका छन् । महिला-पुरुष समान भनी जनचेतना जगाउन आवश्यक छ भन्ने सहभागी ८ प्रतिशत छन् भने १ प्रतिशत उत्तरदाताका अनुसार महिलाको समस्या आफ्नो समाजले पनि वोल्नु पऱ्यो भन्ने भनाइ रहेको छ । आजका महिलाहरू घरायसी काममा मात्र अल्झिनु हुँदैन भन्ने महिला २ प्रतिशत छन् त्यस्तै सबै महिलाहरूले हक, अधिकारको लागि निरन्तर प्रयत्न गरिरहनु पऱ्यो भन्ने सहभागी ३ प्रतिशत रहेका छन् ।

## ७.२० उपसंहार

यस अध्यायमा दोलखाको जिरी उपत्यकामा बसोबास गर्ने बौद्धमार्गी जिरेल महिलाहरू र यिनीहरूले अवलम्बन गर्ने गरेको बौद्धधर्मका विविध पक्षहरूमा अध्ययन गरिएको छ । उपलव्ध तथ्यहरूका अनुसार अध्ययनमा सहभागी ७७ प्रतिशत उत्तरदाता महिलाहरूले आफूहरू बौद्धमार्गी नै भएको बताए पनि सो धर्मबारे उनीहरू अनभिज्ञ रहेका छन् । सम्भवत: यही कारणले आफ्नो धर्मको उत्थानमा उनीहरूको कुनै महत्त्वपूर्ण भूमिका देखिन्न । जात्रा पर्वमा महिला सहभागिता पुरुषको तुलनामा उल्लेखनीय रूपमा बढी रहेको देखिँदैन तर धार्मिक क्रियाकलापहरूमा अधिकांश महिलाहरूको योगदान आर्थिक रूपबाट हुने गर्दछ ।

बौद्धधर्म मूलत: समतावादी धर्म हो । आनी र थावा मध्ये को ठूलो भनेर सोधिएको प्रश्नमा उत्तरदाताहरू आफू महिला नै भए पनि ३४ प्रतिशतले थावालाई ठूलो मान्ने गर्दछन् । जिरेल समाज अन्य मतावलम्वी समाजको संरचनाबाट पनि प्रभावित छ । त्यसको प्रभाव महिलाको सोच, व्यवहार र उनीहरूका उत्तरबाट पनि प्रस्ट हुन्छ । 'थावा' र 'आनी' समान हुनुपर्नेमा हैसियतका दृष्टिले को बरिष्ठ भन्ने प्रश्नमा माथिको जवाफ प्राप्त भए तापनि समग्रमा जिरेल महिलाहरू सहिष्णु छन् र समाजमा जस्तो स्थान, प्रतिष्ठा प्राप्त छ, त्यसमा सन्तुष्ट छन् । अहिले भने यदाकदा उनीहरूको असन्तुष्टि क्रमश: बाहिर आउन थालेको कुरा माथिका उत्तरहरूबाट थाहा पाउन सकिन्छ ।

जिरेल गुम्बाहरूमा पुरुषहरूले महिलालाई पुरुषसरह नै हेर्ने गरेको पाइए तापनि केही प्रतिशत महिलाले महिलालाई नै पुरुषभन्दा कम ठान्दछन् । कतिपय प्रश्नका उत्तरमा बिभिन्न प्रतिशतमा उत्तरदाता महिलाले थाहा छैन, भन्न सकिन्न/चाहन्न आदि भनेको पनि सुनियो । यसबाट यकातर्फ अझैपनि जम्मा सङ्ख्याको केही प्रतिशत महिला तत-तत् विषयमा अनभिज्ञ वा अलमलको अवस्थामा रहेका देखिन्छन् भने अर्कोतर्फ स्थानीय रूपमा कार्यरत विभिन्न सरकारी, गैर सरकारी तथा धार्मिक सङ्घसंस्थाहरूले पनि महिलाहरूको चेतनाको स्तर बढाउनेतर्फ कुनै ठोस् पहल गरेको पाइँदैन । तर पनि सम्भवत: बौद्धधर्म तुलनात्मक रूपमा महिला सहिष्णु भएको कारणले हुनसक्छ, यस शोध अध्ययनले समेटेको जिरेल समाजमा महिलाहरूको स्थान अन्य जातजाति र धर्मका महिलाहरू र स्वयम् जिरेल पुरुषहरूको तुलनामा पनि बढी अधिकार प्राप्त र सशक्त देखिन्छन् ।

## अध्याय आठ

# उपसंहार

## ८.१ सारांश

देशको कुल जनसङ्ख्याको आधाभन्दा बढी हिस्सा ओगटेका महिलाको चौतर्फी विकासविना सही अर्थमा कुनै पनि देशको विकासको सम्भावना रहँदैन । यसै अवधारणालाई मध्यनजर राख्दै नेपालको संविधान २०७२ ले पनि सबै क्षेत्रमा तेत्तिस प्रतिशत महिला सहभागिता अनिवार्य हुनपर्ने भनी उल्लेख गरेको छ तापनि हरेक क्षेत्रमा महिला सहभागिता र निर्णयप्रक्रियामा सोचेअनुसारको पहुँच हुन सकेको छैन । प्रशस्त मात्रामा देख्न, पढ्न र सुन्नमा आउने 'महिला र पुरुष समान हुन्' भन्ने नारा पनि व्यवहारमा कतै लागु भएको पाइँदैन । हाम्रा महिलाहरूको यो अवस्था नेपालको विभिन्न भूभागमा बसोबास गर्ने जातजाति, धर्म, क्षेत्र सबै ठाउँमा केही न केही मात्रामा विद्यमान छ । यसो हुनुका धेरै कारणहरूमध्ये समाजमा विद्यमान पितृसत्तात्मक सोच, महिला स्वयम्मा विद्यमान शैक्षिक चेतनाको कमी, महिलाहरूले घरव्यवहारमा गर्ने गरेका कामहरू आयमूलक कामको रूपमा गन्ती नहुनु, सामाजिक बन्धन, धर्मका नाममा लादिने कुसंस्कारहरू, अन्धविश्वासग्रस्त सामाजिक रीतिरिवाज आदि मुख्य हुन् । जबसम्म महिला विरुद्धका विविध मानवीय व्यवहारमा परिवर्तन ल्याउन सकिँदैन तबसम्म भावी सन्ततिले पनि राम्रो बाटो समाउन सक्दैनन् र सन्तुलित रूपमा देश विकासको सम्भावना पनि न्यून रही रहन्छ । कुनै पनि किसिमको लैङ्गिक असमानता नभएको र राज्यका सामाजिक, धार्मिक र आर्थिक अधिकारलाई महिला र पुरुष दुबैले समान रूपमा उपयोग गर्ने गरेको समाज नै वास्तवमा सभ्य र सुसंस्कृत मानिन्छ । प्रत्येक घरका महिलाहरू कुशल र आदर्श भइदिएको अवस्थामा मात्र समाज सुसंस्कृत बन्न सक्छ र सिङ्गो देश नै आदर्श बन्न सक्छ ।

नेपाल एक बहुआयामिक, बहुभाषिक, बहुधार्मिक एवम् बहुजातीय देश हो । यहाँ मूलत: बौद्ध, हिन्दु, इसाई, इस्लाम आदि धर्महरू अनुसरण गरिन्छन् । यहाँ लगभग एकसय तेइस भाषा बोलिन्छन् र एकसय पच्चीस जातजातिहरू बसोबास गर्दछन् । यी जातजातिहरू मध्ये दोलखा जिल्लाको जिरीमा बसोबास गर्ने जिरेल पनि एक हो । जिरेल जातिको आफ्नै लिपि नभए तापनि आफ्नै भाषा, संस्कृति र संस्कारहरूमा धनी जिरेलहरू मुख्यत: बौद्ध धर्मलाई नै अङ्गीकार गर्दछन् भने हिन्दु धर्मलाई पनि त्यतिकै महत्त्व दिन्छन् ।

जिरेलहरू जुनजुन जिल्ला र जुन जुन स्थानहरूमा छरिएर रहेका भएपनि यिनीहरूको बाहुल्य आफ्नो उद्‌गमस्थल जिरी उपत्यकामा सबैभन्दा बढी रहेको छ । सीमान्तकृत समूहमा रहेको यस जातिले आफूहरू किराँतहरूकै एउटा हाँगा भएको बताउँछन् । कतिपय समाजशास्त्रीहरूले यस जातिलाई सुनुवार केटा र शेर्पा केटीबाट जन्मिएको वर्णशङ्कर सन्तान भएको पनि दाबी गरेका छन् । यस जातिले बोल्ने भाषा भोट-बर्मेली परिवारभित्र पर्दछ । जिरेलहरूको आफ्नै बोली, आफ्नै भाषा भएका कारण लोकगीत, लोकगाथा आदिको रूपमा अनेकौ मूर्त अमूर्त सांस्कृतिक सम्पदाहरू हालका दिनसम्म जीवित रहेका पाइन्छन् ।

यस जातिले विभिन्न चाडपर्व, जात्रा, धार्मिक पूजा तथा मृत्यु संस्कारको पूजामा बौद्ध र हिन्दु संस्कार दुवै अवलम्बन गर्ने गर्दछन् । आफूभन्दा ठूला व्यक्ति वा आफ्नो घरमा आएका पाहुनाहरूलाई मानमर्यादा गर्न अत्यन्तै सिपालु यो जाति मुख्यत: बौद्धधर्मावलम्बी हो । यस धर्ममा वोन अर्थात् तान्त्रिक धर्मको र केही हिन्दु धर्मको पनि प्रभाव रहेको देखिन्छ । संस्कृति प्रत्येक समाजको सम्पत्ति हो । जिरेल जातिको पनि आफ्नै मौलिक संस्कृति तथा संस्कार छ । हिमाली भेगमा वस्ने अन्य बौद्ध धर्मावलम्बी जातजातिहरू र यस जातिको बीचको भिन्नता पनि यही विशेष संस्कृति तथा संस्कारले नै गर्ने गरेको छ । यहाँ अनुसरण गरिने बौद्धधर्म तथा विद्यमान बौद्ध संस्कृतिको दृष्टिकोणले अत्यन्त महत्त्वपूर्ण तर धेरै अध्ययन हुन नसकेको जाति र क्षेत्र भएका कारणले यस शोध अध्ययनको विषय पनि जिरी उपत्यका, जिरेल जाति, बौद्धधर्म र बौद्ध धर्मावलम्बी जिरेल समाजमा महिलाहरूको भूमिका छनौट गरिएको छ ।

जिरेल महिलाहरूको पारिवारिक आयस्रोत पशुपालन, नोकरी, रेमिटेन्स, ज्याला मजदुरी समेत देखिए तापनि हालका दिनसम्म कृषि नै मुख्य पेशा रहिआएको छ । ज्यालामजदुरी गर्दा धेरैजसो ठाउँमा महिलाहरूले समान कामको समान ज्याला पाउने गरेको भनिए तापनि व्यवहारमा पुरुष उपलब्ध भएसम्म महिलाहरूलाई काममा नलगाउने र समान कामको पनि पुरुषलाई बढी पारिश्रमिक दिईने समस्या यथावत् नै रहेको देखिन्छ । हाम्रो देशमा बसोबास गर्ने अन्य जातजातिहरूमा झैं जिरेल समुदायमा पनि परिवारले गर्ने सबै प्रकारका आर्थिक कारोबारमा महिलाको भन्दा पुरुषको संलग्नता बढी मात्रामा भएका कारण अधिकांश महिलाहरूको नाममा कुनै पनि चलअचल सम्पत्ति देखिँदैन ।

यस अध्ययन क्षेत्रमा करिब ७७ प्रतिशत जिरेल महिलाहरूले आफूले मान्दै आएको धर्म बौद्ध भएको भन्ने गरे तापनि यिनीहरूले अवलम्बन गर्ने बौद्धधर्म हिमाली-पहाडी भेगमा बसोबास गर्ने अन्य जनजाति जस्तै तामाङ्ग, मगर, गुरुङ्ग आदिले अपनाउने बौद्धधर्मभन्दा धेरै फरक देखिन्छ । एक्काइसौँ शताब्दीको बदलिँदो परिवेशमा पनि जिरेल महिलाको विवाह सानै उमेरमा हुने गरेको पाइयो, तर दाइजो कम ल्याएको कारणले वा ल्याउँदै नल्याएको कारणले भने कुनै उत्तरदाताको परिवारमा कुनै तनाव वा अन्य समस्या रहेको देखिएन । जिरेल समुदायमा मागी विवाहभन्दा प्रेम विवाह गर्नेको सङ्ख्या अत्यधिक रहेको छ । शान्त, सरल र सहनशील स्वभावका जिरेल परिवारमा र समाजमा समेत अन्य कारणले भन्दा कहिलेकाँही मादकपदार्थको सेवनका कारणले घरपरिवारमा श्रीमान्श्रीमतीका बीच मनमुटाव हुने गरेको देखिन्छ ।

जिरेल महिलाहरू निर्वाचनको समयमा मतदान गर्ने बाहेक अन्य समयमा कुनै पनि राजनैतिक दलमा सक्रिय रूपमा सहभागी हुन रुचाउँदैनन् । यिनीहरू स्थानीय स्तरमा स्थापित विभिन्न गैरसरकारी सङ्घ-संस्थाहरूमा भने कुनै न कुनै पदमा सहभागी रहेका देखिन्छन्, तर अधिकांश पदाधिकारी महिलाहरू कार्यकारी पदमा नभई सामान्य सदस्य पदमा मात्र रहेका छन् भने महिला मात्र भएको सङ्घ-संस्थामा बाहेक महिला-पुरुष दुबै भएको संस्थामा समेत अधिकांशमा पुरुष नै प्रमुख भूमिकामा देखिन्छन् । तर यस अध्ययन क्षेत्रको जिरी उच्च माध्यमिक विद्यालयहरूलगायत पाठशालाहरूमा गठन भएका विभिन्न अभिभावक सङ्घहरूमा महिलाहरू मात्र नै रहेको भेटिए । यसको मुख्य कारण महिलाहरूको अवस्था सशक्त भएको नभएर यस क्षेत्रमा भएका अधिकांश पुरुष रोजगारीका लागि घरबाहिर भएका कारणले नै यो अवस्था सिर्जना भएको देखिन्छ । समाजमा विद्यमान लैङ्गिक विभेदको अवस्थालाई मूल्याङ्कन गर्दा जिरेल महिलाहरू समाजमा लैङ्गिक विभेद त भएको तर आफू महिला भएकै कारणले आफ्नो सामाजिक प्रगतिमा कुनै बाधा नपरेको भन्नेहरूको सङ्ख्या बढी छ ।

आर्थिक, सामाजिक लगायत विभिन्न कारणले पाठशाला जान नपाएका महिलाहरू तथा पढाइलाई निरन्तरता दिन नसकेका महिलाहरूले आफू अशिक्षित भएकै कारण आफ्नो जीवन कष्टदायी भएको र रोजगारीको अवसरबाट समेत बञ्चित हुनु परेको ठान्दछन् । शिक्षित मानिसले आफूले आफ्नो भविष्य उज्वल बनाउन सक्दो रहेछ र शिक्षा सबैका लागि अनिवार्य रहेछ भन्ने चेतना हालका दिनहरूमा यस समाजमा व्यापक रूपमा बढ्दै गएको

पाइन्छ । अशिक्षाकै कारण आफूले जस्तो कठिनाइहरू आफ्ना सन्तानले भोग्नु नपरोस् भन्ने चेतनाको विकास हालका दिनहरूमा जिरेल महिलाहरूमा व्यापक भएको भए तापनि केही सङ्ख्यामा अझैं पनि पितृसत्तात्मक परम्परागत मूल्य, मान्यता र दृष्टिकोणका प्रभावका कारणले महिला शिक्षामा आशातीत फड्को मार्न सकेको देखिँदैन । जिरेल महिलाहरूमा छोरा र छोरी दुबैलाई शिक्षाको अवसर बराबर दिइनु पर्दछ भन्ने धारणा रहँदारहँदै पनि केही परिवारले आफ्ना छोरालाई बढी शुल्क तिरेर निजी विद्यालय र छोरीलाई सरकारी बिद्यालयमा पढाइरहेको समेत देख्न सकिन्छ ।

यस समाजमा घरखर्च र खेतीपातीको काममा पुरुषको तुलनामा महिलाको भूमिका निर्णायक रहने गरेको देखिन्छ । यस्तै परिवारमा हुने गरिने अन्य सबै प्रकारका निर्णय प्रक्रियामा महिलापुरुष दुबैको भूमिका बराबर रहने गरेको देखिए तापनि आर्थिक कारोबारमा पुरुषहरूको भूमिका बढी सशक्त देखिन्छ । जे होस्, यसबाट जिरेल महिलाहरू समग्रमा नेपालमा बसोबास गर्ने अन्य जात-जाति तथा धर्मका महिलाहरूको तुलनामा आफ्नो समाजमा सशक्त छन् भन्ने देखिन्छ । एकथरी महिलाहरूमा समाजमा हुने सबै आर्थिक तथा सामाजिक क्रियाकलापहरूमा महिला र पुरुषको सहभागिता बराबर हुनुपर्दछ भन्ने मत व्यापक रहेको तर कतिपय अवस्थामा महिलाहरू महिलाहरूबाट नै पनि उत्पीडित हुने गरेको भन्ने गुनासो रहेको छ । महिलावर्गको विकासमा बाधा पुऱ्याउने विभिन्न कारणहरूमध्ये विद्यमान चेतनाको स्तर र अशिक्षाको कारणले नै हो भन्ने सोच भएका महिलाको सङ्ख्या यस समाजमा अत्यधिक देखिन्छ । जिरेल महिलाहरूको दृष्टिकोणमा छोरा र छोरीमा कुन् ठूलो भन्ने प्रश्नमा दुबै बराबर भन्ने सङ्ख्या बढी देखिन्छ, तर व्यावहारिक रूपमा त्यसो भएको देखिँदैन । केही महिलाहरूमा अहिले पनि छोरीको तुलनामा छोराले नै महत्त्व पाउनु पर्दछ भन्ने समेत विचार रहेको पाइन्छ ।

समाजमा विद्यमान एकल परिवार वा संयुक्त परिवारमा वस्ने चलनमध्ये अधिकांश जिरेल महिलाहरूले एकल परिवारमा बस्न रुचाएको देखिन्छ । सम्भवत: महिलाहरूमा धार्मिक तथा सामाजिक चेतना जगाउने र बौद्धधर्मको उत्थान र विकास कार्यमा महिलाहरूको सहभागिता बढाउने ठोस किसिमका उल्लेखनीय क्रियाकलापहरू कुनै निकायबाट पनि कम हुने गरेको कारणले हुनसक्छ जिरेल महिलाहरूले पुर्खौंबाट अनुसरण गर्दैआएको आफ्नो धर्मबारे आफूहरू बौद्धमार्गी नै भएको बताए तापनि सो धर्मबारे कम जानकारी राखेको पाइयो ।

## ८.२ निष्कर्ष

हाम्रो देश नेपाल भू-भागका दृष्टिले एउटा सानो राष्ट्र भए तापनि यहाँ विद्यमान विभिन्न धर्म, जातजाति, संस्कृति आदिको विविधताले गर्दा यो व्यापक र विशाल छ । यी सबै जातजातिका आफ्नै खालका रीतिथिति र संस्कारहरू छन् । यही सेरोफेरोमा रहेर दोलखाको जिरी उपत्यकामा ऐतिहासिककालदेखि बसोबास गर्ने जिरेल बौद्ध समुदायको उत्पत्ति, विकास, प्रचलित धर्म र संस्कारका साथै यस समुदायमा महिलाहरूको सामाजिक-आर्थिक अवस्था र भूमिकाको निर्क्योल गर्नुका साथै बौद्धधर्मको उत्थान र विकासमा महिलाहरूले दिएको योगदानका बारेमा विस्तृत अध्ययन गर्नु यस शोधप्रबन्धको प्रमुख उद्देश्य रहेको छ । प्रस्तुत शोधप्रबन्धले दोलखा जिल्लाको जिरी उपत्यका र यहाँ बसोबास गर्ने जिरेलहरूको परिचय दिँदै त्यस क्षेत्रमा बौद्धधर्मको उत्थान र विकास, यस जातिको सामाजिक, सांस्कृतिक परम्परा, समाजमा महिलाहरूको सामाजिक-आर्थिक अवस्था र भूमिका आदि बारे विस्तृत जानकारी प्रदान गरेको छ ।

जिरेलहरू नेपालका आदिवासी जनजाति हुन् र यिनीहरूको मूल थलो *'जिरी'* उपत्यका हो । जिरेलहरू यही स्थानबाट नै दोलखा र सिन्धुपाल्चोक लगायत तराई क्षेत्रका विभिन्न जिल्ला र भारतका कैयौं स्थानहरूमा समेत बसाइ सरेका पाइन्छन् । जिरेलहरूको उत्पत्तिको बारेमा जिरेल भाषामा *'जि'* को अर्थ डरलाग्दो अर्थात् घना र *'रि'* को अर्थ जङ्गल भन्ने भएकोले जिरी अर्थात 'घना जङ्गलमा' बसोबास गर्ने ठाउँ विशेषको नामले *'जिरेल'* हुन पुगे भनिन्छ । यस जातिले मान्ने गरेको वास्तविक धर्म तान्त्रिक अर्थात् प्राकृतिक धर्म हो, तर बिस्तारै आएर यिनीहरूले बौद्धधर्ममा आस्था राख्न थालेका हुन्, जुन तिब्बतीयन बौद्धधर्म भित्रको बज्रगुरु पद्‌मसम्भवले खडा गरेको धार्मिक मत निङ्मा सम्प्रदायभित्र पर्दछ र यो खासगरी तन्त्रमन्त्रमा विश्वास गर्ने बज्रयान बौद्धधर्म हो । बाह्र मूलथर र एघार उपथरमा विभाजित यस समुदायमा आ-आफ्नो परम्पराअनुसार देवताको पूजा गर्ने चलन रहेको छ ।

जिरी उपत्यकामा जिरेलहरूले अवलम्बन गर्ने बौद्धधर्मको कसरी र कहिले प्रबेश भएको थियो भन्ने सन्दर्भमा एकिन गरेर कहीँकतै पनि उल्लेख भएको पाइँदैन, तर करिव ५०० वर्ष अगाडि तिब्बतबाट शेर्पाहरूको यस उपत्यकामा आगमनसँगै यस धर्मले प्रवेश गरेको भन्ने भनाइ रहे तापनि आफ्नै देवलिङ्गा कविलाका 'वाङ्जुले र गारे लामा' नाम गरेका जिरेल लामाहरूले करिब ५०० वर्ष अगाडि बौद्ध शिक्षा तिब्बतबाट प्राप्त गरी

आएपछि मात्र उनीहरूकै कारणले जिरेलहरूले बौद्धधर्म अवलम्बन गर्न थालेको भन्ने लोकोक्तिमा जिरेलहरूको बढी विश्वास रहेको छ । आठौं शताब्दीताका गुरु पद्मसम्भव लगायतका बौद्ध गुरुहरू नेपालकै बाटो भएर तिब्बत आवतजावत गर्ने क्रममा हाम्रो देशको उत्तरी भेगमा यस धर्मको प्रभाव पर्न गएको भन्ने भनाइ पनि यदाकदा स्थानीय वासिन्दाबाट सुन्ने गरिन्छ तर अधिकांश बौद्धमार्गी रहेको यस जिरेल समाजको क्रमिक रूपमा अन्तबाट वसाइ सरेर आएका हिन्दुहरूसँगको उठबस र घुलमिलका कारण हिन्दु धर्मको जबरदस्त प्रभाव पर्न गएका कारणले जिरीमा एउटा नयाँ संस्कृतिको जन्म हुन पुगेको देखिन्छ ।

धर्मको हकमा बौद्ध र हिन्दु धर्मप्रति समान आस्था राख्ने जिरेलहरूको पहिलेको धर्म फोम्बोद्वारा पूज्ने तान्त्रिक (प्राकृतिक) धर्म हो । बिस्तारै आएर यिनीहरूले बौद्धधर्ममा आस्था राख्न थालेका हुन्, जुन तिब्बतीयन बौद्धधर्म भित्रको बज्रगुरु पद्मसम्भवले खडा गरेको धार्मिक मत निङ्मा सम्प्रदायभित्र पर्दछ र यो खासगरी तन्त्रमन्त्रमा विश्वास गर्ने बज्रयान बौद्धधर्म हो । धार्मिक क्रियाकलाप सञ्चालन गर्न यिनीहरूको आफ्नै लामा *'फोम्बो'* हुन्छ । यसको अतिरिक्त धामी, झाँक्रीलाई पनि जिरेलहरूले उत्तिकै मान्यता दिने गर्दछन् । समाजमा विद्यमान धार्मिक तथा सामाजिक संस्कारहरूमा हिन्दु चलनलाई पनि त्यतिकै महत्त्व दिने गरेको देखिन्छ । मृत्युजस्ता संस्कारहरू सम्पन्न गर्नु पर्दा लामाद्वारा सम्पन्न गराइन्छ भने कतिपय देवकार्य वा पूजाआजा हिन्दु *'ब्राह्मण'* द्वारा गराइन्छ । जिरेलहरूले मान्ने चाडबाडहरू सबै हिन्दुहरूको जस्तै र विवाह पद्धति, जन्म संस्कार, मृत्यु संस्कार बौद्धधर्म र किराँत धर्मअनुसार हुने गरेको देखिन्छ । देवी, देउरालीलाई भाकल गर्ने, त्रिशूल चढाउने, सूर्यलाई देवताको रूपमा पूजा गर्ने, मन्दिरहरूमा गई बत्ती बाल्ने, फूलपाती भेटी तथा अक्षता चढाउने, पशुबलि दिने, आफ्ना शत्रुहरूमाथि विजय हासिल गर्नका लागि शक्ति पाउन, समाजमा कुनै रोगव्याधि नफैलियोस् भन्न, खेती पाती राम्रो होस् भन्न आ-आफना थर विशेष कुलदेवताको पूजा गर्ने आदि यस जातिका केही प्रमुख संस्कारहरू हुन् ।

जिरेलजातिले ल्होसारका अलावा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, होली, चैते दशैं, साउने-माघे सङ्क्रान्ति, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, जनैपूर्णिमा, कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णिमा, कूल-थानी पूजा आदि चाडपर्वहरू

आफ्नो क्षमताअनुसार धुमधामसँग मनाउने गर्दछन् । परिवारमा बच्चा जन्मेपछि सातौं दिनसम्म जिरेलहरूले खेतीपातीको कुनै पनि काम गर्दैनन् र सातौं दिनमा चोखिने र बच्चाको नाम राख्ने गर्दछन् । इच्छाअनुसार पछि पास्नी गर्ने र छोरा ६-७ बर्षको हुँदा *'छेवर'* गर्ने रीति-रिवाज पनि बौद्धमार्गी जिरेलहरूमा व्यापक छ । प्रेमविवाह नै चलन चल्तीमा रहेको भए तापनि जिरेल समाजले विधवा विवाहलाई पनि मान्यता दिएको व्यापक देखिन्छ ।

जिरेलहरूले मान्दै आएको बौद्धधर्ममा पनि समय सँगसँगै जनचाहनाअनुसार परिवर्तन हुन सकेको छैन भने धार्मिक (न्वारान, विहे, मृत्यु लगायतका) संस्कारहरू विधिसम्मत तरिकाले सम्पन्न गराउने जिरेल लामाहरूको अभाव पनि दिनानुदिन खट्कँदै गएको देखिन्छ । हालका दिनहरूमा स्थानीय स्तरको सक्रियतामा गुरु पद्मशम्भवको मूर्ति, स्तुप आदिको निर्माण र बौद्धधर्म अध्ययन, अध्यापन गर्ने जिरी बुद्धिस्ट कलेज, दुई वटा धार्मिक विद्यालयहरूको स्थापना लगायतका बौद्धधर्मको उत्थान र बिकासका केही सकारात्मक प्रयासहरू भएका छन्, जसबाट आगामी दिनमा यस उपत्यकामा बौद्धधर्मको विकासमा टेवा पुग्ने आशा गर्नसकिन्छ ।

आजको एक्काइशौं शताव्दिमा पनि जिरेल महिलाहरूको शैक्षिक स्तर पुरुषहरूको तुलनामा अत्यन्त न्यून रहेको छ । परम्परागत पितृसत्तात्मक सोच, मान्यता र दृष्टिकोणका कारण बहुसङ्ख्यक जिरेल महिलाहरू समेत छोरीलाई पराईको सम्पत्ति ठान्ने र उनीहरूलाई घरायसी काममा मात्र सीमित राख्ने र छोरीलाई साक्षर मात्र बनाए पुग्छ भन्ने जस्ता धारणा समाजमा हालसम्म शेष रहनुले महिला शिक्षाको गुणस्तर र महत्त्वलाई यस समाजले पूर्णरूपमा बुझ्न नसकेको जस्तो देखिन्छ । अत्यधिक महिलाहरूको विवाह पन्ध्र देखि उन्नाइस वर्षको उमेर भित्रमा भइसकेको देखिन्छ तर अनमेल विवाह, दाइजो कम ल्याएको कारणले वा ल्याँउदै नल्याएको कारणले परिवारमा समस्या उत्पन्न भएर जिरेल महिलाहरू प्रताडित भएको देखिँदैन, तर अन्य कारणले भन्दा अत्यधिक मादकपदार्थको सेवनका कारणले यस समाजमा पारिवारिकका साथै सामाजिक मनमुटाव हुने समस्या व्यापक रहेको छ ।

घरेलु व्यवहारमा निर्णयकर्ताको भूमिकामा अधिकांश जिरेल महिलाहरूको पुरुषको तुलनामा महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । स्थानीय स्तरमा रहेका विभिन्न सङ्घ संस्थाहरूमा पनि करिब दुईतिहाई महिलाहरूको सक्रिय संलग्नता छ तर कार्यकारी पदमा

भने थोरै मात्र पुगेका देखिन्छन् । तसर्थ, बहुसङ्ख्यक जिरेल महिलाहरू समाजमा आफूहरूले भोग्न परेका विविध किसिमका समस्याहरूबाट मुक्ति पाउनका लागि स्थानीयस्तरमा नै व्यावसायिक शिक्षा, राम्रो रोजगारीको अवसर र सीपमुलक तालिम जस्ता सुविधाहरु उपलव्ध हुनु पर्ने ठान्दछन् ।

जिरेल समाजमा महिला र पुरुषको लैङ्गिक भेदभाव टड्कारो रूपमा देखिँदैन तर छोरीलाई हकदार सन्तानको रूपमा अझै स्वीकार नगरिनु, स्रोत साधन तथा सम्पत्तिमा महिलाको समान पहुँच नहुनुजस्ता समस्याले जिरेल महिलाहरूको आर्थिक अधिकारलाई केही हदसम्म सीमितता प्रदान गरेको छ । जिरेल महिलाहरू खेतीपातीदेखि सबै प्रकारका आर्थिक क्रियाकलापहरूमा बिहानदेखि बेलुकासम्म सक्रिय रहेतापनि आर्थिक क्षेत्रमा यिनीहरूको नियन्त्रण न्यून रहनुलाई एउटा उदाहरणको रूपमा लिनसकिन्छ । परिवारले गर्ने अन्य प्रकारका निर्णायक भूमिकामा महिलाको भूमिका बढी रहेको भए तापनि आर्थिक कारोबारमा महिलाको भन्दा पुरुषको संलग्नता बढी छ, जसका कारण अधिकांश महिलाहरूको नाममा कुनै पनि चल अचल सम्पत्ति रहेको पाइन्न ।

ज्याला मजदुरीमा महिलाहरूले समान कामको समान ज्याला पाउने गरेको भनिए तापनि व्यवहारमा पुरुष उपलब्ध भएसम्म महिलाहरूलाई काममा नलगाउने र समान कामको पनि पुरुषलाई बढी पारिश्रमिक दिइने समस्या यथावत् नै रहेको देखिन्छ यस समाजमा । आर्थिक कारण र आफूले मान्ने गरेको धर्मभित्रका परम्परागत रीतिरिवाज, संस्कारहरूको महत्त्वबारे महिलाहरूमा जानकारी कम हुनु र केही संस्कारहरू र रीतिरिवाजहरू अवलम्बन गर्न धेरै खर्चिलो भएको र अन्य धर्मप्रतिको बढ्दो आकर्षणका कारणले हालका दिनहरूमा आएर परम्परागत रूपमा मान्दै आएको धर्मप्रतिको विश्वास खासगरी बौद्धधर्मावलम्बी नयाँ पिँढीमा दिनानुदिन घटिरहेको देखिन्छ । तर कुनै पनि निकायबाट यो समस्या समाधानका आवश्यक उपायहरू अवलम्वन गरेको देखिदैन ।

परापूर्वकालदेखि नै बौद्धधर्मको उत्थान र विकासमा महिलाहरूको योगदान चाहे भिक्षुणीको रूपमा होस् वा उपासिकाको रूपमा होस् वा गृहणीको रूपमा बौद्धकालीन समाजदेखि हालसम्म सधैँ अत्यन्त महत्त्वपूर्ण रहिआएको छ । विगतमा विभिन्न कालमा विभिन्न रूपमा बौद्धधर्मको उत्थान र विकासमा केही जिरेल महिलाहरूले आफ्नो समाजमा खेलेको भूमिका पनि स्मरण गर्ने गरिएको पाइन्छ । घरमा हुने सम्पूर्ण धार्मिक कार्यहरूमा जिरेल महिलाहरूको भूमिका सधैँ महत्त्वपूर्ण रहेको छ । आवश्यकता परेको अवस्थामा

अधिकांश जिरेल महिलाहरूले श्रमदान र आर्थिक सहयोगमार्फत बौद्धधर्मको विकास एवम् विस्तारमा आफ्नो क्षमता अनुसारको योगदान पुऱ्याउँदै आएकाछन् । तर अधिकांश धार्मिक कार्यहरू महँगा र रुढिवादीग्रस्त भएकाले ती संस्कारहरूमा सुधार ल्याउनुका साथै धर्म र संस्कृति संरक्षण र संवर्धन गरी नयाँ पुस्तालाई हस्तान्तरण गर्दै लैजानु पर्ने देखिन्छ ।

विभिन्न कारणले साक्षर हुन नपाएका वा कुनै कारणवश आफ्नो पढाइलाई निरन्तरता दिन नसकेका जिरेल महिलाहरूले शिक्षा नलिएकै कारण आफ्नो जीवन कष्टदायी भएको र रोजगारीलगायतका अनेकौं अवसरबाट पनि वञ्चित हुनु परेको बताउँछन् । औपचारिक शिक्षाको सहयोगले नै मानिसले आफूले आफ्नो भविष्य उज्वल बनाउन सक्दो रहेछ र शिक्षा छोरा छोरी सबैका लागि अनिवार्य रहेछ भन्ने सचेतना हालका दिनहरूमा जिरेल महिलाहरूमा व्यापक हुँदै गएको पाइन्छ । सम्भवत: कमजोर आर्थिक कारणले हुनसक्छ वा परम्परागत सोचका कारण, केही जिरेल परिवार छोरालाई निजी विद्यालय र छोरीलाइ सरकारी विद्यालय पठाइरहेका समेत देखिन्छन् । तर पटक-पटकको भेटघाट र समूहगत छलफलका क्रममा उत्तरदाता महिलाहरू आफ्नो दुखद अशिक्षित जीवनको यथार्थता सुनाउँदै शिक्षाकै कारण आफूले जस्तो जीवन आफ्ना छोरीहरूले भोग्नु नपरोस् भन्ने ठूलो चाहना राखेको देखिन्छन् ।

बदलिँदो समयसँगै जिरेल महिलाहरूमा पनि चेतनाको विकास भएको देखिए तापनि समाजमा अझै पनि विद्यमान परम्परागत पितृसत्तात्मक मूल्य, मान्यता र दृष्टिकोणका प्रभावका कारण बहुसङ्ख्यक जिरेल महिला जसमा छोरीलाई पराईको सम्पत्ति ठान्ने र उनीहरूलाई घरायसी काममा मात्र सीमित राख्नु र पढाए पनि अक्षर चिन्न सके पुग्छ अर्थात् साक्षर मात्र बनाए पुग्छ भन्ने जस्ता धारणा समाजमा अझै विद्यमान रहनुले महिला शिक्षाको गुणस्तर र महत्त्वलाई यस समाजले पूर्णरूपमा बुझ्न नसकेको जस्तो देखिन्छ । फलस्वरुप, स्थानीय स्तरमा विभिन्न विद्यालयहरू दशकौंबाट स्थापना भएका भए तापनि नेपालमा अन्य जातजातिहरूमा झै अधिकांश जिरेल महिलाहरू या त निरक्षर छन् या सामान्य रूपमा साक्षर मात्र छन् र हालका दिनसम्म पनि केही थोरैले मात्र उच्च शिक्षाको अवसर पाएका छन् ।

बौद्धधर्म अन्य धर्महरूको तुलनामा केही हदसम्म महिलासहिष्णु भएका कारणले नै हुन सक्छ वा जनजातिहरूमा विद्यमान महिलाप्रति हुने गरेको सम्मानले, यो शोधअध्ययन गरिएको समाजमा महिला र पुरुषको लैङ्गिक भेदभाव अन्य समाजमा झैँ टड्कारो रूपमा

देखिँदैन तर पुरुषको तुलनामा महिलाहरूको जुन प्रगति हुनुपर्थ्यो त्यो पनि उल्लेखनीय रूपमा भएको पाइँदैन । महिलाहरू ग्रामीणस्तरमा हुने विभिन्न आर्थिक तथा सामाजिक क्रियाकलापहरूमा पुरुषसरह सहभागी हुन नपाउने र पारिवारिक निर्णायक प्रक्रियामा पनि पुरुषप्रधान समाजले हैसियत नदिने भएकाले हरेक क्षेत्रमा जस्तै आयमूलक कार्यमा पनि महिलालाई समान रूपमा सहभागी गराउन नसक्दा महिलाहरू पछि पर्ने र महिलाहरूको चौतर्फी विकासमा पनि स्वाभाविक रूपले नकारात्मक प्रभाव पर्न जाने गर्दछ ।

प्रत्येक समुदायका आ-आफ्नो किसिमका पहिचान र विशेषताहरू हुने गर्दछन् । आफ्नो संस्कृति र लोकसम्पदामा नेपालका अन्य जातजातिको झैं जिरेलहरूको पनि बेग्लै पहिचान रहेको छ । यस समुदायले मनाउने विभिन्न चाडपर्व, सम्पन्न गर्ने विभिन्न संस्कार, धार्मिक अनुष्ठान र समग्र साँस्कृतिक चेतनामा लोक संस्कृति र साहित्यको प्रभाव प्रस्ट देख्न पाइन्छ । तर यति हुँदाहुँदै पनि परिवर्तित मानसिकता र परसंस्कृतिग्रहणको प्रभावको कारणले गर्दा अहिले यो लोकसंस्कृति क्रमशः लोपोन्मुख अवस्थामा गुज्रिरहेको पाइन्छ । दिनानुदिन खस्कँदो आर्थिक स्थिति, यहाँ बसोबास गर्ने अन्य मूलका जातिको साँस्कृतिक प्रभाव, सिनेमा, टेलिभिजन, रेडियो, मोबाइल आदिको बढ्दो प्रभावका कारण यस समुदायको आफ्नो मौलिकता पनि क्रमशः सङ्कटतर्फ उन्मुख हुँदै गरेको देखिन्छ । पुर्खौंबाट अवलम्बन गर्ने गरेको बौद्धधर्म पनि अन्य धर्महरूको चपेटामा पर्दै गएको देखिन्छ ।

परापूर्वकालदेखि जिरेल महिलाहरूको प्रमुख पेशा कृषि र पशुपालन भएतापनि हालका दिनहरूमा खासगरी नयाँ पुस्तामा यो पेशा कत्ति पनि आकर्षक हुन सकेको छैन । यस्तो हुन नसक्नुका कारणले नै कृषिमा निर्भर हुनेहरूको सङ्ख्या दिनानुदिन घट्दै गइरहेको देखिन्छ । खेतीयोग्य जमिनमा पनि उब्जनी घट्दै गइरहेको छ । यिनीहरूको पुर्ख्यौली पेशा दिनानुदिन सङ्कटमा पर्दै गएकोले पर्यटन र व्यापार वैकल्पिक व्यवसायको रूपमा विकसित हुँदै छ, तर हाल सगरमाथा जाने पर्यटकीय मार्ग पनि परिवर्तन भएका कारणले यो व्यवसाय पनि पहिलेको जस्तो आकर्षक रहिरहेको पाइँदैन । यस्ता किसिमका विविध कारणहरूले गर्दा अन्यत्र झैं यहाँका युवायुवतीले पनि आफ्नो जन्मथलो छाड्दै अन्त बसाई सर्ने गरेको देखिन्छ ।

यस समाजमा प्रेमविवाह र मागीविवाह दुबै थरी विवाहको प्रचलन भएतापनि अत्यधिक महिलाहरूले प्रेमविवाहलाई प्राथमिकता दिनेगर्दछन् । यस अध्ययनमा अत्यधिक महिलाहरूले कम उमेरमा नै विवाह गरिसकेका पाइएकाकारणले यसबाट अहिले पनि जिरेल

समाजमा बालविवाह एउटा समस्याको रूपमा विद्यमान छ भन्ने देखिन्छ । घरपरिवारका विभिन्न पक्षमा निर्णय गर्ने अधिकार महिला र पुरुष अर्थात् श्रीमान्-श्रीमती दुबैजनाको नै बरावर रहेको देखिए तापनि केही महिलाहरू पुरुषबाट आफू कतै न कतै उत्पीडित भइरहेको र आफ्नो समाजमा केही न केही मात्रामा लैङ्गिक विभेदको अवशेष पनि बाँकी रहिरहेको बताउँछन् । जिरेल महिलाहरू यसो हुनुको मुख्य कारण धार्मिक वा राजनैतिक नभई आर्थिक कारण र आफूमा चेतना कम भएकोले यसो हुने गरेको ठान्दछन् ।

बौद्धधर्मको उदारताका कारणले हुन सक्छ बौद्धमार्गी जिरेल महिलाहरूले यस भेगमा बढ्दै गएको हिन्दु, इसाई लगायतका अन्य धर्मप्रतिको आस्था र श्रद्धा उत्तिकै व्यक्त गर्ने गरेको पाइन्छ । केही महिलाहरू हालका दिनहरूमा आएर परम्परागत रूपमा आफ्नो समाजले मान्दै आएको धर्मप्रतिको विश्वास केही घटिरहेकोमा चिन्ता व्यक्त गर्दछन् । यसो हुनुको पछाडि आर्थिक कारण र आफूले मान्ने गरेको धर्मभित्रका परम्परागत रीतिरिवाज, संस्कारहरूको महत्त्वबारे जानकारी नहुनु वा न्यून हुनु र केही संस्कारहरू र रीतिरिवाजहरू अवलम्बन गर्न धेरै खर्चिलो भएको कारण नै प्रमुख रहेको बताउँदछन्, तर घरपरिवार र यस समाजमा हुने प्रायजसो धार्मिक क्रियाकलापहरूमा महिलाहरूको भूमिका सँधै महत्त्वपूर्ण रहनेगर्दछ । नियमित रूपमा नभएपनि महिलाहरूले धार्मिक कार्यहरूमा गर्ने विभिन्न सहयोगमध्ये आवश्यकता अनुसार श्रमदान र आर्थिक सहयोग बढी भएको देखिन्छ ।

स्थानीय बौद्ध गुम्बाहरूमा बौद्धधर्म र महिला अधिकारका बारेमा खासै छलफल हुने गरेको नदेखिए तापनि यहाँका महिलाहरूले आनी र थावाहरूलाई बराबर रूपमा हेर्ने गर्दछन् । गुम्बाहरूमा महिलामाथि कुनै किसिमको शारीरिक तथा मानसिक हिंसा वा अन्य शोषणका बारेमा सोधिएको प्रश्नमा कुनै महिलाहरूको पनि जानकारीमा नभएको देखिन्छ । समाजमा भइरहेका परिवर्तनसँगै यस उपत्यकामा पनि विभिन्न सामाजिक सङ्घ- संस्थाहरू स्थापना भएका छन् र यी सङ्घ-संस्थाहरूमा करिब दुई-तिहाइ जिरेल महिलाहरूको संलग्नता देखिन्छ तर जिम्मेवार पदमा एक तिहाइ महिलाहरू मात्र देखिन्छन् । यहाँका महिलाहरू सो सहभागिताको लागि आफ्नो अभिभावक वा नातेदारभन्दा साथीभाइहरू नै मुख्य प्रोत्साहनकर्ता रहेको ठान्दछन् । समाजमा हुने गरेका विभिन्न प्रकारका छलफल तथा निर्णयकर्तामा अधिकांश महिलाहरूको पुरुषसरह नै भूमिका रहेको देखिन्छ ।

बहुसङ्ख्यक जिरेल महिलाहरूले अशिक्षा, दैनिकी, घरेलु हिंसा, बच्चाबच्चीको देखभालका कारणले हुने गरेका व्यस्तता आदि कारणलाई भोग्न परेका मुख्य समस्याको रूपमा चित्रण गर्दछन् र यसबाट मुक्ति पाउनका लागि राम्रो शिक्षा, रोजगारीमा पुरुषसरहको अवसर, सिपमूलक तालिम आदि उपलव्ध हुनुपर्ने बताउँछन् । यो जाति सांस्कृतिक रूपमा अत्यन्त धनी भए तापनि आर्थिक रूपमा विपन्न छ । राजनीतिक एवम् नीतिनिर्माण तहसम्म यिनीहरूको पहुँच कम भएका कारण आफ्नो क्षेत्रका भौतिक आवश्यकताहरू परिपूर्तिका लागि सङ्घर्षरत छन् । दिनानुदिन ह्रास आउँदै गरेको यो जातिको मौलिकताको संरक्षण र संवर्धन आजको ठूलो आवश्यकता हो ।

## ८.३ सुझावहरू


शोधप्रबन्धबाट प्राप्त निष्कर्षहरूका आधारमा निम्न सुझावहरू प्रस्तुत गरिएको छ :

- यो अध्ययन पर्यटकीय नगरी दोलखा जिल्लाको जिरी जगरपालिका वडा नं ५ मा बसोबास गर्ने जिरेल समुदायका महिलाहरूमा मात्र सीमित रहेको हुँदा अब आउने दिनमा त्यस नगरपलिकामा बसोबास गर्ने अन्य धर्म र समुदायका महिलाहरूको समेत अध्ययन गर्न सकेमा त्यसको आधारमा महिलाको जीवनस्तर उकास्नका लागि योजना तर्जुमा देखि कार्यक्रम कार्यान्वयन सम्म उल्लेख्य मद्दत पुग्ने देखिन्छ ।
- जिरेल समाजबाट लोप हुन थालेका असल, मूर्त र अमूर्त संस्कृतिहरूलाई जगेर्ना गर्ने परिपाटीको विकास र पर्यटन क्षेत्रको विकास तथा प्रवर्द्धन गर्नतर्फ लाग्नुपर्ने देखिन्छ । यसर्थ यस विषयमा थप अध्ययन अनुसन्धान हुन आवश्यक छ ।
- जिरेलहरूले अवलम्बन गर्ने गरेको बौद्ध धर्मसम्वन्धी थप अध्ययन तथा अनुसन्धान गर्दै स्थानीय स्तरमा रहेका ऐतिहासिक र पुरातात्त्विक सामग्रीहरूको संरक्षण गरी त्यस क्षेत्रको व्यवस्थित इतिहास लेख्न जरुरी देखिन्छ ।
- बौद्धधर्मबाट कसैलाई पनि वितृष्णा नहोस् भन्ने उद्देश्यले बौद्धमार्गी जिरेलहरूले अवलम्बन गर्ने गरेको धार्मिक संस्कारहरूमा भएका केही महँगा र रुढिवादीग्रस्त चलन तथा संस्कारहरूमा सुधार ल्याउनु आवश्यक छ । तसर्थ यी विषयहरूमा थप अध्ययन गरी रूपान्तरणकालागि समाजलाई सुसूचित गर्न जरुरी छ ।
- जिरी विविधतायुक्त विशेषता बोकेको एउटा अत्यन्त रमणीय उपत्यका हो । यहाँको असल संस्कृतिलाई जगेर्ना गर्ने परिपाटीको विकास गर्ने र पर्यटन क्षेत्रको विकास तथा


प्रवर्द्धन गर्न सकिने आधारहरूको खोजी तथा विकासतर्फ आवश्यक पहल गर्न आवश्यक छ । तसर्थ, यस ठाँउको आर्थिक तथा सामाजिक विकासलाई प्रत्यक्ष टेवा पुग्न जानेखालका विषयहरूमा अध्ययनअनुसन्धान हुनु जरुरी देखिन्छ ।

- गरिबी न्यूनीकरणका लागि जिरेल महिलाहरूलाई रोजगारीमूलक घरेलु किसिमको व्यावसायिक तालिम उपलब्ध गराउनुपर्ने देखिन्छ ।
- गुम्बाहरूमा पनि समय-समयमा बौद्धधर्मबारे र महिला सचेतनाका प्रवचन, तालिमहरू उपलब्ध गराउनुपर्ने देखिन्छ ।
- जिरेल समुदायमा रहेको धर्म, सस्कृति, संस्कार, रहनसहन, रीतिरिवाज, परम्परा, सांस्कृतिक पर्वहरू, सांस्कृतिक सम्पदा समेतलाई संरक्षण र संवर्धन गरी क्रमश नयाँ पुस्तालाई हस्तान्तरण गर्दै लैजानुपर्ने देखिन्छ ।

परिशिष्ट १ - अनुसन्धान गरिएको जिल्लाको नक्सा ।



**परिशिष्ट २- अनुसन्धान गरिएको क्षेत्रको नक्सा ।**




Map 1- Dolakha District: Main places where the Jirels live

## परिशिष्ट ३ - अनुसन्धान प्रश्नावली

### क. व्यक्तिगत विवरण

अन्तर्वार्ता लिइएका व्यक्तिको मिति: ०७२।११।४

१. नाम र थर:

२. उमेर:

३. धर्म:

४. मूलथर:

५. उपथर:

६. ठेगाना:

७. यस परिवारमा तपाइँ को हो ?

क. घरमुली ख. घरमुलीकी पत्नी ग. घरमुलीकी बुहारी

घ. घरमुलीकी छोरी ङ. अन्य ................

### ख. शिक्षासम्बन्धी जानकारी

१. तपाइँको शिक्षा

क. निरक्षर ख. साक्षर ग. एस.एल.सी. घ. आई.ए. ङ. बि.ए.वा सो भन्दा माथि

२. तपाइँ स्कुलमा पढ्न जानु भएको छ ?

क. छ ख. छैन

३. यदि छैन भने के कारणले नजानु भएको ?

क. आर्थिक ख. स्कुल नजिक नभएर

ग. इच्छा नभएर घ. घरबाट नपठाएर ङ. अन्य......

### ग. वैवाहिक जानकारी (विवाहितको लागि मात्र)

**१.तपाईं:**

क. विवाहित ख. अविवाहित ग. छोडपत्र

घ. विधवा ङ. छोडपत्र नगरेको तर सँगै नबस्ने

२. कस्तो विवाह हो ?

क. प्रेम ख. मागी ग. अन्य.....

३. कति वर्षको उमेरमा विवाह भएको हो ? ............

४. छोराछोरी विद्यालय/कलेज जान्छन् ?

क. छोरा मात्र  ख. छोरी मात्र  ग. दुबै  घ. पढिसके

५. छोराछोरीले पढेको विद्यालय/कलेज एउटै हो ?

क. छोरालाई निजी विद्यालय/निजी कलेज

ख. छोरीलाई सरकारी विद्यालय/सरकारी कलेज

ग. दुवैलाई एउटै विद्यालय/एउटै कलेज

**घ.घर परिवारसम्बन्धी**

१. तपाईंको परिवारको बनोट कस्तो छ ?

क. एकल  ख. संयुक्त

२. बच्चाहरू कति जन्माउने भन्ने बारेमा कसले मुख्य गरी निर्णय गर्छ ?

क. मैले गर्छु  ख. श्रीमान्ले गर्नुहुन्छ

ग. हामी दुबैले गर्छौं  घ. घरको अन्य कसैले

३. बच्चाहरूलाई विद्यालय/कलेज भर्ना गर्ने मुख्य निर्णय कसले गर्छ ?

क. आफैले  ख. श्रीमान्ले  ग. दुबै मिलेर  घ.घरको अन्य कसैले

४. घरमा कुनै कुरा खरिदबिक्री गर्दा कसले मुख्य निर्णय गर्ने गर्दछ ?

क. मैले  ख. श्रीमान्ले  ग. हामी दुबैले  घ. घरको अन्य कसैले

५. चाडपर्वमा घरमा कसको मुख्य निर्णयमा पाहुना बोलाउने गर्नु हुन्छ ?

क. मेरो  ख. श्रीमान्को  ग. सल्लाह गरेर  घ. घरको अन्य कसैले

६. तपाईंले मनाउने जात्रापर्वमा कसको सहभागिता बढी छ ?

क. महिला  ख. पुरुष  ग. बराबर

७. तपाईंलाई पुरुषभन्दा आफू हेपिएको जस्तो लाग्छ वा लाग्दैन ?

क. लाग्छ  ख. लाग्दैन  ग. थाहा भएन

८. यदि आफू हेपिएको जस्तो लाग्छ भने कसबाट बढी हेपिएको जस्तो लाग्छ ?

क. पुरुषबाट  ख. महिलाबाट

९. तपाईंको विचारमा महिला हेपिनुको कारण के होला ?

क. धार्मिक  ख. राजनीतिक  ग. आर्थिक  घ. चेतना  ङ. अन्य.

१०. तपाईं कुनै राजनैतिक पार्टीको सदस्य हुनुहुन्छ ?

क. छु  ख. छैन

**ङ. अर्थसम्वन्धी जानकारी**

१. परिवारको प्रमुख आयस्रोत के हो ?

क. कृषि  ख. पशुपालन  ग. नोकरी  घ. व्यापार  ङ. रेमिट्यान्स  च. अन्य

२. यदि कृषि हो भने खेतीसम्बन्धी मुख्य निर्णय कसले गर्दछ ?

क. मैले  ख. श्रीमान्ले  ग. समभ्कदारीमा  घ. घरको अन्य कसैले

३. घरको खर्च कसले चलाउनुहुन्छ ?

क. मैले  ख. श्रीमान्ले  ग. समभ्कदारीमा  घ. घरको अन्य कसैले

४. घर जग्गा कसको नाममा छ ?

क. मेरो  ख. श्रीमान्को  ग. घरको अरू कोहीको

घ. केही मेरो नाममा, केही श्रीमान्को  ङ. अन्य....

५. तपाईंको विचारमा समाजमा छोरा र छोरीमा कसको महत्त्व धेरै छ ?

क. छोरी महत्त्वपूर्ण  ख. छोरा महत्त्वपूर्ण  ग. बराबर

६. तपाईंको नाममा बैङ्क वा सहकारीमा खाता खोलेको छ ?

क. छ  ख. छैन

७. तपाईंको सञ्चित पैसा कसले राख्छ ?

क. श्रीमान्ले  ख. मैले  ग. हामी दुबैले  घ. घरको अन्य कसैले

८. ज्याला मजदुरी काम गर्दा समान कामको पाउने ज्याला कस्तो छ ?

क. महिलालाई बढी  ख. पुरुषलाई बढी  ग. समान

**च. धर्मसम्बन्धी जानकारी**

१. तपाईं धर्ममा कति विश्वास गर्नुहुन्छ ?

क. ठिकै  ख. धेरै  ग. विश्वास छैन

२. तपाईंको समुदायमा हालका दिनमा अन्य धर्मप्रतिको आकर्षण कस्तो छ ?

क. बढ्दो  ख. घट्दो  ग. उस्तै

३. यदि अरू धर्मप्रतिको आर्कषण बढ्दो वा घट्दो छ भने किन होला ?

क. आर्थिक  ख. सामाजिक  ग. राजनैतिक  घ. अन्य.....

४. समुदायमा हुने धार्मिक क्रियाकलापहरूमा महिलाको सहभागिता कस्तो छ ?

क. पुरुष सरह  ख. पुरुष भन्दा कम  ग. पुरुष भन्दा बढी  घ. थाहा छैन

५. धार्मिक काममा तपाईंको योगदान के के छ ?

क. अन्न दान     ख. पैसा दान     ग. श्रम दान     घ. अन्य .................

**छ. बौद्धधर्मावलम्बीहरूको लागि मात्र**

१. तपाईंको समुदायमा बौद्धधर्म मान्नेहरूको संख्या हालका बर्षहरूमा कस्तो छ ?

क. बढेको छ     ख. घटेको छ     ग. उस्तै छ     घ. थाहा छैन

२. तपाईंले मान्ने धर्मको बिकासमा तपाईंले कस्तो खाले योगदान गर्नु हुन्छ ?

क. आर्थिक     ख. सामाजिक     ग. शारिरिक श्रम गरेर     घ. छैन     ङ. अन्य............

३. तपाईंको समुदायले आनी र थावाहरूलाई कस्तो दृष्टिले हेर्दछ ?

क. थावा ठूलो     ख.आनी ठूलो     ग.दुवै बराबर     घ. थाहा छैन

४. बौद्ध गुम्बाहरूमा महिलालाई हेर्ने दृष्टिकोण कस्तो लाग्छ ?

क. पुरुष सरह     ख. पुरुष भन्दा कम     ग. पुरुष भन्दा बढी     घ. थाहा छैन

५. तपाईंको विचारमा बौद्ध धर्म कस्तो लाग्छ ?

क. महिलामुखी     ख. पुरुषमुखी     ग. दुवै वरावर     घ. थाहा छैन

६. तपाईंको समुदायका आनीहरू सामान्यतया आर्थिक रूपमा कसमा निर्भर रहन्छन् ?

क. आफ्नै कोषमा     ख. थावाहरूमा

ग. आफ्नै घरपरिवारमा     घ. थाहा छैन     ड. अन्य ..........

७..गुम्बाहरूमा महिलामाथि कुनै खालको शारीरिक तथा मानसिक वा अन्य शोषण हुने गर्दछ ?

क. छ     ख. छैन     ग. थाहा छैन

**ज. सामाजिक सङ्घ-संस्थाको जानकारी**

१. तपाईं कुनै सामाजिक सङ्घ-सस्थामा सदस्य हुनु हुन्छ ?

क. छु     ख. छैन     ग. पहिले थिएँ     घ. कहिल्यै थिइन

२. यदि हुनुहुन्छ भने कुन पदमा हुनुहुन्छ ?     ..................

३. यो पदमा बस्नलाई कसले प्रोत्साहन दियो ?

क. श्रीमान्ले     ख. आफैले     ग. साथीभाइले

घ. सासुससुराले     ङ. आमाबुवाले     च. अन्य.........

४. तपाईं संलग्न हुनुभएको सङ्घ-सङ्स्थामा सण्हभागी को छ ?

क. महिला मात्र     ख. पुरुषमात्र     ग. दुबै

५. तपाईं संलग्न हुनुभएको सङ्घ-सङ्स्थामा यदि पुरुष पनि छन् भने कसको सङ्ख्या बढी छ ?

क. महिला ख. पुरुष ग. दुवै बराबर

६. तपाईं संलग्न हुनुभएको सङ्घ-सङ्स्थामा यदि पुरुष पनि छन् भने प्रमुख को हो ?

क. महिला ख. पुरुष

७. तपाईंको समाजमा हुने छलफल तथा निर्णयमा तपाईको भूमिका कस्तो रहन्छ ?

क. पुरुष सरह ख. पुरुष भन्दा बढी ग. पुरुष भन्दा कम

८. के तपाईंको समाजमा धार्मिक विभेदहरू भएको महसुस गर्नुहुन्छ ?

क. गर्छु ख. गर्दिनँ ग. थाहा छैन

९. यदि छ भने कुनकुन कुरामा छ जस्तो लाग्छ ?

क. जातीय छुवाछुत ख. धार्मिक कार्यगर्दा

ग. धार्मिकस्थल भित्र जानेआउने घ. परसरेको बेलामा मानिने छुवाछुत

ङ. सधवा र विधवामा भेद च. अन्य.........

१०. महिला भएकै कारणले तपाईंको आफ्नो प्रगतिमा कुनै बाधा भएको जस्तो लाग्छ, ?

क. लाग्छ ख. लाग्दैन ग. थाहा छैन

११. यदि लाग्छ भने कुनकुन कुरामा लाग्छ ? ................

१२. सामाजिक काममा तपाईंको योगदान केके छ ? ................

१३. जिरेल महिलाहरू पुरुषको तुलनामा कस्तो स्थानमा छन् ?

क. अघि ख. पछि ग. बराबर घ. अन्य............

१४. यदि पछि छन् भने के कारणले होला ?

क. आर्थिक ख. सामाजिक

ग. धार्मिक घ. अन्य......

१५. जिरेल महिलाहरूको विकासका लागि केही सुझाव भए भन्नु होस् ?

....................................

....................................

**झ. चाडपर्वसम्बन्धी**

१. जिरेल परिवारले चाडपर्वको वेला के के खान्छन् ?

२. यो चलन कहिलेदेखि चलेको हो जस्तो लाग्छ ?

३. यो चाड मनाए के प्राप्त हुन्छ भन्ने मान्यता छ ?

४. अन्य केही भए ? ...........................

**ञ. तपाईंहरूको आफ्नै गुठी छ कि छैन** ?

यदि छ भने यसको प्रकृति, यसको दायित्व, यसका फाइदा, बेफाइदा आदि के होलान् ?

**ट. चलनचल्तीका संस्कारबारे**

१. छोरा जन्मेमा गरिने प्रचलन के के हुन् ?

२. छोरी जन्मेमा गरिने प्रचलन के के हुन् ?

३. न्वारन, पास्नी, ब्रतवन्धमा के के गरिन्छ ?

४. विवाह कसरी गरिन्छ ?

५. मृत्युसंस्कार कसरी गरिन्छ ?

**ठ. समाजमा जिरेल महिलाको स्थानबारे**

१. तपाईंको विचारमा महिला र पुरुषमा को ठुलो होला ?

२. महिलाको आर्थिक अधिकार कस्तो छ ?

३. महिलाको राजनैतिक अधिकार कस्तो छ ?

४. महिलाको सामाजिक अधिकार कस्तो छ ?

५. महिलाको शैक्षिक स्तर कस्तो छ ?

६. महिलाको धार्मिक अधिकार कस्तो छ ?

७. महिलाहरूलाई अधिकार सम्पन्न बनाउन के के गर्नु पर्ला ?

**ड. जिरेल जातिको बारेमा**

१. तपाईंको बिचारमा जिरेल बौद्ध समाजको उत्पत्ति कसरी भयो ?

२. जिरेलहरू को हुन् जस्तो लाग्छ ?

३. जिरेलहरू यस क्षेत्रमा कहाबाट बस्न आएका होलान् ?

४. जिरेलहरूको सामाजिक अवस्था कस्तो छ ?

५. जिरेलहरूको आर्थिक अवस्था कस्तो छ ?

६. जिरेलहरूको राजनैतिक अवस्था कस्तो छ ?

७. जिरेलहरूको शैक्षिक अवस्था कस्तो छ ?

८. जिरेलहरूको धार्मिक अवस्था कस्तो छ ?

९. जिरेल महिलाहरूले बौद्धधर्मको उत्थानको लागि के के योगदान गरेका छन् ?

१०. अन्तमा केही भन्न चाहनुहुन्छ भने ..........................................।.

## परिशिष्ट ४ - समूहगत छलफलको विषय सूची (चेकलिस्ट)

| क्र. सं. | विषय |
|---|---|
| १ | जिरेल जातिको उत्पत्ति र विकासक्रमको बारेमा |
| २ | जिरेल बौद्ध समाजमा बर्षभरि मनाइने पर्वहरू<br>● के के हुन् ?<br>● कहिले कहिले मनाइन्छ ?<br>● यसको विषेशता के हो ?<br>● यसमा बौद्धमार्गी जिरेल महिलाको भूमिका कस्तो रहन्छ, आदि) ? |
| ३ | जिरेल बौद्ध समाजमा चलनचल्तीका संस्कारहरू<br>● जन्मदेखि मृत्युसम्ममा कुन कुन संस्कार मनाइन्छन् ?<br>● कसरी मनाइन्छ ?<br>● त्यसका बिषेशताहरू के के हुन् ?<br>● त्यसमा महिलाको भूमिका के के हुन्छ आदि) ? |
| ४ | महिलाको सामाजिक अवस्था र भूमिकाको बारेमा ? |
| ५ | महिलाको आर्थिक अवस्था र भूमिकाको बारेमा ? |
| ६ | बौद्धधर्मको उत्थान र विकासमा महिलाहरूको योगदानका बारेमा ? |
| ७ | अन्य केही भए ? |


## परिशिष्ट ५ - अन्तर्वार्ता लिइएका महानुभावहरूको नामावली

| नाम | परिचय | ठेगाना | अन्तर्वार्ता लिएको मिति |
|---|---|---|---|
| श्री हरिराम जोशी | संस्कृतविद् | ललितपुर | २०७३।१।३ |
| डा. श्री अनुजा गुरुमा | भिक्षुणी | कीर्तिपुर | २०६९।५।२७ |
| गुरुगुम्ला रिङ्पोचे नावाङ् शेरप् | कुन्साल थोन्दोलिङ गुम्वाका गुरु | जिरी, ६ | २०७०।९।१४ |
| श्री बमबहादुर जिरेल | जिरेल लामा | जिरी, ६ | २०७४।२।५ |
| श्री टेकबहादुर जिरेल | स्थानीय बुद्धिजीवी | जिरी, ६ | २०७४।९।१३ |
| श्री इन्द्रबहादुर खड्का | स्थानीय बुद्धिजीवी/शिक्षक | जिरी, ६ | २०७४।२।५ |
| श्री मीना जिरेल | कर्मचारी | जिरी, ५ | २०७३९।१२ |
| श्री सानुमाया जिरेल | राजनीतिज्ञ | जिरी, ५ | २०७०।८।१८ |
| श्री निर्मला जिरेल | व्यापारी | जिरी, ५ | २०७०।९।१३ |
| श्री सर्मिला जिरेल | गृहिणी | जिरी, ५ | २०७३।९।१९ |
| श्री केशव बहादुर कार्की | प्रधानाध्यापक | जिरी, ९ | २०७२।९।१९ |
| श्री सुरज जिरेल | समाजसेवी | जिरी, ५ | २०७४।५।३ |

## परिशिष्ट ६ - समूहगत छलफलको विवरण

| क्र.सं. | स्थान | मिति | सहभागी सङ्ख्या | महिला | पुरुष |
|---|---|---|---|---|---|
| १ | मीना जिरेलको आँगन, जिरी, दोलखा | २०७२।०१।०४ | १४ | ८ | ६ |
| २ | जिरी प्राविधिक शिक्षालयको चौर, जिरी, दोलखा | २०७२।०३।०४ | १५ | ७ | ८ |
| ३ | जिरी बसपार्क, | २०७२।०५।१४ | १३ | ६ | ७ |
| ४ | जिरी उच्च माध्यमिक विद्यालय, दोलखा | २०७२।०५।२५ | १५ | ६ | ९ |
| ५ | जिरी अस्पतालको चौर, दोलखा | २०७२।१२।२८ | १२ | ९ | ३ |
| ६ | जिरी अस्पतालको चौर, दोलखा | २०७२।१२।२९ | १० | ६ | ४ |

## परिशिष्ट ७ – जिरेलहरूको किपटको लालमोहरको फोटोकपी ।



*जिरेलहरूको किपटको लालमोहरको फोटोकपी : श्रोत – मि. चतुरमान जिरेल ।*

**(फोटोकपी भित्रको प्रस्ट रुप)**

स्वस्ति श्री मन्माहाराजा धिराज कीयरुक्का..............

आगे नैधाऱ्या मिजारको जिरी किपटको साँध पूर्व हाडिषोलो सोलू सँगको साँध दषिन पूरानू गाउँ सूनार सँगको साध पसश्चिम यार्सा षोला छेत्रपालि सँगको साँध उत्तर चेर्दुको डी सोलू सँगको साँध इ चार किलाभित्र जिमि परापूर्व देषि तेरो किपट रहेछ पर्जाको बेच्ता हाम्रो जिमि बिक्तैन आज पनि तेरो किपट तलाई थामि बक्सौ आफ्‌ना षार्ति जिमीसँग किपट जानि भोग्य गर्नु गोठको टहलमा रुजू रहनू इति सम्वत् १८५२ साल बैसाष सुदि १७ रोज शुभम्-

(यो लालमोहर वि.सं.१८५२ ताका तत्कालीन नेपालका राजा श्री ५ रणबहादुर शाहद्वारा जिरेलहरूको तत्कालीन मिजार (तालुकदार) श्री नैदारे जिरेलको नाममा दिइएको हो । १२ थरी जिरेलहरू मध्ये एक थरी सेर्वा थरका उक्त नैदारे जिरेल पर्दछन्) ।

## परिशिष्ट ८ - पूर्वी नेपालमा फेला परेको श्री ५ पृथ्वीनारायण शाहद्वारा किराँतीहरूलाई दिइएको ताम्र-पत्रको बेहोरा

### प्रथम ताम्रम् पत्रम्

स्वस्ति श्री श्री श्री गिरीराज, चक्र चुडामणि नर नारायणेत्यादि विरुधावली श्री विराजमान मनमन्त श्रीमान राजा महाराजधिराज श्री सम्शेर श्री जग श्री देव नाम समर विजये नामा । स्वस्ती श्री श्री श्री राज विविध वंशावली आगे तहा तादी देखिन किराँत मुलुक वराह क्षेत्र साङ महाङ् गद लोहाङ्गढ ईलाम मरोङ्गगढ साङ्लोगढ गढसाङ इत्यादि विविध पुस्ता राजवंशी अपुंगे राज थामी लियौं । अरु राजा रजौटा शाखा मासिने, तिमी किरातसोर नमासिने हो । तिमीहरू मैले जानेको हुँ । अगी दश पुस्ता चक्रवर्ती सम्राट हो । साङ्घ वंशी राजा हिज अधिराज भएका कारण तिमीलाई कोई राजाले मसाउन सक्दैन । अगी चिन तिब्वत र अरु राजा बासाहरूकाबाट पनि अनादिकाल देखिन् तिम्रो बंशमा अर्मथन लीपी दि आयको मैले जानेको हेरेको हुँ । म मेरो लालमोहर ताम्रपत्रमा बाँधी बाचा बाचा बोलकबोल गरी सदासदाका लागि बक्सेका हुँ । अगर म मेरा नातामा पछि बंशले यो ताम्रपत्रका मेरा वचन, मेरा भलीमन धरमविधानलाई र तिम्रो राजपाट पोछेखोसेमा सुरज चन्द्र आकाशको तेतिसकोटी देवता र पाताल नाग नगेनी, पृथ्वीका मानी पुजी लिएका देवी देवताले मेरो पनि पुरै सदा राजपाट रिस्ता नाता वंश भंग भषम गरोस् । लिम्बुवानमा उभो जगर सोलापाँजा, उधो वगर तितेमाछा, जगबगर महाभिर, पाखा पखेरी, थाकसोङ् कालसीङ् खुरपा चपफे, खेवा मौजा हैकम भइर राजपाट मुकुट पढी राज देश भेष तिरो भारो कार खायेन पायेन रकम हकदाक मजुरका दश लिम्बू सत्रतुम आयुद्यापति तिम्रो अखतीयारनामा जीमी रहुनजेल श्री पशुपतीनाथ, जय श्री राम । इति सम्वत् १८१४ साल मिति स्रावण सुदि १८ रोज २ बार । मुकाम श्री कांतिपुरी भवन, गोरखराज मर्त्यमण्डल शुभाशुभम् ।

**पृथ्वी नारायण**

(स्रोत: सुमनकृष्ण जिरेल, २०५१)

# परिशिष्ट ९ - अध्ययन क्षेत्रका तस्विरहरू


तस्विर १. दोलखा चरिकोटस्थित नेपालको पहिलो चाँदीको सिक्का बनाउने घर ।



तस्विर २. जिरी बजारको प्रवेश द्वार ।



तस्विर ३. चिहान डाँडाबाट देखिने जिरी बजारको दृश्य ।



तस्विर ४. जिरी अस्पतालपरिसरमा स्थापित बौद्ध स्तुप ।



तस्विर ५. जिरी बजारमा अवस्थित शेर्पा गुम्बा र चैत्य ।



तस्विर ६. जिरी वार्ड नं. ६ स्थित गुरु पद्मसम्भवको आकर्षक मूर्ति ।



तस्विर ७. जिरीस्थित जिरीश्वरी मन्दिरमा एक महिला पूजाको तयारी गर्दै ।



तस्विर ८. नवमीमा भीमसेनको पूजा गर्दै भक्तजन ।



तस्विर ९.फूलपातीमा पूजा गर्दै भक्तजन ।




तस्विर १०.बज्यूथानमा चढाइएका घण्टा र हँसिया ।



तस्विर ११. जिरेलहरूले मनाउने भूमे पूजा ।



तस्विर १२. जिरेल लामा पूजा ध्यानमा ।



तस्विर १३. आफ्नो भेषभूषामा जिरेल लामा ।



तस्विर १४. जिरेल फोम्बो (झाँक्री) हरू ।




तस्विर १५.र्‍यालीमा जिरेल युवायुवतीहरू ।



तस्विर १६.जिरेल संयुक्त परिवार ।



तस्विर १७. परम्परागत पोशाकमा महिलाहरू ।



तस्विर १८. कोक्रोमा जिरेल बच्चा ।



तस्विर १९. परम्परागत पोशाकमा युवतीहरू




तस्विर २०. काठमाडौंमा जिरेल साँस्कृतिक परिवार ।



तस्विर २१. परम्परागत पोशाकमा जिरेल पुरुष ।



तस्विर २२. परम्परागत पोशाकमा जिरेल जोडी



तस्विर २३. परम्परागत भेषभूषामा जिरेल युवायुवतीहरू ।



तस्विर २४. पाहुनाको स्वागतको लागि बसेका जिरेल बालबालिकाहरू ।



तस्विर २५. परम्परागत भेषभूषामा सांस्कृतिक कार्यक्रम गर्दै जिरेल बालिकाहरू ।



तस्विर २६. जिरेल बच्चाको पास्नी हुँदै ।



तस्विर २७. बच्चाको पास्नी गर्दै जिरेल परिवार ।



तस्विर २८. जिरेल महिलाहरू टीका लगाउँदै ।



तस्विर २९. विवाह गर्दै जिरेल जोडी ।



तस्विर ३०. विवाहमा आशीर्वाद लिँदै एक जोडी ।


तस्विर ३१. विवाहपश्चात् खानपिन गर्दै जिरेल दुलही, लामा र दुलहीको साथी ।


तस्विर ३२. नवविवाहित जिरेल दम्पती ।



तस्विर ३३. जिरेल मृत व्यक्तिको नाममा बनाइएको माने ।



तस्विर ३४. घ्यावा (मृत्यु संस्कारमा गरिने कर्म) गर्दै लामाहरू ।



तस्विर ३५. लामाहरू घ्यावामा बाजा बजाउँदै मृतकलाई अन्तिम बिदाइ गर्दै ।



तस्विर ३६.मृतकको नाममा चढाएको खाने कुरा ।



तस्विर ३७. घ्यावामा भोज खाँदै महिलाहरू ।


तस्विर ३८.कानमा लगाउने सुनको ढुङ्ग्री ।


तस्विर ३९. गलामा लगाउने चाँदीको माला ।


तस्विर ४०. हातमा लगाउने चाँदीको बाला ।


तस्विर ४१. चाँदीको जन्तर हालेको पोते ।


तस्विर ४२. सुनको जन्तर हालेको पोते ।


तस्विर ४३. कानमा लगाउने सुनको चक्री ।


तस्विर ४४. सुनको फुली र बुलाकी ।


४५. ठेम्बा (जिरेलहरूले दिने मायाको चिनो) ।


तस्विर ४६. जिरेलहरूले मुखले बजाउने बाजा ।


तस्विर ४७. जिरेल महिलाहरूले लाउने जन्तर

# सन्दर्भ सामग्री सूची

यो शोध अनुसन्धानका क्रममा प्रयोग भएका विभिन्न पुस्तक, पुस्तिका, पत्रपत्रिका, लेख, शोधप्रबन्धहरू यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## नेपाली भाषामा प्रकाशित पुस्तकहरू


आचार्य भिक्षु अमृतानन्द (अनु.), *बौद्धकालीन महिला,* भाग १, काठमाडौँ: आनन्दकुटी विहार स्वयम्भू, ई.सं. १९७३ ।

आचार्य भिक्षु अमृतानन्द (अनु.), *बुद्धकालीन महिलाहरू,* भाग २, काठमाडौँ: आनन्दकुटी विहार स्वयम्भू, वि.सं. २०३९ ।

आचार्य भिक्षु, अमृतानन्द, *बुद्धकालीन श्राविका, महाप्रजापति गौतमी,* ललितपुर: मोतीलाल शिल्पकार परिवार, लोकेश्वरटोल ५, वि.सं. २०६१ ।

खत्री, प्रेमकुमार, *नेपालका विभिन्न धार्मिक मत र सामाजिक संरचना,* काठमाडौँ: भोटाहिटी, एम.के. पब्लिसर्स एन्ड डिष्ट्रिव्युटर्स, वि.सं. २०५४ ।

जिरेल, सुमनकृष्ण, *'नेपालका जिरेलहरू एक छोटो जानकारी',* दोलखा: श्रीमती शिलादेवी जिरेल, जिरी गा. वि. स. ९, वि.सं. २०५१ ।

जोशी, हरिराम, *प्रदीप: अभिनव संस्कृति विश्वकोश,* भक्तपुर: वर्कर पब्लिकेसन्स, वि.सं. २०७० ।

जोशी, हरिराम, 'सारनाथमा बुद्धको पहिलो धर्मदेशना र बौद्धधर्मको व्यापक प्रचार प्रचार', *पञ्च पल्लव,* काठमाडौँ: विनोदराज शर्मा राजोपाध्याय, वि.सं. २०७२ ।

तामाङ्ग, रुद्रमान, *तामाङ्ग जातिमा बौद्धधर्म,* काठमाडौँ: तामाङ्ग समाज अनुसन्धान तथा विकास केन्द्र, वि.सं. २०५९ ।

थापा, प्रा. शङ्कर, *बौद्धदर्शन परिचय,* काठमाडौँ: जजमेन्ट आइ ल एन्ड कम्पनी प्रा. लि. बागबजार, वि.सं. २०७० ।

दाहाल, पेसल र खतिवडा, सोमप्रसाद, *नेपाली समाज र संस्कृति,* काठमाडौँ: एम.के पब्लिशर्स एन्ड डिस्ट्रिब्युटर्स वि.सं. २०५७ ।

धम्मिका, भेन. एस, *प्रश्न ? उत्तर,* काठमाडौँ: धर्म एन्ड एसिया, वि.सं. २०६९ ।

पाण्डेय, मधुसूदन, *नेपालका जनजातिहरू,* काठमाडौँ: पैरवी प्रकाशन, विद्या मन्दिर कम्प्लेक्स, कुमारीगल्ली, पुतलीसडक, वि.सं. २०७५ ।

प्रधान, भुवनलाल, *नेपालमा बौद्धधर्म,* काठमाडौँ: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०४५ ।

पोखरेल, बालकृष्ण र अरू, *नेपाली बृहत् शब्दकोश,* काठमाडौँ: नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, वि.सं. २०४० ।

बज्राचार्य, धनवज्र र श्रेष्ठ, टेक बहादुर, *दोलखाको ऐतिहासिक रूपरेखा,* काठमाडौँ: नेपाल र एसियाली अध्ययन संस्थान: त्रिभुवन विश्वविद्यालय, वि.सं. २०३१ ।

बज्राचार्य, दुण्डबहादुर (अनु.), *संयुक्त निकाय,* ललितपुर, नेपाल: पवित्र बहादर्, अशोक रत्न, हीरादेवी, वीर-पूर्ण पुस्तक सङ्ग्रहालय वि.सं. १९९९ ।

बज्राचार्य, निष्ठानन्द (भाषानुवादक तथा सङ्ग्रहकर्ता), मीन बहादुर शाक्य (सम्पादक) *ललितविस्तर: सूत्र,* ललितपुर, नेपाल: युवक बौद्ध प्रकाशन, वि.सं. २०३५, पृष्ठ ४२ - ६६।

बज्राचार्य, प्रकाश, *बौद्धदर्पण* (चौथो सस्करण), काठमाडौँ: धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति बिहार श्रीघ नघलटोल, वि.सं. २०६७।

बज्राचार्य, डा.रञ्जना, *नेवार बौद्ध संस्कार,* काठमाडौँ: नेपाल र एसियाली अनुसन्धान केन्द्र त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, वि.सं. २०६५ ।

मालि, डा. गणेश, *सत्यतत्त्व एक चिन्तन,* काठमाडौँ: सुखी होतु, बुद्ध विहार, वि.सं. २०६० ।

रिजाल, नारायण प्रसाद, बौद्धदर्शन, काठमाडौँ: व्योमकुसुमा बौद्धधर्म सङ्घ, वि.सं. २०७० ।

लामा (शेर्पा), खेम्पो ङवाङ वोशेर, *हिमाली क्षेत्रको नेपाली बौद्ध परम्परा,* काठमाडौः नेपाल र एसियाली अनुसन्धान केन्द्र, वि.सं. २०६३ ।

क्षेत्री, डा. गणेशप्रशाद र खतिवडा, सोमप्रसाद, *हिन्दु समाज र धर्म,* विराटनगर, मोरङ: शिवा प्रकाशन, वि.सं. २०५४ ।

ज्ञानपूर्णिक, धम्माचरिय (अनु.), *बुद्ध र बुद्धवाद,* प्रथमभाग, नेपाली ताईपेई, ताइवान: द कर्पोरेट बडी अफ द बौद्ध एजुकेसनल फाउन्डेशन ११ एफ ५५, हङ्ग चनव रोड, सेक्सन १, वि.सं. २०४८ ।

## नेपाली भाषामा प्रकाशित शोधप्रबन्धहरू

खड्का, इन्द्रबहादुर, 'सुरेल जातिको सामाजिक-आर्थिक अध्ययन', स्नातकोत्तर तह शोधपत्र, त्रिभुवन विश्वविद्यालय, वि.सं. २०५५ ।

खड्का, रामबहादुर, 'जिरीका जिरेल जाति एक अध्ययन', स्नातकोत्तर तह शोधपत्र, त्रिभुवन विश्वविद्यालय, वि.सं. २०५५।

खड्का, चन्द्रबहादुर, 'नेपाली साहित्यमा दोलखा जिल्लाको योगदान', स्नातकोत्तर तह शोधपत्र, त्रिभुवन विश्वविद्यालय, वि.सं. २०६२ ।

तिमिल्सिना, मातृकाप्रसाद, 'सांस्कृतिक सङ्कटमा हिमाली बौद्ध समुदाय', विद्यावारिधि शोधप्रबन्ध, लुम्बिनी बौद्ध विश्वविद्यालय, वि.सं. २०७२ ।

श्रेष्ठ, मन्जु, 'काठमाडौँको नेवार समाजमा प्रचलित अन्येष्टि संस्कार', विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, वि.सं. २०७२ ।

श्रेष्ठ, दयाराम, 'बन्देपुर (बाठेगाउँ) स्थित षडक्षरी लोकेश्वरको सास्कृतिक अध्ययन', विद्यावारिधि शोधप्रबन्ध, लुम्बिनी बौद्ध विश्वविद्यालय, वि.सं. २०७४ ।

## नेपाली भाषामा प्रकाशित पत्रपत्रिका तथा अन्य प्रकाशनहरू

अधिकारी, देवीप्रसाद, '२५औं लामा देश दर्शन कार्यक्रम, २०५६ को स्थलगत विवरण', *गुम्बा व्यवस्था तथा विकास समिति, स्मारिका,* श्री ५ को सरकार, स्थानीय विकास मन्त्रालय, गुम्बा व्यवस्था तथा विकास समिति, पुल्चोक, ललितपुर, वि.सं. २०५७।

अनुजा, गुरुमाँ, 'धर्ममा छोरा छोरी समान', *शील सन्देश,* सुलक्षण कीर्तिविहार, चोभार, काठमाडौं: वि.सं. २०६७।

गुरागाईं, डा.गोविन्दप्रसाद, 'जिरी गाविसको पर्यटन बिकासमा स्थानीय निकायको भूमिका', *Voice of Culture,* काठमाडौं: त्रि.वि.पद्मकन्या बहुमुखी क्याम्पस, नेपाली, इतिहास, संस्कृति तथा पुरातत्त्व विभाग, (वि.सं. २०७०) भोलुम ६, पृष्ठ १०३।

नेपाल सरकार, *'नेपालको संविधान,* काठमाडौं: नेपाल सरकार, वि.सं. २०७२।

नेपाल सरकार, *'नेपालको तथ्याङ्कीय झलक',* काठमाडौं: केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८ ।

नेपाल सरकार, *'नेपालको तथ्याङ्कीय झलक',* काठमाडौं: केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०७१ ।

नेपाल बुद्धिस्ट निङ्मा एसोसिएन, वि.सं. २०१७ को मुखपत्र ।

बज्राचार्य, डा. भद्ररत्न, 'बुद्धधर्मको विकासक्रममा पूर्व मध्यकालीन नेपालमा देखापरेका केही अवरोधहरू एक अध्ययन', *त्रि-बोधि,* कीर्तिपुर: (पिजीडी इन् बुद्धिस्ट स्टडिज चौथो ब्याच स्टुडेन्ट २०५९/२०६० बि.एस.) डिपार्टमेन्ट अफ बुद्धिस्ट स्टडिज टि. यु., वि.सं. २०६० ।

बज्राचार्य, प्रा. डा. रञ्जना, 'नेपालको बौद्धधर्म र बौद्ध संस्कृतिको प्रवर्द्धनमा महिलाको योगदान', *बुद्ध ज्योति,* काठमाडौँ: त्रि. वि. बुद्धिस्ट स्टडिज डिपार्टमेन्ट, पद्मकन्या मल्टिपल क्याम्पस, (वि.सं. २०७०) भोलुम १, पृष्ठ ३९ ।

बुढ्थापा, राधिका, 'नेपालमा लैङ्गिक विभेद: एक विवेचना', *नेसनल मिरर, राष्ट्रिय मासिक,* काठमाडौँ: विमला बिष्ट, धापासी-७, वि.सं. २०६८ ।

मर्हजन, बसन्त, 'प्रजापति गौतमी पहिलो भिक्षुणी' *प्रथम तथा अग्रज नेपाली महिलाहरू,* काठमाडौँ: राष्ट्रिय महिला आयोग, वि.सं. २०६९ ।

माबुहाङ, बालकृष्ण, 'नेपालमा जनजाति समस्या र बौद्ध जनसङ्ख्याको स्थिति', *गुम्बा व्यवस्था तथा विकास समितिको स्मारिका,* ललितपुर: श्री ५ को सरकार, स्थानीय विकास मन्त्रालय, गुम्बा व्यवस्था तथा विकास समिति, पुल्चोक, वि.सं. २०५७।

जिरेल, निरबहादुर, 'जिरी हिजो र आज', *झुल्का,* दोलखा: जिरी उच्च माध्यमिक विद्यालय, वि.सं. २०६२, पृष्ठ १८ ।

जिरेल, धनबहादुर, 'जिरीका तीन प्राकृतिक गुफाहरू', *झुल्का,* दोलखा: जिरी उच्च माध्यमिक विद्यालय जिरी, (वि.सं. २०६३), पृष्ठ १८ ।

जिरेल, सुमनकृष्ण, '*नेपालका जिरेलहरू एक छोटो जानकारी* ', दोलखा: श्रीमती शिलादेवी जिरेल, जिरी (९, २०५१, पृष्ठ १२ ।

सुमनकृष्ण जिरेल र टेकबहादुर जिरेल, 'जिरेल जाति एक चिनारी', *झुल्का,* दोलखा: जिरी उच्च माध्यमिक विद्यालय जिरी, वि.सं. २०६३, पृष्ठ ९१ ।

*जिरी नगरोन्मुख गाउँ विकास समिति, गाउँ विकास समिति पार्श्वचित्र,* दोलखा: जिरी नगरोन्मुख गाउँ विकास समितिको कार्यालय, वि.सं. २०७० ।

जिल्ला विकास समितिको कार्यालय, सूचना शाखा, दोलखा, *दोलखा लिल्लाको वस्तुगत विवरण,* दोलखा: दोलखा जिल्लाको सङ्क्षिप्त परिचय, वि.सं. २०७२ ।

शाक्य, तिर्थरत्न 'बुद्धको जीवनी र उपदेश', *बुद्ध ज्योति, बुद्ध ज्योति,* काठमाडौँ: त्रि.वि. बुद्धिस्ट स्टडिज डिपार्टमेन्ट, पद्मकन्या मल्टिपल क्याम्पस (वि.सं. २०७०) भोलुम १ ।

## नेवारी भाषामा प्रकाशित पुस्तक

शाक्य, मिनबहादुर (सं.) *ललितविस्तर सूत्र,* ललितपुर: युवक बौद्ध प्रकाशन, ने. सं. ११९८, पृष्ठ २५१ ।

## अङ्ग्रेजी भाषामा प्रकाशित पुस्तकहरू

कोले, उ., धम्मचक्रप्रवर्तन सूत्र, *द ग्रेट डिस्कोर्श अन द ह्विल अफ धम्मे* (Dhammacakkappavattana Sutta), मलेसिया: सुखीहेतु धम्म पब्लिकेशन, ई.सं. १९९८ ।

गुश्वो, किम, *बिईङ् अ बुद्धिष्ट नन : द स्ट्रगल फर इन्लाइटेन्मन्ट इन द हिमालयाज (Being a Buddhist Nun: The Struggle for Enlightment in the Himalayas),* लन्डन: हार्वर्ड युनिभर्सिटी, ई.सं. २००४ ।

जिरेल, सुमनकृष्ण, *द जिरेल अफ नेपाल (The Jirels of Nepal),* दोलखा: जिरी ९, नेपाल, सन् ई.सं. १९९२ ।

डेवराजा, डा. एल.एस., *द पोजिसन् अफ ओमन इन बुद्धिजम् (The position of women in Buddhism),* श्रीलंका: द ह्विल पब्लिकेसन नं. २८०, क्याण्डी बुद्धिस्ट पब्लिकेसन सोसाइटी, ई.सं. १९८१ ।

पाण्डे, राजवली, *हिन्दु संस्कार, सोसियोरिलिजियस स्टडी अफ द हिन्दु सकाम* (*Hindu Sanskar, Socioreligius Study of the Hindu Sacram*), देल्ही: मोतीलाल बनारसीदास पब्लिसर ई.सं. २००२ ।

बज्राचार्य, सुरेन्द्रमान *बुद्धिस्ट हेरिटेज अफ नर्दर्न नेपाल, एन इन्ट्रोडक्सन* (*Buddhist Heritage of Northern Nepal, An Introduction*), ललितपुर: लोटस रिसर्च सेन्टर ख्ये बही, ई.सं. २००८ ।

बज्राचार्य, डा. रञ्जना, *कल्चरल डाइभर्सिटी एन्ड जेन्डर* (*Cultural Diversity and Gender*) ललितपुर: भक्तनन्द बज्राचार्य, सुभास प्रिन्टिङ्ग प्रेस, वि.सं. २०६२ ।

बिष्ट, डोरबहादुर, *पिपुल अफ नेपाल* (*People of Nepal*), काठमाडौं: रत्न पुस्तक भण्डार, ई.सं. १९८० ।

बिष्ट, डोरबहादुर, *पिपुल अफ नेपाल* (*People of Nepal*), काठमाण्डौ: रत्न पुस्तक भण्डार, ई.सं. १९८७ ।

महाथेरा, धम्मानन्द, भेन.के.श्री, *स्टाटस् अफ ओमेन इन बुद्धिजम् (Status of women in Buddhism*), मलेसिया: बुद्धिस्ट मिसिनरी सोसाइटी, ई.सं. १९८३ ।

राम, राजेन्द्र, *ए हिस्ट्री अफ बुद्धिज्म इन नेपाल (A History of Buddhism in Nepal),* पटना: जनभारती प्रकाशन ई.सं. १९७७ ।

लोपेस, डोनाल्डो, एस्, *बद्धिज्म् एन्ड साइन्स, ए गाईड फर द पेरफ्क्स् (Buddhism and Science, a Guide for the Perplexsed),* सिकागो: द युनिभर्सिटी  अफ सिकागो बुक्स प्रेस्, अक्लिकागो.इडियु/युसिपी/बुक्स/सिकागो/बि/वि ०६०४०५३ सिएच टीएनएन, ई.सं. २००८ ।

वाडेल, एल. अस्टिन, *बुद्धिज्म् एन्ड लामाइज्म् अफ टिवेट विथ इट्स् मेस्टिक कल्ट्स, सिम्बोलिजम एन्ड मिथोलोजी एन्ड इन् इट्स् रिलेसन टु इन्डिएन बुद्धिजम* (*Buddhism and Lamaism of Tibet with its mystic cults, symbolism and mythology and in its relation to Indian Buddhism*), काठमाडौं: एजुकेसन इन्टरप्राइज प्रा.लि. ई.सं. १८९४ ।

विलियम, पाउल, *महायान बुद्धिजम* (*Mahayan Buddhism*), न्युयोर्क: दि डक्ट्रिनल फाउन्डेसनस्, सेकन्ड इडिसन, लाइब्रेरी अफ रिलिजियस् बिलिभ एण्ड प्राक्टिस्, लउटलेज टेलर एन्ड फ्रन्सेज ग्रुप लन्डन, ई.सं. २००१ ।

हिराकावा, अकिरा, द, *राइज अफ महायाना बुद्धिजम् एन्ड इटस् रिलेसनसिप टु वरसिप अफ स्टुपाज,* (*The Rise of Mahayana Buddhism and its Relationship to Worship of Stupas*), टोया बुन्को: मेमोरिज अफ डि रिसर्च डिपार्टमेन्ट अफ डि टोयो बुन्को २२:५७-१०६,१९६३ ।

## अङ्ग्रेजी भाषामा प्रकाशित शोधप्रबन्ध

ब्लेन्जेरो, जे., 'पपुलेसन जेनेटिक एप्रोचेज् टु फेनोटाइपिक माइक्रो इभालुएसन् अफ द जिरेलस् अफ नेपाल', (Population Genetic Approaches to Phenotypic Micro-evaluation of the Jirels of Nepal) विद्यावारिधि शोधप्रबन्ध, केस वेस्टर्न रिजर्भ युनिभर्सिटी , क्लेभेल्यान्ड, ओहिओ, ई.सं. १९८७ ।

## अङ्ग्रेजी भाषामा प्रकाशित लेखहरू

कंसाकार, तेजरत्न, ढकाल, दुवीनन्द र सापकोटा, सुरेस, 'जिरेल *ए सोसियो-लिङ्ग्विस्टिक सर्वे अफ जिरेल'* (A Socio-linguistic Survey of Jirel) काठमाडौँ: टि.यु. कीर्तिपुर, ई.सं. २०१३ ।

थापा, शङ्कर 'हिस्ट्री अफ नेप्लिज बुद्धिज्म्: फ्रोम मिथोलोजिकल ट्रेडिसन् टु द लिच्छवी पिरियड' (History of Nepalese Buddhism: from Mythological Tradition to the Lichhavi Period), *भ्वाइस अफ हिस्ट्री,* (ई.सं. २००१), भोलुम् १६, नं.२, पृष्ठ २५-४२ ।

नेपाल, पशुपति, 'मेटर्नल एन्ड चाइल्ड हेल्थ स्टाटस् इन जिरेल् कम्युनिटी' (Maternal and Child Health Status in Jirel Communities) *कन्ट्रिव्युसन् टु नेप्लिज् स्टडिज्,* भोलुम् २६ नं. २, जुलाई १९९९, २८१-२९३ ।

गेलनर, डेबिट एन., 'बुद्धिजम, वोमेन एन्ड कास्ट: द केस अफ द नेवार्स अफ काडमाडौं भ्याली', (Buddhism, Women and Caste: The case of the Newars' of Kathmandu valley), *बुद्धिस्ट वमेन एन्ड सोसियल जस्टिस: आइडल्स, च्यालेन्जेज् एन्ड एचिभमेन्ट्स्* (अनु. के. एल. टसोमो) न्युयोर्क: सन्नी प्रेस ई. सं. २००४, पिपि १५५-१६३ ।

फरनियर, ए, 'द रोल अफ प्रिस्ट इन सुनुवार सोसाइटी', (The role of priest in Sunwar Society) जे. फिसर (इडी.) *हिमालयन एन्थ्रोपोलोजी,* नेदरल्याण्ड: द ह्युज माउन्टेन १९७८, पिपि. १६७ - १७८ ।

ब्लेन्जेरो, जे एन्ड ब्लन्जेरो विलियम एस्., 'इफेक्टस् लफ पपुलेसन स्ट्रक्चर अन विदिन ग्रुप भेरिएसन् इन द जिरेल्स् अफ नेपाल' (Effects of Population structure on within Group Variation in the Jirels of Nepal), *ह्युम्यान् बायोलोजी,* कामठमाडौं: सिनास/टी. यु., (१९९०), ६२:१३१ - १४६ ।

बज्राचार्य, डा. नरेसमान, 'कन्सेप्ट अफ त्रिरत्न मन्डला इन नेप्लिज बुद्धिजम', (*Concept of Triratna Mandala in Nepalese Buddhism*), *त्रि-बोधी,* काठमाडौं: बुद्धिस्ट स्टडिज, फोर्थ ब्याच स्टुडेन्ट (२०५९-२०६०.), टि. यु. कीर्तिपुर, (वि.सं. २०६०) पृष्ठ १ ।

बज्राचार्य, सुरेन्द्रमान, जोग्राफिकल लोकेसन अफ नर्दर्न नेपाल एन्ड बुद्धिस्ट इथिक्स् ( Geographical Location of Northern Nepal and Buddhist Ethnic Groups) *बुद्ध ज्योति,* काठमाडौं: त्रि. वि., बौद्ध अध्ययन विभाग, पद्मकन्या बहुमुखी क्याम्पस, काठमाडौं) (वि. सं. २०७०) भोलुम्, १, पृष्ठ १७ ।

लोहनी, उषा, 'ट्रेडिसनल युजेज अफ एनिमल्स एमोङ्ग जिरेल्स अफ सेन्ट्रल नेपाल' (Traditional Uses of Animals Among Jirels of Central Nepal) *इथ्नोमेड,* काठमाडौं: टि. यु. २०११, ५ (२) ११५ - १२४ ।

हमिल, जे., सिद्धीकी एच., सुवेदी, जनार्दन, रोनाल्ड, स्पाइलबर, एच सिंह, रविन, व्लेन्जेरो, जे. एन्ड व्लेन्जेरो, एस्. विलियमस्, 'सम कल्चरल कोन्स इन द जिरी भ्याली', नेपाल (Some Cultural Cons in the Jiri Valley, Nepal), *कन्ट्रिव्युसन टु नेप्लिज स्टडिज्, द जिरेल इस्स्यु,* काठमाडौं: सिनास/टि. यु., (जनवरी, २०००), ८९ - ९५ ।

होइक, बेर्ट भ्यान डेन, 'जेन्डर एन्ड कास्ट इन द परफेक्ट बुद्धिस्ट गिफ्ट द सम्म्यक महाधना इन काठमाडौं, नेपाल' (Gender and Caste in the Perfect Buddhist Gift the Samyak Mahadana in Kathmandu, Nepal), *कन्ट्रिव्युसन् टु नेप्लिज स्टडिज्,* काठमाडौं: सिनास र टि.यु., (जनवरी, १९९६), भो. २३, नं. १, पि. पि. १९५ - २११ ।

सिद्धकी, एच., हमिल, जेम्स, सुवेदी, जनार्दन, रोनाल्ड, एच., स्पाईवाडर, सिंह, रविन र व्लेनजेरो, जे, 'सोसिएल, अर्गनाइजेसन, इकोनोमी एन्ड किन्सिप एमोङ्ग द जिरेल्स अफ इस्टर्न नेपाल' ( Social, Organization, Economy and Kinship among the Jirel's of Eastern Nepal ), *कन्ट्रिव्युसन् टु नेप्लिज स्टडिज्, द जिरेल इस्यु,* काठमाडौं : सिनास, टि. यु., (जनवरी २०००), पृष्ठ ५ - २२ ।

सिद्धीकी एच.र सुबेदी, जनार्दन, 'द जिरेल्स अफ इस्टर्न नेपाल एन इन्ट्रोडक्सन' (The Jirels of Eastern Nepal: An Introduction), *कन्ट्रिब्युसन् टु नेप्लिज स्टडिज्, द जिरेल इस्यु,* काठमाडौँ: सिनास/टि.यू., (ई.सं. २०००), पृष्ठ १ - ४ ।

सचेहिना, एब्दुलाइजेज्, 'ग्लोबोलाइजेसन् रिलिजन एन्ड ओमन' (Globalization, Religion and Women) *क्रिटिकल हाफ,* एन्युल जर्नल अफ ओमेन फर ओमेन इन्टरनेसनल्, (ई.सं.) २००३ भोलुम् १ नं. १ ।

ढुङ्गाना, राजकुमार, 'नेपाली हिन्दु ओमेन्स थ्यौरी टु लिबरेसन्' (Nepali Hindu Women's Thory to Liberation), *जर्नल अफ एजुकेसन एण्ड रिसर्च* (ई. सं. मार्च २०१४), भो. नं. १, पि पि ३९ - ५७ ) DOI:http//dx.doi.org/10.3126/jor.v4i1.10013।

## अङ्ग्रेजी भाषामा प्रकाशित वेभसाइटहरू

www.ddcdolakha.gov.np, 10 March, 2017.

www.bbin community.com/Ainstin-on-buddhism, 12 March 2017.

www.answer.com, 11 Jan., 2017.

www.transitionsbord.com,rajprakash,TibetanBuddhism in Nepal, 2001, 11 March, 2017.

www.nbn.nb/monastij. (Nepal Buddhist Association) 25 April, 2017.

www.enabling.org/ia/bipasana/achiv/d/deshilva/women in buddhism, (A talk given to the Midland Buddhist Society, UK:1994) 18 May 2016.

www.lumbini.org.uk/nov-1998-6.html, 12 March 2017.

www.jirimuni.gov.np.15 Jun,2016.

www.joswa project.net/pipul_group/17015/np, March 2,2016.

www.wikipedia.org/wiki/padnasambhav, July 7, 2017.

www.wikipedia.org/wiki/buddhism_in_nepal, July, 2017.

www.rigpawiki.org/index.php?tittle=vajra_guru_mantra.

**हिन्दी भाषामा प्रकाशित पुस्तकहरू**


आचार्य, नरेन्द्रदेव, *बौद्धधर्मदर्शन,* दिल्ली: मोतीलाल बनारसीदास पब्लिशर्स प्राइभेट लि., (पुनः मुद्रण), ई.सं .१९९४ ।

आप्टे, वामन शिवराम, *संस्कृत-हिन्दीकोश,* दिल्ली: मोतीलाल बनारसीदास पब्लिसर्स, ई.सं. १९९६ ।

उपाध्याय, आचार्य बलदेव, *बौद्ध-दर्शन-मीमांसा,* बाराणसी: चौखम्बा विद्याभवन, (पञ्चम संस्करण) ई.सं. १९९९ ।

उपाध्याय, श्याम सुन्दर, *सनातन हिन्दु धर्म ओर बौद्धधर्म,* बाराणसी: बाराणसी विश्वविद्यालय प्रकाशन, ई.सं. २००२ ।

मिश्र, जयशंकर, *प्राचीन भारतका सामाजिक इतिहास,* चतुर्थ संस्करण, पटना: बिहार हिन्दी ग्रन्थ अकादमी, ई.सं. १९८६ ।

त्रिपाठी, डा. प्रभा, *प्राचीन पूर्वोत्तर भारत- सुत्तपिटकका एक अध्ययन,* वाराणसी: वाराणसी २२१००५ लेन नं. ५, रवीन्द्रपुरी, साहित्य संस्थान, वि.सं. २०४२ साल ।

# अनुसन्धाताको परिचय

| | |
|---|---|
| नाम | राधिका बुढ्थापा |
| ठेगाना | तातोपानी गाउँपालिका, हाँकुगाउँ जुम्ला |
| पिता | श्री भैरव बहादुर बुढ्थापा |
| मता | श्री किट्टु बुढ्थापा |
| पति | डा. भीमवहादुर खत्री |
| जन्म मिति | २०२१/०१/१५ |
| सम्पर्क ठेगाना | कलङ्की - १४, काठमाडौं, फोन नं. ९७७ ९८५१२१७३८४, ९७७ १ ५२२५२९५, इमेल : khatri_radhika@yahoo.com |
| शिक्षा | स्नातकोत्तर, समाजशास्त्र, पाटन क्याम्पस, त्रिभुवन विश्वविद्यालय |

## कृतिहरू

**बुढ्थापा, राधिका,** यस पटकको बेलायत यात्रा, २० भाद, २०७६, रारा न्युज् (अनलाइन) ।

**बुढ्थापा, राधिका,** नेपालमा प्रचलित धर्ममा महिलाको स्थान, ६ फागुन, २०७६, नयाँ पत्रिका ।

**बुढ्थापा, राधिका,** लैङगीक समानतामा समव्यवहारको अपेक्षा, ९ माघ २०७५, गोरखापत्र ।

**बढ्थापा, राधिका,** महिलाले लेख्ने जात, ८ मङ्सिर, २०७५, गोरखापत्र ।

**Budhthapa, Radhika,** 2018. Socio-economic Status of Women in Jirel Buddhist Society of Jiri, Dolakha, Journal of Advanced Academic Research (JAAR), June 2018, ISSN: 2362-1311 (Online).

**Budhthapa, Radhika,** 2017. Jirels of Jiri valley and their Buddhist Rites and Rituals, Journal of Advanced Academic Research (JAAR), ISSN: 2362-1303 (Online).

**बुढ्थापा, राधिका,** महिला र पुरुष: को बलियो को कमजोर ?१० असोज २०७२, जनदिशा ।

**बुढ्थापा, राधिका,** आमा र आजको समाज, ३ जष्ठ २०७१, गोरखापत्र ।

**वुढ्थापा, राधिका,** महिला हिंसाको कारक तत्त्व, २४ फागुन २०६९, गोरखापत्र ।

**बुढ्थापा, राधिका,** नारी जागरणको प्रश्न, ३१ साउन २०६९, गोरखापत्र ।

**बुढ्थापा, राधिका,** नेपालमा लैङ्गिक विभेद: एक विवेचना, बैशाख, २०६८, नेशनल मिरर, वर्ष ६, अङ्क १० ।